महानगर

# साहित्य दर्पण -२



भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान

# महानगर साहित्य दर्पण-२, २०८०

## प्रकाशन/सम्पादन मण्डल



**रेनु दाहाल**
प्रमुख/कुलपति
संरक्षक



**चित्रसेन अधिकारी**
उप-प्रमुख
सल्लाहकार



**नरेन्द्र कुमार राना**
प्रमुख प्रशासकीय अधिकृत
सल्लाहकार



**इन्द्रप्रसाद रेग्मी**
उपकुलपति
सल्लाहकार




**महेन्द्रप्रसाद पौड्याल**
महानगर शिक्षा अधिकारी
सल्लाहकार



**केदारनाथ खनाल**
प्रधान सम्पादक



**जगन्नाथ पण्डित**
सम्पादक



**सुरेन्द्र अस्तफल**
सम्पादक



**बालकृष्ण थपलिया**
कार्यकारी सम्पादक

कविता

# जिन्दगीको यात्रा



प्रेमविनोद नन्दन*

कति सारो दिर्घ लाग्दो जिन्दगीको यात्रा
पूर्व भएर हिंडिरहेँ पश्चिमको यात्रा
यति धेरै सफलताका साथीसंगी संगै
एक्लै किन भुरभुर हिंड्नु पर्छ व्यर्थै
भावनाका पथिकहरू अघि बढ्दै सदैं
म पछ्याउँछु उनीलाई आफ्नै बाटो हेर्दै

फसिरहेछु दोधारको निदरीको जालमा
निदरीले छोडेपनि सपनाको तालमा
एकान्तले डस्न आए बाँच्न सकिदैन
आफ्नै घरमा टुहुरो भै हाँस्न सकिदैन

कति प्यारो कति न्यानो भावनाको संसार
कहिले पूरा हुने होला कल्पनाको संसार
इतिहासका घाउहरू दुख्दा मान्छे भित्र
त्यो घाउमा दोहोरिंदै बल्छन् नयाँ चित्र

* नारायणी प्रज्ञा सम्मान-२०७९ द्वारा सम्मानित स्रष्टा।

# साहित्यकार-कलाकार ( वाङमय ) कोशका लागि विवरण उपलब्ध गराउने बारे जरूरी सूचना

भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानबाट निकट भविष्यमा प्रकाशन गरिने साहित्यकार-कलाकार (वाङमय) कोश प्रयोजनको लागि भरतपुर महानगरका स्थायी बासिन्दा वा महानगरलाई मूल कर्मक्षेत्र बनाएका कम्तिमा एउटा साहित्यिक कृति प्रकाशन गरेका साहित्यकारहरू र स्थापित कलाकारहरूले देहाय बमोजिमका विवरण **नेपाली युनिकोड कालीमाटी या प्रिती फन्टमा टाइप गरी** एकप्रति फोटोसहित यथाशीघ्र प्रज्ञा-प्रतिष्ठानको सचिवालयमा आइपुग्ने गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**तपसिल**

साहित्यिक/ उपनाम: वास्तविक नाम :
जन्म मिति : जन्मस्थान :
आमा-बुबाको नाम : हालको ठेगाना :
सम्पर्क नं : टेलिफोन नं. : मोबाइल नं इमेल :
शैक्षिक योग्यता : सेवा /सम्प्रति / सम्लग्नता :
पहिलो प्रकाशित रचना/ कला : स्रोत/माध्यम : वर्ष :
प्रकाशित कृति/ कलाकृतिहरूको विवरण ( वर्ष समेत ):
एकल सम्पादित साहित्यिक कृतिहरू: (प्रकाशन वर्ष समेत)
सामुहिक सम्पादित साहित्यिक कृतिहरू: (प्रकाशन वर्ष समेत)
कलाकारहरूका लागि विधा/क्षेत्र : ललित कला ( चित्रकला, मूर्तिकला,वास्तुकला,संगीत, नाट्य ,अभिनय, गायन, वाद्यवादन, नृत्य, अभिनय, चरित्रचित्रण, हास्यब्यङ्ग्यकला, अन्य), रङ्गमञ्च/चलचित्र (लेखन/सम्पादन/अभिनय/निर्देशन):
प्रमुख कला कृति / प्रदर्शनी/ अभिनय, चलचित्र
प्रमुख मान सम्मान तथा पुरस्कार विवरण :
विशेष अभिरूचिको क्षेत्र :
भ्रमण :
विशेष कार्य अनुभव :
साहित्य/कलाकृति सम्बन्धी मान्यता /भनाई :

**द्रष्टव्य :** वाङ्मय कोशमा नाम दर्ता हुन कम्तिमा एक पुस्तककार साहित्यिक कृति प्रकाशन भएको र ललितकला, रङ्गमञ्च, र साङ्गीतिक क्षेत्रका कलाकारको हकमा विशिष्टताको आधार उल्लेख भएको हुनुपर्नेछ।

**थप जानकारी तथा समन्वयको लागि**

उपकुलपति : श्री इन्द्रप्रसाद रेग्मी ९८४५०५५२९२
संयोजक/प्रधान सम्पादक : श्री केदारनाथ खनाल ९८५५०५३१२८
प्राज्ञ-परिषद सदस्य : श्री प्रकाश चापागाई ९८५५०५९३१७
प्राज्ञ-परिषद सदस्य : श्री विष्णुदेवी तिवारी उषा, ९८४५०७५७९५
सदस्य सचिव/कार्यकारी सम्पादक : श्री बालकृष्ण थपलिया ९८४५०५११२७
इमेल: pragyapratisthanbhr078@gmail.com

कविता

## नेपालजस्तै कविता म लेखूँ



गोविन्दराज विनोदी*

हिमालझैँ उन्नत भावना होस्
मधेसझैँ उर्वर कल्पना होस्
पहाडजस्तै हरिया विचार
आऊन् ममा फैलिन बारबार।

स्वच्छन्द खोलासरि कल्कलाई
उन्मुक्त छाँगासरि छङ्छङाई
रमेर नाचूँ म समीर जस्तै
सङ्ली शरद्को हिमनीरजस्तै।

फुलेर रातै वन कन्दरामा
सुवास छर्दै मनका गरामा
सजाउँदै अक्षर पात-पात
ल्याऊँ म नौलो युगको प्रभात।

म लेक-लेकै हिउँ बर्सिएझैँ
कुरङ्ग आफैँसित तर्सिएझैँ
यी गाउँ-पाखा वन-फाँटभित्र
रचूँ कि संसार नयाँ विचित्र।

जडी सुनौला सुख-शान्ति पङ्ख
उडेर बन्दै म विहङ्ग चङ्ख
भू-स्वर्ग मेरै धरती म देखूँ
नेपालजस्तै कविता म लेखूँ!

卐

* उपकुलपति- गैंडाकोट नगर प्रज्ञा-प्रतिष्ठान

कविता

## हाय! धन्य छ समय



नरेन्द्र कुमार राना*

बिहान खुलेको थियो आकाश
दिउँसो बादल लाग्यो डमडम्ती
साँझमा झरी पऱ्यो रिमझिम
र रातमा उदायो चहकिलो जून
त्यही देखिए नौलाख तारा निर्भय
यस्तै छ यस्तै, हाय! धन्य छ समय
मिठो गाना वसन्तको
मौसम थियो फूलहरूको
कहाँबाट बत्तिदैँ आयो हुरी
र उडायो पातसँगै फूलहरू
प्राण हो वायु तर त्यही भयो निर्दयी
यस्तै छ यस्तै, हाय! धन्य छ समय।
कलिलो थियो मस्तिष्क
चञ्चल थिए स्वाभावहरू
चढ्दै जाँदा उमेरका सिँढीहरू
युवा अनि वयस्क हुँदै बृद्ध बन्दा
न छुनुमुन रहे
न यौवनका सँगाती रहे
न धन सम्पत्ति न मिल्दा साथी रहे
यस्तै छ यस्तै, हाय! धन्य छ समय।
आवाद पनि समय
बर्वाद पनि समय
कहाँ हुन्थ्यो म र मेरो कविता
यदि शून्यताको अनन्तता र समय नभए
यस्तै छ यस्तै, हाय! धन्य छ समय॥

卐

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान

कथा

# उमेरचक्र



अमर न्यौपाने*

– 'आमा ! कुवामा पानी किन सकिँदैन ?'
– 'ईश्वरको लीला !'
– 'तेसो भए ईश्वरले हाम्रो घरमै कुवा उमारिदिने लीला किन गरेनन् ?'
– 'किनभने, हामीले कुवाभन्दा पर घर बनाएम् । घर मान्छेको लीला हो ।'
– 'आमा यो कुवा कहिल्यै सुक्तैन तर कुवाको डिलमा फुलेको फूल किन सुक्छ ?'
– 'मान्छे पनि सुक्छ यही फूलझैं एक दिन । र, कुवा पनि सुक्छ, बुझिस् ?'
– 'मान्छे, फूल र कुवा एउटै हुन् आमा ?'
– 'एउटै भएन त जन्मेर मर्न परेसि !'
– 'तेसो भए म पनि फूल हुन्छु एक दिन'
– 'पछि हुन्छेस् । अइले तँ कोपिलै छेस् ।'
– 'अनि म कुवा पनि हुन्छु एक दिन ?'
– 'तेइ भएर त तैंले भोलिपर्सि लोग्नेमान्छेको प्यास मेट्नुपर्छ ।'
– 'जति पानी झिके पनि केही बेरमै यो कुवामा पानी जत्तिको तत्ति हुन्छ । राति कसैले नझिक्ता पनि भरिएर किन पोखिँदैन कुवाको पानी ? कहाँ हराउँछ, रसाएर आउने पानी ?'
– 'खै किन किन ? पछि आफैँ था पाउँछेस् ।'
– 'आमा, म पनि गाग्रोभरि पानी लान्छु नि ।'
– 'तँ सानी छेस् छोरी, बोक्न सक्तिनस् अहिले ।'
– 'सक्छु के, नाइँ !'
– 'जिद्दी नगर् न छोरी । आफूभन्दा गह्रुङ्गो भारी बोक्न सकिन्न क्या । फेरि गाग्रो फुट्छ, तेरो कम्मरबाट खसेर । अनि सबै पानी पोखिन्छ । तँलाई पनि चोट लाग्छ ।'
– 'म सक्छु के नाइँ !'
– 'पानी बोक्ने बेलै भाछैन तेरो ।'
– 'एकपटक बोकेर हेर्छु के ।'
– 'तेरो कम्मर सानो छ, कहाँ अडिन्छ ?'
– 'मलाई पनि तपैँको जस्तै बारहाते पटुका बाँधिदिनू न त । गाग्रो तेइँ अडिइहाल्छ नि ।'
– 'तेरो कम्मरमा पटुका बाँध्ने बेलै भाछैन ।'

आमाछोरीको यो कुराकानीको साक्षी थिए - कुवा, कुवाको पानी, गाग्राहरू, रूखहरू, ढुङ्गाहरू, गोरेटो... । असाध्यै विश्वासिला साक्षी ।

आमा तिस वर्षकी हुँदी हो, छोरी नौदस वर्षकी । छोरी जिज्ञासु छे । उसलाई लाग्छ, आमाले मेरा सबै जिज्ञासाको टुङ्गो लगाइदिन्छिन् । आमालाई लाग्छ, मान्छेका जिज्ञासा भगवान्ले पनि टुङ्गो लगाउन सक्तैनन् ।

छोरीले सानो गाग्रोमा, त्यो पनि आधा मात्र पानी बोकी । आमाले भने ठुलो गाग्रीमा भरी पानी बोकी । बाटो आफैँ पनि सजिलोसँग हिँडेको छैन । पहाडी गाउँको अप्ठ्यारो बाटो । बाटोलाई भन्दा अप्ठ्यारो हुन्छ बाटो

* प्राज्ञपरिषद् सदस्य - नेपाल प्रज्ञा-प्रतिष्ठान

हिँड्नेहरूलाई ।

आमालाई डर लाग्छ– यस्तो बाटोमा यो छोरीले पानी बोक्न नसकेर लडी भने ? गाग्रो पनि फुट्छ, पानी पनि पोखिन्छ । यति मात्रै भए त केही फरक पर्थेन, तर उसको नै फुट्यो भने ? जिन्दगीभित्रको ऊ नै पोखियो भने ?

– 'बिस्तारै हिँड् है नानी । अघि नआइज, बाटो अप्ठेरो छ भनेको मानिनस् क्यारे ।'

– 'म योभन्दा पनि अप्ठेरो बाटो हिँड्न सक्छु, आमा ।'

– 'खुब सक्छेस ? ठुली भसी मात्र सक्छेस् । तर जति ठुली हुँदै गयो तेति अप्ठेरा बाटाहरू आउँछन् ।'

– 'म कहिले ठुली हुन्छु ?'

– 'उमेर पुगेसी ।'

– 'उमेर कइले पुग्छ, आमा ?'

– 'तरुनी भएसी ।'

– 'तरुनी कइले हुन्छु, आमा ?'

– 'तैंले यो गाग्रीभरि पानी बोक्न सक्ने भएसी ।'

– 'तपैं तरुनी हो, आमा ?'

– 'म त अब बुढी हुन लागे ।'

– 'किन गाग्रोभरि पानी बोक्नुभको त ?'

छोरीका कुराले आमाको ओठमा मुस्कान फुल्यो तर बोली फुटेन ।

सधैँ भेटिइरहने उकालो भेटियो, ओरालो भेटियो, उनै ढुङ्गाहरू, माटोहरू, फूलहरू, रूखहरू भेटिए । सबैले उसरी नै चुपचाप स्वागत र बिदाइ गरे ।

कुवादेखि घरसम्म जाँदा उकालो र ओरालो बराबर होला । उनीहरू कुवा र घरको माझतिर पुग्नै लागे । आमा अघिअघि छोरी पछिपछि ।

प्रत्येक दिन उमेर बढ्दै गए पनि नबढ्ने आमाको उचाइलाई हेरी, छोरीले । आमाले लगाएको मटमैलो गुन्युचोलो पनि हेरी । पानी बोक्दा उसलाई खेले जस्तो लागेको थियो । तर, उसकी आमालाई भने काम गरे जस्तो लागेको छ । त्यसैले पानी बोक्दा आमा पो बढी थाके जस्तो देखी उसले । आमाले गरेको स्याँस्याँ पनि सुनी । स्याँस्याँ त उसले पनि गरेकी थिई । तर, त्यो स्याँस्याँ उसलाई खेल्दा हुने स्याँस्याँ जस्तै लाग्यो ।

बाटोभरि विभिन्न आकारप्रकारका ढुङ्गा असरल्ल थिए । कुनै ढुङ्गा देख्दा उसलाई देउता बनाउन पाए हुन्थ्यो लाग्यो; कुनै ढुङ्गा देख्दा गट्टा बनाउन पाए हुन्थ्यो जस्तो लाग्यो ।

आधा बाटो हिँडेपछि उसले आफूले बोकेको गाग्रोतिर हेरी । पानी छचल्किरहेछ । छल्काइ एकाएक बढेको अनुभव गरी । गाग्रो बिसाएर हेरी, पानी त आफै माथि आएको रहेछ । तर भरिन बाँकी थियो । कसरी आफै पानी बढ्यो गाग्रोमा ? ऊ दङ्ग परी ।

फेरि बोकी । गाग्रोमा पानी बढे पनि पटक्कै गह्रुङ्गो भएको थिएन । बरु झन् हलुका पो भएको थियो । यतिन्जेल आमाको पछिपछि भएकी उसले आमालाई भेट्टाई । दुवै सँगसँगै भए । उसले बाटो वरिपरि फुलेका फूलमध्ये एउटा फूल हिँड्दाहिँड्दै टिपेर चोलाको तुनामा बाँधी ।

एकाएक उसका मटमैलो गुन्युचोलो पनि उज्यालिँदै जान थाले । उसलाई आफूभित्र पनि उज्यालो छिरेजस्तो लाग्यो, जसरी बन्द कोठामा सिसाको झ्यालबाट उज्यालो छिर्छ । ऊ रोमाञ्चित भई ।

उसले आमालाई उछिनेर अघि बढी । चाँडोचाँडो हिँड्न थाली फुलैफूलको भारी बोके झैं ।

उसकी आमाको हिँडाइ बिस्तारै धिमा हुँदै गयो । उसको पछिपछि एउटा कुकुर आयो उसको पाइला सुँघ्दै र पछ्याउँदै । जब कुकुरले उसलाई भेट्यो, सुँघ्दै पुच्छर हल्लाउन थाल्यो । हुँदाहुँदा कुकुरले त उसको खुट्टा चाट्न खोज्यो । उसले आचा भनेर खुट्टाले लत्याउँदै

धपाई। तर, कुकुर त झन् साक्खै भएर उसलाई पुच्छर हल्लाउँदै पछ्याउन पो थाल्यो । कुकुरले छोडेन । घरसम्मै पुग्ला जस्तो पो छ।

हिँड्दै गर्दा बाटोमा एउटा किशोर परैबाट हाँस्तै आएको देखी। उसले पनि त्यो किशोरका निम्ति हाँसी । तर, आफू हाँसेको थाहै नपाई हाँसी । हाँस्ताहाँस्तै भेट भयो। संयोगले भएको भेट। कुरा पनि भयो; कानी भएन।

- 'पानी किन छचल्काउँदै ल्याएकी ?
- 'आधा भएर होला।

किशोरले गाग्रीको ढोकाबाट यस्सो भित्र हेर्‍यो र भन्यो– 'भरिनै लागेको रहेछ।'

उसले दङ्ग पर्दै भनी– 'होइन, मैले त आधा मात्र ल्याएकी थिएँ!'

- 'नपत्याए आफै हेर।'
- 'ए, हो त रहेछ! कसरी यस्तो भयो, हँ ?

दुवै दङ्ग पर्दै एकअर्कालाई हेराहेर गरे अनि भरिनै लागेको गाग्रोको पानी।

उसले दङ्गकै अवस्थामा सोधी– 'अनि कता जान थाल्यौ त ?'

- 'ऊ माथि डाँडामा पिङ खेल्न। तिमी नजाने ?'
- 'म पानी पुऱ्याएर आउँछु। मलाई मच्चाइदेऊ ल।'
- 'हस्। पानी जोगाएर लैजाऊ है। पानी जोगाउन गाग्रो जोगाउनुपर्छ; गाग्रो जोगाउन आफूलाई जोगाउनुपर्छ । आफूलाई जोगाउँदै जाऊ, है।'

पिङ खेल्न हिँड्नै लाग्दा केही सोचेर किशोर टक्क रोकियो र भन्यो, 'म पुऱ्याइदिऊँ ?'

पछिपछि आउँदै गरेकी आमालाई देखाएर उसले भनी– 'आमा पनि सँगै हुनुहुन्छ।'

– 'पिङ खेल्न आऊ, तेति बेला पुऱ्याउन आउँछु।'

उसले हाँसेर स्वीकृति जनाई। दुवै आआफ्नो बाटो लागे।

त्यही बेला उसकी आमाले बल्ल उसलाई भेटी।

– 'सक्तिन भनेको त यो बल्लिई पो भइछ।'

– 'आमा, मलाई यो पानीको गाग्रो त झन्झन् हलुङ्गो पो लाग्दै छ।'

– 'गाग्रोभरि पानी बोक्न परेपछि थापाउलिस् पछि।'

जब घर पुगेर आमाछोरीले पिँढीमा बिसाएर गाग्रो हेरे। अचम्म भयो।

**के थाहा छ ?**

छोरीको सानो गाग्रो बढेर ठुलो भएको रहेछ। गाग्रोको पानी पनि बढेर टन्नै भरिएको रहेछ। तर, आमाको गाग्रोको पानी घटेर आधाभन्दा पनि थोरै भएको रहेछ।

दङ्ग पर्दै आमाले छोरीतिर हेरी– तरुनीमा हुनुपर्ने विशेषता बोकेर ढकमक्क फुल्ने तयारीमा फुलिरहेकी पो रहिछे छोरी त।

त्यतिखेरै बेसीतिरबाट भारी बोकेर बाबुछोरा पनि आए। गोठनेर भारी बिसाए। बिसाएर जब दुवैले आआफ्नो अनि एकअर्काको भारी हेरे, चकित भए।

**किन, थाहा छ ?**

किनभने, छोराले बोकेको सानो घाँसको भारी ठुलो र झन् हरियो भएको रहेछ। बाबुले बोकेको घाँस भने घटेर सानो र सुकेर झन्डै पराल जस्तै भएको रहेछ।

卐

निबन्ध

# भरतपुरदेखि भरतपुरसम्म



इन्द्रप्रसाद रेग्मी*

त्यतिबेला चितुन नै भनिन्थ्यो यो ठाउँलाई । र भन्ने गरिन्थ्यो चितवनमा दुईथरी मान्छेहरू मात्र पहाडतिरबाट बसाइँ सरेर आउँथे । एकथरी तन्नम गरिबहरू र अर्काथरी पहाडमा पनि प्रशस्तै भएका र यहाँ आएपछि अझै बढी सम्पत्ति जोड्न सकिन्छ भनी लोभ पालेका । हाम्रो परिवार पहिलो श्रेणीमा पर्थ्यो । हामी तन्नम नै थियौँ । हजुरबाका फोहोटामा ६ अंश लगाउँदा मेरा बा को भागमा परेका गराहरूले वर्षदिनसम्म हाम्रो चारजनाको परिवारलाई खान पुग्दैनथ्यो । बा र हामी दुई भाइ एक बहिनी । आमा दुई वर्ष अघिमात्र बित्नुभइसकेको थियो । डाँडाको टुप्पोबाट चितवनतिर औँलोमात्रै तेर्साउँदा पनि औलोले औँलो झर्छ भन्ने त्रास व्याप्त थियो मानिसहरूमा तैपनि मान्छेहरूको बसाइँ-सराइँ चितवनमा घनीभूत रूपमा हुन थालेको समय थियो यो । माथि नै मैले उल्लेख गरिसकेको दुई कारण थिए त्यसमा । जीवनलाई अलि सजिलोसँग बिताउने र आफूसँग भएको भन्दा अलि बढी कमाउने । हामी दुई छाक अलिकति भए पनि सजिलोसँग खाने आशले झारिएका प्राणी थियौँ । झारिएका किन भनिएको हो भने म त्यतिबेला १४ वर्षको थिएँ, बहिनी १० र भाइ ६ वर्षको । हामी आफ्नै चेतनाले बसाइँ सर्ने सम्भावना त थिएन नै । हाम्रा बाले केटाकेटीहरूलाई थोरै सजिलोसँग पाल्छु भन्ने हिम्मत लिएर सायद हामीलाई औलोको खानी भनेर चित्रित गरिएको चितवनमा ल्याउनुभएको थियो । २०१९ साल चैत्रको महिना गते याद भएन हाम्रो पहिलो पाइलो भरतपुर इलाकामा हालको भरतपुर-११ को कोलटाँडी भन्ने ठाउँमा परेको हो ।

त्यतिबेलासम्म पनि भरतपुर भनेर जानेका थाहा पाएका थिएनौँ । बसेनी, भोजाड, नौरङे, वसन्तपुर, गोन्द्राङ, कटसिक्री, गौरीगञ्ज, सल्यानी आदि नामले नै चिनिन्थ्यो यहाँका गाउँहरू । हामीले यो भरतपुर इलाकामा बिहानको पहिलो छाक खाएका थियौँ कृष्णगोपाल श्रेष्ठको खाली कटेरोमा जुन ठाउँलाई त्यतिबेला सिमलटाँडी भनिन्थ्यो । यहाँ ४०-५० वटा जति साना-ठुला सिमलका रूखहरू थिए । हामी त्यहाँबाट हालको मालपोत कार्यालय चितवनको अगाडि रहेको एउटा झुप्रो जुन हाम्रा पहाडका (गोरखा) छिमेकी दलबहादुर श्रेष्ठको थियो । त्यहाँ शरण लिन पुग्यौँ । झण्डै एक साताको बसाइपछि हामी हाल भरतपुर-११ कै भोजाड भन्ने ठाउँमा आयौँ । त्यहाँ हालका वडा अध्यक्ष कमलबहादुर मल्लका बुबा स्व. दुर्गाबहादुर मल्लको जग्गा र एउटा कटेरो थियो । एकवर्षसम्म त्यसै कटेरोमा दिन गुजारेपछि त्यही ठाउँबाट पश्चिम हालको नयाँकिरण मा.वि.को आडैमा उत्तरपट्टि केही बाँझो जग्गा फडानी गरी (१ १/४ बिघा) बस्न थाल्यौँ र हालसम्म पनि मेरो बसोबास त्यही ठाउँमा छ । भर्खर भर्खर पञ्चायती व्यवस्था देशमा लागु भएपछि गाउँ पञ्चायतहरूको गठन र पुनर्गठन हुँदै जाँदा यो ठाउँ भरतपुर, नारायणगढ गाउँ पञ्चायत र त्यसको पनि विभाजनपछि भरतपुर गाउँ पञ्चायत भयो । त्यतिबेला भरतपुर गाउँ पञ्चायतको सिमाना थियो बसेनीदेखि गौरीगञ्ज सल्यानीसम्म जसमा ९ वटा वडाहरू थिए । हामी बसेको भोजाड ७ र पुनर्गठनपछि २ नं. वडा

* उपकुलपति - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान

बनेको थियो। त्यतिबेला भरतपुर इलाकामा सिमेन्ट र टिन लगाएका घर मैले देखिन। सबै घरहरू एक किसिमले छाप्रा नै थिए।

यहाँ पानीको अत्यन्तै दुःख थियो। गहिरा-गहिरा इनारहरू खनिएका थिए। अहिले भरतपुर ७ र ९ का कतिपय ठाउँमा त धेरै गहिरो खन्दा पनि पानी निस्कन गाह्रो पर्थ्यो। २०-२१ साल अझ पछिसम्म खेती लगाउन ट्र्याक्टरको प्रयोग अत्यन्तै दुर्लभ थियो। गोरुबाट नै जोत्ने काम हुन्थ्यो। कतैकतै राँगाहरूको प्रयोग पनि देखिन्थ्यो। मान्छेहरूको मुख्य पेसा नै खेती थियो। प्रायः घरका सबै मानिसहरू कृषि कर्ममा लागेका थिए। जीविकोपार्जनको मुख्य आधार नै खेती थियो। जागिर खाने मान्छेहरूको सङ्ख्या अत्यन्तै कम थियो। सीमित सङ्ख्यामा थिए स्कुल पाठशालाहरू। त्यसमा पनि स्थानीयभन्दा बाहिरका शिक्षकहरू नै बढी थिए। किनकि साक्षर दर कम थियो। पढेलेखेका मान्छे ज्यादै कम थिए। सरकारी अफिसहरूको सङ्ख्यामा पनि कम थियो। प्र.जि.अ., प्रहरी, जिल्ला पञ्चायत, मालपोत, सहकारी, कृषि, अदालतजस्ता १५-२० वटा कार्यालयहरूमात्र थिए भरतपुरमा। नारायणगढलाई छुट्टै गाउँ पञ्चायत बनाएपछि भरतपुरमा दोकानहरूको सङ्ख्या पनि नगण्य थियो। सानाभन्दा साना चिजहरू खरिद गर्न पनि नारायणगढ बजार नै पुग्नुपर्थ्यो। अब म भरतपुर गाउँ पञ्चायत भनेर चिनिएका केही स्थानहरूको बारेमा थोरै जानकारी दिन लागेँ। सर्वप्रथम भरतपुरको उत्तरी भागमा पर्ने बसेनी जुन त्यतिबेला वडा नं. १ थियो। यहाँका अधिकांश बासिन्दाहरू कुमालहरू थिए र यहाँको धेरै जसो भूमि नारायणगढका नेवार समुदायको हातमा थियो। यहाँ एउटा स्कुल भने २०१६ सालमा खुलेको रहेछ, जसको नाम सिद्धिविनायक हो। जुन अहिले प्रहरी तालिम केन्द्रको पूर्वपट्टि अवस्थित छ।

हाल बसेनी भनेर चिनिएको उत्तरपट्टि रहेको गणेशस्थान, आँपटारी ठाउँहरू घना जङ्गलले भरिएका थिए। मात्र त्यहाँ एउटा गणेशको मन्दिर थियो। जसलाई गणेशस्थान भनिन्थ्यो। अहिले त्यहाँ घना बस्ती छ। मन्दिरहरूको पनि सङ्ख्या निकै छ। झण्डै ३-४ वटा प्राइमरी स्कुलहरू छन्। बोडिङहरूको सङ्ख्या पनि उल्लेख्य छ। त्यस्तै २ नं. वडा भनेको भोजाड हो। १९-२० तिर यसको ५० प्रतिशतभन्दा बढी जग्गा बाँझो थियो। बस्ती अत्यन्तै पातलो थियो। यहाँ पनि कुमाल समुदायको जनसङ्ख्या उल्लेख्य थियो। नयाँकिरण मा.वि. यो वडाको (२०२३) पहिलो स्कुल हो। त्यसबाहेक यहाँ अहिले प्राइभेट कलेजहरू, बोडिङहरूको सङ्ख्या पनि मनग्य छ। जनसङ्ख्या र क्षेत्रफलको हिसाबले यो ठाउँमा अहिले बसाइँ-सराइँको अत्यधिक चाप छ। ३ नं. वडालाई नौरङ्गे भनिन्छ। यहाँ पहिला गुरुङहरूको बाक्लो बस्ती थियो। अहिले सबै किसिमका मान्छेहरूले यो ठाउँ भरिएका छ। जागृतिचोकदेखि उत्तर दक्षिण र पूर्वको इलाकालाई वसन्तपुर भनिन्छ। यो ४ नं. वडामा पर्छ। यहाँ एउटा सरकारी विद्यालय, एउटा एफ.एम.(त्रिवेणी) पनि छ। यहाँ पनि अहिले जनघनत्य निकै बढिरहेको छ। खास भरतपुर त्यतिबेला ५ नं. वडामा पर्थ्यो। २ वटा सरकारी मा.वि., ३ वटा मेडिकल कलेज हस्पिटल, दर्जनौ बोर्डिङ स्कुलहरू, एयरपोर्ट, पूर्व पश्चिम लोकमार्ग (६ लेन) पनि यही ठाउँमा छ अहिले। त्यतिबेलाको भरतपुर गाउँ पञ्चायतको सबैभन्दा मुख्य ठाउँ पनि यही नै हो। यसका अतिरिक्त यहाँ भव्य सिटी हल बन्दै छ। सरकारी अस्पतालहरू, अधिकांश सरकारी अड्डा अदालतहरू, ५० औँ पब्लिक अस्पताल पनि यहाँ अवस्थित छन्। यो अहिले महानगरको १० नं. वडा हो। अहिलेको पूर्व पश्चिम लोकमार्गको दक्षिणपट्टि ६ देखि ९ सम्मका वडाहरू पर्थे तत्कालीन भरतपुर गाउँ पञ्चायतमा। अहिले यी ठाउँहरूमा केही कलकारखाना, केही राम्रा कलेजहरू, थोरै सामुदायिक र पब्लिक स्कुलहरू छन्। जहाँ उच्चस्तरको पठनपाठन पनि हुन्छ।

विकासको रफ्तार कसरी अगाडि बढिरहेको छ भने पहिला-पहिला सामाजिक कार्यहरू बिहे, ब्रतवन्ध आदि आ-आफ्नै निवासमा गर्थे मानिसहरू। अहिले भरतपुर

इलाकामा मात्रै १०० भन्दा बढी विभिन्न क्षमताका पार्टी प्यालेसहरू छन् । जहाँ माानिसहरू आफ्नो स्तरअनुसार सामाजिक कार्यहरू गर्छन् । पहिले सामान्य भुप्राहरूमा थिए यहाँ चियाका होटलहरू । अहिले स्टारस्तरका होटलहरू पनि बनेका छन् । लजहरूको सङ्ख्या पनि उल्लेख्य छ । पूर्व पश्चिम लोकमार्गको छेवैमा साझाको जग्गामा एउटा व्यवस्थित बसपार्क सञ्चालनमा छ । जहाँबाट नेपालको पूर्व र पश्चिम जाने बसहरू प्रस्थान गर्छन् । साना-ठुला डिपार्टमेन्टल स्टोरहरू पनि यहाँ हाल सञ्चालनमा छन् । विभिन्न बारहरूमा भरतपुरका विभिन्न ठाउँहरूमा हाटबजारहरू पनि लाग्छन् । यो ठाउँ जिल्लाको सदरमुकाम मात्र नभएर अहिले व्यापारको केन्द्र पनि बन्दै छ । सिङ्गो भरतपुरमा पहिला जङ्गलहरू प्रशस्तै थिए । २०-२१ सालसम्म घना जङ्गल भएका ठाउँहरू जस्तै बसेनीमा रहेको सिद्धिविनायक मा.वि.देखि दक्षिण भोजाडको विशालचोकसम्म जङ्गल थियो । वीरेन्द्र क्याम्पसको जग्गा भएको दुवै ठाउँहरूमा घना सालका रूखहरू थिए । हालको वडा नं. १० को ऐलानी क्षेत्र पनि घना सालका रूखहरूले ढाकिएको क्षेत्र हो । अहिलेको प्रहरी तालिम केन्द्र पनि जङ्गलले भरिएको क्षेत्र हो । गणेशस्थान र के.बि. लाइन टोल घना जङ्गलले भरिएको थियो । भरतपुरको हाकिमचोकदेखि दक्षिण गौरीगञ्जको सिमानासम्म र हालको महानगरको वडा नं. ४ का केही भाग ७ नं. को बुद्धचोकसम्म पनि घना जङ्गल थियो । अहिले यी सबै ठाउँहरूको अवलोकन गर्दा यी कुराहरू पत्यार लाग्दैनन् । पुरानो मेडिकल कलेज, आँखा अस्पताल, सरकारी अस्पताल, नारायणी मा.वि.को क्षेत्र पनि जङ्गलले ढाकिएको क्षेत्र हो । हिसाब गर्नुहोस्, जङ्गल कुन रूपमा र कुन गतिमा यहाँ मासियो होला । त्यस अतिरिक्त पर्ती ऐलानी जग्गा पनि यहाँ प्रशस्तै थिए । खास गरेर हालको वडा नं. ११ र १२ को पश्चिम भाग बस्ती विहीन र पर्ती जग्गा थियो ।

२०-२१ सालतिरबाट क्रमशः बस्ती बढ्दै गयो । राजा महेन्द्रले यो क्षेत्रमा टाउन अर्थात् व्यवस्थित सहर बसाउने मनोकाङ्क्षा राखेका थिए तर त्यो सफल भएन । मलाई के कुराको सम्झना छ भने यो भरतपुर क्षेत्रमा ३ किसिमका जग्गाहरू थिए । १) ०७९ मा नापी भएका २) २०१३ देखि २०१९ सम्म राप्तीदून विकास परियोजनाले बाँडेको जग्गा र ३) पर्ती अर्थात् सरकारी अधीनमा रहेको जग्गा । यहाँ २०२६ सालमा सरकारले नापी पठाएको हो । मैले थाहा पाएसम्म त्यतिबेला गोरखाका राजेश्वर देवकोटा भूमिसुधार मन्त्री थिए । उनको पहलमा यहाँ नापी भएको हो । भयो के भने हालको ११ र १२ वडामा रहेको केही सय बिगाहा जग्गामा टाउन प्लान गर्ने भनेर सरकारले नापी गर्न मानेन । त्यतिबेला हामी जुन यो क्षेत्रका बासिन्दा थियौँ लाई यो कुरा चित्त बुझेन र हामी यहाँका केही युवाहरू मिलेर हाम्रो क्षेत्र ननाप्ने हो भने हामी भरतपुरको अन्य क्षेत्रमा पनि नाप्न दिदैँनौँ भन्दै भरतपुरको दक्षिणी गौरीगञ्ज, सल्यानी आदि ठाउँमा गएर सरकारी नाप नक्साको काममा अवरोध गरेका थियौँ । पछि नारायणी अञ्चलाधीश सायद दामोदरशमशेर राणा हुनुहुन्थ्यो । उहाँको पहलमा नापी नक्सा सबै क्षेत्रमा गर्ने तर सरकारले टाउन प्लान बनाउँदा सहज तरिकाले छाडिदिने सर्तमा नापी भयो । यो हामी त्यतिबेलाका युवाहरूको सरकारसँगको लडाइँमा पहिलो विजय थियो । नाप नक्सा भयो हामीले लालपुर्जा पायौँ । सरकारी तिरो तिरौँ तर व्यवस्थित टाउन प्लानको योजना त्यतिकै सेलायो । ०२८ मा राजा महेन्द्रको मृत्यु भएपछि यसको नामसम्म पनि सुनेको जस्तो लागेन ।

मैले बयान गरेका भरतपुर गाउँ पञ्चायतका क्षेत्रहरूमा बाटाहरू अत्यन्तै कम थिए । बस्ती कम भएपछि बाटो कम हुनु स्वभाविकै भयो । भएका बाटाहरू पनि धुलो र हिलोले भरिन्थ्यो । बर्खामासमा अत्यन्त कठिन थियो यात्रा गर्न । अहिले यहाँ अधिकांश क्षेत्रहरू अझ महानगर घोषणा भएपछि प्रायः सबै भित्री बाटाहरू पनि पिच भइसकेका छन् । पूर्व पश्चिम लोकमार्ग, एयरपोर्ट पनि यही क्षेत्रमा हुनाले पनि बाटा घाटाहरू अलि सुगम तरिकाले

बन्न सक्यो । त्यस्तै यहाँ खेतीपातीमा पनि पानीको निकै असुविधा थियो । बर्खे पानीको भर पर्नुपर्थ्यो । २०२१ सालमा जुगेडी खोलाबाट नहर खनी बसेनी, भोजाड हुँदै कृष्णपुरसम्म नहर पुगेको थियो । त्यसले सिँचाइमा केही सुविधा थप्यो । त्यसलाई बोहोरा नहर भनिन्थ्यो । अहिले त्यसो नहर अस्तित्त्वको सङ्कटमा छ ।

मेरो यो लेखमा तत्कालीन भरतपुर मात्रै समेटेको छु । २०३५ मा नारायणगढ गाउँ पञ्चायत र तत्कालीन कल्याणपुर गाउँ पञ्चायतका केही भाग समेटेर नगर पञ्चायत बनेपछि यसका गतिविधिहरू बढ्न थाले जुन यो लेखमा समेटिएका छैनन् । त्यतिबेलासम्म त यो क्षेत्रमा एउटा कलेज, दुई वटा हाइस्कुल, एउटा मिडिल स्कुल र चारपाँच वटा प्राइमरी स्कुलहरू मात्रै थिए । दुईवटा मात्रै निजी बोर्डिङहरू थिए । शैक्षिक, राजनैतिक र साहित्यिक गतिविधिहरू सामान्यै रूपमै सञ्चालन हुन्थे । पञ्चायती व्यवस्थाको बोलबाला भएकोले पञ्चायतका चुनावहरू हुन्थे । विरोधीहरू थिएनन् तैपनि व्यक्तित्वको टकराव हुन्थ्यो, चुनाव हुन्थ्यो । केही मान्छेहरू काङ्ग्रेस र कम्युनिष्ट भनेर ब्रान्डेड थिए । तर बाहिरी गतिविधि देखिन्नथ्यो । व्यवस्था विरोधीहरूको आरोप लगाएर गिरफ्तारीहरू हुन्थ्यो । मान्छेहरू जेलनेल पनि जान्थे । एउटा-एउटा निहुँमा व्यवस्थाका विरोधी गतिविधिहरू पनि नजानिँदो किसिमले भइराखेको हुन्थ्यो । साहित्यिक गतिविधिमा स्कुल र कलेजहरूमा बेलाबखत साहित्यिक गोष्ठीहरू हुन्थे । प्रतियोगिताम्क गोष्ठीहरू पनि हुन्थ्यो । स्कुल, कलेजहरूको जन्मदिन पारेर सांस्कृतिक कार्यक्रमहरू पनि हुने गर्थे । थोरबहुत साहित्यका किताबहरू पनि विभिन्न माध्यमहरूबाट इच्छुकहरूको हात पर्थ्यो । त्यसैबाट प्रेरणा पाएर केही मान्छेहरू आफैँ पनि साहित्य सिर्जनामा लागेका थिए । आफ्ना भावहरू व्यक्त गर्नुपर्ने भएकाले त्यति घनीभूत रूपमा चिजहरू चलायमान थिएनन् । कारण थियो प्रशासनको भय । त्यति हुँदाहुँदै पनि केही साहित्यिक पत्रिकाहरू निस्किएका थिए । त्यसमा नौलो राँको, छहरो, दोभान आदि उल्लेख्य छन् । यो भरतपुर क्षेत्रको पहिलो प्रेस हालको चितवन सिँचाइ योजनाको आडमा रहेको नारायणी प्रेस नै थियो ।

भरतपुरका बारेमा समग्र रूपमा लेख्ने हो भने ठुलो ग्रन्थ बन्ने छ र यसमा ठुलो लगानीको पनि आवश्यक पर्छ । यहाँ त मात्र भरतपुरको बारेमा आफूले २०१९ सालमा यो ठाउँमा टेकेपछि २०३५ सालमा नगर पञ्चायत घोषणा नहुन्जेलसम्मका गतिविधिहरू अत्यन्त सङ्क्षिप्त रूपमा मात्रै समेटेको छु । यसले अरु केही नगरे पनि भरतपुरका बारेमा खोज अनुसन्धान गर्न चाहनेहरूलाई पहिलो खुट्किलाको रूपमा टेवा दियो भने मेरो यो प्रयासले थोरै भए पनि सार्थकता पाउनेछ भन्ने आशा लिएको छु ।

卐

गीत



गायत्री श्रेष्ठ*

आज मलाई धर्ती आकाश सँगै सिऊँ लाग्यो
अञ्जुलीमा उभाएर हिमाल पिऊँ लाग्यो
प्रकृतिको काखमा जन्मी तिमीमै रमाएँ
प्रकृतिमै डुब्नलाई आँखा चिम्ली रहेँ ।

भाग्यमानी भा छु म त स्नेहिला हात पाउँदा
दह्रा हुन्छन् मेरा पाइला तिम्रा साथ पाउँदा
यही माटोमा मुटु गाँसी युगौं जिऊँ लाग्यो
अञ्जलीमा उठाएर हिमाल पिऊँ लाग्यो ।

मन लाग्छ आफूलाई तिमीमा बिलाउन
धरती तिम्रो ऋण मैले सक्तिँन कि तिर्न
नखोजेका खुसीहरू तिमीभित्रै पाउँछु ।
आइलाग्ने दुःखहरू तिमीमै बिसाउँछु ।

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

# महानगर साहित्य दर्पणको परिचयात्मक टिप्पणी :



डा. एकनारायण पौडेल *

महानगर साहित्य दर्पण (२०७८) भरतपुर महानगरपालिका भित्रका भाषा, साहित्य, कला, संस्कृति आदि विषयका विविध सन्दर्भ समेटिएको परिचय-पुस्तक हो । यो पुस्तक २०७८ चैत्र १५ गते गठित भरतपुर महानगर प्रजा- प्रतिष्ठानको एउटा आधार-सामग्री वा पृष्ठाधार पनि हो । खोजअनुसन्धान गरी महानगरअन्तर्गतका कला, साहित्य, संस्कृति आदि विषय समेटेर तयार पारिएको यस पुस्तकमा फरक-फरक विद्याका किताब, तिनका लेखक, साहित्यिक संस्था, कलाकार आदि बहुविद्य पक्ष समेटी पहिलोपटक प्रकाशन गरिएका कारण यसको ऐतिहासिक महत्त्व रहने छ । महानगर नै प्रकाशक रहेको यस दर्पणको संरक्षकमा नगरप्रमुख रेनु दाहाल रहेकी छन् भने सल्लाहकारहरूमा प्रमुख पार्वती शाह ठकुरी, प्रमुख प्रशासकीय अधिकृत भोजरान खतिवडा तथा साहित्यकारहरू इन्द्र रेग्मी, एल.बी. क्षेत्री र जगन्नाथ पण्डित रहेका छन् । प्रकाशन समितिको संयोजकमा अरुण पीडित भण्डारी रहेका छन् भने यसको सदस्यमा चित्रसेन अधिकारी रहेका छन् । नगर शिक्षा अधिकारी महेन्द्रप्रसाद पौडेयाल प्रधानसम्पादक रहेको यस दर्पणका सल्लाहकारहरूमा डी.आर.पोखरेल, रामहरि श्रेष्ठ, ईश्वर कंडेल र अर्जुनसिंह मडै रहेका छन् । यसको कार्यकारी सम्पादकका रूपमा बालकृष्ण थपलिया रहेका छन् । पुस्तकको औपचारिक खण्डभन्दा अघि नगरप्रमुख रेनु दाहाल, उपप्रमुख पार्वती शाह ठकुरी र प्रमुख प्रशासकीय अधिकृत भोजरान खतिवडाको शुभकामना रहेको छ । यस अग्र भागमा उपर्युल्लिखित शुभकामनाका साथै जगन्नाथ पण्डितको 'सरस्वती वन्दना' प्रेमविनेद नन्दनको 'मङ्लगान' र गोविन्दराज विनोलीको 'शब्दचित्रम भरतपुर महानगर' गरी तीन जना सष्टाका एक-एकओटा कविता रहेका छन् । यसपछि प्रधानसम्पादक महेन्द्रप्रसाद पौड्यालको प्रकाशकीय/सम्पादकीय रहेको छ । प्रकाशकीय/सम्पादकीय पौड्यालले प्रस्तुत 'महानगर साहित्य दर्पण' महानगरको साहित्य, कला, र संस्कृतिलाई हैन एउटा आँखीझ्याल भएको धारणा राख्दै यस किसिमको अभिलेखीकरण गर्ने कार्यको थालनीबाट ततृतत् विद्याको  उन्नयनका लागि ढोका खुलेकोसमेत बताएका छन् ।

प्रस्तुत पुस्तकमा अनुसन्धाताको रुचि र दक्षताका आधारमा सम्बन्धित विषमया/विद्याको खोज गर्न लगाई तयार पारिएका लेखहरू समावेश गरिएका छन् । समावेश गरिएका लेख र तिनका लेखकको विवरण यसप्रकार रहेको छ ।

१) भरतपुर महानगरका साहित्यिक सङ्घ संस्थाहरू सङ्क्षिप्त परिचय इन्द्रप्रसाद रेग्मी र बालकृष्ण थपलिया
२) भरतपुर महानगरका अनुवाद साहित्य ईश्वर कँडेल
३) भरतपुर महानगरका उपन्यासकार र उपन्यासहरू डा. एकनारायण पौड्याल
४) भरतपुर महानगरका नारी सष्टाहरू कल्पना आचार्य
५) साहित्यिक सम्मान/ पुरस्कारहरूको सङ्क्षिप्त अभिलेखाङ्कन केदारनाथ खनाल

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान

६) भरतपुर महानगरका लोकनृत्य र लोकनाटक, डि. आर. पोखरेल
७) भरतपुर महानगरको साहित्यिक पत्रकारिता द्वारिका नेपाल
८) भरतपुर महानगरका समालोचनाः सङ्क्षिप्त रेखाङ्कन, डा. धनेश्वर भट्टराई
९) भरतपुर महानगरः रङ्गमञ्च र रङ्गकर्मी, प्रभातकुमार जोशी
१०) भरतपुर महानगरका निबन्धः विगत र वर्तमान, पूर्णप्रसाद अधिकारी
११) भरतपुर महानगरमा जनयुद्धकालको जनसंस्कृति, पोषराज पौडेल
१२) भरतपुर महानगरका सामुदायिक पुस्तकालयहरू, बालकृष्ण थपलिया
१३) भरतपुर महानगर काव्य- खण्डकाव्य र महाकाव्यको सर्वेक्षण, प्रा.डा. नारायण खनाल
१४) भरतपुर महानगरभित्रका कविताका लघुतम रूपको सर्वेक्षण, रमेश प्रभात
१५) भरतपुर महानगरका बालसाहित्यको अवस्था, रह शर्मा
१६) कला सिर्जनामा महानगरका मुहारहरू, रामहरि श्रेष्ठ
१७) भरतपुर महानगरको नाट्यलेखन परम्परा, प्रा.डा. लक्ष्मणप्रसाद गौतम
१८) भरतपुर महानगरका स्मारिका तथा सामाजिक सङ्कलनहरू सङ्क्षिप्त विवरण, शान्ति शर्मा
१९) भरतपुर महानगरका कथाकार र तिनका कथाहरू, सीताराम कोइराला
२०) भरतपुर महानगरका कविता, सुरेन्द्र अस्तफल

उपर्युल्लिखित लेखहरूमध्ये "भरतपुर महानगरका साहित्यक सङ्घ संस्थाहरू सङ्क्षिप्त परिचय"मा चितवनमा साहित्यिका सांसकृतिक गतिविधिका २०१३/२०१४ सालतिरबाट सुरू भएको पाइए पनि औपचारिक रूपमा साहित्यिक संस्थाहरूको स्थापना र तिनको क्रियाशीलता एवम् निरन्तरता २०४० का दशकदेखि सुरू भएको कूरा उल्लेख गरिएको छ। यस लेखमा चितवनमा बसाईको क्रम २०१३/१४ सालदेखि बढ्दै आएको भए पनि २०४० को दशक पूर्व विविध कारणले गर्दा साहित्यिक संस्थाहरूको उदय र उन्नयनमा बाधा पुगेको तर २०३६ र २०४२ सालको राजनीतिक जागरण पछि भने साहित्यिक संस्थाहरूको स्थापना तीव्रता आएको कुरा उल्लेख गरिएको छ। यस सन्दर्भमा दुईओटा संस्था साहित्य सङ्गम चितवन (२०४४) र चितवन साहित्य परिषद् (२०४५) सँग-सँगै जसो स्थापना भएका र तिनमध्ये स्थापनाका दृष्टिले सङ्गम पहिलो र स्थानीय प्रशासनमा दर्ता भएका हिसबले परिषद् जेठो भएको कुरा जनाइएको छ।

संस्थाहरूको परिचय दिने क्रममा नारायणी कला मन्दिर (२०१९) साहित्य सङ्गम चितवन (२०४४) चितवन साहित्य परिषद् (२०४५) हाम्रो मझेरी साहित्य प्रतिष्ठान (२०५७) गजलमञ्च चितवन (२०६१), अक्षर समूह (२०६२), पल्लव साहित्य प्रतिष्ठान (२०६२) आदि १९ ओटा साहित्य तथा कलासँग सम्बन्धित संस्थाहरूको विविध खाले गतिविधिको विवरण प्रस्तुत गरिएको छ। संस्थाहरूको परिचय दिने क्रममा २०१९ सालमा दर्ता भएको नारायणी कला मन्दिरलाई पहिलो क्रममा राखिएको छ भने पहिलो स्थापना भएको साहित्यिक संस्था सहित्य सङ्गम चितवन र पहिलो दर्तावाल साहित्यक संस्था चितवन साहित्य परिषद् भनिएको छ। यस भनाइबाट केही अस्पष्टता उत्पन्न भएको देखिन्छ। चितवन साहित्य परिषद्लाई विशुद्ध रूपमा साहित्यिक संस्था भनी स्पष्ट पार्दा भनाइ अझ स्पष्ट हुन्थ्यो।

महानगर क्षेत्रभित्र राजनीतिक दल, समूह र विचारसँग निकटता राखी समय समयमा विभिन्न कार्यक्रम गर्दै आएका ऐतिहासिक संस्थाहरूलाई अलग्गै चर्चा गरिएको छ। यस प्रकृतिका संस्थाहरूको सङ्ख्या सात रहेको देखिएको छ र तिनका कार्यकालको विवरण प्रस्तुत गरिएको छ। यसै गरी महानगरभित्र रहेका केही

कार्यक्रम गरे पनि हाल त्यति सक्रिय नदेखिएका भनी छुट्टै १४ वटा सङ्ख्याको परिचय दिइएकोछ । यसरी प्रस्तुत लेखमा महानगरभित्रका कला तथा साहित्यिक संस्थाहरूका बारेमा धेरै कुराको जानकारी गरिएको छ। तापनि खोजी गर्दा अन्य संस्थाहरू पनि छुटेका हुन सक्ने भएकाले अझ सूक्ष्म किसिमले अनुसन्धान गर्नुपर्ने देखिन्छ।

दोस्रो क्रममा रहेको "भरतपुर महानगरपालिका अनुवाद साहित्य" शीर्षकको लेखमा नेपाली साहित्यमा अनुवाद परम्पराको थालनीका सम्बन्धमा सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ र अङ्ग्रेजी, संस्कृत, थारु आदि भाषाबाट नेपालीमा अनुवाद गरिएका र नेपालीबाट अन्य भाषामा अनुवाद गरिएका पुस्तक तथा फुटकर रचनाहरूको उल्लेख गरिएको छ। यस क्रममा विवरणलाई प्रस्ट पार्नका लागि अनुवादक, अनूदित पुस्तक, कविता प्रकाशन वर्ष, मूल कृति र तिनका लेखकको नाम उल्लेख गरिएको साथै महानगरभित्र अनुवाद गरिएका पुस्तकको सङ्ख्या तेह्र र फुटकर कविताको सङ्ख्या दस देखाइएको छ। केही अन्तर्वार्ता, फूटकर कविता र कथाहरूको विवरण भने पूर्ण रूपमा उल्लेख गरिएको छैन। यसतर्फ आगामी गहन किसिमले खोज अनुसन्धान गरी पूर्णता दिन आवश्यक देखिन्छ।

अर्को लेख "भरतपुर महानगरका उपन्यासकार र उपन्यासहरू"मा चितवन जिल्लामा उपन्यास लेखनको थालनीका सम्बन्धमा उल्लेख गर्नका साथै यस महानगरभित्रका उपन्यासकार र तिनका उपन्यासकृतिको नामोल्लेख गरिएको छ। प्रस्तुत लेखमा माधव खनालको परित्याग (२०४९) देखि सिर्जन अविरलको मोक्ष (२०७८) सम्म आइपुग्दा ३२ वटा उपन्यास लेखिएको कुरा उल्लेख छ। चितवनका अन्य पालिकाहरूमा गरी जम्मा आठवटा मात्र उपन्यास लेखिएको जानकारी दिइएको छ भने दुई जना उपन्यासकार र तिनका एक एकवटा उपन्यासको नाम दिई उनीहरूको ठेगाना स्पष्ट नभएकोले महानगरभित्र पर्ने वा नपर्ने कुरा किटानीका साथ उल्लेख गर्न नसकिएको पनि बताइएको छ। छोटो आकारको यस लेखमा लेखकले परिश्रम कम खर्चेको देखिन्छ।

चौथो क्रममा 'भरतपुर महानगरका नारी स्रष्टाहरू" शीर्षकको लेख रहेको छ। यसमा नेपाली साहित्य लेखनको थालनी र चितवनका साहित्य लेखिनुपूर्व भएका पृष्ठाधार आदि सन्दर्भ उल्लेख गर्नाका साथै भरतपुर महानगरपालिकाभित्र नारी स्रष्टा र तिनका कृतिको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ। नारी स्रष्टाको नामको वर्णानुक्रमलाई आधार बनाई उनीहरूका कृतिका बारेमा विवरण दिइएको यस लेखमा पुस्तक प्रकाशित गर्ने ३५ जना र फुटकर रूपमा लेख्दै गरेका एवम् पुस्तक नै प्रकाशन गर्ने तयारीमा रहेका गरी १४ जनाको परिचय दिइएको छ। यसका अतिरिक्त फुटकर रूपमा कलम चलाउने अन्य नारीहस्ताक्षर भनी १९ जनाको नाम दिई अरू पनि छन् भन्ने कुराका सङ्केत गरिएको छ। लेखका अन्त्यमा 'महानगरपालिका बाहिर बसेर पनि यहाँको साहित्यलाई योगदान दिने नारी स्रष्टा" भनी छुट्टै शीर्षकअन्तर्गत पनि आधा दर्जन स्रष्टाको नामोल्लेख गरिएको छ।

पाँचौ क्रममा रहेको लेख "साहित्यिक सम्मान पुरस्कारहरूको सङ्क्षिप्त अभिरेखाङ्कन"मा महानगरमा स्थापित सम्मान/पुरस्काहरूको परिचय र प्राप्त प्रतिभाहरूको नाम उल्लेख गरिएको छ । लेखमा बताइएअनुसार यस महानगर करिब पाँच दर्जन पुरस्कार/सम्मान रहेका छन् । विभिन्न संस्थाद्वारा स्थापित यी पुरस्कारहरूको राशी अलग अलग रहेको देखिन्छ । कतिपय संस्थाले एकाधिकार पुरस्कारको व्यवस्था गरेको देखिन्छ भने कतिपयले एउटा मात्र पुरस्कार प्रदान गर्दै आइरहेको पाइन्छ। प्रस्तुत लेखमा कहीँ पुरस्कार समर्पण गर्ने संस्थाको नाम उल्लेख गरी सोही संस्थाबाट दिइने पुरस्कारको परिचय दिइएको छ भने कहीँ मुख्य शीर्षकमा संस्थाको नाम नदिई पुरस्कारका बारेमा मात्र जानकारी दिइएको छ। लामो आकारको यो

लेख परिश्रमपूर्वक तयार गरिएको छ। एकरूपता दिई लेखिएको भए लेख अझ राम्रो हुने थियो।

लोक साहित्यसँग सम्बन्धित लेखलाई पनि यसमा स्थान दिएको छ। "भरतपुर महानगरका लोकनृत्य र लोकनाटक" शीर्षकको लेखमा लोक संस्कृति/लोकवार्ताको सामान्य परिचय दिई भरतपुर महानगरभित्रका जनसमुदायको पनि परिचय दिइएको छ। खास गरी जातजातिका दृष्टिले हेर्दा यस महानगरभित्र २४ किसिमका जातजातिको बसोबास रहेको कुरा जनाइएको छ र तिनका विविधखाले संस्कृतिको चर्चा गरिएको छ। सैद्धान्तिक पक्षको परिचय दिने क्रममा गीत/लोकगीत, लोकनृत्य र लोक नाटकको परिचय दिइएको छ र भरतपुर महानगरभित्र बालुन, घाटु र सोरठी गरी तीन प्रकारका लोकनाटक प्रचलनमा रहेको बताइएको छ। लेखका अन्त्यमा कुन कुन जातजातिमा प्रचलित कुन कुन लोकनृत्य र लोकनाटक कहिले कहिले देखाइन्छ भन्ने कुराको जानकारीका लागि तालिका बनाई वस्तुगत रूपमा विवरण प्रस्तुत गरिएको छ। यस लेखमा लोकनृत्य र लोकनाटकसम्बन्धी सैद्धान्तिक पक्षका बारेमा धेरै कुराको जानकारी दिइएको छ तापनि शीर्षकमा उल्लेख गरिएअनुसार लोकनृत्यका बारेमा चर्चा गरिएको छैन, केवल लोकनृत्यहरूको नाम मात्र उल्लेख गरिएको छ। लेखमा नेपाली भाषा मात्र राष्ट्रभाषा हो र अन्य भाषा राष्ट्रिय भाषा हुन भन्ने आशय व्यक्त गरिएको छ तर संविधानमा नेपालमा बोलिने सबै भाषालाई नेपाली भाषा भनिएको छ। यस्तै अन्य केही त्रुटि र कमजोरी भए पनि लेख महत्त्वपूर्ण रहेको छ।

सातौँ क्रममा साहित्यिक पत्रिका/पत्रकारितासँग सम्बन्धित लेख रहेको छ -"भरतपुर महानगरका साहित्यिक पत्रकारिता"। यस लेखमा नेपाली साहित्यिक पत्रिकाको इतिहासका साथै समग्र चितवन जिल्ला र भरतपुर महानगरभित्र प्रकाशित पत्रिकाको विवरण प्रस्तुत गरिएको छ। यसमा साहित्यिक पत्रिकारिताको इतिहास उल्लेख गर्ने क्रममा सर्वप्रथम मोतीराम भट्टका सक्रियतामा भारतबाट 'गोरखा-भारत जीवन' प्रकाशनमा आएको र त्यस भन्दा करिब १२ वर्षपछि १९५५ सालमा नेपालबाट 'सुधासागर' (१९५५) छापिएपछि मात्र पत्रिका प्रकाशनमा तीब्रता आएको कुरा जनाइएको छ। लेखमा हालसम्म आइपुग्दा करिब चार हजार पत्रिका प्रकाशनमा आएका छन् भन्ने कुराको जनकारी दिनका साथै तिनमध्ये केही मुख्य मुख्य पत्रिकाको नाम पनि उल्लेख गरिएको छ। यस सिलसिलामा चितवनको पहिलो पत्रिकाका रूपमा 'चितवनको चिनो' (२०२१) प्रकाशित भएको जनाइएको छ। यो पत्रिका विशुद्ध साहित्यिक नभए पनि यसमा कुनै कार्यक्रममा वाचन गरिएका कविताहरू प्रकाशन गरिएको र यस दृष्टिले पत्रिकाको महत्त्व रहेको जानइएको छ।

भरतपुर महानगरको पत्रपत्रिकाको इतिहास देखाउने क्रममा साहित्यिक प्रकाशन वर्ष, प्रकाशन गर्ने संस्था/व्यक्ति, सम्पादन आदि पक्षबारे सामान्य जानकारी दिइएको छ।

१) भरतपुरलाई आधार बनाएर प्रकाशन भएका पत्रपत्रिकाको विवरण
२) प्रकाशन मिति ज्ञात नभएका पत्रिकाहरू
३) हवाई तथा गोजी पत्रिकाहरू
४) जिल्ला प्रकाशन कार्यालय चितवनमा दर्ता भएर प्रकाशन भएका पत्रिकाहरू
५) डिजिटल स्वरूपमा प्रकाशित अनलाइन पत्रिकाहरू
६) संस्थागत रूपमा प्रकाशित पत्रिकाहरू र
७) हस्तलिखित पत्रिका।

उपर्युक्त लिखित प्रकारका पत्रिकामध्ये पहिला प्रकारकामा ८४, दोस्रोमा ७, तेस्रोमा ८, चौथामा १४, पाँचौमा २, छैटौमा ३६ र सातौँमा १ वटा पत्रिका प्रकाशनमा आएको कुरा उल्लेख गरिएको छ। यसरी हेर्दा पत्रिकाको सङ्ख्या धेरै देखिए पनि यिनमा कतिपय पत्रिका एक भन्दा धेरै प्रकारमा परेका छन्। सबै प्रकारका पत्रिकाको सङ्ख्या जोड्दा महानगरभित्र जम्मा ११५ वटा पत्रिका प्रकाशनमा आएको देखिन्छ।

एउटा महानगरभित्र यी पत्रिकाका साथै रेडियो, टि.भी. आदि सञ्चारमाध्यमबाट पनि साहित्यिक गतिविधि धेरै सङ्ख्यामा भएको देखिन्छन् । महानगरका लागि यो सुखद् पक्ष हो ।

आठौँ क्रममा ‘भरतपर महानगरका समालोचनाः सङ्क्षिप्त रेखाङ्कन’ शीर्षकको लेख रहेको छ । यसमा सिर्जना र समालोचनाका बिचको भिन्नताबारे प्रस्ट पार्दै चितवनका इतिहासमा पहिलो समालोचनात्मक लेख २०२५ सालमा दोभान पत्रिकामा प्रकाशित श्याम थापाको ‘मुटुको व्यवस्थामा सामाजिक पृष्ठभूमि’ रहेको बताइएको छ भने पुस्तककार रूपमा प्रकाशित कृति अनिल सिग्देलको केही समीक्षात्मक रेखाङ्कनहरू (२०३३) भएको जनाइएको छ । महानगरभित्रको समालोचनाको चर्चा गर्ने क्रममा यसलाई प्रथम चरण (पञ्चायती काल) २०३३-२०४६, द्वितीय चरण (प्रजातान्त्रिक काल) २०४७-२०६४ र तृतीय चरण (गणतान्त्रिक काल) २०६५ देखि यता भनी तीन चरणमा वर्गीकरण गरिएको छ । यसरी चरण विभाजन गरे तापनि चरणगत रूपमा समालोचक, समालोचना र प्रकृतिको स्पष्ट किसिमले विश्लेषण गरिएको छैन । अर्को उपशीर्षक ‘महानगरका समालोचक र समालोचना कृतिहरू’ मा समालोचकलाई एक एक वाक्यमा चिनाइएको छ र कसकसका कुन कुन कृति कहिले प्रकाशित भएका हुन् भन्ने कुराको तालिकाद्वारा पुस्तक प्रकाशन गर्ने लेखकको सङ्ख्या जमा २१ र कृतिको सङ्ख्या ८३ रहेको देखिन्छ । लेखका अन्त्यतिर फुटकर समालोचना मात्र प्रकाशन गरेका र महानगरभित्रका कृतिको समालोचना गर्ने तर महानगरबाहिर बस्ने समालोचकको पनि नाम उल्लेख गरिएको छ । लेखका अन्त्यमा समालोचनात्मक प्रकृतिसहित निष्कर्ष दिइएको छ ।

प्रस्तुत पुस्तकमा कविता काव्यसँग सम्बन्धित लेखको सङ्ख्या तीन रहेको छ । तिनीहरूमध्ये आख्यानात्मक संरचना भएका कृतिसँग सम्बन्धित लेख रहेको छः ‘भरतपुर महानगरका काव्य-खण्डकाव्य र महाकाव्यको सर्वेक्षण’ । यस लेखमा लेखकद्वारा साहित्यका मुख्य विधा चारवटा रहेका र ती मध्ये लघुतमदेखि बृहत्तम् आकारका लयात्मक रचनालाई समग्रमा कविता भनिने जानकारी दिइएको छ र तिनका प्रकार बारे पनि सामान्य रूपमा उल्लेख गरिएको छ । यस क्रममा काव्य-खण्डकाव्य र तत्समकक्षकाव्य एवम् बृहत्त काव्य-महाकाव्यको स्वरूपको सम्बन्धमा प्रष्ट पारिएको छ । खण्डकाव्य र महाकाव्यको सैद्धान्तिक प्रष्टपछि भरतपुर महानगर भित्रका र तिनका कृतिबारे सङ्क्षिप्त रूपमा परिचय दिइएको छ । यस नगरपालिका भित्र ६१ जनाका १०९ वटा खण्डकाव्य र ८ जनाका ९ वटा महाकाव्य गरी ११८ वटा काव्य प्रकाशित भएकाले भरतपुर महानगरपालिका समृद्ध रहेको निष्कर्ष निकालिएको छ ।

पुस्तकमा कलासँग सम्बन्धित लेख पनि समेटिएका छन् । यस प्रकृतिका लेखहरूमध्ये ‘भरतपुर महानगरः रङ्गमञ्च र रङ्गकर्मी’ एक हो । यस लेखमा खासगरी नारायणगढ क्षेत्रमा भएका रङ्गमञ्चसम्बन्धी क्रियाकलापलाई देखाइएको छ । यस क्रममा महानगरभित्र रङ्गकर्म २०१४ सालदेखि नै सुरु भएको र सुरुका अवस्थामा सडकलाई नै रङ्गमञ्च बनाइने गरेको कुरा जनाइएको छ । यसरी २०१४ सालबाट सुरु भएको महानगरको रङ्गकर्म क्रमशः २०१६, २०१८, २०२१ हुँदै विकसित भएको र खास गरी नारायणी कला मन्दिरको स्थापना भएपछि यसले तीब्रता पाएको जनाइएको छ । मुख्यतः यस नारायणी कला मन्दिरमा २०४८ सालदेखि नाटक मञ्चन गर्ने कार्य तीब्र रूपमा अघि बढेको र यहाँ चितवनका कलाकारले मात्र प्रस्तुत नगरी जिल्ला बाहिरका कलाकारले पनि मञ्चन गर्ने गरेको बताइएको छ । लेखमा रङ्गमञ्च र रङ्गकर्मीको परिचय दिने क्रममा २०२४ देखि २०७७ सालसम्म मञ्चन गरिएका ४० वटा सामग्रीको विवरण प्रस्तुत गरिएको छ । विवरण दिने क्रममा मञ्चत सिर्जना (पुस्तक) को नाम त्यसको लेखक/निर्देशक, मञ्चन वर्ष, मञ्चनस्थल,

कलाकारहरू, सल्लाहकार, पार्श्व सङ्गीत, मञ्च सज्जा, ध्वनि आदि पक्षको उल्लेख गरिएको छ। प्रस्तुत लेख गहन र खोजमूलक छ तापनि हालको भरतपुर महानगरले ओगटेका सबै क्षेत्रको विवरण नआएकाले यसलाई पूर्णता दिन अग्र खोज आवश्यक भएको देखिन्छ।

साहित्यकेन्द्री अर्को लेख रहेको छः 'भरतपुर महानगरका निबन्धः विगत र वर्तमान' । यस लेखमा चितवनका आख्यानेतर गद्यलेखन २०१६ सालतिरै सुरु भएको र २०४६ सालसम्म निबन्धहरू फुटकर रूपमा मात्र प्रकाशनमा आएका जनाइएको छ। यस क्रममा महानगरभित्र कस कसका के कति निबन्धात्मक कृति प्रकाशन भएका छन् भन्ने कुराको जानकारी गराइएको छ। विवरणअनुसार यस महानगरमा सुरुदेखि २०७८ सालसम्म ६९ जना लेखकका १५० भन्दा बढी पुस्तक प्रकाशनमा आएका देखिन्छन्। फुटकर रूपमा लेख्दै आएका करिव ६ दर्जन स्रष्टाको नामोल्लेख गरिएको छ। यिनमा केही महानगरभन्दा बाहिरका पनि परेका छन्। उपर्युल्लिखित सङ्ख्याका कृतिभित्र जीवनी, आत्मजीवनी, नियात्रा, संस्मरण, ललित निवन्ध विचार मूलक लेख सङ्ग्रह आदि आख्यानेतर गधका प्रायः उपविधा समेटिएका छन्।

बाह्रौं क्रममा 'भरतपुर महानगरमा जनयुद्धकालको जनसंस्कृति' शीर्षकको लेख रहेको छ। यस लेखमा 'हिमाली क्लब' सामना परिवार, अखिल नेपाल जनसांस्कृतिक सङ्घ आदि क्लब, सङ्घ, समूहले चितवनको प्रगतिवादी साहित्य, कला र संस्कृतिको विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै जनयुद्धकाल (२०५२-०६२) मा महानगरभित्र र बाहिरसमेत खासगरी अखिल नेपाल जनसांस्कृतिक महासङ्घले गरेका साहित्यिक-सांस्कृतिक गतिविधिको सङ्क्षिप्त रूपमा परिचय दिइएको छ।

पुस्तकालयसँग सम्बन्धित अर्को लेख रहेको छः 'भरतपुर महानगरका सामुदायिक पुस्तकालयहरू' । यस लेखमा महानगरअन्तर्गत नारायणी पुस्तकालय (२०१६) देखि अनुसन्धान पुस्तकालय (२०७८) सम्म आइपुग्दा २५ वटा पुस्तकालय स्थापना भएको देखिन्छन्। लेखमा यिनका अतिरिक्त अन्य केही वाचनालय/पुस्तकालय स्थापना भएका तर हाल ती सञ्चालनमा नरहेका पनि जनाइएको छ। लेखमा संस्थाहरूको नाम मात्र नदिई तिनको स्थापना के कसरी भएको थियो भन्ने कुराको पनि जानकारी दिइएको छ।

कवितासँग सम्बन्धित अर्को लेख रहेको छः 'भरतपुर महानगरभित्रका कविताका लघुतम रूपको सर्वेक्षण' । शीर्षकमा रहेको 'लघुतम' शब्दले 'लघुतम' रूपलाई बुझाएको छ। कवितालाई चार प्रकारमा वर्गीकरण गर्दा बृहत्तभित्र महाकाव्य पर्दछ भने मध्यमअन्तर्गत खण्डकाव्य पर्दछ अनि लघु आकारयुक्त कविता फुटकरभित्र पर्दछ र मुक्तक, हाइकु, गजल, ताङ्का आदि लघुतम रूपका रचनाअन्तर्गत पर्दछन्। प्रस्तुत लेखमा यही चौथो प्रकारअन्तर्गत पर्ने रचनाको विवरण प्रस्तुत गरिएको छ। विवरण दिने क्रममा तालिका बनाई त्यसमा प्रकाशन वर्ष, कृतिको नाम, कृतिकारको नाम र प्रकाशकको नाम उल्लेख गरी प्रष्ट रूपमा विवरण दिइएको छ। आलेखमा जनाइएअनुसार महानगरभित्र गजलका कृति ९८, गीतका कृति २०, मुक्तकका कृति १०, हाइकुका कृति ९ र अन्य छोटा रूपका कवितात्मक कृति ३ गरी १४० वटा पुस्तकाकार कृति प्रकाशनमा आएका देखिन्छन्।

जुन विधाका कृति भए पनि बालसाहित्यलाई छुट्टै स्थान दिइएको छ। पुस्तकमा बालसाहित्यसँग सम्बन्धित लेखका रूपमा 'भरतपुर महानगरका बालसाहित्यको अवस्था' रहेको छ। यस लेखमा बालसाहित्यको ऐतिहासिकपृष्ठभूमिदिनाकासाथैभरतपुरमहानगरभित्रका बालसाहित्यका पुस्तक तिनका लेखकको विवरण दिइएको छ। दिइएको विवरणअनुसार महानगरभित्र १२ जना बालसाहित्यकारका तीन दर्जन कृति प्रकाशनमा आएका देखिन्छन्। यस विवरणमा प्रकाशोन्मुख कृतिहरूको पनि शीर्षक दिइएको छ।

प्रस्तुत साहित्य दर्पणमा 'कला सिर्जनामा महानगरका मुहारहरू' शीर्षकको कलाविषयक लेख रहेको छ । यसमा कलाको परिचय, महत्त्व, इतिहास, कला व्यवसायको विकास आदि पक्षका बारेमा महानगरसँग सन्दर्भ जोडेर विवरण प्रस्तुत गरिएको छ । कलाको अर्थ व्यापक भए पनि यहाँ कलाअन्तर्गत मूर्ति तथा चित्रकालालाई मात्र लिइएको छ र महानगरभित्रका ३८ जना कलाकारको परिचय दिइएको छ। परिश्रमपूर्वक तयार पारिएको यस लेखमा यस महानगरका नभए पनि यससँग निकट रहेका क्षेत्रमा बसोबास कलाकारहरूको नाम उल्लेख गरिएको छ।

यस पुस्तकमा नाट्यविधासँग सम्बन्धित लेख रहेको छः 'भरतपुर महानगरको नाट्य लेखन परम्परा' । यस लेखमा पृष्ठभूमिका रूपमा मञ्चित र अप्रकाशित नाटकको प्रसङ्ग जोडे पनि मूलतः प्रकाशित नाट्यकृतिहरूको परिचय दिइएको छ। यस सिलसिलामा प्रकाशित नाटक, नाटककार र नाटकका विषय र उद्देश्यमाथि प्रकाश पारिएको छ । यसमा महानगरभित्र सातजना स्रष्टाका बाह्रवटा नाटक प्रकाशनमा आएका र अन्य कतिपय लेखकले विभिन्न पत्रिकामा एकाङ्कीहरू छपाएका प्रसङ्ग उल्लेख गरिएको छ । नाटकको सङ्ख्या थोरै भए पनि विषय, प्रकृत्ति, शैली, संरचना आदि दृष्टिले महानगरको नाटकलेखन सन्तोषजनक रहेको लेखको निष्कर्ष रहेको छ।

प्रस्तुत पुस्तकमा सङ्गृहीत लेखहरूमध्ये 'भरतपुर महानगरका स्मारिका तथा सामयिक सङ्कलनहरू सङ्क्षिप्त विवरण' मा विभिन्न सङ्घसंस्थाद्वारा प्रकाशित ११९ वटा स्मारिकाहरूको विवरण प्रस्तुत गरिएको छ । विवरण दिने क्रममा स्मारिकाको नाम, प्रकाशक, प्रकाशित साल र संयोजक/प्रधानसम्पादक नाम दिइएको छ। अर्को लेख 'भरतपुर महानगरका कथाकार र तिनका कथाहरू'मा आधुनिक नेपाली कथाको थालनी र यसका धाराबारे अति सङ्क्षिप्त रूपमा सङ्केत गरी चितवनमा कथाको थालनी कहिलेदेखि भएको हो भन्ने कुरा उल्लेख गरिएको छ । यसमा सङ्ग्रह प्रकाशन गर्ने कथाकार, कथाकृति र कथाको प्रकृति एक वाक्यमा उल्लेख गरिएको छ, साथै फुटकर रूपमा लेख्ने कथाकार हरूको नाम दिइएको छ । विवरणअनुसार सङ्ग्रह प्रकाशन गर्ने स्रष्टाको सङ्ख्या १९ रहेको पाइन्छ। यस विवरण अनुसार सबभन्दा धेरै (एघार) कृति प्रकाशन गर्ने कथाकार हरिहर खनाल देखिएका छन् ।

पुस्तकका अन्त्यतमा 'भरतपुर महानगरका कविता' शीर्षकको लेख रहेको छ। कविता विषयक यो तेस्रो लेख हो। यसमा महाकाव्य, खण्डकाव्य र लघुतम स्वरूपका कवितालाई छोडेर लघु स्वरूपका कविता सङ्ग्रह गरिएका सामग्रीको मात्र अध्ययन गरिएको छ । यस महानगरभित्र एकल रूपमा र संयुक्त सङ्ग्रह प्रकाशन गर्ने कविहरूको सङ्ख्या १२९ देखाइएको छ भने तिनका कविताकृतिको सङ्ख्या २०० भन्दा धेरै रहेको जनाइएको छ।

समग्रमा हेर्दा महानगर साहित्य दर्पण (२०७८) भरतपुर महानगरको अभौतिक संस्कृति विषय गहन कृति हुनाका साथै ऐतिहासिक दस्तावेजका रूपमा रहेको छ। यसमा फरक फरक विधाको विवरण खोज अनुसन्धान गरी तयार पारिएको छ । यो पहिलो प्रयास भएकाले यसमा केही कमजोरी छन् । कतिपय विधाका सामग्रीहरू अझै समेटिएका छैनन् । यस दिशातर्फ आगामी दिनमा गरिने अध्ययनमा अनुसन्धाता एवम् महानगरबाट विशेष ध्यान दिइने छ भन्ने विश्वास छ । हाल महानगर प्रज्ञा-प्रतिष्ठान गठन भइसकेको र यस्था प्राज्ञिक काम सोही प्रतिष्ठानले हेर्ने भएका कारण भोलिका दिनमा ती प्रत्येक विधा र छुट्न गएका अन्य विधाका बारेमा पनि गहन अध्ययन अनुसन्धान गरी इतिहास तयार पारिने छ भन्ने कुरामा आशावादी मात्र होइन विश्वस्त हुन सकिन्छ।

卐

धर्म संस्कृति

# भरतपुर महानगरपालिकामा मधेसी हिन्दुहरूको उपस्थिति



एन.पी. परिहस्त*

भरतपुर महानगरपालिका ऋषिमुनिहरूको तपोवन कालीगण्डकी र त्रिशूली नदीको सङ्गम योगी नरहरिनाथको कर्मभूमि उत्पीडनको विरुद्ध आवाज बुलन्द पार्ने सक्षमताको पहिचान बोकेको भरतपुर नेपालकै मध्यमागमा अवस्थित चितवन जिल्लको एक मात्र महानगर पालिका हो । यहाँ नेपाल भरिका ७६ औँ जिल्लाबाट बसाइँ सराइँ गरी आएका शिक्षित राजनैतिक सचेतना भएको सिपयुक्त जागरुक नगरिकहरूको बसोबास रहेको छ । हाल चितवन जिल्लाको आधुनिक कृषि प्रणाली शैक्षिक अग्रसरता, स्वास्थ्यको सहज सुलभ सेवा, राजनैतिकहरूको उर्वर भूमि, व्यापारिक सम्भावना बोकेको सहरको रूपमा विकासितहुँदै गरेको नारायणगढ बजार आधुनिक यातायात सेवा तथा प्राविधि र मानवसमुदायको लागि अनुकूलित मौसमी वातावरणले गर्दा आधुनिक समयमा बसोबासको गन्तन्य बनेको छ । हाम्रो सुन्दर भरतपुरमा नेपालको तराई क्षेत्रका अन्नदाताको रूपमा ख्याति प्राप्त समतल भूमि झापादेखि कञ्चनपुरसम्म बसोवास गर्ने तराईवासी मधेसी समुदायहरूको आकर्षण बने तापनि चितवन भरतपुरमा मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, मोहत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा आदि जिल्लाहरूबाट जागिर, व्यापार, रोजगारी आदि गरेर स्थायी रूपले बसोवास गर्ने मधेसी समुदाय उल्लेख्य सङ्ख्यामा रहेका छन् । यस लेखमा भरतपुर महानगरपालिकामा बसोबास गरेका मधेसीसँग हिन्दुहरूको सम्बन्धमा टिपोट गरिएको छ । तराईबाट भरतपुमा बसाइँसराइँ गर्ने अधिकांश हिन्दु धर्मावलम्बी जात र थर निम्नानुसार रहेको छ ।

१) ब्राहमण- झा चतुर्बेदी, ठाकुर, मिश्र, पाण्डेय, राय
२) राजपुत- सिंह, सिन्हा
३) कायस्थ- कर्ण, दास, श्रीवास्तव, माल्लिक, लाभ, चौधरी, शर्मा
४) यादव- यादव, (धोषिन, कृष्नौत, मजारौत, कौनतिया, थर) यादवका थार ३२१ मध्ये अरगरिया, मरवैता, गोइत, मडर, गुरमैता, सढोक, राय, कुसियत, कापैर, खिरहरि, खड्गा, खेरवार, बहरखेर आदि ।
५) कोइरी- कुशवाहा, मेहता, महतो, सिंह
६) कढबनिया- दास, चौधरी, बनिया
७) कुर्मी- राउत, पटेल
८) बरही- ठाकुर शर्मा, सुतिहार
९) कानू- शाह, गुप्ता, कानू
१०) कलवार- गुप्ता, शाह, जयसवाल
११) हुलुवाई- शाह
१२) तेली- शाह
१३) राजधोव-परिहस्त, राउत, खडगा, मण्डल ईशर, दास, लौगी, सन्त, पैकरा, माझी, अधिकारी, पाइक, पाँडे, विश्वास, सिंह,
१४) सुडी- साह, महत, महासेठ, वैद्य
१५) अमात- राय
१६) माली- मालाकार
१७) मलाह- मुखिया

* सचिव - तराई सामुदायिक सेवा समिति, नारायणगढ, चितवन ।

१८) लोहार- शर्मा, ठाकुर
१९) सोनोर- शाह, सरार्फ, स्वर्णकार
२०) हजाम- ठाकुर, नाई
२१) दुसाद- पासबान
२२) कुम्हार- पण्डित
२३) भूमिहार- सिंह, मिश्र, पाण्डेय, शर्मा, चौधरी
२४) व्यास- देव
२५) डोम- मरिक
२६) रौनियार- गुप्ता, शाह
२७) वातर- सरदार
२८) राजवंशी- राजवंशी
२९) धानूक- मण्डल
३०) राजभर- चौधरी, राजभर

यी मधेसी समुदायहरूले भरतपुरमा स्थायी बसोवास गरे तापनि मधेशका चाडपर्वहरूलाई छोड्न सकेका छैनन् । जसमध्ये केही चाडपर्व सामूहिक रूपमा भव्यताको साथ मनाउने गर्छन् भने केही आवश्यकता, सहजता, विवशताको माझ व्यक्तिगत रूपमा मनाउने गर्छन जस्तै

१) जुडशीतल- वैशाख, नव वर्षको दिन
२) बट सावित्री व्रत- जेष्ठ कृष्ण पक्षको प्रतिपदा दिन
३) अदरा/घडी- आषाढ शुक्ल पक्ष
४) कृष्णअष्टमी- भाद्र कृष्ण पक्ष अष्टमी
५) नाग पञ्चमी- श्रावण शुक्ल पक्ष पञ्चमी
६) रक्षाबन्धन/राखी- श्रावण शुक्ल पक्ष पूर्णिमा
७) मधु श्रावणी व्रत- श्रावण कृष्णपक्षदेखि
८) कुशे औँसी- भाद्र कृष्ण पक्ष औँसी
९) चौचादै/चौरचन- भाद्र शुक्ल पक्ष चौथी
१०) अनन्त पूजा- भाद्र शुक्ल चतुर्दशी
११) पितर पक्ष (सोह्रश्राद्ध)- आश्विन कृष्णपक्ष
१२) जितिया- आश्विन कृष्णपक्ष अष्टमी
१३) नवरात्री/दुर्गापुजा- आश्विन शुक्ल पक्ष
१४) गवहा सङ्क्रान्ति- कार्तिक एक गते
१५) दियाबाती (दीपावली)- कार्तिक औँसी
१६) भातृ द्वितीया (भाइटीका)- कार्तिक शुक्ल पक्ष द्वितीय
१७) छठ पूजा- कार्तिक शुक्ल पक्ष-चौथी- सप्तमी
१८) एकादशी- कार्तिक शुक्ल पक्ष एकादशी
१९) समचकेवा- कार्तिक शुक्ल पक्ष पूर्णिमा
२०) रविबार व्रत- शुक्ला पक्ष सुरूको आइतबार (मङ्सिर)
२१) तीला सङ्क्रान्ति- माघ १ गते
२२) वसन्त पञ्चमी- माघ शुक्ल पक्ष पञ्चमी दिन
२३) शिवरात्री- फाल्गुण शुक्ल पक्ष पूर्णिमा
२४) रामनवमी- चैत्र शुक्ल नवमी

हिन्दु सनातन धर्ममा उल्लेखित १६ संकार मध्ये मधेसी समुदायमा यी चारपर्वबाहेक जन्म संस्कारमा ६ दिनमा छठिहार, १२ दिनमा वरही, ६ महिनामा अन्यप्रासन, मुण्डन, चुडाकर्म (तागाधारीमा)

वैवाहिक संस्कारमा मागी विवाहको प्रचलन रहेकामा छेउ (टिकाटालो) गोसाइ गीत, मटकोर, विवाह, तिलक, सिन्दुरदान, घोघट, (कनया दान) दुरागवन (गौना) तर हाल पहाडी, मधेसी समुदायमा प्रेम विवाहमा स्वयम्वर, अदालती विवाह गरेको छ । मृत्यु संस्कारमा दाह संस्कार, तेराइट, सतलाहव, श्राद्ध, समपिण्डन गरी १३/१४ दिन सम्म जसमा जेठो छोराले दागबती दिने कान्छो छोराले सहयोगी भूमिका खेल्ने र अन्य भाइहरू क्रियापुत्री बस्न आवश्यक नभएको चलन रहेको, सात दिनको कर्म छोरी ज्वाँइहरूले गर्नुपर्ने र उनीहरू चोखो हुने गर्दछन् । यी संस्कारहरूमा जात स्थान भौगोलिक भिन्नता अनुरूप फरक पनि देखिन्छ ।

वि.स. २०६८ सालमा चितवन जिल्ला विकास समितिले चितवन जिल्लामा पिछडा वर्गको स्थिति र पहिचान शीर्षक गरेको अध्ययनबाट भरतपुर महानगरपालिकामा स्थायी बसोवास गर्ने पिछडा वर्गको जातिगत विवरण लिएको निम्नानुसार छः

| घरधुरी | जाति | जनसङ्ख्या |
|---|---|---|
| ४५ | यादव | १७६ |
| १६ | कठवनिया | ११० |
| ९२ | कोइरी | ४८० |

| | | |
|---|---|---|
| २८ | कुर्मी | १०६ |
| २ | कमार (वरही) | ९ |
| १६९ | कानू | ९७३ |
| ११७ | कुलवार | ६९३ |
| ५९ | तेली | ३४९ |
| ३ | राजघाब | १६ |
| १० | माली | ७१ |
| २२ | सोनार | २०३ |
| ४ | लोहार | ३९ |
| १ | हलवाई | ७ |
| ३३ | हजाम | १८६ |
| ६४ | रौनियार | ३५७ |
| १ | कुम्हार | |

यी जातहरू बाहेक ब्राह्मण, राजपूत, कायस्थ, भूमिहार, व्यास, कुम्हार, सुडी, अमात, दुसाह आदि जातको बसोवास रहेको भए तापनि यकिन वास्तविक तथ्याङ्क प्रस्तुत गर्न खोज अनुसन्धानको खाँचो रहेको तथ्य जानकारहरूको बुझाई छ।

मधेसी समुदायका यी जातिहरूले भरतपुर लगायत चितवन जिल्लाको उन्नति प्रगतिमा निम्नानुसारको सेवा पुऱ्याइरहेको देखिन्छ।

व्यापार - गल्ला, किराना, शृंगार, सुनचाँदी, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, फेन्सी, हार्डवेयर, तरकारी, आलु, प्याज, माछा, मिठाइ, चस्मा, कुखुराको दाना उत्पादन र कारखाना आदि।

मजदुरी- धान काट्ने, रोप्ने, टेलर्स, सिलाइबुनाई, रिक्सा चालक, लुगाधुने, कपाल काट्ने मिठाई बनाउने, पानीपुरी चटपट (अधिकांश भारतीयहरू)

जागिर - शिक्षक, इन्जिनियर, डाक्टर, नर्स, टेक्नोलोजिष्ट, प्रोफेसर, फिजियोथेरापिष्ट, कृषि विज्ञ, अमिन, विद्युत फोरम्यान, एम.आर सेल्स म्यान, ठेकेदार, जग्गा दलाली, लेखापाल, रेडियोलोजिष्ट, प्रशिक्षक, कलेजो मृगौला प्रत्यारोपण चिकित्सा कार्य, आयुर्वेदिक, होमियोपैथिक पुरोहित्याई- ब्राह्मणबाट पूजा, जन्म, मृत्यु संस्कारमा संलग्नता

सामाजिक सेवा - चन्दादाता, भवन निर्माता, अक्षयकोषदाता, छात्रवृत्ति, दैवीप्रकोपमा सहयोग, प्रशिक्षक, रेडक्रससकर्मी

लेखक - विद्यालय तथा महाविद्यालयका पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरू

यसरी हेर्दैजाँदा भरतपुर तथा चितवन जिल्लाकै शैक्षिक इतिहासमा सवल सक्षम नेतृत्व दिँदै शैक्षिक उन्नयन योगदान पुऱ्याएका केही चर्चित मधेसी महानुभावहरूको नामावली यस प्रकारका रहेको छ।

**वशिष्ठ नारायण श्रीवास्तव-** चितवन मा.वि. भरतपुर संस्थापक प्रधानाध्यापक

**भृगुनाथ सिंह-** क्याम्पस प्रमुख, वीरेन्द्र बुहुमुखी क्याम्पस भरतपुर

**राजेन्द्र प्रसाद श्रीवास्तव** - शै. ता. के. पूर्व प्रमुख

**पीयूष कुमार राजेन्द्र** - पूर्व मे.सु महेन्द्र आदर्श चिकित्सालय, भरतपुर

**रामानन्द मिश्र** - पूर्व जि.शि.अ. भरतपुर, चितवन

**शिवनाथ सिंह** - पूर्व जि.शि.अ. भरतपुर, चितवन

**सत्यनारायण लालदास, अरुण कुमार रामसुरेश गुप्ता, नारायणप्रसाद परिहस्त** (प्र.अ. तथा गणित विज्ञान शिक्षक, प्रशिक्षक (खैरहनी, नारायणी, श्रीपुर, बालकुमारी मा.वि. शै. ता. के)

**विन्देश्वरी प्र. सिन्हा** - डिन कृषि क्याम्पस रामपुर (पूर्व कृषि मन्त्रालयको सचिव हुनुहुन्थ्यो)

**जीवछ शाह** - भेटेरीनरी सम्बन्धी अन्तर्राष्ट्रिय पुस्तकको लेखक

**रमानन्दलाल कर्ण, अशोक कर्ण-** टेलिफोन अफिसरको प्रमुख

**रमण मेहता-** वकिल, स्कुल अफ हेल्थ साइन्स भरतपुर प्राविधिक कलेज एवम् पूर्व प्राचार्य

**गिरिशकुमार लालकर्ण** - नापी कार्यालय प्रमुख

**चन्द्रकिशोर मण्डल** - किट विज्ञ, रामपुर कृषि क्याम्पस

**डा. विनय ठाकुर** - थोरसिव सर्जन, बि.पी. मेमोरियल क्यान्सर अस्पताल

**लक्ष्मीनारायण सिंह** - बिपी मेमोरियल क्यान्सर अस्पतालको कार्यकारी निर्देशक

**डा. सुविर सिंह** - भेटनरी फ्याक्ट्रीको कार्यकारी निर्देशक तथा

उपाध्यक्ष, भेटेरिनरी एसोसिएसन नेपाल
**डा. अञ्जनी कु. झा** - ने.मे. रि.क. अङ्कोलोजी विभाग प्रमुख क्यान्सर अस्पताल पूर्व अध्यक्ष केन्द्रीय चिकित्सक संघ नेपाल
**उमेश झा** - पूर्व प्रमुख, विद्युत प्राधिकरण, भरतपुर
**गणेश ठाकुर** - पूर्व अध्यक्ष, नाई सङ्घ चितवन
**गृहीनारायण महतो** - वरिष्ठ प्रशासकीय अधिकृत, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर
**राजकुमार कानू** - पूर्व अध्यक्ष, तराई सामुदायिक सेवा समिति, निर्माण सामग्री, हार्डवेयर सङ्घ, नारायणगढ
**सोमेश्वर प्र. कलवार** - पूर्व अध्यक्ष कलवार समाज तथा प्रतिष्ठित व्यापारी
**मनोजकुमार रौनियार**- अध्यक्ष, रौनियार सेवा समिति नारायणगढ
**चन्द्रेश्वर शाह**- पूर्व प्रमुख, खानेपानी संस्थान भरतपुर
**राजकुमार गुप्ता**- अध्यक्ष नेरेसो नारायणगढ उपशाखा
**मधु शाह**- पूर्व अध्यक्ष, नारी अभ्युदय नारायणगढ
**डा. किरण कर्ण**- जीव विज्ञान लेक्चरर, वीरेन्द्र बुहुमुखी क्याम्पस
**अनिता सिंह**- अध्यक्ष, एकता विकास कोष भरतपुर
**रामनाथ पण्डित**- पूर्व अध्यक्ष, ए.वि.को. तथा गणित लेक्चरर
**डा. सञ्जय यादव**- हेपाटो ट्रान्सप्लान्ट सर्जन, सि.एम.सी. क्यान्सर सञ्चालक, कलेजो प्रत्यारोपण कार्यको संयोजक
**कृष्णराज गुप्ता, गोपालजी गुप्ता, सुकेश कु. गुप्ता** - पूर्व अध्यक्ष
**जयकिशोर पाण्डेय** - अध्यक्ष, तराई सामुदायिक सेवा समिति
**डा. सञ्जय कु. यादव** - ल्याब प्रमुख, सि.एम.सी.

भरतपुरमा स्थायी वसोवास गरेको मधेसी समुदायहरू आफ्ना समस्या समाधान तथा एकताबद्ध भई पहिचानको संघर्षको दौरान संगठित हुँदै विभिन्न मधेसी सामाजिक संघ संस्थाहरूबाट आफ्नो समुदायको उत्थानमा जोड दिने गरेका छन् । जस्तैः

१) मधेसी बौद्धिक समाज चितवन
२) एकता बचत कोष भरतपर
३) तराई शिक्षक कल्याण कोष (नारायणगढ, हाल निस्क्रिय अवस्थामा रहेको)
४) तराई सामुदायिक सेवा समिति, न्युरोड, नारायणगढ (आफ्नै तीन तल्ले भवन निर्माणाधीन)
५) तराई विद्यार्थी सम्पर्क मञ्च (रामपुर कृषि क्याम्पस)

**जातीय सेवा समाजहरूः**

१) कलवार सेवा समिति, नारायणगढ, चितवन
२) रौनियार सेवा समिति, नारायणगढ, चितवन
३) कानू समाज चितवन, नारायणगढ, चितवन
४) सुडी सेवा समाज, नारायणगढ, चितवन
५) चित्रगुप्ता पूजा समिति, भरतपुर, चितवन
६) गोपाल सेवा समिति, भरतपुर, चितवन
७) तराई मिलन केन्द्र रामपुर, चितवन

यसरी मधेसी समुदायहरू भरतपुरवासी हुँदै देशको शैक्षिक, व्यापारी सामाजिक क्षेत्रहरूमा उल्लेखीय कार्यहरू गर्दै सेवा पुऱ्याउँदै आइरहेका छन् । तर अधिकांश मधेसीहरू भरतपुर महानगरपालिका अस्पताल, कलेज, विद्यालय, प्राविधिक कार्यालय (टेलिकम, नापी), सडक विभाग, सिँचाइँ, टिसिएन वन, आयुर्वेदिक संस्थान, वाटेकप्रशासन तथा प्रहरी निकायहरूमा न्यून रहेको जानकारहरूको बुझाई छ । तसर्थ अवसर र चुनौतीसँग सङ्घर्ष गर्न सक्ने क्षमतावान मधेसीहरू भविष्यमा प्रशासन प्रहरी, कानुन आदि क्षेत्रमा देखा पर्छ आशा र विश्वास लिएका छौं । भरतपुर महानगरपालिकाको नारायणी नदी किनारमा गर्ने छठ पूजा र दसैंमा आलुमण्डीको दुर्गा पूजाको आकर्षण र शैलीमा मधेशी समुदायको धर्म, संस्कृतिप्रति रहेको लगाव प्रतिबद्धताले छर्लङ्ग गर्छ । हाल यी पूजामा स्थानीय पहाडी समुदायको उपस्थिति, सहभागिता सहयोग, सद्भाव सह्रानीय रहेको छ ।

**सन्दर्भ सामग्रीः**


१) चितवन जिल्ला पिछडा वर्गको स्थिति र पहिचान- २०६८, जि.वि.स. चितवन
२) मिथिलिाक ब्रतआ पावनी तिहार उर्वशी प्रकाशन, पटना, श्रीमती कल्पना झा
३) हाम्रो सिर्जना, डि.आर. पोखरेल
४) राष्ट्रिय समावेशी आयोगको परिपत्र


卐

समीक्षा

# 'बुलेट नम्बर पाँच' काव्यमा चेतनामूलक स्वर



प्रा. कपिल अज्ञात*

**प्राक्कथन**

प्रकाश चापागाईं (२०१७) सामाजिक जागरणका अभियन्ता र कलाधर्मी व्यक्तित्व हुन् । सिर्जनशील स्वभावका उनी कवि, काव्यकार र महाकाव्यकार पनि हुन् । उनले संयुक्त रूपमा काव्य-महाकाव्यको रचना गर्ने अनेक चुनौतीपूर्ण कार्य पनि गरेका छन् । सर्वप्रथम *बदला* (एकाङ्की नाटक-२०४०) को प्रकाशनबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका उनी आफ्ना कविता-काव्यका माध्यमबाट विशिष्ट कविको पहिचान बनाउन सफल देखिन्छन् । सर्वप्रथम पत्नीवियोगको पीडामा रचना गरेको उनको *आँखाभरि* (शोककाव्य-२०६७) ले वियोगजन्य मार्मिक भावना प्रकट गरेको छ । उनका फुटकर रचना पनि सामाजिक चेतना र जागृतिका भावले भरिएका हुन्छन् । यसैक्रममा सामाजिक जागरणकै उद्देश्यबाट प्रेरित रहेर *बुलेट नं. पाँच* कृति प्रकाशमा आएको देखिन्छ । विशेषतः शास्त्रीय छन्दमैं आफूलाई सक्रिय तुल्याइरहने चापागाईंको कवि व्यक्तित्वलाई गम्भीर रूपमा पर्यवेक्षण गरिनुपर्ने अवस्था सिर्जित भएको अनुभव गर्न सकिन्छ । उनका रचनाले उनमा गहन सिपसामर्थ्य निहित रहेको सङ्केत गर्छन् ।

बुलेटको पीडाबाटै काव्यको जन्म भएको तथ्य रचनाकारले आफ्नो भूमिकामैं व्यक्त गरेका छन् । आफ्नो हक, अधिकारका निम्ति २००७ सालदेखि जतिपटक बन्दुक पड्किए ती सबै निरर्थक रहे । सार्थक लडाइँ कहिल्यै लड्न सकिएन । यही चेतनाको स्वर बोध गराउनका निम्ति यो काव्यको रचना भएको देखिन्छ । रचनाकार जति साहसिक छन् उत्तिकै कलाधर्मी पनि छन् । यो काव्य त्यतिबेला रचिएको हो जुनबेला अभयको पूरा वातावरण थिएन । उनले जे-जस्तो बुझेर विचार प्रस्तुत गरे त्यही रूप समाजमा देखिँदै गयो । उनले जे-जस्ता प्रश्नहरू उठाएका छन् ती कति सटिक रहेछन् भन्ने देखिन्छन् । एकदेखि पाँच नम्बरसम्मका बुलेटहरू त खेर नै गए भन्ने उनको दृष्टिकोण छ । अहिलेसम्म न बुलेटले परिवर्तन भयो, न ब्यालेटले । विशेषगरी द्वन्द्व वा विद्रोहका नायकसँग उनले यो प्रश्न राख्दछन् । राजतन्त्रको जरै नराखी निमिट्यान्न परियो भन्ने उत्तर आउँछ तर त्यहीमात्रै समस्याको समाधान होइन । असमान सन्धि, साँध-सिमाना मिचिएको स्थिति, राष्ट्रियता बचाउनुपर्ने जस्ता अनेक ज्वलन्त समस्या छन्, ती सबैबाट मुक्त हुनुपर्छ । विद्रोहलाई बिचैमा रोकियो गन्तव्यसम्म पुऱ्याइएन, सिद्धान्तमैं घात भयो । कुनै रोजगार खुलेनन् । विदेशकै दास बनाउने काम भयो । सङ्क्षेपमा भन्दा अवस्थालाई दीनहीन तुल्याउने काम मात्र भयो भन्दै सारा सामन्ती प्रवृत्ति मेटिनुपर्छ भन्ने वैचारिक स्वर प्रस्तुत गरेका छन् ।

'व्यक्ति मरे पनि विचार मर्दैन' विचारबाटै सामाजिक रूपान्तरण गर्न सकिन्छ । विचार भनेकै आगो हो त्यसलाई सल्काउन सक्नु पर्छ । सल्किन जति गाह्रो भए पनि सल्केपछि फैलन्छ र विशाल ज्वालाको रूप लिन्छ । विशाल ज्वालाको रूपले परिवर्तन निश्चित हुनपुग्छ भन्ने कविको विश्वास रहेको छ । यस काव्यमा रचनाकारले चेतनाको स्वर के-कसरी उरालेका छन् त्यसका कारण के-कस्ता छन् ? त्यसका उद्बोधनहरूलाई शास्त्रीय छन्दमा

* अध्यक्ष - भैरव वाङमय प्रतिष्ठान ।

सशक्त ढङ्गले कसरी उनेका छन् ? त्यसै विषयलाई यसै कृतिमा मात्र केन्द्रित रही शोधखोज, विश्लेषण र विवेचना गर्ने प्रयास गरिने छ।

**शीर्षकीय सार्थकता**

'ब्यालेट'को विपरीत शब्द हो - 'बुलेट' । नेपालीमा ब्यालेटको अर्थ - मतपत्र र बुलेटको अर्थ - गोली हुन्छ । बुलेट अर्थात् गोलीशस्त्रको प्रहारात्मक साधन हो । कविका अनुसार प्रजातन्त्र प्राप्तिका निम्ति नेपाली क्रान्तिको इतिहासमा बुलेट भरिएको बन्दुक दुई हजार सात सालमा प्रथमपटक पड्कियो। त्यसपछि पञ्चायत विरुद्ध अठार सालमा पड्कियो। तेस्रो छत्तीस सालमा, चौथो छयालीस सालमा र पाँचौं जनयुद्ध घोषित भई बाउन्नमा आएर पड्कियो। यहाँ पड्किनुको अर्थ सशस्त्र युद्ध छेडिनु हो। त्यो पड्किएर त्यसको खास उद्देश्य वा प्रयोजन पूरा भएन। त्यही आशय वा अभिप्रायलाई सङ्केत गर्न कविले कृतिको शीर्षक नै *बुलेट नम्बर पाँच* राखेको बुझिन्छ। यसरी कृतिका आवरण पृष्ठको एक सारपूर्ण पद्यबाट शीर्षकको सार्थकता र क्रान्तिको उद्बोधनलाई स्पष्टसँग सङ्केत गरिएको छ।

**विषयप्रवेश**

धेरैजसो कृतिको भूमिका गद्यमा हुन्छ तर यहाँ भूमिका नै पद्यमा छ, त्यो पनि गुणस्तरीय कवितामा। पद्य कृतिका निम्ति पद्यमै भूमिका हुनु कठिन कार्य हो। स्रष्टा प्रतिभाशाली नभैकन पद्यको भूमिका सम्भव छैन। फेरि समालोचकीय चेत भएको व्यक्तिमात्र सही भूमिकाकार हुनसक्छ । भूमिकाकारको कवितात्मक भूमिकाभित्रका उत्कृष्ट अंशको एक नमुना :

*मान्छेको मन मार्नु हुन्न कलिला मर्छन् मुना आँकुरा*
*मान्छेका तन मर्किदा शिथिल छन् उत्साहका टाकुरा।*
*मान्छेका पन खोसिदा समयले उल्टो दिशा रोज्दछ*
*भङ्गाला भुमरी बनेर सपना पातालमा पुग्दछ॥* (पृ. ङ)

त्यस्तै सिर्जनाकारका समग्र काव्यका कथ्यात्मक कवितासारको एक नमुना :

*कोरा दर्शनका कथा अब नद्यौ निष्ठा र आचार द्यौ*
*साझा चिन्तन वर्तमान युगका सङ्कल्प आधार द्यौ।*
*मान्छेका इतिहासमा चमक द्यौ कालो अँध्यारो नद्यौ*
*छाया शीतल द्यौ सफा सडक द्यौ लाठो झटारो नद्यौ॥ (पृ. झ)*

प्रकृतिले प्रदान गरेका घाम, पानी, हावा, साझा हुन् । जसले एकलौटी रूपमा उपभोग गऱ्यो त्यस्तो कुप्रथालाई एकताको बलले जरैदेखि उखेलेर फाल्ने कविका अठोटको आशावादी स्वर यसरी मुखरित हुन्छ :

*सहन्न वस्ती कटु वज्रपात*
*खपिन्न तिम्रा अब दुष्टलात।*
*यो गाउँ बोकेर सबै उराल्छु*
*र गाउँका फोहोर झार फाल्छु॥* (*बुलेट नम्बर पाँच,* २०७० : पृ. ४)

प्रश्नै-प्रश्नले काव्यले गति लिएको छ । यो काव्यको नायक हो - सुन्दर । उसलाई बाल, युवा, वयस्क, वृद्ध सबैले देशको गहना सम्फेका छन् । फुसिल्कीराकै फुस फिक्न सक्ने उसको अठोटबाट सबै प्रभावित छन् । भोका, नाङ्गा, निमुखाको मनमा उसले केही गर्ला भन्ने आशा पलाएको छ । केहीले त शास्त्रीय ज्ञान, धर्म र परम्परा छोडेर यसले समाज भाँड्न लाग्यो, संस्कार बिथोल्न आँट्यो पनि भने । यो बाँच्नु हाम्रा लागि अभिशाप पनि हो भने, षड्यन्त्र गरेर उसलाई मार्नुपर्छ पनि भने । त्यसैका निम्ति इनामको पनि घोषणा गरे । अनेक षड्यन्त्रका जालहरू बुनिए आखिर काव्यका नायक सुन्दर मारिए । त्यो दारुण दृश्य सुन्दरका बाबुले प्रत्यक्ष बेहोर्नुपऱ्यो । सुन्दरको लास उनैले सद्गत गरे । सुन्दर त मरे तर उनको विचारको बीज बाबुहरूमा पनि सऱ्यो । त्यो दारुण दृश्यको चित्र कविले यसरी उतारेको देखिन्छ :

*यहाँ हावा रोयो सिरसिर गरी शीत लहर*
*यहाँ मान्छे रोए शिर तल फुकाई धरधर ।*
*यहाँ सारा रोए वन पशु चरा दुःखित बनी*
*यहाँ ती रोएनन् कपट मतिका दुस्मन खुनी ।। (बुलेट नम्बर पाँच,* तेस्रो सर्ग)

यसरी कविले सुन्दर नामक नायकलाई प्रस्तुत गरेर सामाजिक अन्याय, अत्याचार, दमन, शोषण र उत्पीडनका विरुद्ध विद्रोही स्वर मुखरित गर्न लगाई राज्य र गैरराज्य दुवैबिच द्वन्द्व भएको दर्साउँदै तेस्रो सर्गमा गएर सहादत प्राप्त गरेको देखाएका छन् । यसमा प्रमुख पात्रका रूपमा सुन्दर रहेका छन् । नायकका बा, आमा, भवानी भाइ डम्बर सहायक पात्रका रूपमा रहेका छन् । सामाजिक चेतनाको मियोको रूपमा रहेका सुन्दर, वीभत्स तरिकाले मारिनु, बाबु,आमा र भाइहरू शोकमा पर्नु, भाइ डम्बरले शोकलाई शक्तिमा बदल्न खोज्नु, बाबुले सजग वा होसियार गराउनु द्वन्द्वका कारण भएको राजनैतिक परिवर्तनपछि सर्वसाधारणमा परिवर्तनका परिणामको कुनै राम्रो सन्देश नदिएर सहिदकी आमा भवानीलाई बोलाई सम्मानका नाममा मजेत्रोजस्तो ओढाएर मन्त्रीहरू आफ्नै स्वार्थको मेलो सोझ्याउने स्थितिलाई भवानीले पर्दाफास गरिदिनु र अन्तमा कविले युद्धका नायकहरूसँग सामाजिक समस्याहरू दर्साउनु नै यस प्रबन्धात्मक कृतिको कथायोजना रहेको छ ।

यो निकै मार्मिक र चेतना जागृतिका निम्ति निकै महत्त्वपूर्ण रहेको छ । डम्बरले व्यक्त गरेको यस कविता पङ्क्तिले चेतना जागृतिलाई स्पष्ट पार्दछ, जस्तै :

*मैले रुँगेर पनि यो घर सप्रँदैन*
*बन्छौं असार तर मङ्सिर भित्रिदैन ।*
*छर्दै विचार अब हिँड्छु हुँदै मदानी*
*जोडेर चेतसित जागृतिका निसानी ।। (बुलेट नम्बर पाँच,* अ. ५, पृ. ३०)

नवचेतनाका निम्ति पितामाता, भाइबहिनी, बन्धु-वान्धव सर्वस्व त्यागेर पनि निमुखा जनता समेट्दै लाग्छु भन्ने अठोट गर्दा *पहरासित जुध्न सकिँदैन सहेरै बस* भनी बाबुले भन्दा पनि डम्बर पहरासित भिड्नै पर्ने सङ्कल्प गर्दछन् । बाबुले *सेना, हात-हतियार छैन कसरी लड्न सक्छौ त ?* भन्दा डम्बरले *सहस्र खोला तरेर पनि मुक्तिपथ हिँड्छु* भन्ने जवाफ दिएपछि बाबुले पनि सहमत हुँदै रोएर मर्नुभन्दा बन्दुक काँधमाथि राखी युद्ध गर्नु नै अन्तिम उपाय रहेको देख्छन् । यसरी पाँचौं सर्गमा निराशा र उदासीनताका बिच पनि आशाका किरण फल्काएर युद्ध अनिवार्य रहेको

बताइएको छ। यसरी पाँचौं सर्ग चेतना जागृतिका दृष्टिले निकै समृद्ध देखिन्छ।

भावना र विचारलाई कवितात्मक रूप दिई नाटकीकरण गरिएको यो सर्ग कविको काव्यभरिकै शक्तिशाली बुलेट बनेको छ। वैचारिक कोणबाट पनि यो काव्यको उत्कृष्ट प्रस्तुति हो। यहाँ बाबुछोरा दुवै कविका मुखपात्र बनेका छन्। जतिसुकै शोकसन्तप्त स्थिति आइपरे पनि बाबुमा आशावादी स्वर उर्लिएको छ, जस्तै :

*सर्वत्र मिल्छ किन मिल्न नसक्नु पानी*
*झुल्कन्छ एक दिन ता सुनको बिहानी ॥* (बुलेट नम्बर पाँच, पृ. २९)

त्यस्तै छोरा डम्बर मुर्दा समान रहन चाहँदैनन्। उनी शिक्षा-दीक्षाको अभावमा नै रोग, भोक बढेको देख्दछन्। त्यसैले चेतनाको बिउ छर्दै पहरासित पनि भिड्ने सङ्कल्प गर्छन्। पहरासित एक्लै भिड्नुको कुनै अर्थ छैन। त्यसैले उनी एकान्तमा जुटेर जनयुद्धको योजनामा प्रतिबद्ध भएर लाग्दछन्। युद्ध, उत्तेजना र आदेशमा होइन, हातहतियारको बलमा नै हुने गर्छ र त्यसको सही प्रयोगबाटै जित सम्भव छ भन्दै बाबुले छोरालाई सजग र सचेत गराई उत्साह र उत्प्रेरणा दिने काम गर्दछन्।

सातौँ सर्गको चौधौँ श्लोकमा कविको विचार स्पष्टसँग खुलेको छ। कवि पुरानो सामन्ती सत्तालाई पनि नकार्छन् तथा ढाँटेर झुक्याउने नयाँ सत्तामा आएका नेताहरूका दुष्प्रवृत्तिलाई पनि बेस्सरी फट्कार्छन्, जस्तै :

*राजा दैत्य झुसिल्किरो अब यहाँ चाहिन्न चाहिन्न जा*
*हाम्रा सुन्दर भावना र सपना चोरी निचोरी न आ।*
*नेता राक्षस उन्नति मुलुकका बिर्सी फट्याङ्ग्रा न खा*
*कौवाले अब देशमा मन परी गाना वसन्ती न गा ॥* (बुलेट नम्बर पाँच, पृ. ४३)

यसमा कवि प्रकाशको राजतन्त्रप्रतिको दृष्टिकोण स्पष्ट खुलेको छ। उनी राजतन्त्र फेरि फर्केर आओस् भन्ने चाहँदैनन् र नेताहरूको राक्षसी प्रवृत्तिप्रति पनि कडा विरोध जनाएका छन्।

आठौँ सर्गमा डम्बरकी पत्नी भवानी रणचण्डीझैं बनेकी छन्। उनमा विद्रोहको ज्वाला दन्किएको छ। उनी धूर्तको राज्य समाप्त पार्न खोज्छिन्, सबैलाई जाग्न आह्वान गर्छिन्। नारी दयाकी पात्र होइनन् अरूकै निगाहमा बाँच्नुपर्ने। उनले आफ्नो हक-अधिकारका निम्ति आफै लड्नुपर्छ भन्ने उद्घोष गर्छिन्। उनको त्यो विद्रोही व्यवहारले पनि चेतना जागृत गर्ने काम गरेको देखिन्छ। अतिशय दमन चल्न थालेपछि विद्रोहको ज्वाला रन्किन्छ। मञ्चमा भद्रगोल हुन थालेपछि सुरक्षाकर्मीले गोली चलाउँछन्। त्यही गोली लागेर राजेश्वरी पन्त ढल्दछिन्। परिस्थिति तनावपूर्ण हुँदै जान्छ। त्यत्तिबेलै जनलहर उर्लिन्छ र आगोमा घिउ थपिएझैं दन्किन पुग्छ।

न्यायको खोजी गर्दै अन्याय, अत्याचारको विरुद्ध लड्ने सपूतहरूको शरीर ढले पनि विचार समाप्त हुँदैन। विचारमा अग्नि छ भने त्यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सल्किँदै जान्छ। व्यक्तिबाट परिवार र गाउँ हुँदै समाज नै जुर्मुराएर जाग्दछ र क्रान्तिको पृष्ठभूमि बन्दछ भन्ने कविको प्रगतिवादी चिन्तन र विचारको स्वर यस काव्यमा स्पष्टसँग मुखरित भएको छ। पौराणिक मिथकको प्रयोग गरेर पनि कविले कथ्यलाई प्रभावोत्पादक तुल्याएका छन्। यहाँ कविले धोका, भ्रम र छलहरूलाई चिन्तन र विचारको शक्तिशाली हतियारले उधिनेर राखेका छन्। परिवर्तनको नाममा देखापरेका सामयिक राज्यसत्तामाथि गम्भीर प्रश्नहरू उब्जाएका छन्। सामयिक यथार्थतालाई काव्यमा बेस्सरी उधिनी आडम्बरका विरुद्ध विश्लेषणात्मक चेत निकै तीव्र र प्रखर देखापर्छ। यस काव्यिक प्रस्तुतिले

कविलाई प्रगतिशीलताको अग्रपङ्क्तिमा उभ्याएको बोध हुन्छ । कवि श्यामलका दृष्टिमा पनि कवि प्रकाश साहसिक र कलाधर्मी रहेका छन् ।

विगतको सङ्घर्षबाट सत्ता परिवर्तन भए पनि त्यो उद्देश्यमूलक बन्न नसकेको, निहित स्वार्थ र बदनियतपूर्ण रहेकोमा तिनप्रति कटु आक्षेप र भूलहरूप्रति सजग गराउँदै मान्छे चिन्ने असल तरिका काम नै हो भन्ने निम्नलिखित पङ्क्तिले दर्शाएका छन् :

*मान्छे चिन्न असल तरिका कामबाटै रहेछ,*
*मार्‍यौं भोग्यौं सुझनबुझमैं पर्न उल्टो गएछ ॥* (*बुलेट नम्बर पाँच*, पृ. ५७, नवौं सर्ग)

अन्तिम सर्गमा कविले विचारले नै देश बन्छ भन्ने युद्धका नायकसमक्ष आफ्ना जिज्ञासाजन्य भावनाका तरङ्गहरू राखेका छन् । वर्ग विशेषका कुरा त्यागी जातजातिका जरा फैलाउने प्रवृत्तिले सिद्धान्तमैं घात भएको तथ्य दर्साउँदै उनले सामन्तका शासन ढाल्नु पर्ने र छाडा संस्कृति फाल्नु पर्ने विचार प्रकट गरेका छन् । त्यस्तै आगामी दिनमा मुलुकको कल्याण होस् भन्ने कामनासमेत गरेका छन् ।

कला कलाका लागि मात्र होइन, त्यो जीवनका लागि हुनुपर्छ अर्थात् कविता स्वाद, आनन्द वा मनोरञ्जनका लागि मात्र होइन, त्यो चेतनामुखी, निर्माणमुखी र जीवनोन्मुखी हुनुपर्छ भन्ने उत्प्रेरणा र उत्साहले यो खण्डकाव्य रचिएको छ । परम्परामा कवि प्रकाशको स्थान कहाँ छ ? त्यो लामै शोधखोज र मूल्याङ्कनबाट खुट्टिने तथ्य हो । प्रकाशको उत्कृष्ट काव्य संरचना भावना र विचारको सुन्दर समन्वयले शास्त्रीय छन्दपरम्परामा भानुभक्तपछि लेखनाथमा आई आधुनिक र घिमिरेमा आई उच्चता हासिल गरेकोमा प्रकाशको काव्यले नवीन मोड लिएको देखिन्छ । कवि प्रकाशका काव्यिक विशेषता भनेका कलामा विचारको बिउ रोपेर सामाजिक रूपान्तरणका निम्ति कविताको अधिकतम उपयोग गर्नु हो र छन्दका कवितामा पनि नवीन विचारका जरा फैलाउन सकिन्छ भन्नु हो ।

आम रूपमा विकृति-विसङ्गति सबैले देखेका छन् । स्वयम् रचनाकार भूमिकाकार समीक्षक पनि भोक्ता छन् । जो समाजप्रति सजग र सचेत छ उसप्रति चिन्तित हुनु स्वाभाविक छ । *रचनाकारले समाजमा सत्तासीनका फुट, फुट, भँडुवा सत्तामुखी वैभव जब देख्छन् तब उनमा चेतनाका बिऊ रोपिन्छन्, त्यो अङ्कुरित हुँदै काव्यको रूप लिएर झ्याङ्गिन पुग्छ । जीवनमा आइपरेका घटनाबाटै मानिस आहत बन्छ, त्यही आहतबाटै विचारको सूत्र बन्छ* भन्ने रचनाकारको दृष्टि रहेको छ । यही विचारको दृष्टि 'डम्बर' नामक पात्रबाट बोल्न लगाइएको छ । आघात परेपछि मानिस पीडित हुन्छ । पीडित भएपछि रुन्छ, चिच्याउँछ, कराउँछ, आफ्ना अनेक प्रतिक्रियाहरू जनाउन थाल्दछ । ऊ बिस्तारै हीनता र उदासीनतातिर पनि जान सक्छ, त्यो समस्याको समाधान होइन ।

समस्याको समाधानको विचार डम्बरको मुखबाट रचनाकारले यसरी व्यक्त गराएका छन् :

*मान्छेको मन मार्नु हुन्न कलिला मर्छन् मुना आँकुरा*
*मान्छेका तन मर्किदा शिथिल छन् उत्साहका टाकुरा ।*
*मान्छेका पन खोसिदा समयले उल्टो दिशा रोज्दछ*
*भञ्जाला भुमरी बनेर सपना पातालमा पुग्दछ ॥* (पृ. ङ)

त्यस्तै सिर्जनाकारका समग्र काव्यका कथ्यात्मक कवितासारको एक नमुना :

*कोरा दर्शनका कथा अब नद्यौ निष्ठा र आचार द्यौ*

*साझा चिन्तन वर्तमान युगका सङ्कल्प आधार द्यौ ।*
*मान्छेका इतिहासमा चमक द्यौ कालो अँध्यारो नद्यौ*
*छाया शीतल द्यौ सफा सडक द्यौ लाठो झटारो नद्यौ ॥ (पृ. झ)*

प्रकृतिले प्रदान गरेका घाम, पानी, हावा, साझा हुन् । जसले एकलौटी रूपमा उपभोग गऱ्यो त्यस्तो कुप्रथालाई एकताको बलले जरैदेखि उखेलेर फाल्ने कविका अठोटको आशावादी स्वर यसरी मुखरित हुन्छ :

*रोई महाकाल खुसी हुँदैन*
*हाँसी यही काल दुःखी हुँदैन ।*
*सन्ध्या बिहानी अविराम चल्छ*
*गन्तव्य आफ्नो सहजै छिचोल्छ ॥ (बुलेट नम्बर पाँच,* पृ. २७)


**निष्कर्ष**

प्रकाश चापागाईंद्वारा रचित *बुलेट नं. पाँच* (२०७०) सामयिक परिस्थितिको द्वन्द्वकालीन विषयलाई लिएर लेखिएको चेतनामूलक खण्डकाव्य हो । भावना र विचारको सुन्दर समन्वय भएको यस काव्यमा काव्यचेतना र ऐतिहासिक चेतना तीव्र देखिन्छ । यसमा काव्यिक तत्त्वको सुन्दर संयोजन हुनुका साथै काव्याङ्गको पनि पूर्ण पालना भएको छ । सर्गको प्रारम्भमा प्रारम्भिक श्लोक जुन छन्दमा छ त्यही छन्द सर्गान्तमा प्रयोग गरी छन्दान्तरको योजनालाई सफलतापूर्वक निर्वाह गर्दै कथ्यलाई बाँधिएको छ । वीररस र कारुण रसको परिपाक भएको यस काव्यमा व्यक्ति मरे पनि विचार मर्दैन, क्रान्ति वा परिवर्तन अवश्यम्भावी छ भन्ने आशावादी स्वरलाई तीव्र पारिएको छ । कथन र कथनपद्धतिको तारतम्य पनि सुन्दर ढङ्गबाट निर्मित भएको छ । सामयिक समाजका राजनैतिक प्रश्नहरू उठाएर सामाजिक रूपान्तरणको तीव्र आह्वान गरिएको छ । पर्याप्त परिष्कार र निखारयुक्त आख्यानमय प्रवाह रहेको यो चतेनामूलक काव्य प्रगतिशीलताको उच्च नमुनाका रूपमा देखापर्छ ।

खण्डकाव्य प्रबन्धात्मक रचना हो । यो अनुभूतिको लघुरूपभन्दा माथिल्लो बृहत् रूपभन्दा तल्लो काव्यको मझौलो स्वरूप हो । अनुभूतिले लामो यात्रा कथानकविना तय गर्न सक्दैन । हुन त कथानकबिनाका लामो यात्रा तय गरिएका काव्यहरू पनि निस्किएका छन् तिनलाई पनि खण्डकाव्यको समकक्षी काव्यको रूपमा लिन सकिन्छ । महाकाव्यमा आठ सर्गभन्दा बढी सर्ग हुनुपर्छ भनिन्छ तर यस काव्यमा दस सर्ग रहेका छन् । यी सर्ग लघुरूपमा भएका कारण खण्डकाव्य भनियो । यदि यिनै सर्ग बृहत् रूपमा भएका भए महाकाव्य पनि भन्न सकिने स्थिति हुन्थ्यो कि ! जे होस्, यो पूर्ण खण्डकाव्य हो । चितवनमा खण्डकाव्यको चर्चा गर्दा राजकृष्ण कँडेलको *द्रौपदीको पश्चात्ताप* (पौराणिक खण्डकाव्य-२०५९), पोषराज पौडेलको *आदर्श कोकिल* (युद्ध खण्डकाव्य-२०६५), केशवराज आमोदीको *कर्मभूमि* (ऐतिहासिक खण्डकाव्य-२०६०), गोविन्दराज विनोदीको *शूर्पणखा* (नारीवादी प्रणय पौराणिक खण्डकाव्य-२०७१) उत्कृष्ट खण्डकाव्यका हारमा देखिन्छन् । यिनै शक्तिशाली स्रष्टाका उत्कृष्ट खण्डकाव्यहरूका पङ्क्तिमा कवि प्रकाशको *बुलेट नम्बर पाँच* (चेतनामूलक खण्डकाव्य-२०७०) ले उच्च प्रभाव छोडेको पाइन्छ । कृतिमा निहित ब्यालेट र बुलेटबाट प्राप्त अर्थ र आशयको प्रयोगबाट शीर्षक सार्थकता स्वतः पुष्टि हुन्छ । यी सबै केन्द्रीय मानक खण्डकाव्यको रूपमा विवेच्य छन् ।

चिनारी

# चितवनको झुवानी गाउँः एक महत्त्वपूर्ण ऐतिहासिक स्थल



प्रा.डा. कर्णबहादुर बानियाँ*

**विषय प्रवेश**

चितवनमा अनेकौं महत्त्वपूर्ण स्थानहरू छन् । ती ठाउँहरूको आ-आफ्नै किसिमको विशेषता छ । कुनै स्थान ऐतिहासिक दृष्टिले, कुनै प्राकृतिक दृष्टिले त कुनै ठाउँ धार्मिक दृष्टिले महत्त्वपूर्ण छन् । त्यस्ता महत्त्वपूर्ण स्थलहरूमध्ये पूर्वी चितवनमा अवस्थित झुवानी गाउँ पनि एक हो जसको ऐतिहासिक महत्त्व छ । त्यही ऐतिहासिक महत्त्वको झुवानी गाउँको बारेमा चर्चा गर्नु यस आलेखको उद्देश्य रहेको छ ।

**अवस्थिति**

वर्तमान नेपालको प्रशासनिक विभाजनअनुसार बागमती प्रदेशको चितवन जिल्लामा सात वटा स्थानीय तह छन् । ती स्थानीय तहमध्ये रत्ननगर नगरपालिका पनि एक हो जसको पाँच नम्बर वडामा झुवानी गाउँ छ । यस गाउँको पूर्वमा टरौली, पश्चिममा जनकौली र दोरङ्गी, उत्तरमा फत्सेरी र दक्षिणमा हर्नरी, वरिया र ढुङ्ग्रेखोला छन् । यो ठाउँ रत्ननगर नगरपालिकाको टाँडी चोकबाट पाँच किलोमिटर दक्षिणमा पर्दछ ।

**नामकरण**

कुनै पनि गाउँ, ठाउँ, नदी वा पहाडको नाम त्यो क्षेत्रमा बस्ने जातिले बोल्ने भाषाको आधारमा रहन गएको हुन्छ । कुनै स्थानको नामकरण कसरी हुन्छ भन्ने सन्दर्भमा स्थाननाम कोशमा *'जनताजनार्दन नै स्थाननामको स्रष्टा हो । त्यसैले स्थाननाम हाम्रो भाषिक तथा सांस्कृतिक निधि हो । वास्तवमा भन्ने हो भने जुनसुकै नाम पनि कुनै न कुनै जातजातिको रचनात्मक सिर्जनाको परिचायक हो'* भन्ने कुरा लेखिएको छ (श्रेष्ठ (सम्पा.), २०४४, पृ.ग) ।

चितवनको मैदानी इलाकामा सर्वप्रथम थारू जातिका मानिसहरूले बसोबास गर्न थालेका थिए । त्यसकारण यस क्षेत्रका अधिकांश गाउँठाउँको नाम उनीहरूकै भाषाबाट राखिएको पाइन्छ । चितवनका चनौली, मधुवनी, दद्रहनी, बसहट्टा, मेघौली, रातापुर, जबका ढेबुली, ढेवरी, रोप्सी, सेमरहना, चितही, पर्साढाप, वनकटवा, चैनपुर, वजियाटार, गर्दी, धूरवा, बरवा, पर्सा, चिरौली, जौनपुर, लोगाई, यमरौली, सिधवा, पौरही, बघौडा, बसन्तपुर, रवली, धोवाहा, सिमरा, पिपरिया, रन्डोही, विरञ्ची, सिम्रहनी, यामाबास, कुन्हिया, पटलहरा, पटिहानी, घडगाई, धनौजी, पकौडी, वनकटवा, बरौजी, पुल्लर, हरैया, वनगाई, लगौटी, सिमरी, सिमरा, सिस्वार, कोइलहवा, सिसइ, भगडी, साझापुर, जितपुर, भङ्गडा, तेलौली, चित्रसारी, झुवानी, कठार आदि नाम थारू भाषाबाट राखिएका हुन् भन्ने विद्वान्हरूको भनाइ छ (घिमिरे, २०६४, पृ.९) । स्थाननामको भाषिक व्याख्या कसरी गर्ने भन्ने विषयमा स्थाननामकोशमा यस्तो लेखिएको छ-

> *"नेपालका स्थाननामहरूको स्रोतलाई दुई भागमा विभाजित गर्न सकिन्छ । देशको उत्तरी*

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

*भेकतिर तिब्बती-बर्मेली भाषा परिवारसँग सम्बद्ध स्थाननामहरू पाइन्छन् भने दक्षिणी भेकतिर चाहीँ भारोपेली भाषा परिवारसित सम्बद्ध स्थाननामहरूको प्राचुर्य छ । पहिलो वर्गका स्थाननामहरू किराँती (राई, लिम्बू), मगर, गुरुङ, तामाङ, तिब्बती (शेर्पा, भोटे, सौका), थकाली, नेवारी आदि भाषाहरूमा छन् भने दोस्रो वर्गका स्थाननामहरूको मुहान नेपाली (खस), मैथिली, भोजपुरी, थारू, अवधी, हिन्दी, अरबी र संस्कृत भाषाहरू हुन् । प्रथम वर्गमा पर्ने स्थाननामहरूको अन्तमा 'लङ (लुङ)', 'जोङ (जुङ)', 'ला', 'लग्ना', 'दी', 'खु', आदि प्रत्यय रहन्छन् । मोटामोटी रूपमा 'ङ' कारमा अन्त हुने सबै स्थाननामहरू यसै वर्गभित्र पर्दछन् । दोस्रो वर्गका स्थाननामहरूको अन्त्यमा 'टार', 'बेँसी', 'चौर', 'गढी', 'कोट', 'गञ्ज', 'पुर', 'बजार', 'गाउँ', आदि आउँदछन्"* (श्रेष्ठ (सम्पा.), २०४४, पृ.घ) ।

झुवानीको पछाडि 'गाउँ' आएको छ । त्यसकारण पनि यो शब्द भारोपेली परिवारको हो भन्ने कुरा स्पष्ट हुन्छ । साथै यो क्षेत्रका आदिवासी थारू जाति भएको हुनाले उनीहरूकै भाषाबाट यो नाम रहन गएको हो भन्ने कुरामा शङ्का गर्ने ठाउँ देखिन्न । अब रह्यो कुरा झुवानी शब्दको अर्थ के होला त भन्ने । यो ठाउँको पुरानो नाम 'झौवा गाहनी' हो । थारू भाषामा 'झौवा' भनेको 'काउसो' हो भने 'गाहनी' भनेको 'धेरै' हो । यो ठाउँका धेरैजसो रूख-विरुवामा काउसोको लहरा झाङ्गिएको हुनाले जग्गा आवाद गर्न जङ्गल फाँड्नु पर्दा, सिकार खेल्न जाँदा, घाँस-दाउरा लिन जाँदा र पानी भर्न जाँदासमेत काउसोको झुस जिउमा परेर औधी चिलाउँथ्यो । त्यसकारण यस ठाउँलाई 'झौवा गाहनी' अर्थात् 'अतिधेरै काउसो भएको ठाउँ' भनेर नाम राखिएको थियो भन्ने भनाइ छ (प्रधान र अरू (सम्पा.), २०७१, पृ.१२) । नेपाली बृहत् शब्दकोशमा 'काउसो' भनेको 'निलो फूल फुल्ने, खैरो रङको, टुप्पो घुमेको, सिमीको जस्तो कोसा लाग्ने र कोसामा विषालु सेतो झुस हुने, सो झुस शरीरमा लाग्दा साह्रै चिलाउने लहरो' हो भनिएको छ (पोखरेल र अरू (सम्पा.), २०४०, पृ.२२०) । यो ठाउँमा पहिले थारू जातिको मात्र बसोबास भएकोमा यहाँको उब्जाउशील जमिन देखेर विस्तारै अरू जातिका मानिसहरू पनि बसाइ सरेर आउन थाले । त्यसपछि तिनीहरूले यो ठाउँको नाम पनि आफ्नो जनजिब्रोअनुसार बोल्न थाले । त्यसपछि विस्तारै 'झौवा' शब्दलाई 'झुवा' भन्न थालियो भने 'गाहनी' शब्दको 'गाह' लोप भएर 'नी' मात्र रहन गयो । यसरी 'झौवा गाहनी' शब्द 'झुवानी' मा परिणत भएको हो भनिन्छ (प्रधान र अरू (सम्पा.), २०७१, पृ.३१) ।

### ऐतिहासिक महत्त्व

चितवनको झुवानी गाउँ अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक स्थल हो । यो क्षेत्रको अध्ययन बिना चितवनको समग्र इतिहास थाहा पाउन सकिन्न । त्यसकारण यस गाउँको ऐतिहासिक महत्त्वको बारेमा चर्चा गर्नु अत्यन्त सान्दर्भिक देखिन्छ ।

### ऐतिहासिक पृष्ठभूमि

जुनसुकै विषयमा पनि पूर्ण जानकारी पाउनका लागि त्यसको ऐतिहासिक पृष्ठभूमि थाहा पाउन आवश्यक पर्दछ । अतः झुवानी गाउँ चितवन इलाकाको सदरमुकामको रूपमा स्थापित हुनुभन्दा पहिले के कस्तो रूपमा थियो भन्ने कुरा थाहा पाउन सकेमा यो क्षेत्रको समग्र इतिहासको बारेमा ज्ञान हुन सक्दछ । त्यसकारण वि.सं. १९९२ मा यो गाउँमा हिउँदे सदरमुकाम राख्नुभन्दा पहिले यो क्षेत्र के कस्तो रूपमा चिनिन्थ्यो भन्ने बारेमा यहाँ चर्चा गरिन्छ ।

झुवानी गाउँको नजिकमा पर्ने चित्रसारी भन्ने ठाउँमा रहेको सुनकेसी माईको मन्दिरमा रहेका चित्रसेनका चार दाजुभाइको सम्झनामा हालसम्म पनि थारू जातिले पूजा-आराधना गर्ने गरेको पाइन्छ ।

त्यसबाट प्रागैतिहासिककालमा यहाँ थारू समुदायका मानिसको राज्य थियो भन्ने कुरा थाहा हुन्छ भन्ने विद्वान्‌हरूको तर्क छ (कँडेल, २०६५, पृ.११)।

बलियो शासकले कमजोर शासकलाई आफ्नो प्रभावमा राख्ने क्रम सुरु भएपछि प्रागैतिहासिककालमा केही समय यो क्षेत्र विदेह राज्यअन्तर्गत रहेको देखिन्छ। किनकि मिथिला राज्यको नामले परिचित विदेह राज्यको पश्चिमी सीमा गण्डकीसम्म फैलिएको थियो भन्ने भनाइ छ (पाण्डे र रेग्मी, २०५४, पृ.५४)। विदेह राज्यको अस्तित्त्व समाप्त भएपछि मिथिला (तिरभुक्ति) क्षेत्रमा वृजीहरूले आफ्नो प्रभाव जमाएको देखिनाले त्यतिखेर चितवन पनि वृजी राज्यको अधीनमा रहेको देखिन्छ। वैशालीमा राजधानी रहेको वृजी राज्यको अस्तित्त्व समाप्त भएपछि सो राज्यका शासक लिच्छवीहरू उत्तरतिर लागेर किराँत शासकहरूलाई परास्त गरी नेपाल मण्डलमा आफ्नो शासन स्थापना गरेका थिए भन्ने भनाइ छ (शर्मा, २०३३, पृ.८०)।

लिच्छवीहरू काठमाडौँ उपत्यकामा प्रवेश गरेपछि पनि वर्तमान चितवन क्षेत्र उनीहरूकै प्रभावमा रहेको देखिन्छ तर चितवन प्राचीनकालमा लिच्छवी शासनअन्तर्गत थियो भनेर ठोकुवा गरेर भन्न सक्ने आधार भने केही पनि छैन किनकि यस क्षेत्रमा लिच्छवीकालीन कुनै अभिलेख पाइएको छैन।

मध्यकालको पूर्वार्द्धमा वर्तमान नेपालको पश्चिमी क्षेत्रमा खस राज्य, काठमाडौं उपत्यकामा नेपालमण्डल र दक्षिण-पूर्वी तराईमा तिरहुत नामक राज्य थिए। त्यतिखेर खस राज्यको प्रभाव त्रिशूली नदीदेखि पश्चिमसम्म मात्र देखिन्छ भने त्यसभन्दा पूर्व तिरहुत राज्यको प्रभाव भएको पाइन्छ (रेग्मी, २०७४, पृ.२२-२४)। तिरहुत राज्यका संस्थापक नान्यदेवले विदेह राज्यको सम्पूर्ण भूभाग कब्जा गरी वाराको सिमरौनगढमा राजधानी बनाएको हुनाले चितवन क्षेत्र पनि सो राज्यको प्रभावमा थियो भन्ने कुरा ज्ञात हुन्छ।

मध्यकालको उत्तरार्द्धमा खस राज्य, नेपाल मण्डल र तिरहुत राज्य विखण्डन भएपछि कर्णाली क्षेत्रमा बाइसी र गण्डकी क्षेत्रमा चौबिसी राज्यहरू स्थापना भए। त्यतिखेर स्थापना भएको पाल्पा राज्यका राजा मणि मुकुन्द सेनको राज्यको सिमाना पूर्वमा बराह क्षेत्र, पश्चिममा रुरु क्षेत्र, उत्तरमा मुक्ति क्षेत्र र दक्षिणमा हरिहर क्षेत्रसम्म फैलिएको थियो भन्ने भनाइ छ (घिमिरे, २०४५, पृ.३७-४० )। त्यसकारण नारायणी नदीको पूर्वमा रहेको चितवन क्षेत्र पनि पाल्पा राज्यको अधीनमा रहेको देखिन्छ। मुकुन्द सेन प्रथमको निधनपछि पाल्पा राज्य टुक्रियो र चितवनसहितको तनहुँ राज्य भृङ्गी सेनको भागमा परेको थियो। तनहुँका राजाहरूले चितवनका कविलास, देवघाट, बाँदरकोना र सोमेश्वरगढीलाई आफ्नो शीतकालीन मुकाम नै बनाउने गरेका हुनाले चितवन तनहुँका राजाहरूको अधीनमा थियो भन्ने कुराको पुष्टि हुन्छ। नेपालको एकीकरणको सिलसिलामा वि.सं. १८३४ मा चितवन नेपालमा गाभिएको थियो (अधिकारी, २०५५, पृ.६१-१०१)।

नेपालको एकीकरणपश्चात् प्रशासन सञ्चालनको सुविधाका दृष्टिले मुलुकलाई विभिन्न जिल्लामा विभाजन गरिएको थियो। त्यतिखेर मध्यकालदेखिका राज्यहरूलाई नै जिल्ला कायम गरेर प्रशासन सञ्चालन गरिएको थियो। जङ्गबहादुर राणाको पालामा तयार गरिएको एक अभिलेखमा नेपालभर ६९ जिल्ला भएको उल्लेख छ जसमा चितवन (मर्ज्यादापुर) लाई पनि एक जिल्ला मानिएको छ (अधिकारी, १९८४, पृ.२१०(२११)। 'मर्ज्यादापुर' जिल्लाको पूर्वी भूभागलाई चितौन प्रगन्ना, गीतानगरदेखि राप्तीकिनारसम्मको क्षेत्रलाई बेलौद प्रगन्ना, भरतपुर, बसेनी, नारायणगढ, लङ्कु र मङ्गलपुर क्षेत्रलाई संजौर प्रगन्ना तथा मङ्गलपुरदेखि मेघौलीसम्मको गहिरो भागलाई गहिरवाड प्रगन्ना भनिन्थ्यो भन्ने विद्वानहरूको भनाइ छ (कँडेल, २०६५, पृ.१८-२५)। त्यतिखेर भुवानी गाउँ चितौन

प्रगन्नामा पर्दथ्यो ।

वीर शमशेरको समयमा वि.सं. १९५२ मा पहाडलाई २३ तहसिल र तराईलाई १२ जिल्ला गरी ३५ जिल्लामा विभाजन गरिएको थियो । त्यसमध्ये तराईलाई पूर्वी मधेश, भित्री मधेश र पश्चिमी मधेश भनी छुट्टाइएको थियो (वैद्य र मानन्धर, २०५३, पृ.१८५-१८६) । भित्री मधेशमा रहेका तीन जिल्ला उदयपुर, चिसापानी र दाङदेउखुरीमध्ये चितवन चिसापानी जिल्लाअन्तर्गत पर्दथ्यो । चिसापानी जिल्लालाई चिसापानीगढी, चितवन र नवलपुर गरी तीन इलाकामा विभाजन गरिएको थियो । त्यतिखेर चितवन इलाकामा सोह्रहजार चितवन, खास चितवन, बेलौद, टाँडी, कालाबञ्जार र माडी गरी छवटा प्रगन्ना थिए (नेपालको नक्सा, २०१५) ।

एकीकरणपछि नेपालका विभिन्न भूभागबाट राजश्व असुल गर्न सजिलो होस् भनी सुरुमा अमाली प्रथा लागू गरिएको थियो । त्यसबेला रैती बसेका क्षेत्रलाई पहाडमा थुम तथा तराईमा प्रगन्ना भनी छुट्टाइएको थियो । वि.सं. १९५९ मा अमाली प्रथा खारेज गरी तालुदारी प्रथा लागू गरियो । त्यसपछि थुम र प्रगन्नलाई मौजामा विभाजन गरिएको थियो । साथै हरेक मौजामा जिम्मावाल, मुखिया वा चौधरी नियुक्त गरिएको थियो । वि.सं. १९७९ सालको एक विवरणअनुसार पूर्वी चितवनमा १४४, मध्य चितवनमा ६४ र राप्तीपारि २४ गरी चितवन इलाकाभर २३२ मौजाहरू थिए । पूर्वी चितवनका विभिन्न मौजामध्ये भ्नुवानी पनि एउटा थियो (थापा, २०५०, पृ.१८४-१८५) ।

**सिकार स्थलको रूपमा**

मानवले सृष्टिको सुरुवातदेखि नै पशु तथा पक्षीको सिकार गरेर आफ्नो छाक टार्ने गरेको देखिन्छ । आधुनिक युगमा जब टाढाटाढासम्म मार हान्न सक्ने विभिन्न किसिमका हातहतियारहरूको आविष्कार भयो त्यसपछि उसले अनेक प्रकारका जीव-जन्तुहरू सखाप पारेर लोपोन्मुख अवस्थामा पुऱ्याउने गरी सिकार खेल्न थालेको पाइन्छ । यस सिलसिलामा विभिन्न प्रजातिका जीव-जन्तु भएको चितवनमा पनि उन्नाइसौँ शताब्दीको उत्तरार्द्धदेखि बिसौँ शताब्दीको उत्तरार्द्धसम्म विदेशी पाहुनालाई समेत बोलाएर सिकार खेल्ने गरेको पाइन्छ । यसको सुरुवात प्रधानमन्त्री जङ्गबहादुर कुँवरले वि.सं. १९०८ (सन् १८५१) मा काठमाडौं स्थित ब्रिटिस रेसिडेन्टका सर्जन एच. एमब्रोज ओल्डफिल्डलाई राप्ती उपत्यकाको जङ्गलमा सिकार खेल्न जाँदा आफ्नो साथमा लगेर गरेका थिए (ओल्डफिल्ड, १९८१, पृ.२०१-२३७) । त्यसपछि इङ्गल्याण्डका राजा जर्ज पञ्चम, एडवर्ड एट्थ, प्रिन्स अफ वेल्स, लिनलिथगो आदि विदेशी पाहुनाले चितवनको जङ्गलमा सिकार खेलेका थिए । चितवनको जङ्गल खास गरेर गैंडा र बाघको सिकार खेल्नका लागि प्रसिद्ध मानिन्थ्यो । किनकि यहाँ समथर इलाका र घना जङ्गल भएको हुनाले ती जनावर प्रशस्त मात्रामा पाइन्थे । गैंडा र बाघको सिकार खेल्नका लागि हात्तीद्वारा गस्ती गर्नु पर्दथ्यो । त्यसको लागि चौघडा, चकरिमकरी, हेटौंडा, रमौली, प्रतापपुर, कठार, भ्नुवानी-बाघमारा, घटगाई, कसरा, नारायणगढ, सिकारवास (माडी) र बगही भन्ने ठाउँमा वन जाँच चौकी स्थापना गरिएका थिए । ती चौकीहरूको मुख्य केन्द्र पटिहानीमा थियो (शर्मा र मल्ल, २०६०, पृ.६-७) । एक प्रतिवेदनमा उल्लेख भए अनुसार चितवनको जङ्गलमा सिकार खेल्दा वि.सं.१९६८ (सन् १९११) मा बेलायतका राजा जर्ज पञ्चमले ३९ वटा बाघ र ३८ वटा गैंडा मारेका थिए भने वि.सं.१९९५ (सन् १९३८) मा इस्ट इण्डिया कम्पनीका गभर्नर लिनलिथगोले १२० वटा बाघ र ३८ वटा गैंडा मारेका थिए (पोखरेल (सम्पा.), २०५९, पृ.४१-४२) । यसरी स्वदेशी उच्च पदस्थ भारदार र विदेशी उच्च स्तरीय पाहुनाहरूले बेलाबखतमा वेपर्वाह जङ्गली जनावर मार्दा कतिपय जनावरको त विउ नै मासिन थालेको थियो । वन जङ्गल तथा वन्य

जन्तुको विनासले पर्यावरणमा असर परेको महसुस गरी वि.सं. २०२९ सालमा राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन २०२९ जारी गरियो (नेपाल राजपत्र, २, २२/५५, २०२९) । त्यसपछि बेला बखतमा विभिन्न किसिमका ऐन तथा नियमहरू जारी गरी वन जङ्गल र वन्य जन्तुको संरक्षण गर्न थालिएपछि वन विनास हुन एवम् वन्य जन्तु लोपहुनबाट बचेका छन् ।

**सदरमुकामको रूपमा**

चितवन क्षेत्र नेपालमा गाभिएपछि यस क्षेत्रको सुरक्षाका लागि रामकृष्ण कुवँरलाई खटाइएको थियो । उनको नेतृत्वको फौजले उपरदाङगढीमा बसेर यस क्षेत्रको प्रशासन चलाउँथ्यो (अधिकारी, २०५५, पृ.६२) । त्यसबेलादेखि नै उपरदाङगढी यस क्षेत्रको सदरमुकाम जस्तै बनेको थियो । वि.सं. १९५२ मा नेपाललाई ३५ जिल्लामा विभाजन गर्दा चितवन चिसापानी जिल्ला अन्तर्गत पर्दथ्यो । किनकि चिसापानी जिल्लालाई चिसापानीगढी, चितवन र नवलपुर गरी तीन इलाकामा विभाजन गरिएको थियो ।

चितवन सिकार खेल्नको लागि उपयुक्त स्थल हुनाले वि.सं. १९९२ मा चितवन इलाकालाई चिसापानीगढीको सट्टा वीरगञ्ज गोश्वाराका वडाहाकिमको अधीनमा राखिएको थियो । साथै सिकार खेल्ने प्रबन्धका लागि उपारदाङगढीमा रहेको सदरमुकाम छ महिनाका लागि भुवानीमा सार्ने गरिन्थ्यो (मेचीदेखि महाकाली, २०३१, पृ.१२६७) । वि.सं. १९९२ देखि २०१४ सालसम्म चितवन इलाकाको सदरमुकाम वैशाखदेखि असोजसम्म छ महिना उपरदाङगढीमा र कार्तिकदेखि चैतसम्म छ महिना भुवानी गाउँमा रहने गर्दथ्यो भन्ने भुवानीका बासिन्दाको भनाइ छ (महतो, २०७९ चैत्र २०) । त्यसबखत भुवानीमा अदालत, ठाना, माल अड्डा, वन जाँच, हात्तीसार आदि अड्डा रहन्थे भन्ने जानिफकारको भनाइ छ (पाण्डे, २०७९ चैत्र ९) । त्यतिखेर ती अड्डाहरू अहिले भुवानी गाउँमा सञ्चालित 'भुवानी मा.वि. र भुवानी सामुदायिक पुस्तकालय' रहेको ठाउँमा थिए । यस ठाउँको मुख्य आकर्षण हात्तीसार थियो । किनभने सिकार खेल्नका लागि हात्ती आवश्यक पर्दथ्यो । हात्ती पाल्न र सधाउनका लागि हात्तीसारको व्यवस्था गाएिको थियो । त्यसको रेखदेखका लागि सुब्बा, माउते, फनाइत, पछुवा आदि कर्मचारी हुन्थे । हात्ती सधाउन सक्ने थारू जातिका मानिसहरूको बसोबास हुनाले सबैभन्दा पहिले भुवानी गाउँको उत्तरमा रहेको 'माहुता' भन्ने ठाउँमा हात्तीसार बनाइएको थियो । केही समयपछि त्यसलाई हर्नरीमा सारिएको थियो भन्ने जानिफकारको भनाइ छ (महतो, २०७९ चैत २०) । वि.सं. २०२६ सालमा यो हात्तीसार सौराहा भन्ने ठाउँमा सारिएको थियो । त्यसभन्दा पहिले सो हात्तीसार सोनवर्षा भन्ने ठाउँमा थियो भन्ने कुरा धर्मराज थापाले उल्लेख गरेका छन् (थापा, २०५०, पृ.१३) । सिकार खेल्न गएका बखत उच्च स्तरको सुरक्षा व्यवस्था गर्नु पर्ने भएको र नेपालका भारदार र विदेशी पाहुनाहरूलाई खानबस्ने सुविधा मिलाउनु पर्ने भएको हुनाले नै हिउँद याममा चितवन इलाकाका सम्पूर्ण अड्डाहरू भुवानीमा सार्ने व्यवस्था मिलाइ सकिएको थियो । साथै जङ्गलभित्र क्याम्प राख्नका लागि वि.सं. १९६३ मा कसरा नामक दरबार पनि निर्माण गरिएको देखिन्छ (कँडेल, २०७८, पृ.९०) ।

वि.सं. २०१३ सालमा गोरखा, धादिङ, मकवानपुर र लमजुङका बाढी पहिरो पीडित तथा नेपालभरका गरीब, सुकुम्बासी र तराईमा बसोबास गर्न चाहने सबै वर्गका मानिसलाई व्यवस्थित बसोबास गराउने उद्देश्यले राप्ती दुन विकास योजना लागू गरिएको थियो (शर्मा र मल्ल, २०६०, पृ.ग) । त्यसपछि मात्र चितवनमा जनसङ्ख्या वृद्धि हुनुकासाथै विभिन्न ठाउँमा तीब्र रूपमा बस्ती विकास हुन थालेको हो । त्यही सिलसिलामा भरतपुरमा पनि बस्ती विस्तार भएपछि यस

क्षेत्रको प्रशासन सञ्चालन गर्न सजिलो होस् भन्ने हेतुले वि.सं. २०१४ पछि चितवनको केन्द्र भरतपुरमा सारिएको हो (जिल्ला पार्श्वचित्र चितवन, २०६१, पृ.६)।

**वर्तमान अवस्था**

वि.सं. १९९२ सालसम्म एउटा मौजाको रूपमा मात्र चिनिने झुवानी गाउँ त्यसपछि चितवन इलाकाको हिउँदे सदरमुकामको रूपमा चिनिन थालेको थियो। त्यतिखेर हिउँद याममा देश-विदेशका मानिसहरू सिकार खेल्नका लागि यो क्षेत्रमा आउने हुनाले झुवानी गाउँमा निकै धेरै चहलपहल र रौनक हुन्थ्यो। वि.सं. २०१४ सालमा चितवनको सदरमुकाम भरतपुरमा सरेपछि यो ठाउँको महिमा विस्तारै घट्दै गयो। वि.सं. २०१८ सालमा नेपाललाई ७५ जिल्लामा विभाजन गर्दा चितवन पनि अलगै जिल्लाको रूपमा स्थापित भएको थियो। त्यतिखेर यो जिल्लालाई २२ गाउँ पञ्चायतमा विभक्त गर्दा झुवानी, टरौली, सिसाहानी, फसेरा, फर्सेनी, पडरिया, सिसावार, दोरङ्गी, ओद्रा, मालपुर, बछ्यौली, बैरिया, गहुई, गहुवा, धरमपुर र जकनपुर गाउँ मिलाएर झुवानी गाउँ पञ्चायत नामकरण गरिएको थियो (रेग्मी, २०७८, पृ.११३)। तर वि.सं. २०२३ सालमा नेपालको संविधानमा गरिएको संशोधनपश्चात् गाउँ पञ्चायतहरूको नामकरण र सिमाङ्कनमा व्यापक फेरबदल गरियो जसको परिणामस्वरूप झुवानी गाउँको नाम लोप हुन गयो। त्यसपछि झुवानी गाउँ एउटा वडाको रूपमा मात्र चिनिन थाल्यो। वि.सं.२०७३ सालमा यस क्षेका सबै गा.वि.स. रत्ननगर नगरपालिकामा गाभिएपछि झुवानी, जनकौली र टरौली गाउँ मिलाएर सो नगरपालिकाको पाँच नम्बर वडा कायम गरिएको छ (महतो, २०७९ चैत्र २०)।

**निष्कर्ष**

नेपालका अनेकौं गाउँठाउँजस्तै चितवन जिल्लाको झुवानी गाउँ पनि एक महत्त्वपूर्ण ऐतिहासिक स्थल हो। 'झुवानी' शब्द 'झौवा गाहनी' शब्दबाट अपभ्रंश भएर बनेको हो। थारु भाषामा 'झौवा गाहनी'को अर्थ 'धेरै काउसो भएको ठाउँ' भन्ने हुन्छ। यस ठाउँमा प्रागैतिहासिककालदेखि नै थारु जातिको बसोबास भएको पाइन्छ। थारु जातिले आफ्नै मौलिक परम्पराअनुसार जीवन यापन गर्दै आएको यस ठाउँलाई राज्यको अवधारणा विकास भएपछि विदेह र बृजी राज्यका शासकले आफ्नो प्रभावमा पारेको देखिन्छ। प्राचीनकालमा लिच्छवी शासकको अधीनमा देखिने यो क्षेत्र पूर्वमध्यकालमा भने तिर हुतका कर्णाटवंशी शासकको प्रभावमा परेको पाइन्छ। मध्यकालमा सेनवंशी शासकको अधीनमा रहेको यो ठाउँ एकीकरणको सिलसिलामा वि.सं. १८३४ मा नेपालमा गाभिएको थियो। त्यसपछि चितवन जिल्लाको रूपमा परिचित झुवानी र त्यसको आसपासका क्षेत्रको प्रशासन उपरदाङ्गढीबाट सञ्चालन गरिन्थ्यो। चितवनका जङ्गलमा अत्यधिक मात्रामा गैंडा, बाघ र हात्ती भएकोले सिकार खेलका शौकिन देशी र विदेशी सम्भ्रान्त वर्गको आँखा ती जनावरमाथि पर्न थालेपछि झुवानी गाउँले वि.सं. १९९२ देखि चितवन इलाकाको हिउँदे सदरमुकाम बन्ने सौभाग्य पाएको हो। त्यसपछिका बाइस वर्ष यो ठाउँका सुनौला दिन थिए। किनकि त्यतिखेर हिउँद याममा यस ठाउँमा मुलुकभित्रका मात्र होइन सात समुद्र पारका विदेशीहरूकोसमेत यस ठाउँमा पदार्पण हुन्थ्यो। मानौं त्यतिखेर यो ठाउँको रौनक शब्दमा व्यक्त गर्न नसकिने खालको हुन्थ्यो।

समयको गति विचित्रको छ। राप्ती दून विकास परियोजनाको कार्यान्ययनको सिलसिलामा पहाडी इलाकाबाट मानिसहरू चितवनमा ओइरिन थालेपछि पश्चिमी चितवनमा अत्यधिक बस्ती विकास हुन थाल्यो जसको फलस्वरूप चितवन इलाकाको सदरमुकाम उपरदाङगढीबाट भरतपुरमा सारियो। त्यसपछि हिउँदे

सदरमुकामको रूपमा रहेको झुवानी गाउँको औचित्य पनि समाप्त भयो । त्यसपछि पञ्चायत व्यवस्थाको सुरुवाती समयमा गाउँ पञ्चायतको रूपमा कायम रहेको 'झुवानी' शब्द नेपालको संविधानको पहिलो संशोधन २०२३ पछि लोप हुन पुग्यो। त्यसपछि यो शब्द 'झुवानी मा.वि. र झुवानी सामुदायिक पुस्तकालय'को रूपमा मात्र देखा पर्न थालेको छ । हाल यो ठाउँ रत्ननगर नगरपालिकाको पाँच नम्बर वडाको रूपमा मात्र परिचित छ। जेहोस् समयको कुनै कालखण्डमा 'झुवानी गाउँ' एक महत्त्वपूर्ण स्थलको रूपमा थियो जसको इतिहास अविस्मरणीय रहेको छ।

**सन्दर्भ सामग्री**


अधिकारी, कृष्णकान्त, (१९८४), *नेपाल अण्डर जङ्गबहादुर १८४६(१८७७, भोलुम १,* काठमाण्डु : बुकु ।

अधिकारी, सूर्यमणि, (२०५५), *तनहुँ राज्यको इतिहास,* चितवन : चन्द्रप्रभा प्रकाशन ।

ओल्डफिल्ड, एच.एमब्रोज, (१९८१), *स्केच्स् फ्रम नेपाल,* दिल्ली : कस्मो पब्लिकेशन्स ।

कँडेल, देवीप्रसाद, (२०६५), *चितवनको इतिहास,* चितवन : लक्ष्मी कँडेल ।

..............., (२०७८),"चितवनको ऐतिहासिक रूपरेखा (प्रागैतिहासिकदेखि २००७ सम्म)", *चितवन दर्पण (इतिहास, वर्तमान र परिकल्पना),* चितवन : जिल्ला समन्वय समितिको कार्यालय, पृ. १-१०५ ।

घिमिरे, विष्णुप्रसाद, (२०४५), *पाल्पा राज्यको इतिहास,* भाग १, चितवन : पदमा घिमिरे ।

............., (२०६४), *चितवनका आदिवासी जनजातिको सामाजिक र साँस्कृतिक अध्ययन,* चितवन : जिल्ला विकास समिति ।

*जिल्ला पार्श्वचित्र चितवन,* (२०६१), जिल्ला विकास समितिको कार्यालय, चितवन ।

थापा, धर्मराज, (२०५०), *चितवन दर्पण,* कमलादी : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

*नेपालको नक्सा* (थुम/प्रगन्ना विभाजित जनगणना जिल्लाहरू), (२०१५), सङ्ख्या-विभाग ।

नेपाल राजपत्र, भाग २, खण्ड २२, अतिरिक्ताङ्क ५५, २०२९ साल फागुन २८ गते ।

पाण्डे, रामनिवास र रेग्मी, दिनेशचन्द्र, (२०५४), *नेपालको पौराणिक इतिहास,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

पोखरेल, डि.आर.,(२०५९), *निकुञ्ज र जनताबीचको द्वन्द्व र एकता : एक अध्ययन,* चितवन : पर्यावरणीय सेवा केन्द्र ।

पोखरेल र अरू (सम्पा.),(२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, भिक्टर र अरू (सम्पा.), (२०७१), *झुवानी गाउँको कथा,* काठमाडौं : रिड सूचना तथा स्रोत केन्द्र ।

*मेचीदेखि महाकाली,* भाग २, (मध्यमाञ्चल विकास क्षेत्र), (२०३१) काडमाडौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग ।

रेग्मी, राजेन्द्रप्रसाद, (२०७४), *चितवनको ऐतिहासिक विवेचना,* काठमाडौं : सुकुन्दा पुस्तक भण्डार ।

..........., (२०७८), "चितवनको प्रशासनिक संरचना, प्रतिनिधित्व र जनप्रतिनिधिहरू", *चितवन दर्पण (इतिहास, वर्तमान र परिकल्पना),* चितवन : जिल्ला समन्वय समितिको कार्यालय, पृ. १०६-२८५ ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न, (२०५३), *आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१),* कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

शर्मा, जनकलाल र मल्ल, कृष्णबम, (२०६०), *रापती उपत्यका,* चितवन : चितवन अध्ययन केन्द्र ।

शर्मा, बालचन्द्र, (२०३३), *नेपालको ऐतिहासिक रूपरेखा,* वाराणसी : कृष्णकुमारी देवी ।

श्रेष्ठ, कृष्णप्रकाश (सम्पा.), (२०४४), *स्थाननाम कोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।


**अन्तर्वार्ता**


पाण्डे, बाबुराम, २०७९ चैत्र ०९ । (थारू भाषा र संस्कृतिमा रूचि राख्ने विद्वान ७६ वर्षिय पाण्डे चितवन इलाकाको वन जाँच अड्डाका राइटर गणेशप्रसाद पाण्डेका सुपुत्र हुन् ) ।

महतो, फूलचनकुमार, २०७९ चैत्र २० । (६४ वर्षिय महतो झुवानी गाउँका बासिन्दा हुन् । उनी वि.सं. २०४३ देखि झुवानीको वडा अध्यक्ष, त्यसपछि बछ्यौली गा.वि.स.को उपाध्यक्ष हुँदै २०५४ देखि २०५९ सम्म सो गा.वि.स.को अध्यक्ष भएका थिए) ।


२०८० वैसाख ०१ । भरतपुर म.न.पा. १२, राधाकृष्णटोल ।

नियात्रा

# वैचारिक सङ्गमः सीमा वारिपारिको साहित्य



केदारनाथ खनाल*

भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान गठन भएदेखि नै हामीबिच यसलाई कसरी उदाहरणीय, उत्कृष्ट प्राज्ञिक थलो बनाउने भन्ने हुटहुटी थियो, एक किसिमको औडाह, छटपटीपूर्ण अवस्था थियो । नेपाल प्रज्ञा-प्रतिष्ठान र लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान-२०७२ जारी भएपछि संरचित देशका विभिन्न स्थानीय निकायहरूमा गठन भएका र हुँदैगरेका प्रज्ञा-प्रतिष्ठानहरूको बनोट, प्रकृति र गतिविधिबारे जिज्ञासा राख्यौं, सञ्चारका माध्यमबाट विमर्श गर्‍यौं, प्रत्यक्ष अवलोकन र अन्तर्क्रिया गर्न चाह्यौं । संयोग नै भन्नुपर्छ यसपालि तारतम्य मिल्यो । साइतको मुहूर्त जुराउने भूमिका सदस्य सचिव बालकृष्ण थपलिया र प्रस्ताव स्वीकृत गराउने अभिभारा उपकुलपति इन्द्रप्रसाद रेग्मीजीको रह्यो । प्रज्ञा-प्रतिष्ठानसँग सम्बद्ध जनप्रतिनिधिसमेतको भ्रमण टोलीलाई खर्चबर्चको व्यवस्था र आवश्यक तयारी गर्ने जानकारी गराउँदै प्रस्थान गर्ने मिति, समय र स्थानबारे उर्दी जारी भयो । अन्ततः २०७९ चैत्र ०५ गते बिहान ६:३० बजे केन्द्रीय बस टर्मिनल भरतपुरमा भेला भई कस्तुरी यातायातको सार्वजनिक ए.सी. बसबाट प्रस्थान गर्‍यौं पूर्वाञ्चलको साहित्यिक अवलोकन भ्रमणमा ।

भरतपुर महानगरपालिकापछि रत्ननगर नगरपालिका, पर्सा-खैरहनी र राप्ती नगरपालिका हुँदै लोथर कटेर मकवानपुर, बागमती प्रदेशको राजधानी ७८ कि.मी. पर हेटौंडा पुग्दा ८:३० बजेको थियो । बाटोमा एसियाको पहिलो चुरेको सुरुङमार्ग र अलौमा वीरशमसेरले बसाएको बजार वीरगञ्जका चर्चा हुँदै भारतीय सीमा रक्सौलबाट चन्द्रशमशेरले दासमुक्त गरेर बसाएको बस्ती अमलेखगञ्जसम्म रेल चढेको यात्रा अनुभव सुनाउन छोडिएन । पथलैयाबाट निजगढ लागेपछि बसयात्राको चर्चामा लिटिल बुद्ध (रामबहादुर बमजन) र त्यहाँको अन्तर्राष्ट्रिय एयरपोर्टको विषय पनि आयो । वनजङ्गल फडानी र पर्यावरणको साथै पर्यटन, पूर्वाधारको विकासबाट हुने देशको समृद्धि बारेमा सकारात्मक-नकारात्मक कुरा साथीहरू माझ सौहार्द रूपमा भयो । लालगढ पुकार होटलमा प्रतिव्यक्ति साधा, सफा-स्वच्छ खाना रु. २००।- मा खाएको स्वाद र सन्तुष्टि यात्राभरि उदाहरणीय बन्यो । बरामौजियाको पुरानो बाजेको असली पेडाको स्वाद लिन र कोसी ब्यारेजले पारेको असरबारे पनि चर्चा गर्न भुलेनन् साथीहरू । मधेस प्रदेशभरि राजमार्गका ठाउँठाउँमा नहर बनाउने, पानी कटाउन बाटो खनेर हो कि ? विकासको गति अवरुद्ध गर्न खोजेको अनुभूत भयो । मधेशस प्रदेशको मनोविज्ञान सडकको गतिरोधले प्रतिबिम्बित गरेको महसुस हुन्थ्यो ।

कोसी प्रदेश लागेपछि भन्टाबारी, इटहरी, उर्लाबारी हुँदै झापाको दमक पुगेर चौराहमा साइड लागेको बसबाट ओर्लिएका हाम्रो टोलीलाई स्वागतको प्रतीक्षामा रहनु भएका साहित्यिक मित्रहरूका साथ

*प्राज्ञपरिषद् सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

भोजपुरे होटलमा पुग्यौं । पूर्वनिर्धारित कार्यक्रमअनुसार स्थानीय निकायहरूमा सर्वप्रथम गठन भएको झापा प्रज्ञा-प्रतिष्ठानसँगको अन्तर्क्रियामा सहभागी भइयो । प्रतिष्ठानका अध्यक्ष होम अधिकारीको स्वागत मन्तव्यकै क्रममा आपसी परिचय र दमक प्रज्ञा-प्रतिष्ठानको गतिविधि जानकारी दिनुभयो भने चितवनको साहित्य र भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानबारे प्रस्तुत गर्ने अवसर मैले पाएको थिएँ । प्रतिनिधिमूलक रूपमा चितवनतर्फबाट विष्णु तिवारी उषा र प्रकाश चापागाईंको कविताले माहोल तताएको थियो । झापाली कविहरूका तर्फबाट हरि पराजुलीको गजल, विष्णुप्रसाद दाहाल अन्तर्भूतको कविता, विष्णुराज न्यौपाने, हरि पराजुली, मेघनाथ खनाल, गोपालप्रसाद दाहाल, ओमप्रसाद खनाल, लीलानाथ खनाल, शिवप्रसाद र चितवनबाट भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान प्राज्ञसभा सदस्य विष्णु भुजेलसहित श्रीमती पार्वती भुजेल, ऐ.ऐ. विष्णुराज महतोसहित श्रीमती वसन्ती महतो र छोरी अनुस्का महतो, केशव महर्जनसहित श्रीमती सरिता महर्जन तथा सुजाता चापागाईंसमेत चौध जनाको सहभागिता रहको थियो । कार्यक्रममा मन्तव्यसहित धन्यवाद ज्ञापन उपकुलपति इन्द्र रेग्मीले गर्नुभएको थियो । अर्थात् यात्राटोलीमा प्रकाश चापागाईं, विष्णु भुजेल, केशव महर्जन र विष्णु महतोका छोरीसहित जोडी र इन्द्र, केदार, विष्णु उषा बिजोडी थियौं । औपचारिक साहित्यिक कार्यक्रम हुनुपूर्व दमकका खनाल बन्धुहरू लीलानाथ, ओमप्रसाद, पुण्यप्रसाद, अम्बिका प्रसाद, बद्री खनाल, अभि खनाल, कुमार खनालहरूसँग खनाल सेवा समितिको गतिविधि र *खनाल वंशावली भाग-३* प्रकाशका लागि नामावली सङ्कलनबारे पनि छलफल भएको थियो ।

यात्राको दोस्रो दिन बिहानको शौच-स्नानपश्चात् आ-आफ्नो कुम्लो-कुटुरो बोकेर होटलबाट निस्किई सडक छेउ बस स्ट्याण्डमा उभिएको केही मिनेटमै मेची सीमा काकडभिट्टा पुग्ने बस चढ्यौं । विष्णु महतोजीका सुपरिचित खेलकुद प्रशिक्षक लीलानाथ पराजुलीको सहयोगमा सीमावारि काँकडभिट्टाबाटै प्रतिव्यक्ति भा.रु. ५५०।- मा सिलीगुडी-गान्तोक जाने गरी दुईवटा गाडी रिजर्भ गरेर उसैको तर्फबाट टेम्पोमा पानी ट्याङ्की पुग्यौ । चिया, नास्तासहित करिब आधा घण्टाको पर्खाईपछि अगाडि-पछाडि हुँदै हाम्रा दुवै गाडी लागे गान्तोकतर्फ पश्चिम बङ्गालको चिप्ला पिचमा चिप्लिदै । भारतीय सिम भएको मोबाइल प्रकाशजी एउटा कारमा र अर्कोमा इन्द्र रेग्मीसँग थियौं । माधव घिमिरेको राष्ट्रगीत *"पश्चिम किल्ला काँगडा पूर्वमा टिष्टा पुगेथ्यौं"* गाउँदै १२० कि.मी. दूरीको सडकमा चिप्लेको केही बेरपछि वारि पश्चिम बङ्गाल र पारिपट्टि सिक्किम टिष्टा नदीको किनारै-किनार मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गर्दै रम्फु चेकपोष्ट पुग्यौं । सिक्किम प्रवेशका लागि नागरिकता आदि कागजात चेकपोस्टमा देखाउँदै गर्दा, सिक्किम प्रेस क्लबका पूर्व अध्यक्ष एवम् साहित्यकार जोसेफ लेप्चा हाम्रो स्वागत, सहयोगका लागि गाडी लिएर त्यही आउनु भयो, खादाद्वारा हाम्रो हार्दिक स्वागत भयो । खाना खाँदा एक घण्टा ढिलो गरेको अर्को गाडीका साथीहरू पनि आइपुग्नुभयो । सुजाता म्याडमसँग नागरिकता नभएकाले केहीबेर समस्या भए पनि लेप्चाजीको उदारतापूर्वकको सहयोगले समस्या समाधान भयो । गान्तोकबाट ३८ कि.मी. यता रम्फु बोर्डरमा लेप्चा लिन नआएको भए सुजाताजीको सिक्किम प्रवेश सम्भव थिएन । अनधिकृत किन बोर्डर क्रस गर्ने ? यता पनि छ, घुम्ने ठाउँ भन्दै थिए सीमा प्रशासनका कर्मचारी । हामी चढेको कार त्यहीबाट फर्किने भएकाले रम्फुबाट बालकृष्ण, इन्द्रजी र म लेप्चाकै गाडीमा गयौं । वागपुल अर्को नयाँ बनेछ । यहीँबाट भुटान जाने बाटो छुट्टिँदो रहेछ । भोटेभीर-अँधेरीमा बिहानको स्वादिलो खाना

अपराह्न खाएर सिक्किम भारतमा गाभिएपछिको त्यहाँको जनजीवनबारे कुरा गर्दै चर्चमार्गस्थित टोटला होटलमा पुग्दा, पुरन लामा, अमरलगायत प्रेस क्लब अफ सिक्किमका मित्रहरू हाम्रो स्वागतमा प्रतीक्षारत हुनुहुन्थ्यो । संयोगले हाम्रो कोठा इन्द्रजी अघिल्लो पटक जाँदा नै बसेको कोठा भएकोमा दङ्ग परे । चिया पिएर केही समयको विश्रामपछि सिक्किमको राजधानी गान्तोकको मुख्य बजार महात्मा गान्धी रोड (M.G.) को रौनक हेर्न पुग्यौं । गाडी प्रवेश निषेध, साँझको M.G. रोडको झिलीमिलीले अमेरिकाको न्युयोर्कको म्यानहटनलाई झल्झली सम्झायो । प्रस्थान विन्दुमा महात्मा गान्धीको पूर्णकदको प्रतिमा, सडक बिचको डिभाइडरमा रङ्गीचङ्गी सुगन्धित फूल, थरिथरिका बटुवा सबैको अनुहारमा पूर्णचन्द्र र ओठमा गुलाफ फुलेको, पूरा सडक खुसीले हाँसेको । पूर्वी हिमालको काखमा रहेको पहाडी प्रदेश सुन्दर सिक्किमको पूर्वमा भुटान, पश्चिममा नेपाल र उत्तरमा तिब्बत पर्दोरहेछ । युगौंदेखि सार्वभौम सत्तासम्पन्न स्वतन्त्र देश सिक्किम सन् १९७५ मा भारतमा गाभिएपछि २२ औं राज्य भएको हो । करिब सवा छ लाख जनसङ्ख्या भएको यो राज्यमा छवटा जिल्लाहरू रहेछन् । गान्तोक प्रदेश राजधानी, अङ्ग्रेजी, हिन्दी, बङ्गाली बोलिए तापनि यहाँको मुख्य भाषा नेपाली नै रहेछ । तामाङ, लेप्चा, भोटिया, क्षत्री, बाहुन, नेवार जातिको मिश्रण भए पनि चाडबाड, रीतिरिवाज, नेपाली नै रहेछ । यहाँको राष्ट्रिय आयस्रोत मुख्यतः जलविद्युत निर्यात, पर्यटन र जडीबुटी रहेछ । भारतमा गाभिएपछि भौतिक विकासका पूर्वाधारले फड्को मारेको अनुभूत भयो । राष्ट्रियताको सवालमा लेन्डुलेप दोर्जेले गद्दारी गरे पनि जलविद्युत, सडक विस्तार, रेल्वेको योजना आदि भौतिक पूर्वाधारका दृष्टिले सर्वसाधारण जनता त्यति बेखुसी नदेख्दा, आम मानिस रोजी-रोटी आजीविकाको पक्षमा हुँदारहेछन् भन्ने लाग्यो । एम.जी. रोडसँगै तलतिर जोडिएको लालबजार । भिरालोमा सात तलासम्म भित्रभित्रै टावरबाट तल हेरेजस्तो देखिने, बजारै भ्युटावर प्रतीत भयो । मान्छेको भीडभाड, चहलपहल उस्तै । व्यापारीहरू बङ्गालीको बाहुल्य । नेपाली मूलका कमै हुन् कि ? नौलो अनुभव भयो ।

यात्राको तेस्रो दिन नित्यकर्म, चिया-नास्तापछि अपराह्न २ बजेदेखिको औपचारिक कार्यक्रमलाई दृष्टिगत गरेर जोसेफजीकै सहयोगमा (साइटसिन गर्न) त्यहाँको पाँचवटा दर्शनीय स्थल हेर्न प्रतिगाडी रु. २,५००।- का दरले दुईवटा गाडी रिजर्भ गरियो । सर्वप्रथम तिब्बतीहरूको सहयोगमा निर्मित बौद्ध गुम्बा, अनि हनुमान मन्दिर, बुद्धको साथै हिन्दु धर्ममा समान आस्था राख्नेहरूको सङ्गमस्थल सिक्किम । त्यसपछिको हाम्रो गन्तव्य थियो छ्योग्याल बोटानिकल गार्डेन । त्यति आकर्षक लागेन गार्डेन, जति यसको विज्ञापन र टिकटको मूल्य अङ्कित थियो । *खुर्पाको छन्द बिँड हेरेर थाह पाइन्छ* भनेझैं लाग्यो । इन्द्रजी पनि त्यति उत्साही हुनु भएन भित्र घुम्न । फोटोमा प्रदर्शित हुन चाहने मित्रहरू भलै अघि बढे, बगैंचा चाहारेर आए, सौन्दर्यले कति प्रभावित भए कुन्नि ? टि.स्टेटलाई पनि हामीले महत्त्व दिएनौं, आफ्नै देश इलाम, फिक्कल-कन्यामको चिया बगान सौन्दर्य चहारेका हामीले । झाँक्री फल्सको निकै चर्चा भए पनि समयाभाव र गाडीवालाको असहयोगले गइएन । जस्तो भए पनि अन्त्यमा फ्लावर गार्डेनचाहिँ हेरेर होटेल पुग्यौं ।

औपचारिक कार्यक्रमस्थल डेनजोङ रिजेन्सीको भव्य हल, पूर्व राजपरिवारका सदस्य 'थिन्ले नामग्याल देनसात'को थियो । ब्यानरमा लेखिएको थियो "भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान, चितवन अनि सिक्किम प्रज्ञा-प्रतिष्ठानको वैचारिक सङ्गम, वारिपारिको साहित्य ।"

स्थान : डेजोङ रिजेन्सी, गान्तोक
दिनाङ्क : १९ फेब्रुअरी २०२३

कार्यक्रमको प्रमुख अतिथि भारतको अन्य भाषासरह नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचीमा रखाउन सफल सिक्किमका पूर्व मुख्यमन्त्री स्व. नरबहादुर भण्डारीकी श्रीमती पूर्व एम.पी. दिलकुमारी भण्डारीको चर्चा भए पनि अस्वस्थताको कारण उपस्थित हुन नसक्ने खबर आयो । सिक्किम प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष भीम रावतको अध्यक्षतामा ढिलो गरी सुरु भएको सो समारोहको विशिष्ट अतिथिद्वय थिए - सामाजिक अभियन्ता इ. किरण रसाइली र सिक्किममा ३३३ वर्ष शासन गरेका नामग्याल राजपरिवारको वंशाधिकारी 'थिन्ले नामग्याल डेनसान' । भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका डेलीगेट सबैलाई परिचयसहित ड्यासकल र आसन ग्रहण गराइएको थियो । अध्यक्षबाट सिक्किम साहित्य प्रतिष्ठानको परिचय र गतिविधि प्रस्तुतिसहित स्वागतपछि सुरु भएको कार्यक्रममा टेकबहादुर क्षत्रीपछिको पालो थियो मेरो । भौगोलिक, प्राकृतिक, सांस्कृतिक समानता भएको र राजनैतिक रूपले मात्र भिन्नता भएको सिक्किमको साहित्य प्रज्ञा-प्रतिष्ठान र भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानबिच भाषा, साहित्य र संस्कृति आदान-प्रदानको निरन्तरता कायम राख्नका लागि भगिनी सम्बन्ध स्थापित हुनुपर्ने प्रस्ताव राख्दै आफ्ना रचना पनि वाचन गरैं । सिक्किमका दीपा राईको बिम्बात्मक गद्य कविता बेजोड थियो । प्रकाश चापागाईंले *'उस्तै लाग्छ पहाड बोट विरुवा उस्तै छ यो मौसम । उस्तै लाग्छ नसा तथा रगतमा चल्दैछ झैं धड्कन ।। मर्स्याङ्दी नदीझैं छ यो प्रकृतिको टिष्टा नदीको तट । भाषा भेष दुरुस्त लाग्छ तर यो केले भयो भारत ।।'* भन्दै उठान गरे । सिक्किम र नेपालको भूगोल, प्रकृति, संस्कृति समान हुँदाहुँदै पनि केले भयो भारत भन्दै दीपा राईको विम्वात्मक कविताको भावसँगै मिल्दोजुल्दो मिठो स्वरमा छन्देली कविता प्रस्तुत गरे । प्रा. तेजमान बरालीको समसामयिक रचनापछि भीम रावतजीको नयाँ पुस्तामा पुस्तक पढ्ने संस्कृतिको विकास गर्न स्कुल स्कुलमा जानुपर्ने आवश्यकता, औचित्यको दलिल र सुझाव थियो । लुइस विष्टको लगत्तै सुमधुर स्वरकी धनी विष्णु तिवारीको पञ्चमरछन्दको कविताले वातावरण मन्त्रमुग्ध बनाएको थियो भने वालकृष्ण थपलियाको भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको परिचयात्मक पृष्ठभूमिसहित बेजोड गजल प्रस्तुति पछि विष्णुराज महतोले मेरो प्रस्तावलाई समर्थन गर्दै भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान र सिक्किम प्रज्ञा-प्रतिष्ठानको सम्बन्धलाई थप उचाईमा पुऱ्याउनुपर्ने विचार व्यक्त गर्नुभयो । केही महिनाअघि चितवन पुग्नुभएकी जीविका अश्रु, गोपाल ढकाल, उदय विष्ट, जे.एस. लिम्बु योगेश लिम्बुहरूको रचना वाचनपश्चात् नामग्यालले चितवन घुम्ने इच्छा प्रकट गरे । मायाको चिनो प्रदानपश्चात् आफ्ना पूर्व सिक्किम यात्राको अनुभव व्यक्त गर्दै इन्द्रप्रसाद रेग्मीजीले सिक्किम प्रज्ञा-प्रतिष्ठान र भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको सम्बन्ध प्रगाढ बनाउन प्रयासरत रहेको र रहने भन्दै आयोजकप्रति आभार व्यक्त गर्नुभयो । अन्त्यमा जोसेफ लेप्चाले धन्यवाद ज्ञापन गर्दै ७०० कि.मी. दूरीमा रहेको नेपाल र गान्तोकलाई नेपाली रगतको नाता, भाषा, साहित्य, संस्कृतिले नगिजिक्याउने अपेक्षा गर्दै धन्यवादसहित सभा विसर्जन गर्नुभयो ।

सो दिन साँझको डिनरको निम्तो किरण रसाइलीजीबाट आकर्षक कार्डमा अघिल्लै दिन प्राप्त भइसकेको थियो । निर्धारित समयमा उहाँको मुस्केट होटल पुग्यौं । सिक्किम विश्वविद्यालयका नेपाली विभाग प्रमुखलगायत केही स्थानीय साहित्यकारहरू त्यहाँ पुगिसक्नु भएको रहेछ । वार्ताको क्रममा त्यहाँ नेपाली मूलका मानिसहरूबिचको एकता र नेपाली

भाषा, साहित्य र संस्कृतिप्रतिको माया प्रगाढ रहेको पाएँ । त्यहाँको जनजीवन र सिक्किमलाई कलकत्ता, डिल्लीले हेर्ने दृष्टिकोणबारे पनि धेरथोर जान्ने अवसर जुऱ्यो । नेपालमा उपेक्षा भए पनि सिक्किममा सो दिन नेपालको प्रजातन्त्र दिवस फागुन ७ गते साथीहरूले स्वतन्त्रतापूर्वक इच्छा भोजन गरेर रमाए तरल र ठोस पदार्थहरूका साथ । शान्त र शालीन स्वभावका घरबेटी इ. रसाइलीचाहिँ आध्यात्मिक संवादमा निमग्न थिए मसित । नेपाल-भारतलगायत विभिन्न मुलुकका कृष्ण प्रणामी मन्दिरका डिजाइनर, वास्तुविद इन्जिनियर रसाइलीसँग देवघाट, चितवनमा भेट्ने शर्तमा बिदा भयौँ ।

अँत अर्को प्रसङ्गः प्रज्ञा-प्रतिष्ठानका सचिवसमेत रहेका बालकृष्ण थपलियाले महानगरको भ्रमण वर्ष सफल पार्न प्रचार सामग्री बुझाउने क्रममा रम्फु चेकपोष्टमा महत्त्वपूर्ण कागजातसहितको झोला छुटेको कुरा साँझ होटेलमा पुगेपछि थाहा भयो । स्थानीय साथी (जोसेफ लेप्चा)ले तुरुन्तै सम्पर्क गरी झोला सुरक्षित भएको खबर गरे । धन्य हुन् बालकृष्ण, झोला छुटेर भित्रभित्रै छटपटिए पनि भरतपुर महानगरको तर्फबाट प्रदान गरिने प्रतीकात्मक मायाको चिनोलाई फ्रेममा सजाउन दौडधुप गर्ने कार्यमा विचलित भएनन् ।

फागुन ८ गते बिहान उठेर स्नान-शौच आदि नित्यकर्म सकी झोला मिलाउन भ्याउँदा-नभ्याउँदै प्रेस क्लब अफ सिक्किमका पुरन तामाङ, अमर लाक्षीकाटीहरू आएर खादाद्वारा हार्दिकतापूर्ण न्यानो बिदाई मात्र गर्नु भएन, दुई दिनको बसाइ र खानाको बिल भुक्तानी गरिसक्नुभएको रहेछ । सिमसिमे परिरहेको चिसो पानीको परवाह नगरी कालिङपोङ हुँदै दार्जिलिङको लागि रिजर्भ दुईवटा कारमा चढ्यौँ । सो दिन सिक्किम क्रान्तिकारी मोर्चाको आह्वानमा मुख्यमन्त्री प्रेमसिंह गोलेको स्वागतमा सडक किनाराका घरघरमा सिँगारिएका घडा राखिएका थिए र यत्रतत्र टेबुल ल्याम्प अङ्कित झण्डा फहराइएका थिए । ब्यानरमा लेखिएको थियो - "सिक्किम मूलका नेपालीहरूमाथि लागेको विदेशी कलङ्क हटाउन तत्काल पहल गरी सिक्किमे नेपालीलाई दागमुक्त गरिदिनु भएकोमा सम्माननीय मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ (गोले)प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अरूण उप्रेती - अध्यक्ष, सिक्किम विधानसभा ।" अर्थात् नेपाली मूलका सिक्किमेलीलाई विदेशी भनेकोमा परेको रिटमाथि सर्वोच्च अदालतले बदर गरिदिएको खुसीयालीमा आयोजित विजयोत्सवको ऱ्यालीमा पर्ने डरले हामी चाँडै सिक्किम छोड्न चाहन्थ्यौं । त्यसैले छिटो बागपुल, सिमताङ कटेर सुकेखोला पुगेपछि मात्र बिहानको चिया-नास्ता भयो । पहाड, भोट, घाँच हुँदै टिष्टालगायतका खोलाहरूमा बनेका दर्जनौं विद्युत गृहहरू अवलोकन गर्दै सिक्किमको न्यानो मायालाई स्मृतिमा साँचेर फर्कंदा रमणीय डेलोपार्क पनि घुमेर खुसी साट्यौं । झरी उघ्रेर स्वच्छ-सफा भएको वातावरण सद्य स्नाता वसुन्धरा बगैंचाका ढकमक्क फुलेका रङ्गी-विरङ्गी फूलहरू ठाउँठाउँमा विश्रामस्थल, मनमोहक बोट-विरुवासँगै रमाएर फोटो खिच्ने-खिचाउने गर्दै सबै रमे-रमाएँ । नजिकै प्याराग्लाइडिङ स्पट रहेछ । जतिसुकै रमाइलो भए पनि समयले पर्खेन । गन्तव्य टाढै थियो । त्यसैले हामी नचाहँदा-नचाहँदै डिँड्यौं त्यहाँबाट सडक वरपरका मनमोहक दृश्य हेर्दै कालिङपोङतर्फ । दार्जिलिङ सँगसँगै आउने नाम हो - कालिङपोङ र खर्साङ । अल इन्डिया रेडियोबाट सिलाङ र खर्साङबाट प्रसारण हुने नेपाली कार्यक्रमको फ्यान थिएँ म कुनै बेला । पुरानो ठाउँ कालिङपोङ घुमेर जाने मेरो प्रस्तावमा साथीहरूको पनि समर्थन थियो । कालिङपोङप्रतिको जुन अवधारणा उत्सुकता ममा थियो, गाडीबाटै सर्सर्ती हेर्दा त्यो पाइनँ । साँघुरो सडकको एकोहोरो पहाडी बजार, मान्छेको हुल, पार्किङको अभाव, फोहोरमैलो र अस्तव्यस्त सडक, मन रमाएन । गाडीबाटै सर्सर्ती हेर्दैजाँदा बजारको बिच

चौराह सडकको एकातर्फ सानो पार्कमा कविशिरोमणि लेखनाथ पौड्याल र महाकवि देवकोटाको प्रतिमा र अर्कोतर्फको पार्कमा बालकृष्ण समको प्रतिमा देखियो । सिक्किमको नम्बर प्लेट भएका गाडी पश्चिम बङ्गालमा जहाँ त्यहीँ रोक्न नमिल्ने भएर अप्ठेरो पनि परेको थियो कि ? गाडीबाट ओर्लेर हेर्न नपाएकोमा मन खिन्न भए पनि श्रद्धाले शिर निहुराएँ, मनमनै सम्मान गरें नेपाली साहित्यका महारथीहरूप्रति हेर्दै अघि बढेर निकै तल फ्लावर गार्डेनमा गाडी रोकियो, मन रमाएन । चालकको असहयोगप्रति साथीहरूसँग गुनासो पोखें । कालिङपोङ हेर्नेकै लागि त्यत्रो पैसा तिरेर १४० कि.मी. घुमेर आउनुको के अर्थ भयो त ? फर्केर जान पनि समय घर्किसकेको थियो, खल्लो लाग्यो ।

घुम स्टेसन हुँदै साँझ ५ बजे दार्जिलिङ पुगियो । साथीहरू होटलको खोजीमा हिंडे, म स्मार्ट मलभित्र छिरेर रेष्ट रुम गएँ र केही खाजा खाएर भोक मेटें । साथीहरू सबै आएपछि प्रति रुम भा.रु. १,२००।- का दरले स्यान्डरलिङ्क रेजिडेन्सीमा बसियो । म साकाहारी, स्नान-ध्यान र जप-तप गर्नुपर्ने आस्तिक मन्दिर जाँदा भित्र नपसी ढोका बाहिरै बस्ने, नास्तिक, रुम पार्टनर सुरुदेखि नै इन्द्र रेग्मीजी, तर पनि असहज कहिँ कतै भएन । एक अर्काप्रतिका सद्भाव, सम्मान, सहअस्तित्त्व कायम रह्यो ।

दार्जिलिङ चौराहामा जातीय कवि भानुभक्तलाई भेट्न गयौं । आदिकविको पूर्णकदको सालिक अगाडि, दायाँ-बायाँ उभिएर फोटा खिचायौं । चुँदी, तनहुँका बाजेलाई त्यति टाढा सम्मानित भएको देखेर गौरवबोध गरियो । फर्कंदा बजार घुम्दै किनमेल पनि गरेर होटेल आई, खाना खाएर आराम गरियो ।

भोलिपल्टको योजना बन्यो - बिहान बतासे लूप, वार मेमोरियल, छुकछुके रेल हेर्ने । पुनः चौराह पुगेर, चिडियाखाना हेर्ने र सपिङ गर्ने । मुख्य बजार घुमघाम र किनमेलपछि निवृत्त भएपश्चात् स्वागत रेष्टुराँमा खाना खाएर १:३० बजे बाइबाइ पहाडकी रानी दार्जिलिङ भन्दै रिजर्भ गाडीमा लाग्यौं स्वदेशतर्फ । माने भञ्ज्याङ सीमामा भारतीय मिच्याइँ, अतिक्रमण हुँदाको अतीत स्मृतिमा आयो, सीमावारि पशुपतिनगरमा टेक्दा घरको आँगन टेकेजस्तो भयो । स्वदेशको सुगन्ध हर्हरायो, जिउ हलुका भयो । त्यहीँबाट झापा धुलाबारीसम्मको लागि दुईवटा आम्नीभ्यान लिएर ससर्ती वरिष्ठ नियात्राकार डा. तारानाथ शर्मा र दुर्गा शर्माको घर बरबोटे हुँदै गत दसैंमा मात्र घुमेको इलामको स्मृतिलाई रिचार्ज गरेर फिक्कलको सुन्दरता मन्त्रमुग्ध बनायो, कन्यामको सौन्दर्य पान गर्‍यौं । चियाको बुटासँग लुकामारी खेल्दै, फोटो खिच्दै-खिचाउँदै, घोडा चढ्दै, स्थानीय पोसाकमा रमाउँदै र चिया-खाजा खाँदै गर्दा एक घण्टा बितेको पत्तै भएन । ओरालो लागेको घाम पछ्याउँदै झर्दा, घाम डुब्नु र चारआली पुग्नुसँगै भयो । राष्ट्रिय त्रिफला पुस्तकालय धुलाबारीका फलाहारीसँग माफी माग्दै अर्कोपटक भेट्ने र बेलबारी र इटहरीको साहित्यिक गोष्ठीमा भेटघाट कार्यक्रम पनि अर्कोपटक थाती राखी चारआलीबाटै प्रकाश चापागाईं, विष्णु भुजेल, विष्णु महतोको जोडी र बालकृष्ण थपलियाको जोडी काठमाडौंको रात्री बसमा र केशव महर्जनको जोडी, म, उषा र इन्द्र रेग्मीजी भरतपुरको बस चढेर भोलिपल्ट बिहान चुच्चे ढुङ्गो उही टुङ्गो घर आइपुग्यौं ।

पाँच दिनको लगातारको यात्रा र व्यस्त कार्यक्रमले शरीर थकित भए पनि वारिपारिको साहित्य सङ्गममा सहभागी हुँदा प्राप्त ऊर्जाले मन-मस्तिष्क ताजा र हल्का भएको अनुभूत गरेको छु ।

卐

शिक्षा

# भरतपुर महानगरमा संस्कृत गुरुकुल शिक्षा



डा. केशवराज चालिसे*

नेपालको सबैभन्दा पुरानो शैक्षिक पद्धति गुरुकुल शिक्षा पद्धति हो। प्राचीन समयदेखि पूर्वीय ज्ञान आदानप्रदानको माध्यम गुरुकुलीय माध्यम रही आएकोमा आधुनिक शिक्षाको अवधारणासँगै गुरुकुल शिक्षाभन्दा आधुनिक शिक्षाका शिक्षण संस्थाहरू बढी र प्रभावकारी बनेका हुन्।

गुरुकुलहरू संस्कृत शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरू हुन्। यद्यपि आधुनिक विषयहरू, अङ्ग्रेजी, कम्प्युटर विज्ञानलगायतका विषयहरू पनि समयको मागसँगै समावेश भैरहेका छन्। भरतपुर महानगरपालिकाबाट प्रकाशित हुने भरतपुर महानगर दर्पणमा यस महानगरपालिका भित्र सञ्चालनमा रहेका गुरुकुलहरू, तिनीहरूको वस्तुस्थिति र ती संस्थाले प्रदान गर्ने शिक्षा पद्धतिका बारेमा जानकारी दिने उद्देश्यले यो लेख निर्माण गर्दा भौतिक रूपमा उपस्थित भएर सम्बन्धित संस्थाका बारेमा प्राप्त जानकारी र सूचनालाई वस्तुपरक रूपमा यस लेखमा प्रस्तुत गरिएको छ।

भरतपुर महानगरभित्र जम्माजम्मी ४ वटा गुरुकुलहरू सञ्चालनमा छन् भने एउटा संस्कृत माध्यमिक विद्यालय रहेको छ। चारवटै गुरुकुलहरू नेपाल सरकारको नियमानुसार दर्ता प्रक्रिया पूरा गरी सरकारको गुरुकुल विद्यालय नियमानुसार सञ्चालनमा रहेका छन्।

**गुरुकुलहरू:**

१) **श्री परमानन्द स्मृति वैदिक विद्याभवन गुरुकुल**

श्री परमानन्द स्मृति वैदिक विद्याभवन गुरुकुल भरतपुर महानगरपालिका वडा नं. १८ गुञ्जनगरमा अवस्थित छ। वि.सं. २०५४ बाट अनौपचारिक रूपमा शिक्षा प्रदान गर्दै आएको यस गुरुकुलले वि.सं. २०७३ सालमा नेपाल सरकारबाट अनुमति प्राप्त गरेको हो। हाल कक्षा ६ देखि कक्षा १० सम्म सञ्चालित यस गुरुकुलमा जम्माजम्मी ५० जना विद्यार्थीहरू अध्ययनरत छन्। गुरुकुलको नियमानुसार सबै विद्यार्थीहरू आवासीय छन्। यस गुरुकुलमा अध्ययनरत बटुकहरू त्यही विद्यालयको नियमानुसार विद्यालय भित्रै बसेर पढ्छन् भने बाहिरबाट दैनिक रूपमा आवतजावत गरेर पढ्ने व्यवस्था छैन। चितवन र भरतपुरभित्रका मात्र विद्यार्थीहरू नभई विभिन्न जिल्लाबाट आई आवासीय सुविधासहित पढ्ने बटुकहरूको सङ्ख्या अधिक रहेको छ। हरेक दिन बिहान पाञ्चायन, पूजा, हवन, प्रार्थनालगायतका पूर्वीय हिन्दू संस्कारका क्रियाकलापबाट पठनपाठन सुरु गरिन्छ। ६ जना अध्यापक र एक कर्मचारीसहित ७ जना शिक्षक कर्मचारी रहेको यस गुरुकुलको प्राचार्य श्री ज्ञानप्रसाद भुर्तेलज्यू रहनुभएको छ। यस गुरुकुलको सञ्चालक समितिको अध्यक्ष श्री मुक्तिनाथ ढकाल हुनुहुन्छ। संस्कृत शिक्षा, नैतिक शिक्षा, दैनिक पूजाआजाका अतिरिक्त नेपाल सरकारले तोकेको अङ्ग्रेजी, गणित, नेपाली जस्ता आधुनिक विषय पनि अध्यापन हुने यस गुरुकुलमा आगामी शैक्षिक वर्षदेखि कक्षा ११/१२ को पनि सम्बन्धन लिई कक्षा सञ्चालन गर्ने योजना रहेको कुरा प्राचार्य श्री ज्ञानप्रसाद भुर्तेलज्यू बताउनु हुन्छ।

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

नेपाल सरकारले प्रदान गर्ने रु. १० लाखको अनुदान भरतपुर महानगरपालिकामार्फत् प्राप्त गर्दै आइरहेको यस गुरुकुलको लागि प्राप्त सहयोग र अनुदान विद्यालय सञ्चालनका लागि पर्याप्त भने छैन । समाजको मुष्ठीदानका आधारमा चलेको यो गुरुकुलमा मनकारी व्यक्तिहरूले आफ्नो जन्मदिन, विवाहोत्सव, बाबु/आमाको श्राद्ध तिथिका दिनमा उपलब्ध गराउने सहयोग र भोजनले पनि थोर बहुत चलेको छ। यज्ञबाट सुरु भएको यो गुरुकुलको मन्दिर निर्माण गर्नेदेखि विद्यालयका आफ्नै संरचना निर्माण गर्ने विशाल गुरु योजना रहेको यस गुरुकुल विशुद्ध दाताहरूको सहयोगमा चलेको छ। सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने घोषणा गरे पनि यो गुरुकुल सञ्चालनका लागि शिक्षक दरवन्दी उपलब्ध नहुनु र पर्याप्त सहयोग नहुनु गुरुकुलका लागि ठुलो समस्या रहेको कुरा प्राचार्य भुर्तेल बताउनुहुन्छ।

२) **श्री लक्ष्मी वैकुण्ठनाथ परम वैदिक विद्या प्रतिष्ठानम् (गुरुकुलम्)**

श्री लक्ष्मी वैकुण्ठनाथ परम वैदिक विद्या प्रतिष्ठानम् गुरुकुलम्को औपचारिक रूपमा वि.सं. २०४१ सालदेखि दर्ता भई सञ्चालनमा आएको गुरुकुल हो । यो भरतपुर महानगरपालिका वडा नं. ४ लङ्कुमा सञ्चालित छ। कक्षा ६ देखि कक्षा १२ सम्म गुरुकुलीय परम्पराअनुसार नै शिक्षा आदानप्रदान हुने यस संस्थामा जम्माजम्मी ५५ जना विद्यार्थी/बटुकहरू अध्ययनरत छन्। सबै बटुकहरू आवासीय रूपमा गुरुकुलभित्र नै बसेर शिक्षादीक्षा लिने यस गुरुकुलमा आवासीय पूर्णकालीन र आंशिक गरेर १२ जना शिक्षकहरू कार्यरत छन्। मन्दिरका नाममा आफ्नै भवन रहे पनि यस गुरुकुलको आफ्नै भवन रहेको छैन भने प्रदेश सरकारको सहयोगमा झण्डै तीन करोड रूपैयाँ लागतको भवन बन्दै गरेको र हाल सो भवनको पहिला तल्ला ढलाई सम्पन्न अवस्थामा रहेको छ। बटुकहरू दैनिक पाठपूजा, हवन आदि नित्यकर्म सकेर औपचारिक शिक्षा सुरु हुने यस गुरुकुलमा संस्कृत विषय पठनपाठन गराइन्छ। व्यक्तिको शिक्षा भनेको प्रमाणपत्र मात्र होइन। यो त आचरण र संस्कार हो। यही मान्यताका आधारमा यस गुरुकुलम्ले विद्यार्थी शिक्षार्थीको आचरण निर्माणमा केन्द्रित रहन्छ । यसका अलावा नेपाल सरकारले तोकेको औपचारिक शिक्षा अङ्ग्रेजी, गणित, नेपाली जस्ता आधुनिक विषय पनि यस गुरुकुलम्मा पढाइ हुन्छन्।

सरकारले गुरुकुलका लागि दिने वार्षिक रु. १० लाख बराबारको अनुदान नियमित प्राप्त गरिरहेको यस गुरुकुलम्को झण्डै ५ करोड बराबरको अक्षयकोष रहेको छ। गुरुकुलम्का नियमित खर्च सोही अक्षयकोषको व्याजबाट प्राप्त हुने रकमबाट सञ्चालित हुन्छन्। हाल यस गुरुकुलका प्राचार्य डा. लक्ष्मीनाथ कंडेल हुनुहुन्छ भने श्री १००८ स्वामी जगन्नाथ आचार्यज्यू यस गुरुकुलम्को प्रमुख संरक्षक रहनुभएको छ। सरकारले नियमित बजेट र शिक्षा दरवन्दी उपलब्ध गराएमा मात्र गुरुकुलको स्थायित्व, निरन्तरता र सफलता हुन सक्थ्यो भन्ने विचार प्राचार्य डा. कंडेल राख्नुहुन्छ।

३) **श्री गार्गीकन्या गुरुकुल**

गार्गी कन्या गुरुकुल भरतपुर महानगरपालिका वडा नं. १ देवघाटमा अवस्थित छ । वि.सं. २०७५ सालमा दर्ता भई सञ्चालनमा रहेको यस गुरुकुलमा कक्षा ६ देखि १० सम्म ६४ जना कन्याहरूले आवासीय रूपमा गुरुकुलीय शिक्षा लिइरहेका छन्। कक्षा ११ को सम्बन्धमा महानगरपालिकाबाट प्राप्त भैसकेकाले यसै शैक्षिकसत्रदेखि कक्षा ११ को पनि पठनपाठन सञ्चालन हुँदै छ । हाल यस गुरुकुलमा नेपालभरिबाट ४२ जिल्लाका छात्राहरू अध्ययनरत छन् । सरकारी तहमा कन्या विद्यालयहरू र कन्या क्याम्पसहरू सञ्चालनमा रहेका भए पनि गुरुकुल परम्परामा कन्याहरूलाई शिक्षा दिने हेतुले स्थापित यो नेपालमै पहिलो गुरुकुल हो। यस अर्थमा यस गुरुकुलको

ऐतिहासिक एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा महत्त्व राख्दछ । वि.सं. २०६२ सालमा अङ्गुरबाबा जोशीको अवधारणामा काठमाडौँमा कन्या गुरुकुल सञ्चालन प्रक्रिया थालिएको थियो तर २०७२ सालको भूकम्पका प्रभावले उक्त संस्था सञ्चालन हुन नसकेपछि सोही संस्था चितवन जिल्ला भरतपुर महानगरपालिका देवघाटमा प्रक्रिया पूरा गरेर औपचारिक रूपमा वि.सं. २०७५ बाट सञ्चालनमा ल्याइएको हो । यसको संस्थापक अंगुबाबा जोशी (काठमाडौँ) र भगवती उपाध्याय (भरतपुर) रहनुभएको छ भने हालको व्यवस्थापन समितिका अध्यक्ष श्री शान्तप्रसाद पोखेल रहनुभएको छ।

यस संस्थाका नाममा ५ कठ्ठा आफ्नै जमिन रहेको छ भने पठनपाठनका लागि ९ ओटा कोठा सञ्चालनमा छन् । कन्याहरूको आवासका लागि पनि छुट्टै भवन छ । नेपाल सरकारको गुरुकुललाई प्रदान गर्ने वार्षिक १० लाख सहयोग भरतपुर महानगरबाट प्राप्त भइरहेको छ। यसका अलावा भौतिक निर्माण र भवन निर्माणका लागि पनि महानगरले बेलाबेलामा सहयोग गरेको छ। छात्राहरूका लागि सेनेटरी प्याडको व्यवस्था पनि महानगरले नै गरेको छ। जातजाति र वर्गको कुनै विभेद नराखी सबै जात र वर्गका छात्राहरूलाई समावेशी रूपमा गुरुकुलीय शिक्षा प्रदान गर्ने यस गुरुकुलको प्राचार्य श्री खेमनाथ चालिसे रहनुभएको छ।

४) **श्री योगी नरहरिनाथ संस्कृत गुरुकुलम्**

श्री वागीश्वरी आध्यात्मिक परिषद् योगी नरहरिनाथ आश्रमद्वारा सञ्चालित श्री योगीनहरिनाथ संस्कृत गुरुकुलम् भरतपुर महानगरपालिका वडा नं. १ वागीश्वरीमा अवस्थित छ। संस्कृत वाङ्मयका अध्येता, इतिहासविद्, संस्कृतविद्, योगी नरहरिनाथको सक्रियतामा उहाँकै पालामा यो ठाउँमा संस्कृत गुरुकुल सुरु गरिए तापनि विभिन्न समस्याका कारणले सो गुरुकुल सञ्चालन हुन सकेन । योगीजीको चाहना वर्तमानको संस्कृत शिक्षाप्रतिको चासोका कारण सो गुरुकुल पुनः सञ्चालन गर्ने उद्देश्यअनुरूप वि.सं. २०७५ सालमा दर्ता भई श्री योगी नरहरिनाथ संस्कृत गुरुकुलम्को स्थापना भएको हो। हाल यस गुरुकुलमा कक्षा ६ देखि १० सम्म गुरुकुलसम्बन्धी नेपाल सरकारको नियमानुसार कक्षाहरू सञ्चालन भइरहेका छन्। हाल यस गुरुकुलम्मा ३५ जना विद्यार्थीहरू अध्ययनरत छन्। सबै विद्यार्थीहरू आवासीय रूपमा आश्रममै बसेर गुरुकुलीय पद्धतिअनुसारको शिक्षा लिइरहेका छन्।

पूर्व समावेशी अवधारणामा सञ्चालित यस गुरुकुलमा विभिन्न जातजातिका बटुकहरूले शिक्षा लिइरहेका छन् । संस्कृत शिक्षाका अतिरिक्त अङ्ग्रेजी, गणित, विज्ञान र नेपालीजस्ता आधुनिक विषयहरू पनि पठनपाठन हुने यस गुरुकुलम्मा कक्षा ११ र १२ पनि सम्बन्धन लिई माध्यमिक तहको पूर्ण विद्यालय बनाउने लक्ष्य राखिएको छ । धार्मिक वन क्षेत्र भित्र विभिन्न धार्मिक वनकै भवनमा सञ्चालित यो शिक्षालयको आफ्नै कुनै भौतिक संरचना छैन। सम्पूर्ण रूपमा दान, दातव्य र सहयोगबाट सञ्चालन गर्नुपर्ने यस गुरुकुलले केही सहयोग भरतपुर महानगरबाट प्राप्त गर्दै आइरहेको छ। सरकारी नियमानुसार संस्कृत गुरुकुललाई प्रदान गर्ने वार्षिक १० लाखको सहयोग पाउँदै आइरहेको छ। साथै महानगरबाट पाठ्यपुस्तक पनि उपलब्ध हुँदै आइरहेको छ । यस गुरुकुलको प्राचार्य श्री माधव पौडेल हुनुहुन्छ भने व्यवस्थापन समितिको अध्यक्ष बागमती प्रदेश सभा सदस्य श्री विनु रायमाझी पौडेल हुनुहुन्छ।

संस्कृत व्याकरणलाई मूल विषयका रूपमा पठनपाठन गराइन्छ। वागीश्वरी आध्यात्मिक परिषद्द्वारा योग तथा प्राकृतिक चिकित्साको अभ्यास भइरहेको यसै भवनमा सञ्चालित संस्कृत गुरुकुलमा पनि योग तथा प्राकृतिक चिकित्सा विषय समावेश गर्ने विद्यापीठको लक्ष्य रहेको छ। शिक्षण संस्था सञ्चालनमा पूर्ण रूपमा दान दातव्यमा भर पर्नु अप्ठ्यारो हुने अनुभव प्राचार्य पौडेलले

गर्नुभएको छ । गुठी संरचनामा सञ्चालनमा भएकाले शिक्षक दरबन्दी आदि नपाउने नियम भएकाले योग्य शिक्षकलाई राख्न कठिन भएको कुरा प्राचार्य पौडेलको छ। शिक्षक दरवन्दी पाउनु र सरकारबाट नियमित अनुदान पाउने हुनसके संस्कृत शिक्षा अझ व्यवस्थित हुन सक्ने कुरा प्राचार्यको रहेको छ।

**५) रामजानकी बालिका आश्रम**

लोक कल्याण सेवा प्रतिष्ठान केन्द्रद्वारा सञ्चालित श्री रामजानकी बालिकाआश्रम (कन्या गुरुकूलम्) भरतपुर-१, देवघाटधाममा सञ्चालित छ । देशका विभिन्न स्थानका आफ्ना बाबुआमा र आफन्तबिहीन बालिकाहरूलाई आश्रममा ल्याएर पूर्वीय वैदिकधर्म, दर्शन, संस्कृति, संस्कार अनुसार आध्यात्मिक ज्ञान दिलाउनका साथै वर्तमान समयसापेक्ष जीवनोपयोगी शिक्षा, अङ्ग्रेजी, गणित, विज्ञान, कम्प्युटर विज्ञान जस्ता विषयहरू पनि पायक पर्ने शिक्षलयहरूमा भर्ना गराई अध्यापन गराउँदै आएको यस आश्रममा हाल शिशु कक्षादेखि स्नातक तहसम्म पढ्ने ४५ जना छात्राहरू आश्रित छन्। यस आश्रमका नेपालकै कम उमेरका विदुषी उमा महेश्वरी लोककल्याणीद्वारा १८ स्थानमा श्रीमद्भागवत् ज्ञानमहायज्ञ अनुष्ठान सम्पन्न भइसकेको छ । बागमती प्रदेश सरकारको आयोजनामा भएको संस्कृत भाषा, वक्तृत्वकला प्रतियोगितामा यस आश्रमकी बालिकाले प्रथम स्थान हासिल गरेकी थिइन् भने सार्कस्तरीय अन्तर्राष्ट्रिय वक्तृत्वकला प्रतियोगितामा द्वितीय स्थान प्राप्त गरेर कीर्तिमान कायम गरेकी हुन् । भरतपुर महानगरपालिका, देवघाट क्षेत्र विकास समिति, बागमती प्रदेश सरकार तथा चन्दादाताहरुरूको सहयोगमा आश्रमको सचिवालय ३८ कोठे छात्रावास भवन अध्यापन कक्षसमेत निर्माणधीन छन् भने अन्य भौतिक संरचना निर्माणको क्रममा रहेका छन् ।

**निष्कर्ष:**

नेपालको वर्तमान शिक्षामा गुरुकुलको शिक्षाको उपस्थिति न्यून छ तर गुरुकुलको शिक्षाको उपलब्धि महत्त्वपूर्ण रही आएको छ। प्राचीन शिक्षा पद्धतिमा चल्दै आएका संस्कृत गुरुकुलहरूको व्यवस्थापन पनि सरकारको शिक्षाको महत्त्वपूर्ण पक्ष हो। गुरुकुलमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या प्राइभेट बोर्डिङ, स्कुल र सरकारी विद्यालयका तुलनामा कम छन् तर ती विद्यार्थीको गुणस्तर अब्बल रहेको छ। नैतिक आचरण निर्माण गर्नु, सांस्कृतिक रूपमा सभ्य नागरिक निर्माण गर्नु, जीवनमा संस्कारको महत्त्व बुझाइ, जीवन परिवर्तित गराउनु संस्कृत गुरुकुलम्हरूको उद्देश्य रहेको छ। संस्कृत गुरुकुलहरूले संस्कृत शिक्षा मात्र दिँदैनन् । संस्कृतसँगसँगै आधुनिक विषय पनि पठनपाठन गराउँछन् । यसै उद्देश्यअनुरूप भरतपुर महानगरपालिका भित्र पाँचवटा माध्यमिक तहसम्म अध्ययन अध्यापन हुने गुरुकुलहरू रहेका छन् । विद्यार्थी सङ्ख्याको हिसाबले २०० को हाराहारीमा विद्यार्थीहरू गुरुकुलमा पढिरहेका छन्। राज्यले गुरुकुललाई सरकारी विद्यालय सरह सुविधा नदिए पनि गुठीद्वारा सञ्चालित हुने हुँदा सबै गुरुकुलहरूलाई समान किसिमको अनुदान सहयोग उपलब्ध गराएको र भरतपुर महानगरभित्र सञ्चालित गुरुकुलहरूले व्यक्तित्व विकासका लागि अत्यन्तै अब्बल भए पनि वर्तमान युग सापेक्ष प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति निर्माण गर्ने आधुनिक विषय लक्षित कार्यक्रमहरू बढी प्रभावकारी भएका छन् । त्यसैले गुरुकुलहरूमा पर्याप्त विद्यार्थी छैनन् ।

संस्कृत गुरुकुलहरूले आफ्नो शिक्षा पद्धतिलाई परम्पराबाट परिष्कार गरी नयाँ प्रविधिसँग जोडेर लैजानसके भरतपुर महानगरभित्रका गुरुकुलको भविष्य अत्यन्तै सकारात्मक र प्रभावकारी हुन सक्ने देखिन्छ ।

***स्रोत:*** *सम्बन्धित स्थलगत अध्ययन, प्राचार्य एवम् सञ्चालकसँगको वार्ता/अन्तर्वार्ता*

卐

कन्या गुरुकुलम

# देवघाटको सेरेफेरो नियाल्दा



कृष्णप्रसाद पण्डित*

बागमती प्रदेश, चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १ मा पर्ने देवघाट क्षेत्रमा प्राग ऐतिहासिक, पौराणिक कालमा विश्व प्रशिद्ध महर्षि वेदवास, महर्षि वशिष्ठ, ब्रह्मर्षि विश्वामित्र ऋषिहरू आएर तपस्या, योगसाधना, योगाभ्यास गरेको कुरा पनि यत्रतत्र सर्वत्र उल्लेख गरेको देखिन्छ। देवताहरू पनि माघे सङ्क्रान्ति, श्रावण सङ्क्रान्ति, एकादशीहरू र महाशिवरात्री, कृष्ण जन्माष्टमी आदि पर्वहरूमा कालीगण्डकी र त्रिशूली नदीको सङ्गमस्थल देवघाटमा आर स्नान गर्ने गरेको हुनाले देवघाट नामकरण गरिएको भन्ने उक्ति प्रचलनमा आएको छ। त्रिशूलीपारि र गण्डकी नदीको बिच खण्ड तनहुँ जिल्लाअन्तर्गत पर्दछ। सो देवघाटदेखि केही पूर्वी भागमा वागीश्वरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक पुरातात्विक इत्यादि कारणले महत्त्वपूर्ण स्थान मानिन्छ। यस्तो महत्त्वपूर्ण भएको कारणले विभिन्न व्यक्ति वा संस्थाहरूले आफ्नो अधीनमा पार्न अनेक किसिमका आदेश गराई ल्याएर विविध किसिमका भवनहरू बनाई हडपेका थिए।

यो क्षेत्र देशभक्ति, राष्ट्रप्रेमी, राष्ट्रगुरु योगी श्री नरहरिनाथजी र सर्वोच्च अदालतको निर्णयद्वारा सुरक्षित रहेको हो। योगी श्री नरहरिनाथजीले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। सर्वोच्च अदालतले २०५३ साल वैशाख १७ गतेको निर्णयले श्री ५ को सरकारको निर्णयलाई बदर गरी पुरातात्विक, धार्मिक क्षेत्र सुरक्षित राख्न पर्छ भनी आदेश दिंदा पनि अटेर गरेर नछाडेका हुँदा पुनः योगी श्री बलभद्रजीले सर्वोच्च अदालतमा मुद्दा हाल्नुभयो र सर्वोच्च अदालतको मिति २०६५ असार २ गतेको फैसला र २०६९ सालमा श्री वागीश्वरी स्थित मेडिकल कलेज हटाउन सङ्घर्ष समिति गठन गरी दबाब दिएपछि मात्र उक्त कलेज सो क्षेत्रबाट हट्यो र सुरक्षित रहन पाएको छ। हाल त्यहाँ श्री वागीश्वरी आध्यात्मिक परिषद् योगी नरहरिनाथ आश्रम नामको आश्रम स्थापना गरी सो संस्थाको नामबाट विविध कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। जसमध्ये गौशाला, गौ उद्योग, योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय, आवासीय संस्कृत पाठशाला गुरुकुलम् सञ्चालन भइरहेका छन्। संस्कृत पाठशालामा समावेश बटुकहरूलाई निःशुल्क पढाइन्छ। यसरी सङ्घर्ष गरी उक्त क्षेत्र संरक्षण गर्ने सम्पूर्ण महानुभावहरूलाई हार्दिक अभिवादनका साथ आभार प्रकट गर्दछु।

पारीको तनहुँ जिल्लाअन्तर्गत देवघाट गाउँपालिकाको क्षेत्रमा विशेष गरी श्री ईश्वरानन्दबाबा (गलेश्वर बाबा) को आश्रममा वेदवेदाङ्ग संस्कृत गुरुकुलम् पाठशालामा शास्त्री स्तरसम्मको पढाइ हुन्छ। हरिहर सन्न्यास आश्रममा पनि शास्त्रीयसम्मको, श्री महेश आश्रममा आचार्य स्तरसम्मको पढाइ हुन्छ। ती सबै आश्रमहरूमा बसी पढ्ने बटुक विद्यार्थीहरूलाई गास, बासको व्यवस्था आश्रमद्वारा नै हुने गरेको छ। त्यस

* पूर्व उपप्रशासक - वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन।

क्षेत्रमा मुकुन्देश्वर महादेव, चक्रवर्ती मन्दिर र विविध देवी देवताहरूका मन्दिर हुन् । सीता पाताल प्रवेश घर र वशिष्ठ गुफा त्यही छन् । साथसाथै बृद्धबृद्धाहरूलाई गास, बास र औषधी उपचारको व्यवस्थासमेत छ ।

भरतपुर महानगरपालिका क्षेत्रको देवघाटमा प्रायः लक्ष्मीनारायणका मन्दिर, शिवालयहरू छन् र शरणागति संस्कृत गुरुकुलम् पाठशाला पनि छ । त्यहाँ बसी पढ्ने विद्यार्थी बटुकहरूलाई पनि अन्य गुरुकुलम्को जस्तै गाँस, बासको व्यवस्था छ । सो आश्रमको व्यवस्था प्रा. श्री खेमराज केशवशरणजीले मिलाउनुभएको हो । त्यसको केही उत्तरी क्षेत्रमा श्री सीताराम संस्कृत सरकारी विद्यालय छ । त्यसको आडैमा कश्यप गोत्रका अधिकारी बन्धुहरूको कुल देवताको मन्दिर देख्न पाइन्छ । साथै त्यहीँनेर  विशालबौद्ध गुम्बा भवन र त्यसको नजिकै एन.आर.एन.को सहयोग र गलेश्वर आश्रमको सञ्चालनमा बृद्धाश्रम पनि विद्यमान छ । त्यसको केही पर पौडेल थरका बन्धुहरूको कुल देवतापूजाको मन्दिर देख्न पाइन्छ । यसको आडैमा एक लोककल्याणार्थ सेवा प्रतिष्ठान, रामजानकी बालिका कन्या आश्रम छ । त्यहाँ समावेशी बालिकाहरू (अनाथ, असहाय) लाई गास, बास र कपासको समेत व्यवस्था गरी निःशुल्क पठनपाठनको व्यवस्था गरिएको रहेछ । यस्तो परोपकारी संस्थाहरूको अवलोकन गर्ने सिलसिलामा यस पङ्क्तिको लेखक पनि त्यहाँ पुगेको थियो ।

लोक कल्याणसेवा प्रतिष्ठान, श्रीराम जानकी बालिका आश्रम कसरी सञ्चालन भइरहेको छ भन्ने जिज्ञासा जाग्यो र त्यस संस्थाका अध्यक्ष श्री सावित्री टण्डन र महासचिव श्री रामेश्वरप्रसाद खनालजीहरू त्यहीँ बसिरहनुभएको रहेछ र उहाँहरूसँग यस संस्थाका सञ्चालन कसरी भइरहेको छ भनी प्रश्न गर्दा उहाँहरूले भन्नुहुन्छः 'हामी सर्वप्रथम आध्यात्मिक सत्सङ्ग कार्यक्रममा धार्मिक प्रवचन, कथा इत्यादि श्रवण गर्ने र हामी आफूहरूले पनि प्रवचन कथा वाचन गर्दै हिँड्ने सन्दर्भमा भेटघाट र परिचय भयो । केही समय पश्चात् झापामा डि.एस.पी.का घरमा काम गर्न बसेको बालिकालाई बलात्कार भएको, त्यस्तै पाटनमा न्यायधीशको घरमा काम गर्न बसेकी बालिकाको बलात्कार भयो भन्ने समाचार सुन्नमा आयो । यस्तो देशकै अन्याय अत्याचारमा परेका मानिसहरूलाई न्याय दिलाई सो अन्याय अत्याचारबाट मुक्त गराई शान्ति सुरक्षा कायम गर्ने उद्देश्य लिएका न्यायमूर्तिहरूकै घरमा आश्रय लिएर काम गर्न बसेका बालबालिकाहरूलाई यस्तो अन्याय अत्याचार हुन्छ भने त्यस्ता बालबालिकाहरूलाई कसरी सहयोग गरी मुक्त गराउन र सुयोग्य नागरिक बनाउन सकिन्छ त भनी एक आपसमा छलफल गऱ्यौ । धेरै विचार विमर्श गर्दा यस्तो दुःखमा परेकाहरूलाई उद्धार गर्न त एउटा परोपकारी संस्था नै खोलौ र त्यस संस्थामार्फत् उद्धार गरौँ भन्ने निष्कर्षमा पुग्यौँ र संस्था दर्ता गराउनेतर्फ लाग्यौँ ।

काठमाडौँ महानगरपालिका वडा नं. ९ गौशालामा गई छलफलका साथै विधान बनायौँ र त्यसको सिफारिस लिई काठमाडौँ म.न.पा.बाट पनि सिफारिस लिई काठमाडौँ प्र.जि.अ.को कार्यालयमा २०६७ पौष २६ गते दर्ता गरौँ । द.नं. ६२२।०६७।०६८, पान नं. ३०४७२२७२२ छ । दर्ता गर्दाका संस्थापक सदस्यहरूमा निम्न लिखित व्यक्तिहरू थियौँ ।

१) अध्यक्ष श्री सावित्री टण्डन (नेपाली माता)
२) उपाध्यक्ष श्री सुष्मा बास्कोटा
३) महासचिव रामेश्वर प्रसाद खनाल
४) कोषाध्यक्ष श्री नुच्छेलाल श्रेष्ठ
५) सचिव श्री नुच्छेमाया श्रेष्ठ
६) सदस्य श्री गीताकुमारी रिजाल
७) सदस्य श्री रमला श्रेष्ठ

विधानअनुसार २।२ वर्षमा सञ्चालक

समितिको निर्वाचन हुन्छ तर अध्यक्ष र महासचिव फेरिदैन । यसरी काठमाडौँमा दर्ता गराएको लोककल्याणार्थ प्रतिष्ठान दर्ता भएपछि चितवनमा आएर त्यसको शाखा खोल्यौँ । त्यसैअन्तर्गत श्रीरामजानकी बालिका आश्रम खोलेर सञ्चालन गरिरहेका छौँ । भ.म.न.पा. देवघाट चितवन र नं. ०१२ हो ।

अनाथ, बेवारिसे सडक बालबालिकाहरूलाई ल्याई गास, वास, कपास व्यवस्था गरी पढाइरहेका छौँ । उमेर पुगेकालाई विवाहसमेत आश्रमकै खर्चमा गराइदिएका छौँ । बालिकाहरूको इच्छाअनुसार सुरुदेखि +२ सम्म सरकारी विद्यालयमा र संस्कृत पढ्न चाहनेहरूलाई कालिका संस्कृत विद्यापीठ गैंडाकोटमा आश्रमद्वारा नै पढाइन्छ। बिहान, बेलुका आश्रममै संस्कृत पुराणहरू पढाइन्छ । अहिलेसम्म ३ जना बालिका श्रीमद्भागवत कथावाचिका र ३ जना उपवाचिका भएर सुयोग्य, सभ्य नागरिक भैसकेका छन् । सुरुमा ३ जना बालिकाबाट प्रारम्भ भए पनि हाल ३४ जना विद्यार्थीलाई यस आश्रमद्वारा शिक्षादान गराइराखिएको छ। महानगरपालिका, प्र.जि.अ.को कार्यालय र त्यस्तै कल्याणकारी संस्थाहरूद्वारा सिफारिस बालिकाहरूलाई शैक्षिक वर्ष वैशाखमा भर्ना गर्ने चलन छ।

आजीवन सदस्यहरू र धार्मिक दयालु दाताहरूकै सहयोगमा भव्य दुईतले छात्रावास भवन बनेको छ । सायद नेपालमै पहिलो होला यस्तो किसिमको समावेशी बालिकाहरूको गुरुकुलम् आश्रम पठनपाठनको व्यवस्था भएको संस्था । लाखौलाख धन्यवाद र शुभकामना छ यस्तो परोपकारी दयालु व्यक्तिहलाई।

**यस संस्थाको आह्वानः**

१) हाम्रो सानो सहयोगले नानीहरू यो देशको योग्य नागरिक बन्नेछन् ।

२) हाम्रा परिवारका सदस्यहरूको जन्मदिन, पितृश्राद्ध एवम् विवाह, ब्रतबन्धहरूमा नानीहरूलाई एक दिनको भोजन गराउन सकिने छ।

३) नानीहरूको अभिभावक बनी शिक्षा, स्वास्थ्य र अक्षयकोष स्थापनार्थ कार्यमा सहयोग पुऱ्याउन सकिने छ।

४) सहयोगी दाताहरूले ज्याति विकास बैंक खाता नं. ०१५००५०००५००७४००००००५ मा जम्मा गर्न सक्नु हुनेछ।

यस संस्था वा आश्रमको आडमा एन.आर.एन.को सहयोग र गलेश्वर आश्रमको सञ्चालनमा अनाथ बृद्धाश्रमको आवास विद्यमान छ।

अहिलेसम्म प्रचारमा नआएको तर सुचारु रूपमा सञ्चालन भइरहेको देखिएको हुँदा प्रचारमा आओस् र सहयोगी हातहरूको सहयोग मिल्दै रहोस् भन्ने उद्देश्यले यसबारेमा केही गम्भीर रूपमा लेखिएको छ । श्रीराम जानकी बालिका आश्रम गुरुकुलम् र श्री वागीश्वरी आध्यात्मिक परिषद्, योगी श्री नरहरिनाथ आश्रमद्वारा सञ्चालित संस्कृत पाठशालामा समावेशी बटुकहरूलाई भर्ना गरी पढाउने व्यवस्था भएको नेपालमा पहिलौ नै हो कि ?

*स्रोतः - प्रा.डा. श्रीकर्णबहादुर बानिया, बागीश्वरी रजत स्मारिका २५ औँ*

*- सम्बन्धित व्यक्तिहरूको अन्तर्वार्ता*

*- लेखक स्वयम्को अनुभव*

卐

कविता

# म समय हुँ



खनाल रेवतीरमण
भरतपुर, चितवन

म आदि हुँ
म अनादि हुँ
म नित्य हुँ
म चिरन्तन सत्य हुँ
म अखण्ड तथ्य हुँ
म अक्षय हुँ
म समय हुँ

म गति हुँ
म लय हुँ
नजरअन्दाज नगर
म प्रलय हुँ
म समय हुँ

म अजर हुँ
म अमर हुँ
म अजरामर हुँ
म वर्द्धमान हुँ
भूत/भविष्य/वर्तमान हुँ
म अभय हुँ
म समय हुँ

म अन्ह/मास र साल हुँ
दशाब्द/शताब्द/सहस्राब्द हुँ
युग हुँ/ कल्प हुँ
कुनै विकल्प छैन मेरो
म निर्विकल्प हुँ

आफूलाई चेतनापुञ्ज ठानी
घमण्डको घोडामा सयर गर्ने
विषय वासनामा लिप्त
मूर्ख मनुवा !
मलाई बिताउने कुरा नगर
स्वयम् तिमी आफै बित्ने छौ

म काल हुँ
कालको पनि काल
महाङ्काल हुँ
म अजय हुँ
म समय हुँ

म सार हुँ
सृष्टि/स्थिति/संहार हुँ
म निरामय हुँ
निरापद /निर्भय हुँ
म समय हुँ

卐

कविता

# गाउँको कविता



गणेश श्रमण*

आफू नै नबसेपछि
कसरी हुन्छ त
गाउँको विकास
हामी सबै झऱ्यौ
तल तल
गाउँकै खोला झरे झैं र
थुपरियौँ सहरमा
चाडपर्व र मेलामा
बुबाआमा सम्झी
कहिलेकाहीँ गाउँ जाँदा
भन्ने गर्छौं-
खोइ , सधैँ उस्तै छ
कहिल्यै नहुने भो
गाउँको विकास
युवा तन्नेरी कोही नबस्ने
कोही विदेश ताक्ने त
कोही राजधानी ताक्ने
बुढाबुढीको भरमा मात्र
कसरी हुन्छ त
गाउँको विकास
जग्गा बाँझो हुन थाल्यो
जङ्गल र झाडी बढ्न थाल्यो
गाउँमा मानिस कम र
बाँदर बढी हुन थालेपछि
कसरी हुन्छ त
गाउँको विकास


अशिक्षा र अज्ञानताको जालो
कुहिरो झैँ डम्म छ
कुरीति र अन्धविश्वासको बादलले
गाउँ पुरै ढाकिएको छ
विकास निर्माणका कुरा
कागजमा मात्र सीमित भएपछि
कसरी हुन्छ त
गाउँको विकास
नीतिनियम आफैँ बन्दोरहेनछ
विद्यालय आफैँ खुल्दोरहेनछ
सबैले छाडेको गाउँ
चुनावमा मात्र सम्झिएपछि
कसरी हुन्छ त
गाउँको विकास
नदीमा आफै पुल
आउँदो रहेनछ
खोला, आफै बिजुली
हुँदोरहेनछ
भीरमा, आफै मोटर
गुड्दो रहेनछ
गाउँले नै नभएपछि
कसरी हुन्छ त
गाउँको विकास
आफू नै नबसेपछि
कसरी हुन्छ त
देशको विकास

卐

* उपाध्यक्ष - चितवन साहित्य परिषद् ।

संस्मरण

# चितवनका साहित्यिक संस्मरणहरू



घनश्याम शर्मा पौड्याल*

*(आदरणीय पाठकवृन्द, यो बत्तिस वर्षअधिको घुर्मौलो स्मृतिको आधारमा तयार पारेको संस्मरणात्मक लेख हो । यसलाई त्यही रूपमा लिइदिनुहुनेछ भन्ने अपेक्षा राखेको छु ।)*

म भौतिक रूपमा चितवनमा नियमित बस्न छोडेको करिब बत्तिस वर्ष भएछ। यसो त म औपचारिक रूपमा जम्मा छपन्न वर्ष चितवनको स्थानीय बासिन्दा रहेँ । आफ्नो स्वास्थ्य, उमेर अन्य कतिपय भौतिक-प्राविधिक समस्याले गर्दा करिब डेढ महिनाअघि (गत चैत्र १२ गते) मात्र मैले चितवनबाट कागजी रूपमा ललितपुरको लागि स्थानान्तरण लिएँ । फेरि पनि म आफूलाई चितौने नै भनी दाबी गर्न मन पराउँछु । मेरा दाजुभाउजू, भतिजाभतिजीहरू सबै त्यतै छन् । मेरा दुई दिदीबहिनी त्यहीँ छन् । बालकुमारी मावि, स्मल हेभेन स्कुल र सप्तगण्डकी क्याम्पस जस्ता श्रम, सिप र पसिना रोपेका शिक्षण संस्थाहरू त्यहीँ छन् । सहकर्मी शिक्षक साथीहरू धेरै त्यहीँ छन् । हजारहजारको जुलुसमा मलाई अघि लाएर न्याय खोज्दै दिउँसै लाल्टिन बालेर हिँड्ने शिक्षक साथीहरू त्यतै छन् । मलाई पञ्चायती शासनले लखेट्दा आ-आफ्ना घरमा स्नेहपूर्वक लुकाएर राख्ने र खानबस्नको व्यवस्था गर्ने घरपरिवारहरूको गुन बिर्सने कुरै भएन । मैले पढाएका हजारौँ विद्यार्थी र तिनका अभिभावक त्यतै छन् । तिनले देखे आज पनि 'घनश्याम गुरु' भनेर बोलाइहाल्छन् । मैले रातीराती पुगेर 'ए, धेरै सुतियो, ब्युझ अब, सल्काऊ क्रान्तिको राँको !' भन्दै साउतीमा कुरा गरेका दुखियाजनहरू त्यतै छन् । तिनको लागि दुई छाक अँगेनो तताउन आज पनि उत्तिकै सास्ती होला झैँ लाग्छ । भरतपुर, क्षेत्रपुर, नारायणगढ गर्दा लाखौँपटक कुल्चेको माटो र त्यसका कणकणमा भिजेको पसिनाको आर्द्रता अनि सुगन्धलाई भुल्न सकेको छैन । नयाँ चाइनिज साइकल किनेर हुइँकिँदाको आनन्द त झन् बिर्सिनसक्नु छ । चितवनको कुनै सुसमाचार सुन्दा पढ्दा आज पनि म त्यसै खुसीले पुलकित हुन्छु । कम्तीमा एकतिहाइ सपनामा त म त्यतै कक्षामा पढाइरहेको पो हुँदोरहेछु । आज भने काठमाडौँको कोलाहलमा बसेर चितवनको संस्मरणलाई 'कुनै समयको कुरा' बनाएर लेख्नु परिरहेछ । मैले मात्र चाहँदैमा हुने भए आजै चितवन फर्किजाने थिएँ, तर मनले चाहेजस्तो सबै कहाँ हुन्छ र । धेरै सर्किटहरूले पो बज्दोरहेछ त जिन्दगीको सारङ्गी त ।

म २०२४ साल जेठदेखि चितौने बन्न सुरु गरेँ । मेरो घर, घर के भन्नु छाप्रो, जगतपुर लक्ष्मी माविको पूर्वतिरको प्लटमा थियो । करिब डेढवर्ष जगतपुर, खड्क्यौलीको प्राविमा र लक्ष्मी निमावि (त्यतिखेरको) मा पढाएपछि फेरि पढ्न भनी काठमाडौँतिर लागेँ । अनि स्नातक तहको पढाइ सिध्याएपछि २०३२ साल कार्तिक महिनादेखि २०४८ साल जेठ महिनासम्म स्थायी शिक्षकको रूपमा बालकुमारी माविमा

* पूर्व सांसद - राष्ट्रिय सभा ।

कार्यरत रहेँ । एम्.ए स्व-अध्ययनकै बलमा गरियो । सप्तगण्डकी क्याम्पसको स्थापनाको सन्दर्भमा बगाएका पसिना, कतिका धम्की र भोकभोकै पढाएका कथा त अब धुलोमै पुरिइसके । बालकुमारी माविमा शनिबार पनि बिदा नलिई भित्ते पत्रिका निकाल्न भनी दिनभरि विद्यार्थीसँग बिताउने गरेको कुरा पनि इतिहास भयो । स्मल हेभेनको स्थापना गर्दा पैसा कमाउने सपना थिएन, एउटा शैक्षिक नमुना देखाउने धोको थियो । आज मेरो यी कुनै पनि शिक्षण संस्थासँग व्यावसायिक वा आर्थिक-भौतिक सम्पर्क सम्बन्ध छैन । तर पनि मन भन्छ, 'तँ जहासुकैँ जा न, फेरि पनि तेरो हंस त त्यतैकतै पुगिरहेको हुन्छ ।' यो साहित्यिक संस्मरणसँग यस्तो निजी गन्थनको गोरुबेचे साइनो पनि नहुन सक्छ । तर केही कुरा सम्झनलाई एउटा ताँदो नसमाती पूर्वस्मृतितिर पुग्न सकिँदो रहेनछ त्यही ताँदो हो, यो गन्थन । अब भने लागौँ चितवनमा बस्दा सँगालेको तत्कालीन साहित्यिक गतिविधिको स्मृतिपटलतिर ।

स्मृति धूमिल छ । मेरो मस्तिष्कमा चितवनले जेजस्ता रेखा र चित्र भरेको थियो, २०४८ पछिको कार्यक्षेत्र, साथसङ्गत, सोचाइ, बोलाइ, हिँडाइ, लबाइखवाइलगायत यावत् जीवनचर्याले तिनलाई पुछ्ने र त्यहाँ नयाँ रेखा कोर्ने गर्न थालेछ । कागजमा नलेखिएका ती रेखा र चित्र मेटिँदै जान थाले । स्कुलको भित्तेपाटीमा एक जना शिक्षकले आफ्नो विषयको टिपोट भरेर जान्छ र अर्को विषयको शिक्षक आउनेबित्तिकै त्यसलाई मेटेर आफ्नो विषय भर्न थाल्छ । हिजोसम्मको शैक्षिक-साहित्यिक माहोलबाट पूरै राजनीतिक माहोलमा गएपछि मेरो स्मृतिपटमा कोरिएका रेखाहरू पनि त्यसरी नै बदलिए, वा अस्पष्ट भए । स्मृतिमा जेजति बचेको छ, त्यो चितवनको ममता अपनत्वले बचाएको छ, सपनाले बचाएको छ । त्यसैले यहाँ जे लेखिनेछ, त्यसमा यथार्थभन्दा भाव नै बढी पाइने छ । स्मृतिमा जेजस्तो आयो, त्यसैलाई अक्षरमा उतारेको छु ।

यस विषयमा प्रवेश गर्दा सर्वप्रथम मैले कविलेखकहरूलाई सम्झिने कोसिस गरेँ । स्मृतिमा आएका नामहरूलाई सरसरी यसरी उतारेँ : प्रेमविनोद नन्दन, मदनमोहन जोशी, हरिहर खनाल, खगेन्द्र संग्रौला, आनन्ददेव भट्ट, डा.सूर्यमणि अधिकारी, ईश्वरी ओझा, इन्द्र रेग्मी, कपिल अज्ञात, घनश्याम पौड्याल, रामबाबु घिमिरे, रविकिरण निर्जीव, शशिकिरण रेग्मी, हरिहर सविता, जगतराज पौडेल, जगतराज श्रेठ, कान्तलाल ' प्रभात', खुसीराम पाखिन, नरेन्द्र जंग पिटर, रामहरि श्रेष्ठ, साध्यबहादुर भण्डारी, गोविन्दराज विनोदी, पोषराज पौडेल, प्रकाश चापागाई, चेतनाथ चापागाई, कोमलनाथ कोइराला, केदारनाथ खनाल, डा. विष्णु सापकोटा, भवनाथ सडौला, विष्णु सापकोटा, लकाश पौडेल, वामदेव पण्डित, प्रभात जोशी, गाउने साइँला (रूपलाल विश्वकर्मा), देवराज पौडेल (कान्छा), रेशम विरही, रणेन्द्र बराली, श्याम गोतामे, गोरखनाथ भारो, होमनाथ सापकोटा, धर्मराज अर्याल, ईश्वर श्रेष्ठ, अनिल सिग्देल, दिलीप कार्की, गायत्री श्रेष्ठ, सरस्वती रिजाल, तेजराज सुवेदी, पुण्य रेग्मी, सूर्यप्रकाश जमर्कटेल, प्रभा पौडेल र पौडेल दिदीबहिनी । उपेन्द्र श्रेष्ठ, द्वारिका श्रेष्ठ । नाम टिपिरहँदा जसरी स्मृतिमा आयो, त्यसरी नै टिपेँ । वर्णक्रम वा ज्येष्ठकनिष्ठ श्रेष्ठवरिष्ठ जस्ता कुरालाई वास्ता गरिएको छैन ।

नाम त टिपेँ, तर मेरा अगज्र तथा अनुजहरूले यी सबै नामहरूलाई लेखक-साहित्यकारको रूपमा स्वीकार गर्ला कि नगर्ला, हुन् वा हैनन्मा मेरो कुनै जिरह रहनेछैन । त्यो बेलै त्यस्तो थियो नि, कसैले एउटै लेख वा कविता सुनाए पनि केही गरेझैँ लाग्ने । तर जति नाम लिएँ, पार लाउन भने गाह्रो छ । यी नाममध्ये अधिकांश लेखकरूका कृतिहरू प्रकाशित भएनभएको सूचना पनि मसँग छैन । केही जनाका केही कृतिहरू मात्र मसँग

सङ्ग्रहीत छन् । तर ती पनि पुस्तकहरूको घाँजमा कुन कता परेका छन्, भन्न सक्तिनँ ।

मेरो नियमित रूपमा चितवन बसाइताका देशमा पञ्चायती निरङ्कुशता कायम थियो । जताततै पुलिस, गुप्तचर र मण्डलेहरू हाबी थिए । बहुदल घोषणापछि त त्यहाँ एक वर्ष मात्र मेरो बसाइ भयो । त्यति बेला सत्ताको पक्षधर नहुनेहरूलाई बोल्न, लेख्न र छाप्न अचेल जस्तो सजिलो थिएन भन्ने कुरा त मेरो पुस्ताका पाका लेखकहरूलाई बताइरहनु परेन । लेखिहाले पनि सुनाउने कहाँ र कसलाई । मञ्च पाउनै गाह्रो । अझ छापामा लैजान त झनै गाह्रो । त्यति खेर लेख्ने र बोल्ने थोरै हुन्थे । त्यसैले त्यो निखरोको समयमा कसैको एकाध रचना सुनेको वा पढेको मात्र सम्झना हुनेहरूको नाम पनि यहाँ समेटिएको छ । यत्ति हो, केही त आजका पाठकहरूका लागि नसुनिएका नाम पनि होलान् नै । यहाँ उल्लेख भएका कतिपय त उमेर तथा लेखनकै दृष्टिले पनि मेरा आदरणीय व्यक्तिहरू हुनुहुन्छ । तर म सबैको लागि समान हुने गरी तिमी, तिनी, उनी जस्ता सर्वनाहरूकै प्रयोग गर्ने अनुमति माग्छु।

**प्रेमविनोद नन्दन**: अर्थात् साहित्यिक फाँटमा सबैका नन्दन दाइ । सामान्य ग्राहकको लागि उनी एक किराना पसले साहुजी हुन् । तर साहित्य कलामा चाख राख्नेको लागि उनी कुशल कवि एवम् गीतकार हुन् । उनले महाकवि देवकोटा मात्र हैन, रवीन्द्रनाथ टैगोर, फिर्दौसी तथा ओमर खैयामजस्ता फारसी कविहरूको नामसमेत बेलाबखत लिने गर्थे । उनका सबै गीत कविता पढ्न र सुन्न पाएको छैन । जति सुनेँ र स्मृतिमा रह्यो, त्यस आधारमा उनलाई हल्का शृङ्गारिक तथा रोमान्टिक शैलीका सर्जकको रूपमा पाएको आफ्नो अनुभव छ । उनी नारायणी कलामन्दिरमा आवद्ध थिए । उनका गीतहरू रेडियो नेपाल तथा चलचित्रतिर पनि सुन्न पाइन्छ ।

**मदनमोहन जोशी**: नारायणगढ बजारको मेनरोडको जोशी पुस्तक पसल, त्यतिखेरका स्कुले विद्यार्थीदेखि शिक्षक, प्राध्यापक, कवि, लेखक तथा विशेषतः वामवृत्तका पाठकहरूको लागि गइरहने थलो बनेको थियो त्यो ठाउँ । म उनलाई जोशी दाइ नै भन्थेँ । उनी त्यति बेलै म र मजस्ताको निम्ति एक अग्रज मार्क्सवादी चिन्तक तथा लेखक थिए । उनको किताब पसलमा चितवन, नवलपरासी, मकवानपुर, धादिङ, गोरखा, तनहुँ आदि जिल्लाका पाठकहरू आउँथे र मार्क्सवादी साहित्यिक सामग्रीहरू लिएर जान्थे । उनका होची मिन्हको जीवनी र त्यस्तै सानासाना वैचारिक लेख, पुस्तिका तथा अनुवादहरू पढेको स्मृतिमा छ । उनी साहित्य संगम चितवनका संस्थापक अध्यक्ष हुन् ।

**हरिहर खनाल**: खनालले कविताबाट साहित्यिक यात्रा सुरु गरे तापनि मूलतः उनी कथाकार हुन् । उनका 'बिदा हुँदा' (कविता सङ्ग्रह) को साथै 'अजम्मरी गाउँ, आकाश छुने डाँडोमुनि, देशपरदेश, बमको छिर्का' गरी चारवटा कथा सङ्ग्रहहरू उति बेलै प्रकाशित भइसकेका थिए । यसको अतिरिक्त बेलाबखत विभिन्न प्रकाशनहरूमा उनका कथाहरू प्रकाशित भइरहन्थे । उनी प्रगतिवादी धाराका लेखक हुन् । उनको लेखन अत्यन्त सरल, रुचिकर तथा बोधगम्य हुन्छ । उनका कथाहरूमा निर्धानिमुखा तथा शोषित उत्पीडित पात्रहरू जीवन्त बनेर आफ्नो मर्म पोखिरहेका हुन्छन् । वामपन्थी लेखकहरूको सामयिक प्रकाशन 'नौलो राँको' मा उनको विशेष उपस्थिति देखिन्छ । आजका खनाल भने आख्यानकार मात्र नभएर बहुविध कलमकर्मी बनेका छन् । उनी आज पनि लेखनमा व्यस्त र मस्त देखिन्छन् ।

**खगेन्द्र सङ्ग्रौला**: सङ्ग्रौला चितवनकै रैथाने त होइनन् । तर म जुन समयको साहित्यिक गतिविधिको स्मरण गरिरहेको छु, त्यति बेला उनको घर तथा साहित्यिक कर्मथलो चितवन नै थियो । बन्दीपुरबाट एक शिक्षकको

रूपमा चितवन झरेपछि उनी लेखनक्षेत्रमा धेरैका उत्प्रेरक बनेका थिए । उनका कथा तथा नाटकहरूमा साहूसामन्तद्वारा हेपिएका तथा चुसिएका पात्रहरूको दर्दनाक जीवनचित्र पाइन्छ । उनी त्यस्ता पात्रलाई शोषण उत्पीडनविरुद्ध लड्न हौस्याउँछन् । उनी खरो र स्पष्ट भाषाशैलीको प्रयोग गर्न मनपराउँछन् । लेखन र वक्तृतामा उत्तिकै क्षमता भएका सङ्ग्रौला आजसम्म आइपुग्दा नेपाली समाजका खलपात्रहरू, दुष्प्रवृत्तिहरू र जुनसुकै प्रतिकूल प्रथा एवम् प्रणाली विरुद्ध एकसुरले धावा बोलिरहेका छन् । उनी वास्तवमै सामाजिक 'कु' को विरुद्ध एक्लै पनि समरमा टिकिरहने 'बागी' वीर हुन् ।

**आनन्ददेव भट्ट**ः भट्ट प्रगतिशील लेखन सुपरिचित व्यक्तित्व हुन् । यिनी वीरेन्द्र कलेज (क्याम्पस), भरतपुरका प्राचार्य हुन् । तर यिनी चितवनको एउटा पुस्ताको लागि बौद्धिक, शैक्षिक तथा साहित्यिक गुरु नै थिए । मलाई भने त्यो सौभाग्य प्राप्त भएन । मेरो यिनीसँग व्यक्तिगत रूपमा जेजति भेटघाट भयो, चितवन छोडेपछि नै भयो । यिनको लेखन तथा प्रखर वक्तृत्व क्षमताबाट तत्कालीन पुस्ता निकै प्रभावित र प्रेरित रह्यो । चितवनका आजका कतिपय पाका लेखकहरू भट्टबाट प्रभावित रहेको कुरा धेरैपटक सुनेको छु ।

**डा. सूर्यमणि अधिकारी**ः वीरेन्द्र बहुमुखी क्याम्पसका प्राचार्य अधिकारी साहित्यिक लेखक हैनन् । यिनको अध्ययन र लेखनको क्षेत्र इतिहास हो । यिनले 'खस जातिको इतिहास' सम्बन्धी महत्त्वपूर्ण अनुसन्धानमूलक ग्रन्ध प्रकाशनमा ल्याएका थिए ।

**डा. गणेश खराल**ः यी वीरेन्द्र बहुमुखी क्याम्पसका प्राध्यापक खरेल गैँडाकोट निवासी हुन् । यिनको थारु भाषासम्बन्धी शोध ग्रन्थ प्रकाशित छ ।

**डा. विष्णु घिमिरे**ः यी पनि प्राध्यापक र इतिहास-संस्कृति लेखक हुन् । यिनका एकाध ऐतिहासिक लेख पढेको सम्झना छ ।

**ईश्वरी ओझा**ः पाका तथा शान्त सौम्य स्वभावका ओझालाई म प्रगतिवादी धाराका कविको रूपमा पाउँथेँ । शार्दूलविक्रीडित छन्दमा सामाजिक बेथितिविरुद्ध आवाज उठाउने उनका कविता पाठकको लागि सरल तथा सहज सम्प्रेष्य लाग्दथे । त्यसमयमा उनको कुनै कृति छापिएको भए त्यो पढ्न पाइएन । आज चारबिस उमेर कटेका ओझा झन् स्फूर्त, ओजस्वी एवम् परिपक्व बनेर महाकाव्य र अन्य सानाठुला कृतिसहित पाठकमाझ पुगिरहेका देखिन्छन् ।

**इन्द्र रेग्मी**ः रेग्मी प्रतिबद्ध प्रगतिवादी धाराका लेखक हुन् । यिनी उहिलेदेखि अहिलेसम्म निरन्तर लेखनसहित विभिन्न साहित्यिक संघसंस्थामा सक्रिय देखिन्छन् । अत्याचारी सत्ता र सामाजिक व्यथितिविरुद्ध छेड हान्न खप्पीस भएर पनि सरल लेखक हुन् रेग्मी । मेरो अनुभवमा उति बेला यिनी कवितामै केन्द्रित थिए । नौलो राँको र अन्य पत्रपत्रिकामा यिनका कविता प्रकाशित भइरहन्थे । आजका रेग्मी व्यङ्ग्यप्रधान कवि र निबन्धकारको रूपमा देखिन्छन् । अद्यापि लेखनसहित विभिन्न साहित्यिक संस्थामा यिनको सक्रियता देखिन्छ ।

**कपिल अज्ञात**ः उनी छोटाछोटा कविता लेख्थे । सरलभाषामा स्वान्त भावमा लेख्ने कवि-लेखक हुन् अज्ञात । उनका कवितामा हल्का व्यङ्ग्यसहित सामाजिक चासो पाइन्छ । उनी आज पनि लेखनमा सक्रिय भएको पाउँछु ।

**घनश्याम पौड्याल**ः पौड्याल प्रगतिवादी धाराका कवि हुन् । उनी गद्य र पद्य दुवैमा लेख्छन् । पौड्याल शार्दूलविक्रीडित, मन्दाक्रान्ता, वसन्ततिलका जस्ता छन्दमा कविता सुनाउँथे । उनले छिटपुट लेख तथा निबन्धहरूमा पनि कलम चलाएको पाइन्छ । उनका कवितामा सामन्तवादी शोषण, थिचोमिचो र अन्यायविरुद्ध विद्रोहको लागि अपिल गरिएको हुन्छ । नौलो राँको, नेपाली साहित्य, उत्साह, दीयो, नौलो कोशेली आदि

पत्रिकामा उनका तत्कालीन कविता प्रकाशित छन् । आज उनी घनश्याम शर्मा पौड्यालको नाममा कविता, निबन्ध, संस्मरण, तथा धर्म-संस्कृति जस्ता विषयमा कलम चलारहेका देखिन्छन् ।

**रामबाबु घिमिरे**ः घिमिरे उन्मुक्त लेखक हुन् । उनी विशेषतः निबन्धकार हुन् । सरल भाषामा परिष्कृत शैलीमा लेखिएका उनका निबन्धले पाठकहरूलाई सहजै आकर्षित गर्दछन् । उनका निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहन्थे । आजसम्म पनि उनको सक्रियता तथा निरन्तरता यथावत् रहेको देखिन्छ ।

**रविकिरण निर्जीव**ः नाममा निर्जीव लेखे पनि उनी सजीव प्रगतिवादी लेखक हुन् । उनलाई म कवि तथा निबन्धकारको रूपमा चिन्दर्थें । निर्जीवका व्यङ्ग्यप्रधान निबिन्धले शोषण, अन्याय अत्याचार तथा समग्र सामाजिक बेथितिमाथि चोटिलो झापड हान्छन् । उनको 'नवजीवनको फूलबारी (कविता सङ्ग्रह), छेपेटार (खण्डकाव्य), सोझा निर्जीवका बाङ्गा निबन्धहरू (निबन्धसङ्ग्रह)' त्यति बेलै प्रकाशित भइसकेका थिए । छेपेटार र सोझा निर्जीवका बाङ्गा निबन्धहरू पढेको स्मृतिमा छ । उनी आज पनि लेखिरहेका देखिन्छन् ।

**शशिकिरण रेग्मी**ः शशिकिरण सानासाना कविता लिएर उपस्थित हुन्थे । उनी कवितामा सामाजिक व्यथिति विसङ्गतिप्रति प्रहार गर्छन् । उनी आज पनि लेखनमा क्रियाशील देखिन्छन् ।

**हरिहर सविता**ः सविता मूलतः कवि हुन् । उनका कवितामा जनताका दुस्मनहरूमाथि सिधा प्रहार हुन्छ । उनी हेपिएका चेपिएका र निर्धानिमुखा पात्रहरूलाई उभ्याएर सामाजिक अन्याय अत्याचारका विरोध गर्दछन् । विभिन्न पत्रपत्रिकामा उनका कविता तथा कथाहरू प्रकाशित छन् ।

**जगतराज पौडेल**ः यिनका एकाध कविता मात्र पढेको सम्झना छ । कवितामा सामाजिक अन्यायको विरोध गरेको पाइन्छ ।

**जगतराज श्रेष्ठ**ः पाका वामपन्थी चिन्तनका जगत्लाई नारायणगढ बजारतिर मान्छेहरू 'माडसाप' भनेर पनि चिन्दथे । उनी क्रान्तिकारी खालका कविता सुनाउँथे ।

**कान्तलाल प्रभात**ः यी पनि नारायणगढ बजारतिर बस्थे । स्थानीय रूपमा हुने साहित्यिक भेटघाटमा यी कविता सुनाउँथे । यिनका कवितामा सामाजिक व्यथितिप्रति असन्तुष्टि पोखिएको हुन्थ्यो ।

**खुसीराम पाख्रिन**ः पाख्रिन मूलतः गीतकार तथा गायक कलाकार हुन् । उनले उति बेलै थुप्रै गीतहरू लेखिसकेका थिए । अर्थात् उनी गीतिकविताका सर्जक हुन् । आफ्ना क्रान्तिकारी गीतमा संगीत भर्ने, गाउने र अरूलाई गाउन प्रशिक्षण दिने गर्दथे उनी । कलाकार सहिदद्वय चुनु गुरुङ, शारदा श्रेष्ठ र अन्य थुप्रै नवप्रतिभाहरूलाई प्रशिक्षित गर्ने गुरु पनि उनै हुन् ।

**नरेन्द्र जङ्ग पिटर**ः पिटर चितवनमा धेरै बसेनन् क्यारे । उनका एकाध कविता मात्र पढेको सम्झना छ । उनी आज पनि नेपालगञ्ज काठमाडौंतिर गर्दै सामाजिक विद्रोहका खोजमूलक इतिवृत्तहरू लेखनमा व्यवस्त रहेका देखिन्छन् ।

**रामहरि श्रेष्ठ**ः रामहरि कविता र सानासाना लेख लेख्थे । उनी कठोर भाषाशैलीका लेखक होइनन् । उनी सहज र सरल छन् । श्रेष्ठका लेख कवितामा मजदुर तथा दुखी गरिबका पीडाहरू पोखिएको पाइन्छ । उनी चित्रकलामा पनि अभ्यास गर्दथे । श्रेष्ठ आजभोलि साहित्यिक क्षेत्रमा झन् बढी सक्रिय देखिन्छन् ।

**साध्यबहादुर भण्डारी**ः भण्डारीले केही कथाहरू लेख्ने र सुनाउने गरेको सम्झना छ । उनका कथामा किसानको आवाज र दुखी जीवनहरूप्रतिको संवेदना पाइन्छ ।

**गोविन्दराज विनोदी**ः उनी चितवनकै बासिन्दा

नभएर नवलपरासी पूर्व गैँडाकोट निवासी हुन् । उनको विनोदी उपनाम स्वभाव र लेखनमा पनि सार्थक देखिन्छ । उनी कवि हुन् र छन्दविधानमा सुरुदेखि नै कुशल देखिन्छन् । विशेषतः शार्दूलविक्रीडित छन्दमा रचित उनका कवितामा जीवन, समाज तथा मुलुकलाई समुन्नत, सुन्दर एवम् शान्त देख्ने इच्छा व्यक्त गरिएको पाइन्छ । समग्रतामा उनका तत्कालीन कवितामा एउटा आदर्श समाजको परिकल्पना गरिएको म पाउँछु । उनी आज पनि सृजनामा सक्रिय देखिन्छन् ।

**पोषराज पौडेल**ः पोषराज उति बेला माडीतिर शिक्षण पेसामा संलग्न थिए । तर जब कुनै साहित्यिक कार्यक्रमको सुइँको पाउँथे, माडीदेखि भरतपुर नारायणगढसम्म साइकल पेल्दै पसिनैपसिना भएर आइपुग्थे । उनका कापीमा थुपै कविता कोरिएका हुन्थे र तीमध्ये कतिपय देखाउँदै 'कस्तो भएहोला सर' भनेर सोध्थे । त्यति बेला कवितामा भाव सुन्दर तथा भाषा कोमल भए पनि व्याकरण तथा छन्दविधानमा अलि सिकारु जस्तै लाग्दथे । उनलाई शार्दूलविक्रीडित छन्दका कविको रूपमा पाउँथे । कविता जत्तिकै सुन्दर हुन्थ्यो उनको वाचन पनि । उनको खुलेको गलाले जव कविता गाउँथ्यो, मलाई त्यो साह्रै सुन्दर एवम् रागात्मक लाग्थ्यो । उनी आज असीको सँघारतिर छन्, सिर्जनामा झन् बढी सक्रिय देखिन्छन् । उनी प्रगतिवादी धाराका प्रतिबद्ध कवि हुन् । पौडेल विभन्नि संस्थाहरूमा पनि सक्रिय देखिन्छन् ।

**प्रकाश चापागाईँ**ः चापागाई उति बेलै विद्रोही खालका विद्यार्थी नेता थिए । तर साहित्यिक कार्यक्रमहरू छोड्दैनथे । यिनले सुरुदेखि नै छन्दमा लेख्ने अभ्यास गर्दै आए । तर भाव सबल हुँदाहुँदै पनि यिनी छन्दविधानमा कमजोर थिए । यिनको पनि प्रिय छन्द शार्दूलविक्रीडित हो र निरन्तर कवितामा छन् । समय र अभ्यासले यिनलाई छन्दमा तिखार्दै लग्यो । यी आज पनि उत्तिकै सक्रिय देखिन्छन् । छन्दमा पनि यिनी कथ्य भावलाई सशक्त रूपमा प्रस्तुत गर्न सफल छन् । राजनीतिक तथा सामाजिक क्षेत्रका विसङ्गतिमाथि यिनी छन्दबाटै निर्मम प्रहार गर्न सक्छन् । प्रगतिवादी धाराका चापागाईँ आज पनि सिर्जनकर्मसहित विविध साहित्यिक संस्थामा आवद्ध देखिन्छन् ।

**चेतकान्त चापागाईँ**ः चापागाईँ छन्दका कुशल जनपक्षीय कवि हुन् । उनी शिखरिणी, शार्दूलविक्रीडित, मन्दाक्रान्ता आदि विविध शास्त्रीय छन्दहरूको प्रयोग गर्न सिपालु छन् । हेर्दैमा पटक्कै तडकभडक नभएका शान्त र सौम्य व्यक्ति हुन् उनी भन्ने प्रभाव ममा परेको छ । उनले आफ्ना कवितालाई मीठो भाखामा प्रस्तुत गर्दथे । साहित्यिक जमघटहरूमा भाखा हालेर कविता सुनाउँथे र तिनलाई विविध पत्रपत्रिकामा प्रकाशित पनि गराउँथे ।

**कोमलनाथ कोइराला**ः यी पनि शास्त्रीय छन्दमा कविता लेख्ने कवि हुन् । यिनका कवितामा आध्यात्मिकता, राजतन्त्रलाई आदर्शीकृत गर्ने भाव पाइन्छ । यिनका छिटपुट कविता मात्र पढेको सम्झना छ ।

**केदारनाथ खनाल**ः खनालका थोरै मात्र कविता पढेको सम्झना छ । पछिल्लो चरणमा मात्र उनी लेखनमा बढी सक्रिय देखिन्छन् । खनाल आज लेखनसहित विभिन्न साहित्यिक सांस्कृतिक संस्थामा पनि सक्रिय भएका देखिन्छन् ।

**लकाश शर्मा**ः यिनका एकाध कविता मात्र पढेको सम्झना छ । यी पनि छन्दका कवि हुन् र पछिल्लो चरणमा सृजन कर्ममा बढी सक्रिय देखिन्छन् । आज यिनी सानाठुला कवितासहित महाकाव्य समेत लिएर देखापरेको पाउँछु ।

**वामदेव पण्डित**ः पण्डित साँच्चिकै पण्डित जस्तै लाग्दथे । यिनी आफ्ना कवितामा देशको विग्रँदो हालतप्रति चिन्ता व्यक्त गर्दै शार्दूलविक्रीडित छन्दका कविता सुनाउँथे । कविताहरूमा चिन्ता मात्र हुँदैनथ्यो,

देशको सुन्दर, शान्त तथा समुन्नत भविष्यको सपना र कामना पनि गरिएको हुन्थ्यो ।

**गाउने साइँला (रूपलाल विश्वकर्मा)**: रूपलाल विश्वकर्मा यस जातवादी समाजबाट हेपिएको भुइँतहको जातवर्गबाट उठेका राजनीतिक नेता हुन् । यिनलाई चिन्ने जति धेरैले राजनीतिक रूपमा मात्र चिनेका छन् । तर यिनी राम्रा कवि पनि थिए । यिनले राजनीतिक लेख मात्र लेखेनन्, गीत कविता र कथाहरू पनि लेखे । यिनका कवितामा स्थानीय साहूसामन्तका शोषण उत्पीडन  र पञ्चायती राज्यको अत्याचारको बारेमा राम्रो चित्र उतारिएकोछ । त्यति मात्र हैन, यिनका गीतमा जनताको मनमुटुलाई छुने, चिमोट्ने र सुतेकालाई ब्युँझाउने भाव पाइन्छ । यिनका गीति कवितालाई गाउने साइँलाका गीतको रूपमा जनताका घरआँगन र मेलापातमा गाइन्थे । यिनका २२ वटा गीति कवितालाई २०४४ सालको दीयो द्वैमासिक साहित्यिक प्रकाशनको पूर्णाङ्क १६ गीति अङ्कले युग फेरिन्छ शीर्षक दिएर छापेको छ ।

**देवराज पौडेल 'कान्छा'**: उनी किसान मजदुर दुःखी गरिब र निर्धानिमुखाको पीडा र मर्मलाई गीत कवितामा आवाज दिने मान्छे हुन् । अत्यन्तै सरल तथा जनताकै भाषाशैली र तिनकै लयमा गीत तथा कविता लेखेर रातसाँझ तिनकै घरमा गएर गाउँथे उनी । उनी आफ्ना लयबद्ध गीतकविता मार्फत् शोषण तथा अन्याय अत्याचारविरुद्ध लड्न जनतालाई ब्युझाउँथे ।

**रेशम विरही**: विरहीका थोरै मात्र रचना पढेको सम्भना छ । छिटपुट स्थानीय पत्रिकाहरूमा निस्किन्थे । तर उनी पनि चितवन छोडेर नेपालगञ्जतिर गए र केही दशक उतै बिताए । आज आइपुग्दा उनी बढी गद्यलेखनमा केन्द्रित भएको र विविध विधाबाट पाठकमाझ पुगेको देखिन्छ ।

**रणेन्द्र बराली**: बरालीले पाको उमेरमा आएर मात्र लेखनमा हात हालेको देख्छु । उनी प्रगतिवादी लेखक हुन् । मैले पढेको उनको पहिलो कृति 'आफ्नै व्यथा' नामक सानो नाटक हो, जसको खेप्ना हेर्दा यी कुनै दिन लेखक बन्लान् भन्ने अपेक्षा राख्नु पनि मुस्किल थियो । ती दिनमा त्यसबाहेक अन्य उनका लेखरचना पढेको सम्झना छैन । तर आज उनी कथा, उपन्यास, जीवनी, सांस्कृतिक विमर्श आदि कृतिसहित लेखकहरूको पंक्तिमा निर्धक्क उभिन सक्ने भएका छन् । उनको लेखनअध्ययन उभ्यौलीतिरै छ भन्ने ठान्दछु ।

**श्याम गोतामे**: यो नाम सुनेर चितवनका साथीहरूलाई अनौठो पनि लाग्ला । उनी चितवनका स्थायी बासिन्दा हैनन् । उनी हुन् 'कायेन वाचा' निबन्ध सङ्ग्रह र अन्य कपिय कृतिका लेखक । उनी त्यति बेला राष्ट्रिय वाणिज्य बैङ्क चितवनका प्रमुख थिए । हाम्रा साहित्यिक जमघटहरू (जसको बारेमा म पछि चर्चा गर्नेछु) मा निकै रुचिसाथ आउँथे र सबैलाई उत्साहित हुने गरी आफ्ना व्यङ्ग्य निबन्ध सुनाउँथे । उनी आफ्नो कार्यालयका पियन कर्मचारीलाई साथै लिएर आउँथे, तपाईं भन्दै सम्मानपूर्वक आफ्नै साथमा राखेर कविता लेख्न र सुनाउन प्रोत्साहित गर्थे । पञ्चायती कालमा एउटा हाकिमले आफ्नो तल्लो तहको कर्मचारीसँग गरेको त्यो व्यवहार त्यति बेलाको लागि निकै नौलो र प्रेरणादायक थियो ।

**गोरखनाथ भारो**: उनी भरतपुर बाईपास मालपोत कार्यालयको नजिकतिरका बासिन्दा हुन् । सायद लेखनदास पो थिए कि । तर उनी साहित्यिक कार्यक्रममा विद्यमान व्यवस्था र अवस्थाप्रति असन्तोष व्यक्त गर्दै जोसिला कविता सुनाउँथे ।

**होमनाथ सापकोटा**: यिनका केही कविता सुनेको र पढेको छु । यी छन्दमा नै लेख्दथे । यिनका कवितामा सामाजिक सुधारको सन्देश पाइन्छ ।

**धर्मराज अर्याल**: उनी पूर्वी चितवन पर्सा या

लोथरतिरका बासिन्दा हुन् क्यारे । उनका फाट्फुट्ट कविता मैले पढेको छु। उनले पत्रकारिता पनि गरे भन्ने लागेको छ।

**ईश्वर श्रेष्ठ**: भरतपुर निवासी ईश्वर श्रेष्ठले एकाध पटक कविता सुनाएको मलाई सम्झना छ । उनका सामाजिक सन्जालका प्रतिक्रियाहरू देख्दा आज पनि काव्यकविताप्रति चाख राखेको देखिन्छ।

**अनिल सिग्देल**: यिनी चितवनवासी नै हुन्। यी अत्यन्त प्रतिभाशाली युवक थिए। सायद त्यति बेला बी.ए कक्षामा पढ्थे क्यार । महाकवि देवकोटाबाट यी अत्यन्त प्रभावित थिए। त्यति मात्र होइन, यिनले देवकोटाका कृतिहरूको एउटा सानो समालोचना पुस्तिका पनि प्रकाशित गरेका थिए । देवकोटाको बारेमा कुरा गर्दा शेली र वर्डस्वर्थ जस्ता अङ्ग्रेजी साहित्यकारसँग राखेर चर्चा गर्थे । यी आफ्ना रुमानी कविता सुनाउने गर्थे। दुःखद, पछिल्लो चरणमा उनको स्वास्थ्य-सन्तुलन अलि फरक पर्दै गएको थियो, त्यसपछि के भएहोला भन्ने लागिरहेको छ।

**दिलीप कार्की**: यो नाम पनि धेरैलाई थाहा नहुन सक्छ। उनी पश्चिम चितवनका निवासी थिए। आफू मोदनाथ प्रश्रितको सङ्गतबाट प्रभावित भएर लेख्न थालेको कुरा गर्थे। उनले उपन्यास भन्दै कथा आकारको कृति लिएर मसँग आए र त्यसको भूमिका लेखिमागे। तर त्यो उपन्यास भन्न सकिने खालको थिएन । फेरि पनि त्यसमा उनले उठाएका कुरा मलाई राम्रा लागे। उनले नदी तथा खोलाले खाएर बगर पल्टिएका ठाउँलाई उकासेर हराभरा पार्ने परिकल्पना त्यसमा गरेका थिए। पछि त उनी खेलकुद परिषद हुँदै दरबारिया बनेर चुनाव हिँड्छु भन्दै हिँडेको पो सुनियो।

**भवनाथ सडौला**: यिनका भाषा साहित्यसम्बन्धी छिटफुट लेख पढेको स्मृतिमा छ।

**विष्णु सापकोटा**: यिनका प्रगतिशील बान्कीका केही छन्देली कविता पढेको स्मरणमा छ।

**प्रभातकुमार जोशी**: भाषसाहित्यमा यिनको राम्रो क्षमता थियो । तर यिनका छिटपुट कविता र लेखहरू मात्र पढ्न पाएको मेरो अनुभव छ।

**सूर्यप्रकाश जमरकट्टेल**: यिनले एकदुईपटक कविता सुनाएको सम्झना छ। यी पनि शार्दूलविक्रीडित छन्दमा कविता सुनाउँथे । कवितामा सामाजिक व्यथितिप्रतिको चिन्ता व्यक्त गरेको पाउँथेँ।

**तेजराज सुवेदी**: यी शिक्षण पेसामा केस फुलाएका भाषासेवी हुन् । यिनका केही छन्दोबद्ध कविता पढेको सम्झना छ। यिनका कविता सरल तथा प्रगतिवादी बान्कीका लाग्दथे।

**पुण्य रेग्मी**: यिनका एकदुईओटा कविता पढेको सम्झना छ । यिनका कवितामा सामाजिक व्यथितिप्रति चिन्ता व्यक्त भएको हुन्थ्यो।

**पौडेल दिदीबहिनी**: वीरेन्द्र क्याम्पसमा पढ्ने दुईजना पौडेल दिदीबहिनी थिए। एउटीको नाम प्रभा पौडेल भए जस्तो लाग्छ। उनीहरूले छन्दमा लेखिएका आफ्ना कविता सुनाउने गर्थे।

**ढकाल**: कुनै ढकाल थरका मेरा विद्यार्थी आठनौ कक्षातिर पढ्थे। उनले एउटा कवितासङ्ग्रह नै प्रकाशित गरेका थिए। कविता राम्रै थियो र मैले नै त्यसको समीक्षा पनि लेखिदिएको थिएँ। पछि उनी कहाँ गए, कविता लेख्दै छन् वा छोडे, थाहा भएन।

उपेन्द्र श्रेष्ठ र द्वारिका श्रेष्ठ पनि बन्दीपुरे चितौने हुन् क्यारे । यी दुबै एक जमानाका राम्रै कवि मानिन्थे। तर यिनको मुख्य क्षेत्र चितवन रहेन।

२०४८ सालपछि आजसम्म आइपुग्दा चितवनले धेरै राम्रा सक्षम कवि-लेखक तथा समीक्षक-समालोचकहरू जन्माइसकेको छ । तीमध्ये कतिपय चितवनमा मात्र हैन, काठमाडौं, अन्य जिल्लामा बसेर पनि कलम चलाइरहेका छन् । कति त विदेशमा बसेर

सृजनमा लागिरहेका छन् र तिनले भाषासाहित्यलाई विस्तार गर्ने काम गरिरहेका छन् ।

**साहित्यिक प्रकाशनहरू :**

**'नौलो राँको'**: मलाई ज्ञान भएसम्म चितवनबाट सबैभन्दा पहिले प्रकाशित हुने सामयिक साहित्यक पत्रिका हो 'नौलो राँको' । यो वाम खेमाका युवा लेखकहरूको अगुवाइमा सुरु भएको प्रकाशन हो । यसले प्रगतिशील फाँटका लेख कविता आदि सामग्री प्रकाशित गर्थ्यो र युवाहरूलाई उत्साहित गर्ने काम गर्थ्यो ।

**छहरो**: यो वास्तवमा राँकोको प्रतिक्रियामा जन्मिएको अर्को सामयिक प्रकाशन हो । राँकोमा पानी खन्याउन सक्ने अर्थमा यसलाई छहरो नाम दिएको हुन सक्छ । प्रजातान्त्रिक खेमाका युवाहरूको अगुवाइमा यो पत्रिका प्रकाशित भएको थियो । तर यो धेरै समयसम्म टिकेन भन्ने लागिरहेको छ । यसका सामग्रीहरू पढ्ने सुअवसर मलाई प्राप्त भएन ।

**मारुनी**: यो नारायणी कलामन्दिरको प्रकाशन हो । यसले कलासाहित्य सम्बन्धी लेखरचना तथा कलामन्दिरका गतिविधिहरू प्रकाशित गर्दछ ।

**विवेक**: यो वीरेन्द्र क्याम्पस भरतपुरको वार्षिक मुखपत्र हो । यसमा क्याम्पसका प्राध्यापक, विद्यार्थी र बाहिरका पनि केही आमन्त्रित लेखकविताहरू प्रकाशित हुन्थे । यसमा साहित्यिकबाहेक क्याम्सका शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरू सम्बन्धी सामग्री प्रकाशित हुन्थे । यिनको अतिरिक्त क्याम्पस र स्कुलहरूबाट वार्षिक प्रकाशनहरू निस्किरहन्थे ।

**चितवनका साहित्यिक संस्थाहरू:**

**साहित्य सङ्गम, चितवन:**

साहित्यिक संस्थाको रूपमा गठन हुनेमा साहित्य सङ्गम चितवन नै पहिलो हो भन्ने मलाई लागिरहेको छ । मदनमोहन जोशीको अध्यक्षतामा गठित सङ्गमको प्रथम समितिका सदस्यहरूमा इन्द्र रेग्मी, जगतराज पौडेल, प्रकाश चापागाईं, पुण्यप्रसाद रेग्मी, पुष्पराज पौडेल, बालकृष्ण पौडेल, रविकिरण निर्जीव, रामहरि श्रेष्ठ, शशिकिरण रेग्मी, साध्यबहादुर भण्डारी, हरिश्चन्द्र पण्डित, हरिहर खनाल, होमनाथ रेग्मी र होमनाथ सापकोटा रहेको देखिन्छ । यो वैचारिक दृष्टिले प्रगतिशील वा सामाजिक यथार्थवादी धारालाई पछ्याउने साहित्यिक संस्था हो । आज पनि साहित्यसम्बन्धी विविध गतिविधिमा यो झन् झन् बढी सक्रिय हुँदै गएको देखिन्छ ।

**चितवन साहित्य परिषद्:**

यो तत्काल साहित्य सङ्गमसँग सहमत हुन नसक्ने र वामपन्थी इतर देखिन चाहने विविध विचार राख्ने लेखकहरूको अगुवाइमा स्थापित संस्था हो । यसका संस्थापकहरूमा केदारनाथ खनाल, कोमलनाथ कोइराला, प्रेमविनोद नन्दन, भागवतशरण न्यौपाने, लकाश शर्मा, रेशम विरही, नरबहादुर पिपासा, रेशम श्रेष्ठ आदिको सक्रियता र संलग्नता देखिन्छ । यो आज पनि क्रियाशील देखिन्छ ।

**प्रशासनको लागि खतरा बनेको एउटा मण्डली :**

नाराणगढ भरतपुरका केही कवि लेखकरूले महिनामा एकपटक साहित्यिक भेटघाट गर्न थाले । त्यसमा खगेन्द्र सङ्ग्रौला, हरिहर खनाल, प्रेमविनोद नन्दन, श्याम गोतामे, घनश्याम पौड्याल, वामदेव पण्डित, जगतराज श्रेष्ठ, कान्तलाल प्रभात आदिले नियमित जसो केहीनकेही सुनाउँथे र कार्यक्रममा सहभागिता बढ्दै जान थालेको थियो । त्यसलाई अनौपचारिक रूपमा मित्रमिलन कि यस्तै केही भनेर नाम दिएको थियो । बालकुमारी माध्यमिक विद्यालयका प्रधानाध्यापक

कृष्णराज हमालले स्थान उपलब्ध गराउँथे र उनी स्वयम् पनि अत्यन्त रुचिपूर्वक कार्यक्रमा सहभागी हुन्थे। रुचि हुने अन्य केही शिक्षक साथीहरू पनि उपस्थित हुन्थे। मलाई ठ्याक्क त सम्झना भएन, त्यस्तै चारपाँचवटा जति कार्यक्रम सम्पन्न भएहोलान् । त्यसपछिको कार्यक्रम हुन सकेन। कारण सिडियोको ठाडो आदेश। बालकुमारीका प्रअलाई 'त्यस्तो अवाञ्छित कार्यक्रम आइन्दा गर्न नदिनू।' भन्ने जस्तो आदेश आएपछि त्यो सदाका लागि बन्द भयो।

**निष्कर्षः**

पञ्चायती काल थियो । कतिपय गीतकविताहरू भूमिगत रूप मै रचिन्थे, गाइन्थे र पढिन्थे। यससन्दर्भमा गाउने साइँला र कान्छाको नाम माथि नै उल्लेख गरिसकिएको छ। त्यस्ता गीतकविताहरू चितवनका थारु, दरै, चेपाङ, तथा सुकुमबासी, गरिब, किसानमजदुरलगायत भुइँतहका जनतामाझ मुखमुखै पनि प्रसारित हुन्थे। पञ्चायती व्यवस्थाको पछिल्लो चरणमा त चितवनका कतिपय जागरुक महिलाहरूले तीजको अवसरमा यस्तायस्ता गीतहरू लेख्ने र गाउने अभियान चलाउँथे, जसले स्थानीय प्रशासन हल्लिन्थ्यो।

त्यति बेलाको आम जनमानस वैचारिक-राजनीतिक रूपमा पञ्च, काङ्ग्रेस र कम्युनिस्ट गरी त्रिकोणात्मक द्वन्द्वबाट गुज्रिरहेको थियो। पञ्चायतमाथि काङ्ग्रेस कम्युनिस्ट दुवैको प्रहार हुन्थ्यो भने फेरी काङ्ग्रेस र कम्युनिस्टहरू पनि समाजमा आ-आफ्नो प्रभाव विस्तार गर्न एकअर्कालाई निषेध गर्दै अघि बढ्न चाहन्थे। यसको सिधा प्रभाव साहित्यकलामा पनि पर्नु स्वाभाविकै थियो। त्यसैले प्रजातान्त्रिक, वामपन्थी एवम् पञ्चायत समर्थक हुँ भन्ने लेखकहरू एकअर्कासँग त्यति घुलमिल हुँदैनथे र एकआपसका लेखरचनाहरू पनि प्रायः पढ्दैनथे। अतः कतिपय लेखकका नाम र तिनका सिर्जनाहरू मैले नपढेको, नसुनेको र नसम्झेको पनि हुन सक्छु। अझ कतिपय लेखकहरूबारे त म अनभिज्ञ नै हुन सक्छु। वा यो लामो समयान्तरले गर्दा बिर्सेको हुने त झन् धेरै सम्भावना छ। त्यसैले ज्या, यसले त मलाई पर्हेजै गरेछ भनेर नसोचिदिन आग्रह गर्दछु। मात्र स्मृतिको आधारमा तयार गरेको हुँदा यसलाई म आफैले कुनै प्रामाणिक अभिलेखको रूपमा दाबी गर्न सक्ने त झन् कुरै भएन।

चितवनको आजको साहित्यिक सक्रियता, सृजनप्रवाह र विविधीकरणलाई नियाल्दा मेरो निम्ति यो सबै 'गुमेको स्वर्ग' जस्तै भएको छ। आजसम्म आइपुग्दा चितवनले धेरै नयाँ बहुप्रतिभाशाली कवि तथा लेखक-समालोचकहरू जन्माइसकेको छ। आजको चितवन साहित्यिक क्षेत्रमा राष्ट्रियस्तरमा नै मज्जाले प्रतिस्र्धा गर्न सक्ने भएको छ। आजको नयाँ पुस्ता कलासाहित्यको क्षेत्रमा म-हामी जस्ताभन्दा धेरै दूरगामी र द्रुतगामी पनि छ। धेरै पर र धेरै माथिसम्मको क्षितिज नियाल्न सक्छ यसले । चाहेको बेला विश्व साहित्याकाशको फन्को मारेर हामीलाई नयाँनयाँ शैलीमा नयाँनयाँ कथा सुनाउन आइपुग्न सक्छ यो । आज उपलब्ध शैक्षिक अवसर, विद्युतीय सञ्चार सञ्जाल तथा त्यहाँभित्रको बहुविध ज्ञानभण्डारले पनि यस्तो कुरालाई धेरै सुगम बनाइदिएको छ । यस्तो प्रगति देखेर भविष्यप्रति आशावादी मात्र हैन, ढुक्क हुन सकिन्छ। अस्तु, मलाई यस्तो संस्मरण लेख्ने अवसर प्रदान गरेकोमा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै साहित्यकलाको क्षेत्रमा चितवनले अझ धेरै, अझ विविध र अझ ठुल्ठुलो उपलब्धि हासिल गर्दै जानेछ भन्ने विश्वासका साथ आजलाई कलम बिसाउने अनुमति चाहन्छु।

卐

स्रष्टा परिचय

# बस्तीमा लुकेका हस्तीद्वयः काका नेपाली र अनिल सिग्देल



जगन्नाथ पण्डित*

चितवनको साहित्यिक इतिहासमा काका नेपाली र अनिल सिग्देलको महत्त्वपूर्ण योगदान छ। अन्तर्मुखी स्वभावका यी दुई स्रष्टाको बारेमा त्यति लेखिएको पाइँदैन। तीसको दशकदेखि नेपाली साहित्यमा सक्रिय यी दुई स्रष्टा हाल भूमिगत जस्तै भएका छन् । यस लेखमा नेपाली र सिग्देलको व्यक्तित्व र कृतित्त्वको सामान्य चर्चा गरिएको छ।

**काका नेपाली**

कालीदास ढकाल उर्फ् काका नेपाली बहुचर्चित नेपाली लोकगायकको नाम हो । भारतको दिल्ली नगरीमा मजदुरी गर्ने क्रममा उनी कान्छो नेपाली नामले चिनिएका रहेछन्। २०३६ सालमा नेत्रज्योति गुमेपछि नेपाल फर्किएका उनलाई कालीदास र कान्छो नेपालीको संयुक्त नाम मिलाएर काका नेपाली भन्न थालिएछ । यसरी साहित्यिक नाम काका नेपाली भएको रहेछ।


तनहुँ जिल्लाको रतनपुर, हाल भानु नगरपालिका-१२, ढकालगाउँ काका नेपालीको जन्मभूमि हो। वि.सं. १९९६ साल श्रावण २७ गतेको जन्ममिति भएका उनका मातापिताको नाम विद्यादेवी र रामकृष्ण उपाध्याय ढकाल हो । हाल उनी भरतपुर महानगरपालिका वडा नं. १८, चाँदनी चोक, शशिनगरमा बसोबास गर्दछन् । कान्छी श्रीमतीसँग २०२६ सालमा वैवाहिक सम्बन्ध जोडिएको रहेछ । वर्तमान समयमा कान्छी श्रीमती सावित्री र लौरो काका नेपालीको सहारा बनेको छ, दैनिकी चलेको छ। २०२५ सालतिर पार्वती पण्डितसँग विवाह भए तापनि त्यो वैवाहिक सम्बन्ध छिटै टुटेछ। त्यसो त पार्वतीभन्दा पहिले मिठुमायासँग सम्बन्ध भएर धनप्रसाद ढकाल नामको छोरो जन्मिएको र भृकुटी कागज कारखानामा जागिर खाएको कुरा विनोदकान्त ढकाल भन्थे । काका नेपाली दिल्ली गएको समयमा मिठुमायाले अर्कैसँग घरबार गरिन् रे ! छोरो धनप्रसादले पनि छिटै मृत्युवरण गरेछन्।

कान्छी श्रीमती सावित्रीबाट २०२८ सालमा राजकुमार ढकाल, २०३१ सालमा छोरी सुलोचना, २०३४ सालमा छोरी निर्मला र २०३७ सालमा छोरा पुरुषोत्तम (४ वर्षको उमेरमा पानी ट्याङ्कीमा डुबेर मृत्यु) जन्मिए पनि हाल सबै छोराछोरीको देहान्त भइसकेछ । छोरी सुलोचनाको गोरखा छोप्राकका अर्जुन पोखेलसँग वैवाहिक सम्बन्ध जोडिएछ र हाल विकास चोक चितवनमा बसोबास छ । छोरातर्फ (स्व. राजकुमार) बुहारी रमा ढकाल र उनका सन्तति नातिनी रचना ढकाल, नातिहरू शिवज्योति ढकाल र शङ्करज्योति ढकालसँग काका नेपाली र सावित्री ढकालसँगै बस्दा रहेछन्। गरिबीको अवस्था छ। उनको दैनिकी येनकेन चलेको छ।

"दिल्ली दूर नही है" भन्ने उक्ति नेपाली समाजमा निकै पहिलेदेखि चलिआएको हो । तनहुँ रतनपुरका युवाहरू दिल्ली गएर श्रम गर्ने क्रममा कालीदास ढकाल पनि जागिर खोज्दै दिल्ली पुगेछन्। जाने-आउने क्रम

* सल्लाहकार - चितवन साहित्य परिषद्।

निरन्तर चलिरह्यो । दिल्लीमा कामबाट फर्किएपछि साँझमा खाने पिउने, नाच-गान गरी मन बहलाउने गर्दा रहेछन् । कुनै एक दिन कडा दारु पिउने सिलसिलामा अर्को एक साथीले दारुमा स्प्रिट मिसाइदिएछ । खाँदै पिउँदै गर्दा अचानक कालीदासजीलाई निस्पट्ट अँध्यारो अनुभव भयो । त्यतिखेर नजिकको आफ्नो मान्छे थिएनन् । कालीदासजीका भनाइअनुसार फ्याक्ट्रीको हाकिम तत्काल आइपुगेछन् । हाकिम दिलदार, भलाद्मी र हैसियत भएका मान्छे रहेछन्, त्यसैले राम्रो अस्पतालमा उपचारका लागि तत्काल पुऱ्याएका



रहेछन् । सँगै पिउने अरू साथीहरूको उपचार भएछ, केही समयमा स्वस्थ भएछन् तर कालीदासजीको नेत्रज्योति फिर्ता भएन । उनले यसै घटनाबाट नेत्रज्योति गुमाए, आँखा गुमाए, संसार अन्धकार भयो । दिल्लीमा भएका रतनपुरे साथीहरूको सहयोगका लागि उपस्थित भए तर आँखाको उपचार हुन सकेन । आँखा गुमेपछि जागिर पनि गुम्यो । साथीहरूकै सरसहयोगमा घर फर्किन बाध्य हुनुपऱ्यो । सोधनी गर्ने क्रममा कालीदासजीलाई आफ्नो बाल्यकालको स्मरण भयो । विश्वेश्वरप्रसाद कोइराला तनहुँको रतनपुर आएको समयमा १२ वर्षको कलिलो केटो कालीदासजीलाई 'सानो भाइ' भनेर बोलाउनुभएछ । पछि वनारस पुगेर बी.पी.लाई भेट्ने अवसर जुरेछ । बी.पी. ले लेखेको चिठ्ठी रतनपुरका विष्णुविलासलाई ल्याइदिएपछि काङ्ग्रेसको प्रजातान्त्रिक आन्दोलनसँग आकर्षित भएकाले नेपाली काङ्ग्रेसले आयोजना गरेका कार्यक्रमहरूमा गीतिलयमा कविता सिर्जना गर्ने र गाउँले सिर्जनशीलताको अभिरुचिले सानो उमेरदेखि पछिसम्म निरन्तरता पाइरहेको देखिन्छ । २०१८ सालको राजनीतिक घटनापछि रतनपुरमा पनि तत्कालीन शाही सेनाको धरपकडबाट बँच्न नरकटियागञ्ज पुगेका कालीदास महेश्वरलाल श्रेष्ठसहित चितवनका काङ्ग्रेसी नेताहरूको अभियानमा संलग्न भएको पाइन्छ । कालीदासजीको राजनीतिक क्रियाशीलताको थप जानकारी **अग्रजहरूको सङ्क्षिप्त जीवनी** (बी.पी. चिन्तन प्रतिष्ठान, चितवन, पृ. १८१) मा उल्लेख छ ।

२०२१ सालदेखि चितवनमा आई बसोबास गर्न थाले पनि दिल्ली जाने-आउने क्रम जारी रह्यो । काका नेपाली स्वस्फूर्त रूपमा सिर्जना गर्ने र आफ्ना गीकिविता लय हालेर आफै गाएर चर्चित भएका लोकगायक हुन् । डा. लक्ष्मणप्रसाद गौतमद्वारा लिखित **चितवनको साहित्यिक रूपरेखा** (२०७२) समालोचनात्मक कृतिमा काका नेपालीका बारेमा सङ्क्षिप्त चिनारी गराइएको छ । झोपडीको बास, हिमालको फेदीमा, गीत लोकगीत सङ्ग्रह र जिउँदो लास आत्मजीवनी भनी उल्लेख भएको छ । साथै २०२०-२०३० को दशकमा सक्रिय रही २०४६-२०६३ को आन्दोलनमा क्रान्ति, स्वतन्त्रता र जागरणका गीत गाएका छन् भनी उल्लेख भएको छ (ऐ. पृ. ६८) । काका नेपालीका बारेमा उल्लेख भएका अन्य सामग्री उपलब्ध हुन सकेनन् ।

२०८० वैशाख २ गते रतनपुर-चितवन मिलन समाजको भेटघाटका सिलसिलामा काका नेपालीलाई

भेट्न उहाँकै निवासमा पुगेका थियौँ । समाजका अध्यक्ष विनोदकान्त ढकाल, उपाध्यक्ष प्रभाकर पण्डित, सदस्य हरिप्रसाद ढकाल र नेत्र हमाल तथा सल्लाहकार म आफूसहित उपस्थित भएर छोटो संवाद गरेका थियौँ । उहाँका अन्य कृतिहरू सुरक्षित भेटिएनन् । २०६१ सालमा प्रकाशित कालीदास एक मात्र कृति उपलब्ध हुन सक्यो । छोटो समयको संवादमा विस्मृतिमा रहेका गीत कविता मुखाग्र भनेको भरमा एकाएक टिपोट गर्न सम्भव भएन । उक्त समाजका सदस्य श्रीप्रसाद ढकाल नजिकको छिमेकी भएकाले फुर्सदमा काका नेपालीसँग सम्झने उचित समय मिलाई टिपोट गरी उपलब्ध गराउने सल्लाहअनुसार श्रीप्रसादजीबाट प्राप्त भएका पुस्तक र गीत-कविताको विवरण निम्नानुसार रहेको छ :-

१) पहिलो प्रकाशन **झुपडीको बास** (२०२३), गीत सङ्ख्या-४८, विशेषत झुपडीको बासमा नयाँ बसोबास बसाइँ सराइ हुँदा पहाड र चितवनको दुःख-दर्दको चित्रण गरी लेखिएका गीतहरूको सङ्ग्रह हो । यस कृतिमा रहेका केही शीर्षक यस्ता छन् - कलेजोको चोट, आमा रुन्छिन् किन ? भन्छन् पहाडबासीले, झूटो आशा, माया यस्तो रै'छ, प्रेम भिखारी, उर्बौलो यौवन, भाउजूको दुःख, तीजको गीत, असारे गीत .... ।

२) **हिमालको फेदीमा** (२०२६) यस कृतिमा १७ ओटा गीत रहेका छन् र अधिकांश नेपालीहरूको बास हिमालको फेदीमा छ भन्ने झझल्को दिने गीतहरू रहेका छन् । स्मृतिमा रहेका केही गीतहरू- डाँफे चरी, चुचुरोको झण्डा हाम्रै हो, भञ्ज्याङको माया ।

३) **जिउँदो लास** (२०३६) यस कृतिमा २२ ओटा गीत रहेका छन् । २०३६ सालमा आँखाको ज्योति गुमेपछि आफ्नै कथा-व्यथासँग सम्बन्धित गीतहरू यसमा रहेका छन् । ज्योतिनगर निवासी स्व. विष्णुप्रसाद पण्डितले लिपिबद्ध गरी माडी निवासी छविलाल भट्टराई र बन्धु-बान्धव तथा साथीहरूको पहलमा प्रकाशनका लागि सर-सहयोग भएको थियो । केही शीर्षक-बिना लौरो, अन्धाको पुकार, अन्धाको बिलौना, मृत्यु कसैले, बाडुल्की, किन होला दाइ ? सिर्जना भएर कण्ठस्थ रहेका अप्रकाशित धेरै थिए । लिपिबद्ध हुन नसकेर विस्मृतिमा पुगिसकेका छन् । अझै स्मृतिमा रहेका केही गीत हुन् - कालरात्री, सहिदको बलिदान, म काका नेपाली, जिल्ला तनहुँ, विकासको माया, टुहुरा-टुहुरी, राजनीतिक गीत आदि, कालीदासजीको भनाइमा लिपिबद्ध भएका कृतिहरू पनि बाकसमा मिल्किएका हुन सक्छन् । खोज गर्नेहरूका लागि स्मृतिमा रहेका गीतहरू अझै टिपाउन सकिन्छ ।

४) **कालीदास** (२०६१ माघ १ गते) यो गीतिकविता सङ्ग्रहको पुस्तक प्राप्त भएको छ । पाण्डुलिपि तयार गर्ने गुञ्जनगर निवासी श्री हरिकृष्ण पण्डित, शुद्धीकरण गर्ने दिव्यनगर निवासी भू.पू. प्र.अ. विष्णुप्रसाद पण्डित, छपाइ कागज सहयोग गर्ने भृकुटी कागज कारखाना परिवार, सहयोगी मदनभक्त अधिकारी आदि उल्लेख भएको 'मेरो अनुरोध' शीर्षक भूमिका रहेको छ । ३० पृष्ठमा सजिएको यस सङ्ग्रहमा २३ सङ्ख्यामा गीतिकविता रहेका छन् । समाजमा रहेको छोराछोरीको भेदभाव, स्वदेश महिमा, गरिबीले गर्दा चाडपर्व मनाउने समस्या, द्वन्द्वको पिरलो, अन्धाको बिलौना, नेपाली आमाको माया, बाँच्ने अधिकार, लौरीको सहाराले बाँच्नुपर्ने बाध्यता आदि मार्मिक जीवन्त गीतिकविता यस सङ्ग्रहमा रहेका छन् । केही गीतको नमुना -

नेपाली रातो रगतमा हिमाली हावा सरर
विश्वको अग्लो चुलीमा हाम्रै छ झण्डा फरर (पृ. २)
साँझको बेला जूनकीरी बिजुली बोकेर चम्कन्छ

सङ्कटमा वीर नेपाली खुकुरी भिरेर लम्कन्छ (पृ. २)
कर्महारा गर्भैमा मरोस्, अन्धो जीवन जन्मनै नपरोस् (पृ. ८)
मर्ने साइत पात्रोमा छैन, बल गरेर कालले लाँदैन (पृ. ९)
नेपालमा बग्ने नदीको तीरमा बगर छैन र !
बगरको छेउमा पोलिनुपर्ने लास मेरो हैन र ! (पृ. ११)

१२ वर्षकै कलिलो उमेरदेखि गीत गायनमा रमाएका काका नेपाली ८४ वर्षको उमेरसम्म सदावहार जागरण गीत गाइरहेकै छन् । गीत आफै सिर्जना गर्छन्, स्मृतिमा रहन्छ, अनि आफै गाउँछन् । बी.पी. कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई जस्ता ठुला नेताहरूको भव्य समारोहमा उनले गीत गाउने अवसर पाउँथे । सुरिलो स्वरका धनी, प्रतिभाशाली काका नेपालीले धक नमानी समारोहमा स्वर उरालेर जागरण गीत गाउँदा दर्शकहरूले तालीले स्वागत गरिरहेका हुन्थे । आँखाको दृष्टि नभएकाले किताब, कापी हेरेर गीत गाउने कुरै भएन । २०४६-२०६३ का आन्दोलनहरूमा सरिक भए, गीत गाए । चितवनका पुराना काङ्ग्रेसी नेताहरूसँग परिचित भएकाले उनलाई राजनीतिक समारोहमा सहभागिता जनाउन अप्ठ्यारो पर्दैन । उनको प्रतिभाको कदर गर्दै हरेक समारोहमा सहयोग, सम्मान भइरहेको हुन्छ । सम्मान र प्रशंसापत्रले बाकस भरिएका छन् । तर दैनिकी दुःखी छ । नगदी पुरस्कार प्राप्त गरिरहेकै हुन्छन् । यसै वर्ष रतनपुर-चितवन मिलन समाजले "रतनपुर-रत्न ज्वाला स्मृति पुरस्कार" रु. १०,००० (अक्षरेपि दस हजार) द्वारा पुरस्कृत गरिएको छ । कला-गलाका धनी काका नेपालीको सुस्वास्थ्य दीर्घजीवनको कामना गर्दै विश्राम लिन्छु ।

**अनिल सिग्देल**

नेपाली साहित्यलाई उर्वर बनाउन लागिपरेका चितवनका साहित्य साधकहरूमध्ये अनिल सिग्देल प्रशस्त सुनिएको नाम हो । कुनै समय बहुचर्चित नाम वर्तमानमा गुमनाम कसरी हुनसक्छ, त्यसै चर्चामा आएन होला । विना योगदान साहित्यको फाँटमा बहुप्रतिभाशाली भनिएन होला, त्यसो भए अनिलको साहित्यिक योगदानको खोजी गरिनुपर्छ भन्ने सिलसिलामा केही समयअघि केदारनाथ खनाल सर र म उहाँको आवासमा पुगेर छोटो कुराकानी गरेका थियौँ । २०८० जेठ ३ गते जिज्ञासाले डोऱ्यायो म एक्लै उहाँको घरमा पुगेँ । अनिलजीको छोरा राजेन्द्रसँग भेट भयो । आमालाई धेरै कुरा थाहा छ, आमासँगै कुराकानी गर्नुहोस्, उहाँको सल्लाह थियो । चितवनको विकासको शुभारम्भ भएको १३ साले चोक (भरतपुर-७, कृष्णपुर) घरमा पुग्दा श्रीमान्-श्रीमती बैठक कोठामा भेट हुनुभयो । शिष्टाचारको आदान-प्रदान भयो । मैले आफू आउनुको जिज्ञासा व्यक्त गरे । साहित्यकार अनिलजीको श्रीमती नारायणी सिग्देलसँगै लामै कुराकानी भयो । मैले उहाँबाट प्राप्त जानकारी टिपोट गर्दै रहेँ ।

साहित्यकार अनिलजीको जन्ममिति २०१५ जेठ १२ गते रहेछ । स्याङ्जा जिल्ला अर्जुन चौपारी, आरुचौरमा जन्मिनुभएका अनिलको प्रारम्भिक पठनपाठन सर्वोदय माध्यमिक विद्यालय आरुचौरमा भए तापनि बसाइँ सराइका क्रममा कैलाशनगरमा आई बसोबास भएको रहेछ । २०३२ सालमा दण्डपाणि सापकोटा र सिर्कलीको कोखबाट जन्मिएकी नारायणीसँग वैवाहिक सम्बन्ध जुरेछ । हाल जेठा छोरा-बुहारी राजेन्द्र-शकुन्तलाबाट ऋतेश, रवीन्द्र-अर्चना सिग्देलबाट रस्मिन र छोरी-ज्वाइँ कृष्णकला-नवराज अधिकारीबाट साहिल पारिवारिक सन्तति विवरण रहेको पाइयो । अनिलजीको साहित्यिक योगदानको नालीबेलीतिर जिज्ञासा राख्दा भित्तामा टाँसिएका सम्मान-पत्रहरू देखाउनुभयो । सम्मान-पत्रको व्यहोराले पनि उहाँको योगदानका केही पानाहरू अवश्य भेटिनेछन् ।

**सम्मान-पत्र**

१) सर्वोदय माध्यमिक विद्यालय अर्जुन चौपारी,

आरुचौर, तालपोखरी, स्याङ्जाद्वारा २५,५५५।- (पच्चिस हजार पाँच सय पचपन्न) उक्त विद्यालयको स्वर्ण महोत्सवमा सहयोग गरेकोमा सममान-पत्र, २०७४।

२) नेपाली साहित्यको समालोचना र कविताको क्षेत्रमा तिसको दशकदेखि चालीसको दशकसम्म सेवा पुऱ्याउनुभएको अतुलनीय योगदानको चिरस्मरण गर्दै कविडाँडा साहित्य सम्मान, २०६६ द्वारा अभिनन्दित, २०६६ फागुन १५ गते।

३) मोफसलमा रहेर चितवनको साहित्यिक फाँटमा छोटो समयमै योगदान दिनुभएकोमा नगदसहित सम्मान, २०६१ आषाढ १९ गते, पल्लव साहित्य विविध।

४) दुई दशक लामो साहित्यिक उर्वर कालमा तीन ओटा साहित्यिक कृति सिर्जना गरेर प्रकाशन समेत गरी नेपाली साहित्यलाई लगाउनुभएको गुन सेवाभावप्रति कृतज्ञता व्यक्त गर्दै चितवन पोष्ट, साहित्य सम्मान-पत्र, २०५८ पुस २८ (धर्मराज अर्याल, सम्पादक/प्रकाशक)।

अतिथि कक्षमा अनिल सिग्देल, भाउजू नारायणी सिग्देल र म रहेका हुन्छौँ। अनिजलीसँग दोहोरो संवाद गर्न सम्भव रहेनछ। मेरा जिज्ञासाको प्रत्युत्तर भाउजू नारायणीले दिनुभयो। २०३९ साल चैत्रदेखि बिरामी पर्नुभएको व्यहोरा बताउनुभयो। काङ्ग्रेसी आन्दोलनमा लाग्दा प्रजातन्त्रको पक्षमा वकालत गर्दै चर्को भाषण गर्नुहुन्थ्यो रे! विभिन्न समय र विभिन्न भेलाहरूमा सक्रियता साथ वक्तव्य दिने जोस, जाँगरको निरन्तरता रहन्थ्यो रे! यसरी प्रजातान्त्रिक आन्दोलनमा क्रियाशील रहेका अनिललाई तत्कालीन प्रशासन र पञ्चायती व्यवस्थाका पक्षधरले धाकधम्की दिँदै षड्यन्त्र गर्न थालेको थाहा पाएर मानसिक रूपमा अत्तालिन थाल्नुभएछ। २०४२ सालको सत्याग्रहको आन्दोलनबाट फर्किएपछि मानसिक डर, त्रासको प्रभाव झन् स्पष्ट देखिन थालेछ। पटक-पटक सडकमा एक्लै भुन्भुनाउँदै दौडिन थाल्नुभएछ। यसरी हिँड्न थालेपछि दौडधुप गरेर खोज्नुपरेको घटना नारायणीले सम्झना गर्नुभयो। एकातिर नाबालख केटाकेटी अर्कातिर घरमुलीको बौलठ्ठी प्रवृत्तिले घरको स्थिति तहसनहस भएको दुःखद कहानी सुनाउनुभयो। घरमा सुरक्षित राख्न सकिने अवस्था रहेन। घरबाट निस्किएपछि कता पुग्नुभयो भन्ने अत्तोपत्तो नहुने। एकपटक यसरी नै हराएपछि दौडधुप गरी खोज्दा पुसाजु डिल्लीराम लामिछानेको घरमा फेला पर्नुभएको घटना स्मरण गर्नुभयो।



पढ्ने, लेख्ने र पुस्तकहरू सङ्कलन गर्ने अनिलजीको सोख रहेछ। घरमा तत्कालीन अवस्थामा पनि पुस्तकालय नै भन्न मिल्ने गरी पुस्तकको चाङ हुन्थ्यो रे। लेख्ने, पढ्ने तीव्र लगनशीलता रहेछ। तर मानसिक रूपमा कमजोर भएपछि सारा पुस्तक जलाएर सखाप पार्नुभएछ। कतिपय पुस्तक ट्वाइलेटमा फालिदिनुभएछ। आफ्नै प्रकाशित पुस्तक पनि जलाउने, फाल्ने र बाँड्ने

गरी सबै पुस्तक समाप्त भएछन् । हाल उहाँका प्रकाशित पुस्तकहरू आफ्नो घरमा उपलब्ध रहेनछन् । साहित्यसँग चासो राख्ने अनिलजीका तत्कालीन साथीहरूसँग फेला पर्न सक्छन् भनी नारायणीले बताउनुभयो ।

अनिलजी २०४२ सालदेखि हालसम्म एकनास मानसिक बिरामीका रूपमा हुनुहुन्छ । थप प्रोस्टेटको बिमार पनि रहेछ । मानसिक बिमारको उपचारका लागि १२-१५ पटक राँची पुऱ्याइएको रहेछ । पछि नेपालमा मानसिक उपचार हुने भएपछि टिचिङ हस्पिटलमा उपचार हुन थालेको रहेछ । गिरिजाबाबुका माध्यमबाट टिचिङमा तीन महिनाको बेड फ्री र औषधिको सुविधा दिलाइएछ तर राँची पटक-पटक लैजाँदा-ल्याउँदा चितवनको दुई विघा जमिन बेच्नुपरेको स्मृति गर्नुभयो । यसरी खर्च धान्न नसकेपछि गिरिजाबाबुसँग उपचारका लागि पुग्नुपरेको रहेछ ।

उहाँ भन्नुहुन्छ, हालको स्मृति भरपर्दो छैन । नयाँ मान्छे चिन्नुहुन्न । पुराना साथी र आफन्तलाई चिन्नुहुन्छ पनि । ५, ७ वर्ष अघि उहाँका हरेक व्यक्तिगत काममा सहयोग गर्नुपर्दथ्यो । हाल भने ट्वाइलेट जान र खानपिन गर्न सक्नुहुन्छ । औषधि समय कुरेर ख्वाउनु पर्छ, नत्र मिल्काइदिनुहुन्छ । शारीरिक, सरसफाइ, कपडा पनि फेरिदिनु पर्छ, आफै गर्नुहुन्न । हामी दुईको कुराकानीमा अनिलजी सँगै हुनुहुन्थ्यो तर अनिलजीसँग संवाद गर्न सम्भव भएन । त्यति लामो समयसम्म पनि एक तमास गम्भीर मुद्रामा देखिनुभयो ।

अनिलजीका ज्येष्ठ सुपुत्र राजेन्द्रले पिताजीका साहित्यिक कृति हामीसँग उपलब्ध छैनन्, बरु गणेश श्रमणसँग हुन सक्छन् भन्नुभएको थियो । गणेश श्रमणले पनि खोज गर्दा नभेटिएको व्यहोरा बताउनुभयो । हाम्रो एफ.एम.को मुखपत्र **हाम्रो पाइला** (२०६६) मा अनिलका बारेमा लेखिएको सुरेन्द्र अस्तफलको लेख उपलब्ध गराउनुभयो । सुरेन्द्रको भनाइमा चितवनको पहिलो गद्यकवि भन्न सकिने अनिलका **जीवन क्षितिजमा** १५ वर्षको उमेरमा प्रकाशित लामो कविता भनी उल्लेख गरिएको छ । साथै **मिलन** खण्डकाव्य, केही समालोचनात्मक रेखाङ्कनहरू प्रकाशित हुनुका साथै उनका कविताहरू **मधुपर्क**, **रूपरेखा**, **आरन** आदि पत्रिकामा प्रकाशित भएको उल्लेख छ ।

**चितवनको साहित्यिक रूपरेखा** २०७२ मा डा. लक्ष्मणप्रसाद गौतमले गम्भीर प्रकृतिका बौद्धिक कविता लेख्ने बहुमुखी प्रतिभा **अनिलका समालोचनात्मक रेखाङ्कनहरू** (२०२३), **मिलन** खण्डकाव्य (२०२३), **जीवनका क्षितिजमा** (लामो कविता २०३३) उल्लेख गर्नुभएको छ । साथै शास्त्रीय छन्दमा खण्डकाव्य, लामो कविता र समालोचना विधामा कलम चलाएर आफ्नो विराट् प्रतिभाको परिचय दिनुका साथै सम्पादक, प्रकाशक व्यक्तित्वका रूपमा आफ्नो ऐतिहासिक छविसहित परिचित छन् भनी डा. गौतमले उल्लेख गर्नुभएको छ (ऐ. पृ. ६१) । केदारनाथ खनालज्यूका अनुसार उहाँले चितवन छापाखानामा २०३५ सालतिर श्रमिक दिलीप कार्की, रेशम विरही र अनिल सिग्देलजीहरूको **आरन** साहित्यिक पत्रिका प्रकाशन गर्नुभएको थियो रे ! उहाँको साथमा गोजी साइजको **गोधूलि** पत्रिका हुन्थ्यो रे ! उहाँको मानसिक स्थिति विचलनपछि पनि पूर्व परिचित हुनुको नाताले चितवन छापाखानामा गइरहनुहुन्थ्यो रे ! समकालीन सहयोगी साथीहरूसँग पुस्तक फेला पर्लान्, यो लेख अनिललाई प्रकाशमा ल्याउन र थप खोज अनुसन्धान हुनुपर्छ भन्ने अभिप्रायका लागि लेखिएको छोटो लेख हो । अनिलजीको सुस्वास्थ्य दीर्घ जीवनको कामनासाथ कलम बन्द गर्दछु भवतु सब्ब मङ्गलम् ।

卐

परिचर्चा

# प्रज्ञा-प्रतिष्ठान प्रदत्त प्राज्ञिक सम्मान तथा पुरस्कारहरू



डा. धनेश्वर भट्टराई*

समयको गतिसँगै समाज परिवर्तन हुँदै जान्छ। समाजको परिवर्तनमा विचार र चिन्तनको ठुलो भूमिका रहेको हुन्छ। विचारको जगमा उभिएर गरिएका हरेक कर्महरू व्यावहारिक दृष्टिले पनि सफल र फलदायी बनेर समाजमा व्यवहृत भएका पाइन्छन्। मानवीय समाजमा दीर्घकालीन रूपमा प्रभाव पार्ने र मार्गनिर्देश गरिरहने यस्ता विचार र चिन्तनको स्रोत पनि समाज नै हुन्छ। सामाजिक विकास र परिवर्तनकै कारण क्रमशः सभ्यता-संस्कृतिको निर्माण भइरहेको हुन्छ। वैयक्तिक वा सामाजिक रूपमा गरिएका व्यक्तिका कर्म र चिन्तन समाजमै प्रतिफलित हुन्छन् र समाज सदैव विविधतालाई आत्मसात् गर्दै अघि बढिरहन्छ। हरेक युग, समय र समाजमा केही यस्ता चिन्तक, बौद्धिक र उच्च प्राज्ञिक र प्रतिभाशाली व्यक्तित्वहरूको जन्म हुन्छ जसले समाजलाई आलोकित बनाउँछन्। त्यस्ता व्यक्तिहरू समाज र राष्ट्रका मस्तिष्क हुन्छन्। त्यस्ता प्रबुद्ध र चिन्तकलाई समयमै चिन्न र उपयुक्त परिवेश प्रदान गर्न नसक्दा समाजले बेहोर्नुपर्ने ऋणात्मक पक्ष कति हुन्छ यकिन गर्न गाह्रो हुन्छ। यही र यस्तै सन्दर्भमा भरतपुर प्रज्ञा-प्रतिष्ठानले गरेका स्तुत्य कर्मको चर्चा गर्नु यस अभिलेखको उद्देश्य रहेको छ।

लगभग १ वर्षअघि स्थापित 'भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान' झापा दमक पछिको स्थानीय तहमा दोस्रो साहित्यिक संस्था बनेको छ। राष्ट्रिय रूपमै स्थानीय तहको अवस्था र आवश्यकताअनुरूप स्वायत्त रूपमा स्थानीय सत्ता-निकाय वा पालिकाहरूले गर्नुपर्ने कार्यमध्ये यस्ता धेरै कार्यहरू छन् जसलाई स्थानीय तहको समाजलाई आधार मानेर गरिनु आवश्यक छ। यिनैमध्येको यो महानगर प्रज्ञा-प्रतिष्ठान भरतपुर महानगरपालिकाको रूपमा काममध्ये एउटा हो भन्न सकिन्छ।

आजसम्म नेपाली समाजमा जे हेरिएको छ, देखिएको छैन, जे देखिएको छ त्यो लेखिएको छैन, जे लेखिएको छ त्यो पढिएको छैन, जे पढिएको छ त्यसलाई राम्रोसँग विचार गरेर व्यवहारमा उतारिएको छैन। त्यसैले आधारभूत तहबाट विकास र निर्माणका योजना नबनी -कार्यान्वयन नगरी माथिबाट तलको प्रक्रियाले स्थानीय रूपको सही विकास नभएको हो भन्ने देखिन्छ। समाजको यही आवश्यकताको बोध गरेर महानगर क्षेत्रभित्रको भौतिक विकास मात्र होइन सामाजिक, साहित्यिक, सांस्कृतिक र कलात्मक विकासका निम्ति भरतपुर प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको पाइन्छ।

महानगर प्रज्ञा-प्रतिष्ठान २०७८ नगर क्षेत्रभित्रको कला-साहित्य, समाज, संस्कृति, इतिहास र दर्शनको विकासको ध्येयका साथ गठन भएकाले सोही अनुरूप विधान निर्माण भई सञ्चालित रहेको पाइन्छ। यसमा महानगर प्रज्ञा-प्रतिष्ठानको कार्य सञ्चालनका लागि प्राज्ञिक परिषद् सानो आकारमा रहेको छ भने विभिन्न क्षेत्रका विशिष्ट विद्धान् व्यक्तित्वहरूको प्रज्ञा सभा रहेको छ। दैनिक कार्यसञ्चालन प्राज्ञिक परिषद् सदस्यहरूबाट भएको छ भने विधान संशोधन परिमार्जन र कार्य योजना अनुमोदन र कार्यान्वयनका लागि प्रज्ञा सभा रहेको छ, जसले वार्षिक र दीर्घकालीन कार्य र

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

योजनालाई अनुमोदन गर्दछ । यही योजनाअनुरूप अघिल्लो प्राज्ञसभाको निर्णयलाई प्राज्ञिक परिषद्का सदस्यहरूको संयोजनमा विभिन्न उपसमितिहरू गठन गरिएका देखिन्छन् । ती समितिद्वारा प्रस्तावित योजनाअनुसार विभिन्न विषय, क्षेत्र र विधामा अनवरत लागिपरेका कलाक्षेत्रमा विशिष्ट योगदान गरेका, समाज र संस्कृतिका क्षेत्रमा योगदान दिएका, चितवनका बारेमा विशिष्ट कर्म र सिर्जना गर्ने नारी वा पुरुषलाई सम्मान गर्ने निर्णय गरेको थियो। यसबाहेक छुट्टै नारी स्रष्टालाई मात्र पनि छनौट गरिने अलग सम्मान पुरस्कार छ भने विधागत तहमा वार्षिक रूपमा प्रदान गरिने पुरस्कार र सम्माान गर्ने योजना बनाएको पाइन्छ ।

उपर्युक्त विधागत वा विशिष्ट योगदान दिने समाजका सम्मान्य व्यक्तित्वलाई कृतिपरक, व्यक्तित्वपरक क्षेत्र विषयगत र विधागत आदिका आधारमा निम्न सम्मान र पुरस्कारहरू स्थापना गरिएका छन् । यस आधारमा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले २०७९ मा निम्न लिखित व्यक्ति, कृति, क्षेत्र र विधाका क्षेत्रमा विशिष्टताका आधारमा छनौट गरी पुरस्कार र सम्मान प्रदान गरेको छ ।

**क) नारायणी प्रज्ञा सम्मान**

यो हेक दुई वर्षमा प्रदान गरिने १ लाख ७८ रुपियाँको विशिष्ट पुरस्कार हो भने भरतपुर प्रज्ञा-प्रतिष्ठानले पहिलो पटक चितवनका पुराना कवि तथा गीतकार प्रेमविनोद नन्दनलाई प्रदान गरेको छ । अनेक गीतिसङ्ग्रह, गजल सङ्ग्रह र कविता सङ्ग्रहका माध्यमबाट २०१० को दशकदेखि नै योगदान दिँदै आएका र अनेक राष्ट्रिय सम्मानबाट सम्मानित भइसकेका नन्दनका कविता, गीत र गजलहरूले प्रेम, प्रकृति, संस्कृति, वैयक्तिक अनुभूति युग संवेदना र राष्ट्रिय चेतनालाई माथि उठाएका छन् । यो पुरस्कार हरेक दुई वर्षमा प्रदान गर्ने भनिएको छ ।

**ख) भरतपुर प्रज्ञा सम्मान**

कला क्षेत्रमा उत्कृष्ट योगदान गर्ने व्यक्तिलाई हरेक वर्ष प्रदान गरिने यस पुरस्कारको राशी ५० हजार ७८ रुपियाँ रहेको छ । भरतपुर प्रज्ञा-प्रतिष्ठानले पहिलो पटक यो पुरस्कार नेपाली नाटक तथा चलचित्रका क्षेत्रमा देन दिएका तर आफ्नै परिवेशमा त्यति प्रसिद्ध नभएका विशिष्ट कलाकार ऋद्धिचरण श्रेष्ठलाई प्रदान गरेको छ ।

**ग) कृष्णबम मल्ल प्रज्ञा सम्मान**

साहित्य, दर्शन, समाजशास्त्र र सांस्कृतिक अध्ययन एवम् अनुसन्धानका क्षेत्रमा विशेष कर्म गरी योगदान पुऱ्याउने व्यक्तित्वलाई हरेक वर्ष प्रदान गरिने व्यक्तित्वपरक पुरस्कार 'कृष्ण बम मल्ल' प्रज्ञा सम्मानको पुरस्कार राशि ५० हजार ७८ रुपियाँको रहेको छ । यस वर्ष यो पुरस्कार डीआर पोखरेललाई प्रदान गरिएको छ । रामेछाप जन्मस्थल भए पनि चितवनलाई वासस्थान बनाई लामो समयदेखि चितवनमा सक्रिय जीवनयापन गरेका पोखरेलले आफ्ना चिन्तनपरक, सामाजिक - सांस्कृतिक, सिर्जनात्मक तथा समालोचनात्मक लेखनद्वारा र अनुसन्धानमूलक कर्मद्वारा समाजलाई परिवर्तन र अग्रगति दिनमा योगदान पुऱ्याएकाले उनलाई यो व्यक्तित्वपरक पुरस्कार प्रदान गरिएको पाइन्छ ।

**घ) चित्रवन प्रज्ञा पुरस्कार**

यो चितवन भरतपुर महानगरबासी वा अन्यत्रका जो कोही पनि जसले चितवन र चितवनको पहिचानबारे यहाँका विशिष्ट पक्षबारे लेखन-प्रकाशन गरी चितवनको महत्त्व र विशिष्टतालाई उजागर गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई प्रदान गरिने ५० हजार ७८ रुपियाँ राशिको पुरस्कार रहेको छ । यसपटक चितवनको भाषा साहित्यको ऐतिहासिक खोजी र अनुसन्धानद्वारा चितवनमा साहित्यिक विकासको कालक्रमिक र विधागत इतिहास तयार गरी प्रकाशन गर्ने, साहित्य, समालोचना र सिर्जनाका क्षेत्रमा अनवरत लागिरहने त्रिविका प्रा.डा. लक्ष्मणप्रसाद गौतमलाई प्रदान गरिएको छ ।

**ङ) वागीश्वरी प्रज्ञा पुरस्कार**

भरतपुर महानगर क्षेत्रभित्र बसोबास गर्ने विशिष्ट नारी स्रष्टालाई मात्र प्रदान गरिने यस पुरस्कारको राशी २५ हजार ७८ रहेको छ । महानगर प्रज्ञा-प्रतिष्ठानले

यसपटक लामो शैक्षिक अनुभव भएकी सिर्जना र समालोचनाका क्षेत्रमा विशिष्ट योगदान गर्ने नारी स्रष्टा सहप्राध्यापक गायत्री श्रेष्ठको प्रकाशित सिर्जनात्मक कृति आफ्नै मनको सागरमाका लागि प्रदान गरेको छ । यसबाहेक महानगर प्रज्ञा-प्रतिष्ठानले अघिल्लो वर्षभरि प्रकाशित कृतिमध्येबाट विधागत रूपमा कविता आख्यान र निबन्धात्मक कृतिलाई पनि रु. २५ हजारको दरले पुरस्कार प्रदान गरी सम्मान गरेको छ ।

**च) भरतपुर प्रज्ञा पुरस्कार**

महानगर प्रज्ञाप्रतिष्ठानले वर्ष २०७७ र ०७८ मा प्रकाशन भएका महानगरवासी स्रष्टाका साहित्यिक कृतिहरूबिच प्रतिस्पर्धा गराई उत्कृष्ट ठहरिएका कृतिलाई जनही २५ हजार ७८ रुपैयाँसहित भरतपुर प्रज्ञा पुरस्कार प्रदान गरेको छ । साहित्यका प्रमुख विधाहरू काव्य, आख्यान, निवन्ध र नाटक विधालाई प्रदान गरिने यस पुरस्कारको नाटक विधामा भने कुनै पुस्तक पनि अभिलेखीकरण भएनन् । अन्य विधामा भने निम्नानुसार पुरस्कार प्रदान गरिएको छ । 'भरतपुर महानगर प्रज्ञा सम्मान' नामकरण गरिएको यस पुरस्कार निम्न व्यक्ति र कृतिलाई प्रदान गरिएको छः

**अ) कविता-काव्य**

यसपटकको कविता विधाको भरतपुर महानगर प्रज्ञा सम्मान कवि पोषराज पौड्यालको शुक्लागण्डकी' महाकाव्यलाई प्रदान गरेको छ । २०३० को दशकदेखि प्रणतिवादी लेखनका क्षेत्रमा सक्रिय रही कविता, खण्डकाव्य र महाकाव्यका स्रष्टा पौडेलको महाकाव्य शुक्लागण्डकीले नेपाली जीवन, समाज र सामाजिक परिवर्तनका लागि मार्क्सवादी सौन्दर्य चिन्तनका आडमा उभिएर साम्यवादी समाज र राज्यव्यवस्थाको उदात्त अभिव्यक्ति प्रस्तुत गरेको छ ।

**आ) आख्यान**

कथा-उपन्यास वा आख्यान विधाबाट यसपटक चर्चित साहित्यकार-पत्रकार तथा कवि र आख्यानकार सिर्जन अविरलको 'मोक्ष' उपन्यासलाई प्रदान गरेको छ । नेपाली समाजले भोगे-बेहोरेको दसवर्षे सशस्त्र द्वन्द्व र युद्धको पृष्ठभूमिमा लिखित प्रस्तुत कृतिले तत्कालीन समयको वैयक्तिक, सामाजिक, मानसिक र परिवेशिक यथार्थलाई कलात्मक प्रस्तुति दिएको छ ।

**इ) निबन्ध-प्रबन्ध र समालोचना**

यस विधाअन्तर्गतको 'भरतपुर महानगर प्रज्ञा पुरस्कार यसपटक त्रिविका सह-प्राध्यापक डा. एकनारायण पौड्यालको 'निसमालोचना सिद्धान्त र प्रयोग' कृतिलाई प्रदान गरेको छ । कविता, निबन्ध-प्रबन्ध, विचार-दर्शन-राजनीति, समालोचना र विशेष गरी अनुसन्धानका क्षेत्रमा सक्रिय डा. पौड्यालको निसमालोचनाः सिद्धान्त र प्रयोग' अनुसन्धानमूलक नवीनतम कृति रहेको छ । समालोचकीय मान्यता र क्षेत्रका औपचारिकतालाई अतिक्रमण गर्दै समालोचना कृतिपरक हुनै पर्ने तर वस्तुपरक नभए पनि हुन सकने अथवा आत्मपरक, वैयक्तिक र नैबन्धिक ढाँचामा समेत समालोचना गर्न सकिने नवीन शैली, चिन्तन विचारलाई डा. पौड्यालको 'निसमालोचनाः सिद्धान्त र प्रयोग' कृतिले बाहिर ल्याएको छ ।

भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानद्वारा प्रदत्त उपर्युक्त सम्मान र पुरस्कार प्रदान गर्नका लागि व्यक्तित्वपर क-कृतित्त्वपरक रूपमा मूल्याङ्कननार्थ प्राज्ञिक परिषद् सदस्य संयोजक रहने गरी छनौट र मूल्याङ्कन समितिहरू निर्माण गरिएका थिए र ती समितिद्वारा मूल्याङ्कित कृति र व्यक्तिहरूलाई पुरस्कार सम्मान प्रदान गरेको छ । शुभारम्भका वर्षमै पनि समुचित दृष्टि र कार्य व्यवस्थापनाबाट निरपेक्ष रहेर कार्यसम्पादनको प्रयास गर्नुलाई भोलिका लागि सुखद् सम्भावना मान्न सकिन्छ । गर्दै-सिक्दै, जाने नै जीव, समाज र सभ्यता रहेछ । कला साहित्यका लागि, त्यसको उन्नयनका लागि राज्यव्यवस्था सकारात्मक रहिदिए, विभूतिका स्वरलाई विरोधी करार नगरे भरतपुर महानगरले कला साहित्य र संस्कृतिका क्षेत्रमा गरेको योगदान भोलि गएर स्वर्णाक्षरमाा लेखिने छन् ।

卐

समालोचना

# चितवनका शोककाव्यः सङ्क्षिप्तावलोकन



प्रा.डा. नारायणप्रसाद खनाल*

सायद यो पद्य चितवनको वाल्मीकि आश्रममा आदिकवि वाल्मीकिका मुखबाट सर्वप्रथम स्वस्फूर्त रूपमा निस्केको प्राप्त लौकिक कविता हो- मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः। यत्क्रौञ्चमिथुनादेकमवधी:काममोहितम् ।

आनन्दवर्धनले रामायण रचनाको कारण बनेको उक्त पद्यलाई केन्द्रमा राखी ध्वनिलाई काव्यको आत्मा घोषणा गर्दै वाल्मीकिको रामायणलाई पहिलो श्रेणीको काव्य मानेका छन्। सिकारीले भालेलाई मारिदिंदा पोथीले गरेको विलाप सुनेर हृदय द्रवीभूत बनेका आदिकवि वाल्मीकिद्वारा रामसीताको वियोगजनित शोकात्मक प्रबन्धलाई आठ काण्डमा करिब चौबिस हजार श्लोक भएको उत्कृष्ट महाकाव्य -आदिकाव्य रामायण शोककाव्यका रूपमा लेखिएको छ । महाभारत शोकैशोकको पुलिन्दा हो,जो शान्तरसमा परिणत भएको छ । यसैले करुण रसको स्थायी भाव शोक आदिकालदेखि काव्यको सृजनाधार बन्दै आएको छ । पशुपन्छीको विरहवेदना अनुभव गरेर शोक स्थायीभावका रूपमा अभिव्यक्त हुन सक्छ भने मान्छेका आफन्तजन-प्रियजनका वियोग-विरहमा संवेदनशील कविहृदयबाट शोक अभिव्यक्त हुनु स्वाभाविक नै देखिन्छ। स्रष्टाहरू प्रकृतिका यावत् विषयलाई सूक्ष्मेक्षिकाद्वारा नियाल्दछन् चाहे त्यो मानवी विरहवेदना होस् चाहे मानवेतर! स्रष्टा पुरुष होओस् वा महिला, आलम्बन नर होओस् वा नारी, या मानवेतर नै किन नहोस्, अनुभूति र संवेदना उस्तै हो । शोकलाई श्लोकत्व प्रदान गर्ने परम्पराका अर्का कवि भवभूतिले शोकको उदात्तीकरण गर्दै करुण रसलाई रसराज मानेका छन् र अरू सबै रसलाई करुण रसका छिटाबिटा मात्र हुन् भन्दै 'उत्तररामचरित' नाटकमा सीतावियोगजन्य रामविषयक करुणरसको सजीव प्रस्तुति यसरी गरेका छन्-

एको रस: करुण एव निमित्तभेदाद्
भिन्नःपृथक्पृथगिवाश्रयते विवर्तान् ।
आवर्तबुद्बुदतरङ्गमयान्विकारा-
नम्भो यथा सलिलमेव हि तत्समग्रम् ॥

मानव वा मानवेतर सबै प्राणीमा शोकानुभूति हुन्छ तर मान्छेले झैँ बोलेर लेखेर अभिव्यक्त गर्ने कला अरूमा हुँदैन। यसैले भनिन्छ, *'नानृषि:कविरित्युक्तं ऋषिश्च किल दर्शनात् ।'* अर्थात् ऋषिकल्प नभई कोही कवित्वको पदवी पाउन लायक रहँदैन । यस किसिमका ऋषिकल्प कविकवयित्रीहरूले नेपाली भूमिलाई आलम्बन र उद्दीपन जस्ता रसावस्थाका विभाव,अनुभाव, व्यभिचारी वा सञ्चाव्यरीभाव आदिका व्यङ्ग्यव्ञ्जकभाव सम्बन्धले उद्बोद्ध्यमान सात्विक भाव र आलम्बन पक्षबाट उद्दीप्त भई परिपुष्ट बनाइएको स्थायी भावका रूपमा शोक अभिव्यक्त भयो भने मात्र उपस्थित हुनसक्ने र अलौकिक भएर पनि लोकानुभूत हुने करुण रस प्रधान काव्य-खण्डकाव्यको रचना गरेर वाचक-भावकलाई अश्रुषिक्तमात्र बनाएका छैनन्, नेपाली भाषासाहित्यका पाठकहरूलाई धरधरी रुवाएका पनि छन् । रुवाउनुको मतलब आनन्द- निष्यन्द वा हर्षाश्रुको अविरल वर्षा गराउनु हो । जसरी मानव आवश्यक हासप्रहासका रसोपकरण श्रवण गर्दा बित्तिकै पेट मिची मिची हाँस्न

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

थाल्दछ, त्यसै गरी शोकभावमूलक बयान सुन्दाबित्तिकै श्रोता अश्रुविमोचन र गलविवरावरुध्दपूर्वक रुन थाल्दछ। प्रियजनको वियोग कति असह्य पीडादायी हुन्छ भने सन्देश सुन्यो कि साधारणीकरण हुन थाल्छ, हृदय द्रवीभूत भइहाल्दछ, आँखाबाट आँसु झर्न थालिहाल्छन्। यो अवस्था अलौकिक हो कि लौकिक? वस्तुत: लौकिक कार्यकारणद्वारा समुपस्थित हुने अलौकिक आनन्द नै रस हो। करुणरस शृङ्गार, हास्य, वीर, रौद्र, भयानक, अद्भुत, शान्त आदि नवरसमध्ये एक हो, यसैले भनिन्छ, *'रसो वै स:'* अर्थात् रस नै परमानन्दमय ब्रह्म हो।यस्ता काव्य करुणकाव्य हुन् तापनि करुणरसको स्थायी भावलाई नै रससँग अभिन्न ठानी शोककाव्य भन्ने चलन छ।

आदिकालदेखि नै नेपाली साहित्यमा स्रष्टाहरूले शोकभावलाई उपजीव्य मानेर कविता रचेका अनेक उदाहरण छन्। मोतीराम भट्टले भारतेन्दु हरिश्चन्द्रको निधनमा लेखेको *'शोकोद्वार!'* (वि.सं १९४२) नेपाली साहित्यमा प्रथम शोककविता हुन सक्छ। मोतीरामकै निधन भएको पन्ध्रौं दिनमा *'शोक! शोक!! महाशोक!!!'* कविता *'भारतजीवन'* पत्रिकामा छापिएको थियो भनिन्छ। राजीवलोचन जोशीको *'विस्मातहर्षतरङ्गिणी'* र कविशिरोमणि लेखनाथ पौड्यालले मि.सु. राममणि आदिको अनुरोधमा *'शोकप्रवाह'* यी दुवै राजा पृथ्वीवीरविक्रमको मृत्युशोकमा रचित शोककाव्य हुन्। डिल्लीध्वज पन्त र पुष्पनाथ लोहनीको संयुक्त शोककाव्य *'शोकमालिका'*, लेखनाथ पौड्यालको *'अमरज्योतिको सत्यस्मृति'* मात्र होइन, यसपछि नेपाली शोक काव्य लेखनको बाढी नै चल्छ। यहाँनिर के स्पष्ट हुन जरुरी छ भने विभिन्न कवि-महाकविहरूका काव्यभित्र प्रसङ्गवश आएका शोक प्रकरण पनि कम्ती श्लाघनीय शोककाव्यमय बन्न पुगेका छैनन्। प्रसङ्गात् डमरुवल्लभ शर्मा, चक्रपाणि चालिसे, भीमनिधि तिवारी, गोपालपाण्डे, जगन्नाथ गुरागाई, काशीनाथ आदी, प्रेमप्रसाद भट्टराई, केदारमणि आदी, शुकदेव शर्मा, रामनाथ खनाल, देवीप्रसाद शर्मा प्रभृतिले कवि-महाकवि, पुत्र-पत्नी, मातापिता, पुत्री, शासक-राजा, नेता-प्रधानमन्त्री आदिका मृत्युमा शोककाव्यद्वारा साहित्याराधना गरिसकेको अवस्थामा माधव घिमिरेले आफ्नी पत्नी गौरीको वियोगको शोकावस्थालाई चरमोत्कर्षमा पुऱ्याएर रचित 'गौरी' (२०१४) शोककाव्य नेपाली साहित्य भण्डारमा एक मानक कृति बन्यो। यसपछि पनि प्रियजनका मृत्युमा सम्बद्ध कवि-व्यक्तिले आआफ्नो प्रतिभाप्रदर्शनपूर्वक सुन्दर शोककाव्य रचना गरेका छन्, जसको परम्परा निकै लामो रहेको छ भने नारी-प्रतिभाहरूलाई पनि शोकलाई श्लोकत्वमा बदल्न निरन्तर क्रियाशील देख्न सकिन्छ। यस सन्दर्भमा पहिलो शोककाव्यकी स्रष्टा विद्यादेवी दीक्षित (१९६२-२०४१)ले *'विलाप'* (१९९०) र 'विरह' (१९९३) जस्ता दुईवटा शोककाव्य लेखेकी छिन्। यसपछि हरिकला चुडाल 'गर्ग' (१९९८)को मातृवियोगमा रचित *'हिमा'*(२०४३) शोककाव्य देखा पर्छ। यसै गरी कमला देवकोटा (२०१९) को पतिवियोगमा रचित *'कृष्णचन्द्र शोककाव्य'* (२०५६), सुस्मिता ढकाल (?) को पुत्रवियोगमा रचित *'सुचन'* (२०६१), नवीना श्रेष्ठ (२०११) को मातृवियोगमा रचित *'मातृविलाप'* (२०६३), शुष्मा आचार्य (२००७) को पितृवियोगमा रचित *'शोकशब्दाञ्जली'* (२०६५), इन्दिरा प्रसाई (२०१४) को साथी शारदाको शोकमा रचित *'शारदा'* (२०६९), विदुषी पाण्डेय (२०१६) को *'विरहका आँसु'* (२०६२), अनिता शर्मा मजगैयाँ (२००९) को पितृवियोगमा रचित *'पिता स्मृति'* (२०६२), चरित्रा शाह (२०४५) को पिता सचेतकुमार शाहका निधनमा रचित *'सचेत स्मृतिकाव्य'* (२०७५) सम्मका नारी प्रतिभाबाट रचित शोककाव्य अहिलेसम्म दृश्य-श्रव्य पथमा अवतरित हुन सकेका छन्। साथै चितवनका नारी शोककाव्यकार चन्द्रवदना घिमिरेले छोरीकी छोरी नातिनीको वियोगम, शारदा ढुङ्गानाले सासूको वियोगमा र भगवती पाण्डे अर्यालले आमाको वियोगमा र चिएका शोककाव्य वर्णानुक्रममा समेटिएका छन्। यस किसिमका ऋषिकल्प कवि-कवयित्रीहरूले नेपाली काव्य-भूमिलाई आलम्बन र उद्दीपन जस्ता रसावस्थाका विभाव, अनुभाव, व्यभिचारी वा सञ्चारीभाव आदिका व्यङ्ग्यव्ञ्जकभाव सम्बन्धले

उद्बोद्ध्यमान सात्विक भाव र आलम्बन पक्षबाट उद्दीप्त भई परिपुष्ट बनाइएको स्थायी भावका रूपमा शोक अभिव्यक्त भयो भने लौकिक भएर पनि अलोकानुभूत हुने करुणरसप्रधान काव्यको रचना गरेर वाचक-भावकलाई परमानन्दावस्थामा पुराएका छन् । यहाँ थाहा पाएसम्मका र चितवन भूमिमा बसोबास गरेका कवि-कवयित्रीहरूका शोककाव्यहरूको विवरण नामको वर्णानुक्रमका आधारमा यथासम्भव चिनाउने ध्येयले प्रस्तुत गरिन्छ-

**अर्जुन र सुरेन्द्र अस्तफलको 'आमा' (२०७३)काव्य:**

अर्जुन अस्तफल (२०२६ ) र सुरेन्द्र अस्तफल (२०३१) उर्फ अर्जुनप्रसाद पौडेल (एमएस्सी कृषि) र सुरेन्द्रप्रसाद पौडेल (एमए-एमएड नेपाली) कविडाँडा चितवनमा जन्मेका सहोदर दाजुभाइ हुन् । अर्जुन अस्तफलको भुइँ झरेका पातहरू (गीतसङ्ग्रह २०७३) र अनेकौ गीति एलबमहरू प्रकाशित छन् भने सुरेन्द्र अस्तफलका शब्दहरू अविराम यात्रामा (सामूहिक (२०५७), बिम्बशिविर (२०६१), हिउँको आरोहण (२०७३) र तेल भिसा (२०७८) कवितासङ्ग्रहहरू प्रकाशित छन् । कवितासङ्ग्रहहरू प्रकाशन गरिसकेका सुरेन्द्र अस्तफलसमेतको लेखनमा आमा सुमित्रादेवी पौडेलको असामयिक निधनबाट आहत भई दुई भाइ कविको संयुक्त रूपमा तयार भएको कविता कृति हो 'आमा' (२०७३) तर यसलाई काव्य भनिएको छ । आमासँगका स्मृति, विरह, विषाद आदि अनेक भाव र मातृमहत्त्व प्रकट भएको यो काव्य एकाकार भएर संयुक्त भूमिकासहित छापिए पनि यसभित्र रहेका दुई लेखकीय वक्तव्य र फरकफरक खण्डका कारण दुईवटा शोक-कवितासङ्ग्रह (काव्य) को उपस्थिति छ भन्दा फरक पर्दैन । निज-निजनिर्मित गद्यलयमा तयार भएको यो संयुक्त शोककाव्य चितवनको शोककाव्य परम्परामा आफ्नै किसिमको कृति ठहर्छ ।

**कोमलनाथ कोइरालाको 'अन्नपूर्णा' (२०३७)शोककाव्य:**

कोमलनाथ कोइराला (१९८२-२०४७) लमजुङमा जन्मे पनि चितवनको गीतानगरमा रहेर समाजसेवा र साहित्यसाधनारत व्यक्ति हुन् । चितवन साहित्य परिषद्को संस्थापक अध्यक्षसमेत रहेका कोइरालाकी पत्नी अन्नपूर्णाको असामयिक मृत्युशोकमा रचित शोककाव्य अन्नपूर्णा (२०३७) प्रकाशित भएको छ । शास्त्रीय छन्दमा रचित यस काव्यमा शोकस्थायी भावको सशक्तीकरणद्वारा करुणरसको अभिव्यक्ति राम्ररी भएको हुँदा काव्यकला प्रखर बनेको देखिन्छ । यिनका छन्दोबद्ध फुटकर रचनाहरू रहे पनि यिनको अर्को कुनै काव्य-कृति पाइएको छैन ।

**खेमराज केशवशरणको 'परमानन्दस्मृति' (२०५४\२०७०) शोककाव्य:**

खेमराज केशवशरण (प्रा.खेमराज उपाध्याय दाहाल-१९९६-२०७४) मोरङमा जन्मेर वनारसबाट साहित्याचार्य गरी काठमाडौँमा प्राध्यापन गर्दा र निवृत्तिपश्चात् उनका काव्य-महाकाव्य र अन्यसमेत ४५ पुस्तक नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामासमेत प्रकाशित छन् । यिनी चितवनको देवघाटस्थित आफ्नै शरणागति आश्रममा सेवानिवृत्त जीवन बिताइरहँदा नेपाल सन्त समाजका अध्यक्ष स्वामी परमानन्द सरस्वतीको निधन भएलगत्तै 'परमानन्दस्मृति' (२०५४\२०७०) नाउँको प्रकाशित शोककाव्य सन्तका पूर्वकृत्यहरूको स्मृति, विरह-विछोड, अभाव आदिको जोडदार वर्णनले शोक परिपुष्ट हुँदा कारुणिक बन्न सफल छ भने शिखरिणी छन्दको लयबध्दताले निकै आनन्दित बनाउँछ । यस काव्यका अनेक संस्करण भइसकेको अवगत हुन्छ ।

**खेमराज त्रिपाठीको 'मार्कण्ड'(२०३३) शोककाव्य:**

खेमराज त्रिपाठी (२००९) को जन्म पोखरातिर भए पनि चितवन, भमनपा भित्रकै निवासी हुन् । उनका पिता मार्कण्ड त्रिपाठीको २०२० सालमा निधन हुँदाको पीडा शास्त्रीय छन्दमा अभिव्यक्त भएको एकमात्र काव्यकृति 'मार्कण्ड' (२०३३) शोककाव्यमा पिताका क्रियाकलाप, आफूलाई गरेको मायाममता, पिताको अभावको पीडा र

पुनःस्मरण जस्ता अनेकौं बयानबाट उद्दीप्त शोक व्यञ्जित भएको छ र करुण रसको सुन्दर परिपाक हुन पुगेको छ। यिनले चितवनबाट मोती जयन्तीमा नेपाली शिक्षा परिषद्, काठमाडौंमा पठाएको र त्यहाँबाट प्रकाशित भएको समस्यापूर्ति शार्दूल विक्रीडित छन्दोबद्ध एक पद्य पाइएको छ। यसअतिरिक्त यिनका लेखनबारे केही थाहा हुन सकेको छैन।

**गिरिधारी घिमिरे 'विशिष्ट'को 'आमा' (२०६३) शोककाव्यः**

गिरिधारी घिमिरे 'विशिष्ट' (२००६) लमजुङमा जन्मेर चितवनको रत्ननगरमा निवास गर्दै आएका काव्य-साधक हुन्। शास्त्रीय छन्दमा राम्रो गति भएका विशिष्टको पहिलो कृति 'प्रेरणा' कवितासङ्ग्रह (२०५८) हो भने भर्खरै प्रकाशित 'छाया-छवि' कवितासङ्ग्रह (२०७९) तेस्रो पुस्तक बनेको छ। मातृवियोगमा रचित 'आमा' शोककाव्य (२०६३)चाहिँ दोस्रो पुस्तकका रूपमा प्रकाशित भएको छ। यस काव्यमा आमाका निधनपश्चात् गरिएका विविध क्रियाकलाप, स्मृति र आलापहरू विभाव र उद्दीपन बनेर आएका छन् भने शास्त्रीय छन्दमा रचित यस काव्यमा मातृवियोगजन्य शोकभाव राम्ररी अभिव्यक्त भएको छ।

**गोविन्द बरालको 'मातृवियोग' (२०६४) शोककाव्यः**

गोविन्द बराल (१९९३-२०७४) लमजुङमा जन्मेर चितवनको शारदानगरमा बस्ने गरेका स्रष्टा हुन्। यिनी आफू चौध वर्षको हुँदा ३६ वर्षकी आमा मायादेवीको २००७ मा असामयिक निधनबाट शोक विह्वल भई लेखेको शोककाव्य 'मातृवियोग' (२०६४) पाँच खण्डमा रचित छ, जसमध्ये चार खण्ड आमाबारे र ४३ वर्षमा पत्नी गुमाए पनि अर्को विवाह नगरी २०३५ मा ७१ वर्षको उमेरमा दिवङ्गत पिता गौरीशङ्करबारे पाँचौं खण्ड 'पिताजीको सम्झनामा' रचिएको छ। शार्दूलविक्रीडित छन्दका लयानुकरणमा लेखिएको यो शोककाव्य करुणभाव स्पर्श गर्न सक्षम छ। यिनका अन्य तीन कविता-यात्रा कृतिसङ्ग्रह प्रकाशित भएको पनि अवगत हुन्छ।

**चन्द्रवदना घिमिरेको 'श्वेता' शोककाव्य (२०५७)**

चन्द्रवदना घिमिरे चितवनको रत्ननगर नपा मोहना माइत भई लमजुङ-काठमाडौँको घिमिरे परिवारमा विवाहित सेवानिवृत्त शिक्षिका हुन्। उनको एक कवितासङ्ग्रह 'प्रयास' (२०५६) र दौहितृ वियोगपरक शोककाव्य 'श्वेता' (२०५७) प्रकाशित छन्। यस काव्यमा नातिनी श्वेताको वियोगबाट झेल्नुपरको पीडा र अभावबारे शास्त्रीय छन्दमा निकै सुन्दर रचना गरिएको छ भने विभाव-अनुभावद्वारा शोकभाव परिपाक भई करुणरस अभिव्यक्त भएको पाइन्छ। उनका फुटकर रचना यत्रतत्र देख्न पाइन्छ।

**चूडामणि ओलीको 'अश्रुधारा' (२०६९) र 'आमा' (२०७२) शोककाव्यः**

चूडामणि ओली (२००२) धादिङमा जन्मे-हुर्केर स्नातक गरी शिक्षण पेसा पश्चात् सेवानिवृत्त जीवन भरतपुर-१०मा बिताइरहेका छन्। यिनले छन्दोबध्द कविताका माध्यमबाट पत्नी देवकाकुमारीको विरहमा शोककाव्य 'अश्रुधारा' (२०६९) र आमा तीर्थकुमारीको विरहमा लघुकाव्य 'आमा' (२०७२)समेत दुईवटा खण्डकाव्य प्रकाशित गरेका छन्। 'अश्रुधारा' मा शोकका विभाव-अनुभाव आदिको सुन्दर स्थापना भएकाले कारुणिक अवस्था सृजना भएको छ भने 'आमा' मा मातृभक्ति र देशभक्तिको भावना छताछुल्ल भएर करुणिकता व्यक्त भएको छ। यिनी निरन्तर क्रियाशील छन् र यिनको अर्को एक कवितासङ्ग्रह 'इतिहास पुरुष' (२०७७) प्रकाशित भइसकेको छ।

**चेतकान्त चापागाईको 'दासढुङ्गाको व्यथागाथा' (२०५१) र आँसुको चिनो (२०६३) शोककाव्यः**

चेतकान्त चापागाई (२००५-२०७१) कास्कीमा जन्मेर चितवनलाई कर्मस्थल बनाएका प्रवेशिका पास कवि हुन्। यिनका चार कवितासङ्ग्रह प्रकाशनपूर्व नै एउटा शोककाव्य कृति 'दासढुङ्गाको व्यथागाथा' (२०५१) प्रकाशित छ। यसमा नेता मदन भण्डारीको दुर्घटनाबाट भएको मृत्युको प्रगतिवादी पृष्ठभूमिमा कारुणिक चित्र

प्रस्तुत भएको छ । यिनको अर्को लघु-शोककाव्य आफ्नी कान्छी छोरी सुजिना उर्फ गायत्रीको असामयिक निधनमा 'रातफूलहरू' (२०६३) अन्तर्गत 'आँसुको चिनो' शीर्षकमा प्रकाशित भएको छ। यसमा शास्त्रीय छन्दोबद्ध ११० पद्यमा शोकस्थायीभावका विभावादिको समुचित संयोजनले पुत्रीशोकपरक करुणरस सुन्दर ढङ्गले परिपाक भएको छ।

**जगन्नाथ देवकोटाको 'जया' (२०५९) शोककाव्यः**

जगन्नाथ देवकोटा (२०१२) कास्कीमा जन्मेर चितवनको पारसनगरलाई कर्मस्थल बनाएर शिक्षण पेसासमेत अँगालेका स्रष्टा हुन्। मेडिकल साइन्स पढिरहेकी प्यारी छोरी जयाको असामयिक निधनबाट शोकवशीभूत भएर यिनले 'जया' (२०५९) शीर्षकमा प्रायः सचित्र शोककाव्य लेखेका छन्। आफूलाई स्रष्टाले कवि होइन भने पनि पुत्रीशोकमा विह्वल भएर शार्दूलविक्रीडित शास्त्रीय छन्दको अनुसरणमा रचित यस काव्यमा शोकभाव राम्ररी प्रदीप्त भएर करुणरसको अभिव्यक्ति भएको छ।

**प्रा. जगन्नाथ शर्मा कण्डेलको 'गुरुचरित मानस' (२०५३) र महतारी (२०७१) शोककाव्यः**

प्रा. जगन्नाथ शर्मा कण्डेल (२००८) बागलुङमा जन्मेर नव्यव्याकरणादि पाँचविषयमा स्नातकोत्तर भई सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वनारसको नेपाली विभागमा प्राध्यापनपश्चात् सेवानिवृत्त जीवन भमनपा-५ लङ्कु श्रीलक्ष्मीनारायणमन्दिरको सेवामा समर्पित गर्ने साधक हुन्। उनको सन्त गुरु परमानन्द सरस्वती अस्तङ्गम हुँदा उत्पन्न शोकावस्थामा रचित 'गुरुचरित मानस' (२०५३) पहिलो खण्डकाव्याकार छन्दोबध्द शोककाव्य हो। यसै गरी देशको नाजुक एवं दर्दनाक अवस्था, नेतृत्त्वको अक्षमता, भ्रष्टचारित्रिक मनोदशाको चित्रणका साथ तमाम विकृति-विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरिएको दोस्रो व्यङ्ग्यकाव्य हो 'नेपाल निल्न चाहनेहरूप्रति' (२०७१) । यो शास्त्रीय र लोक दुवै छन्दका माध्यमबाट रचित खण्डकाव्य हो। यिनको 'महतारी' नामक शोक महाकाव्य-कृति प्रकाशित भएको छ, जसमा आफनी आमाका आभामा हुने गरेका विविध स्मृतिहरूलाई काव्यात्मक ढङ्गमा सुन्दर अभिव्यक्ति प्रदान गरिएको छ। यस काव्यमा महातारी वियोगजनित शोकभाव व्यक्त भई करूणरस छताछुल्ल बनेको छ।

**डिल्लीराज सापकोटाको 'बत्ती निभेको घर' (२०७१) शोककाव्यः**

डिल्लीराज सापकोटा (२००९) गुल्मीमा हुर्केर उपस्नातक भई शिक्षणसेवा गरिसकेपछि चितवनको कृष्णपुरमा बस्छन्। यिनले पत्नी सुमित्राको एकसट्ठी वर्षको उमेरमा भएको असामयिक निधनमा पहिलो कृति करुणरस परिपुष्ट शोककाव्य 'बत्ती निभेको घर' (२०७१) प्रकाशित गरेका छन् भने गुल्मीमा प्रख्यात सत्यवती देवीलाई चिनाउने खालको खण्डकाव्य कृति 'सत्यवती' (२०७४) पनि प्रकाशित गरेका छन्। यी दुवै काव्यमा अधिकांश शास्त्रीय र फाट्टफुट्ट लोकलय पनि उपयोग भएको देखिन्छ। खास गरी पत्नीको अभावबाट उत्पन्न विपन्नता, स्मृति-चिन्ता आदि विभाव-अनुभावबाट कविगत शोक व्यक्त भएकोछ भने काव्य कारुणिक बनेको छ। यिनको सृजनामा निरन्तरता देखिन्छ।

**तारापति देवकोटा 'शोकचिन्तन' (२०५६) शोककाव्यः**

तारापति देवकोटा (१९९०-२०६५)कास्कीमा जन्मे-हुर्केर चितवनको कैलासनगरमा बसोबास गरेका स्रष्टा हुन्। यिनले आफ्नी पत्नी राधिकादेवीको असामयिक निधनमा झ्याउरे र गद्यलयमा आफूभित्र उत्पन्न विविध पीडा र छट्पटीलाई शोकभावमा प्रस्तुत गरी एकमात्र 'शोकचिन्तन' (२०५६) नामक करुणकाव्य सृजना गरेका छन्। यिनले अन्य केकति कृति-सृजना गरेका थिए भन्ने कुरा अज्ञात नै छ।

**नारायणदत्त शास्त्रीको आमाको आँसु (२०१५) शोककाव्य?**

नारायणदत्त शास्त्री (१९८९-२०७०) तनहुँमा

जन्मेहुर्केर काठमाडौँमा पढेर क्षेत्रपुरमा बस्ने र चितवन नझर्दै धेरै पुस्तक प्रकाशित गर्ने आचार्य थरका शास्त्री पेसाले सेवानिवृत्त शिक्षाधिकारी हुन् भने शास्त्रीय छन्द र लोकलयमा कलम चलाउने शिल्पी पनि हुन्। यिनका नाटक-गीतिनाटक-८, नियात्रा-१, काव्यशास्त्र-१ मध्ये केही पुस्तकमा स्तरीय गद्य पनि प्रयुक्त छ । यिनको खण्डकाव्यकारिता खण्डकाव्याकार यी दश कृतिले प्रकट गरेका छन्-

सङ्घर्ष जीवन (२०१४), आमाको आँसु (२०१५), गोरखनाथस्तुति (२०१५), भानुको सम्झनामा (२०१७) बैनीको कोसेली (२०१८), गोर्खाको गोरेटो (२०२०), श्रीमद्भागवतसारांश (२०५७), कृषिडायरी (२०५९), गीतामञ्जरी (२०६१), वनवनस्पति (२०६२) । चितवनमा रचिएका पछिल्ला चार खण्डकाव्यमात्र हुन् । नामअनुसार यी काव्यमा धार्मिक-आध्यात्मिक र कृषि-वनविषयक चेत प्रखर रहेको छ। यिनको 'आमाको आँसु'को रूप-आकार हेर्न नपाए पनि शीर्षकले सङ्केत गरेअनुसार यो करुणकाव्य हुनुपर्छ भन्ने अनुमानसम्म गर्न सकिन्छ।

**नीराजन पन्तको 'महापुरुष' (२०७४)शोककाव्यः**

नीराजन पन्त (२०४०) लमजुङमा जन्मेर नेपालीमा स्नातकोत्तर गरी चितवनको कन्या क्याम्पस, भरतपुर र महेश गुरुकुलम्, देवघाटमा प्राध्यापनरत कवि हुन्। यिनको पहिलो कृति नै महाकाव्य 'देवघाट'(२०७०) प्रकाशित छ। महेश संन्यास आश्रमका पीठाधीश ब्रह्मलीन गुरुवर डा. स्वामी रामानन्द गिरिको स्मृतिमा रचित शोककाव्य 'महापुरुष' (२०७४) प्रकाशित भएको छ । शास्त्रीय छन्दका विविधतामा एक्काइस खण्डमा रचित यस शोककाव्यमा गुरुको सान्निध्य र अभावमा गुरुकुलको आवास-शिक्षा र सुरक्षाका चिन्ता, दृढसङ्कल्पको नैरन्तर्य, आदि गुरु वियोगगत शोकस्थायी भाव उद्बुध्द भएकाले 'महापुरुष' करुण काव्य बनेको छ । यिनको 'म र मेरा' (२०७८) खण्डकाव्यमा घर, म र परिवार यी तीन शीर्षकीय खण्डमा आफ्नो गृह परिवेश,आफूभित्रको म वा स्वानुभूति र मायालु वातावरण प्राप्त गर्ने आफ्नो परिवारबारे समसामयिक र याथार्थिक दार्शनिक प्रस्तुति रहेको देखिन्छ भने यिनका सृजनामा निरन्तरता छ।

**पोषराज पौडेल 'आमाःस्मृतिका छालमा'(२०४९)र 'जन्मदाता' स्मृतिकाव्य(२०७८) शोककाव्यः**

पोषराज पौडेल (२००१) कास्कीमा जन्मेर चितवनमा शिक्षण गरी सेवानिवृत्त जीवन बिताइरहेका प्रख्यात कवि हुन्। उनका एउटा कवितासङ्ग्रह दुईवटा महाकाव्यका साथै खण्डकाव्य 'माडीयात्रा' (२०३९), जीवनीकाव्य 'मेक्सिम गोर्की'(२०४३), शोककाव्य 'आमा स्मृतिका छालमा' (२०४९), काव्यत्रय 'पागल प्रलाप' (२०५५), आदर्श कोकिल (३०६५) र स्वप्न-बिम्ब (२०७४) एवम् पितृवियोगमा रचित 'जन्मदाता' स्मृतिकाव्य(२०७८) समेत पद्य, लोकलय र गद्य लयमा आबध्द सातवटा खण्डकाव्याकार कृति प्रकाशित छन्। यिनले आफ्नी दिवङ्गत आमा धनसरालाई मातृभूमिसित अभिन्न मान्दै गरिएको सम्झनामा यो पहिलो शोककाव्य लेखेका हुन् भने पिता डिल्लीराजको निधनमा दोस्रो जन्मदाता स्मृतिकाव्य लेखेका हुन् । यी दुवै स्मृति काव्यमा शोकभाव जोडदार रूपमा अभिव्यक्त भएकाले करुणकाव्यको उत्कृष्टता स्पष्टै देख्न सकिन्छ।

**प्रकाश चापागाईंको 'आँखाभरि' (२०६७) शोककाव्यः**

प्रकाश चापागाईं (२०१८) चितवनमा जन्मे-हुर्के-पढेर उपस्नातक भई त्रि.वि.मा सेवा गर्दा गर्दै नाटक 'रित्तो आकाश' (२०४०) प्रकाशन गरेर साहित्यमा प्रवेश गरेका कवि हुन् । यिनले दुईटा कविताकृति सम्पादन-प्रकाशन गरेका छन् भने पत्नी सीताको असामयिक निधनमा शोककाव्य 'आँखाभरि' (२०६७) र अर्को खण्डकाव्य 'बुलेट नम्बर पाँच'(२०७०) प्रकाशित छन्। 'खण्डकाव्यत्रयोदश' (२०७७) मा सङ्कलित 'मगुई'समेत तीनवटा खण्डकाव्य प्रकाशित गरेका छन्। यिनले संयुक्त महाकाव्य 'आरोहण'(२०७४)का तेह्र लेखकमध्ये एक लेखक बन्ने अवसरसमेत पाएका छन्। यिनी प्रगतिवादी कवि हुन् र काव्य-कविता भावप्रधान हुन्छन्। छन्दोबध्द

कविताका सर्जक चापागाई आँखाभरि काव्यमा सीता विरहजन्य भाव सजीव रूपमा प्रस्तुत गर्न सक्षम भएका छन्, यसैले काव्यमा शोकभाव पर्याप्तमात्रामा अभिव्यक्त भएको छ र काव्य कारुणिक बन्न सफल छ।

**भगवती अर्याल 'पाण्डे' 'अर्चना' (२०७६)**

भगवती अर्याल 'पाण्डे' (२०२८) तनहुँमा जन्मी भमनपा-१९ शारदानगर, चितवनमा हुर्केर नवलपरासीमा विवाहित भए पनि हाल चितवनमै बसोबास गरिरहेकी स्रष्टा हुन्। नेपालीमा स्नातकोत्तरद्वय गरी प्राध्यापनरत समीक्षक-सर्जक यिनको नवलपरासीका स्रष्टासम्बद्ध समीक्षात्मक ग्रन्थ पनि प्रकाशित छ।यिनले तीजगीत र गजलसमेतका अलगअलग कृति पनि लेखेकी छन्। पचहत्तर वर्षीया आमा कृष्णमायाको असामयिक निधनमा शोककाव्य 'अर्चना' (२०७६) प्रकाशित गरेकी छिन्। बीसवटा करुणालहरीमा उनिएर शार्दूलविक्रीडित-मन्दाक्रान्ता छन्दोबध्दताका आधारमा रचित यस काव्या शोकात्मक करुणालहरीले सुस्वादु बनेको छ। आमाको निःस्वार्थ भावको चित्र स्पष्ट हुन्छ। काव्यमा मातृस्मृतिका अनन्त प्रस्तुत भएका छन् चित्रले शोकभावलाई उद्बुध्द बनाएका छन् र कारुणिक काव्य मनोरम बनेको छ।

**भुवानीप्रसाद पौडेलको 'टुल्की' (२०७६) शोककाव्यः**

भुवानीप्रसाद पौडेल (२००४) पर्वतमा जन्मेहुर्केर पढ्दै कृषिशिक्षा-स्नातक भई लामो शिक्षणसेवापश्चात् निवृत्त जीवन सृजनाका साथ भमनपा-९, शरदपुरमा व्यतीत गर्दै छन्। यिनका एक कवितासङ्ग्रह र एक यात्रा निबन्धका साथै पत्नी शारदा उर्फ टुल्कीदेवीको असामयिक निधनबाट आहत भई रचित एउटा शोककाव्य 'टुल्की' (२०७६) प्रकाशित भएको छ। प्रारम्भ खण्ड,मध्य खण्ड र अन्तिम खण्डमा विभाजित यो काव्य शास्त्रीय छन्दमा रचिएको छ भने सर्वसाधारणका लागि पनि पत्नीगत विभावादिका कार्यकारणबाट शोकस्थायी भाव तयार भएकाले करुणरस अभिव्यक्त गर्न सक्षम यो काव्य हृदयस्पर्शी बनेको छ। कविको साधना नैरन्तर्य छ।

**माइल्दाइ न्यौपाने 'टीकाराम'को 'कथा-व्यथा' (२०६३) शोककाव्यः**

टीकाराम न्यौपाने (२००९) ले आफ्नो उपनाम 'माइल्दाइ न्यौपाने' राखेका छन्। उनी लमजुङमा जन्मे-हुर्केर आयुर्वेद पढी सरकारी सेवामा निरत रहँदै नेपालीमा स्नातकोत्तर गरी हाल निवृत्त जीवन भमनपा-६ कृष्णपुरमा बिताउँदै छन् तापनि क्रियाशील अध्यापक हुन्। यिनले शास्त्रीय र लोकछन्दका माध्यमबाट मातृ-पितृशोकात्मक शोककाव्य 'कथा-व्यथा' (२०६३) प्रथम कृतिका रूपमा प्रस्तुत गरेका छन्। यिनका शोककाव्यमा विभाव-अनुभाव आदिको राम्रो संयोजन भएकै कारण शोक चरमोत्कर्षमा पुगेको हुनाले काव्य पर्याप्त मात्रामा कारुणिक बन्न सफल छ। यस अतिरिक्त उनको कोषकाव्य 'चर्केको मुटु' (२०६७), सवाई भनिए पनि गीति लयको काव्य 'भुइँचालोको सवाई' (२०७२), संयुक्तकाव्यसङ्ग्रह 'आँसुको त्रिवेणी' (२०७३) अन्तर्गत १. 'गर्भस्थ शिशुको बिलौना', २. 'झड्केलीको विलाप' र ३. 'भो जान्न खाडीतिर' तीन लघुकाव्य सङ्कलित काव्य रचेका छन् भने पाँचौं देवघाट सन्दर्भको संवादकाव्य 'विकल्प' (२०७६) प्रकाशित भएको छ, जसमा गृहस्थ जीवनका उत्तरार्धमा देखापरेका दिग्दारी र वैराग्यभाव तथा पारिवारिक थिचोमिचोका कारण वृध्दाश्रमको खोजमा निस्केका वृध्दवृध्दाहरुको कारुणिक संवाद आबध्द छ। चितवनमा कोषकाव्य र संवाद काव्य लेखेर नयाँ काम गर्ने शोककाव्यकार माइल्दाई न्यौपाने पहिलो स्रष्टा हुन्।

**माधवप्रसाद चालिसेको 'रमास्मृतिकाव्य' (२०७२) र 'आमा' (२०७८) शोककाव्यः**

माधवप्रसाद चालिसे (२०१४) वागलुङको जैदीमा जन्मेर साहित्याचार्य गरी चितवनको माडीमा बसोवास गर्दै आएका कवि हुन्। नेपाल संस्कृत विश्वविद्यालयका निवृत्त सहप्राध्यापक चालिसेले लक्षणग्रन्थ, कवितासङ्ग्रह, शिवगीताको नेपाली गद्यपद्यानुवादका साथै 'पवनदूत' खण्डकाव्य (२०६३), बहिनीको वियोगमा 'रमास्मृति' शोककाव्य (२०७२)

र मातृवियोगमा 'आमा .....' शोककाव्य (२०७८) रचना गरेका छन् । मेघदूतको शैलीमा लिखित दूतकाव्य विप्रलम्भ शृङ्गारको भण्डार हो भने दुवै शोककाव्य करणरसाभिव्यक्त गर्न सक्षम छन् । सबै काव्य सरल संस्कृतछन्दमा आबद्ध छन् भने प्रसाद-माधुर्य गुणले सुन्दर बनेका छन् । हाल उनको बसाइ गैंडाकोट-५ मा रहेको छ ।

**राजकृष्ण कँडेलको 'सम्झनाका छालहरू' (२०५६) शोककाव्यः**

राजकृष्ण कँडेल (२००२-२०७३) धादिङमा जन्मे-कुर्केर बनारसमा पढी यथासमय स्नातक-स्नातकोत्तर गरी चितवनमा अध्यापनरत भई यहीं भमनपा-६, कृष्णपुरमा बसोबास गरेका विद्वान् हुन् । लामोसमयको शिक्षणसेवा पश्चात् अवकास लिए तापनि कलेजतर्फ प्राध्यापन गर्दै सृजनामा लागेका कवि-निबन्धकार कँडेलले एकएकवटा कविता-निबन्धसङ्ग्रहका साथै आमाको निधनमा शोककाव्य 'सम्झनाका छालहरू' (२०५६) र खण्डकाव्य 'द्रौपदीको पश्चात्ताप '(२०५९) दुई काव्याकार कृति प्रकाशन गरेका छन् । शास्त्रीय छन्दमा रचित यी काव्यमध्ये पहिलोमा शोकात्मक स्थायीभावका विभावादिको सशक्त बयान छ भने दोस्रोमा पौराणिक युगबिम्बको वर्तमान प्रभाव प्रकट भएको छ ।' सम्झनाका छालहरू' आफ्नी जन्मदातृ आमाको निधनमा लेखिएको शोककाव्य हो, यसमा आमालाई सम्झेर आएका अनेकौं भावविभाव र वृत्तिहरूको सुन्दर तारतम्यले गर्दा कविमा करुणरसको स्थायीभाव शोक तयार गर्न सक्ने क्षमता पर्याप्तमात्रामा रहेको छ, यसैले काव्यको उत्कृष्टता स्वतः सिध्द छ ।

**रामचन्द्र देवकोटाको 'सम्झनाको त्रिवेणी' (२०७५) शोककाव्यः**

रामचन्द्र देवकोटा (१९९६) गोरखाको मिरकोटमा जन्मेहुर्केर एम.ए., बी.एड गरी शिक्षण सेवाबाट अवकाशप्राप्त जीवन हाल चितवनको भमनपा-९, गौरीगन्जमा बिताइरहेका छन् । यिनको एउटा संस्मरण प्रकाशित भएको छ भने आमाको निधनबाट जागृत एउटा करुणरसपरक शोककाव्य 'सम्झनाको त्रिवेणी' (२०७५) प्रकाशित भएको छ । नाम अनुसार तीन खण्डमा प्रकाशित छन्दोबध्द भनिएको यो काव्य आमा बितेको झन्डै छ दशकपछि रचित भएर पनि होला, तात्तातो शोकभावको छहरो छङ्छङाउन सकेको प्रतीत हुँदैन ।

**रामजी भट्टराईको 'रुबी' (२०६८) शोककाव्यः**

रामजी भट्टराई (२०२९) गोरखामा जन्मेर चितवनमा हुर्की नेपाली स्नातकोत्तरद्वयका साथ अध्यापनरत छन् । यिनले आफ्नी प्यारी छोरी रुबीको असामयिक निधनबाट शोकविह्वल भएर लोकलयात्मक अभिव्यक्तिका साथ शोककाव्य लेखी 'रुबी' (२०६८) शीर्षकमा प्रकाशन गरेका छन् । यसमा विभाव-अनुभावबाट परिपोषित शोकस्थायीभाव पुष्ट भई करुणरसको राम्रो अभिव्यक्ति भएको छ । यिनका रचनामा निरन्तरता पनि छ ।

**रामशरण गैरेको 'लोकनाथ'(२०६७) शोककाव्यः**

रामशरण गैरे (२०१३) तनहुँमा जन्मेर समयोचित शिक्षा पाई पत्रकारिता पेसाका साथ चितवनको भमनपा-१९ नयाँबजार बस्छन् । यिनले एउटा कवितासङ्ग्रह र प्रिय वीर शहीद लोकनाथ गैरेले सहादत पाउँदाको स्वानुभूत पीडालाई शोकमा बदलेर गद्यलयमा रचिएको खण्डकाव्याकार कृति 'लोकनाथ' शोककाव्य (२०६७) प्रकाशित गरेका छन् भन्ने कुरा भगवती पाण्डे(अर्याल) ले म्यासेन्जरमा दिएको सचित्र सूचनाबाट अवगत भएको छ ।

**शारदा ढुङ्गानाको 'बसुन्धरा स्मृति" (२०६६) शोककाव्यः**

शारदा ढुङ्गाना (२०२२) कास्कीको सुवेदी कुलमा जन्मेहुर्केर चितवनको भमनपा-९, शरदपुरको ढुङ्गाना परिवारमा विवाहिता कवयित्री हुन् । नेपाली स्नातकोत्तर गरी काठमाडौँमा प्राध्यापनरत यिनका चार उपन्यास ग्रन्थ प्रकाशित छन् भने सासू-आमा बसुन्धराको असामयिक निधनमा शोककाव्य 'बसुन्धरा स्मृति"

(२०६६) रचेकी छन् र यसको प्रकाशन ब्रह्म-बसुन्धरा स्मृति प्रतिष्ठान, चितवनले गरेको छ। यस काव्यमा आदर्श सासूप्रति आदर्श बुहारीको श्रध्दा र सम्मान शास्त्रीय छन्दका माध्यममा आबध्द गरिएको छ र मातृवत् दृष्टि राखेर गरिएको शोकात्मक रचना प्रशंसनीय छ। काव्यमा सासू बसुन्धराको स्मृतिमा आएका अनेक भाव-विभावहरूको समुचित संयोजनले शोकस्थायी भाव अभिव्यक्त भएको छ र काव्य कारुणिक बन्न सफल रहेको छ।

**शिवजी पन्तको 'जीवन साथी'(२०५५) शोककाव्यः**

शिवजी पन्त (२०००-२०६०) गोरखामा जन्मेहुर्केर चितवनको भमनपा-१०मा निवास भएका स्रष्टा हुन्। गद्य रचनाको एक र पद्यसङ्ग्रह छ वटासमेत सातवटा सङ्ग्रह प्रकाशन गरिसकेका पन्तकी पत्नी णकुमारीको असामयिक निधनमा रचित-प्रकाशित शोककाव्य 'जीवन साथी'(२०५५) शोककाव्य कृति हो। यसमा जीवन साथीका सम्झनाको अनुभूतिपरक बाल्य, यौवन, उद्योग, दुःखान्त, वियोगान्त, गजल, सान्त्वना, गोरखा, माडीजस्ता नौ प्रकरण (खण्ड) छन् र छन्दका लयानुकरणमा शोकभाव व्यक्त गर्न निकै प्रयास गरिएको छ तर शोकको छहरो बग्न सकेको छैन तापनि पत्नीको स्मृतिका बहानामा आएको आत्मसङ्घर्ष ज्वलन्त रहेको छ।

**शिवहरि पण्डितको 'आमा'(२०७९) शोककाव्यः**

तनहुँमा जन्मेका शिवहरि पण्डित(२०१८ले धेरै वर्ष महाकाली-कञ्चनपुरमा रहेर शिक्षणकार्य गरे तापनि हाल भमनपाको गीतानगरतिर बसोबासको नाता जोडिएको खबर केशवराज आमोदीबाट प्राप्त भएको छ। उनले 'पुष्पाञ्जली'समेत दुईवटा छन्दोबध्द कवितासङ्ग्रह प्रकाशन गरिसकेको अवगत हुन्छ भने आफ्नी आमालाई तीर्थयात्रा सम्पन्न गराएर फर्केपछि आमाको स्वर्गवास भएकाले सोही मातृवियोगको दुःखद घडीमा आँसुका अक्षरले लेखिएको शोककाव्यको नाम हो-'आमा' (२०७९)। यसबारे अन्य विवरण काव्यको अध्ययनपश्चात् पेस हुन सक्नेछ।

**श्यामानन्द पौडेलको'आमा' (२०३४) र 'करुणामयी नारी' (२०५६) शोककाव्यः**

श्यामानन्द पौडेल(१९९०-२०६९) पर्वतमा जन्मे-हुर्केर उपस्नातक गरी शिक्षण पेसा अपनाउँदै चितवनको शारदा नगरमा बसोबास गरेका निवृत्त स्रष्टा हुन्। चितवन साहित्य परिषदका संस्थापक सदस्य रहेका पौडेलले जननी गौरीदेवीको निधनमा सानो शोककाव्य लेखेका छन् 'आमा' (२०३४)। दोस्रो चाहिं काव्य 'करुणामयी नारी' (२०५६), तेस्रो यात्राकाव्य 'स्वर्गद्वारी यात्रा' (२०६१) र चौथो काव्य 'यात्रा शिखरिणी' (२०६०) रहेको छ। यिनले अन्य कविता र गद्यानुभूतिसमेत ५ सङ्ग्रह प्रकाशन गरेका छन्। यिनका काव्यमा भाव सौन्दर्यको उपस्थिति रहेको पाइन्छ। प्रस्तुत दुवै शोककाव्य अत्यन्त लघुआकारका छन् भने यिनमा शोकको झिल्का राम्रै पाइन्छन्। 'आमा' आफ्नी जननी गौरीदेवीको निधनमा र पत्नीको निधनमा करुणामयी नारी लेखिएको प्रतीत हुन्छ।

**सागर श्रेष्ठको 'गणेशकुमारी पुराण' (२०५६) शोककाव्यः**

सागर श्रेष्ठ (१९९३-२०६४) उर्फ अष्टसागर पिया तनहुँमा जन्मे-हुर्केर साधारण शिक्षा पाई निजामती सेवा गर्दै अद्वैत वेदान्तमा संलग्न कवि-लेखक हुन्। जलमारोड, नारायणगढ-चितवन निवासी सागरका २०१७-२०६०बीच कविता-निबन्ध र अन्य सङ्ग्रहसमेत ४५ भन्दा बढी कृति प्रकाशित भइसकेका छन्, तीमध्ये आमा गणेशकुमारी पियाको असामयिक निधनबाट शोकविह्वल भई रचिएको शोककाव्य हो- 'गणेशकुमारी पुराण' (२०५६)। प्रख्यात कवि प्रेमविनोद नन्दनको भूमिका रहेको यस काव्यमा एकमात्र शार्दूलविक्रीडित छन्द-लय प्रयुक्त छ भने दिवङ्गत आमाका क्रियाकलापको पूर्वस्मृति र गुणगरिमा आदिले शोकभाव पुस्टिएको छ र काव्य करुणामय बनेको छ।

**हरिहर सविताको 'मणि' (२०४८), 'जानुका' (२०४८) र 'आदर्श अवसान'(२०७३) शोककाव्यः**

हरिहर सविता (२००९-२०७५) उर्फ हरिहर

रेग्मी लमजुङमा जन्मे-हुर्केर चितवन झरी अध्यापन गर्दै स्नातक भएका र अन्तमा त्रिविसेवातिर लागेर त्यहींबाट निवृत्त स्रष्टा हुन् भने 'श्रीमती पेनार्किन, सागर शर्मा, माइलो, अनाम' जस्ता छद्मनामबाट पनि लेख्ने प्रगतिवादी धारका क्रान्तिकारी कवि-महाकवि  हुन् । सर्वप्रथम काव्य, कथासङ्ग्रह, 'पुष्पलता-महाकाव्य', जनयुध्दका कमाण्डरका नाउँमा 'प्रचण्डलाई पत्र' (२०६४) र अन्तमा 'लिप्सा' कवितासङ्ग्रह छापिए पनि यिनका शास्त्रीय छन्द-लयमा रचित छात्र-नेता मित्र मित्रमणि आचार्यको असामयिक वियोगमा तयार भएको 'मणि' (२०४८) शोककाव्य नै प्रथम कृति हो । यसै गरी पुत्री जानुकाको असामयिक वियोगमा रचित 'जानुका' (२०४८) शोककाव्य दोस्रो हो । यसै गरी आफ्ना जनक हेमनाथ रेग्मीको निधनमा 'आदर्श अवसान' (२०७३) स्मृतिकाव्यसमेत यिनले तीनवटा शोककाव्याकारका कृति रचना गरेका छन् । यिनका शोककाव्यहरूमा कतै लोकलय,कतै शास्त्रीय लयको प्रयोग देखिन्छ भने अत्यधिक राजनीतिक चेतनाका कारण शोक पनि राजनीतिबाट आक्रान्त भएको देखिन्छ। अतः शोक कतै पूर्ण परिपाकको अवस्थामा पुगेको हुन्छ भने कतै  पुग्न सकेको देखिंदैन, तथापि शोककाव्यहरूमा चिन्तनको विषय भने पर्याप्तमात्रामा रहेको हुन्छ, यसैले उनीबाट लगातार शोककाव्य सृजना हुने गरेको देखिन्छ । उनका नाममा 'नौलो राँको' पत्रिकाले 'हरिहर सविता विशेषाङ्क' नै प्रकाशित गरेको छ।

यसरी चितवनसङ्ग कुनैनकुनै रूपमा सम्बध्द ३२ जना लेखकका ३८ वटा शोककाव्य प्रकाशित भएका देखिन्छन्,तर एउटा "आमा" शोककाव्यका लेखक संयुक्त रूपमा दुईभाइ कवि रहेका छन् भने एक जना कविले तीनवटा शोककाव्य, चारजना कविले दुईदुईवटा शोककाव्य र २६ जना कवि-कवयित्रीले एक-एकवटा शोककाव्य लेखेका छन् । यीमध्ये मातृशोकका ६ काव्य; पत्नीशोकका ५ काव्य; सन्तशोक र पुत्री शोकका ३-३ काव्य; पितृशोकका २; मातृ-पितृसंयुक्त शोक, नेतृ, दौहितृ (ज्यामारचित, सासू (बुहारीरचित), मित्र, बन्धु (सहिद) मातृ (पुत्रीरचित) १-१ शोककाव्य रहेका छन् । यी कविहरूमध्ये खेमराज केशवशरण, जगन्नाथ शर्मा कण्डेल, नीराजन पन्त, पोषराज पौडेल, प्रकाश चापागाई, माधवप्रसाद चालिसे र हरिहर सवितासमेत ७ जना महाकाव्यकार नै रहेका छन् भने चितवनमा शोककाव्यलेखन गर्ने पहिलो कवि खेमराज त्रिपाठी र शोककाव्य 'मार्कण्ड' (२०३३) ठहरिन्छायो काव्य  पिता मार्कण्ड त्रिपाठीको शोकमा रचिएको छ । यहाँ २९ जना पुरुषहरूले आआफ्ना वियुक्तजनलाई अमर बनाउने प्रयत्नमा  आधारित ३५ शोककाव्य र तीन जना नारीहरूले नातिनी, सासू र आमालाई चिरञ्जीवी बनाउने क्रममा रचित तीन शोककाव्यहरूसमेतको समाहार आफैँमा सशक्त बनेको छ।

चितवनजस्तो साहित्यिक दृष्टिले सशक्त भूमिमा यो करिब पचास वर्षको दौडानमा प्रकाशित शोककाव्यको उपर्युक्त सङ्ख्या त्यति नाजुक मान्न सकिंदैन किनकि शोकलाई शक्तिमा जोसुकैले बदल्न सक्छ तर शोकलाई सृजनामा बदल्नु भनेको साहित्यिक वा कवित्वचेत हुनेहरूबाटमात्र सम्भव हुने कुरा हो । उपर्युक्त कतिपय काव्यहरूमा शोकको मात्रा कम र अन्य चिन्तनका विषय बढी भएको महसुस गर्न सकिन्भने केही काव्यहरूमा प्रस्तुतिगत शिथिलता र छन्दोगत त्रुटिको अवस्था पनि दृष्टिगत हुन्छ तर स्वजन-प्रियजनको वियोगमा सम्हालिएर सावधान भएर सृजना गर्नु पनि कठिन कार्य हो । यसैले जोजो स्रष्टाबाट जुनजुन रूपमा यसरी शोककाव्यमा कलम चलाउने प्रयत्न भयो र आज चितवनलाई शोककाव्यका रचनाकारका दृष्टिले समेत चिनाउने, शोध-अनुसन्धान गर्ने अवसर मिलेको छ, ती दिवङ्गत स्रष्टाहरूमा श्रध्दासुमन अर्पण गर्दै वर्तमानमा साधनारत स्रष्टाहरूमा दीर्घायुष्य र सुस्वस्थताको कामनाका साथ भावी स्रष्टाहरूमा स्वजन-प्रियजनबाट वियोग हुन नपरोस्, दैवसन्जोगले परी हालेछ भने तिनलाई आफ्ना अमरसृजनामय बनाउने शक्ति मिलोस्, यही कामनाका साथ यो सन्दर्भ यहीं सकिन्छ।

卐

आत्मकथा

# जीवनयात्राका पहेलीहरू



पूर्णप्रसाद अधिकारी*

म पूर्णप्रसाद अधिकारी, २०१५ भदौ २ गते यस धराधाममा अवतरण भएको सन्दर्भ विद्यमान छ । कश्यपगोत्रीय अधिकारीहरूको पुर्ख्यौली थलो जुम्ला हुनु र चौधौं शताब्दीका खस राजाले विशेष अधिकार दिएका कारण 'अधिकारी' थर रहन पुगेको किम्बदन्ती छ । अद्यापि अधिकारीहरू पाँच प्रकारको गोत्रसँग सम्बन्ध राख्दछन् । कश्यप ऋषिका सन्तति भएका कारण *कश्यप आवत्स नैध्रुव त्रिप्रवस्य* भनेर सङ्कल्प वाचन गरिन्छ । जुम्लाबाट स्थानान्तरणका क्रममा लमजुङ अर्घौं, पोखरा हुँदै आजभन्दा नौ पुस्ताअगाडि कास्कीका सुवेदी (चुवाइँ) हरूले उपाध्याय पुरोहितका रूपमा अठारौं शताब्दीमा ससम्मान आवास, जग्गा-जमिनको विशेष व्यवस्थाका साथ कास्कीकोटमा पुऱ्याइएको रहेछ । वंशवृक्षअनुसार म सातौं पुस्तामा रहेको छु । मेरा तीन हजुरबाबामध्ये माहिला हजुरबाको मात्र वंशवृक्ष विस्तार भएको रहेछ । पिताजीहरू तीन जना भए तापनि ठुलाबाबाका सन्तति र हाम्रा बाबाका सन्ततिहरू गरी हाल सतचालिस टोपी रहेका छौं । माहिलाबा बाल्यकालमा बितेछन् । मेरा हजुरबाको पैंतालिस वर्षको उमेरमा विवाह भई वंशवृक्ष विस्तार हुनुमा रोचक तथा रागात्मक पक्षहरू छन् । आत्मकथाको यात्राको ठेलीमा ती सबै कुरा आउने नै छन् ।

पिताजीका सन्ततिमध्ये सात जना छौं । हाम्रो परिवारमा दुई दिदी-बहिनी र पाँच दाजुभाइमध्ये उच्चशिक्षा प्राप्त गर्ने तीन जना छौं । सबै कर्मशील छौं । पिताजीको आशीर्वचनअनुसार सद्वृत्तिमा रमाएका छौं । दाजुभाइमध्ये म आफू माहिलो हुँ । नेपालमा चर्चित माहिलाहरू छन् । तीमध्ये पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, भीमसेन थापा, मदन भण्डारी, ज्ञानेन्द्र शाह र चिरञ्जीवी वाग्ले केही सम्झेका माहिला व्यक्तित्व हुन् । विशेष पुरुषार्थ केही गर्न नसके तापनि सैंतिस वर्षसम्मको प्राध्यापन र नेपाली वाङ्मयमा साँवा अक्षरको खेती गर्न पाएकोमा गौरव गर्ने अवस्था छ । हाम्रो ठुलो परिवार पहाडी भूभाग पुगेस्-पुगेस्को सङ्घर्षपूर्ण जीवनयात्रा, पिताजीको अनियमित आय, यजमानी वृत्तिका बिच मेरो बाल्यकाल बित्यो । मेरा समकालीनहरू स्कुल जाँदा म भने भेंडा चराउने, *वेद, चण्डी, रुद्री, अमरकोश*को परम्परागत पठनमा हराएँ । ठुलोबाबाका दुई छोरा कुशल पुराणवाचक भएका कारण मलाई पनि पुराणवाचक बनाउने अभिप्रायका बिच संस्कृत शिक्षाको मापदण्ड मानिने पाणिनी रचित *लघु सिद्धान्त कौमुदी* पढ्नको त्यो साथमा व्याकरणिक गुरु बालाहरि तिमिल्सिना, आत्माराज पराजुली, करुणानिधि पौडेल, ठुलाबाबाका छोरा केशवराज अधिकारीसँग व्याकरणिक शिक्षा आर्जन गर्दै बाल्यकाल रमाइलोसँग बित्दै गयो ।

वर्तमान नेपालको जस्तो जिल्ला र प्रदेशस्तरमा गुरुकुलीय संस्कृत शिक्षालय नभएका कारण कठोर सङ्घर्ष, उपेक्षा, पीडा र पश्चात्तापलाई चिरफार गर्दै भूमिदाइका साथ २०३१ सालमा हरिद्वार पुगें । त्यसपछि मात्र प्रमाणपत्रीय अध्ययनको बीजारोपण भयो । २०३१ देखि २०३८ सालसम्म पूर्वमध्यमा (एस.एल.सी.),

* अध्यक्ष - बलराम वाङमय प्रतिष्ठान ।

उत्तरमध्यमा (कक्षा बाह्र) र शास्त्री (स्नातक) पार गरी पढाइकाप्रति समर्पित भएँ । यसबिचमा दुई वर्षजस्तो *महेन्द्रमाला* (नेपाली) विषयको शिक्षक पनि भएँ। मेरो गाउँ-ठाउँका नर्मलेहरू (एस.एल.सी. उत्तीर्ण गर्न नसकेर नर्मल तालिम लिएर शिक्षक भएकाहरू) ले टुप्पोबाट पलाएका कथित मार्गचित्रमा हिँडेकाहरूको अपमान पनि भोग्न पुगें । मानौं, वनारस विश्वविद्यालयको स्वीकृति क्याम्पसबाट शिक्षा लिएका व्यक्ति त चोरीको प्रमाणपत्र ल्याएका हुन् भन्ने निराधार सोच र बोली, वचनको पाखण्डीपन पनि भोग्न पुगें। नेपालका विश्वविद्यालयबाट उच्चशिक्षा नलिएसम्म म सधैं पछाडि पर्दछु भन्ने अवचेतन मनको उत्साहले काम गर्दै गयो । प्रा.डा. रामराम सुवेदी, जो सम्बन्धले दसौं ग्रहको मान्यतामा हुनुपर्छ । उहाँकै प्रेरणा, सहयोग र सौहार्दताबाट २०३९ देखि २०४२ सालको फागुनसम्म काठमाडौं, कीर्तिपुर (त्रि.वि.) मा नेपाली विषयको स्नातकोत्तर (एम.ए.) पूर्ण गरी २०४२ साल फागुन २७ गते चितवनको भरतपुरस्थित वीरेन्द्र बहुमुखी क्याम्पसमा सहायक प्राध्यापकको पदमा नियुक्ति लिई २०७९ साल चैत २ गतेसम्म ३७ वर्ष ६ दिन त्रि.वि. सेवामा समर्पित भई काम गरिरहें। यसबिचमा मेरो प्राध्यापकीय जीवनयात्रामा भोगिएका रोचक, घोचक र डर-त्रासयुक्त घटनाक्रमहरूको वृत्तान्त पनि प्रस्तुत गर्नेछु।

वि.सं. २०४२ मा म आउँदा मानविकी र विज्ञान विषयमा मात्र शैक्षिक व्यवस्थापन थियो । मानविकीमा स्नातक र विज्ञानमा आइ.एस्सी.सम्म मात्र अध्ययन हुन्थ्यो । क्याम्पसको भौतिक विकास, क्याम्पस प्रमुखहरूको शैक्षिक विस्तारको अभियानका कारण आजका मितिमा १० विषयमा स्नातकोत्तर तहको पठनपाठन हुन्छ। त्यसबाहेक कम्प्युटर साइन्स (सि.एस.आइ.टी.), माइक्रो बाइलोजी (एम.बि.ए., बि.बि.ए., एम.एस्सी.), भौतिकशास्त्रसम्मको शैक्षिक विस्तार छ। सङ्घर्षपूर्ण घडीका बिच संरक्षण गरिएको नौ बिघामा विज्ञान विषयसँग जोडिएको भव्य भौतिक संरचना छ। मेरो सैंतिस वर्षे कार्यकालमा बाह्र जना क्याम्पस प्रमुखहरूलाई भोग्ने अवसर प्राप्त गरें । रु. १,४७०।- मासिक वेतन पाउने गरी मेरो नियुक्ति भएको थियो। पब्लिक क्याम्पसका रूपमा 'श्री कमर्स क्याम्पस' रत्ननगर, टाँडीमा मात्र थियो त्यो बेला। अन्य प्राइभेट क्याम्पसहरू जन्मेकै थिएनन् । बालकुमारी कलेज २०४३ सालमा र सप्तगण्डकी बहुमुखी क्याम्पस २०४५ सालपछि आएका छन्। यी दुई कलेज पहिचान र ध्रुवमा आधारित थिए र आज पनि उही ध्रुवीय चिन्तनको धरातलमा आधारित छन्। २०४३ सालसम्म कहीँ-कतै अतिरिक्त पारिश्रमिक भएन। २०४४ सालको वैशाखमा एक जना स्वनामधन्य चौथोकाल र 'निबन्धका बाबु' रामबाबु घिमिरेज्यूको सदासयतापूर्वक व्यवहारले कमर्स क्याम्पसमा नेपाली र नेपाल परिचय पढाउने अवसर प्राप्त भयो । त्यो समय भरतपुरबाट टाँडी क्याम्पसमा पढाउन पाउनु कोलम्बसले अमेरिका पत्ता लगाएको अवस्थाजस्तो थियो । म आफूले २०५१ सालको असारसम्म त्यो क्याम्पसमा पढाउने अवसर पाएँ । रामशरण पाठक, हरिप्रकाश बुढाथोकी, तिलकराज शर्मा, रामबाबु घिमिरे, देवीभक्त ढकाललगायत मित्रहरूसँगका सम्बन्धका तिक्तता र मिठासपूर्ण अनुभवहरू छन् । २०४६ सालको जनआन्दोलन, नेपाल-भारत वाणिज्य सन्धिको विवादले पूरै देश तरङ्गित बन्यो। सात वर्षको टाँडी क्याम्पसको अनुभवले जङ्गल वारि र जङ्गल पारिको विभाजनको रेखा कोरेको देखियो भने पूर्वाधार भइकन पनि आफ्नै वैचारिक मित्रले हुँदाखाँदाको जागिरबाट मलाई नियतवश निष्कासन गरियो। प्रारम्भमा अज्ञातलाई र पछि मलाई, पीडित बनाए। मित्र रामहरि शर्माले समयमा नै उक्त भवितव्यको सङ्केत भने गरेका थिए तर मैले समय चिन्न सकिनँ।

वि.सं. २०४६ को जनआन्दोलनमा चितवनका तीन जना सहिद भएपछि लगभग आन्दोलन सकिएको अवस्था थियो तर काठमाडौं उपत्यका जागेपछि २०४६ साल चैत २७ गते बहुदलको घोषणा भएपछि भने सबै

क्षेत्रमा बहुदलका विकृतिहरूले जन्म लिए। यसभन्दा पूर्व २०४५ सालमा म आफूले एउटा टेक्ने धरातल जोडेको थिएँ । वीरेन्द्र क्याम्पसको परीक्षामा हुने गुण्डागर्दी र बदमासीहरूको लामो अनुभव छ । २०४७ सालमा बाह्रवटा समूह प्रमाण-पत्र तह प्रथम वर्षमा देखिए। तीर्थ खनियाँ बहुदलको प्रसादका रूपमा क्याम्पस प्रमुख भई आए। क्याम्पसको शैक्षिक उन्नयन, भौतिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने डा. सूर्यमणि अधिकारीलाई 'मण्डले' भनेर आरोपित गरियो तर उनले कहिल्यै पनि पञ्चायतको पृष्ठपोषक भई काम गरेनन् । २०२२ सालदेखि एकछत्र एउटा समूहले साम्राज्य कायम गरेको अवस्थालाई सन्तुलनमा ल्याउने काम भने गरेका छन्। कुखुराले चल्ला ढाकेझैं प्रशासनिक व्यवहार गर्ने स्व. सूर्यमणि अधिकारीप्रति हार्दिक श्रद्धाञ्जली।

खनियाको एक वर्षे क्याम्पस प्रमुखको समयावधिपश्चात् दुई वर्षजस्तो चन्द्रविलास अधिकारी क्याम्पस प्रमुख रहे । समय-समयमा उतारचढाव आयो । २०४६ सालमा परीक्षाको निरीक्षक भई काम गर्दा विद्यार्थीहरूले चिट गर्नु र त्यो गर्न नदिँदा 'राजन श्रेष्ठ' नामको दादागिरीबाट लगभग सहिद हुनुपर्ने अवस्था क्याम्पस परिसरमा आयो। म मुस्किलले बाँचे र नवजीवन प्राप्त गरें। शशि राना र बालकुमारी मा.वि. का प्र.अ. हमाल सर नभएको भए ममाथि साङ्घातिक आक्रमण गरी मारिने स्थिति आउँथ्यो। यो दृश्यचित्रलाई नेताजी रिमालजीले आनन्दपूर्वक हेरिरहेका थिए । २०५० सालपछि डा. भृगुनाथ सिंह मधेसी मूलका व्यक्ति क्याम्पस प्रमुख भएर आए। उनको चार वर्से कार्यकाल अत्यन्तै विवादस्पद रह्यो । क्याम्पसमा 'गोलीकाण्ड' हुनु, सहायक क्याम्पस प्रमुख डा. देवीप्रसाद कँडेलद्वारा तीन महिनासम्म ज्वाइँ पाल्दाझै पालेर संरक्षण गरे पनि जाने बेलामा सिंहले "मलाई देवीले सहयोग गरेन" भनेर दोषारोपण गर्नुजस्ता घटना घटित भए।

टाँडी क्याम्पसबाट अपमानित तरिकाबाट अवकाश दिएपछि वीरेन्द्र क्याम्पसमा मात्र पढाएर २०५५ सालसम्म रहें । यसबिचमा छ महिनाजस्तो *महेन्द्रमाला* पनि टिपें। अब जतिसुकै सुविधा दिए पनि *महेन्द्रमाला*मा जान्न भन्ने कठोर निष्कर्ष रह्यो। २०५४ सालमा शहीद स्मृतिको स्वीकृतिमा 'चितवन कन्या क्याम्पस' चितवन माध्यमिक विद्यालयमा जन्मियो, जो पछि गएर 'मैयादेवी कन्या कलेज' को नाममा विकसित भयो। यस संस्थामा म आपूले अठार वर्षसम्म नेपाली विषय पढाएँ । सहशिक्षा र एकल लैङ्गिक शिक्षाका मिश्रित अनुभवहरू समेट्ने अवसर पाएँ। टाँडी क्याम्पस पढाउँदासम्म साहित्यिक चिन्तन र पठन-लेखन शून्य बराबर थियो । आन्तरिक बसाइँ-सराइँ बर्दियाको आवागमनसँगै कालखण्डमा पितामातालाई भेंडाबारी र भरतपुर नगरपालिकामा व्यवस्थापन, सन्तति उत्पादन, संरक्षणजस्ता पारिवारिक जिम्मवोरी बढ्दै गयो । २०४७ सालमा स्थायी, २०४९ सालमा पदोन्नतिमा असफल, सहायक प्राध्याकपबाट उपप्राध्यापक बन्नुमा चुनौती पनि देखिए। २०५० सालबाट भने धारावाहिक लेख-रचनाहरू प्रकाशित हुँदै गए । स्थानीय स्रष्टा र तिनका सिर्जनाबारे म आफूले यथासम्भव कलम चलाएको छु। २०४९ सालको विज्ञापनमा असफल भएपछि मलाई उक्त असफलतामा एक जना मित्रले नुनचुक लगाउने काम गर्दै भने, "तँलाई स.प्रा. त बढी भएको छ, उपप्रा. को सपना देख्छस् पूर्णे !" मलाई त्यस्तो दोषारोपण गर्ने पात्र जीवनभर त्रि.वि. सेवामा स्थायी बन्न सकेनन् र आज कुनै प्राइभेट क्याम्पसको कारिन्दा बनेका छन्।

धैर्य गर्न सकियो भने सबैको पालो आउने रहेछ। २०५२ साल असारमा उपप्राध्यापकको पदोन्नति भई २०६६ सालसम्म सोही पद कायम रह्यो। यसबिचमा विष्णुप्रसाद सापकोटा, विष्णुप्रसाद पौडेल (भूषणगुरु), प्रेमराज खनिया, एल.बी. क्षेत्री, डा. गणेशप्रसाद खराल, केशवराज सापकोटा, गोविन्द सापकोटा, प्रा. दयाराम पौडेलहरूले क्याम्पस प्रमुखको यात्रा गर्दै गए । २०५२ साल फागुन १ गतेदेखि माओवादी

द्वन्द्वको बीजारोपण भई २०६२ साल मङ्सिर ५ गतेसम्म क्याम्पसमा द्वन्द्वात्मक समस्या पनि बल्झिँदै गयो । महेश बानियाँ र शम्भु अर्याललाई क्याम्पस परिसरमैं आक्रमण गरी हेलिकप्टर चार्टर गरी काठमाडौं पुऱ्याएर बचाएको अवस्था म आफूले प्रत्यक्ष देखें । अतिरिक्त भत्ता नदिएको भनी भृगुनाथप्रति गरिएको गोमतिको निर्लज्ज व्यवहार होस्, क्याम्पसको गुण्डागर्दी हेर्न आएका प्रा.डा. शेखर गुरुङप्रति गरिएको विद्यार्थी नेताको आक्रमण होस्, क्याम्पस प्रमुखलाई गरिएको र भन्न नमिल्ने तथा लेख्न पनि सभ्य नहुने आक्रमण किन नहुन्, साढे तीन दशकभन्दा बढीको चितवनको जीवनभोगाइ, क्याम्पसको गतिविधि र आफ्नो सहभागिता, कर्तव्यपरायणता र ठग्नेहरूका हरकतको लामो शृङ्खला मेरो अनुभूतिमा छ । थर्काएर ठुला कुरा गर्ने र परिवारलाई जागिर दिलाउने पात्रहरू पनि छन् ।

वि.सं. २०५५-२०५६ सालमा हुनुपर्दछ परीक्षामा म निरीक्षक थिएँ, अर्का एक जना सहयोगी पनि थिए । अर्याल थर भएकी एक छात्राले चिट चोरिरहेको अवस्थामा नारायणगढ घर भएका एक श्रेष्ठ प्रजातिका पर्यवेक्षक जो पि.एन. क्याम्पस, पोखरामा कार्यरत रहेछन् । पर्यवेक्षक भई आएको अवस्थामा उनले कडाइ गरेका कारण नराम्रो झाप्पु पनि खाए रे भन्ने सुनियो । म निरीक्षक भएको कोठामा चिट समातिएकी ती अर्याल मैयाँका सबै परीक्षा रद्द भएको परिणाम आयो । म आफूले देखेको पनि थिइनँ । रङ्गे हात समातिएको पनि होइन । यही विषयलाई लिएर मप्रति आपत्तिजनक र अभद्र व्यवहार गरियो । त्यो व्यवहार समाचारपत्रमा आयो । कसरी आयो ? कसले पठायो ? म बेखबर थिएँ । प्राध्यापक कक्षमा आएर ती नेताले अर्कोदिन आफ्नो कर्तुतहरूको बचाउ गर्दै पुनः अभद्र व्यवहार गरे । घचेटी-घचेटी रहेको अवस्थामा अर्थशास्त्र विषयमा उनले एम.ए. गरे । वीरेन्द्र बहुमुखी क्याम्पस छिर्न नपाएकोमा अनेकौं हतकण्डा अपनाए तर प्रयास अर्थहीन भयो । "भाइ मेरो कुनै हात छैन । ती पर्यवेक्षकले चिट र कापी सँगै लगेका हुन्" भन्दा पनि मलाई गालीगलौजको भाषामा "म तँजस्तो वनारसी होइन । बुझिस् !" भनेर मेरो शैक्षिक योग्यताको संस्थाप्रति आक्रमण गरे । म आफूले प्रतिवाद स्वरूप, "तपाईंका भीष्मपितामहरू त अक्सफोर्ड र क्याम्ब्रिजका उपज होलान् हैन त ?" भन्दै गर्दा उनको आकृति हेर्नलायक त भई नै हाल्यो "मसँग बढी बोल्ने होइन" भनी धम्क्याएपछि "तिमीले सकेको गर, जाऊ । हिम्मत भए मेरो जागिर खोसेर देखाऊ" भनी म पनि प्रतिवादमा उत्रिएँ ।

समयको कालखण्डमा उनी र म केही समय एउटै संस्थामा कार्यरत भयौं । त्यस समयमा उनले भने, "गुरु हिजो तपाईंसँग बाझाबाझ भयो । गुरुलाई म आफूले पहिचान गर्न सकेको रहेनछु । क्षमा गर्नुहोला" भन्दै अतीतको भूललाई प्रायश्चित्त गरे । मैले उनलाई भनें, "तपाईंलाई आत्मज्ञान भयो, धन्यवाद छ !" उनले पुनः भने, "वर्तमानमा म गुरुको योग्यता र प्राज्ञिकताको उच्च सम्मान गर्दछु" भनेपछि उनका प्रति मेरो द्वेषभाव त छँदै छैन । वर्तमानमा उनी कुनै राष्ट्रिय राजनैतिक दलका उच्चस्तरीय नेताका साथै शैक्षिक माफियाको डलर खेतीमा रमाएका छन् । उनको राजनैतिक र आर्थिक भविष्य राम्रो बन्न सकोस्, यही शुभकामना छ ।

वि.सं. २०६६ सालमा नयाँ सिर्जनात्मक कृति *सिर्जनात्मक कृति अविस्मृत अभिव्यञ्जना* विमोचित भयो । डा. तुलसी भट्टराईको मुख्य आतिथ्यतामा रोचक तथा रागात्मक रूपमा कृति आउँदा सञ्चार माध्यममा राम्रो चर्चा भयो । २०६० सालमा पिताजी गुमाउनु, २०७८ सालमा आमा गुमाउनु संसारको नियमित चक्र भए पनि टुहुरो हुनु निकै पीडादायी स्थिति भएको अनुभूत भयो ।

सैंतिस वर्षे प्राध्यापकीय कर्मक्षेत्र र चितवन बसाइ र भोगाइका प्राज्ञिक अनुभवहरू पनि छन् । २०६७ सालमा सहप्राध्यापकको पदोन्नतिपश्चात् पनि कृति प्रकाशनमा जागरुकता आएन । शुभेच्छुक कपिल अज्ञातको सहमतिमा प्राध्यापकको पदोन्नति फाराम

भरियो । प्रा.डा. व्रतराज आचार्यको अन्तर्वार्ताले सचेत बनायो । २०७२ सालमा एकैपटक चार-चार पुस्तक विमोचित भए । त्रि.वि. को अवसरपरस्त नीति र शैक्षिक प्रशासकहरूको अकर्मण्य चरित्रले कहिले आन्तरिक पदोन्नतिमा २००, कहिले १०० पूर्णाङ्क बनाएको स्थिति हुनु, पदोन्नतिका बिच विभिन्न तत्त्वले काम गर्नुजस्ता अवरोध भए । २०७७ र २०७८ सालको कोरोना कालमा नै समालोचना र सिर्जना गरी दुई पुस्तक प्रकाशित भए । यसरी आजसम्म दस पुस्तकहरू प्रकाशित छन् । हाल तीन समालोचना, एक आत्मकथा, एक संस्मरण र एक नियात्राका पुस्तकहरू प्रकाशनको सामग्री बनेर बसेका छन् । स्थानीय स्रष्टाहरूमाथि लेख्न मन छ तथापि हालसम्म एक सय जति साहित्यिक लेख चितवन केन्द्रित छन् । 'जहाँको जिलौटो हो, त्यहींको चपरी' भनेजस्तै यो हैसियत चितवनको माटो र यहींका स्रष्टाहरूले प्रदान गरेका कारण यी दुईका प्रति कृतज्ञताका साथ नमन गर्न चाहन्छु ।

पिताजी र माताजीको नामबाट प्रत्येक वर्षको माघ महिनामा आधुनिक श्राद्ध गरी २०६८ सालदेखि स्रष्टाहरूलाई पुरस्कृत गर्दै आएको छु । २०७९ साल चैत २ गतेबाट अवकाशप्राप्त जीवन भोग्दै छु । हालै मात्र भारतको उत्तराखण्डका चारधाम यमुनोत्तरी, गङ्गोत्री, गोकुल, गोवर्द्धन र वृन्दावनसँगै हरिद्वार, ऋषिकेश, देहरादून र मसुरी यात्राको संस्मरणको लेखन जारी छ । लेख्ने आचरण भएका कारण मेरा अनन्य मित्र र चेला बालकृष्ण थपलियाको विशेष आग्रहका साथ यो आत्मकथाको सूचनामूलक पहेली तयार गरें । भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको साधारण सदस्य नभए तापनि अक्षरको खेती र उक्त प्रतिष्ठानको प्राज्ञिक उन्नयनमा 'कृष्णलीला चरित्र' यथावत रहोस् । आखिर संसार त लीलामय रहेछ भन्दै हाललाई यस संस्मरणलाई यहीं अन्त्य गर्दछु ।

卐

चारु



अमृता रामदाम*

आमा भन्दा ठूलो संसारमा कुन छ
उनी सँग दाँज्ने सूर्य तारा जून छ ।
म छु यहाँ जिउँदो उनकै महिमाले
नसा नासामा बाबा आमाको खून छ ।
आदर्श बाबा आमालाई कोटी प्रणाम
वहाँ भएरै जीवनको मिठो धुन छ ।
जति सेवा गरे पनि भारा तिरिँदैन
बाबाआमाको अमूल्य सारा गुन छ ।
बाबा आसमान आमा धर्ती प्रकृति
सबैभन्दा माथि ज्ञानले मन छुन्छ ।

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

गजल




किसान प्रेमी*

सहरमा झै, यो बस्तीमा, महल बन्दै, गएका छन्
गरिबलाई, धनीले खै !, कहाँ मान्छे, गनेका छन् ।
हरेस कैलै, नखाएरै, यहाँ सङ्घर्ष गर्नेले
सधैँ आफैँ, हिँडी एक्लै, सगरमाथा, चढेका छन् ।
गरौ कोसिस डुबौ सागर, र खोजे मोती भेटिन्छ
किनारामै, बसेकाले, सबैलाई, छलेका छन् ।
जहाँ नैतिक, पतनवाला, हुने गर्छन्, ठुला ठालु
त्यही साँच्चै, सिधासाधा, पीपलका रूख, ढलेका छन् ।
भलो सोच्ने, असल मान्छे, कहाँ भेट्न, सकौला खै ?
कसैले त्यो, भलो गर्दा, त ईर्ष्यालु, जलेका छन् ।

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

दर्शन

# दर्शनः सङ्क्षिप्त चर्चा



पोषराज पौडेल*

दर्शनको अर्थ हेर्नु हो । यो शब्द दृश् धातुबाट बनेको हो । दृश् धातुमा लृट् प्रत्यय लागेर दर्शन शब्द बन्दछ । दर्शनबाट प्रत्यक्ष र अनुमानद्वारा ज्ञान प्राप्त गर्न सकिन्छ । कौटिल्यले दर्शनको समकक्षी अन्वीक्षिकी विद्यालाई मानेका छन् । यो तर्कशास्त्रमा आधारित छ । दर्शन शब्दका प्रथम प्रयोगकर्ता ग्रिक दार्शनिक पाइथागोरस हुन् । ग्रिक शब्दका अनुसार फिलोसफीको अर्थ फिलो (प्रेम) र सोफिया (ज्ञान) हुन्छ । अर्थात् ज्ञानको प्रेम । संसारमा धेरै दार्शनिकहरूले दर्शनका विषयमा आफ्ना दृष्टिकोण प्रकट गरेका छन् । दर्शन शास्त्र जीवन,समाज र प्रकृतिलाई हेर्ने दृष्टिकोण हो ।

संसारभरिका दर्शनलाई विशेषत दुई भागमा बाँड्न सकिन्छ । (१) आस्तिक (२) नास्तिक अर्थात् वस्तुप्रधान र विचार प्रधान । जुन दर्शनले वस्तुप्रधान मान्छ त्यस दर्शनले यो भौतिक जगत स्वतः प्रकृतिमय छ भन्दछ । जुन दर्शनले विचार प्रधान मान्दछ त्यस दर्शनले यो जगत ईश्वरको रचना हो भन्दछ । यी दुई दर्शनको बिचमा लामो समयदेखि द्वन्द्व चल्दै आएको छ । हाम्रो हिमाली प्रायदीपमा मूलतः नौ दर्शनको विकास भएको छ । ती हुन्- (१) लोकायत (२) साङ्ख्य (३) जैन (४)बौद्ध (५) योग (६) वैशेषिक (७) मीमांशा (८) न्याय (९) वेदान्त यी नौ दर्शन मध्ये लोकायत, जैन र बौद्ध दर्शन वेद नमान्ने नास्तिक दर्शनमा पर्दछन् । बाँकी छ दर्शन आस्तिक दर्शनमा पर्दछन् । अब यी नौ दर्शनको सङ्क्षिप्त चर्चा गरौँ ।

**(१) लोकायत दर्शन**

लोकायत दर्शनका प्रणेता देवताका गुरु वृहस्पति मानिन्छन् । यो दर्शनलाई चार्वाक दर्शन पनि भनिन्छ । चार्वाकको अर्थ मिठो वचन भन्ने हुन्छ । देवताका गुरु कसरी नास्तिक दर्शनका प्रणेता भए यो विचारणीय पक्ष हो । लोकायत दर्शन भौतिकवादी दर्शन हो । यस दर्शनले पदार्थ (वस्तु) प्रधान मान्दछ । यस दर्शनको मूल पक्ष भनेको जगत सत्य ब्रह्म मिथ्या हो । अध्यात्मवादले धर्म, अर्थ, काम र मोक्षलाई चार पुरुषार्थ मान्दछ भने यस दर्शनले काम र अर्थलाई मात्र पुरुषार्थ मान्दछ । लोकायत दर्शन धर्ती र जीवनप्रति आश्वस्त छ । यश दर्शनले पाप, पुण्य, धर्म, अधर्म, पूर्व जन्म, पर जन्म, ईश्वर, स्वर्ग, नर्क, पुरोहितवाद, वेद र वर्णाश्रम व्यवस्थाको विरोध गर्दछ । यो क्रान्तिकारी दर्शन हो ।

**(२) साङ्ख्य दर्शन**

साङ्ख्य दर्शनका प्रणेता नेपाली दार्शनिक कपिल हुन् । कपिलका शिष्य आसुरी आसुरीका शिष्य पञ्चशिख हुन् । साङ्ख्य दर्शन द्वन्द्ववादमा आधारित छ । यसले प्रकृतिलाई ज्ञानको स्रोत मान्दछ । प्रकृतिबाटै बुद्धि, अहङ्कार र मन उत्पत्ति भएको विश्वास गर्दछ । यसले प्रत्यक्ष, अनुमान र शब्दलाई प्रमाण मान्दछ । साङ्ख्य दर्शनले आध्यात्मिक, आधिभौतिक, आधिदैविक तीन प्रकारका दु:खबाट मुक्त हुने कुरालाई मोक्ष मान्दछ । ईश्वरकृष्णको साङ्ख्यकारिका यो दर्शनको आधिकारिक कृति मानिन्छ । यो दर्शन तन्त्रवादसँग सम्बन्धित छ । यो दर्शन पनि वेदर ईश्वर विरोधी रहेको छ । यो सत्कर्मवादको पक्षमा रहेको छ । साङ्ख्य दर्शनले प्रकृति, महत, अहङ्कार, मन आदि पच्चिस तत्त्वलाई मानेको छ ।

**(३) जैन दर्शन**

जैन दर्शनका परिस्कारकर्ता महावीर स्वामी हुन् ।

* प्राज्ञसभा परिषद् सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

जीवनको कर्म पुद्गलमा फस्नुलाई जैन दर्शनले बन्धन मान्दछ। जैन दर्शनका प्रथम प्रचारक (तीर्थङ्कर) ऋषभदेव मानिन्छन् । जैन धर्म दुई भागमा विभक्त छ । सेता वस्त्र लगाउनेलाई श्वेताम्बर र निर्वस्त्र रहनेलाई दिगम्बर भनिन्छ। जैन दर्शन पुद्गल (परमाणु) वादमा आधारित छ। यसैले यो दर्शन भौतिकवादी जस्तो भएर पनि यो दर्शनले अलौकिक शक्तिलाई मान्दछ। यसैले यो दर्शन आदर्शवाद र बहुलवादमा आधारित छ र सांसारिक मोहबाट मुक्तहुनुलाई मोक्ष मान्दछ। जैन दर्शनको पद्धति स्यादवाद हो। यसमा द्वन्द्ववाद पनि रहेको छ। यो सापेक्षतावादमा आधारित छ। कर्मबाट मुक्त हुनलाई सम्यक दर्शन, सम्यक ज्ञान, सम्यक चरित्र (त्रिरत्न मार्ग) यो दर्शनको मोक्ष मार्ग हो।

**(४) बौद्ध दर्शन**

बौद्ध दर्शन धर्म र दर्शन दुवै हो। यस दर्शनका प्रणेता नेपाली दार्शनिक गौतम बुद्ध हुन्। बुद्धले चार आर्य सत्यको विवेचना गरेका छन्। (१)जन्मेपछि दुःख सुरु हुन्छ (२) दुःखका कारणहरू छन् (३) दुःखलाई निवारण गर्न सकिन्छ (४) अष्टाङ्ग योग दुःख निवारणका उपाय हुन्। पञ्च शील अष्टाङ्ग योगका आधार हुन्। बुद्धका विचारमा दुःखका कारणहरू जन्म, बुढ्याइँ, मरण, प्रियजनसँग भेट, प्रियजनसँग वियोग, शोक, पीडा, व्यथा आदि पर्दछन् । पाँच उपादान स्कन्ध नै दुःख हुन्। यिनलाई दुःख समुदय भनिन्छ । तीन प्रकारका तत्त्वमा स्कन्ध,आयतन र धातु पर्दछन्। गौतमबुद्ध वेद, वर्णाश्रम व्यवस्था र ईश्वर विरोधी थिए। उनी मध्यमार्गी र द्वन्द्ववादी दार्शनिक हुन्। बुद्ध बहुजन हितायको पक्षमा थिए । बुद्धले संस्कारको पुनर्जन्म हुने कुरा बताए। बुद्धको विचारमा प्रत्येक मानव आफ्नो मालिक आफै हो। तर बुद्ध धर्ममा पछि धैरै विकृति आए । बुद्धले मूर्ति पूजाको विरोध गरेका छन् तर पछि उनको मूर्ति बनाई पूजा गर्न थालियो। बुद्ध धर्म र दर्शनमा भौतिक वाद र द्वन्द्ववादका गुणहरू पाइन्छन् तर उनले संस्कारको पुनर्जन्म र बहुजन हिताय भनेका कारण यो दर्शन आदर्शवादी बन्न गएको छ।

**(५) योग दर्शन**

योग दर्शनका परिष्कारकर्ता पतञ्जली हुन् । पतञ्जलीको योगसूत्रमा स्वास्थ्य सम्बन्धी नियमको उल्लेख गरिएको छ । यसलाई प्रकृति र पुरुषसँग पनि जोड्ने गरिन्छ । यो भौतिकवादी दर्शनअन्तर्गत पर्दछ । समाधिको अर्थमा पनि योगलाई लिन सकिन्छ । चित्तवृत्ति रोक्नु योग हो । चित्त अन्तर्गत मन, बुद्धि र अहङ्कार पर्दछन् । योग दर्शन सुरुमा नास्तिक थियो । यो दर्शन अवैदिक धाराअन्तर्गत पर्छ। यसमा यम, नियम, आशन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि गरी अष्टाङ्ग योग छन्। पछि यस दर्शनलाई आत्मासँग जोडेर ईश्वरको भक्तिबाट मुक्ति हुनेकुरा बताइयो।

**(६) वैशेषिक दर्शन**

वैशेषिक दर्शनका प्रणेता कणाद हुन्। यो दर्शन कणाद रचित वैशेषिक सूत्रमा आधारित छ । वैशेषिक दर्शनलाई प्रसस्तपाद, उदयन, विश्वनाथ आदिले विकास गरे। यो दर्शनले अणुबाट संसारको उत्पत्ति भएको मान्दछ। यो अनिश्वरवादी र भौतिकवादी दर्शन हो। पछि यस दर्शनलाई आदर्शवादी दर्शनमा परिणत गरियो र यो अधिभूतवादी बन्न पुग्यो। यो दर्शनले प्राकृत धर्मलाई मान्द छ। यसमा द्वन्द्ववादका तत्त्वहरू रहेका छन् । यस दर्शनको सुरुआत धर्मको व्याख्याबाट भएको छ । कणादका अनुसार जुन चिजबाट उन्नति र कल्याण हुन्छ त्यही धर्म हो। कणादको यो भनाइ नितान्त भौतिकवादी छ। यस दर्शनले ज्ञानको स्रोत पञ्चमहाभूत (पृथ्वी, अप, तेज, वायु र आकाशलाई मान्दछ।

**(७) न्याय दर्शन**

न्याय दर्शनका प्रणेता अक्षपाद गौतम हुन् । उनी मिथिलामा बस्थे। उनी रहुगण वंशका मानिन्छन्। मिथिला न्याय दर्शन र वेदान्त दर्शनमा पनि ख्यातिप्राप्त छ। प्रमाणहरूद्वारा अर्थको परीक्षा गर्नु नै न्याय हो । न्याय दर्शनका प्राचीन र नवीन गरी दुई धारा छन्। प्राचीन न्यायमा अक्षपाद गौतम, वत्स्यायन आदि र नवीन न्यायमा गंगेशोपा ध्याय, रघुनाथ आदिका नाम उल्लेखनीय छन् न्याय दर्शनको पहिलो सूत्रमा प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद जल्प, वितण्डा आदि सोह्र पदार्थको विवेचना गरिएको छ। यिनै सोह्र पदार्थको तत्त्वज्ञानबाट मुक्ति हुने कुरा भनिएको छ।

न्याय दर्शन तर्कशास्त्र, द्वन्द्ववाद र ज्ञानमीमांसाको सङ्गम मानिन्छ । न्याय दर्शन भौतिकवादका विशेषता पाइन्छन् तर पछि यसलाई आदर्शवादी बनाउने प्रयत्न गरियो । न्याय दर्शनले वेद र ईश्वरलाई खासै महत्त्व दिएको छैन । न्याय दर्शनले दुःखबाट पुरै पार पाउनुलाई मोक्ष भनेको छ ।

**(८) मीमांसा दर्शन**

मीमांसा दर्शनका परिष्कारकर्ता जैमिनी हुन् । मीमांसासुत्र यस दर्शनको मूल ग्रन्थ हो । मीमांसा दर्शन वेदसँग जोडिएको छ । मीमांसाको तात्पर्य विवेचना गर्नु, छलफलबाट निष्कर्ष निकाल्नु हो । यो दर्शनको मूल पक्ष धर्म हो । जैमिनीले अदृष्ट शक्तिलाई मूल कारण मान्दछन् । त्यसैकारण यो दर्शन प्रत्ययवादी (आदर्शवादी) बन्न गएको छ । पूर्व मीमांसा र उत्तर मीमांसा गरी यसका दुई शाखा छन् । पूर्व मीमांसा कर्मकाण्ड र उत्तर मीमांसा ज्ञानकाण्ड (वेद)सँग सम्बन्धित छायो दर्शनले आत्मालाई मान्दछ । वेद, कर्मकाण्ड र ब्राह्मणवादलाई महत्त्व दिन्छ । यो दर्शनले सामन्तवादलाई प्रश्रय दिन्छ ।

**(९) वेदान्त दर्शन**

वेदान्त दर्शनको मूल ग्रन्थ वादनारायण कृत् ब्रह्मसुत्र हो । त्यसपछि गौणपादले यसलाई विकसित गरे भने शङ्कराचार्यले वेदान्त दर्शनलाई उत्कर्षमा पुऱ्याए । यो दर्शन वेदको अन्तिममा रहेकेले यसलाई वेदान्त दर्शन भनिएको हो । शङ्कराचार्यले निर्गुण ब्रह्म, निरपेक्ष द्वैतवाद र मायावादको विवेचना गरे तर यसको विरोध गर्दै रामानुजाचार्यले सशक्त आवाज उठाए । उनले तत्व द्वैत विशिष्ट अद्वैत रहने बताए । चित्, अचित् र ईश्वर तीन तत्व माने । मध्वाचार्यले द्वैतवादको महत्त्वपूर्ण भूमिका रहने बताए । त्यस्तै अर्का दार्शनिक निम्बार्कले द्वैताद्वैत्यवादमा विश्वास गरे । वेदान्त दर्शन शून्यवादमा आधारित छ । यसले ब्रह्म सत्य जगत मिथ्या (झुटो) मान्दछ । यो संसार अज्ञेय (जान्न नसकिने) मान्दछ । निराकार ब्रह्मको ध्यान गरी जन्म र मृत्युको चक्रबाट पार पाउँदै ईश्वरमा लिन हुनुलाई मोक्ष मान्दछ । भौतिक उन्नतिलाई नकार्छ । यसैले भौतिकवादीहरू वेदान्त दर्शनलाई विकास विरोधी दर्शन मान्दछन् ।

**(१०) द्वन्द्वात्मक भौतिकवाद ऐतिहासिक भौतिकवाद**

द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादका जन्मदाता जर्मनका दार्शनिक कार्ल मार्क्स हुन् । यसैले यो दर्शनलाई मार्क्सवाद पनि भनिन्छ । यो विज्ञानमा आधारित भौतिकवादी दर्शन हो । यस दर्शनले वस्तु प्रधान विचारलाई गौण मान्दछ । अर्थात् वस्तुले नै विचारको निर्धारण गर्ने कुरा बताउँछ । जगत् सत्य ब्रह्म मिथ्या नै मार्क्सवादी दर्शनको मूल मान्यता हो । दार्शनिक हेगेल द्वन्द्ववादी थिए । त्यस्तै अर्का दार्शनिक फायरवाख भौतिकवादी थिए तर उनीहरू ईश्वरवादबाट मुक्त थिएनन् । मार्क्सले ती दर्शनबाट ईश्वरवाद हटाएर विशुद्ध द्वन्द्ववाद र भौतिकवाद लिनुभयो र द्वन्दात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको विकास गर्नुभयो । अहिलेसम्मको टाउकाले टेकेको दर्शनलाई खुट्टाले टेकाइदिनुभयो । पहिलेका दार्शनिकहरूले यो संसारलई बुझ्नमात्र चाहे । मार्क्सवादका अनुसार संसार बुझ्नुमात्र होइन । मुख्य कुरा संसार बदल्नु हो । मार्क्सवादले वर्ग सङ्घर्षमा विश्वास गर्दछ । विपरीत तत्त्वको सङ्घर्षबाट नयाँको जन्म हुने मान्दछ । यस दर्शनले स्वर्ग, नर्क, पाप, पुण्य, पूर्व जन्म, पर जन्म, इश्वर आदि कुरालाई अन्धविश्वास मान्दछ । वर्ग सङ्घर्षद्वारा समाजमा मात्रात्मक परिवर्तन हुँदै गुणात्मक परिवर्तन हुन्छ र पुरानोको ध्वंश र नयाँको जन्म भएपछि मात्र मानव जाति शोषणबाट मुक्त भएर पूर्ण मानव भई स्वाधीनतापूर्वक बाँच्न पाउनु नै मार्क्सवादको धेय हो ।

**सन्दर्भ सामग्री**


- कार्ल मार्क्सको जीवनी, लेखक एभगेनिया स्तेपानोभा, अनुवाद राजेन्द्र मास्के प्रकाशक तथा वितरक प्रगति पुस्तक सदन,डिल्लीबजार,काठमाडौं २०५७
- द्वन्दात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद प्रकाशक, प्रगति पुस्तक सदन बागबजार, काठमाडौं २०६५
- मोहन वैद्य 'किरण'हिमाली दर्शन- साझा प्रकाशन-२०७४

कथा

# हुतराज



प्रकाश चापागाईं*

हुतराज खतिवडा बसाइँ सरी चितवन आए। उनी जन्मेका धादिङको बाहुनटारीमा । बाबुको देहावसानपछि उनले पाएको अंश आफ्नै भाइलाई बेचेपछि त्यताको मोह बिस्तारै घट्यो । अंश बेचेको रकमले उनले पदमपुरको पानी ट्याङ्कीसँगै दुई बिघा जमिन किने । सस्तो जमाना थियो, राम्रै सखुवा काठले दुई तले घर बनाए । मेहनती थिइन् उनकी श्रीमती हितमाया पनि । दुःखले भैंसी पाले । खेती गरे । नहरको पानी लाग्ने जमिन थियो । दुई बाली धान लाग्थ्यो । तिहारपछि तोरी छर्थे । वर्षमा नौ-दश मुरी तोरी र चालिस-पचास मुरी धान बेच्थे । त्यो रकम सञ्चय गरेर जुटपानीमा अर्को एक बिघा जमिन थपे ।

हुतराज शालीन मिजासका मिलनसार भद्र मानिसमा गनिन्थे । सामाजिक कार्यमा पनि निकै संलग्न थिए । हितमायाको गर्भबाट जन्मेको एउटै छोरो थियो अच्युत । एकै सन्तान भएकोमा छिमेकीले चासो राख्दा हुतराज भन्थे, "उज्यालो दिन सक्ने चन्द्रमा रातमा एउटै भए पुगिहाल्छ । एउटै घामले पनि संसारलाई तातो पुऱ्याएकै छ ।"

अच्युतको पढाइमा हुतराज दम्पतीले कुनै कञ्जुस्याइँ गरेनन् । उसको पढाइको स्तर पनि अब्बल नै थियो । चितवनकै वीरेन्द्र बहुमुखी क्याम्पसबाट उसले स्नातक तह पूरा गऱ्यो । बाबुआमाले बिहे गर्ने कुरा गरे । अच्युतले, "मेरो बिहेको टन्टा तपाईंहरूले नलिनू । यसपछिको पढाइ र काम मलाई जापानमा मिल्ने भएको छ । त्यता जान मलाई पन्ध्र लाख रुपियाँ लाग्छ । त्यो जुटाइदिनोस् ।"

हुतराज र हितमायाको लागि अच्युत अँधेरी रातको जून थियो । उसले विदेशिने आसय राखेपछि उमेर ढल्दै गएका बाबुआमाको मनमा विस्मात भरिने नै भयो । अच्युत घरमा नभएका बेला एक दिन हुतराजले हितमायालाई भने, "हितू, अच्युतले हामीलाई माया मार्ला त ?" हितमायाको अनुहारमा बादल देखियो । उनको शिर निहुरियो । लामो सुस्केरा छाडेर भनिन्, "गोजी रित्तो भए पनि सन्तान साथमा छ भने ऊ धनी मानिसमा गनिन्छ । सन्तान साथमा नभए राजा पनि कङ्गाल हो । पर भएको छोरो र सापटमा दिएको पैसाले आवश्यक पर्दा काम दिँदैन ।"

"उल्टै पन्ध्र लाख चाहिन्छ भन्छ । कसरी दिने हो ?"

बुद्धिमानी सल्लाह दिइन् हितमायाले, "सर्दोको गहना, असर्दोको खजना भन्छन् । हामी ढलेपछि खाने यही एउटा हो । बेचिदिऊँ जुटपानीको जमिन ।"

र, जुटपानी बेचियो । अच्युत जापान गयो । उसका साथीबीच गाइँगुइँ सुनियो, "अच्युतको तामाङ्नी केटीसँग दुई वर्षदेखि लभ थियो । दुवै जना पो जापान पुगेछन् ।"

हुतराज दम्पतीको मनको अँध्यारो अनुहारमा कसैले देखेन । छोराको निर्णयलाई कुनै हस्तक्षेप पनि गरेनन् । फोनबाट नै दुवैले छोराबुहारीलाई आशीर्वाद दिए । पढाइ र कामको लागि हौसला दिए । केही समयपछि नै जापानमा दुवैले काम पाएको खुसीमा बाबुआमा मख्ख परे । त्यो खुसीको खबर गाउँ छिमेकमा सुनाउँदै हिँडे । आफ्ना काममा कहिल्यै कमी हुन दिएनन् । तर, मनले आफू जति नै बलियो छु भने पनि समयले त सबैका कायालाई चर्काउँछ र मर्काउँछ पनि ।

हिजोजस्तो लाग्छ तर चार वर्ष समय पर गएछ ।

* प्राज्ञपरिषद् सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

हुतराजमा दमको रोग सुरु भयो । हितमायाको त सात वर्षअघिदेखि नै मुटुको भल्भमा समस्या थियो । नियमित ओखती खानुपर्थ्यो । शरीर कमजोर भएपछि मानिसलाई पहिले रोगले गाल्छ, त्यसपछि त्यही ओखतीले । उमेर धेरै भएको पनि होइन, दुवैको उमेर हाराहारी, साठीमात्र कटेका । घर, गोठ र खेतका काममा खट्न सकेनन् । भैँसी पाल्न सकेनन्, बेचे । जमिन धान्न सकेनन्, अधियाँमा कमाउन दिए । सातसात दिनमा छोरो अच्युतसँग सम्पर्क भइरहेकै थियो । ऊ भन्थ्यो, "दुःख गर्न पर्दैन । बैंकमा पैसा पठाइदिएको छु । दुधभात खाएर आरामसँग बस्नोस् ।"

समयलाई धन्यवाद त यसै पनि छ । अच्युतलाई धन्यवाद किन छ भने, जिन्दगीमा यस्तो अवस्था पनि आउँछ जहाँ आरामले दुधभात खान सकिन्न । पैसाले गर्ने काम अवश्य गर्छ तर त्यसले उमेर फिर्ता गर्दैन । अझ यस्तो दिन पनि आउँछ, बैंकको आफ्नै खाताको पैसा झिकेर ल्याउनसम्म सकिन्न । त्यस्तो बखतका धन भनेका सहयोगी हात हुन् जो अहिले परदेशमा बस्छन् र बाबुआमाको सेवामा बैंकमा पैसा पठाउँछन् । यहाँ मतिविहीन समय र मतिवान् अच्युतहरूले गर्व गर्छन् ।

हुतराजले हात कमाउँदै र घाँटीमा स्वर दबाउँदै मोबाइलमा आधाआधी अड्किएको वाक्य फुटाए, "आमा बेहोस् अवस्थामा लडेकी छे । मेरो पनि स्थिति ज्यादै कमजोर भइसकेको छ सादय अब ...." "बुवा त्यसरी नआतिनू । हजुरहरूलाई औषधी उपचार गर्न के कति चाहिन्छ ? म भोलि नै पठाइदिन्छु ।"

हुतराजले के भन्न खोजेका थिए कुन्नि ? हातबाट मोबाइल झर्‍यो भुइँमा । टिप्न खोज्दै थिए आफैँ लडे ।

"बुवा किन मोबाइल राख्नुभएको ? भन्नू न कति पाठाइदिऊँ ?" अच्युतले धेरै प्रयास गर्‍यो बोल्न तर प्रतिउत्तर नपाएपछि उसले आफ्नै अर्थ लगायो, "बुढा बोल्दाबोल्दै निदाए ।"

भोलिपल्ट दुध ल्याउने मान्छे ढोकामा आएर करायो, "दूध आयो बाजे दूध ।"

दुध त आयो तर भित्रबाट केही आवाज आएन । दुधवालाले विस्तारै ढोका धकेल्यो र भित्र पस्यो । सुनसान छ भित्र । ऊ बैठक कोठासम्म पुग्यो । त्यो भन्दा भित्र जाने कि नजाने ? ऊ द्विविधामा पर्‍यो । कहिलेकाहीँ उल्टो पनि पर्न सक्छ । सोच्दासोच्दै उसले अर्को कोठाको ढोका धकेल्यो । बुढा तल भुइँमा पछारिएका छन् । नजिकै मोबाइल छ । अर्कोतिर बुढीमाउ सासै फेर्न विर्सिएजस्तो गरी लडेकी छन् । दुधवाला झनै आत्तियो र बुढालाई उठाउन पुग्यो । बुढाको टाउकोबाट रगत बगेर जमेको रहेछ । दूधवाला आत्तियो र बाहिर निस्केर वल्लोपल्लो घरतिर आँखा लगायो । पल्लो घरमा एक जना ४०/४५ वर्षको मान्छे वरन्डामा बसेर फोनमा कुरा गर्दै थियो । दूधवालाले एक सासमा खतिवडाको घरको नालीबेली लगायो । तर उसले सुने नसुनेझैँ गर्‍यो । दूधवालाको खतिवडा परिवारसँग दुध बेच्ने बाहेक कुनै साइनो थिएन । मानवीय भावनाले आफूले केही गर्नुपर्ने र छिमेकीको नाताले उसलाई सहयोग गर्न पुनः अनुरोध गर्‍यो । तर यसपटकको उसको अनुरोधपछि छिमेकी मोबाइलमै कुरा गर्दै भित्र पस्यो । दूधवालाले ऊ आउन लागेको अर्थमा बुझ्यो र पर्खियो एकछिन । तर अहँ छिमेकी आएन । त्यसपछि दूधवाला बाहिर सडकमा निस्कियो । एउटा म्याजिक खुर्र दैडिँदै आयो । दूधवालाले इसाराले रोक्नू भन्यो । रोकियो । उसले म्याजिकवालासँग घटनाको नालीबेली बताएर सहयोगको अपेक्षा गर्‍यो । म्याजिकवालाले स्वीकृतसूचक टाउको हल्लाएर म्याजिकलाई साइडमा रोकेर ओर्लियो । दुवै जना घरभित्र प्रवेश गरे । स्थिति उही असमान्य अवस्थामै थियो । दुई जना बुढाबुढीलाई म्याजिकमा राखेर लैजान मिल्ने अवस्था देखिएन । दुवै जना एम्बुलेन्सको लागि सोच्न थाले । दुधवालाले बुढाको टाउकोमा पानीपट्टी लगाउँदै थियो । बुढाका आँखा चलमलाएजस्तो लाग्यो उसलाई । तर बुढीमाउको भने सास छ या छैन छुट्याउन गाह्रो पर्‍यो । एकछिनपछि बुढाले भने बिस्तारै आँखा खोले । यताउता हेरे । केही भन्न खोजे जस्तो गरे । बुढीतिर हेरेर आँखा रोकेर बर्र आँसु झारे । बोल्न सकेनन् । सायद बुढालाई बुढी बिदा लिइसकेकी भन्ने लागेको होला । फेरि

बोल्न खोजे। अहँ वाक्य नै फुटेन। अलिकति हात चलाए जस्तो गरे सायद त्यो अन्तर्हृदयको पीडा र सहयोगको अपेक्षा थियो।

बाहिर गेटमा गाडीको हर्नको आवाज आयो। आवाजसँगै दुईजना मान्छे ओर्लिए गाडीबाट। गेटभित्र छिरे। यतिखेर अर्को छिमेकीको घरको पनि गेट खुलेको आवाज आयो र बिस्तारै दुई जना मान्छे पनि हुतराज खतिवडाको घरभित्र प्रवेश गरे। दुधवालाले पुनः एकपटक आफू दुध छाड्न आएदेखिका सबै घटना बतायो। त्यहाँ बसेर समय फाल्नुभन्दा छिटो भन्दा छिटो हस्पिटल लाने निष्कर्ष भयो। बुढाबुढी दुवैलाई एम्बुलेन्समा राखेर हस्पिटल पुऱ्याए उनीहरूले। इमर्जेन्सी कक्षमा डाक्टरले बुढाबुढीलाई जाँच्न थाले। एम्बुलेन्सवालाले आफ्नो विवशता पोख्दै थियो। म्याजिकवालासँग माग्दै थियो भाडा। बिचरा म्याजिकवालाको आफ्नै समस्या हुँदो हो। उसले दुधवालालाई कोट्यायो। दुधवालाले आफ्नो गोजी छामछुम गरेर हेऱ्यो। हजारका पाँचवटा, पाँचसयका ७ वटा र सयका तीनओटा नोट रहेछन्। उसले एम्बुलेन्सवालालाई भाडा सोधेर तीन हजार पाँच सय उसको हातमा थमायो। म्याजिकवालालाई पनि सोध्यो खै किन हो उसले यति उति केही पनि भन्न मानेन। दूधवालालले उसको हातमा पनि हजारको एउटा नोट थमाउन खोज्यो तर उसले भन्यो, "भो हजुर, आखिर हजुर पनि त म जस्तै त हो नि। भो म लिन्नँ हजुर।"

"उहाँहरूसँग मेरो वर्षौंदेखिको सम्बन्ध हो भाइ। मेरो दायित्व र कर्तव्य पनि छ। तर तपाईं त व्यावसायिक मानिस हो। आफ्नो व्यवसायको ख्याल गर्नुपर्छ। कत्ति गाह्रो नमानी आफ्नो श्रमको मूल्य लिनुहोस्।" दुधवालाले आफ्नो कर्तव्य र उसको व्यवसायको पाठ सुनायो।

"व्यवसायमा पनि पैसा मात्र हुँदैन हजुर। म पेसाले गाडी चालक भए पनि दायित्वको पाठ मैले पनि बुझेको छु हजुर। तपाईंको व्यवहारबाट मैले भाडा नलिनु मेरो पनि दायित्व हो हजुर।" उसले आफूलाई आफ्नो दायित्व बुझाउन प्रयास गऱ्यो।

बुढाबुढीलाई जाँच्दै गरेका डाक्टर बाहिर निस्किएर भने, "बिरामीको आफन्त को हुनुहुन्छ ?"

दूधवाला र छिमेकी डाक्टरको अगाडि गए, "अँ बुढीआमाको स्थिति ज्यादै जटिल छ। उहाँलाई अति संवेदित कक्षमा लग्नुपर्छ। बुवाको पनि टाउकोको चोटले गर्दा रगत धेरै बगिरहेको छ। ल यो फर्म भर्नुहोस्। अहिलेलाई दश लाख रूपैयाँ डिपोजिट गर्नुस्। बाँकी कुरा यो कागजमा लेखेअनुसार चेक गर्नुस्।"

दुधवालाले र छिमेकीले मुखामुख गरे तर भन्न केही सकेनन्, "हजुर डा.साव, मेरो नाम गोकर्ण विष्ट हो। उहाँका सन्तानको नाममा एउटा मात्र छोरा, ती पनि जापानतिर बस्छन्। घरमा अरू कोही छैनन्। म उहाँको छिमेकी हुँ। हामी छोरासँग सम्पर्क गरेर दुईचार दिनभित्र रकम जम्मा गरिदिन्छौँ। अहिलेलाई डिपोजिट गर्न असमर्थ छौँ डा. साव।"

"यो मेरो प्राइभेट अस्पताल हो र ? यहाँका नीति नियमलाई मैले पनि मान्नैपर्छ। यताउताबाट गरेर भए पनि डिपोजिट त गर्नैपर्छ। मैले भनेर हस्पिटल प्रशासनले मान्यो भने एकदुई लाख कमै भए पनि भर्ना गरिदिनू भनिदिउँला। मैले गर्न सक्ने यत्ति हो।"

गोकर्ण विष्टले फेरि डाक्टरलाई अनुरोध गरे, "ठीक छ डाक्टर साब, के के गर्नुपर्छ गर्नुहोला।"

एकछिन गोकर्ण र दुधवालाले एक आपमा खै के-के कुरा गरे ? गोकर्णले आफ्नो पर्सबाट एउटा चेकबुक निकाले र नगद पन्ध्र हजारसहित पचास हजारको चेक काटेर दुधवालाको हातमा थमाए। "तपाईं यहाँ केके गर्नुपर्छ गर्नू। म रकमको व्यवस्थाको लागि प्रयास गर्छु" भन्दै बाहिरिए। दुईतीन घण्टापछि गोकर्ण फेरि फर्किए हस्पिटलमा। दुवै जना हस्पिटलको काउन्टर कक्षमा पुगे। सात लाख बराबरका तीनवटा चेक डिपोजिट गर्न अनुरोध गरे तर काउन्टर कर्मचारीले सुरु गरे अर्को लफडा, "हामी भिख माग्न बसेका हौ र ? यहाँ दश लाख लेखेको छ। लेखेअनुसारको जम्मा गर्नुहोस्।"

द्युधवालाले अनुरोध गरे, "हैन सर, किन यसरी

चिच्याउनुपर्छ र ? आखिर बिरामीलाई भर्खर त ल्याएको छ। अहिले यति डिपोजिट गरिदिनू। बाँकी फेरि जम्मा गरौँला नि ?"

निकै बेरको सवाल जवाफपछि कागजमा डाक्टरले सात लाख डिपोजिट गरिदिनू भन्ने लेखाउने सहमतिमा उनीहरू कागज लिएर निस्किए। दूधवाला पहिला हुतराज खतिवडाको घरमा पुगे। घरको ढोका ह्वाङ्गै रहेछ। बिरामीलाई हस्पिटल पुऱ्याउनुपर्ने तनावमा ढोका ढेप्न समेत बिर्सिएछन् सबैले। उनी भित्र पस्दा बुढाको मोबाइलमा घन्टी बजिरहेको थियो। दुधवालाले मोबाइल हातमा लिएर "हेल्लो" भने। उताबाट आवाज आयो, "हजुर को बोल्नुभएको ? म जापानबाट छोरा हो, अनि बुवा खै त ?"

उसले आफू दुधवाला भएको र त्यसअघिका सबै घटना जानकारी गरायो। अच्युतले, "ल अङ्कल, हजुरले ठुलो काम गर्नुभएछ। छिमेकी अङ्कल गोकर्ण पनि हुनुहुन्छ। म मामा माइजू र अङ्कलहरूलाई पनि खबर गरिदिन्छु। म आज नै चाहिनेजति पैसा गोकर्ण अङ्कलको नाममा पठाइदिन्छु। के गर्ने विदेशको ठाउँ, भन्दा भन्दै आउन मिल्दैन। यति सहयोग गरिदिनुहोला, हस् अङ्कल बाई अङ्कल।" अच्युतले बाबुआमाको खबरलाई भन्दा आफ्नो धन्दालाई ध्यान दिनुपर्दो हो। दूधवालाको प्रतिउत्तर समेत उसले सुन्न पर्खेन। दुधवाला निस्कियो र सिधै हस्पिटलमा गयो।

बिस्तारै बिस्तारै हुतराज खतिवडाका आफन्त हस्पिटलमा आउनेक्रम बाक्लिदै गयो। तीन दिनपछि गोकर्ण बिष्टले हस्पिटलमा जम्मा गर्नुपर्ने बाँकी सबै रकम जम्मा गरे। हस्पिटलले खबर दियो, "बुढाको स्थिति सामान्य छ। बुढीआमाको खासै प्रगति हुन सकेको छैन। हाम्रो प्रयास जारी छ। ईश्वरको भरोसा।"

एक हप्तापछि फेरि उही डाक्टरले दुधवाला र गोकर्ण बिष्टलाई एउटा कागज निकालेर लेख्दै बुढीआमाको लागि थप पाँच लाख जम्मा गर्नुपर्ने कागज दिए। उनले यो पनि दावी गरे, उमेर नाघिसकेका हुतराज खतिवडाको आफ्नै विशेष क्षमताको कारण मात्र स्वास्थ्य स्थितिमा यति राम्रो सुधार भयो। दुधवाला र गोकर्ण बिष्टलाई उनको कुरा नसुन्नको विकल्प पनि थिएन। डाक्टरलाई भेटेर उनीहरू फेरि काउन्टर कक्षमा गए। कागजमा लेखिए अनुसारको रकम जम्मा गरे। दशौँ दिन अच्युतको फोन आयो र आमाबुबाको बारेमा सोध्यो। उसका मामाले बाबाको स्थिति सामान्य रहेको र आमो भने बेहोस अवस्थामा भएकीले एकपटक छुट्टी मिलाएर आउन आग्रह गरे। अच्युतले आफ्नी श्रीमती दुई जिउकी भएकी र प्रत्येक हप्तामा फलोअपमा जान पर्ने भएकाले आफू आउन नसक्ने कुरा सजिलैसँग दोहोऱ्याए। दुई हप्तापछि डाक्टरको टोलीले हुतराज खतिवडाको स्वास्थ्य पूर्ण रूपमा ठीक भएको डिस्चार्ज स्पिल तयार भएको तर बुढीआमालाई बचाउन नसकिएको जानकारी गराए। यो समाचारले सबैलाई स्तब्ध बनायो।

अच्युतलाई उसका अङ्कलले फोन लगाए, "बाबु आमालाई बचाउन सकिएन। तिमी तुरुन्त आउनुपऱ्यो।"

"ओहो ! हो र अङ्कल के गर्नु ? जापानमै पनि मानिस मर्छन्। उमेर पनि पुग्दै थियो। अब रोएर विलौना गरेर मात्रै के नै हुने हो र ? हजुरहरू सबै त्यहीँ हुनुहुन्छ। के कसरी उम्काउनुपर्छ उम्काउनू। म यहाँ बसेर जे जे गर्नुपर्ने हो सबै गर्छु। यो बेला त म आउँनै सक्दिनँ।"

चार दिनपछि हुतराजले आफ्नावरपर बसेका मान्छेलाई अप्रत्यासित खुलासा गरे, "अच्युतले आमाको दशक्रिया जापानमै बसेर गऱ्यो नि हैन ? एकाएक सन्नटा छायो वातावरणमा। सबैले एक आपसमा मुख हेराहेर गरे। त्यही बीचमा दूधवालाले झुटको सहारा लिने असफल प्रयास गरे। "के भन्नुभएको हजुर ? आमा त हस्पिटलमै हुनुहुन्छ। कसको काजक्रियाको कुरा गर्नुभएको ?" खतिवडा बुढा फेरि बोले "हस्पिटलमा मरेको मान्छेको पनि उपचार हुन्छ र ? उसले त त्यही दिन सास छाडेकी थिई।

प्रतिवेदन

# भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानः विगत र आगतका कार्यक्रमहरू



बालकृष्ण थपलिया*

**१) विषय प्रवेश**

भाषा, कला, साहित्य, संस्कृतिको उत्थानका लागि स्थापित भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान दोस्रो वर्षमा प्रवेश गर्दै दोस्रो प्राज्ञसभा सम्पन्न भइ आगामी दिनका नीति तथा कार्यक्रमहरू तय गरेको छ । यस लेखमा प्रतिष्ठानले हालसम्म सम्पादन गरेका प्रमुख गतिविधिलाई संक्षेपमा प्रकाश पार्ने प्रयास गरिएको छ। व्यक्तिगत रूपमा महानगरको एउटा छुट्टै शाखासँगै प्रज्ञा-प्रतिष्ठानमा जोडिएर भाषा-साहित्य, कला-संस्कृतिमा आफू पनि जोडिएर यहाँहरूको सङ्गतमा केही सिक्न र आफूमा भएको ज्ञान, सीप खर्चिन पाएकोमा गौरव गर्दछु।

हामीहरू "मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर" भन्ने मूल मन्त्रलाई साकार पार्ने लक्ष्यका साथ भरतपुर महानगरपालिकामा २०७८ चैत्र १५ गते स्थापना भएको भरतपुर महानगरपालिका प्रज्ञा-प्रतिष्ठानको गौरवमय दोस्रो प्राज्ञसभामा सगौरव उपस्थित भएका छौं । **महानगर साहित्य दर्पण २०७८** प्रकाशनपूर्व महानगरपालिकामा जमघट भएका चितवनका मानक साहित्यिक स्रष्टाहरू र सक्रिय साहित्यिक संस्थाका प्रतिनिधिहरूको माग बमोजिम **भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान** गठन भएको हो। २०७८ माघ ८ गते सम्पन्न भरतपुर महागरपालिकाको दसौँ नगरसभाले पारित गरेको **भरतपुर महानगरपालिका प्रज्ञा–प्रतिष्ठान ऐन–२०७८** र मिति २०७९ असोज १५ गते बसेको कार्यपालिकाको बैठकले **भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानका मान–सम्मान, पुरस्कार तथा स्रष्टा प्रोत्साहन कार्यविधि–२०७९** पारित गरेसँगै प्रतिष्ठानका क्रियाकलापहरू सञ्चालन भइरहेका छन्। महानगरपालिकाले प्रज्ञा-प्रतिष्ठानमार्फत् यहाँका साहित्यिक स्रष्टाहरूलाई सम्मान एवम् प्रोत्साहन गर्दै आएको छ । प्रज्ञा-प्रतिष्ठानले स्थापनाकालदेखि हालसम्म सम्पादन गरेका प्रमुख गतिविधिलाई सङ्क्षेपमा प्रकाश पार्ने अनुमति चाहन्छु।

**२) प्रथम प्राज्ञ सभा**

प्रतिष्ठानका कुलपतिसमेत रहनु भएका नगर प्रमुख रेनु दाहालज्यूको अध्यक्षतामा २०७९।३।५ गते प्रथम प्राज्ञसभा सम्पन्न भई आ.व. २०७९/०८० मा सञ्चालन गरिने प्रज्ञा-प्रतिष्ठानको वार्षिक नीति तथा कार्यक्रम पारित गर्दै महानगरसमक्ष पेश भएकोमा **महानगर प्रज्ञाप्रतिष्ठानको व्यवस्थापन तथा भाषा-साहित्य, कला-संस्कृति उत्थान** शीर्षकमा रू ३० लाख विनियोजन भई त्यसै शीर्षकबाट हाम्रा गतिविधिहरू सञ्चालन भइरहेका छन्।

**३) भानु जयन्ती सम्पन्न**

२०७८ असार २९ गते नारायणी कला मन्दिरमा चितवन साहित्य परिषद् र नारायणी कलामन्दिर र यस प्रतिष्ठानसमेतको सहकार्यमा २०९ औँ भानु जयन्तीको अवसरमा विविध साहित्यिक/सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। २७ जना कविहरू सहभागी भएको प्रतियोगितात्मक कवि गोष्ठीमा अभिषेक ओझा प्रथम, प्रदीप ढुङ्गाना द्वित्तीय, प्रभास घिमिरे तृतीय, रूसा पौडेल र पदमपाणि विरक्तिलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो।

**४) मोती जयन्ती**

१५७ औँ मोती जयन्तीको अवसरमा २०७९ भदौ ११ गते महानगरको सभाहलमा समस्यापूर्ति काव्य गोष्ठी

* सदस्य सचिव - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

सम्पन्न भयो। **अहङ्कारको आयु लामो हुँदैन** शीर्षकमा आयोजित समस्यापूर्ति काव्य गोष्ठीमा ६० जना प्रतियोगी कविहरूले सहभागिता जनाएका थिए। प्रतिष्ठानमा प्राप्त रचनाहरूमध्येबाट २० जना कविहरूलाई मात्र रचना वाचनको अवसर दिइएको थियो। डा. धनेश्वर भट्टराई, केशवराज आमोदी र प्रभा मरहट्टा कोइराला निर्णायक रहनु भएको प्रतियोगितात्मक काव्यगोष्ठीमा गोरखाका नारायणप्रसाद पोखरेल प्रथम भएका थिए भने देवघाटका कृष्णशरण उपाध्याय दोस्रो, देवघाटकै ओमप्रसाद खरेल तृतीय भए भने भरतपुरकी चेतना वाग्ले र हेटौडाका प्रभास घिमिरेलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो। पुरस्कृत कविहरूलाई नगद, सम्मानपत्र र दोसल्लासहित सम्मान गरिएको थियो।प्रतियोगितामा प्रथम हुनेलाई १० हजार रूपैयाँ, दोस्रा हुनेलाई ८ हजार, तृत्तीय हुनेलाई ६ हजार र सान्तवना स्थानलाई ४/४ हजार नगद रूपैयाँसहित सम्मान गरिएको थियो।

### ५) पुस्तकालय दिवसमा सहकार्य

भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानसमेतको सहकार्यमा रामेश्वर पुस्तकालय तथा वाचनालय क्षेत्रपुरमा २०७९ भदौं १५ गते १५ औँ राष्ट्रिय पुस्तकालय दिवस कार्यक्रममा सम्पन्न भयो। रामेश्वर पुस्तकालय, नेपाल पुस्तकालय संघ चितवनकोसमेत साझेदारीमा कार्यक्रम सम्पन्न भएको थियो। यस कार्यक्रमको लागि रू १५ हजार रूपैया उपलब्ध गराइएको थियो।

### ६) विश्वकर्मा दिवसको सांस्कृतिक महत्व

प्रज्ञा-प्रतिष्ठानसमेतको सहकार्यमा २०७९ असोज १ गते **विश्वकर्मा दिवसको सांस्कृतिक महत्त्वबारे सरोकारवासित अन्तरक्रिया** कार्यक्रम सम्पन्न भयो। महानगरपालिकाको सभाकक्षमा आयोजित कार्यक्रम नेपाल दलित प्रतिष्ठानको सहकार्यमा सम्पन्न भएको हो। संविधानसभा सदस्य पदमलाल विश्वकर्माको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा दलित अधिकारकर्मी तथा साहित्यकार रणेन्द्र बराली (हाल प्रतिनिधसभा सदस्य) ले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमाथि प्रा.डा. कर्णबहादुर बानियाँ र डा. धनेश्वर भट्टराइले टिप्पणी गर्नुभएको थियो। यस कार्यक्रमको लागि करिव रू ४० हजार रूपैयाँ उपलब्ध गराइएको थियो।

### ७) कार्यविधि पारित

महानगरको नगर कार्यपालिकाको मिति २०७९ असोज १५ गते बसेको बैठकले **भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानका मान–सम्मान, पुरस्कार तथा स्रष्टा प्रोत्साहन कार्यविधि–२०७९** पारित गरेको छ। यस कार्यविधिमा मूलत: प्रज्ञा-प्रतिष्ठानले स्थापना गरेका पुरस्कारहरूको नामकरण, मापदण्ड, पुरस्कार राशि, मूल्याङ्कन पारिश्रमिक आदिबारे प्रष्ट्याइको छ। यसको मस्यौदा तयारी तथा महानगरको विधायन समिति तथा कार्यपालिका बैठकमा प्रज्ञाप्रतिष्ठानको तर्फबाट सहजीकरण गरिएको थियो। कार्यविधि पारित भएसँगै हाम्रा कार्य सम्पादनमा सहजता भएको महसुस गरिएको छ। समयसापेक्ष यसको परिस्कार, परिमार्जनको अपेक्षा रहेको छ।

### ८) ८७ औँ भूपि जयन्ती

८७ औँ भूपि जयन्तीको अवसरमा मिति २०७९।९।१६ गते महानगरपालिकाको सभाहलमा राष्ट्रव्यापी खुला कविता प्रतियोगिता सम्पन्न भयो। विभिन्न माध्यमबाट ४३ जिल्लाका ११५ जना कविहरूले प्रतियोगिताको लागि सहभागिता जनाएका थिए। कवि गोविन्दराज विनोदी, नेपाल संस्कृत विश्वविद्यालयका सह-प्रा.डा. केशवराज चालिसे र कवि निबन्धकार भूपिन सम्मिलित निर्णायक समितिले उत्कृष्ट १५ कविहरूलाई मात्र वाचनका लागि मौका दिएको थियो। प्रतियोगितामा रूपन्देहीका कवि यज्ञप्रसाद न्यौपानेको **"असहमतिको दस्तावेज"** शीर्षकको कविता सर्वोत्कृष्ट, ककनी नुवाकोटका कवि सुजन थपालियाको **"आमा"** कविता उत्कृष्ट र काठमाडौं वनस्थलीकी कवि राधिका कल्पितको **"पेन्सन"** कविताले उत्तम स्थान हासिल गरेको थियो। यस्तै पाल्पाका कवि जनक कार्कीको **"चिहान खनिरहेको मान्छे"** र व्यास नपा तनहुँकी कवि नारायणी अधिकारीको **"दुर्गा भवानी उठ"** शीर्षकको कविताले प्रोत्साहन पुरस्कार पाएको थियो। प्रतियोगितामा सर्वोत्कृष्ट, उत्कृष्ट र उत्तम स्थान हासिल गर्ने कविहरूलाई प्रज्ञा–प्रतिष्ठानकी कुलपति समेत रहनु भएकी महानगर प्रमुख रेनु दाहालले क्रमश: ४० हजार ७८, ३० हजार ७८, र २० हजार ७८ तथा प्रोत्साहन पुरस्कार स्वरूप जनही १० हजार ७८ र

प्रमाण–पत्र प्रदान गर्नु भएको थियो।

**९) स्रष्टाहरूलाई सम्मान र पुरस्कार प्रदान**

भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला-संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएका चार जना प्रतिभाहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरेको छ। गत २०७९ चैत्र २६ चैत्र गते महानगरपालिकाको सभाकक्षमा आयोजित विशेष समारोहमा भरतपुर महानगरबासी साहित्यिक/ सांस्कृतिक प्रतिभाहरूलाई प्रतिष्ठानले नगद राशिसहित सम्मान गरेको थियो। प्रतिष्ठानका कुलपति तथा नगर प्रमुख रेनु दाहालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा नगद रू १ लाख ७८ रूपैयाँसहित दीर्घसाहित्य साधक एवम् गीतकार प्रेमविनोद नन्दनलाई **नारायणी प्रज्ञा सम्मान** एवम् जनही नगद रू ५० हजार ७८ रूपैयाँसहित अभिनयकला ऋद्धिचरण श्रेष्ठलाई **भरतपुर प्रज्ञा सम्मान** र समाजशास्त्री डी.आर. पोखरेललाई **कृष्ण बम मल्ल प्रज्ञा सम्मान** सम्मान प्रदान गरिएको थियो। यसै गरी चितवन या भरतपुरको गरिमालाई आफ्ना कृतिमार्फत योगदान दिनुहुने प्रतिभालाई प्रदान गरिने **चित्रवन प्रज्ञा पुरस्कार** प्रा.डा. लक्ष्मणप्रसाद गौतमलाई प्रदान गरियो। गौतमको **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** कृतिलाई नगद रू ५० हजार ७८ रूपैया सहितसम्मान गरिएको थियो। नारी साहित्यकारहरूद्वारा प्रकाशित कृतिहरूमध्येबाट स्रष्टा गायत्री श्रेष्टलाई **वागीश्वरी प्रज्ञा पुरस्कार** प्रदान गरियो। श्रेष्ठको **आफ्नै मनको परिसर** कृतिलाई नगद रू २५ हजार ७८ रूपैया सहित उक्त पुरस्कार प्रदान गरिएको थियो। सोही समारोहमा जनही नगद रू २५ हजार ७८ रूपैया पुरस्कार राशिसहित काव्य विधाबाट महाकाव्यकार पोषराज पौड्याल, निबन्ध/समालोचना विधाबाट डा. एकनारायण पौड्याल र आख्यान विधाबाट सिर्जन अविरललाई **भरतपुर महानगर प्रज्ञा पुरस्कार प्रदान** गरिएको थियो। महाकाव्यकार पौड्यालको **शुक्लगण्डकी** महाकाव्य, निबन्धकार/समालोचक पौड्यालको **निसमालोचना: सिद्धान्त र प्रयोग** र आख्यानकार अविरलको **मोक्ष** उपन्यासलाई **भरतपुर महानगर प्रज्ञा पुरस्कार** प्रदान गरिएको हो। **चित्रवन प्रज्ञा पुरस्कार बाहेक** पहिलोपटकका लागि वर्ष २०७७ र ०७८ मा प्रकाशित कृतिहरूलाई मात्र समावेश गराइएको प्रज्ञा पुरस्कार प्रयोजनका लागि भरतपुर महानगरवासी ५ जना नारीस्रष्टा लगायत ३१ जना साहित्यकारहरूले आफ्ना कृतिहरू दर्ता गराउनु भएको थियो। नाटक विधामा भने कुनै कृति पनि अभिलेखमा आएनन्। सम्मानित प्रतिभाहरूको छनौट गर्न र प्रतिष्ठानमा दर्ता हुन आएका कृतिको विधागत मूल्याङ्कनको लागि परिषद्का सदस्यहरूको संयोजकत्त्वमा विषयविज्ञ प्राज्ञहरू सम्मिलित मूल्याङ्कन समिति गठन गरिएको थियो। समितिको सिफारिसलाई परिषदले र परिषद्को सिफारिसलाई महानगरपालिकाले निर्णय गरेर सम्मान तथा पुरस्कार प्रदान गरिएको हो।

**१०) सहकार्य**

प्रज्ञा-प्रतिष्ठानले विभिन्न साहित्यिक/ सांस्कृतिक संस्थाहरूसित सहकार्य गर्दै विविध कार्यक्रमहरूमा सहभागिता जनाउँदै आएको छ। यसक्रममा नारायणी कला मन्दिरको आयोजनामा आयोजित **नारायण गोपाल स्मृति साँझ २०७९** प्रवर्द्धन गर्न रू ५० हजार, बाल साहित्य समाजद्वारा सौरहामा आयोजित **राष्ट्रिय बाल साहित्य सम्मेलन**का लागि रू ५० हजार, नारायणी कला मन्दिर लगायत विभिन्न संस्थाहरूको आयोजनमा आयोजित **चितौन कचेहेरी**का लागि रू ७५ हजार, साहित्य सङ्गम चितवनद्वारा उपन्यासकार रेशम विरहीको उपन्यास **कली विमर्श**को लागि रू १५ हजार र दोभान पुस्तकालय भरतपुरलाई पुस्तक खरिद गर्न रू ३० हजार प्रदान गरी सहकार्य गरेको छ।

**११) साहित्यिक भ्रमण**

भरतपुर महानगरपालिकाको सहयोगमा महानगर प्रज्ञा–प्रतिष्ठानको आयोजना एवम् संयोजनमा साहित्यिक अवलोकन भ्रमण तथा अवलोकन कार्यक्रम सम्पन्न भएको छ। मिति २०७९।११।०५ देखि २०७९।११।११ सम्म महानगर प्रज्ञा–प्रतिष्ठानका परिषदका पदाधिकारी तथा कार्यपालिकाका तीन जना सदस्यहरूको सामूहिक टोलीले झापाको दमक प्रज्ञा–प्रतिष्ठान र भारत सिक्किमको सिक्किम प्रज्ञाप्रतिष्ठानको अवलोकन भ्रमण तथा अवलोकन तथा रचना वाचन, वैचारिक विमर्श तथा अनुभव साटासाट कार्यक्रम

सम्पन्न भएको हो। भ्रमण टोलीमा प्राज्ञ-परिषदका उपकुलपति इन्द्रप्रसाद रेग्मीसहित ८ जना रहेका थिए।

**१२) पाण्डुलिपि प्रोत्साहन**

भरतपुर महानगरबासी स्रष्टाहरूले आफ्ना सिर्जना, खोज अनुसन्धान गरेको मौलिक साहित्यिक रचनाहरूको पाण्डुलिपि र त्यसको पीडीएफ फाइलसहित आर्थिक सहयोगको लागि निवेदन दिएका स्रष्टाहरूलाई प्रज्ञा–प्रतिष्ठानले आर्थिक सहयोग प्रदान गरेको छ। प्रतिष्ठानले प्राप्त पाण्डुलिपिको स्तरीयता, गुणात्मकता, स्रष्टाका व्यक्तित्व आदिलाई मूल्याङ्कन गरेर पन्ध्र हजारदेखि पच्चीस हजारसम्म आर्थिक सहयोग उपलब्ध गराउन महानगरलाई सिफारिस गरेको थियो । यस कार्यक्रमबाट वस्तीवस्तीमा रहेका लुकेका हस्ती/प्रतिभाहरूलाई थोरै नै भए पनि सहयोग गर्न खोजिएको छ । यसको स्रष्टाहरूमा सकारात्मक प्रभाव पारेको हामीले महसुस गरेको छौं । प्रज्ञा–प्रतिष्ठानको सिफारिसमा हालसम्म भरतपुर महानगरवासी स्रष्टाहरू तुलसी पण्डित, डी.आर. पोखरेल, अष्टदेव खनाल, पोषराज पौडेल, भरतबाबु ढकाल,कमल कडेल प्रकृति, पदमप्रसाद अर्याल, शिवहरि पण्डित, देवदत्त अधिकारी ,रमेश प्रभात, किसान प्रेमी ,जगन्नाथ पण्डित, होमनाथ घिमिरे, विष्णुदेवी तिवारी उषा, डा.एकनारायण पौडेल, चन्द्रप्रकाश कडेल (विवेकी), सुभाष घिमिरे, कृष्णप्रसाद पण्डित, कपिलमणि शर्मा रेग्मी, श्यामजी अतिथि शर्मालाई रकम उपलब्ध गराएका छौं। हालसम्म यस शीर्षकमा रू ३ लाख ७० हजार रूपैया उपलब्ध गराइएको छ।

**१३) वाङ्मय कोश प्रकाशन**

प्रज्ञा-प्रतिष्ठानको प्रथम प्राज्ञसभा सम्पन्न भएपश्चात बसेको प्रज्ञाप्ररिषद्को पहिलो बैठकले साहित्यकार कलाकारहरूको वैयक्तिक विवरण समावेश गरी वाङ्मय कोश प्रकाशन गर्ने सङ्कल्प प्रस्ताव पारित गरेसंगै विवरण संकलन कार्य जारी छ । हामीले विभन्न माध्यमबाट गरेको प्रचार –प्रसार र सम्पर्कबाट हालसम्म ३५० जनाको प्रारम्भिक नामावली सङ्कलन र १७० जनाको विवरण संकलन गरेका छौं । भरतपुर महानगरबासी कम्तिमा एउटा साहित्यिक कृति प्रकाशन गरेका साहित्यकारहरू र स्थापित कलाकारहरूको विवरण नछुटून् भन्नेमा हामी सचेत छौं । यिनको लेखन, सम्पादन र प्रकाशनको कार्य भने बाँकी छ । यहाँहरू सबैको समन्वय र सहकार्यमा आगामी वर्ष यसलाई पूर्णता दिने प्रयास गर्नेछौं।

**१४) महानगर प्रज्ञा जर्नल**

प्रज्ञा-प्रतिष्ठानमार्फत विविध साहित्यिक सांस्कृतिक विषयवस्तुलाई अन्तर्राष्ट्रियस्तरमा पुर्‍याउन **प्रज्ञा जर्नल प्रकाशमा** ल्याएका छौं । महानगरको वैभसाइटका माध्यमबाट यसको ईकपि सार्वजनिक भइसकेको छभने प्रिन्टकपि सार्वजनीकरण भयो । यसको विषयवस्तु छनौट, विद्वत अनुसन्धानदाताहरूसित समन्वय, सामाग्री संकलन, सम्पादन र सेटिङमा प्रधान सम्पादक डा. चालिसेको अतुलनीय भूमिका रहेको स्मरण गर्दछौं।

**१५) महानगर साहित्य दर्पण अङ्क २**

**महानगर साहित्य दर्पण २०७८** प्रकाशन नै भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान गठनको रचनागर्भ हो भन्दा अतिउक्ति नहोला । प्रज्ञा–प्रतिष्ठानको मुखपत्रको रूपमा यसको निरन्तर प्रकाशनमा हामीहरू लागिपरेका छौं । आज बसेको दोस्रो प्राज्ञ सभाका सामग्रीसमेत समावेश गरी असारको पहिलो साता प्रकाशन गरिसक्ने हेतुले विषयवस्तु सकलन, सम्पादन र सेटिङका कामहरू भइरहेका छन्।

**१६) राज्यको भलो होस्**

नारायणगढका सामाजिक, साहित्यिक, संस्कृतिककर्मी प्रभातकुमार जोशीले प्रकाशमा ल्याउनु भएको **राज्यको भलो होस्** कविताकृति प्रकाशक प्रज्ञा-प्रतिष्ठानको ब्यानरमा प्रकाशित भएको छ। लेखक स्वयमको आफ्नै खर्चमा प्रकाशित कृतिलाई प्रज्ञा-प्रतिष्ठानको ऐतिहासिक प्रथम प्रकाशित कृतिको लेपन मात्र लगाउने जोशीको रहर पूरा गरेका हौं।

**१७) बैठक र विभागहरू**

प्रथम प्राज्ञसभापश्चात हालसम्म प्रज्ञा-प्रतिष्ठान, प्रज्ञा-परिषद्को बैठक २७ पटक बस्यो । प्रतिष्ठानका सबै कार्यक्रमहरू यसै परिषद्को सर्वसम्मत निर्णयका आधारमा तय भई सञ्चालन भएका हुन् । प्रज्ञा-प्रतिष्ठानका कामकारवाहीहरूलाई प्रभावकारी ढंगमा सञ्चालन गर्न विभिन्न समितिहरू पनि गठन गरिएका छन्।

जसअनुसार प्रज्ञा-परिषद्का सदस्यहरू केदारनाथ खनालको संयोजकत्वमा दर्शनशास्त्र/ समाज शास्त्र समिति, प्रकाश चापागाईको संयोजकत्वमा भाषा-साहित्य समिति र विष्णुदेवी तिवारी उषाको संयोकत्वमा कला-संस्कृति समिति गठन भइ परिचालन भएका छन् । हालसम्म दर्शनशास्त्र/ समाज शास्त्र समितिको १, भाषा-साहित्य समितिको २ र कला संस्कृति समितिको ६ वटा बैठक सम्पन्न भएका छन् । कला संस्कृति समितिको सक्रियतामा महानगरमा बहुउद्देश्यीय कलागृह निर्माणको लागि अवधारणापत्र तयार पारी प्रतिष्ठानका कुलपति तथा नगरप्रमुखलाई अनुरोध गरिएको छ । आशा गरौं महानगरको आगामी नीति तथा कार्यक्रममा हाम्रो पहलकदमीले सार्थकता पाउनेछ ।

**१८) साङ्गीतिक साझ २०८०**

विश्व सङ्गीत दिवसको अवसर पारी २०८० असार ६ गते नारायणी कला मन्दिर नारायणगढमा साङ्गीतिक साझ २०८० सम्पन्न भएको छ । प्रज्ञा प्रतिष्ठानको आयोजना तथा नारायणी कला मन्दिरको सह–आयोजना एवम् श्रुति सङ्गीत पाठशालाको सहकार्यमा आयोजित साँझमा अतिथि गायक जुनु रिजाल लगायत स्थानीय कलाकारहरूको प्रस्तुति रहेको थियो ।

**१९) प्रथम प्राज्ञा सभाले गरेका निर्णय कार्यान्वयन अवस्था**

प्रज्ञा-प्रतिष्ठानको गत २०७९ असार ५ गते सम्पन्न प्रथम प्राज्ञसभा बैठकले गरेका अधिकांश निर्णयहरू कार्यान्वयन भएका छन् । आगामी असार ६ गते विश्व सङ्गीत दिवसका अवसरमा साङ्गीतिक कार्यक्रम गर्ने तय भएको छ । प्राज्ञसभाले गरेका निर्णय कार्यान्वयन केही क्रमागत छन् भने केही आगामी दिनमा, दीर्घकालीनरूपमा सम्पादन गर्न सकिन्छ भन्नेमा आशावादी छौँ । महानगर भित्र रहेका साहित्यक संस्थाहरूको सूचीकरण गरी नियामक गर्ने, महानगर पुस्तकालय व्यवस्थापन, सामुदायिक पुस्तकालयलाई सहयोग, दीर्घ साधनामा रहनुभएका कला, साहित्य, संस्कृतिको क्षेत्रमा लागेर विशिष्ट पहिचान बनाउनु भएका स्रष्टाहरूलाई मानार्थ, विशिष्ट, आजीवन सदस्यता प्रदान गर्नेजस्ता निर्णयहरू अपेक्षाकृत पूरा गर्न सकिएन । नीतिगत अस्पष्टता, सीमित साधन स्रोत (रू ३० लाख) तथा जनशक्ति अभावका कारण पनि कतिपय कार्यक्रम हुनसकेनन् । आगामी दिनमा सम्मानित सभाका विद्वत प्राज्ञज्यूहरूको सल्लाह, सुझाव र विनियोजित बजेट सीमाभित्र रहेर मर्यादित कार्यक्रम सञ्चालन गर्ने छौँ भन्नेमा हामी विश्वस्त छौँ ।

**२०) दोस्रो प्राज्ञ सभा २०८०**

प्रज्ञा-प्रतिष्ठानको गरिमामय दोस्रो प्राज्ञसभा गत २०८० जेठ १७ गते महानगरपालिकाको सभाकक्षमा सम्पन्न भयो । प्रतिष्ठानका कुलपति तथा महानगरका प्रमुख रेनु दाहालको अध्यक्षतामा सम्पन्न सभामा प्रज्ञा प्राज्ञसभा सदस्यहरू भरतपुर महापालिकाका उपप्रमुख श्री चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत श्री नरेन्द्रकुमार राना, का.पा.सदस्यहरू विष्णुराज महतो, विष्णुबहादुर भुजेल, सिर्जना अधिकारी, नगर शिक्षा अधिकारी महेन्द्रप्रसाद पौड्याल, महानगरपालिकाका महाशाखा तथा शाखा प्रमुखहरूको समेत उपस्थितिमा सम्पन्न सभाले प्रस्तिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी सधन्यवाद अनुमोदन गरेको छ । सभाले देहाय बमोजिमका प्रस्ताव तथा निर्णय गर्दै कार्यान्वयनका लागि यथोचित बजेट व्यवस्थापनका लागि महानगरपालिकासमक्ष अनुरोध गरेको छ ।

**तपसिल**

१) **भरतपुर प्रज्ञा जर्नल, महानगर साहित्य दर्पण, महानगर वाङमय कोश** प्रकाशनलाई निरन्तरता दिन ।

२) राष्ट्रिय विभूति तथा प्रतिभाहरूको जन्म जयन्ती तथा महत्वपूर्ण दिवसहरूमा विविध साहित्यकि/ सांस्कृतिक/साङ्गीतिक कार्यक्रम सञ्चालन गर्न ।

३) प्रज्ञा-प्रतिष्ठानले स्थापना गरेका यस अधिका मानसम्मान तथा पुरस्कार प्रदान कार्यक्रमलाई निरन्तरता दिदैं राष्ट्रिय-अन्तराष्ट्रियरूपमा ख्याति कमाएका विश्वेश्वर प्र. कोइराला, पारिजात, कृष्ण सेन 'ईच्छुक'का नाममा पुरस्कार स्थापना गर्न ।

४) पाण्डुलिपि प्रोत्साहनलाई निरन्तरता दिदै प्रज्ञाप्रतिष्ठानले उपयुक्त ठानेका कुनै पनि साहित्यिक

कृतिका पाण्डुलिपिलाई प्रकाशन व्यवस्था मिलाउन। विश्वविद्यालयका आंगिक क्याम्पसहरूसित सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरूलाई महानगर भित्रका स्थानीय भाषा, कला, साहित्य, संस्कृतिसँग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्न।

५) शारदा श्रेष्ठ, खुसीराम पाख्रिनको स्मृतिमा जिल्लास्तरीय सांगीतिक कार्यक्रम सञ्चालन गर्न।

६) अन्तर्राष्ट्रियस्तरको साहित्यिक/साङ्गीतिक कार्यक्रम सञ्चालन गर्न।

७) स्थानीय साहित्यिक/सांस्कृतिक/सांगीतिक संस्थाहरू सितको सहकार्यमा विविध कार्यक्रमहरूमा सहकार्य गर्न।

८) प्रदेश, स्थानीय पालिका तथा संघीय सरकार एवम् नेपाल प्रज्ञा–प्रतिष्ठान लगायत सरोकारवाला संस्थाहरूसित समन्व र सहकार्य तथा साहित्यिक भ्रमण एवम् अवलोकन गर्न।

९) चित्रकला, मूर्तिकला आदि सम्बन्धी प्रदर्शनी, कला तथा सङ्गीत सम्बन्धी प्रतियोगितात्मक तथा कार्यशाला/प्रशिक्षणात्कम कार्यक्रम सञ्चालन गर्न।

१०) महानगर भित्र रहेका साहित्यक संस्थाहरूको सूचीकरण गर्न।

११) महानगरबासी साहित्यकारका साहित्यिक कृतिहरू निश्चित प्रति खरिद गरी प्रोत्साहन गर्न।

१२) भाषा, साहित्य, कला संस्कृति, सामाजिक शास्त्र, दर्शन शास्त्र, अनुवाद, स्थानीय कला संगीत, लोक साहित्य, बाल साहित्य, लोपोन्मुख भाषा, आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण, संरक्षण गर्न प्रोत्साहन गर्न विषयत समिति गठन गरी सक्रिय गराउन।

यसैगरी प्राज्ञसभाले महानगरवासी साहित्यकार/ कलाकारका साहित्यिक, सिर्जनात्मक कला कृतिहरूलाई स्थानीय पाठ्य सामाग्रीमा समावेश गराउन माग गर्दै महानगरका विभिन्न जात, जाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र संग्राहलय, महानगरस्तरीय कला गृह (आर्ट ग्यालरी) निर्माण गर्न सम्भाव्यता अध्ययन र डी.पी.आर. तयार पार्न अनुरोध गरेको छ। सभाले महानगरपालिकामा प्रज्ञा-प्रतिष्ठानको स्थान, मर्यादा, सेवा-सुविधा र छुट्टै जनशक्तिसहितको सचिवालयको व्यवस्था मिलाउन, महानगर पुस्तकालय स्थापना र सञ्चालन तथा महानगर क्षेत्रभित्रका सामुदायिक पुस्तकालय सञ्चालनार्थ प्रवर्द्धन गराउन पनि प्रसात पारित गरेको छ। यसैगरी सभाले महानगरको वार्षिक नीति तथा कार्यक्रम पुस्तिकामा नै प्रज्ञा-प्रतिष्ठानका कार्यक्रमहरू उल्लेख गरी शीर्षकगत बजेट व्यवस्थापनका लागि अनुरोध गरेको छ।

**२०) टुङ्ग्याउनी**

प्रज्ञाका कार्यक्रममा प्रत्यक्ष र परोक्षरूपमा सहयोग पुर्याउनुहुने सबै धन्यवादका पात्र हुनुहुन्छ। हामीलाई सिर्जनात्मक चेतबाट आलोचना गर्नुभएकाहरूलाई पनि हामी सम्मान गर्दछौं। भरतपुर महानगरपालिकाले भाषा- साहित्य, कला-संस्कृतिको उत्थानको लागि छुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरी हामीहरूलाई समेटेकोमा गौरव गर्दै समयानुकुल हाम्रा कार्यक्रम अझै मर्यादित बनाउनु हाम्रा लागि विभिन्न चुनौतीहरू रहेका छन्। सीमित साधन-स्रोतका बाबजुद पनि हामीले एककिसिमले स्वयमसेवी रूपमै भए पनि पक्कै केही राम्रै गरेका छौं तर यसैमा मखख पर्ने अवस्था भने छैन। अन्य स्थानीय पालिकाहरूले पनि प्रज्ञाप्रतिष्ठानको अभ्यास गरिरहेका छन्। यसको स्थापनासंगै आम साहित्य, कला, संस्कृति अनुरागीहरूको आकाङ्क्षा बढेका छन्। प्रज्ञाले केही गर्दै हुन्थ्यो भन्ने आकांक्षा हुनु अस्वभाविक पनि हैन। यस क्षेत्रमा लाग्नु भएका प्रतिभाहरूको आड र भरोसाको केन्द्र बनाउनु छ प्रज्ञा-प्रतिष्ठानलाई। विद्वत सभासद्ज्यूहरूको सल्लाह सुझाव, श्रद्धेय कुलपतिज्यूको अभिभावकत्व एवम् हौसलापूर्ण मार्गनिर्देशन, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा नगर शिक्षा अधिकारीज्यूको समन्वयमा सिङ्गो महानगरपालिकाको स्पष्ट नीति र कार्यक्रमले हाम्रा लक्ष्यहरूले सार्थकता पाउन सकोस् भन्ने कामना गर्दै यहाँहरूको सिर्जनात्मक सुझावको अपेक्षा गर्दछु।

卐

निबन्ध

# प्रकृति संरक्षण र कविता



भूपिन*

साहित्य जीवनभन्दा पर छैन। जीवनको अस्तित्व प्रकृतिभित्र भएकोले स्वाभाविक रूपमा साहित्य प्रकृतिको परिधिभन्दा बाहिर हुन सक्दैन । साहित्य उपयोगिताको सृजनात्मक यात्रा र प्रयोग हो। यसको बाटो जीवनबाट सुरू हुन्छ र जीवनमै पुगेर टुङगिन्छ । पच्चिस वर्ष अघिदेखि प्राकृतिक रूपमा सजाएको सुन्दर पोखराबाट सुरू भएको संरक्षण कविता आन्दोलनको आत्मा पनि यही हो । यो आन्दोलन संरक्षण र कवितालाई जोड्ने अत्यन्त नवीन र विशिष्ट नेपाली काव्य आन्दोलन हो।

वि.सं. २०५५ सालदेखि चलिरहेको संरक्षण कविता आन्दोलन संरक्षण चेतनासँग सम्बन्धित छ । गहिरो अर्थमा बुझ्दा संरक्षण अहिलेको दुनियाँको एक ठुलो भोक हो । यो दुनियामा संरक्षित हुनुपर्ने कतिपय चिजहरू डायनासोरझैँ विलुप्त हुने अवस्थामा पुगेका छन् । कतिपय चिजहरू संरक्षणको अभावमा मृत सागरमा हेलिँदै पुगेका निरीह माछाहरूझै भएका छन् । घडियालजस्तै सङ्कटमा परेका छन् । हालै नवलपुर पिप्रहरमा ह्याप्पी एफएमले आयोजना गरेको घडियाल काव्य उत्सव-२०८० ले संरक्षण विषयमा दुई दिने विचार महोत्सव गऱ्यो । मैले वातावरण विज्ञान र काव्य जोडेर गरेको गरिएको यस्तो विचार महोत्सवमा यसअघि नेपालमा कहीँ पनि देखेको सुनेको छैन। कहीँ भएको भए भाग लिन पाएको छैन । विज्ञानलाई कलासँग नजोडी एकेडेमिक कामहरूमा मात्र सीमित भैदिँदा ज्ञानका नयाँ आयामले मानिसहरूको मनमा जरा हाल्दैन। कलाले नै मानिसलाई गहिरोसँग प्रभावित पार्छ । तसर्थ संरक्षण चेतनालाई काव्यसँग जोडेर गरिएको घडियाल काव्य उत्सवमा मैले धेरै आनन्दको महसुस गरेँ।

संरक्षणको अभावमा प्रकृति खतरामा छ । जीवन खतरामा छ । संरक्षणको व्यवस्थापन गर्न नसकेर शान्ति खतरामा छ, राज्यहरू खतरामा छन्, सिमानाहरू खतरामा छन्। कतिपय आदिम जातजाति, चराचुरूङगी, वनस्पति, जनावर संस्कृति र मूल्यमान्यताहरू खतरामा छन् । लाग्छ, खतरा शब्दबाहेक यो दुनियामाँ अन्य धेरै शब्दहरू खतरामा छन्।

यी खतराहरूको चक्रव्यूहको रचनाकार मानिस स्वयम् भएको छ र आफैले निर्माण गरेको त्यही चक्रव्यूहमा फसेर मानिस असामयिक मृत्युको सजायँ भोगिरहेको छ । यो सुन्दर पृथ्वी विविधताको दिव्य सङ्गीत हो भने यो सङ्गीतमा सबैको जायज र सुन्दर अस्तित्वले समान रूपमा धुन भर्न पाउनु पर्छ । तर संरक्षणको अभावमा पृथ्वीको प्राणसमेत खतरामा छ । जीवन, प्रकृति र साहित्यको बिचमा तोड्न नसकिने अटुट सम्बन्ध हुन्छ। प्रकृति रहे जीवन रहन्छ, जीवन रहे साहित्य रहन्छ। निष्कर्ष प्रकृति रहेमात्र साहित्य रहन्छ। तर मानव क्रियाकलापहरूले प्रकृतिमाथि विध्वंशको युद्ध लड्दै छन् । जङगलहरूमाथिको निर्मम हस्तक्षेप, हिमालहरूमा ग्लोबल वार्मिङको घातक हमला र कृषिमा देखिएको नकारात्मक असर मात्र होइन उद्योगहरूबाट कार्वनमनोअक्साइडको अत्यधिक उत्सर्जनको कारण ओजोन तहमा परिरहेको छेद, कतै मरूभूमिकरण र कतै अस्वाभाविक भइरहेका बाढी प्रकोपका घटनाहरू पनि

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

प्रकृतिमाथि मानवीय व्यभिचारका उपजहरू नै हुन् । यी तमाम मानवीय क्रियाशीलताले इकोसिस्टममा भयानक असरहरू देखा पर्दछन् । अब साहित्यले कुरूपताको यो पाटोलाई पनि सम्बोधन गर्नुपर्छ । संरक्षण कविता आन्दोलनको स्पष्ट आसय पनि यही हो ।

आज विश्वमा संरक्षण चेतनाका क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सक्रियताहरू बाक्लै देखिन थालेका छन् । वातावरणीय संरक्षणको लागि ठुलो मात्रामा अर्थ प्रवाह भइरहेको छ । त्यो अझै निकै अपुग छ । भूतपूर्व अमेरिकी उपराष्ट्रपति अल गोर वातावरण संरक्षण अभियानमा लगेर सन् २००७ को प्रतिष्ठित नोबेल पुरस्कार प्राप्त गर्न सफल भए । उनले मौसम परिवर्तनसम्बन्धी चेतना जगाउने र त्यसमा सन्तुलन कायम गर्ने उपायहरूको बारेमा विश्वलाई जानकारी दिने प्रयास गरे । वातावरणीय अवस्थामा मानिसको प्रभाव र सुन्दर भविष्यको लागि मानवीय उत्तरदायित्व सम्बन्धमा लेखिएको उनको बेस्ट सेलिङ पुस्तक र त्यसमा आधारित रहेर बनेको डकुमेन्ट्रीले त्यही वर्ष ओस्कार अवार्डसमेत प्राप्त गरेको तथ्यले अल गोरको प्रकृतिप्रतिको प्रेमलाई दर्साउँछ । छिमेकी राष्ट्र भारतमा पनि यस प्रकृतिका निकै महत्त्वपूर्ण कामहरू भएका छन् । राजेन्द्र पचौरी,वन्दना शिव, बाबा सेवा सिंह पर्यावरणको क्षेत्रमा भारतले गर्व गर्ने नामहरू हुन् । सेवइलाल चौधरी हामीले गर्व गर्ने एक्लो नेपाली भएका छन् । हामी अन्य सेवइलालहरूको प्रतीक्षा गरिरहेछौं ।

भारतको राजधानी नयाँ दिल्लीमा सन् २०१० मा सम्पन्न "सार्क फेस्टिवल अफ् लिटरेचर'' को विषय र नारा पनि वातावरण, सहसम्बन्ध र साहित्य' थियो । मार्च २६ देखि २८ सम्म चलेको उक्त सम्मेलनमा वातावरण र साहित्यको सम्बन्धको विषयमा निकै महत्त्वपूर्ण र प्रभावशाली कार्यपत्रहरू प्रस्तुत गरिएका थिए। वातावरणविषयक कविता र कथाहरू वाचन गरिएका थिए। पर्यावरणीय संरक्षणमा विशिष्ट योगदान पुऱ्याएवापत सन्त बलविर सिंह सिचेवाल, बाबा सेवा सिंह र के.के. मुहमदलाई 'सार्क वातावरण पुरस्कार' प्रदान गरिएको थियो । उक्त अवधिभर मैले संरक्षण कविता आन्दोलन र त्यसको नेपाली साहित्यमा रहेको अर्थपूर्ण उपस्थितिलाई खुब सम्झेँ। नेपाली साहित्यमा त्यति विकसित हुन नसकेको पर्यावरणीय साहित्य लेखनमा यस आन्दोलनले पुऱ्याउन सक्ने सकारात्मक हस्तक्षेप सम्झेर म उत्तेजित बनेँ । अनि उक्त महत्त्वपूर्ण सम्मेलनमा नेपालको तर्फबाट कविता प्रस्तुत गर्नुअघि नेपालमा पनि विगत बाह्र वर्षदेखि यस्तो प्रकृतिको काव्यिक आन्दोलन चलिरहेको कुरा सगर्व सुनाएँ । हामीले सोच्यौँ, यो पृथ्वीमा मानिसका इच्छाहरू मात्र जायज छन् र ती मात्र अन्तिम हुन सक्छन् । मानवबाहेक अन्य प्राणी र पदार्थका इच्छाहरू गौण हुन् । त्रासदीको प्रारम्भिक बिन्दु यही हो । यही सोचाइको गर्भबाट विस्फोटित भएर प्रकृति घायल भएको छ । प्रकृतिमा आश्रित मानिस स्वयम् विरामी भएको छ । मानिस मात्रको दीर्घायुको भ्रममा हरित पृथ्वीको आयु घटाउने प्रतिस्पर्धामा लागेर हामीले महाविनासको गीतलाई आरतीझै श्राद्धपूर्वक गाइरहेछौ ।

प्रकृति त्यस्तो घाइते घोडा भएको छ जसको स्वतन्त्रताको लगाम समाएर हामीले त्यसउपर कोर्रा बर्साइरहेछौ । प्रकृतिमाथि हामीले अभद्र हिंसा गरिरहेछौ । अधिकांश मानवजाति र त्यसमा पनि विकसित र शक्तिसम्पन्न राष्ट्रहरू प्रकृतिमाथि अनवरत हिंसा गर्ने आतङककारी भएका छन् । त्यही आतङकको विचमा प्रकृतिको चित्कारमय गीत सुन्न सिङगो मानवजाति अभिशप्त भएको छ । विश्वप्रसिद्ध पपस्टार माइकल ज्याक्सनको लोकप्रिय गीत "अर्थ सङ"यही सन्देश बोकेको कारण साँचो अर्थमा पृथ्वीको गीत भएको छ । पप गीतको वर्चस्व रहेको नेपाली सङ्गीतमा फरक बाटो रोजी चितवनबाट फैलिएको स्याडोज ब्यान्कोड 'म हुँ प्रकृति' भन्ने रक गीत पनि यही अर्थमा महत्त्वपूर्ण लाग्छ । तर अब सङ्गीतले मात्र नभएर कला र साहित्यले पनि पृथ्वीको यो पीडालाई सम्बोधन गर्नुपर्छ । अन्य भाषामा आधा शताब्दीदेखि सुरू भैसकेको भनिएको पर्यावरणीय साहित्यले नेपाली भाषामा विकसित हुन पाउनु पर्छ । संरक्षण कविता आन्दोलनको क्रियाशीलता यही दिशामा

छ । तर यो मात्र आन्दोलनको सम्पूर्ण पाटो भने होइन ।

यस आन्दोलनलाई 'प्रकृतिविषयक आन्दोलन' मात्र मान्नु गलत हुन्छ । यसका अन्य आयामहरू पनि छन् । यो गाउँहरूको देशमा सञ्चालित गाउँमुखी आन्दोलन पनि हो । ग्रामीण बस्तीहरूको वर्चस्व रहेको यो मुलुकमा यस प्रकृतिको गाउँ केन्द्रित आन्दोलन अत्यन्त जरुरी र स्वाभाविक थियो । त्यसकारण यसलाई आवश्यकताले जन्माएको आन्दोलन पनि मान्न सकिन्छ । ग्रामीण बस्तीहरू रहेसम्म यसको सान्दर्भिकता समाप्त हुने सम्भावना नभएकोले यसको प्रभावकारिता लामो समयसम्म रहिरहने कुरामा विश्वस्त हुन सकिन्छ । हालसम्म यसले एघार जिल्लाका पचासवटा भन्दा गाउँहरूमा आफ्ना कार्यक्रमहरू प्रस्तुत गरिसकेको छ । गाउँ र प्रकृति अन्यन्त निकट पनि छन् । गाउँहरूमा प्राकृतिकता बढी छ, सहरमा त्यो लगभग गायब छ वा गायब हुँदै गइरहेको छ । गाउँमा अझै प्रकृति हाँस्छ, सहरमा त्यो रुन्छ । तर गाउँहरूमा संरक्षण चेतनाको सघनता सहरहरूमा झै छैन । जागरणको चेतना पनि सहरलाई भन्दा गाउँलाई बढी आवश्यक छ । यसर्थ पनि गाउँलाई आन्दोलनको केन्द्र मान्नु यस आन्दोलनको सहरप्रतिको पूर्वाग्रह नभै बाध्यता बनेको छ ।

गाउँमा सीमान्त पीडितहरू बस्दछन् । भर्खरै भर्खरै केन्द्रीकरणलाई असफल ठानेर सङ्घीयताको अभ्यास थाल्न सुरू गरेको यो मुलुकमा अझै पनि सिटामोल नपाएर सखाप हुने गाउँहरू छन् । पार्टी कार्यालयदेखि सिंहदरबारसम्मको पुल निर्माणमा मात्रै ध्यान दिने सरकारको चरम बेवास्ताको कारण पुलबिनाका कर्णालीहरूमा तुइन तर्दा खसेर मर्ने थुप्रै गाउँलेहरू गाउँमै बस्छन् । यस भीषण परिदृश्यलाई नजिकैबाट नियाल्न र त्यसलाई ताजगीसाथ साहित्यमा उतार्न यो आन्दोलन बलशाली माध्यम बन्न सक्छ । हुन त यसको अनुपस्थितिमा पनि गाउँका दुःखका कथाहरूले स्थान नपाएका होइनन्, तर यो आन्दोलनले त्यसलाई अझ बढी व्यवस्थित र सङ्गठित रूपमा साहित्यिक गरिमा प्रदान गर्ने छ ।

卐

कविता

# निष्ठा



शिवहरि पण्डित
भरतपुर-७, चितवन

जगत सबमा पाप बढे छ
कुलत तिर को ध्यान गए छ
कुलत लत ले मौन छ शान्ति
अधिक नर मा भो मन भ्रान्ति ।

कुरुप रुप यो लौन सपार
विलिन किन भो प्रेम पुकार
सरिफ किन हो, छैन खुलासा
अब त कुल को भो त निरासा ।

पतित किन भो, पावन अल्झ्यो
कुलत जग मा,क्रोधन बल्झ्यो
कुलत रुपले भङ्ग बिगार्यो
ललित लय को रङ्ग बिगार्यो ।

नरक सरि नै बादल कालो
बिरुप रूपको शोषण जालो
सकस सबमा छाइरहे छ
बिपत किन हो आइरहेछ ।

अमर धन हो धर्म प्रतिष्ठा
भुवन जन को कर्म र निष्ठा
सत त बन है पावन हौन
अब त दुनिया, सोचन लौन ।

卐

थारु कथा

# परीनाम



मनोज थारु “अज्ञात”

- ‘एक गाउँमा दुगो पलिवार रहलई ना !’
- ‘हजी हँ ।’
- ‘हुन्का ओरसिया पोरसिया रहलई । उहे दु पलिवरवा मधेक यगुठि घरवाक मलिकावा यरबक जगिरदार रहलिय, गउँवैक वियाह कइले रहलिय ।’
- ‘हजी हउ ।’
- ‘हसे दोसरी घरवाक मलिकावा किसान रहलिय । चितोनिया किसानावक ससुरारी ललपुर रहलई ।’
- ‘हउ ।’
- ‘हुन्कर छोकनियाह बराबोरी कक्षियामा पढई रहलई ना !’
- ‘हजी हँ ।’
- ‘त छोकनियाह बराबोरी कक्षियामा पढई त रहलई मने रिजेल्टावामा बराबोरी नमर हइने यनई रहलई । जखनी फेनी किसनावैक बेटवा बेटियाह पढाईमा जितई रहलई ।’
- ‘हजी हँ ।’
- ‘त इहे कारन से यरबावा वालिक जनियावक मनवामा चिन्ता पटलई । हसे झोकाके यापन मरदावाके फोन कैलिय ।’
- ‘हैलो बुढवा । हलो सुनई बणही ?’
- ‘हलो गँउहरनी । बेटवा कथि भेलिय, याजु रिजेल्ट हइने हुन्कर ?’
- ‘कथि कहके तउँ ! मुर्दावा दशवा लई फेनि हैने भेलिहे ।’
- ‘ओतेक खरच करके बोणिङ पढाके कथि काम तउँ! गलवामा चणका देही न कुलङरा के ।’
- ‘हउँ त, तोई यरबमा पसेना बहाउल कामे हइने लगलउ । इहे मुरदावाक जरिए ।’
- ‘कहवा गेलिय तउँ कुलङरा ? धुस देही नही । बाप महतारीक दुख हइने बुझसिय मरसिय ।’
- ‘यहवही त बणिय मुर्दावा, गोङरा ।’
- ‘ओकरके याबेसे घरवासे बहरा निस्कके कटकटउवा बन करसी । पढके मतरे लगोसी ।’
- ‘पढबिय, इहे मुर्दावा ! खल्ली मोबेलवामा काटुन हेरबिय, ग्याम खेलेबिय, पढके त हरहरे बणई । उव पोर्स्यान ललपुरनीक बेटवा बेटियाह यवरे पढाह । जहिया फेनी पहिला हसई । हमार इहे मुर्दावा गोङार यौतरल काही ।’
- ‘लो लो गँउहरनी, ओकरके इचिका हेरठोर कइसी । मोर डिपटीक जुन भेलउ । साँझा मोई फोन कइबही । लो बाई हौं ।’
- ‘लो बाई बुढवा, पैसावा हलहली पठोइहे ।’

बपवा महतरियाक फोनवाक बातवा सुनई रहलिय, कक्षा पाँचक बहिदरवा, हुन्कर बेटवा, डिलिया ।

- ‘मुर्दावा पढे बैठ । याबेसे मोबाइल, टिभी जम्मे कटकटउवा बन । पढके छाणके बहरा गेल थाह पउबसु न मतरे, मारिए देबसु । याबेक जँचवामा पोरस्यान ललपुरनीक बेटियाके झिन जितसी न मतरे !’- कहते डिलियाक महतरिया टिकटक हेरते घरवासे बहरेसिय । डिलिया कितबावा ओरी हथवा लम्कोसिय । हसे पढे बेठसिय ।

- 'अ ललपुरनी, ले हेर ता ! बेटवा बेटियानके तहिया कथि यान देले बणसु मोइ !'
- 'कथी जे किसुना क बाबा ?'
- 'किसुनी क बाप फेनि त हलही । बरु दुनहुजनक बाबा कहे नाही बन्तई, सोझ्के बुढवा कहिहे न ।'

किसुना हसे किसुनी यापन बपवाक बतवा सुनई रहलई । बाबा कथि यान देले बणिय ! खुलदुली सँङही बपवाक यागा ठढेलई । ललपुरनी यापन बेटवा बेटियाके मयगर टेणे हेरसिय ।

- 'लो हेर ता बेटी तोरके एक दर्जन सिसाकलम हसे कापी, ओसने तोर भयवाक तहिया फेनि यानि देले बणही बराबोरी जे ।' कहते दुनहु जनके लाडप्यारसे बधाई देसिय हसे दुनहु बेटवा बेटियाके यापन छातियामा टसोसिय । उव फेरी कहसिय - 'बेटा बेटीह तोहरा याको मिहिनेत करिह । मोइ नाही कहबउह पहिला मतरे हखिह मने यसल मनसे हखिह । हसे यापन डहुल ठौरा बनोइह । दोसर जनक देल ठौरासे यपनहि बनाउल ठउरा दमगर रहसउह । यगुठ याको बात ध्यान दे के सुनह । हसे बुझ्ले रहिह कि पढलाहरक तहिया नमरावा मतरे जबणे बात हइने हलउह । कितबावाक पढईया मतरे ककरो भविसिया निर्धारण नाही करे सकबियह, सफल मन्से बनना दोसरो तौरतरिका फेनि हसउह ।' हुन्कर बाबाक बतवा ओरेतेक तुरुन्ते हुन्कर दावो बेटवा बेटियानके परेमसे कोरवामा समेटसिय । किसुना हसे किसुनी यापन बाबाक बतवा कतहर बुझ्लई केजनी । मने डहुलसे पढले जउ माया, उपहार हसे स्कुलवासे यबिर माहे लिलरावा रङावे पवेसई कहके बुझ्लई । किसुना किसुनी दुनहु खाभे गगसलई । सिसाकलम, कापी बोकले खोकवामा पढे बेठलई । ललपुरनी हसे चितोनियावा मकाई बोए खेतओरी जेसई ।

दिनवा खाभे दगुरलिय । महिनावा फेनि खुभे दगुरलिय । याखिरी पकणलिय । महिनावा फेनि खुभे दगुरलिय । याखिरी परिनाम पकणलिय । तिनहु बबुवा बबुईन क याखिरी रिजेल्ट यलई जे । हखके कथि भेलई जे ! उहे त भेल हतई जथी यपनहुसभ सोचई हखबहुँ । किसुना यापन कक्षावासे खाभे परगति करले हखबिय ! किसुनी यापन कक्षावासे पहिला भेल हखबिय ! डिलिया पहिला भेले नाही हखबिय या फेल भेल हखबिय ! अह ओसहन बात हइनो । यापन कक्षावामा डिलिया पहिला भेलिय । उहे जे घोकन्ते विधिया । याबे किसुना, किसुनी कथि भेलई कहके जिज्ञासा जगई हतई ! किसुना ए प्लस यनलिय बकि पहिला हइने भेलिय । किसुनी फेनि ए प्लस यनलिय, उहो पहिला हइने भेलिय । यकर मतलब उव दोसरा भेलिय ! हइनो । उव तिसरा भेलिय ।

ललपुरनीक जनियावा मरदावा यापन बेटवा बेटियनके ओसने लाडप्यारसे डहुल वातावरण देके पढोसई ।

यरब जगिरदरवाक जनीयावा मरदावा डिलियाके याको बरियार जन्जिरमा जकणके पढोसई ।

दिनवाह; महिनावाह गहनी जोरसे धरुकसई, वरष पकणसई । वरषावा फेनि झ्न खु जोरसे धरुकसिय, जीनगी जियना कला या काल पकणसई । तिनहु बहिदरावा बहिदरनीक जियना कला हसे काल जे । जवान किसुना, किसुनी हसे डिलियाक हथवामा डिगरी यलई । मनवा मनावा कहई हखबह हुन्का बबाले करतई याबे । हथवामा डिगरी भेले जउ बबाल हइनो कमाल करे परलई । कसहन कमाल? फेनि जिज्ञासा पल्हेलई ? स्वभाविक हलई । डिलिया डहुल डगधर? ..., इन्जिनियर ? ..., बेपारी? ..., बेङ्कर ? ... अह ! हइनो । डिलिया जम्मे हाकिमक सवालजवाफमा फेल हसिय हसे याखिरीमा यरब जेसिय । किसुना सफल इन्जिनियर हसे किसुनी असल डगधर बनसई । इ कथवाक इतुरे बेथा । लो इतुरे काथा इतुरे बेथा । कहलहराक काठक माला सुनलहराक सोनक माला, बोल भैया राम राम ।

समीक्षा

# स्थानीय सरकार, सुशासन र युवाको भूमिका



महेन्द्र पौड्याल*

## पृष्ठभूमि

नेपालको संविधानले सङ्घीय शासन प्रणालीमा तीन तहको सरकारको व्यवस्था गरेको छः सङ्घीय, प्रादेशिक र स्थानीय । यी तीन तहका सरकारको सम्बन्ध सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित हुने कुरा संविधानले स्पष्ट गरेको छ । संविधानको अनुसूची-५ देखि ९ सम्म तीनै तहका सरकारका एकल र साझा अधिकार तोकिएको छ (नेपाल सरकार, २०७२) । जसअनुसार मूलतः सङ्घीय सरकार नीति निर्माण र केन्द्रीय स्तरका आयोजना कार्यान्वयनका कार्यमा संलग्न हुने देखिन्छ भने प्रदेश सरकारको प्रदेश स्तरका नीति निर्माण र समन्वयकारी भूमिका रहने देखिन्छ । स्थानीय सरकार जनतासँग प्रत्यक्ष रूपमा सम्पर्कमा रही सेवा प्रवाह कार्यमा संलग्न हुनपर्ने देखिन्छ । यद्यपि तीनै तहका सरकार कार्य क्षेत्रका दृष्टिले आफैंमा स्वतन्त्र अधिकार सम्पन्न सरकार भएका कारण एउटा सिङ्गो सरकारले सम्पादन गर्ने नीति निर्माणदेखि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनसम्मका सम्पूर्ण कार्य गर्नपर्ने दायित्व र जिम्मेवारी सबै तहका सरकारमा रहेको छ । यसै संवैधानिक प्रवाधानअनुसार विगत एक वर्षको अवधिमा तीनवटै तहको निर्वाचन सम्पन्न भई सबै तहमा सरकार गठन भइसकेका छन् । सङ्घीय शासन व्यवस्थाअनुरूप गठन भएका यिनै सरकारबाट सुशासन र आर्थिक समृद्धि हासिल भई गरिबी र कुशासनबाट मुक्ति पाउने आम जनताको अपेक्षा रहेको छ । हाम्रो संविधानले स्थानीय सरकारमार्फत् प्रत्यक्ष रूपमा जनताका दैनिक जीवनसँग सम्बन्धित सेवाहरू घरदैलोबाट प्रदान गर्ने गरी सेवा प्रवाहको बिन्दु वडा स्तरमा पुऱ्याएको छ । यसले जनताको प्रत्यक्ष सरोकार अरू दुई तहका सरकारका तुलनामा स्थानीय सरकारसँग बढी रहेको स्पष्ट हुन्छ । जनतालाई आधारभूत सेवा प्रवाहका साथै शासनमा सहभागिताको अनुभूति दिलाउने बिन्दुमा स्थानीय सरकार नै रहेको हुँदा सङ्घीय शासन प्रणालीको सफलता धेरै हदसम्म स्थानीय तहका सरकारका कार्यशैली र कामकारबाहीमा निर्भर हुने देखिन्छ ।

## सरकारका कार्यक्षेत्रमा युवा

युवा भनेका कुनै पनि देश र समाजका ऊर्जाशील, जोश जाँगर र निर्णय क्षमताले युक्त मानवस्रोत हुन् । आज संसारका विकसित राष्ट्रको सूचीमा रहेका देशहरूले कुनै न कुनै रूपमा आफ्नो देशको युवा शक्तिलाई उपयोग गरेर विकासमा फड्को मारेको पाइन्छ । संसारका महत्त्वपूर्ण परिवर्तनहरूमा युवाको ठुलो योगदान रहेको पाइन्छ । नेपालको सन्दर्भमा हेर्दा नीतिगत रूपमा संविधानलगायत ऐन कानुन तथा नीति र योजनाहरूमा युवा विकास र सहभागिताका विषयहरू कुनै न कुनै रूपमा समावेश भएको पाइन्छ । नेपालको संविधानको भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा-(५१) राज्यका नीतिहरूमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने,

* नगर शिक्षा अधिकारी - भरतपुर महानगरपालिका ।

युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरी राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने कुरा उल्लेख छ(नेपाल सरकार, २०७२)।

युवाको हकहितको संरक्षण र संवर्द्धनका लागि युवासम्बन्धी विषयको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवालाई संलग्न गराई मूल प्रवाहीकरण गर्ने उद्देश्यले जारी भएको राष्ट्रिय युवा परिषद् ऐन, २०७२ (युवा तथा खेलकुद मन्त्रालय, २०७२) मा राष्ट्रिय युवा परिषद्का काम, कर्तव्य र अधिकारमा युवासम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी स्वीकृतिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने, स्वीकृत नीतिबमोजिम योजना तर्जुमा, कार्यान्वयन गर्ने, युवालाई विकास निर्माण र समाजसेवाका क्षेत्रमा स्वयंसेवाका लागि उत्प्रेरित गर्ने, युवा विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरणसम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने जस्ता जिम्मेवारी प्रदान गरिएको छ।

राष्ट्रिय युवा नीति, २०७२ ले नेपालको संविधान, २०७२ को भावना र राष्ट्रिय युवा परिषद् ऐनको सापेक्षतामा युवाको सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासमा जोड दिएको छ। साथै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाको भूमिका र अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउने लक्ष्य लिएको छ (युवा तथा खेलकुद मन्त्रालय, २०७२)।

राष्ट्रिय युवा नीति कार्यान्वयनका लागि तयार पारिएको युथ भिजन-२०२५(Youth Vision-2025) ले युवाको विकासका लागि निम्नलिखित पाँच आधारस्तम्भ पहिचान गरी सोहीअनुसार रणनीतिक कार्यक्रमहरू निर्धारण गरेको छ (युवा तथा खेलकुद मन्त्रालय, २०७२):

- गुणस्तरीय र व्यावसायिक शिक्षा,
- रोजगारी, उद्यमशीलता र सिप विकास,
- स्वास्थ्य र सामाजिक सुरक्षा,
- युवा परिचालन, सहभागिता र नेतृत्व विकास,
- खेलकुद र मनोरञ्जन।

त्यसै गरी नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा युवा तथा खेलकुद मन्त्रालयको कार्यक्षेत्रमा युवासम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, युवा जागरण तथा विकासका कार्य गर्न तोकिएको छ (नेपाल सरकार, २०७४)।

पन्ध्रौँ योजनाले स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, अधिकारप्रति सचेत र कर्तव्य प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने लक्ष्य लिएको छ। सोका लागि युवाको क्षमता विकास गर्ने; उद्यमशील, स्वरोजगार र चरित्रवान् बनाउँदै शासकीय एवम् सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्ने उद्देश्य लिएको छ (राष्ट्रिय योजना आयोग, २०७६)।

त्यसै गरी प्रदेश सरकारअन्तर्गत रहने सामाजिक विकास मन्त्रालयको कार्यविवरणमा युवासम्बन्धी निम्नलिखित जिम्मेवारी उल्लेख गरिएको छः

- युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- युवा वैज्ञानिक प्रोत्साहन,
- प्रदेशभित्र रोजगारी प्रवर्द्धनसम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय,
- श्रमशक्ति, श्रमबजारसम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना तर्जुमा गर्ने।

स्थानीय सरकारको कार्यक्षेत्रमा युवासम्बन्धी जिम्मेवारी अध्ययन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (५) मा "गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषयविज्ञ, अनुभवी पेसाविद् सीमान्तकृत तथा लोपोन्मुख समुदाय, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत सरोकारवालाहरूको

अधिकतम सहभागितामा गर्नु पर्ने छ" भन्ने उल्लेख छ।

यसै गरी नेपाल सरकारद्वारा तयार पारिएको सबै तहका सरकारको कार्य विस्तृतीकरण, २०७४ को युवा क्षेत्रअन्तर्गत स्थानीय सरकारको युवासम्बन्धी कार्यमा सङ्क्षिप्त तर महत्त्वपूर्ण विषय समावेश गरिएको पाइन्छ। उक्त कार्यविस्तृतीकरणमा स्थानीय सरकारका निम्नलिखित कार्य तोकिएको छः

- स्थानीयस्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन,
- स्थानीय स्तरमा युवा सिप, उद्यमशीलता तथा नेतृत्व विकासका कार्य।

यसप्रकार संविधान, ऐन कानुन र नीति तथा योजनादेखि प्रदेश र स्थानीय तहका सरकारका कार्यक्षेत्रमा युवा विकास र सहभागिताका बारेमा कुनै न कुनै किसिमले धरै थोरै उल्लेख भएको पाइन्छ। खास गरी जनतासँग निकटमा रहेको स्थानीय सरकारको कार्यक्षेत्रमा युवा जागरण, सशक्तीकरण, नेतृत्व विकास, युवा परिचालनका साथै युवामा सिप विकास र उद्यमशीलता विकासका कार्यहरू समावेश हुनुले युवा विकासमा स्थानीय सरकारलाई पर्याप्त जिम्मेवारी प्रदान गरिएको पाइन्छ। तर व्यवहारमा भने युवाको विकास र सहभागिताका विषयलाई धेरैजसो स्थानीय सरकारले प्राथमिकतामा राखेको पाइँदैन।

कुल जनसङ्ख्याको ४१ प्रतिशत युवाको जनसङ्ख्या हुनु जनसाङ्ख्यिक बनावटको दृष्टिले महत्त्वपूर्ण अवसर मानिन्छ। साथै गत वर्ष सम्पन्न स्थानीय तहको निर्वाचनमा स्थानीय तहमा ठुलो सङ्ख्यामा युवाहरू जनप्रतिनिधिमा निर्वाचित भएको अवस्था छ। यसबाट तीनै तहका सरकार र खास गरी स्थानीय सरकारसामु शासन सञ्चालन तथा नीति निर्माण, कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा युवाको अर्थपूर्ण सहभागिताको वातावरण निर्माण गर्दै युवा जनशक्तिलाई उत्पादनमूलक कार्यमा जोड्न योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सक्नु पर्दछ। आफ्नो गाउँपालिका, नगरपालिका क्षेत्रका युवाको रोजगारीको अवस्था, स्थानीय स्तरमा उपलब्ध स्रोतसाधन र कच्चा पदार्थ, स्थानीय आवश्यकता, बजारको व्यवस्था, दिगोपना र वातावरणीय प्रभाव आदिको लेखाजोखा गरी दिगो विकास लक्ष्यसँग तालमेल हुने गरी स्थानीय विकासका प्राथमिकता निर्धारण गर्न सक्नु पर्दछ। साथै युवामैत्री नीति र कार्यक्रम निर्माण र युवामा लगानी अभिवृद्धि गरिनु पर्दछ। वैदेशिक रोजगारबाट फर्केका युवाको सिप, अनुभव र कमाइलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने गरी लगानी र उद्यमीमैत्री नीति अवलम्बन गरिनु पर्दछ। त्यसो भएमा मात्र कृषि, पर्यटन, स्थानीय कच्चा पदार्थमा आधारित उद्यममार्फत रोजगार, स्वरोजगारका अवसर सिर्जना हुन गई युवाले आफ्नै माटोमा रमाउने अवस्था सिर्जना हुनेछ। हाम्रा उर्वर जमिन बाँझै रहने छैनन्। तर सुशासनको अभावमा युवालाई स्वदेशका सम्भावना र अवसरप्रति आशावादी बनाउन सकिने छैन।

**स्थानीय सरकार र सुशासन**

जनचाहनाअनुसार पारदर्शी, जवाफदेही र समावेशी किसिमले सरकारका कामकारबाही सञ्चालन भएको अवस्थालाई सुशासन भन्ने गरिन्छ। सामान्यतया सुशासनका तत्त्वहरूमा विधिको शासन, पारदर्शिता, जवाफदेहिता, सहमति उन्मुख, समता र समावेशिता, प्रभावकारिता र दक्षता, उत्तरदायित्व र सहभागिताजस्ता विषयहरू समावेश गरिएको पाइन्छ। उल्लिखित तत्त्वहरूको पालनाबाट मात्र कुनै पनि सरकारले सुशासनको प्रत्याभूति गर्न सक्दछ। सुशासन केवल बोल्न र विरोध गर्न पाउने अधिकारसँग मात्र सीमित हुँदैन, जनताका आधारभूत आवश्यकता परिपूर्तिसँग पनि सुशासन जोडिएको हुन्छ। यसको अभीष्ट भनेको विधिको शासनमार्फत् समृद्ध र सुखी समाज निर्माण र अमनचैन कायम गर्नु हो। यी कुराहरूको परिपालनाका लागि सरकार अर्थात् शासन सञ्चालकलाई घचघच्याउने, खबरदारी गर्ने र गलत कार्यको विरोध गर्ने सामर्थ्य मूलतः युवामा रहेको हुन्छ।

त्यसैले स्थानीय तहमा सुशासन प्रवर्द्धनमा स्थानीय

सरकारका साथै युवाको ज्यादै महत्त्वपूर्ण भूमिका रहन्छ। युवाको संलग्नता र निगरानीबिना स्थानीय सरकारका कामकारबाही पारदर्शी, जनउत्तरदायी र जनआकाङ्क्षा सम्बोधन गर्नेतर्फ उन्मुख हुन नसक्ने जोखिम रहन्छ। स्थानीय सरकारलाई सुशासन कायम राख्न सहयोग गर्ने र बाध्य पार्ने दुवै कुराको सामर्थ्य युवाले नै राख्दछन् भन्दा अत्युक्ति नहोला। यसोभन्दा स्वाभाविक रूपमा जिज्ञासा उठ्न सक्छ सुशासन प्रवर्धनका लागि युवाले कसरी भूमिका खेल्न सक्छन् त ?

**सुशासन प्रवर्धनमा युवाको भूमिका**

हिजोआज हामीले विभिन्न सञ्चारमाध्यमबाट स्थानीय तहका जनप्रतिनिधिहरूले स्थानीय तहमा आएको बजेटबाट धेरैजसो गाउँपालिका र नगरपालिकामा जनसहभागितामा विकास निर्माणका कामले गति लिएको; शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढेको र उपलब्धि हासिल भएका समाचार सुन्न र पढ्न पाएका छौँ भने कतिपय स्थानीय तहमा जनप्रतिनिधिका निर्णयहरू र कामकारबाही पारदर्शी नभएका समाचार पनि पढ्ने र सुन्ने गरेका छौँ। यस्ता कार्यले देशमा सुशासन संस्थागत हुन दिँदैनन्। त्यसैले पनि स्थानीय सरकारलाई सुशासनको बाटोमा हिँडाउन युवाको सक्रिय र रचनात्मक भूमिका आवश्क हुन आउँछ।

युवाहरू स्वभावैले जोस जाँगर, उर्जा, नयाँ सोच युक्त र प्रविधि प्रयोगमा अब्बल हुन्छन्। उनीहरू निडर हुनुका साथै प्रश्न उठाउन सक्ने र निर्णय क्षमताले युक्त हुन्छन्। गलत कार्यको विरोध र असल निर्णयहरूको समर्थन गर्ने सहास र प्रवृत्ति हुन्छ। तसर्थ स्थानीय तहमा सुशासन प्रवर्धनका लागि युवाले निम्नानुसार भूमिका खेल्न सक्छन्ः

- स्थानीय सरकारले निर्माण गर्ने कानुनको तर्जुमामा सक्रिय रुपमा सहभागी भई समावेशी बनाउन सल्लाह सुझाव प्रदान गर्ने,
- स्थानीय सरकारका निर्णयहरू पारदर्शी बनाउन आवाज उठाउने,
- सूचनाको हकसम्बन्धी ऐन, नियमको पालना गर्न सरकारलाई खबरदारी गर्ने अभियान सञ्चालन गर्ने,
- सूचनाको हकको उपयोग गरी स्थानीय सरकारको आय-व्यय र खर्च कहाँ कहाँ, कुन निर्णयबाट, कुन प्रक्रियाबाट गरियो र त्यसको उपलब्धि के भयो भन्ने सूचना नियमित रूपमा सार्वजनिक गर्न माग गर्ने,
- अनियमितता भए गरेको पाइएमा कानुनी कारबाहीको दायरामा ल्याउन नागरिककातर्फबाट दबाब सिर्जना गर्ने,
- राम्रो काम गर्ने जनप्रतिनिधि र कर्मचारीलाई सम्मान गर्ने,
- कुनै योजना, परियोजना तथा कार्यक्रम निर्धारित समयमा तोकिएको मापदण्डअनुरूप भए नभएको अनुगमन गरी खबरदारी गर्ने,
- विपद् व्यवस्थापनमा स्वयम्‌सेवकका रूपमा जनतालाई सेवा पुऱ्याउने,
- छुवाछत, बोक्सी, छाउपडी, देउकी प्रथा, बालविबाह, दाइजोजस्ता सामाजिक कुरीति, कुसंस्कारका विरूद्ध जनचेतना जगाउने खालका अभियान सञ्चालन गर्ने,
- लागू पदार्थको दूर्व्यसनबाट टाढा रहने र त्यस विरूद्ध युवा जागरण कार्यक्रम सञ्चालन गर्ने,
- पछि परेका निमुखा वर्गको हित संरक्षण र सहभागिताका लागि आवाज उठाउने,
- समाजमा कसैलाई पनि जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, अपाङ्गता आदिका आधारमा भेदभाव नगर्ने र हुन नदिने,
- दिगो विकास लक्ष्य (SDG) का लक्ष्य र खास गरी युवा सम्बद्ध लक्ष्यलाई स्थानीय योजना र कार्यक्रममा मूलप्रवाहीकरण गरी कार्यान्वयनका लागि पैरवी गर्ने र कार्यान्वयनमा संलग्न हुने,
- वन, वन्यजन्तु र वातावरण संरक्षणका लागि युवा क्लबमार्फत कार्य गर्ने,

- सार्वजनिक सम्पत्तिको संरक्षणमा निगरानी र सहयोग गर्ने,
- महामारी वा विपद्‌का समयमा विद्यालय, स्वास्थ्य संस्था तथा अन्य प्रशासनिक सेवा प्रवाह गर्ने बिन्दुमा स्वयंसेवकका रूपमा कार्य गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग गर्ने,
- युवा क्लव गठन गरी सार्वजनिक तथा धार्मिक स्थलहरू जस्तै, बाटाघाटा, मठमन्दिर, पाटीपौवा, अस्पतालआदिको सरसफाइमा स्वयम्‌सेवा गर्ने,
- आफ्नो गाउँपालिका, नगरपालिकाभित्र जमिन बाँझो नराख्ने गरी एक गाउँ एक उत्पादनको अभियानका लागि कार्यक्रम तथा बजेट विनियोजनका लागि स्थानीय सरकारलाई दबाब दिने,
- स्थानीय सरकारसँग समन्वय गरी विभिन्न दिवसहरू जस्तै, राष्ट्रिय दिवस, वातावरण दिवस, अन्तर्राष्ट्रिय युवा दिवस, HIV/AIDS दिवस, मानसिक स्वास्थ्य दिवस, नारी दिवस, भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय दिवस, श्रमिक दिवस आदि दिवसहरू युवाको नेतृत्व र व्यापक सहभागितामा जागरणमूलक र रचनात्मक कार्यक्रमका साथ मनाउने।

उल्लिखित कार्यहरू स्थानीय सरकारसँगको समन्वयमा र सहकार्यमा व्यवहारमा ल्याउन स्थानीय तहका जनप्रतिनिधि र युवाले सकारात्मक सोचका साथ पहल गर्न सके देशले चाहेको सुशासन र समृद्धिको आकाङ्क्षा साकार पार्न धेरै हदसम्म सहयोग पुग्नेछ । जनसङ्ख्यामा ठुलो हिस्सा युवाको रहनु र गत वर्ष सम्पन्न स्थानीय तहको निर्वाचनमा ठुलो सङ्ख्यामा युवाहरू निर्वाचित भएको हुँदा स्थानीय सरकारलाई युवामैत्री बनाउन सकिने ठुलो अवसर हाम्रा सामु छ । साथै राष्ट्रिय युवा नीति, युथ भिजन-२०२५ र प्रदेश युवा नीतिहरू तर्जुमा हुनु र नेपाली युवाहरू सूचना तथा सञ्चार प्रविधि र प्राविधिक शिक्षा हासिल गरी अन्तर्राष्ट्रिय स्तरमा समेत प्रतिस्पर्धा गर्न सक्ने क्षमता राख्नुले युवाहरूको साथ लिएर सरकारले सेवा प्रवाहमा र विकास कार्यमा पारदर्शी, जवाफदेही बनी युवालाई स्वयम्‌सेवा, वातावरण संरक्षण, सरसफाइ अभियानलगायत दिगो विकास लक्ष्यको स्थानीयकरण र सामाजिक सुधारका कार्यमा सक्रिय रूपमा संलग्न गराउने अवसरलाई स्थानीय सरकारले विशेष प्राथमिकता दिनेछन् भन्ने अपेक्षा गर्न सकिन्छ ।

निष्कर्षमा भन्नपर्दा स्वावलम्बी, सकारात्मक सोचयुक्त र उद्यमी युवाले मात्र सुशासन प्रवर्द्धनका लागि योगदान गर्न सक्छन् । त्यसैले स्थानीय तहमा सुशासन र आर्थिक समृद्धिका लागि सबैभन्दा बलियो आधार भनेको विकास निर्माण र सेवा प्रवाहमा युवाको सार्थक संलग्नता, निगरानी र युवामा सकारात्मक सोचको विकास नै हो भन्न सकिन्छ ।

**सन्दर्भ ग्रन्थ**

नेपाल सरकार (२०७२) । नेपालको संविधान, २०७२। काठमाडौँः नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग । पन्ध्रौँ योजना(२०७६/०७७–२०८०/८१) । काठमाडौँः राष्ट्रिय योजना आयोग ।

युवा तथा खेलकुद मन्त्रालय (२०७२)। राष्ट्रिय युवा नीति, २०७२। काठमाडौँः युवा तथा खेलकुद मन्त्रालय।

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय(२०७२)। युथ भिजन–२०२५, २०७२। काठमाडौँः युवा तथा खेलकुद मन्त्रालय ।

नेपाल सरकार(२०७४)।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ । काठमाडौः सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

नेपाल सरकार (२०७४) । नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ । काठमाडौः प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय ।

नेपाल सरकार(२०७४) । नेपाल सरकार कार्यविस्तृतीकरण, २०७४। काठमाडौः प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय ।

卐

समालोचना

# अन्य काव्य तत्त्वसँग रीतिको सम्बन्ध : एक परिचर्चा



रञ्जना लामिछाने*

साहित्यिक कृतिमा अभिव्यक्त गरिने भाषाले जुन गति लिएको हुन्छ वा एक खास किसिमको विशिष्टता प्राप्त गरेको हुन्छ त्यसैलाई रीति भनिन्छ र यस सम्बन्धी सैद्धान्तिक मूल्य मान्यता नै रीतिवाद हो। रीतिवादका संस्थापक विद्वान् आचार्य वामन हुन्। यिनले रीतिलाई काव्य वा साहित्यको आत्मा/प्राण मानेका छन् र विशिष्ट पदरचना नै रीति हो भनेका छन्। रीतिको आत्मा गुण हो भन्दै वामनले काव्यको शोभा बढाउने तत्त्वलाई गुण मानेका छन्। रीतिभित्र नै अन्य सबै काव्यतत्त्वहरू अन्तर्निहित हुन्छन् र रीति सिद्धान्त स्वतन्त्र सिद्धान्त हो भन्ने कुराको पुष्टि वामनले गरेका छन् (ढुङ्गाना,२०६५,५७)। उत्तरवर्ती आचार्यहरूले रीतिका सम्बन्धमा विभिन्न विचार व्यक्त गरेका छन्। आचार्य आनन्दवर्धनले रीतिलाई गुणमा आश्रित रस अभिव्यक्त गर्ने तत्त्वका रूपमा चिनाएका छन् भने राजशेखरले यसलाई वचन विन्यासका क्रममा देखा पर्ने एउटा पदक्रम भनेका छन् जसलाई आलङ्कारिक पदक्रम भन्न सकिन्छ। आचार्य कुन्तकले रीतिलाई कविको प्रस्थान बिन्दु भनेका छन् भने आचार्य मम्मटले रीतिलाई रसविषयक वृत्ति भनेका छन् अर्थात् जुनजुन वर्णको संयोजनबाट रसनिष्पत्ति हुन्छ त्यसलाई रीति भनेका छन् (भण्डारी र अन्य, २०७४,६७)।आजभोलि रीति शब्दलाई शैली शब्दको समकक्ष वा समतुल्य मानिन्छ। यी सबै सन्दर्भहरूलाई नियाल्दा रीतिवादले अन्य काव्य तत्त्वहरूसँग पनि सम्बन्ध राख्ने कुरा प्रष्ट देखिन्छ। यस लेखमा रीतिको अन्य काव्य तत्त्वसँगको सम्बन्ध र साहित्यमा यसको उपयोगिताको सन्दर्भलाई प्रस्तुत गरिएको छ।

**समस्या**

अन्य काव्य तत्त्व (शैली, गुण, अलङ्कार, रस, प्रवृति र वृत्ति)सँग रीतिको सम्बन्ध के कस्तो छ? र साहित्यमा रीतिको उपयोगिता के छ ? भन्ने मूल समस्यामा नै यो लेख केन्द्रित छ।

**उद्देश्य**

अन्य काव्य तत्त्व (शैली, गुण, अलङ्कार, रस, प्रवृति र वृत्ति)सँग रीतिको सम्बन्ध देखाउनु र साहित्यमा रीतिको उपयोगिताको निरूपण गर्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ।

**शोधविधि**

यस लेखमा मुख्यतः द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीलाई निगमन विधिको प्रयोगद्वारा विश्लेषण गरिएको छ। साथै आवश्यकताअनुसार विज्ञ व्यक्तिसँग सल्लाह तथा सुझाव पनि ग्रहण गरिएको छ।

**अन्य काव्य तत्त्वसँग रीतिको सम्बन्ध**

शैली, गुण, अलङ्कार, रस, प्रवृत्ति र वृत्तिसँग रीतिको तुलनात्मक अध्ययन एवम् विश्लेषणलाई निम्नानुसार यहाँ प्रस्तुत गरिएको छ-

* सहायक प्राध्यापक - एस.पि.एम. कलेज, गैंडाकोट।

## रीति र शैली

जति संस्कृत काव्यशास्त्रमा रीति शब्दको प्रचुर प्रयोग भएको छ, शैली शब्दको प्रयोग त्यति भएको छैन । आधुनिक साहित्यमा रीति शब्दको स्थान शैली शब्दले लिइसकेको छ । त्यसैले रीति र शैली एकै अर्थमा प्रयोग हुने शब्द हुन् वा भिन्न हुन् यसबारे सबैको चासो देखिनु स्वाभाविक पनि छ । शैली शील धातुबाट बनेको शब्द हो । शील शब्दको अर्थ स्वभाव हुन्छ ।

शीलबाट बनेको शैलीलाई साहित्यकारको व्यक्तित्वको परिचायक भावाभिव्यक्तिको एक पद्धति पनि मान्न सकिन्छ । अङ्ग्रेजी भाषाको स्टाइल (Style) शब्दको नेपाली रूपान्तरण शैली हो । पश्चिमबाट नेपाली साहित्यमा प्रयोग हुँदै आएको शैली शब्दलाई मूलतः लेखकीय भाषिक सिप अभिव्यक्ति पद्धतिका रूपमा अर्थ्याउने गरिएको छ । शैलीले साहित्यकारको रचनागत विशिष्टता वा पहिचान निर्धारण गर्दछ । त्यसैले शैली साहित्यको भाषिक सौन्दर्यबोधक तत्त्व हो (लम्साल र अन्य,२०७४,४८) ।

'रीति' शब्दले कवि वा साहित्यकारको अभिव्यक्ति ढङ्ग वा ढाँचा बुझाउँछ र 'शैली' शब्दले पनि लगभग त्यस्तै अर्थ देखाउँछ । यस्तो भए पनि खास किसिमको समासात्मक गुण भएको शैलीलाई रीतिले आत्मसात् गरेको देखिन्छ भने आधुनिक शैलीले समासात्मक गुण वा रीतिलाई मात्र नलिई सबै किसिमका गुण विशिष्ट कवि वा साहित्यकारका स्वभावहरूलाई आत्मसात् गरेको देखिन्छ । यसरी रीति र शैलीका बिचमा समासात्मक गुण र व्यापक गुण विशिष्टताको सामान्य भिन्नता देखिए पनि खासै ठुलो अन्तर भने देखिँदैन । वक्रोक्तिकार कुन्तकका दृष्टिकोणहरूलाई परै राख्दा पूर्वीय साहित्य शास्त्रमा रीतिलाई वस्तुपरक वा बाह्य वर्णनात्मक अभिव्यक्तिको विषय बनाइएको पाइन्छ र अलङ्कार र रीतिमा भेद गरेर देखाइएको पनि देखिन्छ । आधुनिक शैली विवेचनामा भने आत्मपरक वा वस्तुपरक दुवै दृष्टिले शैलीलाई समेटेर समग्र आलङ्कारिक अभिव्यक्ति पक्षहरूलाई सँगसँगै समेटेर लगिएको देखिन्छ । यस दृष्टिले रीति केही सङ्कुचित खालको र शैली त्योभन्दा निकै व्यापक र विस्तृत खालको देखिन्छ । यसले गर्दा आधुनिक समालोचकहरू रीतिलाई शैलीको पर्यायवाची शब्दका रूपमा ग्रहण गर्न रुचाउँदैनन् । यस्तो भए पनि रीतिकार वामन, वक्रोक्तिकार कुन्तक र ध्वनिकार आनन्द वर्धनका रीति वा सङ्घटना सम्बन्धी विचार र दृष्टिकोणहरूलाई समेटेर समन्वित गर्ने हो भने आधुनिक शैलीको जस्तै व्यापक अर्थ दिन सकिन्छ र यसलाई शैलीकै पर्यायिका रूपमा पनि चिनाउन सकिन्छ (भण्डारी, २०७४,६८) । वास्तवमा रीति र शैली दुवैमा व्यक्ति र वस्तुतत्त्व वा कविस्वभाव र भाषालाई स्थान छ । रीतिमा व्यक्तितत्त्वको भन्दा भाषा-तत्त्व (पदरचना, वर्णविन्यास, समास)-का विचारमा आचार्यहरूको ध्यान केन्द्रित देखापर्छ । यसरी रीति शैलीका तुलनामा बढी बहिर्मुखी र प्राविधिक (रचनाप्रक्रियात्मक) लाग्दछ् र शैली रीतिका तुलनामा बढी अन्तर्मुखी र भावनात्मक । यी दुवै पर्यायवाची हुने त होइनन् तर आधुनिक पूर्वीय काव्यशास्त्रमा शैली शब्द रीतिकै स्थानापन्न छ ।

## रीति र गुण

सामान्यतः निश्चित वर्णहरूद्वारा व्यञ्जित हुने रसका आन्तरिक धर्मलाई गुण भनिन्छ र सुनिश्चित वर्णहरूद्वारा संरचित पद रचनालाई रीति भनिन्छ । त्यसैले रीतिमा गुणको सत्ता स्थिर रहन्छ । रीति र गुणका बिच नङ र मासुको जस्तो अविच्छेद्य सम्बन्ध देखा पर्छ । यस्तो हुँदाहुँदै पनि रीति र गुणको सम्बन्धको विषयलाई लिएर आचार्यहरूमा मत भिन्नता रहेको देखिन्छ । दण्डीले गुणलाई रीतिको प्राण मानेर रीतिलाई गुणमा आश्रित हुने तत्त्व ठह्‍याए भने वामनले गुणलाई रीतिको आत्मा भनेर रीति र गुण अभिन्न छन् पनि भने । उद्‍भटले चाहिँ विपरीत विचार प्रकट गर्दै गुणलाई रीतिमा आश्रित हुने तत्त्व ठह्‍याए । यता ध्वनिवादी आनन्द वर्धनले

गुण र रीति एक नभई भिन्न वस्तु हुन् र गुण रीतिमा आश्रित नभई गुण नै रीतिको आश्रय हो भने (भण्डारी र अन्य,२०७४,६८)।

रीति र गुणका सन्दर्भमा आनन्दवर्धनको मत सान्दर्भिक देखिन्छ गुण सुनिश्चित र निर्धारित तत्त्व हो तर पद रीति (पदसङ्घटना) सुनिश्चित र नियमित तत्त्व होइनन् । गुण रसको स्थिर धर्म हो र यसमै आश्रित भई रीतिको संरचना हुने गर्दछ । रचनाको ढाँचा सर्जकले बदल्न सक्छ तर गुण बदलिँदैन । माधुर्य गुणको उच्चता करुण, शान्त र शृङ्गारमा देखिन्छ तर ओज गुणको वीर र रौद्र रसमा उत्कर्षता रहेको देखिन्छ । प्रसाद गुण पनि शृङ्गार, वीर प्रकृतिका रसमा व्यक्त भएको हुन्छ तर पद सङ्घटना वा रीतिमा यस्तो निश्चित नियम र स्थिरता छैन् । रसधर्मी गुणको आग्रह र आशयअनुसार रीति निर्देशित हुने हुँदा गुणलाई रीतिको आश्रय मान्नु उपयुक्त देखिन्छ गुणको आश्रय त बरु रस हो; रीतिको अभिन्न अङ्ग गुण होइन । यी दुईमा आ-आफ्ना स्वतन्त्र भूमिका रहेका गुणहरू भएकाले एकआपसमा अन्तरसम्बन्धित छन् (लम्साल र अन्य,२०७४,४८) ।

वर्णहरूको कुशलतापूर्वक गरिएको सुसङ्गठनमा गुण आधारित हुने भएकाले र तिनै समुचित वर्ण सङ्गठनको सहायताले उपयुक्त पद रचना भई रीत्यात्मक विशेषताहरू झल्किने हुनाले रीति र गुण एकअर्काबाट निरपेक्ष चाहिँ होइनन् । वर्णहरूको बन्धनमा आश्रित भई व्यञ्जित हुने हुनाले गुणलाई आत्मा र त्यसैलाई आधार बनाई रहने हुनाले रीतिलाई शरीर भन्न सकिन्छ । उपयुक्त वर्ण योजनाबाट गुण व्यञ्जित हुन्छ र त्यस्तो गुणको व्यञ्जना भएपछि रीतिले निश्चित आकार पाउँछ । वर्ण योजनाको लक्ष्य पद रचना हो र पद रचनाको लक्ष्य गुण विशिष्ट रीतिको निर्माण हो । त्यसैले काव्यमा गुण र रीति एक होइनन् तर यी दुबै एकअर्काबाट निरपेक्ष पनि छैनन् । नङ र मासु अलग अलग भए पनि आपसमा घनिष्ठ भए झैँ रीति र गुणको सम्बन्ध पनि घनिष्ठ रहेको छ ।

## रीति र अलङ्कार

रीति गुणको आश्रित हुन्छ, अलङ्कार शब्द र अर्थमा आश्रित हुन्छ। गुणविना अलङ्कारमात्रले काव्यको शोभा वा सौन्दर्य बढ्दैन तर गुणविशिष्ट रीतिले एक्लै पनि काव्यलाई मनोहर र आकर्षक पार्न सक्छ । अलङ्कारले कहिलेकाहीँ (श्रमसाध्य भएमा, कृत्रिम भएमा, अथवा स्वयम् नै प्रधान भइदिएमा) रसास्वादनमा बाधा उत्पन्न गर्छ र त्यस स्थितिमा रसभावको उपकार गर्नाको साटो अपकार पनि गर्न सक्छ । काव्यमा रसभावको नित्य वा नियमित रूपमा उत्कर्षमात्र बढाउने मानिएको गुणलाई नै आधार बनाएर अस्तित्त्ववान् हुने हुँदा रीतिले पनि अप्रत्यक्षतया रसभावको उपकार मात्र गर्नुपर्ने हो तर कहिलेकाहीँ रसभावोचित ढङ्गले नियोजित नभएको अनुपयुक्त रीतिले अपकार पनि गर्दछ । यस आधारमा रीति र अलङ्कार समान रूपले काव्यका उपकारक र अनुपकारक तत्त्व हुन्छन् । तैपनि मर्यादाक्रममा गुण रसको उपकार गर्ने तत्त्वका रूपमा सर्वोपरी हुन्छ भने रीतिको स्थान दोस्रो हुन्छ र अलङ्कारको तेस्रो । वस्तुतः अलङ्कारबिना पनि काव्य हुन सक्छ तर रीतिविना काव्यको रूपनिर्माण नै हुँदैन ।

## रीति र रस

रीति पदरचना हो, काव्यनिर्माणको पद्धति हो, त्यसैले यो अवयव सङ्गठनजस्तै शरीरस्थानीय हुन्छ । रस भने स्वयम् नै काव्यको आत्मा हो । रीतिको नियोजन रसका अनुरोधमा वाञ्छनीय मानिएको छ तर रस रीतिको अधीन वा आश्रयमा रहँदैन, स्वाधीन हुन्छ । रसको अभावमा रम्य पदरचनामा आश्रित रीतिले चित्तमा कुनै स्थायी भावको उदय गराउन सक्दैन तर रस छ भने जस्तो रीति भए पनि भावास्वादन हुन सक्छ । त्यसकारण रस साध्य हो, रीति साधन । यस्तो भए पनि रीति रसाभिव्यक्ति र रसास्वादनका निम्ति उपयुक्त माध्यम बन्न सक्छ र दुवैमा निकटतम सम्बन्ध हुन सक्छ (उपाध्याय,२०५५,१५३)।

### रीति र प्रवृत्ति

भरतमुनिका अनुसार प्रवृत्तिको सम्बन्ध वेश, भाषा र आचारसित छ तर रीतिको सम्बन्ध भाषासित मात्र छ । यसरी प्रवृत्तिको क्षेत्र व्यापक छ र रीतिको क्षेत्र सीमित । राजशेखरका अनुसार प्रवृत्ति 'वेश-विन्यास-क्रम' हो र रीति 'वचन-विन्यास-क्रम' । यस प्रकार प्रवृत्ति प्रायः बाहिरी तत्त्व हो र रीति आन्तरिक । प्रवृत्तिको आधार भूगोल वा प्रदेश नै छ तर रीतिको आधार कविप्रकृति बनिसकेको छ । तैपनि रीतिको कल्पनाका लागि प्रवृत्तिले पृष्ठाधारको काम गरेको कुरो भने बिर्सन सकिन्न (उपाध्याय,२०५५,१५३)।

### रीति र वृत्ति

वृत्तिका दुई रूप मानिएका छन्- पहिलो नाटयवृत्ति र दोस्रो काव्यवृत्ति । नाट्यवृत्ति चार बताइएका छन्- भारती, कैशिकी, आरभटी र सात्वती । काव्यवृत्तिचाहिँ तीन देखिएका छन् - उपनागरिका, परुषा र कोमला । आनन्दवर्द्धनले नाट्यवृत्तिलाई अर्थवृत्ति भनेका छन् । नाट्यवृत्तिहरूको प्रयोग नाटकमा नै हुन्छ र यी वृत्ति शरीर, वचन तथा मनका व्यापार मानिएका छन् । रीति मुख्यतया वचनव्यापार वा शब्द-व्यापार हो । आनन्दवर्धनले काव्यवृत्तिलाई शब्दवृत्ति वा वर्णवृत्ति भनेका छन् । यस काव्यवृत्तिको नै रीतिसित सम्बन्ध छ (उपाध्याय,२०५५,१५३) । मम्मटले वृत्तिको चर्चा अनुप्रास अलङ्कारअन्तर्गत गरेका छन् र त्यसलाई वर्णविन्यासका रूपमा लिएका छन् । आनन्दवर्धनले वृत्तिलाई सङ्घटनाभन्दा पृथक् रूपमा वर्णन गरेका भए पनि सङ्घटनाकै एक रूप मानेका छन् । वामन आदिले वैदर्भी, गौडी र पाञ्चाली रीतिका रूपमा लिएको कुरो सङ्केतित गरेका छन् । यसरी मम्मटको दृष्टिअनुसार रीति र वृत्ति एक भए । रुद्रट आदि अन्य आचार्यहरूले भने वृत्तिलाई रीतिभन्दा भिन्न मानेका छन् । वास्तवमा वृत्ति वर्ण-योजना हो र रीति पद-योजना । सङ्घटना र वर्ण-योजनाको योगबाट रीतिको निर्माण हुन्छ । त्यसकारण वृत्ति रीति होइन तर रीतिको एक अङ्ग हो (उपाध्याय,२०५५,१५४) ।

### साहित्यमा रीतिको उपयोगिता

पूर्वीय आचार्यहरूले रीतिवादलाई साहित्यको देहवादी वा बाह्य पक्षीय प्रणाली भनेका छन् । यसका संस्थापक आचार्य वामनले यसलाई काव्यको आत्मा माने पनि यसको पुष्ट प्रमाण दिन सकेका छैनन् । त्यसैले पछिल्ला आचार्यहरूले रीतिवादलाई स्वतन्त्र सिद्धान्त स्वीकारेका छैनन् । जे होस् काव्य वा साहित्य भावात्मक हुन्छ भने भाव अभिव्यक्तिको माध्यम रीतिवाहेक अरू हुन सक्दैनन् । भाव जस्तो छ त्यस्तैअनुसारको भाषिक अभिव्यक्ति पनि आवश्यक हुन्छ । त्यसैले अभिव्यक्ति र अनुभूति दुवैलाई प्रभावकारी तुल्याउन रीतिको भूमिका महत्त्वपूर्ण हुन्छ ।

कुनै पनि काव्य वा साहित्यको निमित्त रीतिको अनिवार्य आवश्यकता देखिन्छ किनकी यो भाषिक कला हो । गुण र रसलाई आधार बनाएर रीति काव्यको आन्तरिक सौन्दर्य पनि हुन पुगेको छ ( ढुङ्गाना,२०६५, ६३)। रीतिलाई साहित्यको आत्मा वा प्रधान तत्त्व मान्दा - मान्दै पनि रीतिलाई गुणले बलियो आधार दिएको छ, गुण नभएको रीति कठोर या कोमल वर्ण र शब्दको थुप्रोमात्र बन्न सक्छ, भाव नभएको कविताजस्तै । त्यसैले रीतिलाई गहकिलो बनाउन गुणको आवश्यकता पर्दछ । रीतिवादी वामनले पनि साहित्यको शोभाकर तत्त्व गुणलाई मानी त्यसलाई रीतिसँग अभिन्न तुल्याएर प्रस्तुत गरेका छन् । साहित्यको आत्मा रीति मान्ने वामनले प्रथम स्थान रीतिलाई दिनुपर्ने हो तर गुणलाई प्रथम स्थान र अलङ्कारलाई द्वितीय स्थान दिएकाले रीतिको स्थान निर्धारणमा अलमलिएको देखिन्छ । रीतिलाई विशिष्ट पदरचना (वर्ण र शब्दहरूको उचित मेल भएको सङ्घटना) भनेर काव्यको अवयव स्थान मानेपछि आत्मा भनिदिनुले साहित्यमा रीतिको भूमिकालाई खुम्च्याउने काम भएको छ । वर्णानुक्रममा

र शब्दानुक्रममा आश्रित रीतिलाई साहित्यको अविच्छेद अङ्गका रूपमा स्वीकार गर्न सकिन्छ । तर आत्माका रूपमा भने मान्न नसकिने तर्कले साहित्यमा रीतिको उपयोगिता पुष्टि हुन्छ ( लम्साल,२०७४,५०)।

रागात्मक अभिव्यक्तिका लागि तदानुकुल शब्द रचना आवश्यक हुन्छ भन्ने कुरा आचार्य आनन्दवर्धनले उल्लेख गरेका छन् । साहित्यकारले वक्ता / लेखक / स्वयम् ,श्रोता र विषयलाई मध्यनजर राखेर भाषाको प्रयोग गर्छ जसका कारणले साहित्यमा प्रभावकारिता सिर्जना हुन्छ भन्ने कुरा कुन्तकले उल्लेख गरेका छन् । आचार्य अभिनवले रसलाई सहयोग नपुऱ्याउने पदावली / भाषालाई त्याज्य ठानेका छन् । यसप्रकार पूर्वीय विद्वानहरू साहित्यमा विशिष्ट पदरचनाको पक्षमा खडा भएका देखिन्छन । निष्कर्षमा काव्यको आकर्षण भनेकै विशिष्ट पदरचना हो र यसकै माध्यमबाट आन्तरिक सौन्दर्यसँग पाठकले साक्षात्कार गर्न सफल हुन्छ । त्यसैले साहित्यमा रीतिवादको भूमिका रहन्छ ।

यसरी रीतिवादको प्रमुख मान्यता रीतिलाई काव्य वा साहित्यमा उच्च स्थान दिलाउनु रहेको देखिन्छ र रीतिकै गुणात्मा विशेषले काव्य/साहित्यको आन्तरिक सौन्दर्य अवस्थित र प्रवर्धित हुन्छ भन्ने देखाउनु रहेको पाइन्छ । परन्तु रसादि ध्वनिवादी मान्यताको उच्च स्थापनाले रीतिलाई साहित्य वा काव्यको अभिव्यक्तिगत बाह्य तत्त्वका रूपमा सीमित गरिदिएको पाइन्छ र काव्यात्मा/साहित्यात्मारूपी रसादि ध्वनिको आवश्यकता र माग तथा कवि वा साहित्यकारको स्वभावअनुसार परिवर्तित हुन सक्ने अस्थिर तत्त्वका रूपमा परिणत गरि दिएको देखिन्छ। यसबाट साहित्यमा रीतिको उपयोगिता बाह्य र अस्थिर तत्त्वका रूपमा मात्र सीमित हुन गएको देखिन्छ ।

## निष्कर्ष

रीति भनेको पदरचनाको पद्धति हो । यसलाई अर्को वाक्यमा भन्ने हो भने काव्यरचनामा प्रयोग गरिने मार्ग वा प्रवृत्तिलाई नै रीति भनिन्छ । विशिष्ट भन्दा विशिष्ट शब्द विन्यासलाई रीति मानिन्छ । कविको स्वभाव र प्रवृत्तिपिच्छे रीतिको स्वरूप पनि फरक फरक हुन्छ । रीतिवादका संस्थापक विद्वान आचार्य वामनले रीतिलाई काव्य वा साहित्यको आत्मा/प्राण मानेका छन् र विशिष्ट पदरचना नै रीति हो भनेका छन् । रीतिको आत्मा गुण हो भन्दै वामनले काव्यको शोभा बढाउने तत्त्वलाई गुण मानेका छन् । वामनले नै रीतिको चर्चाका क्रममा गुणको कुरा गरेकाले रीतिको सम्बन्ध अन्य काव्यसँग पनि देखिन्छ र वामन पछिका विद्वानहरूले पनि अलङ्कार, वृत्ति, प्रवृत्ति एवम् शैलीसँग जोडेर रीतिलाई चिनाएकाले रीतिलाई अन्य काव्य तत्त्वसँग सम्बन्ध राख्ने वादका रूपमा चिनाउन सकिन्छ । यति हुँदाहुँदै पनि साहित्यमा रीतिको उपयोगितालाई भने सबै विद्वान्हरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वीकार गरेका छन् । काव्य वा साहित्य भावात्मक हुन्छ भने भाव अभिव्यक्तिको माध्यम रीतिवाहेक अरु हुन सक्दैन । भाव जस्तो छ त्यस्तै अनुसारको भाषिक अभिव्यक्ति पनि आवश्यक हुन्छ । त्यसैले अभिव्यक्ति र अनुभूति दुवैलाई प्रभावकारी तुल्याउन रीतिको भूमिका महत्त्वपूर्ण हुन्छ ।

## सन्दर्भसूची

उपाध्याय, केशवप्रसाद (२०५५), पूर्वीय साहित्य सिद्धान्त (तेस्रो संस्करण), ललितपुरः साझा प्रकाशन ।

ढुङ्गाना, कुलप्रसाद (२०६५), संस्कृत साहित्य सिद्धान्त, चितवनः चितवन साहित्य परिषद्

भण्डारी, पारसमणि र माधव प्रसाद पौडेल (२०७४), साहित्यशास्त्र र नेपाली समालोचना, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र, गणेशराज अधिकारी र वासुदेव त्रिपाठी (२०७४), साहित्यशास्त्र र नेपाली समालोचना, काठमाडौँः भुँडीपुराण प्रकाशन ।

शैक्षिक आलेख

# शैक्षिक गुणस्तर तथा विद्यालय कार्य सम्पादन परीक्षणको विश्लेषण र चितवनका माध्यमिक विद्यालयको स्तर



रमाकान्त सापकोटा*

बाह्य व्यक्ति, समूह वा संस्थाले गर्ने परीक्षणलाई कार्यसम्पादन परीक्षण (Performance Audit) भनिन्छ। २०६६ सालमा स्थापना भएको शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO)ले निर्धारित विधि,प्रविधि र प्रक्रियाको आधारमा विद्यालयहरूको गुणस्तर तथा कार्य सम्पादन परीक्षण गर्दै आएको छ। गुणस्तर परीक्षण निर्देशिका २०६७ परिमार्जन २०७३ मा समावेश ८९ सूचकका आधारमा शैक्षिक गुणस्तर तथा विद्यालय कार्य सम्पादन परीक्षण हुने गरेको छ। २०६८-६९ देखि २०७२-७३ सम्म प्रत्येक वर्ष २५/३० विद्यालयको दरले परीक्षण गर्ने अभ्यास थियो तर २०७२ /७३ भन्दा अगाडिको अभिलेखलाई यस पटकको सार्वजनीकरणमा समावेश गरिएको छैन। शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO) ले २०७३ /७४ देखि २०७८/७९ सम्म ६२ जिल्लाका ५०९८ माध्यमिक विद्यालयमा गरेको अध्ययन अनुसन्धानको आधारमा विद्यालयको शैक्षिक गुणस्तर तथा विद्यालय कार्य सम्पादन परीक्षणको प्रतिवेदन (capsule report) २०७९ असारमा सार्वजनिक गरेको थियो जो edupatra.com मा पनि हेर्न सकिन्छ। प्रतिवेदनमा देश भरमा १० वटा विद्यालय (०.१४ प्रतिशत) उत्तम श्रेणीमा सूचीकृत छन्। ती १० विद्यालय मध्ये कास्की, भक्तपुर र दार्चुलाबाट २/२ र चितवन, कञ्चनपुर, काभ्रे र रूपन्देहीबाट १/१ विद्यालय परेका छन्। ७६८ मध्यम (१५ प्रतिशत), ३,९९९ (८२ प्रतिशत) सामान्य श्रेणीका र बाँकी १.४३ प्रतिसत कमजोर देखिएका छन्। सो परीक्षणमा समावेश भएका चितवनका ९३ सामुदायिक माध्यमिक विद्यालय मध्येमा एक उत्तम, २४ वटा विद्यालय मध्यम तहमा र ६९ विद्यालय सामान्य श्रेणीमा सूचीकृत छन्। अरू विद्यालय यो परीक्षणमा समावेश छैनन् ।

ERO को यो मूल्याङ्कन उद्देश्य सरकारदेखि विद्यालयसम्मको समग्र शिक्षा प्रणालीलाई पृष्टपोषण दिने प्रयोजनको लागि हुने गर्छ। PISA ले गरेको विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन कार्यक्रममा आफ्नो देशका विद्यार्थीको सिकाइ उपलब्धि घटेको पाएपछि नर्वेका प्रधानमन्त्रीले माफी मागेको कुराले निकै चर्चा पाएको थियो। जवाफदेहिताको यो राम्रो उदाहरण हुन सक्छ। ERO को यो प्रतिवेदन सार्वजनिक गर्दा यसको असर के होला भन्ने कुरा यो लेखकको मनमा उब्जेको थियो। तर सार्वजनिक भइसकेको, सञ्चार माध्यम मार्फत नै चर्चा परिचर्चा भइसकेको, वेवसाइटमा अहिले पनि सार्वजनिक पहुँचमा रहेकोले यसलाई जिल्ला र पालिकास्तरमा छुट्याएर पुनः विश्लेषण गरिएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशित गरेको प्रतिवेदन २०७९ मा चितवनका नारायणी नमुना मा.वि. समावेश भएको नदेखेपछि लेखकसमेत धेरैको मनमा खुल्दुली भयो र प्रश्न उठे। पछि परीक्षण केन्द्रले नगेन्द्रप्रसाद

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

रेग्मीको नेतृत्वमा विज्ञ समूह खटाएर छुटेको कार्य सम्पादन गरी विधिवत् प्रतिवेदन दियो । सो प्रतिवेदन अनुसार नारायणी नमूना मा.वि.ले ९३.०५ अङ्क प्राप्त गरी नेपालमा दोस्रो र बागमती प्रदेश तथा चितवनमा प्रथम भएको छ। यसै विद्यालयको पूर्व गणित शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष हुनुको नाताले समेत सगौरव खुशी व्यक्त गर्दछु। यो विद्यालयको प्रगतिका हिस्सेदार सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछु। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशित गरेको प्रतिवेदन २०७९ अध्ययन विश्लेषण गरी प्राप्ताङ्कको आधारमा क्रम मिलाएर, स्थानीय तहअनुसार वेग्ला वेग्लै तल प्रस्तुत गरिएको छ । यो परीक्षणमा समावेश हुन छुटेका विद्यालयले अर्को परीक्षणमा समावेश हुने मौका गुमाउने छैनन् भन्ने विश्वास गरिएको छ । संस्थागत विद्यालयले पनि कार्य सम्पादन परीक्षण गराउन आवश्यक देखिएको छ। यही विधि प्रक्रियाका आधारमा स्थानीय तहले पनि गुणस्तर मूल्याङ्कन गर्ने हो भने यसले गुणस्तर सुधारमा पृष्ठपोषण गर्न मदत हुने छ।

ERO ले विद्यालयको कार्य सम्पादन परीक्षण गर्दा १) मितव्ययिता २) पारदर्शिता ३) सहभागिता ४) प्रभावकारिता ५) सन्तुष्टि ६) योजना ७) नेतृत्व ८) व्यवस्थापन ९) निष्पक्षता र समता १०) सर्वसुलभता जस्ता आधारमा ८८ वटा सूचक बनाएर १०० पूर्णाङ्कमा परीक्षण गर्ने गरेको छ। श्रेणीकरणमा ९०/९० माथि=उत्तम, ७० देखि ९० सम्म=मध्यम, ४० देखि ७० सम्म सामान्य, ४० भन्दा तल कमजोरको रूपमा परिभाषित छन् ।

गुणस्तर परीक्षण एवम् कार्य सम्पादन मूल्याङ्कनको ढाँचा यस्तो छ

| क्षेत्र र पूर्णाङ्क | लगानी / २५ | प्रकृया / ३० | उपलब्धि/ ४० |
|---|---|---|---|
| उपक्षेत्रहरू | १- भौतिक संरचना | ४-कक्षा शिक्षण | ९-नियमितता/कक्षा छाड्ने दोहोऱ्याउने दर |
| | २- शिक्षक र स्थायित्व | ५-विद्यार्थी मूल्याङ्कन | १०-सिकाइ उपलब्धि |
| | ३- समुदायको सहभागिता र योगदान, विद्यार्थी सन्तुष्टि | ६-शिक्षकको पेसागत विकास | ११-सेवाग्राहीको सन्तुष्टि |
| | | ७-नेतृत्व व्यवस्थापन | १२-शिक्षकको पेसागत सन्तुष्टि |
| | | ८-अतिरिक्त क्रियाकलाप | |

तालिकामा देखाइएका क्षेत्रको अङ्क ९५ +सेवाग्राही विद्यार्थीको सङ्ख्या ५ अङ्क गरी कूल अङ्क= १००

**चितवनका सबै पालिकाहरूबाट परीक्षणमा समावेश भएका विद्यालयको स्तर र प्राप्ताङ्क**

पालिका, जिल्ला र राष्ट्रियस्तरको क्रम र विश्लेषण यहाँ प्रस्तुत गरिएको छ :-

**१ भरतपुर महानगरपालिका**

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | भरतपुर वडा नं. | ठेगाना | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १ | १ | २ | नारायणी नमुना मा.वि. | १० | भरतपुर | ९३.०५ |
| २ | २ | ३० | हिमालय दण्डपाणि न्यौपाने मा.वि. | १३ | चम्पानगर | ८५.२३ |
| ३ | ४ | ८५ | लक्ष्मी मा.वि. | २३ | जगतपुर | ८१.४८ |
| ४ | ५ | ११५ | शारदा मा.वि. | १९ | शारदानगर | ८०.४१ |
| ५ | ८ | २२१ | जानकी मा.वि. | २७ | मेघौली | ७७.४२ |

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | भरतपुर वडा नं. | ठेगाना | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ६ | ११ | ३२० | सिद्धार्थ मा.वि. | २३ | जगतपुर | ७५.५४ |
| ७ | १२ | ३९३ | आदिकवि भानु .मा.वि. | १ | नारायणगढ | ७४.१० |
| ८ | १५ | ४२२ | आदर्श मा.वि. | २६ | दिव्यनगर | ७३.८३ |
| ९ | १६ | ४७० | अरुणोदय मा.वि | ६ | गीतानगर | ७२.९९ |
| १० | १७ | ५०१ | प्रेम्बस्ती मा.वि | ७ | प्रेमबस्ती | ७२.६० |
| ११ | १८ | ५६६ | सरस्वती मा.वि. | २३ | मधुपुरी | ७१.९४ |
| १२ | १९ | ६३२ | दुर्गा शेषकान्त अधिकारी मा.वि. | १६ | विजयनगर | ७१.२९ |
| १३ | २० | ६४१ | गुञ्जनगर मा.वि. | १८ | गुन्जनगर | ७१.२२ |
| १४ | २१ | ६४२ | युवा मा.वि | २६ | धर्मचोक | ७१.२२ |
| १५ | २२ | ६४३ | रामनगर मा.वि. | १ | रामनगर | ७१.२१ |
| १६ | २३ | ७१८ | शहीद स्मृति मा.वि. | ६ | पारसनगर | ७०.५० |
| १७ | २५ | ७८२ | अमर मा.वि. | २३ | पटिहानी | ६९.९४ |
| १८ | २८ | ८४५ | मा.वि.शशिनगर | १८ | शशिनगर | ६९.२९ |
| १९ | ३१ | ९६३ | मा.वि.इन्द्रपुरी | ६ | इन्द्रपुरी | ६८.३२ |
| २० | ३४ | ९८४ | विश्व प्रकाश मा.वि. | १५ | मंगलपुर | ६८.२२ |
| २१ | ३५ | ९८८ | सरस्वती मा.वि. | २८ | जितपुर | ६८.२० |
| २२ | ३७ | १०७८ | जनज्योती पद्म ना.धर्म कु. मा.वि | २५ | अमृतनगर | ६७.५३ |
| २३ | ३८ | ११९६ | प्रभात मा.वि. | २५ | शुक्रनगर | ६६.७१ |
| २४ | ४० | १२५७ | कविलास मा.वि. | २९ | जुगेडी | ६६.३२ |
| २५ | ४२ | १३४३ | श्रीपुर मा.वि. | १५ | श्रीपुर | ६५.७२ |
| २६ | ४६ | १४३७ | भीमनगर मा.वि. | २० | भीमनगर | ६५.१८ |
| २७ | ४७ | १४६५ | सिद्धिविनायक मा.वि. | ११ | बसेनी | ६५.०४ |
| २८ | ५० | १५८९ | लक्ष्मी मा.वि. | ४ | लंकु | ६४.३५ |
| २९ | ५२ | १६५२ | रामपुर मा.वि | १५ | रामपुर | ६४.० |
| ३० | ५३ | १६५४ | कैलाशनगर मा.वि | ५ | कैलाशनगर | ६३.९७ |
| ३१ | ५४ | १६८३ | मा.वि.ढड्दाघारी | १६ | ढड्दाघारी | ६३.८२ |
| ३२ | ५५ | १७१० | साभ्फापुर मा.वि | २८ | साभ्फापुर | ६३.६८ |
| ३३ | ५७ | १७३४ | नारायणी विद्यामन्दिर मा.वि. | १४ | शिवनगर | ६३.५६ |
| ३४ | ५८ | १७९४ | राष्ट्रिय मा.वि. तोरिखेत | ५ | तोरीखेत | ६३.२३ |
| ३५ | ६१ | २००१ | अन्नपूर्ण मा.वि | २१ | पार्वतीपुर | ६२.२० |
| ३६ | ६३ | २०८२ | नयाँकिरण मा.वि | ११ | भोजाड | ६१.७९ |
| ३७ | ६७ | २३९० | सीताराम मा.वि. | १ | देवघाट | ६०.२७ |
| ३८ | ६८ | २४४४ | भानु मा.वि | २१ | पहारिलोटार | ६०.०५ |
| ३९ | ६९ | २४८२ | बालकुमारी कन्या मा.वि. | २ | नारायणगढ | ५९.८९ |

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | भरतपुर वडा नं. | ठेगाना | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ४० | ७० | २५३४ | मा.वि गंगानगर | १३ | गंगानगर | ५९.७१ |
| ४१ | ७३ | २६३४ | किरण अमरजंग गुरुङ मा.वि | १९ | किरणगन्ज | ५९.३१ |
| ४२ | ७४ | २६७४ | भरतपुर मा.वि. | १० | भरतपुर | ५९.०८ |
| ४३ | ७५ | २७८१ | बालकुमारी मा.वि. | २ | नारायणगढ | ५८.५६ |
| ४४ | ७९ | २९५७ | मा.वि. गौरीगञ्ज | ८ | गौरीगञ्ज | ५७.७४ |
| ४५ | ८० | ३१३४ | मोहन मा.वि. | १२ | आस्थाचोक | ५६.८८ |
| ४६ | ८२ | ३३०३ | शरदपुर मा.वि | ८ | शरदपुर | ५६.० |
| ४७ | ८३ | ३३२८ | राष्ट्रिय मा.वि | ७ | कृष्णपुर | ५५.८७ |
| ४८ | ८५ | ३५७५ | मा.वि बाह्रघरे | ४ | बाह्रघरे , | ५४.५८ |
| ४९ | ८७ | ४२८२ | चितवन मा.वि. | १० | भरतपुर | ४९.६८ |

२ रत्ननगर नगरपालिका

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | रत्ननगर वडा न. | ठेगाना | प्राप्ताक्त |
|---|---|---|---|---|---|---|
| १ | ३ | ४८ | नेपाल मा.वि.टाँडी | २ | टाँडी | ८३.४२ |
| २ | ६ | १९९ | द्वारिकादास मा.वि | १४ | रत्ननगर | ७७.८० |
| ३ | ९ | २२८ | जनजागृति मा.वि. | १४ | पिठुवा | ७७.२३ |
| ४ | २४ | ७४३ | बैरिया मा.वि | १० | बैरिया | ७०.३१ |
| ५ | २६ | ८३३ | पञ्चकन्या मा.वि. | ११ | जयमङ्गला | ६९.४२ |
| ६ | २७ | ८४० | जनदया मा.वि. | १४ | पिठुवा | ६९.३६ |
| ७ | २९ | ९२३ | पञ्चकन्या मा.वि. | १३ | जिरौना | ६८.६५ |
| ८ | ३३ | ९७४ | भुवानी मा.वि. | ५ | भुवानी | ६८.२७ |
| ९ | ३९ | १२२४ | बछ्यौली मा.वि. | ६ | बछ्यौली | ६६.५४ |
| १० | ४८ | १४८६ | मोहना मा.वि. | ९ | मोहना | ६४.९१ |
| ११ | ५१ | १६४६ | बकुलहर मा.वि | १ | बकुलर | ६४.०३ |
| १२ | ५९ | १८९५ | मा.वि.चित्रसारी | ८ | चित्रसारी | ६२.७२ |
| १३ | ७८ | २९५० | मालपुर मा.वि. | ७ | मालपुर | ५७.७७ |
| १४ | ८८ | ४३८३ | भद्रकाली मा.वि | १६ | हात्तीगाडे | ४८.७६ |
| १५ | ९१ | ४५८९ | कपरखोरी मा.वि. | ९ | टिकौली | ४५.८९ |

३ माडी नगरपालिका

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | माडी वडा नं. | ठेगाना माडी | प्राप्ताक्त |
|---|---|---|---|---|---|---|
| १ | ७ | २०४ | जनजीवन मा.वि. | ७ | माडी | ७७.६८ |
| २ | १० | २३२ | जनकल्याण मा.वि. | ६ | कल्याणपुर | ७७.१४ |

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | माडी वडा नं. | ठेगाना माडी | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| ३ | १४ | ४१८ | सोमेश्वर मा.वि | १ | बरुवा | ७३.८८ |
| ४ | ३० | ९२४ | माडी मा.वि. | ३ | वसन्तपुर | ६८.६४ |
| ५ | ४३ | १३७२ | कृष्णनगर मा.वि | ९ | कृष्णनगर | ६५.५३ |
| ६ | ७७ | २९२५ | खैरहनी मा.वि | ४ | माडी | ५७.८६ |

### ४ खैरहनी नगरपालिका

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | खैरहनी वडा नं. | ठेगाना | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १ | १३ | ४०९ | कपिया मा.वि. | १२ | कपिया | ७३.९४ |
| २ | ३२ | ९७० | कंकाली मा.वि. | १ | बहेरी | ६८.२९ |
| ३ | ३६ | ९९० | जनजीवन मा.वि. | २ | चैनपुर | ६८.१८ |
| ४ | ५६ | १७१६ | कठार मा.वि. | १० | कठार | ६३.६३ |
| ५ | ७१ | २५३९ | मा.वि.गवै | १३ | गवै | ५९.६९ |
| ६ | ७२ | २५९४ | खैरहनी मा.वि. | ६ | खैरहनी | ५९.४८ |

### ५ राप्ती नगरपालिका

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | राप्ती वडा नं. | ठेगाना | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १ | ४१ | १३२३ | भण्डारा मा.वि | ६ | भण्डारा | ६५.८६ |
| २ | ४४ | १४०२ | वीरेन्द्र आदर्श मा.वि. | ७ | वीरेन्द्रनगर | ६५.३९ |
| ३ | ४९ | १५४८ | मा.वि.ब्रह्मनगर | ८ | ब्रह्मनगर | ६४.५९ |
| ४ | ६२ | २०३७ | राष्ट्रिय मा.वि | १ | महादेवटार | ६२.० |
| ५ | ८१ | ३१९९ | बुद्ध शान्ति मा.वि. | २ | पिप्ले | ५६.५२ |
| ६ | ८९ | ४३९५ | राष्ट्रिय मा.वि.स्वामीटार | १० | स्वामीटार | ४८.६३ |

### ६ कालिका नगरपालिका

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | कालिका वडा नं. | ठेगाना | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १ | ४५ | १४२४ | पृथ्वी मा.वि. | ७ | भण्डारा | ६५.२६ |
| २ | ६५ | २३०२ | भीमोदय मा.वि | ५ | पदमपुर | ६०.६६ |
| ३ | ६६ | २३८२ | चतुर्मुखी मा.वि | ९ | शक्तिखोर | ६०.६६ |
| ४ | ९० | ४४१९ | जमुनापुर मा.वि | ६ | जमुनापुर | ४८.३४ |
| ५ | ९४ | ४७९२ | राष्ट्रिय मा.वि. मझबांग | १० | सिद्धी | ४०.०९ |

७ इच्छाकामना गाउँपालिका

| पालिका क्रम | जिल्ला क्रम | राष्ट्रिय क्रम | विद्यालयको नाम | इ.गा. वडा नं. | ठेगाना | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १ | ६० | १९२७ | सर्वाशान्ति मा.वि. | ४ | कुरिनटार | ६२.५६ |
| २ | ६४ | २२८५ | त्रिवेणी बराह मा.वि. | ५ | मुग्लिन | ६०.७१ |
| ३ | ७५ | २८४७ | राष्ट्रिय मा.वि. | १ | हात्तीवाङ | ५८.२२ |
| ४ | ८४ | ३३५० | मा.वि .ढुंग्रे | ६ | ढुंग्रे | ५५.७४ |
| ५ | ८६ | ३८७७ | माझगाउँ मा.वि | ३ | माझगाउँ | ५२.८४ |
| ६ | ९२ | ४६६८ | जनप्रिय मा.वि | २ | काहुले | ४४.१८ |
| ७ | ९३ | ४७२५ | राष्ट्रिय मा.वि. | ७ | गर्दाश | ४२.८३ |

वाह्य परीक्षणका आधारमा NSO, ISO जस्ता गुणस्तर प्रमाणित गर्ने चलन छ। विश्वविद्यालय अनुदान आयोगले पनि उच्च शिक्षामा सुधार गर्न गुणस्तर परीक्षण सुनिस्चित गर्ने चक्रीय कार्यक्रम (QAA–cycle) प्रयोगमा ल्याएको छ। सबैको लागि गुणस्तरीय शिक्षाको अन्तर्राष्ट्रिय कार्यक्रमले पनि ६ वटा क्षेत्रमा सूचक बनाएर गुणस्तर परीक्षण गर्ने प्रचलन छ। नमुना विद्यालय छनौट गर्दा तथा कार्य सम्पादन करार गर्दा पनि १२ वटा क्षेत्रका १८३ वटा सूचक मध्येबाट प्राथमिकताका आधारमा प्रयोग गर्ने अभ्यास सुरू भएको छ। लगानी, प्रक्रिया, परिणाम र प्रभावका आधारमा उपभोक्ताको सन्तुष्टि र शैक्षिक उपलव्धि परीक्षण गर्ने यो ढाँचा विस्वमा नै बहु प्रचलनमा छ। गुणस्तर परीक्षणको सवालमा यस्ता अभ्यासहरूलाई राम्रो मान्ने गरिएको छ। कार्य सम्पादन सिकाइ उपलब्धी बढाउन शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO)ले प्रतिवेदनमा केही सिफारिस समेत गरेको छ। समन्यायिक रूपमा दरवन्दी वितरण गर्नुपर्ने, स्थानीय तह र विद्यालयले पेसागत विकासको लागि प्रोत्साहन सुविधा उपलव्ध गराउने, विद्यालय स्थापना पूर्व र स्थापना भएको निश्चित अवधि भित्र पूरा हुनुपर्ने स्रोत साधनको सुनिश्चितता गर्ने, समुदायको सहभागिता बढाउने योजना बनाउने र विद्यालयले आफ्नो मूल्याङ्कन आफैं गर्ने पद्धतिको विकास गर्ने जस्ता कुराहरू सिफारिसमा समावेश छन् ।

अनुगमन, कार्य सम्पादन परीक्षण, मूल्याङ्कन, सुपरीवेक्षण जस्ता प्रक्रियाले कुनै पनि संस्था तथा पद्धतिको सुधारका क्षेत्र पत्ता लगाउन सजिलो हुन्छ। नेपालको अन्तरिम संविधान २०६३ पछि नै शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा निकै ठुलो सुधारको अपेक्षा गरिएको थियो तर परिणाम त्यस्तो देखिएन। यस अवधिमा सुधारको उद्देश्यले अनुगमन र सुपरीवेक्षण पनि हुन सकेन। नेपालको संविधान २०७२ को अनुसूचीमा नै सङ्घ, प्रदेश र स्थानीय तहको एकल र सयुक्त अधिकार समावेश भै सकेको र आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क, माध्यमिक शिक्षा निःशुल्क भनी संवैधानिक सुनिश्चितता भएको, समाजवाद उन्मुख अर्थव्यवस्थाप्रति प्रतिवद्धता ब्यक्त भएको मुलुकको शिक्षाको गुणस्तर र कार्यसम्पादन परीक्षणको जस्तो नतिजा सार्वजनिक भएको छ त्यो सन्तोषजनक छैन। शिक्षा मन्त्रालयले मुलुक भरका ४०० बढि विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा घोषणा गरेको छ तर परीक्षणले उच्च श्रेणीका विद्यालयको सङ्ख्या जम्मा १० वटा मात्रै देखाएको छ। यसको अर्थ नमुना विद्यालयको कार्य सम्पादन पनि नमुनायोग्य छैन। २०६० देखि २०७० सालसम्म शिक्षामा वार्षिक बजेटको १६ देखि २० प्रतिशतसम्म छुट्ट्याउने गरिएको थियो। यो संविधान लागु भए पछिको अवस्थामा राष्ट्रिय बजेटको १०-११ प्रतिशत मात्रै छुट्टयाउने गरिएको छ। संघीय गणतन्त्रका १६ वर्षसम्मको शिक्षा, शिक्षा ऐन २०२८ ले नै निर्देशित गरेको छ। अर्को ऐन संसदमा कैद भएको छ। अब यो स्थिति कहिलेसम्म ? उत्तर नागरिकले खोज्नुपर्ने भएको छ।

समीक्षा

# भरतपुर महानगरपालिका वर्ष पुस्तक-२०७८



रमेश प्रभात*

*सामान्यतः वर्ष पुस्तक भनेको त्यो वर्षभित्र प्रकाशित पुस्तकहरूको सूची हो। प्रकाशकको अभावमा कतिपय लेखक स्वयम्ले किताब छपाउने र कतिपय पुस्तक बजारमा खोज्दा नभेटिने भएकाले यहाँ भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको पुस्तकालयमा दर्ता भएका किताबलाई यसको मुख्य स्रोत बनाइएको छ । त्यस्तै मसँग कुनै माध्यमबाट भेला भएका कृतिलाई मैले अर्को स्रोत बनाएको कुरा जानकारी गराउँछु। एउटा सानो लेख तयार पार्न योभन्दा बढी गर्न सकिएन । जानी जानी कसैलाई छुटाइएको छैन, अन्जानबस कसैका कृति छुटेको भए क्षमा माग्नु सिवाय मसँग अर्को विकल्प छैन।*

## १. उठान

विगतका तुलनामा नेपाली साहित्य यतिबेला निकै मौलाएको छ । त्यसमा चितवनको उपस्थिति पनि पहिलेको तुलनामा अझ सशक्त बन्दै गइरहेको छ भने भरतपुर महानगरको योगदान त्यसमा उल्लेखनीय देखिन्छ। साहित्यलाई भूगोलको सीमाभित्र बाँध्नु राम्रो काम होइन, तर पनि भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले भरतपुर महानगरपालिकाभित्र के कति स्रष्टाको बसोबास छ ? तिनीहरूको वर्षमा के कस्ता कृतिहरू प्रकाशित हुने गरेका छन् ? ती कृतिभित्र के कस्ता विषयवस्तु समेटिएका छन् ? भन्ने कुराको अभिलेख राख्न अग्रसर भएको कुरा भने सर्जकका लागि स्वागत योग्य कदम हो भन्ने लागेको छ। आफू पनि सर्जक भएको, बेलाबेलामा समीक्षामा पनि काम गरेको र कहिलेकाहीँ इतिहास लेखनमा पनि हात हालेको कारणले गर्दा इतिहास लेखनको यो सानो प्रयासका लागि गरिएको आग्रह टार्न नसकेका कारण यो लेख तयार भएको हो ।

## २. वर्ष पुस्तक छनोटका आधार

यो आलेखमा समेट्नका लागि भरतपुर महानगरपालिकाभित्र स्थायी रूपमा बसोबास गरेका स्रष्टाका कृतिलाई मुख्य आधार बनाइएको छ। भूगोललाई आधार बनाउँदा चितवन र यसको आसपासमा बस्दै आएका केही उम्दा सर्जक यसमा अटाउन सकेका छैनन् । भनिन्छ नि, पर्खाल लगाएपछि धेरै कुरा बाहिर पर्छ । यो आलेख पनि केही हदसम्म त्यस्तै हुन पुगेको छ । इतिहास लेखन भनेको एकै पटकमा पुरा हुने काम हुँदै होइन, त्यसो भनेर जानी जानी कसैलाई छुटाउनु भनेको सरासर धोका हो भन्ने मलाई राम्ररी थाहा छ। त्यसको प्रत्यक्ष भोक्ता म आफू पनि हुँ । यो कुनै ठुलो परियोजना नभएकाले घर घर चाहारेर कृति बटुल्न सकिएन । बजारमा भेटेजति किताब किनेर जम्मा पार्न पनि सकिएन । महानगरको पुस्तकालयमा दर्ता भएका किताब यसको मुख्य स्रोत हो भने मसँग कुनै माध्यमबाट भेला भएका कृति अर्को स्रोत हो । एउटा सानो लेख तयार पार्न योभन्दा बढी गर्न सकिएन । यसमा छुटेका कृतिलाई अर्को यस्तै लेखमा समेट्ने बाचा गर्छु म ।

---

* अध्यक्ष - अक्षर समूह चितवन ।

### ३. वि.सं. २०७८ मा प्रकाशित कृतिहरूको छोटो चिनारी

भरतपुर महानगरभित्र बसोबास गर्ने सर्जकका मेरो जानकारीमा आएका निम्न कृतिलाई सर्सती अध्ययन गरी यहाँ छोटो चिनारी दिने काम गरेको छु। यो छोटो आलेखमा विभिन्न वाद, समालोचना पद्धति वा विधा सिद्धान्तलाई आधार मानेर समीक्षा गर्न सकिएन। त्यो काम छुट्टा छुट्टै लेख लेखियो भने गरिएला। यहाँ कृतिकारलाई भन्दा पनि तिनका कृतिलाई निम्नानुसार चिनाउने काम गरिएको छ :

#### ३.१. '**रावणायन**'

चितवनका पाका स्रष्टा खनाल रेवतीरमणको रामायणकालीन पौराणिक कथावस्तुमा आधारित उपन्यास हो 'रावणायन'। यो उपन्यासमा पौराणिक पात्र रावणसँग सम्बन्धित पूर्वीय मिथकको पुनर्व्याख्या गरिएको छ। नेपाली साहित्यका पाठकलाई पौराणिक विषयको खोज गरी त्यसको पुनर्लेखन गर्ने काम यो कृतिमा उनले गरेका छन्। रावणका बारेमा गरिएको यो खोज 'माधवी' उपन्यासलाई सम्झाउने खालको छ। नेपाली समाजमा रावणलाई नीच भनेर हेप्ने गरिएको पाइन्छ। त्यति मात्र नभएर समग्र हिन्दु समाजमा रावणलाई केवल खराब पात्रका रूपमा मात्र लिने गरिन्छ। यस्तो साहित्यिक परम्परालाई तोड्दै रावणका सबलतालाई केलाएर नेपाली पाठकका माझमा पस्किनुलाई खनाल रेवतीरमणको पहिलो उपन्यासलेखनको उपलब्धि मान्न सकिन्छ। खनाल रेवतीरमणका 'रावणायन' उपन्यासबाहेक यही २०७८ मा 'जीवन र मृत्यु' नामक काव्य पनि प्रकाशित छ। यसमा जीवन र मृत्यलाई कविले हेर्ने दृष्टिकोण काव्यात्मक रूपमा आएको छ। त्यस्तै यसै वर्ष उनको 'बागी अक्षरहरू' नामक फुटकर कविताहरूको सङ्ग्रह पनि प्रकाशित भएको छ। लामो समय कृति प्रकाशनबाट टाढा रहेका खनालले एकै वर्ष तीनवटा कृति प्रकाशन गरी नेपाली साहित्यको भण्डार भर्ने काम गरेका छन्।

#### ३.२. '**शुक्लागण्डकी**'

चितवनका वरिष्ठ प्रगतिवादी कवि पोषराज पौडेलको दोस्रो महाकाव्य हो 'शुक्लागण्डकी'। साहित्य सङ्गम, चितवनले प्रकाशित गरेको यो महाकाव्यमा वर्गसङ्घर्ष, वर्तमान नेपाली राजनीति, सरकारका जनविरोधी गतिविधिको भण्डाफोरजस्ता कुराहरू आएका छन्। यदि सच्चिएर नजाने हो भने यो व्यवस्थाका विरुद्ध पनि आन्दोलन हुन्छ भन्ने भाव कविले यसमा अभिव्यक्त गरेका छन्। जम्मा बीस सर्गमा रचित यो महाकाव्य विविध छन्दको समुचित प्रयोग गरिएको छ। त्यस्तै गरी कवि पोषराज पौडेलको यही वर्ष ' जन्मदाता' शीर्षकको स्मृति काव्य पनि प्रकाशित भएको छ। यो काव्यमा आफूलाई जन्म दिने पिता र मातालाई गुमाउनुको पीडालाई काव्यात्मक रूपमा उतारेका छन्। विभिन्न छन्दको प्रयोग भएको यो काव्य शोककाव्यको बान्कीमा तयार पारिएको छ।

#### ३.३. '**तेल भिसा**'

कवि सुरेन्द्र अस्तफलको फुटकर कविताहरूको पछिल्लो सङ्ग्रह हो 'तेल भिसा'। यसमा जम्मा ४९ वटा फुटकर कविता समेटिएका छन्। जम्मा १०६ पृष्ठको आयतन ओगटेको यो कृतिमा कविताले ओगटेको आयतन भने मात्र ८६ पृष्ठ मात्र छ। यसभित्रका कवितामा विदेश पलायन र पुस्तान्तर, वृद्धावस्था उन्मुख जीवनका अनुभवहरू, राजनीति तथा मानवीय सम्बन्धका सूक्ष्मतम कडीहरूको चित्रण भएको पाइन्छ। त्यस्तै यो सङ्ग्रहमा कविले प्रेमका विविध रङहरू पनि पोतेका छन्।

#### ३.४. '**मोक्ष**'

कवि तथा आख्यानकार सिर्जन अविरलको पहिलो उपन्यास कृति हो 'मोक्ष'। यसमा जनयुद्धमा

होमिएका लडाकुहरू देशमा गणतन्त्र आएपछि क्यान्टोन्मेन्टमा बस्नुपरेको र उनीहरू अयोग्य लडाकु घोषित भएका कारण उनीहरूमा आएको मनोदशाको सुन्दर चित्रण गरिएको छ । त्यस्तै यसमा युद्ध र अध्यात्मको संयोजन पनि देखाउन खोजिएको छ । यसको शक्ति पनि यसको काव्यात्मक भाषा हो भने यसको सीमा पनि सोही काव्यात्मक भाषामा गरिएको संवाद नै हो । एउटा कविले लेखेको उपन्यास भएकाले यसमा सबै खालका पात्रले उस्तै खालका काव्यात्मक संवाद बोलेका छन् ।

३.५. '**मोम्चो**'

साहित्यकार तथा सञ्चारकर्मी वसन्त पराजुलीको दोस्रो कथासङ्ग्रह हो 'मोम्चो' । भुँडी पुराण प्रकाशन, काठमाडौँले प्रकाशित गरेको यो कथाकृतिभित्र विविध भावका एघार वटा कथाहरू समेटिएका छन् । यस कृतिमा सङ्कलित कथाहरूमा स्थानीय चेपाङ जातिको संस्कृति समेटिएको 'मोम्चो' कथाले आञ्चलिकता बोकेको छ भने अन्य कथाले पनि यहाँको भूगोल, संस्कृति तथा जीवनमूल्य बोकेको पाइन्छ ।

३.६. '**स्मृतिका नदीहरू**'

प्रगतिवादी स्रष्टा रामहरि श्रेष्ठको नियात्रा कृति हो 'स्मृतिका नदीहरू' । विद्या श्रेष्ठ प्रकाशक र सम्पूर्ण किताब, नारायणगढ वितरक रहेको यो कृतिमा लेखकका अस्ट्रेलिया भ्रमणका अनुभूतिहरू समेटिएका छन् । दुई खण्डमा विभाजित यो कृतिको पहिलो खण्डमा अस्ट्रेलियासँग सम्बन्धित त्रिचालीस वटा नैबन्धिक रचनाहरू समेटिएका छन् भने दोस्रो खण्डमा समेटिएका नौ वटा निबन्धमा अस्ट्रेलियाबाट इन्डोनेसिया र बाली भ्रमण गर्दाका यादहरू समेटिएका छन् । यसरी कूल बाउन्न वटा निबन्धहरूको सङ्ग्रह बनेको यो कृति अस्ट्रेलिया निस्कन चाहनेका लागि उपयोगी सामग्री बनेको पाइन्छ ।

त्यस्तै गरी उनको 'भुल्न नसकिएका अतीत' शीर्षकको माओवादी जनयुद्धका इतिहाससँग सम्बन्धित पुस्तक पनि प्रकाशित भएको छ । साहित्य सङ्गम, चितवनद्वारा प्रकाशित उक्त पुस्तकमा भुल्न नसकिएको अतीत शीर्षकमै तेईसवटा संस्समरणात्मक लेखहरु समेटिएका छन् ।

३.७. '**उज्यालोतिर**'

वरिष्ठ शिक्षासेवी टीकाराम रेग्मीको शिक्षालाई केन्द्रमा राखेर तयार पारिएको उपन्यास हो 'उज्यालोतिर' । सुनवर्षी बुक हाउस, काठमाडौँले प्रकाशन गरेको आकारका हिसाबले केही ठुलो यो उपन्यासमा पचास वटा विभिन्न स-साना खण्डमा विविध विषयवस्तुको उठान गरिएको छ । यसभित्र उठाइएका ती शीर्षकहरूमा शिक्षा र समाजलाई केन्द्रमा राखिएकाले शिक्षक बनिसकेका र बन्न चाहनेहरूका लागि निकै उपयोगी बनेको छ ।

३.८. '**योद्धा**'

लामो समय शिक्षण पेसामा बिताएका यदुनाथ भट्टराईको पहिलो औपन्यासिक कृति हो 'योद्धा' । लमजुङमा जन्मी त्यही भूगोलमा हुर्केका भट्टराई दश वर्षे जनयुद्धलाई आफैँले प्रत्यक्ष रूपमा भोग्ने एउटा भोक्ता पनि हुन् । त्यति मात्र होइन, उक्त युद्धका सिलसिलामा उनले आफ्नो छोरा पनि गुमाए । यसरी आफूले आस्था गरेको कम्युनिष्ट पार्टी वर्तमानमा स्खलित हुँदै गएको अवस्थामा छ । आफूले जीवनभर आस्था राखेको उक्त पार्टीप्रति असीम आस्था देखाउँदै जनयुद्धलाई जनताको भरोसाको केन्द्रका रूपमा लिँदै उनले यो उपन्यास तयार गरेका छन् । यसमा लमजुङ, तनहुँ र गोरखाको भूगोलको पनि सुन्दर चित्रण गरिएको छ । आकारमा केही ठुलो भए पनि यसको वर्णन भने मनमोहक छ ।

३.९. '**निसमालोचना**'

कविता तथा समालोचनामा छुट्टै पहिचान बनाएका डा. एकनारायण पौड्यालको समालोचना सिद्धान्त र प्रयोग समेतलाई लिएर तयार पारिएको समालोचनात्मक कृति हो 'निसमालोचना' । यसमा नैबन्धिक समालोचनाको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दै छवटा साहित्यिक कृतिहरूका बारेमा समालोचना समेत प्रस्तुत गरिएको छ। ती समालोचनाको ढाँचाका कारण यो कृति समालोचनाका क्षेत्रमा लाग्न चाहने नवागन्तुकहरूका लागि उपयोगी सामग्री बनेको छ।

३.१०. '**बुद्धका पाइला पछ्याउँदै**'

नियात्रामा कलम चलाइरहेका पूर्णबहादुर अधिकारीको नियात्रा कृति हो - 'बुद्धका पाइला पछ्याउँदै' । भुँडी पुराण, प्रकाशन काठमाडौंले प्रकाशन गरेको यो कृतिमा अस्ट्रेलिया, नेपाल र भारतका विभिन्न स्थानका भ्रमणसँग सम्बन्धित नियात्रा समेटिएका छन् । जम्मा सोह्र वटा नियात्रा समेटिएको यो कृति इतिहास वर्तमानको सङ्गम बनेको छ। यसले ती स्थानको भूगोल र संस्कृति राम्रोसँग उतारेको छ।

३.११. '**इस्कोबको यात्रासंस्मरण**'

संस्थागत विद्यालय समन्वय बोर्ड (इस्कोब)ले वि.सं. २०७६ साल पुस २६ गतेदेखि संस्थासँग सम्बद्ध ४९ जना व्यक्तिलाई सामेल गराई तय गरिएको यात्रालाई विषयवस्तु बनाएर भगवती अर्याल पाण्डेले तयार पारेको यात्राविषयक निबन्धात्मक कृति हो 'इस्कोबको यात्रासंस्मरण' । यसभित्र पन्ध्रवटा छोटा छोटा चार दिने थाइल्याण्डको भ्रमणका विवरणहरू समेटिएका छन् भने त्यसमध्ये एउटामा सातवटा उपशीर्षक पनि राखिएको छ । यसलाई सर्जकले यात्रासंस्मरण भनेको भए पनि समग्रमा यो यात्रा विवरण मात्र बनेको छ। जे भए पनि शिक्षा क्षेत्रमा लागेका सामान्य पाठकको लागि भने यो सामग्री पठनका लागि खुराक बन्न सक्ने देखिन्छ।

३.१२. '**जितिया पावनी**'

स्व. कलानाथ अधिकारीद्वारा सम्पादित थारू भाषाको धर्मग्रन्थ 'जितिया पावनी' (२०१६) को नेपाली रूपान्तर हो 'जितिया पावनी'। यो कृतिका अनुवादक हुन् - बाबुराम पाण्डे । चितवनको भरतपुर -१२ मा स्थायी बसोबास गर्ने पाण्डेको यो अनुवाद कृतिको प्रकाशक भने त्रिवेणी साहित्य प्रतिष्ठान, नवलपरासी हो । यो कृतिको पहिलो खण्डमा कलानाथ अधिकारीद्वारा सङ्कलित सम्पादित थारु भाषाको सामग्री राखिएको छ भने दोस्रो खण्डमा बाबुराम पाण्डेद्वारा गरिएको अनुवाद समेटिएको छ । यसर्थ यो कृति एक तीर दुई निसाना भनेजस्तै भएको छ। अनुसन्धानमा लाग्न चाहने व्यक्तिका लागि यो बहुउपयोगी सामग्री हो भने थारु जातिका लागि पनि त्यत्तिकै उपयोगी सामग्री हो। यसको साहित्यिकभन्दा पनि सांस्कृतिक महत्त्व बढी देखिन्छ।

३.१३. '**श्रीशिव शतक**'

चितवनका छन्देली कवि कृष्णशरण उपाध्यायको शिव महिमालाई आधार बनाएर तयार पारिएको कविता कृति हो 'श्रीशिव शतक' । गोरखा पब्लिकेसन्स प्रा.लि., काठमाडौं प्रकाशन गरेको यो कविता कृतिमा भगवान् शिवलाई केन्द्रमा राखेर विविध भावहरू प्रस्तुत गरिएको छ । आफूलाई निम्बार्क सम्प्रदायबाट दीक्षित भएको बताउने कवि उपाध्यायले यो कृतिमा भने शिवस्तुतिलाई मुख्य भाव बनाएर १०१ वटा फुटकर कविता रचना गरेका छन्। यसभित्र शास्त्रीय छन्दको मनोरम प्रयोग भएको छ । यसबाहेक कवि कृष्णशरण उपाध्यायका यसै वर्ष 'अनुरोध', 'कर्णाधार', 'रक्ताश्रु', 'पल्लव', 'वन्दना', 'अनेक प्रश्न', 'अवधूत' जस्ता थप सातवटा फुटकर कविता कृतिहरू पनि एकै साथ प्रकाशित भएका छन् । कतिपय कविका एक दशकमा एउटा कृति पनि आउँदैनन्, तर उनको वि.सं. २०७८ मा मात्रै एकै वर्षभित्र एकैचोटि आठ आठ वटा

कविताका कृति सार्वजनिक भएका छन् । यो कविको सङ्ख्यात्मक उपलब्धि त पक्कै हो । यतिमा उनले सन्तुष्टि मानिहाल्नु उपयुक्त हुन्न, बरु उनी गुणात्मक उपलब्धितर्फ लाग्न सकेमा उनीबाट नेपाली साहित्यले पक्कै गतिलो प्राप्ति गर्न सक्ने देखिन्छ ।

३.१४. '**सम्झनाका पलहरू**'

वरिष्ठ समाजसेवी प्रभातकुमार जोशीको संस्मरणात्मक निबन्धहरूको सङ्गालो हो 'सम्झनाका पलहरू' । फुटकर कविता, गीत, गजलमा रमाएर बस्ने गरेका जोशीको पहिलो एकल कृतिका रूपमा यो कृति आएको छ । यसमा लेखकले जीवनमा देखेभोगेका कुराहरूको सम्झना गरेका छन् । यसभित्र विभिन्न व्यक्तिसँगका संस्मरण अटाएका छन् । त्यस्तै यसभित्र शिक्षा, व्यापार, समाजसेवा, कला, साहित्यजस्ता विविध विषयवस्तुहरू पनि समेटिएका छन् । यसको प्रकाशन नारायणी कलामन्दिर, नारायणगढले गरेको हो ।

३.१५. '**विभावना**'

साहित्यकार रह शर्माको विविध भावका लेखहरूको सङ्कलन हो 'विभावना' । बि.एन. पुस्तक संसार प्रा.लि., काठमाडौँले प्रकाशन गरेको यो पुस्तकमा विभिन्न चारवटा खण्डहरू रहेका छन् । पहिलो खण्डमा लेखकका विविध विषयसँग सम्बन्धित दशवटा दृष्टिकोणहरू समेटिएका छन् भने दोस्रो खण्डमा एघारवटा संस्मरणात्मक रचनाहरू छन् । त्यस्तै विसङ्गति शीर्षक दिइएको तेस्रो खण्डमा एघारवटा वैचारिक लेखहरू समेटिएको पाइन्छ भने अनुभूति शीर्षक दिइएको चौथो खण्डमा दशवटा अनुभूतिपरक निबन्धहरू समेटिएका छन् । यसरी यो कृति कतै निबन्धजस्तो, कतै लेखजस्तो र कतै अनुभूतिजस्तो मिश्रित रूपमा आएको छ ।

३.१६. '**प्रश्न**'

नेपाली साहित्यका पुरानोदेखि नयाँ पुस्ताका क्रियाशील छजना स्रष्टाहरूसँग उदय अधिकारीले गरेको अन्तर्वार्ताहरूको सङ्ग्रह हो 'प्रश्न' । शिखा बुक्स, काठमाडौँले प्रकाशित गरेको यो कृति विभिन्न पत्रपत्रिकामा पहिले छापिएका अन्तर्वार्तालाई खोजखाज गरेर तयार पारिएको हो । नेपाली साहित्यका वरिष्ठ समालोचक तथा सर्जक डा. अभि सुवेदी, वरिष्ठ आख्यानकार नारायण ढकाल, वरिष्ठ कवि, आख्यानकार तथा नाटककार सरुभक्त, वरिष्ठ कवि श्यामल, शक्तिशाली कवि श्रवण मुकारुङ तथा युवाकवि मनु मञ्जिलसँग गरिएका अन्तरङ्ग कुराकानीहरू यसमा समेटिएका छन् । यो कृतिलाई सर्सर्ती हेर्दा यसमा प्रश्नका तुलनामा उत्तर गहकिला छन् । यसर्थ यो कृति प्रश्न नभएर उत्तरहरूको सङ्गालो बनेको छ । यसका सङ्कलक निःसन्देह उदय अधिकारी हुन् भने यसका सर्जक तिनै छजना उत्तरदाताहरू हुन् । यसलाई आफ्नो एकल कृति बनाउन वार्ताकार उदय अधिकारीले निकै मेहनत गनुपर्ने देखिन्छ ।

३.१७. '**पर्खाल**'

नयाँ पुस्ताको नारी स्रष्टा इन्दिरा पौडेल मरहट्टाको पहिलो उपन्यास कृति हो 'पर्खाल' । कृष्णलाल पौडेलले प्रकाशन गरेको यो कृतिले वैदेशिक समस्याको चित्रण गरेको छ । यायावर प्रवृत्तिको आनन्द थापाको जीवन कथामा उनिएको यो उपन्यासमा वैदेशिक रोजगारीमा गएको व्यक्ति जेल परेको, परिवारसँग सम्पर्क टुटेको, परिवारमा छोरी र पत्नीको मृत्यु भएको र बालक छोराले अपार दुःख पाएर विभिन्न हण्डर र ठक्कर खाएको कथा उनिएको छ । यसमा कतै पत्रात्मक र कतै व्याख्यात्मक शैलीको उपयोग गरिएको छ ।

३.१८. '**मनकली**'

नयाँ पुस्ताको अर्की नारी स्रष्टा विमला अधिकारी देवकोटाको पहिलो उपन्यास कृति हो '

मनकली' । इन्डिगो इन्क, काठमाडौँले प्रकाशन गरेको यो उपन्यासले समकालीन जीवनका समस्याको चित्रण गरेको छ । विशेषतः नारी समस्यामा केन्द्रित यो उपन्यासको मुख्य पात्र मनकली हो । निम्न मध्यम वर्गीय समाजमा हुर्केकी मनकलीले भोगेका कष्टकर जीवनको मार्मिक चित्रण यो उपन्यासमा पाइन्छ । यसर्थ यो उपन्यास नारीकेन्द्री उपन्यास बनेको छ ।

३.१९. '**यात्रा-अनुस्मृति**'

चितवनका पाका समीक्षक तथा सर्जक प्रा. कपिल अज्ञातद्वारा लिखित तथा त्रिवेणी साहित्य प्रतिष्ठान, नवलपरासीद्वारा प्रकाशित संस्मरणात्मक कृति हो 'यात्रा-अनुस्मृति' । सिर्जना र समीक्षामा निरन्तर क्रियाशील अज्ञातका यसअघि डेढ दर्जन कृति प्रकाशित भइसकेका छन् । उनको यस कृतिमा दश वटा नैबन्धिक रचनाहरू सङ्कलित छन् । तिनीहरूमध्ये केहीमा यात्रा वर्णन पाइन्छ भने केहीमा संस्मरण भेटिन्छ, त्यसैले यो कृति यात्रा र संस्मरणको मिश्रित रूप बनेको छ ।

३.२०. '**महिना र ऋतु**'

डा. हेमनाथ घिमिरेको बालसाहित्यको कृति हो 'महिना र ऋतु' । भरतपुर महानगरपालिका वार्ड नं. २० मा स्थायी बसोबास भएका स्रष्टा घिमिरे पेसाले इन्जिनियर हुन् । उनी नेपाली कविता, गीत तथा बालसाहित्यमा निरन्तर क्रियाशील छन् । उनको यो कृतिमा बाह्र महिना र छ वटा ऋतुसँग सम्बन्धित विषयलाई लिएर बालबालिकाले बुझ्ने गरी दुई वटा खण्डमा अठार वटा शीर्षकमा कवितात्मक बान्की प्रस्तुत गरिएको पाइन्छ । यस्तै उनको सोही वर्ष बालसाहित्यको अर्को कृति 'बादलपानी' पनि प्रकाशित छ । यो बालकविताभित्र विविध भावका एक दर्जन बालकविता समेटिएका छन् । यी बालकविताहरू बालबालिकाका लागि निकै उपयोगी देखिन्छन् ।

३.२१. '**मभित्रको म**'

चितवनका समाजसेवी तथा व्यापारी नारायणप्रसाद शर्माको संस्मरणसङ्ग्रह हो 'मभित्रको म' । व्यक्तिगत रूपमा लायन बालगोपाल चुकेले प्रकाशित गरिदिएको यो कृतिमा जम्मा सोह्र वटा संस्मरणहरू समेटिएको पाइन्छ । यो कृति मूलतः लायन्स क्लबका व्यक्तिहरूको संस्मरणमा केन्द्रित रहेको छ । त्यो बाहेक यसमा यात्राका कुरा र बाल्यकालीन अनुभूति पनि समेटिएको पाइन्छ ।

३.२२. '**रङ्गमञ्चका पाँच तरङ्ग**'

चितवनका पाका स्रष्टा कृष्णप्रसाद पण्डितको पाँचवटा लघुनाटकको सङ्ग्रह हो 'रङ्गञ्चका पाँच तरङ्ग' । यसभित्र चाहना, प्रतिद्वन्द्वी, आकाशे गाउँमा सिंचाइ, युगले लखेटेको आत्माहरु देवघाटमा र सुशीला शीर्षकका सामाजिक नाटकहरु समावेश गरिएका छन् । नाटक भनिएको भए पनि छोटाछोटा खालका नाटकहरु छन् । यी लघुनाटका घटीमा तीनदेखि बढीमा छवटा दृश्यहरुको योजना गरिएको पाइन्छ ।

यसरी वि.सं. २०७८ मा भरतपुर महानगरपालिकाभित्र स्थायी बसोबास गर्ने सर्जकहरूले कविता, कथा, उपन्यास, निबन्ध, नियात्रा, महाकाव्य, बालकविता, लोकसाहित्य, संवार्ता, समालोचनाजस्ता विविध विधाका कृतिहरू प्रकाशित गरेको देखिन्छ । यस्ता कृतिले नेपाली साहित्यको भण्डार भर्ने काम मात्र नगरी नेपाली साहित्यलाई अग्रगतिमा लैजाने काम पनि गरेको देखिन्छ ।

**४. वि.सं. २०७८ का कृतिको उपलब्धि**

भरतपुर महानगरका स्रष्टाले वि.सं. २०७८ मा कविता, कथा, उपन्यास, निबन्ध, नियात्रा, महाकाव्य, बालकविता, लोकसाहित्य, संवार्ता, समालोचनाजस्ता विविध खालका कृतिहरू प्रकाशित गराए । नेपाली साहित्यको भण्डारमा खजाना भर्ने काम गरेका ती

कृतिहरूमध्ये केही कृति विशेष पनि बनेका छन् । त्यस्ता विशेष खालका कृतिले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई निम्न बुँदामा समेटिएको छ :

- रामायण कालीन पौराणिक मिथकमा आधारित उपन्यास 'रावणायन'ले खलपात्रका रूपमा चित्रण गरिने गरेको रावणका बारेमा नयाँ धारणा प्रस्तुत गर्दै मिथकको पुनर्व्याख्या गरेको
- अस्ट्रेलिया यात्राको सम्झनामा तयार पारिएको 'स्मृतिका नदीहरू'ले यात्रा र संस्मरणलाई सामान्य पाठकसम्म सहज तरिकाले पुऱ्याएको
- नेपाली साहित्यका विभिन्न स्रष्टासँग विविध विषयवस्तुमा सोधेर तयार पारिएको बहुल लेखकको कृति भन्न मिल्ने अन्तर्वार्ताको कृति ' प्रश्न' संवार्ताको उपयोगी सामग्री बनेको
- शिक्षालाई मुख्य अभिष्ट बनाई तयार पारिएको उपन्यास 'उज्यालोतिर'ले पुरातनभन्दा फरक विषयको उठान गरेको
- नेपाली समालोचनाका क्षेत्रमा चलनचल्तीमा भएको परिपाटीभन्दा फरक खालको समालोचना सिद्धान्तको उठान गरी त्यसको प्रयोग समेत गरिएकाले 'निसमालोचना' नमुना बनेको
- नेपाली कवितामा प्रवासलाई सपनाको सहरका रूपमा हेर्ने गरिएकोमा बाबुआमालाई घरेलु सहयोगीका रूपमा लगिने नयाँ दृष्टिको प्रयोग गरिएकाले 'तेल भिसा' फरक खालको कविता बनेको
- कृष्णप्रसाद पण्डितको 'रङ्मञ्चका पाँच तरङ्ग' शीर्षकको कृतिले पछाडि परेको नाटकलाई अगाडि बढाएको
- माओवादी जनयुद्धलाई सम्झना गर्दै रामहरि श्रेष्ठले 'भुल्न नसकिएको अतीत' शीर्षकको इतिहाससँग सम्बन्धित पुस्तक निस्केको
- नेपालमा दश वर्षसम्म चलेको जनयुद्धलाई अध्यात्मसँग जोडेर हेरिएकाले 'मोक्ष' उपन्यास फरक खालको देखिएको ।

**५. बैठान**

नेपालीमा एउटा भनाइ छ हरेक व्यक्तिले आफ्नो स्थान आफैँले बनाउनुपर्छ । साहित्य व्यक्तिजस्तै हो कि होइन यो बहसको विषय हो । तर साहित्यले पनि आफ्नो स्थान आफैँ बनाउनु पर्छ । यतिबेला चितवन राजनीतिमा मात्र होइन, साहित्यमा पनि निकै अगाडि बढ्दै छ । नेपाली साहित्यले चितवनको हस्तक्षेपलाई स्वीकार गनुपर्ने स्थिति पक्कै सिर्जना भएको छ । सिर्जना र समालोचना दुबैमा यो स्थिति देखिन्छ । वि.सं. २०७८ का भरतपुर महानगरका पुस्तकलाई हेर्दा यस्तो स्थिति सिर्जना गर्न भरतपुर महानगरपालिकाभित्र बसोबास गर्ने स्रष्टाको भूमिका अहम् देखिन्छ । यस्तो भूमिका निर्वाह गर्ने तमाम स्रष्टालाई सलाम गर्दै कलम रोक्न चाहन्छु । शुभमस्तु ।

**सन्दर्भ सामग्री सूची**


अज्ञात, कपिल, २०७८, **यात्रा-अनुस्मृति**, नवलपरासी : त्रिवेणी साहित्य प्रतिष्ठान ।

अधिकारी, उदय, २०७८, **प्रश्न**, काठमाडौँ : शिखा बुक्स ।

अधिकारी, पूर्णबहादुर, २०७८, **बुद्धका पाइला पछ्याउँदै**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

अविरल, सिर्जन, २०७८, **मोक्ष**, काठमाडौँ : साङ्ग्रिला बुक्स ।

अस्तफल, सुरेन्द्र, २०७८, **तेल भिसा**, काठमाडौँः शिखा बुक्स ।

उपाध्याय, कृष्णशरण, २०७८, **अनुरोध**, काठमाडौँ : गोरखा पब्लिकेशन्स प्रा.लि. ।

........, २०७८, **अनेक प्रश्न**, काठमाडौँ : गोरखा पब्लिकेशन्स प्रा.लि. ।

........, २०७८, **अवधूत**, काठमाडौँ : गोरखा पब्लिकेशन्स प्रा.लि. ।

........, २०७८, **कर्णाधार**, काठमाडौँ : गोरखा पब्लिकेशन्स प्रा.लि. ।

........, २०७८, **पल्लव**, काठमाडौँ : गोरखा पब्लिकेशन्स

प्रा.लि. ।
........, २०७८, **रक्ताश्रु**, काठमाडौँ : गोरखा पब्लिकेशन्स प्रा.लि. ।
........, २०७८, **वन्दना**, काठमाडौँ : गोरखा पब्लिकेशन्स प्रा.लि. ।
........, २०७८, **श्रीशिव शतक**, काठमाडौँ : गोरखा पब्लिकेशन्स प्रा.लि. ।
खनाल, रेवतीरमण, २०७८, **जीवन र मृत्यु**, नवलपरासी : त्रिवेणी साहित्य प्रतिष्ठान ।
........, २०७८, **बागी अक्षरहरू**, चितवन : साहित्य सङ्गम ।
........, २०७८, **रावणायन**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।
घिमिरे, हेमनाथ, २०७८, **बादलपानी**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।
........, २०७८, **महिना र ऋतु**, चितवन : लीलामाया घिमिरे ।
जोशी, प्रभातकुमार, २०७८, **सम्झनाका पलहरू**, नारायणगढ : नारायणी कला मन्दिर ।
देवकोटा, विमला अधिकारी, २०७८, **मनकली**, काठमाडौँ : इन्डिगो इन्क ।
पण्डित, कृष्णप्रसाद, २०७८, रङ्गमञ्चका पाँच तरङ्ग, नवलपरासी : त्रिवेणी साहित्य प्रतिष्ठान ।
पराजुली, वसन्त, २०७८, **मोम्चो**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।
पाण्डे, बाबुराम, २०७८, **जितिया पावनी**, नवलपरासी : त्रिवेणी साहित्य प्रतिष्ठान ।
पाण्डे, भगवती अर्याल, २०७८, **इस्कोबको यात्रा संस्मरण**, चितवन : संस्थागत विद्यालय समन्वय बोर्ड ।
पौडेल, एकनारायण, २०७८, **निसमालोचना : सिद्धान्त र प्रयोग**, चितवन : भाषा, कला तथा संस्कृति प्रतिष्ठान नेपाल ।
पौडेल, पोषराज, २०७८, **जन्मदाता**, चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका ।
........, २०७८, **शुक्ला गण्डकी**, चितवन : साहित्य सङ्गम ।
भट्टराई, यदुननाथ, २०७८, **योद्धा**, चितवन : दीपक ढकाल, विमला भट्टराई ।
मरहट्ठा, इन्रि पौडेल, २०७८, **पर्खाल**, चितवन : कृष्णलाल पौडेल ।
रेग्मी, टीकाराम, २०७८, **उज्यालोतिर**, काठमाडौँ : सुनवर्षी बुक हाउस ।
शर्मा, नारायणप्रसाद, २०७८, **मभित्रको म**, नारायणगढ : बालगोपाल चुके ।
शर्मा, रह, २०७८, **विभावना**, काठमाडौँ : बि.एन. पुस्तक संसार ।
श्रेष्ठ, रामहरि, २०७८, **स्मृतिका नदीहरू**, चितवनः विद्या श्रेष्ठ ।
........, २०७८, भुल्न नसकिएको अतीत, चितवन : साहित्य सङ्गम ।

卐

कविता

# चम्पानगरी



तुलसी पण्डित*

यो चम्पानगरी छ चित्रवनको टुक्रा कलेजो सरि
मान्छे दङ्ग परेर बस्छ सपना साँचेर आँखाभरि
बाला झुल्दछ धानका र गहुँका घोगा मकै सुन्दर
नेपाली मन लोभिने जमिन यो माटो छ झन् उर्वर ।

धारा छुट्छ तरर्र तर्र पसिना यो खेत बारी भरि
मेवा आँप लिची जुनार निबुवा उस्तै छ केरा घरी
यो माटो छ र आज चित्रवनको नेपालमै साख छ
नेपाली मन लोभिने जमिन यो सम्मोहनी काख छ ।

बाक्लो जङ्गल पर्छ थोर नजिकै गैँडा त्यतै चर्दछन्
बस्छन् बाघ बनेल चित्तल यतै हात्ती यहीँ झर्दछन्
खेल्छन् वानर भालु घोरल यहीँ गोही अनेकौँ थर
उफ्रिन्छन् मृगका बथान वनमा फुर्केर आफ्नै घर ।

हेर्दै खूब रमाइलो छ वन यो झैँ स्वर्गको कानन
चारैतर्फ घुमाउँदा नयन यी फुर्किन्छ मेरो मन
मान्छेको मनमुग्ध पार्न नमुना यो बाटुली पोखरी
हेरी यो मन हुन्छ फुर्फुर सधैँ मानौँ कि चङ्गा सरि ।

राप्ती सल्सल बग्दछिन् अनि उता नारायणी बग्दछिन्
खाँचो के छ म टारिदिन्छु जसरी बग्दै यतै झर्दछिन्
यस्तो यो रमणीय ठाउँ सजिलै बिर्सेर जानेँ कता
आऊ बान्धव बन्धु हो सब जना हाँसेर खेलौँ यता ।

* पूर्व शिक्षक ।

समीक्षा

# वर्तमानमा चितवनको बालसाहित्य



रह शर्मा*

**विषयप्रवेश**

बालसाहित्यको वर्तमान अवस्था कस्तो छ, यसलाई अझ कसरी व्यापक बनाउन सकिन्छ ? भन्ने खास गरी चितवन र अझ भरतपुर महानगरपालिका क्षेत्रका सामान्य विवेचनासहित चर्चा-परिचर्चा गर्नु बालसाहित्यलाई महत्त्व दिनु हो । वर्तमानमा बालसाहित्यमा विशेष रुचि राखेर त्यसैको सेरोफेरोमा सिर्जना गर्न अभिप्रेरित गर्नु पनि यस आलेखको अभिप्राय हो । विभिन्न सङ्घ-संस्थाहरूको माध्यमबाट बालबालिकाको वृद्धि विकासको निमित्त क्षमता अभिवृद्धि गरी दक्ष र उच्च जनशक्ति निर्माणका निमित्त गरिएका सकारात्मक कार्यले पनि बालबालिकाभित्र अन्तर्निहित ज्ञान, सिप र दक्षता प्रस्फुटन हुन्छ । त्यसरी प्रस्फुटन भएको क्षमता पनि सिर्जनशील क्षमताको एउटा मुख्य अंश हो ।

राष्ट्रको उज्यालो भविष्य निर्माणको आधारस्तम्भ तयार गर्ने जनशक्ति बालबालिका हुन् । खासमा भन्दा तिनै बालबालिकालाई लक्षित गरी लेखिएका जुनसुकै विधाका लेखोट हुन्, ती बालसाहित्य हुन् । बालबालिकाको क्षमता अभिवृद्धि गराउने र नयाँ सिर्जनात्मक ज्ञानका निमित्त तिनीहरूलाई उनीहरूका मानसपटलमा घुसाउने उद्देश्यले प्रौढ वा बालबालिका जुनसुकैले लेखेका हुन्, त्यस सिर्जनशील साहित्य बालसाहित्य हो । मानवको जन्म भएपछि मानव स्वरूपको विकासको क्रममा हुने अङ्ग-प्रत्यङ्गमध्ये सर्वशक्तिवान् दिमागमा चेतनाको विकास सुरु हुँदा त्यहाँ नवीनतम, क्षमतावान र उन्नत ज्ञानको प्रवेश गराउन सके भोलिका देशका निधि बन्ने खालका वैज्ञानिक, अनुसन्धानवेत्ता वा उच्च तहका नागरिक बन्न सघाउ पुग्दछ । बालबालिकाहरूले श्रव्य-दृश्य हेरेर, पुस्तकहरू पढेर वा कथा-दन्त्यकथा आदि कसैले भनेको सुनेर ज्ञान हासिल गर्दछन् । त्यसैले उनीहरूको भावनात्मक विकासमा गहिरो प्रभाव पार्ने हुँदा त्यसरी पढ्ने, हेर्ने वा सुन्ने सामग्रीहरू वस्तुतथ्यमा आधारित हुनु उपयुक्त हुन्छ ।

**बालसाहित्यको सामान्य ऐतिहासिक पृष्ठभूमि**

बालसाहित्यका विश्लप्रसिद्ध लेखक हेन्स क्रिस्चियन एब्डर्सनका बालकृतिहरू नेपाली भाषामा अनुवाद भएपछि त्यसको सकारात्मक प्रभावले बालसाहित्य लेखनमा उल्लेख्य वृद्धि हुँदै गएको इतिहास छ । नेपालसँग सिमाना जोडिएको दार्जिलिङसँग पारस्परिक सम्बन्ध सुमधुर रहेको कारण त्यसै बेलातिर त्यहाँका पारसमणि प्रधानको बालसाहित्यप्रतिको मोहको प्रभाव नेपाली साहित्यकारहरूमा परेका कारण चक्रपाणि चालिसे, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, रमेश विकल, माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली हुँदै चूडामणि बन्धुसम्म सकारात्मक रूपमा परेको देखिन्छ । बालपत्रिका *बालक, कोपिला, मुना* आदि पत्रिकामा बालसामग्री प्रकाशित हुँदै जाँदा पनि बालसाहित्य फस्टाउँदै गएको हो ।

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

बालबालिकालाई कसरी असल शिक्षा दिन सकिन्छ र कसरी पाठशालाहरूको स्थापना गर्न सकिन्छ? भन्ने मात्र होइन बालबालिकालाई खुसीसाथ पढ्न सक्ने खालका पुस्तक लेख्न र प्रकाशनसमेत कसरी गर्न सकिन्छ भनेर गहन चिन्तन-मनन गर्ने दूरदर्शी बालसर्जक बझाङी राजा जयपृथ्वीबहादुर सिंह नेपाली बालसाहित्यका सूत्रधार हुन् भन्दा अत्युक्ति हुँदैन । २०४४ सालमा गठन भएको "नेपाल बालसाहित्य समाज"ले अहिलेसम्म बालबालिकालाई साहित्य सिर्जनामा अभिप्रेरित गर्न निरन्तर लागिरहेको तथ्य हाम्रो सामु खडा छ। वर्ष-वर्षमा मुलुकका विभिन्न क्षेत्रमा बालसाहित्यका विषयविज्ञहरूको समूह पुगेर बालबालिकालाई साहित्यका विभिन्न विधामा समूहगत छलफल तथा अन्तर्क्रिया गरी बालसाहित्यको उन्नयनमा गरिएको कार्य प्रशंसनीय छ।

**बालसाहित्य लेखन र तिनले पार्ने प्रभाव**

बालसाहित्य लेखन संस्कृति र पठन संस्कृतिका लागि आशातीत विकास गराउन लेखनमा तथ्यको सहायता र पढ्न, सुन्न तथा दृश्यमार्फत् हेर्नसमेत पत्याउन नसक्ने खालका सामग्रीहरूले भर्भराउँदो दिमागलाई भ्रमित बनाइदिन सक्ने हुँदा त्यसतर्फ चनाखो हुनुपर्छ। हाम्रो समाज वर्सौंअगाडिदेखि धर्म, संस्कृति, जातजातिको आधारमा गरिँदै आएको भेदभाव, सामन्ती सोच र पुरातन संस्कारको उपज हो। यस्तो चिन्तन पुराना पुस्तामा त छँदै छ, त्यसको प्रतिबिम्ब भोलिका राष्ट्रका कर्णधार वर्तमानका आशा र भरोसाका मुना बालबालिकामा प्रतिबिम्बित भयो भने त्यो प्रत्युत्पादक हुँदैन, कसरी भन्ने ?

अग्रज पुस्तामा गढेर रहेका हरेक प्रकारका आस्था र विश्वासको होनहार भावी विकासका साझेदारको भूमिका निर्वाह गर्न उन्मुख बालबालिकाको मानसपटलमा त्यस्तै पुरातन सोच र चिन्तनको विकास हुन सक्छ। त्यसरी आधुनिक र वैज्ञानिक तथ्यपरक विषयभन्दा कल्पनाशील, अलौकिक र अपत्यारिला अन्धविश्वासले भरिएका विषयले मस्तिष्क भरियो भने त्यो समाज विकासको लागि बाधक हुन सक्छ।

समाज विकृत बनाउने शोषण, दमन, व्यभिचार, दूराचार, भ्रष्टाचारलगायतका असमान व्यवहारलाई भाग्य, कर्मको फल, ऊ जुनीको लेखान्तर, भावीको खेल आदिका कारणले भएका कुरा बालबालिकालाई विकसित हुँदै गरेका तिनको मस्तिष्कमा पऱ्यो भने त्यसको असर पक्कै पनि सकारात्मक हुन सक्दैन। यस्ता अप्रमाणित र अवैज्ञानिक, रूढी परम्परालाई बुझेर त्यसको हुबहु सिको गर्नभन्दा ग्रहण गर्न लायक ग्रहण गर्ने र ग्रहण गर्न नहुने तिरस्कार गर्न हिम्मत गर्न पर्नेमा आधुनिक विज्ञानसम्बन्धित विषयसमेत पढेर उच्चतम ज्ञान हासिल गरेको बुद्धिजीवीसमेत ठिक-बेठिकको पहिचान नगर्दा भावी कर्णधार बालबालिकाले कसरी त्यसको पहिचान गरी सकारात्मक प्रभाव पर्न सक्छ, त्यसप्रति पनि बालसाहित्यकारहरू सजग हुनु पर्दछ।

**चितवन र भरतपुर महानगपालिका क्षेत्रका बालसाहित्य उत्थानका सोपानहरू**

- बालबालिकाका हक-हितमा क्रियाशील हुने उद्देश्यले भरतपुर महानगरपालिकाले स्थानीय बालअधिकार कार्यविधि तयार गरी "नगर बालसञ्जाल" र "वडा बालसञ्जाल" को गठनका साथ बालमैत्री वडा घोषणाको क्रममा भएको जानकारी,
- क्षेत्रपुरस्थित "रामेश्वर पुस्तकालय" ले बालबालिकाको क्षमता विकासको लागि निबन्ध, वक्तृत्वकला र चित्रकला प्रतियोगिता गर्दै आएको, भरतपुर-१० स्थित "दोकानटोल" र "हिमालय मा.वि." चम्पानगरमा

"बालक्लब" गठन गरी बालबालिकालाई बालअधिकार तथा निर्धक्कसँग बोल्न सक्ने बनाउन गरेको प्रयास,

- "नेपाल बालसाहित्य समाज"को २७औं राष्ट्रिय सम्मेलन-२०७९ फागुन २४ र २५ गते भरतपुर महानगरपालिका प्रज्ञा-प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान काठमाडौं, रत्ननगर नगरपालिकासमेतको सहआयोजनामा "झुवानी सामुदायिक पुस्तकालय" र "झुवानी माध्यमिक विद्यालय"को स्थानीय आयोजना तथा राष्ट्रिय वाणिज्य बैङ्क, कोपिला नेपाल, थाङ फाउन्डेसन, रिड नेपाल, झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था, मृगकुञ्ज उपभोक्ता समितिको सहयोगमा भव्य र सभ्य रूपमा सुसम्पन्न भएको थियो । बालसाहित्यसम्बन्धी बाह्रवटा महत्त्वपूर्ण कार्यपत्र पेस भएको त्यस कार्यक्रममा बालसाहित्यको सन्दर्भमा शिक्षक तथा अभिभावकहरूसँग अन्तर्क्रिया, बालकथा लेखन कार्यशाला, बालकविता लेखन कार्यशाल, बालचित्र लेखन कार्यशाला, सुन्दर हस्त लेखन कार्यशाला र भित्तेपत्रिका लेखन कार्यशाला विभिन्न बालसाहित्यकारहरूद्वारा सञ्चालन भएको थियो । सम्मेलन अवधिभर ६०० भन्दा बढी बालपुस्तकहरूको प्रदर्शनीसमेत भएको थियो । कार्यपत्रले बालसाहित्यप्रति चाख राख्ने प्रौढ र कार्यशाला तथा पुस्तक प्रदर्शनीले लेखनमा जाँगर भएका बालबालिकालाई बालसाहित्यसम्बन्धी महत्त्वपूर्ण जानकारी प्राप्त भएको सन्दर्भ त्यस क्षेत्रका लागि उल्लेख्य कार्य हो ।
- भरतपुर-१३, चम्पानगरका कवि तुलसी पण्डितले *सारथी* बालपत्रिका डटकममा चार दर्जन जति बालकथा, *नमस्ते आधुनिक लघुकथा मञ्च*मा बालकथा प्रकाशित हुनुका साथै बोर्डिडमा पढाइने चार, पाँच र सात कक्षाको नेपाली पाठ्यपुस्तकमा बालकविता र बालकथा प्रकाशित भएको ।
- नमुना शर्मालाई बालसाहित्य पाण्डुलिपि पुरस्कार विशेष सम्मान, २०६३ ।
- कृष्णकुमारी पौडेल, भरतपुर-१३ को *कोपिला* (बालकवितासङ्ग्रह, २०६९) ।
- शुभमा न्यौपाने, भरतपुर-१० (सनराइज इङ्लिस स्कुलमा कक्षा सातमा अध्ययनरत) को 'मेरी आमा' (बालकविता, २०७८।०२।२३) *सेतो पाटी*मा प्रकाशित ।
- मिति २०७९।०६।०२ गते अक्षर समूह चितवनको आयोजना तथा ग्रिन्ल्याण्ड पब्लिक स्कुल, भरतपुर-१२ को सहआयोजनामा बालबालिकाका बिच भएको कविता वाचन प्रतियोगिता ।
- स्मल हेभेन स्कुल, भरतपुर-२, आँपटारीमा कक्षा नौमा अध्ययनरत छात्रा प्रशंसा पराजुलीले २०७९ फागुन अङ्कको *मुना* पत्रिकामा छापिएको उनको बालकविता खुसी हुँदै साथीहरूलाई वितरण गरिएको सन्दर्भ
- मिति २०७९ फागुन १५ को भ्यु चितवनको आयोजनामा बालिका सम्पदा चालिसे र बालक सम्यकराज चालिसेको संयुक्त अङ्ग्रेजी कवितासङ्ग्रह ***The Melody of Money*** विमोचनले बालसाहित्यप्रतिको अनुराग बढाएको क्षण ।
- लेखको आधारक्षेत्र चितवन र खासगरी भरतपुर महानगरपालिका भए तपानि महानगरलाई नारायणगढस्थित "सम्पूर्ण किताब घर" मार्फत् सिर्जनाको मूलथलोको रूपजस्तै ठानेर बालबालिकाका निमित्त उपयोगी पुस्तक *आँखाको नानी* (बालकविता), *नानीका गीत* (बालगीतिकविता), *वनभोज* (बालचित्रकविता), *नानीका कविता* (बालकविता), *नानीका गजल* (बालगजल) र *सयपत्री नानी* (बालगीत) लगायतका लेखक गोविन्दराज विनोदीको उनको राती सुत्ने ठाउँको महत्त्वभन्दा दिउँसो सक्रिय हुने ठाउँको महत्त्व कम होला भन्ने नलागेको सन्दर्भ ।

- अमेरिकामा रहेर बालसाहित्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएकी "अन्तर्राष्ट्रिय साहित्य समाज"को महासचिव विमला निरौला ढुङ्गाना पूर्व चितवन क्षेत्रको कुमरोजमा जन्मे-हुर्केको उनको मस्तिष्कमा बालसाहित्यसको विरुवा भने अङ्कुराउन नपाए तापनि उनको अहिलेको सक्रियताको प्रतिबिम्ब कुनै न कुनै रूपमा यस क्षेत्र अर्थात् चितवनमा पर्छ भन्ने ठम्याइ ।
- भरतपुर-२७, जानकी मा.वि. मेघौलीका बालबालिकाहरूको मनभित्र गुम्कित रहेको बोल्न, लेख्न, अन्य सामान्य ज्ञान र चैतन्य स्वरूपको चेतनाको प्रस्फुटन गर्न भएको अतिरिक्त क्रियाकलाप ।
- सोमेश्वर मा.वि. बरुवा, दिवाकर स्मृति मा.वि. रमाइलो डाँडा, जनजीवन मा.वि. अयोध्यापुरी र कृष्णनगर मा.वि. कृष्णनगर, माडीका स-साना बालबालिकाको क्षमता अभिवृद्धिका लागि नेपाली भाषाको 'भित्ते पत्रिका' प्रकाशनको निरन्तरतासहित अङ्ग्रेजीमा समेत प्रकाशनको प्रयास ।
- अर्जुन अस्तफल र तारा बरालका छिटपुट बालसामग्रीको प्रकाशन भएको सन्दर्भ ।

**चितवन र महानगरपालिका क्षेत्रका बालसाहित्यकारका विवरण**

- **अमर न्यौपाने**

| | | |
|---|---|---|
| जन्म मिति र स्थान | : | २०३४।१२।१४, पार्वतीपुर, चितवन |
| हाल | : | भरतपुर-१३, भरतपुर, चितवन |
| प्रकाशित बालसाहित्य | : | **कलिलो मन** (बालकथा), **भैंसी र माखा** (बालकथा)<br>**आमा र धरती** (बालकथा) |
| सम्मान तथा पुरस्कार | : | पारिजात बाल साहित्य पाण्डुलिपि पुरस्कार |
| संलग्नता | : | प्रज्ञा परिषद सदस्य, नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौं<br>आजीवन सदस्य, नेपाल बालसाहित्य समाज |

- **प्रा.डा. कर्णबहादुर बानियाँ**

| | | |
|---|---|---|
| साहित्यिक नाम | : | बानियाँ कान्छा |
| जन्म मिति र स्थान | : | २०१२।०२।११, बेनी न.पा.-५, म्याग्दी |
| हाल | : | भरतपुर-१२, राधाकृष्ण टोल |
| प्रकाशित बालसाहित्य | : | **अटेरी चल्लो**-२०४४ (बालकथासङ्ग्रह), धवलागिरी पुरस्कार प्रतिष्ठान, बागलुङ, **एक अनौठो जङ्गल**-२०४९ (बालकथासङ्ग्रह), विष्णुदेवी बानियाँ, म्याग्दी, **चकलेटको पोको**-२०६२ (बालकथासङ्ग्रह), साझा प्रकाशन, ललितपुर |
| सम्मान तथा पुरस्कार | : | सुकदेव-सुकमाया लामिछाने बालसाहित्य पुरस्कार |
| संलग्नता | : | प्राज्ञसभा सदस्य, भरतपुर महानगरपालिका प्रज्ञा-प्रतिष्ठान<br>आजीवन सदस्य - नेपाल बालसाहित्य समाज |

- **गोविन्दबहादुर कुँवर**

| | | |
|---|---|---|
| साहित्यिक नाम | : | माझारे माहिला, विप्लव शर्मा |

| | | |
|---|---|---|
| जन्ममिति र स्थान | : | २००८।०५।२६, सुन्दरबजार-८, भोटेओडार, लमजुङ |
| हाल | : | भरतपुर-०९, संगमचोक, शरदपुर, चितवन |
| प्रकाशित बालसाहित्य | : | **तातेताते**-२०५८ (बालगीत), साझा प्रकाशन |
| प्रकाशोन्मुख | : | **रमाइलो दसैं** (बालकविता), **भोक मिठो वैंस राम्रो** (बालकविता) |
| विभिन्न | : | **कान्तिपुर, अन्तरङ्ग, आदर्शसमाज**लगायत विभिन्न पत्रिकामा बालगीत र बालकविता प्रकाशित। |

- **जलेश्वरी श्रेष्ठ**

| | | |
|---|---|---|
| जन्म मिति र स्थान | : | २००३।११।०३, काठमाडौं, बटुटोल |
| विगत | : | भरतपुर-०५, लङ्कु, चितवन |
| हाल | : | बालुवाटार, काठमाडौ |
| प्रकाशित बालसाहित्य | : | **परीको घर** (बालकथासङ्ग्रह, २०६०), **मेहनती गौरी** (बालउपन्यास, २०६१), **तिसाको जन्मदिन** (बालकथासङ्ग्रह, २०६१), **सुनपरी** (बालउपन्यास, २०६३), **शान्ताको इच्छा** (लामो बालकथा, २०६५) |
| सम्मान तथा पुरस्कार | : | बालसाहित्य प्रतिष्ठान सम्मान-पत्र (२०६३), |
| संलग्नता | : | देवकुमारी थापा बालसाहित्य वनिता पुरस्कार र बन्दीपुर बालप्रतिभा पुरस्कारकी संस्थापक |
| विविध | : | केही बालरचनाहरू **मधुपर्क, गरिमा, बनिता** आदि पत्रिकामा प्रकाशित |

- **प्रभा आचार्य भट्टराई**

| | | |
|---|---|---|
| जन्म मिति र स्थान | : | २०२२।०७।१६, चुंदी, रम्घा, तनहुँ |
| ठेगाना | : | विगत : भरतपुर-२, मितेरीटोल, क्षेत्रपुर<br>हाल : भीमसेन थापा मार्ग, ताहाचल, काठमाडौं |
| प्रकाशित बालसाहित्य | : | **पोसिला कविता र मेरो सानोभाइ** (बालकविता) २०६०<br>**सन्तु र सुगा** (बालकथा) २०६१, **गीता-पापा** (बालकाव्य) २०६४<br>**शारदा अधिकारी** (जीवनी) २०६७, **सुनकेसरी मैयाँ** (बालकाव्य) २०६९<br>**करेसाबारीमा कमल** (चित्रकथा), २०७० र **रमाइलो गाउँ** (चित्रकथा) २०७१, **बुनुको झोला** (चित्रकथा) २०७१ र **गुडियाको बिहे** (चित्रकथा) २०७२, **माछा ! माछा ! माछा !** (चित्रकथा) २०७३ र **परीको माला** (चित्रकथा) २०७४, **मेरो घर** (चित्रकिताब) २०७४ र **आगो र पानी** (गीत किताब) २०७४, **रमाइलो यात्रा** (शब्दकिताब) २०७४, **मेरो एक दिन** (चित्रकथा) २०७४, **भोजको निम्तो** (चित्रकथा) २०७५ **घुम्न राजधानी** (चित्रकविता) २०७०, **धारा र पानी** (ई-बुक) २०७५, **यो पो जादू** (चित्रकथा) २०७५, अङ्ग्रेजीमा Bunu's Bag -२०७१ |
| सम्मान तथा पुरस्कार | : | रमेश विकल बालसाहित्य पुरस्कार<br>देवकुमारी थापा बालसाहित्य बनिता पुरस्कार |

| | | |
|---|---|---|
| संलग्नता | : | बालसाहित्य समाज (आजीवन सदस्य) |
| विविध | : | विभिन्न पत्रपत्रिकामा बालसाहित्यका लेख-रचनाहरू प्रकाशित |

- **रमेशकुमार श्रेष्ठ**

| | | |
|---|---|---|
| साहित्यिक नाम | : | रमेश प्रभात |
| जन्म मिति र स्थान | : | २०२९।०३।०६, पुर्कोट-३, खीरपानी, तनहुँ |
| हाल | : | भरतपुर-१५, मङ्गलपुर |
| प्रकाशित बालसाहित्य | : | **प्रायश्चित**-२०५२ (बालचित्रकथा), वातावरण संरक्षण मञ्च, काठमाडौं |
| विविध | : | **मुना, बालक**लगायत बालपत्रिकामा बालगीत तथा बालगजल प्रकाशित |

- **रविकिरण रेग्मी**

| | | |
|---|---|---|
| साहित्यिक नाम | : | रविकिरण निर्जीव |
| जन्म मिति र स्थान | : | २००३।०२।२९, अलैंचे, लमजुङ |
| हाल | : | भरतपुर-१२, मुनालचोक |
| प्रकाशित बालसाहित्य | : | **ऐंजेरु लागेको पीपल**-२०६३ (बालककाव्य), बाल क्लब, हिमालय मा.वि., चम्पानगर, चितवन |

- **रामकृष्ण अधिकारी**

| | | |
|---|---|---|
| साहित्यिक नाम | : | रामकृष्ण तारा |
| जन्म मिति र स्थान | : | २०१७।०५।०४, मध्यनेपाल न.पा.-४, लमजुङ |
| हाल | : | भरतपुर-१२, ओममार्ग |
| प्रकाशित बालसाहित्य | : | **सिर्जनाका कोसेलीहरू**-२०६६ (बालकविता), लेखनाथ अधिकारी |
| विविध | : | विभिन्न पत्रपत्रिकामा फुटकर बालकविताहरू प्रकाशित |

- **रेशम विरही**

| | | |
|---|---|---|
| जन्म मिति र स्थान | : | २००९।०८।०१, डाडाँगोब्रे, हर्मी, गोरखा |
| हाल | : | भरतपुर-१६, पश्चिम चितवन, रामपुर |
| प्रकाशित बालसाहित्य | : | **सुन्दर बस्ती**-२०६८ (बालकाव्य), विवेक सिर्जनशील प्रकाशन |

- **विद्या भण्डारी 'चिराग'**

| | | |
|---|---|---|
| जन्म मिति र स्थान | : | २०२३।०८।०१, तुलसीधारा, डल्लुटोल, काठमाडौं |
| हाल | : | भरतपुर-१२, पोखेली टोल |
| प्रकाशित बालसाहित्य | : | **इन्द्रेणीको गेट**-२०६२ (बालकविता), अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन, **हाटबजार**-२०७१ (बालकविता), साझा इ-शिक्षा पाटी, काठमाडौं, **चरीमाथि आकाशमा**-२०७१, साझा इ-शिक्षा पाटी, काठमाडौं |
| प्रकाशोन्मुख | : | **हजुरबा** (सचित्र बालगजल), **वर्षात्** (सचित्र बालकविता) |

- **शशिकिरण रेग्मी**

| | | |
|---|---|---|
| साहित्यिक नाम | : | रह शर्मा |
| जन्म मिति र स्थान | : | २००९।०८।०८, अलैंचे, लमजुङ |

| | | |
|---|---|---|
| हाल | : | भरतपुर-१०, दोकानटोल |
| प्रकाशित बालसाहित्य | : | **सेलरोटी**-२०६३ (बालकविता), प्रगतिशील लेखक सङ्घ, चितवन<br>**परेवाको खेल**-२०६९ (बालकविता), बि.एन. पुस्तक संसार, काठमाडौं<br>**म** (सचित्र बालकवितासङ्ग्रह), भुँडीपुराण प्रकाशन, काठमाडौं |
| सम्मान तथा पुरस्कार | : | प्रलेस मित्र बालसाहित्य पुरस्कार |
| संलग्नता | : | प्राज्ञसभा सदस्य, भरतपुर महानगरपालिका प्रज्ञा-प्रतिष्ठान<br>प्रलेस राष्ट्रिय परिषद् सदस्य<br>नेपाल बालसाहित्य समाज (आजीवन सदस्य) |
| विविध | : | विभिन्न बालसाहित्य सम्मेलनमा गोष्ठीपत्र प्रस्तुत |

- **श्रीकान्त कोइराला**

| | | |
|---|---|---|
| जन्म मिति र स्थान | : | २०२६ साल, गीतानगर गा.वि.स.-८, गीतानगर |
| हाल | : | भरतपुर-ट, पारसनगर |
| प्रकाशित बालसाहित्य | : | **बालसुसेली**-२०६९ (बालकविता), पल्लव साहित्य प्रतिष्ठान, चितवन |
| विविध | : | विभिन्न पत्रपत्रिकामा फुटकर बालकविताहरू प्रकाशित |

- **हरिहर खनाल**

| | | |
|---|---|---|
| जन्म मिति र स्थान | : | २६ जुलाइ १९४८, फल्याङकोट, कास्की |
| हाल | : | भरतपुर-१२, मालपोतचोक |
| प्रकाशित बालसाहित्य | : | विभिन्न पत्रपत्रिकामा प्रकाशित **फुटकर कथाहरू -** 'सेपमुनिको खेती', 'सिर्जनाको फूलबारी', 'राजुको फूलबारी', 'हजुरबाको अक्किल', 'गुराँस टिप्ने बालकहरू' |

- **इ.डा. हेमनाथ घिमिरे**

| | | |
|---|---|---|
| जन्ममिति र स्थान | : | २०२३, भदौ २१, बाहुनडाँडा, लमजुङ |
| हाल | : | भरतपुर-२०, चन्द्रनगर, चितवन |
| प्रकाशित बालसाहित्य | : | **बादलपानी**-२०७८ (बालकवितासङ्ग्रह)<br>**महिना र ऋतु**-२०६९ (बालकवितासङ्ग्रह) |

- **श्रीहरि शर्मा**

| | | |
|---|---|---|
| हाल | : | भरतपुर-२, क्षेत्रपुर चितवन |
| प्रकाशित बालसाहित्य | : | *फिस्टो र फर्सी* (सचित्र बालकथा, २०७४, असोज) भुँडी पुराण प्रकाशन। |

**सन्दर्भसामग्री सूची**

महानगर साहित्य दर्पण (२०७८), चितवन : भरतपुर महानगरपालिका।
रह शर्मा, 'चितवनमा बालसाहित्य', बालसाहित्य सम्मेलन कार्यपत्र-२०७९।
*बालसाहित्य सर्जक कोश-२०७९*, नेपाल बालसाहित्य समाज, काठमाडौं।
विभिन्न सम्बन्धित व्यक्ति तथा सूचनाका स्रोत।

卐

अनुभूति

# आशाको समानता



राधा पौडेल*

बाटुलो बाना परेको क्यानभासमा धुमैलो रंङ पोतेजस्तो अनुहार मुसुक्क मुस्कुराउँदा पानी परेपछिको हिमाल टल्केझैं झलल पर्ने अनार दाना जस्ता दाँत अनि त्यसकै छेउछेउमा मासको दाना अटाउने खाल्डो। आजकलकाले जस्तै बजार पाएको भए उनलाई कसैले उहिल्यै सिनेमा खेलाउन लैजाने थिए होलान् । त्यति पनि नभए टिकटकको सेलीब्रेटी भनेर सबैले चिन्दा हुन्। मोडलिङ गराउनका लागि फरक फरक आयोजकहरू आउने थिए होलान् । बैंकहरू पनि ब्रान्ड दूत बनाउनका लागि हानाथाप गर्थे होलान् ।

साँच्चै, अहिले देखिएको चित्र वा आकृति जन्मदा किन देखिदैन ? देखिएको भए के हुने थियो ? उनलाई उनका हजुरआमाहरू, आमाहरूले सुनेझैं कसैले चोरेर ब्यारेकमा वा दरबारमा पुराउँथ्यो वा कसैले बन्धक बनाएर यौन दासी बनाउँथ्यो वा कसैले धर्मपुत्री बनाउँथ्यो होला । उनी जन्मँदा उनकी आमा चाहिँ के सोच्दी हुन्? गर्व गर्थिन् कि अभिशाप ! कि पहिलो, दोस्रो, तेस्रो पालामा जस्तै लक्षण देखिएको छ। पेटको आकार उस्तै छ । बच्चाले पेटभित्र हान्ने किक उस्तै छ, उत्ति नै पटक छ। प्याज सुँघ्न नै नसक्ने, ब्रोकाउली परचक्रीको भए पनि छोड्नै नहुने। ढाड दुखाइ उस्तै छ भनेर आफ्नै जात नै जन्मिने होला कि भनेर आत्तिएकी थिइन् । कि ढकाल साइलीझैं बहाना पारेर अस्पतालमा सुत्केरी हुन गएकी र छोरी जन्मेको थाहा पाएपछि भागेर हिँड्ने मन पो गरेकी थिइन् कि ? कतै उनलाई आफैंले बच्चालाई दूध नखुवाएर घाँटी सुकेर मरोस् भन्ने थियो कि ? एउटा अन्डा फुट्यो, कोख त बाँझो भएन नि? कपडाले मुख छोपेर छोडिदिन मन थियो वा घाँटी अठ्याएर सधैंको आफ्नो जस्तो झन्झटबाट मुक्ति मिलोस् भन्ने थियो। होइन उनको मनमा के थियो होला ? पक्कै पनि केही हुनुपर्छ।।

घरमा आउनेजानेहरूको लर्को, मिठामिठा खानेकुराहरू खाइनखाइ धुमधामका साथ छैठी अनि न्वारन, सासू, श्रीमान् र सबै परिवारबाट रेखदेख, माइतीमा इज्जत, आशाका दिदीहरूको मानमर्दन थियो नि सपना अर्कै संसारको । त्यो एक थान अङ्ग यति महत्त्वपूर्ण थियो कि उनलाई जहाँ उनको सामाजिक हैसियत बिलकुल फरक बन्थ्यो । जन्मेदेखि नै फरक हैसियत, उनकै आमा र दिदीहरूको भन्दा फरक तर त्यो नितान्त उनी र उनीभित्रको चलायमान सृष्टिलाई मात्र थाहा थियो। कसैलाई, कतै साझा नगरिएको एकलाप थियो।

यो मनको नक्सा मस्तिष्कको नक्सा खिचेझैं, निकाल्न सकिन्छ कि सकिँदैन होला ? स्नायुहरूको करेन्ट नाप्न मिल्ने, कहिले कहिले, कसरी करेन्टको बदलाब भयो भन्ने खाता खातालखुतुल गर्न मिल्ने अनि मनको भने खाता ...? कम्प्युटरमा उहिलेका फाइल निकालेर हेरेझैं पहिलेको मनको कुरा कहाँ हेर्न सकिन्छ होला ?

* मदन पुरस्कार विजेता।

त्यसरी हेर्न सकिने भए यो समाज साँच्चै कस्तो हुन्थ्यो होला ? सबै पुरुषहरूको मनको पनि नक्सा खिच्न पाइने थियो । सयजना महिला हिंसामा पर्दा ८२ जना आफ्नै घर परिवारको पुरुष व्यक्तिबाट हिंसामा परेका छन् भनेर पढिरहँदा, पढाइरहँदा पुरुषहरूको मनलाई के प्रभाव पार्थ्यो होला ? पक्कै पनि समानताको मोडल देखिन्थ्यो होला ।

समानता, के नाम राखेको यस्तो- समानता । न गीता, सावित्रीको जस्तो सजिलो । सुनिरहेको पनि होइन धार्मिक जस्तो ? एउटै अक्षर हो बढी भएको त्यही पनि स्वर तल माथि गर्नु पर्ने । चार अक्षरलाई चारपटक भन्नु परेजस्तो । न सुजन, जुवान जस्तो विदेशी वा आधुनिक नाम, समानता नाम किन राखेको होला ? बाले राखेको नाम भए सूर्यकला वा सूर्यमाया वा सूर्यकुमारी हुने थियो होला । आमा बाले मिलेर राखेको भए अम्बिका वा अम्बु हुने थियो होला । न्वारानको नाम त पण्डितले जुराउँछन् । कम्तीमा पनि हरेक दिन रेडियो वा पत्रिकामा राशि सुन्न/हेर्न त सम्झिन्छ नि । कि पहिले जन्मिएका केही ठुला भएका दिदी दाइले जुराउने चलन छ । तीन दिदीहरू, जो आफैँ झुक्किएर जन्मेका छन्, संजोगले बचेका छन् उनीहरूलाई के उत्सुकता लाग्यो होला । उनीहरूका कुरा कसले पो सुन्यो होला र ? सुनेका भए उनीहरूका जस्तै- ब, बा, बि, बी ...बाट निस्कने नाम हुँदो हो । त्यो नाम बकबास पनि हुनसक्थ्यो वा वन्दना । त्यो दुवै सम्भावना भने भएन । होइन आमाले नै राखेको पनि हुनसक्छ । आमाले राखेको भए आशा हुनसक्थ्यो किन भने उनले चौथो आशीर्वाद स्विकारेकी थिइन् । उनले जन्मन दिइन् । जडीबुटी खाएर तुहाउन सक्थिन् । औषधि पसलमा पाइने ट्याप्लेट खाएर रगतको चोक्टा चोक्टा पारेर झराल्न सक्थिन् । उनले लुकेर कुनै स्वास्थ्यकर्मीको क्लिनिकमा गएर लुकीलुकी पाठेघरको मुख जबरजस्ती खुलाएर, टमक्क तर रात-रातो झिलझिल, चिलचिल, परिपक्क लहरे आँपको दाना जस्तो डल्लोलाई चिम्टाले चिटिक्क चिमटेर फुटाएर मात्र नभएर चिम्टाले आगोमा पोलेको मकै टिपेझैँ टिपी टिपी निमिट्यान्न पार्थिन होला । अझै पुगेन भने कन्कर्नोले कत्रक्क, कत्रक्क आवाज आउने गरी कोट्याएर, टुक्रा-टुक्रा पारेर निकालेर फोहोर फाल्ने बाल्टिनमा फालेर हेर्दा पनि नहेरी जस्ताको तस्तै भएको भान पारेर जान्थिन् होला । अझै यो भन्दा पहिले ऊ जन्मने पानीको जाँच वा भिडियो एक्सरे गरेर खेल नै खतम गराउने पो थिइन् कि ।

उनले केही गरिनन् । कति नजानेर गरिनन् । कति जानेर पनि गरिनन् । यतिका साहसका पहाड बोक्ने हिम्मत थिएन । कतिबेला हिमालझैँ चिसिन पनि । उनलाई आशा थियो कतै...। उनलाई कहिलेकाहीँ लागेको पनि थियो, अर्कै जात पाउनेहरूले भने जस्तै गरेर पेट दुखेको जस्तो । आँखा चिम्म गरेर भित्री मनलाई सोध्दा उनले अर्कै जात पाउने साथीहरूको जस्तै सपना देखेकी थिइन् । आफ्नो पेट आफैँले लुकेर हेर्दा ठ्याक्कै उनीहरूको जस्तो नै लाग्थ्यो । उनीहरूले भनेका जस्ता धेरै कुरा मिल्थे पनि । त्यसैले उनले हर तरहले आफ्नो पेट मात्र जोगाइनन् आफ्नो शरीर नै बचाइन् । जति नै बान्ता भएर दिक्क लाग्दा पनि खान छोडिनन् । ठुल्ठुला भारी बोक्नबाट बचिन् । साथी सङ्गीलाई गुहार मागिन् । गर्भ बचाउन गर्वलाई थकाइन् अनि कतै सम्झौता पनि गरिन् । सानो र कमजोर भएर उसकै लागि तपस्या गरिन् । कतै ...भन्ने झस्कना आउँदै नआएको त होइन तर पनि आशाका लागि कुनै सम्झौता गरिनन् ।

मैले बच्चा पाउन सकिँन, श्रीमानले अर्की मात्र ल्याएनन् अर्कै बास पनि बनाए । एक्लै भए- बिन्ती मेरा लागि एक बच्चा पाइदेउ भन्ने पनि थिए । मकैबारीमा झुक्याएर पेटमै कोपर्न आउने आफ्नै आफन्त पनि थिए । फेरि उस्तै भयो भने मैरै जात पाउने ल्याउने हुम् भन्ने

कर्कस भान्सादेखि ओछ्यानसम्म नआएको पनि होइन तर पनि उनले आशा गरिरहिन् । आशीर्वाद थापिरहिन् । बस बादल उडे झै, पानी बगेझैँ स्विकारिन् । पूर्णिमाको जुन खुलेझैँ खुलेरै स्विकारिन् । चन्द्रमाले ग्रहण झेक्न नसकेझै उनले नाई भन्न कहाँ पो सक्थिन् र ।

चम्किला फागुनका अन्तिम दिनहरू घाम ताप्न नपर्ने भैसकेको थियो । मानिसहरू आँप, पिपल र बाँसका झाडीहरू खोजी खोजी बस्न थालिसकेका थिए । खेल्नेहरू पनि थिए । कोही लुकामारी खेल्थे भने कोही ऐना हेरेर खेलिरहेका थिए अर्थात् आफ्नो भविष्य आफैँलाई जानाजान खाडलमा हुत्याइरहेका थिए । फागु पूर्णिमाको दिनले आशा मात्र ल्याएको थिएन । केही थकान पनि ल्याएको थियो । अरू दिनको भन्दा फरक थकान । भन्ने लजाउनु पर्ने थकाइ । लुकाउनु पर्ने थकाइ । उत्सुकता लिएर आएको थकाइ । आशाको थकाइ ।

दिनहरू बित्दै थिए । होलीकाले आफू मात्र नआएर सानो दशैँ पनि बोलाइदिएकी थिई अनि कसैका लागि दशा पनि ।

लामा लामा पाइला गर्ने बाउलाई दौडी दौडी भेट्नु कम्ता सास्ती थिएन । चैत्र मासको मध्याह्नमा बाटोको छेउमा टाप्रे मुर्झाएझैँ गलिसकेकी थिई आशा । खासै टाढा त होइन एक घन्टाको बाटो तर कलिला पाइलाहरूलाई यो अजङ्गको पहाड काट्नु जस्तो थियो । घर भित्रै झम्टिन आएको चितुवासँग बाम्छेजोरी खेलेर परान जोगाउनु जतिक्कै थियो अनि अचम्मको खुसी मिश्रित भाव पनि । मान्छे मिश्रित भावमा अझ धेरै थाक्छ । भावनाहरूको ज्वारभाटामा एकोहोरो रुनु वा हाँस्नु भन्दा सकस महसुस गरेको हुन्छ ।

स्कुल नामको छाप्रोमा कक्षा कोठामाझैँ बेन्च र डेस्कमा बसेका कालिका सरले हत्त न पत्त उठेर जुम्लाहा हात जोड्दै भने झन्डै म बाहिर निस्केको थिए । नगरपालिका जानु पर्ने काम थियो ।

बन्द भएर दराजमा थन्कन लागेको ठुलो रजिस्टर चोर औँलाको टुप्पो थुकले भिजाउँदै पानाहरू पल्टाउदै सरले प्रश्नहरू सोध्न थाल्नुभयो । कालिका सर बोल्नुभयो- बाबु कति वर्षको ...... ।

खै ठ्याक्कै कति भन्ने अलिक मेसो नै भएन । यो पछिकी बहिनी १० वर्ष पुगिन् । यो अघिकी दिदी १४ वर्ष पुरा भइन् । बर्सौटे नै होलान् क्यारे ! त्यही मिलाएर राख्दिनु होला सर- अलिक मधुरो स्वरमा बा बोल्नुभयो । आमाकी आशा अलमल....... । सायद उसले बाउको यति मधुर बोली आजै हो सुनेको....। पहिलोपटक बाको बोली फोक्सुन्डोमा आएको मधुर, स्निग्ध हावाको स्पर्श जस्तो लाग्यो उसलाई ।

अनि कति साल हो जन्मिएको ? यहाँ त महिना र दिन पनि मिलाउनु पर्छ दाइ- कालिका सरले अलिक दृढताको भावले बोल्नुभयो ।

उहाँ रोकिनुभएन- अहिले साल, महिना वा गते मिलाइएन भने फेरि एस. एल. सी. दिने बेला गडबड हुन्छ उस्तै परे जाँच नै दिन मिल्दैन । नागरिकता वा राष्ट्रिय परिचय पत्र लिँदा पनि गडबड हुन्छ । जागिर खान पनि गाह्रो पर्छ । जसले जिन्दगीभर पिरिरहन्छ । पेन्सन पाक्ने, पेन्सन खाने सबै ठाउँमा समस्या पर्छ दाइ भनी बुझाउनुभयो ।

सरका दाइ अलि अल्मलिनुभयो ।

टाउको कनाउँदै अड्कलेर बोल्दै- खै के भन्ने, कसरी भन्ने हो सर ? सम्झिँदा पनि आफैँलाई सरम लाग्छ । ऐँठन हुन्छ । बाको दाहिने हात टाउकोबाट बिस्तारै सरेर छातीको देब्रे भागमा आएर अडिन्छ । वाक्य पनि रोकिन्छ ।

दाइ अल्मलिएको देखेर सरले सजिलो बनाउन कोसिस गर्नुभयो । जन्म दिवस मनाउने गरेको छैन र दाइ?

सर, के को दिवस मनाउने हो र ? बिहान बेलुकाको छाक मनाउन त कति गाह्रो छ देख्नु भएकै छ। रात दिन घोटिएको घोटियै हुन्छौँ फेरि के के, कहाँ कहाँ पुग्दैन ? पैसो उमार्न नमिल्ने रहेछ। पसिना बगाउँदैमा पैसो निस्कने रहेनछ। बा फेरि रोकिनुभयो।

मैले केक नै काट्ने, होटल नै जाने पनि भनिन नि दाइ ? नजिकको मन्दिर जाने, नभए घरकै मन्दिरमा पूजा गर्ने, टीका लगाउने अनि जे छ त्यही घरका सदस्यहरू मिलेर खाने वा घरमा सबै भेला भएर जे छ, जे गर्दा सबैलाई रमाइलो लाग्छ त्यही गर्ने हो नि त। अरूहरूले गरेको नै गर्न पर्छ भन्ने छैन नि। हामीले पनि पाएनौ तर त्यसो भनेर पनि हुँदैन नि दाइ। समय बदलिएको छ। समयसँग तपाईं हामी सबै बग्न सक्नुपर्छ। बग्न सकेको ढुङ्गा बालुवा बन्छ, समुद्र मै पुग्ला वा कतै सजिएर बस्ला। अनि बग्न नसकेको ढुङ्गा भने त्यही नदीको खरबौं झापड खाएर बस्छ। खुबै भए चराले बिस्ट्याउने ठाउँ बन्छ। हाम्रो जीवन पनि त्यस्तै हो दाइ। ठोक्किइ ठोक्किइ चम्किने बालुवा बन्नुपर्छ।

आमाकी आशाले बाले थाहा नपाउने गरेर पुलुक्क बालाई हेरिन्। बाले त देखेनन् तर कालिका सरले देखेर नि नदेखेझैँ गरे।

सरका दाइ अझ रातापिरा देखिनुभयो।

दाइ मलाई आज सदरमुकाम जानुछ। तपाईं आइसक्नुभयो भनेर रोकिएको हो। छिटो गर्न पाए हुन्थ्यो।

बाको बोली निस्किएन।

बादेखि वाक्क परेका सर आमाकी आशातिर फर्किए।

बाबुलाई थाहा हुनसक्छ ?

थाहा छ ...? थाहा छ भने, भन त। तिमीले कुन महिनाको कुन दिन जन्म दिवस मनाउँछौ ?

ऊ स्तब्ध ......। उसले फेरेको सास स्वाँ... स्वाँ....सुनियो अनि देखियो पनि।

कालिका सरले अर्को रजिस्टर लिएर फर्के र उनीलाई हेरे।

मेरो जन्म दिवस कहिल्यै पनि मनाएको छैन सर। थरथर कामेका स्वरले झन्कार दिएर गए ...। उसलाई बाको डर थियो। अनि वर्षौंदेखि गुम्सिएर बसेको पीडा पनि।

किन कि ? कालिका सर छोड्ने वाला थिएनन्।

उसको आँखा फेरि बा आँखातिर सोझिए। यसपालि बाले देख्नुभयो। अनि आदेश पनि दिनुभयो। आँखा र हातको इसाराले तर वाक्य भने फुटेन।

हाम्रो घरमा सरले भने जस्तो मन्दिर गएर, मासु भात खाएर, खीर खाएर, उपहार दिएर भाइको जन्म दिवस मनाउन थालेको सुरूदेखि नै हो अर्थात् भाइ जन्मेदेखि नै। अनि भाइ डाकेको छोरी भनेर बहिनीको पनि जन्म दिवस मनाउन थालियो। झन्डै उस्तै धुमधामका साथ मेरो र दिदीहरूको दिवस मनाएको थाहा छैन सर।

हामी ....हामी ........हाम्रो पनि जन्म दिवस मनाउँछन् र! उसको अनुहार फुस्रो, उडेको जस्तो देखिएको थियो। आवाज मधुरो भयो अनि रोकियो ।

सरले बोलाएर हेर्नुभयो। बा भने भुइँतिर हेरिरहनुभयो। सहमतिको टाउको तल र माथि पनि गरिदिनुभयो।

म ....म ......आमाको आशाको आँट अङ्कुर हुन सकेन।

ऊ चुप लागेको देखेर कालिका सरले भन के भन्न मन लागेको छ भनेर उक्साउनुभयो।

के के न पाएझैँ गरेर, सास पनि नबिसाइकन दमकलले पानी फाले झै शब्दहरूको मुल फुट्यो।

मेरो त कहिले जन्मेको कागज पनि छैन सर।

म चौथो बच्चा हो। मलाई बालाई देखाउँदै,

उहाँको जस्तै जात पाइन्छ कि भनेर आसैआसमा पाएको हो रे ?

बाको अनुहार र कालिका सरको अनुहार पालैपालो हेर्दै ऊ.....- म जन्मँदा मेरो टाउको निस्कदै गर्दा मेरो अनुहार बाको अनुहार जस्तै थियो रे। चोरी औँलाले आफ्नो नाक देखाउँदै- यी मेरो नाकको प्वाल र बाको नाकको प्वाल एउटै छैन त सर ?

उसलाई कालिका सरसँग आशा बढेको महसुस भयो। उसको अनुहारमा आत्मसम्मान महसुस भएको जस्तो देखिन्थ्यो। उसको आवाज रेडियोको आवाज जस्तै मसिनो-चर्को गराउने बटन पुरै खोले जस्तो थियो। चर्को थियो। ऊ रोकिइन।

सबैले ठ्याक्कै कान्छाको अनुहार छ भनेर हल्ला गर्दैगर्दा म जन्मे रे। मेरो अनुहार ठ्याक्कै बाको जस्तै त थियो तर मेरो जात भने बाको जस्तो भएन सर।

मेरो जात बाको जस्तो थिएन- उसले दोहोराई। फेरि गुनगुनाएर बोली। वाक्य नै पुरा नभएर बिलायो -मेरो जात बाको. .....

एकछिन रोकिएर लामो सास फेरी र बोली। उसका आँखा एकोहोरो कालिका सरका आँखामा टाँसिएका थिए।

बिजुलीबत्तीको फ्युज गएझैँ सबैले मलाई छोडिदिए रे सर। हुँदा हुँदा मलाई कुरेर बस्नु भएको बाले पनि मेरो जन्म मितिको टिपोट गर्न नै बिर्सनुभएछ। सर, म आमाकी मात्रै नभएर सबैकी आशा मात्रै भएको थिए। आकाशको फल जस्तो।

त्यसैले मेरो जन्मदिन छैन। रिस उठेर होइन चित्त दुखेर मलाई बहिनी भाइसँग मिल्न पनि मन लागेन सर। उनीहरूको र मेरो सोच पनि मिलेन। माया लाग्नु, गर्नु र सोच मिल्नु फरक कुरा रहेछ। अचानोको पिर खुकुरीलाई के थाहा हुन्छ र सर ? अनि चिना भएका दिदीहरू पनि मेरा कारणले झन् धेरै हेला भएको थाहा पाएपछि मलाई आफूले नै गल्ती गरेको जस्तो भयो। दिदीहरू माथि मेरा कारणले अन्याय भयो भन्ने भयो। म उहाँहरूको हारमा मिसिन गएँ। उहाँहरूले मलाई आमालेझैँ स्वीकार्नु भयो। मलाई जन्मेको दिन थाहा पाउन पनि मन छैन सर। आमाकी आशा अलिक भावुक भई। आँखाहरू पिलपिलाए।

बाका आँखा पनि रसाएका थिए। कालिका सर जुरुक्क उठ्नुभयो, ठाउँ फेरेर लामो सास तानेर बोल्नुभयो।

घरको समस्या, पुरातन सोचका कारण त्यस्तो हुनसक्छ नानी। धेरैको यस्तो देखिन्छ। अब जन्म दिन मिलाउन पनि मिल्छ। जिन्दगी जन्म दिनले बन्दैन। जिन्दगी त तिमीले पढ्ने कि नपढ्ने, इमानी हुने कि नहुने भन्ने कुराले फरक पार्दछ। तिमीलाई कुन महिना, र दिन मनपर्छ भन अथवा कुनै मन परेको मानिस राधा पौडेल जस्तो कोही छ भने भन। अनि भोलिपर्सि तिम्रो मर्ने बेलासम्म यही जन्म मिति हुनेछ। अनि यही नाम पनि।

बा बोल्दै बोल्नुभएन।

आमाकी आशाको आश मरिसकेको थिएन।

सर मलाई एउटा कुरा भन्न मन छ भनौँ ?

सरको भन भन्ने सङ्केत पाएपछि उसले आँसु र सिँगानको मिश्रणलाई नाकका प्वालबाट फोहोरा बनाउँदै, घरीघरी घिक्क घिक्क गर्दै बोली। चैत्रको हावा हुरीले बढार्दै ल्याएको कुइरीमण्डल धुलो झ्याल ढोका फोर्दै घरभित्र सवार गरेझैँ गरी।

सर, गएको धान रोप्ने बेला, हाम्रो खेत दिउँसै रोपेर भ्याइयो। सबै छिमेकी रोपाहार आमाहरू गफ गर्दागर्दै पालीमा राखेको मकै भुत्लाउन थाल्नुभयो। अनि आफ्नो जिन्दगीको पाना पनि पालैपालो उधिन्नुभयो।

मेरो आमाको पालो आयो। अनि आमासँगै, मेरो पनि पालो।

म गर्मी महिनामा जन्मेको रे। मैले चैते दसैँ

छेकेको रे । मलाई छोरी भन्ने थाहा पाएपछि आमालाई सहयोग गर्ने आमाका साथीहरूले पनि छोडिदिएका थिए रे । आमाले आफैँ खुर्पाले साल काट्नु भएको हो रे । सर, सकी नसकी मलाई सफा गरेर दूध खुवाउनु भएको रे । म एक मुठीकी थिए रे । सबैले आश मारिदे, 'छोरी मरी गालै टरी' पनि भनेका थिए रे । एकमन त हो क्यारे जस्तो पनि भएको थियो रे तर आमाले भने आश मार्नु भएन रे ।

आमाकी आशा रोई । हुक्क हुक्क गरेर रोई । बा पनि अलिक पग्लिनुभयो । हिउँका् ठाडो घाम लागेपछि पग्लेझैँ चिल चिल गरेर, पग्लिएझैँ ।

कालिका सर पनि बेन्चको टाढा पर्ने गरेर सिई गरेर, दुवै नाक सफा गरेर बोल्नुभयो ।

पिर नगर नानी । १२ वर्ष अघिको समाज आजको जस्तो थिएन । मैले अघि नै भने नि तिमी मात्र त्यस्तो पात्र होइन । यहाँ थुप्रै तिमी जस्ता नानीहरू छन् । छोरी जन्मेको थाहा पाएपछि कार्टुनमा राखेर फोहोरको डङ्गुरमा फालिएका छोरीहरू पनि छन् । यो तिम्रो आमा, बाको दोषभन्दा पनि समाजको दोष हो । हामी जन्मिएको, हुर्किएको समाजको दोष, राज्यको दोष, धर्मको दोष, हामी सबैको दोष साथै तिम्रा बाको र मेरो पनि दोष हो ।

त्यही दोष मेटाउन हामी सबै स्कुल आएका छौ । अनि तिमी जस्ता छोरीहरूले अरूहरू छोरीहरूलाई त्यस्तो असमानता, विभेद, पशुतुल्य व्यवहार नहोस् भन्नका लागि पनि तिमीले राम्रो पढ्नु पर्छ ।

न तिमीले बितेको कुरामा अड्किएर आफूलाई हीनताबोध गर्नुहुन्छ न दाइले पनि । हामी सबै उज्यालोतिर बढ्नुपर्छ ।

कालिका सर बातिर हेर्दै बोल्नुभयो- दाइ कुरा बझ्नुभयो, होइन ?

बाले बुझेको सङ्केत दिनुभयो । बोल्न सक्नुभएन । एकछिन समय लिएर भन्नुभयो- गल्ती भयो सर ! पहिलो गल्ती त मैले नै गरे । अब त्यो उल्टिसकेको छ । अझै उल्टिन्छ । समान हुन्छ सर । मेरो बाचा भयो । डेस्कमा राखी राखेका बाका हातका औँलाहरू कापिरहेका थिए ।

कालिका सर मुस्कुराउँदै बोल्नुभयो- नानी गज्जब हुने भो । तिमीलाई मन पर्छ भने मेरो मनमा एक विचार आएको छ । प्रस्ताव गरौँ है ?

उहाँ रोकिनुभएन ।

भोलि अङ्ग्रेजी महिना मार्च को ८ तारिख हो । जुन श्रमिक महिलाहरूको विजय दिवसको दिन, महिला र पुरुषमा समान व्यवहार गर्न प्रण गर्ने दिन, यो दिवस मनाउन थालेको सयौँ वर्ष भइसकेको छ । त्यसैले तिम्रो नाम समानता अनि तिमी जन्मेको मिति मार्च ८ हुन्छ ?

भिजेका आँखीभौँ ओभाए । लोलाएका परेलीहरू फूल फक्रेझैँ फक्रियो अनि उज्यालो, चम्किलो ताराझैँ आँखा समानताको बिगुल अपिल गर्दै चमचम गऱ्यो । बाले सहमतिको हाँसो फिसिक्क हाँस्नुभयो ।

घरमा, छिमेकमा पनि यही नाम भन्ने हो- बा खुसीहुँदै मसिनो स्वरमा बोल्नुभयो ।

नझुक्किनु है समानता- कालिका सरले भन्दै जानुभयो ।

भोलिदेखि तिमीलाई कक्षामा बोलाउने नाम -समानता नेपाली हुनेछ ।

साथीहरूले बोलाउने, घरमा बोलाउने नाम- समानता हुनेछ । कुनै पनि किसिमको विभेद शून्यताको अवस्थामा समानता समाजका सबैतिर, सबै क्षेत्रमा समानता हुनेछ । समानता- जिन्दावाद !

卐

जाति परिचय

# कुमाल जाति



रामलाल कुमाल*

नेपालमा मानव बसोबासको ऐतिहासिक कालखण्डदेखि नै कुमाल जाति बसोबास गर्दै आइरहेको पाइन्छ । जब आदिमकालदेखि यदि कसैले माटोबाट बनेका कुनै भाँडा जन्य वस्तुहरूको प्रतिपादन गरेका थिए भने यिनै कुमाल जातिले गरेका थिए। परापूर्व कालमा जब काँचै वा पोलेर खाने युगमा माटोको भाँडा बनाई त्यसमा पकाएर खान सिकाउने जाति पनि यिनै कुमाल जाति थिए भनेर भनिन्छ । त्यसैले पनि कुमाल जातिको माटोसँग आजमात्रै नभई हजारौ वर्षदेखिको सम्बन्ध रहिआएको छ । त्यसैले मानवजातिको इतिहासमा एकप्रकारको वैज्ञानिक वा कलाकार भनेर पनि यस जातिलाई चिनिने गरिन्छ । १२५ जनजातिको बसोबास रहेको पाइने नेपालमा, नेपाल सरकारले विक्रम् सम्बत् २०५८ माघ २५ गते "आदिवासी जनजाति उत्थान परिषद् प्रतिष्ठान ऐन २०५८" जारी गरी ५९ जातिलाई आदिवासी जनजाति को सूचीमा राखेको छ, भने कुमाल जाति पनि त्यसैभित्र पर्ने एक जाति हो। आदिवासी जनजाति भित्र रहे पनि कुमाल जाति अल्पसङ्ख्यकको सूचीमासमेत रहेको छ।

**सांस्कृतिक अवस्था :-**

वि.सं. २०६८ को तथ्याङ्कअनुसार देशभर पुरुष ५७ हजार ५२५ र महिला ६३ हजार ६७१ गरी जम्मा १ लाख २१ हजार १९६ जना छन् भने चितवनमा ९ हजार ३०२ रहेको छ। पुरुष ४ हजार ४९१ र महिलाको संस्था ४ हजार ८११ रहेको छ। साविक मेघौली गाविस हालको भरतपुर २८ मा सबैभन्दा बढी जनसङ्ख्या रहेको छ । भरतपुर २८ को सिसाबास, सालबास, पञ्चना, पहाडी जितपुर, जितपुर, अन्द्रौली, पर्सा बजार, योगीटोल र सानो भरतपुरमा कुमालको बसोबास रहेको छ। त्यसैगरी भोजाड, जुटपानीमा, पनि बाक्लो बस्ती रहेको छ । भटेनी, नयाँबस्ती, पदमपुर, लालपर्सा, बाघमारा, सौराहा, चैनपुर, खैरेटी, बद्रेनी, बसेनी, नौरङ्गे, यज्ञपुरी, शिवघाट, गौरीगञ्ज, लङ्कालाइन, मङ्गलपुर, भुवनबस्ती, शारदानगर, गुञ्जनगर, लगौटा, मझुवा, शुक्रनगर, सोसी, मिलनचोक, ज्योतिनगर, दिव्यनगर, खद्रौली, मेघौली, गौतमनगर, सिद्धनगर, पर्सा, चैनपुर, माडीको घाँगर, कान्तिपुर, जीवनपुरलगायतका ठाउँमा कुमालको बसोबास रहेको देखिन्छ। कुमालहरूका अधिकांश थर ठाउँ विशेषका आधारमा राखिएको देखिन्छ। कुमालहरूको थर विभिन्न अध्येताहरूले ५२ वटासम्म उल्लेख गरेको पाइन्छ।

कुमालहरूको थर अधिकांश ठाउँ विशेषका आधारमा राखिएको पाइन्छ । विभिन्न अध्येताहरूले कुमालका ५२ थर उल्लेख गरेका छन् । चितवनमा बसोवास गर्ने कुमालहरूको थर निम्नानुसार उल्लेख गरिन्छ - ओझा, पोखे्रली, दूध पोखे्रली, भेल्टारे, रोजाहा, चुनेली, काँसीगोद्रे, पोलङे, बैरठे, गौरुङ, डोटेली पाउँ, गोर्खाली, टिकुलटारे, दरबुङे, डङ्गौले, अर्धौले, चाउँकोटे, इमेली, राजपुत, साखे्र, पाल्पाली, मस्वे, गोपिके, रामजे, गोर्सते, हलिदे, बोस्खरे, गोतामे, मंग्रते, बगाले, ताद्रङे, राइनसे, गरुङेलगायतका थर रहेका छन्।

जल, जमिन र जङ्गलसँग सन्निकट रहेका कुमाल जाति प्राकृतिक धर्म मान्छन्। यिनीहरूको आफ्नै संस्कार तथा संस्कृति छ।

कुमाल जाति कला संस्कृतिमा निकै नै धनी छा चितवनको भोजाडमा सांस्कृतिक समूह नै छ। कुमालहरूले गाउने गीतहरूमा पाउदुरे, डग्गा, सोरठी, ख्यालीलगायतका

*उपाध्यक्ष - कालीगण्डकी साहित्य प्रतिष्ठान।

गीतहरू पर्दछन् । यसका साथै दसै, तिहार, फागु पूर्णिमा, लगायतका चाडपर्वहरूमा भिन्न भिन्न गीतहरू गाउने गरिन्छ ।

कुमाल जाति प्रायः पहाडी भू-भागमा, खोला, टारी, नदी किनार तटमा विशेषा बसोबास गरेको पाइन्छ । शहरी क्षेत्रमा १८ हजार भन्दा केही बढी कुमालको बसोबास रहेको र बाँकी ग्रामीण, मध्यपहाड तराई मधेसलगायत देशका विभिन्न क्षेत्रमा बसोबास रहेको पाइन्छ। बसोबास खासगरेर गुचमुच्च घर बनाएर बस्ने जातिमा पर्दछ कुमाल जाति । घर बनाउँदा बारीका ठुला ठुला माटोका डल्लाहरू सङ्कलन गरी, माटोको डल्लाको गारो लगाई गोलो आकारको घर बनाएर बस्ने यो जाति आजकाल भने त्यस्ता घरहरू दुर्लभ भइसकेका छन् । तथापि पहाडी जिल्लाहरूमा कहिंकतै भेटिन्छन् । दसकौं अगाडि यिनीहरूको आफ्नै संसार र रीतिरिवाज हुने कुमाल जातिको गाउँमा कुनै एक व्यक्तिलाई मुखियाको रूपमा मानेर उसैको निर्देशानुसार कुनै योजना तर्जुमा गर्नुपरेमा वा कुनै जाति भित्रको निर्णयात्मक भूमिका अवलम्बन गर्नु परे मुखियाको निर्णय नै अन्तिम निर्णय मान्ने कुमाल जाति आजकाल भने यो चलन पनि लोप भैसकेको छ ।

कुमाल जाति मुलतः प्रकृति पूजक भए पनि विशेषत: हिन्दू धर्म मान्ने भएकाले प्रकृतिको पूजा गरे तापनि प्रायः सबै जातजातिले मान्ने विभिन्न चाँडपर्वहरू पनि मान्ने गर्दछन्। देशमा विभिन्न धर्मको प्रवेशसँगै हाल केही मात्रामा धर्म परिवर्तन गरेको पाइन्छ । तथापि बहुल्यता हिन्दू धर्मसँग नै रहेको पाइन्छ ।

नेपालमा आर्यहरूको जस्तै कुमाल जातिको पनि आफ्नै भेषभुषा र भाषा छ । जम्मा गणनाको १० प्रतिशतले मात्र कुमाल भाषा बोलेको पाइन्छ । लिपिवद्ध भाषा नभएको हुनाले र नयाँ पिढीहरूले त्यसलाई प्राथमिकता नदिएकाले र जोसँग बोल्दा पनि नेपाली भाषामा नै बढी बोलिने भएकाले पनि महत्त्व कम हुँदै गएको छ । साँच्चै भन्नुपर्दा नेपालमा अल्पसङ्ख्यक जातिहरूको मातृभाषा जसरी लोप हुने अवस्थामा पुगेको छ,त्यसै गरी कुमाल जातिको पनि आफ्नो भाषा लोप हुने अवस्थामा पुगेको छ ।

नेपाली भाषाको व्यापकताले कुमाल भाषा ओझेलमा पर्नु र नयाँ पिढीहरूले संरक्षण नगर्नु नै कुमाल भाषा, लोपोन्मुख भाषा हुन खोजेकोमा दुई मत नहोला भन्न सकिन्न । जतासुकै नेपाली भाषामा संवाद गरेको देखिन्छ, त्यसैले पनि, आफ्नो भाषा बोलेको सुनिदैन । विशेष गरी तनहुँ, गोर्खा, पाल्पा, स्याङ्जा आदि जिल्लाहरूका कुमाल जातिहरू आफ्नो भाषा बोलेको पाइन्छ । प्रकृति माथि भरोसा, परमात्मा माथिको विश्वास, धार्मिक तथा प्राकृतिक सोझासाझा ब्यक्ति हुन् कुमालहरू । तन्त्रमन्त्रमा पनि विश्वास राख्ने जाति हो, कुमाल जाति । पहाडी भू-भागमा वा टारी बारी हरूमा बसोबास गर्नु र नेपालमा साना साना नदीनालाहरू पनि प्रशसस्त मात्रामा रहेको हुनाले माछा मार्ने विभिन्न औजार तथा हतियारहरूको प्रयोग गरी निरन्तर सक्रियताको रूपमा माछा मारेर साँझ विहानको तरकारीको जोहो गर्ने कुमालहरू आजकाल नदि, खोला हरूमा पनि विष प्रयोग, करेन्टको प्रयोग र बम प्रहार गरी माछाका भुराहरूसमेत मारिने गरिएका हुनाले प्रयाप्त मात्रामा माछा पनि नपाइने गरेको पाइन्छ भन्दै थिए एक कुमाल बा ।

विशेष पेसा माटोको भाँडा बनाउने जाति कुमाल जाति भए तापनि आजकाल बजारमा प्लास्टिकलगायतका विभिन्न धातुबाट बनेका आधुनिक भाँडा वर्तनहरू छयापछयाप्ती उत्पादन हुन थालेपछि माटोको भाँडाहरू भन्दा सस्तो र सुलभ तरिकाले उपलब्ध बजारमा हुन थालेपछि र अझ भनौं माटोको भाँडा बनाउनको लागि प्रयोग हुने कच्चा पदार्थ कालीमाटी अर्थात् कालो माटोको अभाव पनि यो कुमाल जातिको माटोको भाँडा बनाउने पेसा सङ्कटमा परेको हो । सरकारले बजार व्यवस्थापन नगर्नु साथै कुमाल जातिका युवापुस्ताले खासै चासो नराख्नाले पनि माटोको भाँडा बनाउने पेसा लोप हुँदै गएको हो भन्न सकिन्छ । हाल समयानुसार विभिन्न पेसा तथा व्यवसायमा कुमालहरूको अग्रसरता देखिनु पनि परम्परागत भाँडा बनाउने पेशा लोप हुन जानु यसको मुख्य कारण पनि हो ।

मगर समुदायसँग करिब करिब मिल्न खोज्ने भेषभुषा बोकेको कुमाल जाति, माघेसङ्क्रान्ति पर्वलाई ठुलो पर्वको रूपमा मनाउने गर्दछन् । यद्यपि मगर समुदायले पनि माघी पर्व धुमधामका साथ मनाउने गरेको पाइन्छ ।

प्रतिभा पहिचान

# मूर्तिकार सूर्य मध्यरातको नालीबेली



रामहरि श्रेष्ठ*

*(विगत सात वर्षयता मूर्तिकृति सिर्जनामा भ्याइनभ्याई छ मूर्तिकार सूर्य मध्यरातलाई यस अलावा उनी कलामा नवसन्यास (ओसो सन्यास) काव्य, गायनलगायत थप सिर्जना अभिवृद्धिमा पनि सक्रिय छन् । स्थानीय र राष्ट्रियस्तरमा एक दर्जन भन्दा बढी पुरस्कार र सम्मान-पत्रबाट सम्मानित भैसकेका छन् । उनीसँग गरिएका अन्तरङ्ग कुराकानीको आधारमा यो लेख तयार पारिएको हो । कलामा चासो लिने जो कोहीको लागि पठनीय हुने ठानेको छु । - ले.)*

मूर्तिकार सूर्य मध्यरातको जन्म २०३७ साल भाद्र २२ गते चितवन माडी, अयोध्यापुरीमा भएको हो। उनको पारिवारिक नाम सूर्यबहादुर केसी, आध्यात्मिक नाम स्वामी देवलहर र मूर्तिकारको रूपमा परिचित नाम भने सूर्य मध्यरात हो । जुन नाम सुन्दा अलि अचच्म लाग्छ। सूर्य मध्यरात नाउँ मनपर्नुको रहस्य बारे जिज्ञासामा उनको उत्तर थियो- 'म मध्यरातमा जन्मिएको हुँ । रातपछि दिन पनि सत्य भएकाले सूर्य मध्यरात राखेको हुँ।'

हाल उनको कर्मथलो भरतपुर महानगर- ९, गोन्द्राङमा छ। उनका पिता कृष्णबहादुर केसी र माता दिलकुमारीको बसोबास भने अयोध्यापुरीमा नै छ। उनको पुर्ख्यौली घर भने पर्वत राम्जा हो।

सूर्य मध्यरातका शाखा सन्तानमा कलाकार कोही पनि थिएनन् । तर उनमा मात्र कला चेत कहिलेदेखि आयो ? कसरी आयो ? भन्ने कुरा रोचक छ। उनी भन्छन् -'यो कुरा म आफैलाई थाहा नभएर दिदीहरूलाई सोधें । दिदीहरूको भनाइअनुसार स्कुल जानुभन्दा धेरै पहिलेदेखि हो । त्यतिबेला मूर्ति बनाउने माटो वा ढुङ्गाको बारेमा कुनै ज्ञान थिएन । कुनै मूर्तिकारको सङ्गत पाएको वा कसैले मूर्ति बनाएको देखेको पनि होइन।'

वाल्यकालमा गाईको गोबर घरको भित्तामा टाँसेर लसुनको पोटी छोडाएर सिन्काले कोतरेर, घरको भित्तामा टाँसेको उनलाई स्मरण छ। त्यतिबेला घरको भित्तामा गोबरले भूतको आकृति बनायो भने भूत भाग्छ भन्ने चर्चा थियो । हो त्यति नै बेला आफूले घरको भित्तामा गोबरको मूर्ति बनाएको याद छ उनलाई । जतिबेला उनी  चार वर्षका मात्र थिए।'

उनले भने- 'मूर्ति बनाउने कुरामा म आफूलाई फर्केर हेर्छु। मैले के बनाउँदै छु भन्ने थाहा थिएन, तर मूर्ति बनाउन थालेको रहेछु।'

मूर्तिकला बारे एउटा सन्दर्भ उनलाई अहिले पनि स्मरणमा छ । एक दिन उनको घरको ढोकाहुँदै लिस्नुको कापबाट छिरेको प्रकाशले भित्तामा आफ्नै छाया बनेको देखेछन् । उनी जता चल्दथे त्यो छाया पनि त्यता-त्यता चल्न थाल्दथ्यो । छाया पनि सजीव जस्तो लाग्ने गर्दथ्यो। त्यो छायासँग उनी खेल्न थाले। त्यसलाई छोप्ने प्रयत्न गरे। छोप्दा छोपिएन। उनी लुक्दा त्यो छाया पनि हराउँथ्यो। उनी लिस्नुमा आएर बस्दा त्यो पुनः फर्केर आउँथ्यो । अनि त्यो भित्तामा छाया

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

परेको भागमा चिनो लगाउँदै कोर्न थालें। कोर्दा कोर्दा त भित्तामा आफ्नै आकार नै बन्न पुगेछ। त्यसपछि त उनी नहुँदा पनि त्यो आकार भित्तामा बसिराखेको हुन्थ्यो। त्यो कोराइबाट उनले चित्र बनाउन सिकिराखेका हुँदार हेछन्। यसरी खेल्दाखेल्दै उनले चित्र लेख्न थालेछन्।

उनले स्कुलमा अक्षर सिक्दा पनि त्यसलाई चित्र सम्झेरै लेख्ने गर्दथे। 'ह' लेख्दा उनले एकै पटकमा कहिल्यै पनि लेखेननन्। माथि डिको दियो अनि यताबाट र फेरि उताबाट घुमाउँदा तीनवटा लाइन नकोरीकन उनको 'ह' पूरा हुँदैन थियो। अनि दुरुस्त पार्न खोज्दाखेरी ढिलो हुने बानी थियो।'

उनको प्रारम्भिक शिक्षा दक्षिण अयोध्यापुरी, माडीमा भएको हो। २०४३ सालमा उनी एक कक्षामा पढ्दथे। जनजीवन मावि खरकट्टाबाट एसएलसी दिएका थिए। एसएलसी दिने बेलासम्ममा उनले २, ३ पटक ढुङ्गामा कुँदेरै आफ्नो अनुहार निकाली सकेका थिए। त्यतिबेला ऐनाको फुटेको सानो टुक्रामा आफ्नो अनुहार हेरेर मूर्ति बनाएका थिए। चार कक्षामा पढ्दा किताबमा बुद्धको लामो कान भएको बारेमा पढे। त्यसकै आधारमा उनले माटोमा कोरेर रुचिपूर्वक बुद्धको मूर्ति बनाए। त्यो छिमेकी एकजना दाइले मन पराएर लगिदिए। मनपऱ्यो भनेर कसैले माग्यो, त्यो नै उनको लागि धेरै खुसीको कुरा भयो।

एसएलसीपछि उनी ललितकला पढ्नको लागि काठमाडौँ गए। उनका फुपूका छोरा (दाइ)ले ललितकलामा पढ्नको लागि व्यवस्था मिलाई दिए। सुरुमा चित्रकला पढ्नु पर्छ कि भनेर लागे। पछि कलेजमा बुझ्दै गर्दा चित्रको अलावा अलि बढी शारीरिक श्रम हुने र मूर्तिकलामा विद्यार्थी पनि कम भएकोले यसको महत्त्व बढी देखेर मूर्तिकलातर्फ लागे। उनले २०६० सालमा व्याचलर सके। ललितकला पढ्दापढ्दै पनि स्नातक प्रथम वर्षमा मूर्तिकलाको प्रशिक्षण दिनका लागि एकपटक चितवन शारदानगरको बखानपुर कलेजमा उनले निःशुल्क मूर्तिकला प्रशिक्षण कार्यक्रम चलाए। त्यतिबेला व्याचलरसम्मको विद्यार्थीलाई ट्रेनिङ दिन सुरु गरे। पछि 'हामीलाई पनि काम लाग्ने रहेछ' भनेर त्यहाँका शिक्षकहरूले समेत भाग लिए।

इटहरी काव्य वाटिकामा मूर्ति सङ्ग्रहालय बनाउन २०५९ सालमा प्रशिक्षकको रूपमा पुगे। त्यतिबेला प्रशिक्षण लिने विद्यार्थीहरू २५ जना थिए। तीमध्ये पूरै व्यवसायिक भएर राज्यस्तरबाटै ठुला-ठुला आकारका पचास-साठी फिटका अग्ला मूर्तिहरू बनाइराखेका छन्।

उनले उदयपुर गाईघाटमा जनआन्दोलको समयमा चार महिना प्रशिक्षण कार्यक्रम चलाए। त्यतिबेलाका उनका प्रशिक्षार्थीहरू सबै नै अहिले उत्कृष्ट कलाकर्ममा छन्। कोही जापानसम्म पुगेर मूर्ति बनाएर आएका कलाकारहरू पनि छन्।


बुद्धको मूर्ति बनाउँदै मूर्तिकार सूर्य मध्यरात

मूर्तिकला र चित्रकला विधागत रूपमा भिन्न भए तापनि धेरै कुराहरू सँगसँगै जोडिएर आउँछ। त्यसको सामान्य स्केच हुन्छ। रङरोगनको लागि विधागत हिसाबले चित्र बनाउन जसरी जानु पर्दछ मूर्तिकार चाहीँ अलि कम जान्छन्।

मूर्ति केबाट बनाउने ? मूर्ति बनाउने वस्तु फरक फरक हुन्छन् । विशेषतः धातु मूर्ति, ढुङ्गा मूर्ति, माटो मूर्ति र फाइबर मूर्ति, काष्ठ मूर्ति, बालुवा मूर्ति आदि प्रकारका हुन्छन् । तर बनाउने प्रक्रियाहरूमा भिन्नता छन् ।

एउटा कार्भिङ गर्ने (छिनोले कोप्ने) विशेष विधि छ। अर्को चाहीँ मोडलिङ गर्ने विधि, काष्टिङ गर्ने विधि, ढलान पद्दति र खुदाई गर्ने आधारभूत पद्दतिहरू छन्। कार्भिङ पद्दतिबाट मूर्ति बनाउने जुन पद्दति छ त्यसमा चाहीँ सानादेखि ठुला-ठुला ढुङ्गामा कुँदेर बनाइन्छ।

सूर्य मध्यरातले सुरु-सुरुमा सिक्दाखेरी काँटीको मुख चेप्ट्याएर छिनो बनाएर त्यसलाई अर्को ढुङ्गाले हानेर कुँद्ने गर्दथें । उनी भन्छन्- 'त्यतिबेला घन पनि थिएन र छिनो पनि थिएन । घरमा जाँतोमा दाँत लगाउनका लागि बनाएको सानो टुक्रा छिनो थियो एउटा । त्यो एकदमै छोटो थियो । दुईवटा औंलाले मात्र समाउन मिल्ने थियो । त्यसलाई ढुङ्गाले हानेर ट्याकट्याक पारेर कुँद्ने गर्दथेँ। आमाले सिँदूर लगाउनको लागि ल्याउनु भएको सानो ऐना थियो। आफ्नो अनुहार पुरा देखिने पनि थिएन। त्यसमा एकपटकमा घरी आँखा मात्र देखिन्छ। घरी नाक मात्र देखिन्छ। घरी कान मात्र देखिन्छ। त्यस्तो ऐना अगाडि राखेर मैले आफ्नो आकृति ढुङ्गामा कुँदेको छु। त्यो बेला कुँदेको आकृति घरमा अहिले पनि छ।'

त्यतिबेला उनले काठको मूर्ति पनि बनाए । सतिसाल र साननानको काठमा सरस्वतीको मूर्ति बनाएर स्कुललाई उपहार दिए। अर्को कृष्णको मूर्ति पनि बनाएर उपहार दिए। दुईवटा गणेशको मूर्ति गाउँकै गुरुले अर्डर गरे। त्यो पनि बनाएर दिए। उनका एकजना विश्वकर्मा साथी थिए। विश्वकर्माको मूर्ति बनाएर दिने सर्तमा उनले छिनु बनाइदिए। मध्यरात भन्छन् 'दमै दाइले मलाई टोपी दिए, टोपी मैले गोठालालाई दिएँ, भने जस्तै कामीदाइले मलाई छिनु दिए। मैले उनलाई विश्वकर्माको मूर्ति दिएँ। त्यसपछि ढुङ्गाको मूर्ति पनि बनाएँ ।'

कलेज भर्ना भैसकेपछि कार्भिङ गर्ने बारे पनि उनलाई बढी जानकारी भयो। पछिल्लो पटक ग्याण्डर, ड्रिलर, कुँद्नलाई चाहिने विभिन्न उपकरणहरूको बारेमा पनि थाहा भयो। अर्को ढलान पद्दति ( कास्टिङ मेथड ) हो, जुन डाइरेक्ट सिमेन्टबाट बनाइन्छ। बाहिरबाट पनि प्लास्टर गर्दै बनाउनु परेको अवस्था पनि छ । स्थायी प्रकारमा डाइबाट पनि मूर्ति बनाइन्छ। डाइ भनेको साँचो हो जसबाट एउटै आकारका मूर्ति धेरै बनाउन सकिन्छ।

पढ्नलाई उनी विदेश जान परेन । विदेशको हकमा मूर्तिकार साथीसँग मिसिएर मूर्ति बनाउन जापानसम्म पुगे । नेपालमा आउने भारतीय यात्रुलाई मन परेर फर्कदा उनको ग्यालरीमा पसेर कलाकृति किनेर लगेका पनि छन् ।

उनले भने-'भारतमा सङ्गमभेटको मूर्ति बनाउँछन् । उनीहरू बृहत् उत्पादनमा गइसकेका छन्। श्रम बजारमा गइसकेका छन्। विशिष्टीकरण गरेर औद्योगीकरणमा गइसकेका छन् । उनीहरू उद्योगपति एउटा हुने भए। त्यसको डिजाइन गर्ने एउटा हुने भए। त्यसलाई ठुलो-ठुलो काम गर्ने अर्को हुनेभयो। त्यसलाई मोडलिङ गर्ने एउटा हुने भयो । घोटेर फिनिसिङ गर्ने अर्को हुने भयो। रफसफ हेर्ने एउटा भयो। पछि पेन्टिङ गर्ने एउटा भयो । आँखाको मात्र पनि रङ भर्ने एउटा हुनेभयो । यसरी उनीहरू विशिष्टीकरणमा गइसकेका छन् । ठुलो बजारले गर्दा सस्तोमा पनि र औजारहरू पनि त्यही खालका विकसित आधुनिक औजार प्रयोग गर्दछन् । अनि बजारु खालका मूर्तिहरू पनि बनाउने गर्दछन्। हामीलाई त्यो सम्भव छैन। नेपालको बजारमा पनि त्यस्ता मूर्ति धेरै आएका छन् ।'

उनले थपे- 'म्याडमको शिक्षण पेसा थियो । पछि मलाई यहाँ सहयोगीको भूमिकामा उनले मलाई सहयोग गर्दै गइन्। मैले उनलाई यसो गर त्यसो गर भनेर कहिल्यै भनिनँ। हेर्दाहेर्दै गर्दागर्दै उनले पनि मूर्ति बनाउन

सक्ने भइन् । रत्ननगर महोत्सवमा दुईपटक भाग लिएकी छन् र पुरस्कृत पनि भइन् । राष्ट्रियस्तरको प्रदर्शनीमा मैले पनि एकपटक मात्र भाग लिएको छु ।'

चितवनमा आर्ट कलेज चल्ला कि नचल्ला?

उनले भने- 'चितवन देशकै केन्द्रमा परेको हुँदा यहाँ आर्ट कलेजको सम्भावना एकदमै राम्रो छ । यहाँ चित्रकलामा भन्दा पनि मूर्तिकलाको लागि एकदमै राम्रो छ । किन भने यसको लागि स्पेस धेरै चाहिन्छ । काठमाडौँमा स्पेश धेरै पाउन मुस्किल छ । तर यहाँ धेरै ठाउँ पनि सहजै उपलब्ध हुन सक्छ । ढुङ्गा ल्याउनु पऱ्यो, त्यसलाई कार्भिङ गर्न ठुलो स्पेस चाहिन्छ । काठमाडौँमा त ससाना कोठामा बसेर सासाना मूर्ति मात्र बनाउन सकिन्छ । किनभने स्पेसको कमि छ ।' उनका अनुसार ठुलो आकारको मूर्ति बनाउँदा त्यसको डाई भण्डारण गर्ने ठाउँ चाहियो । माटो भण्डारण गर्ने ठाउँ चाहियो, बनाइसकेको मूर्तिलाई भण्डारण गर्ने ठाउँ चाहियो । त्यसको लागि चितवनमा स्पेसको सुविधा छ । माटोको ठाउँमा माटो पनि छ । नजिकैको पहाडबाट ढुङ्गा ढुङ्गा पनि पाइन्छ । सुरु-सुरुमा आवधिक ट्रेनिङ सेन्टर खोल्दा राम्रो हुन्छ । यो विधा कस्तो छ भने जो सिक्ने खालको छ सानो लिङ्क्स मात्र जान्न पाए पुगिहाल्छ । अरूजस्तो कण्ठस्थ गर्नु पर्ने र फर्मुला घोकिरहनु पर्ने विधा होइन यो । कलाको मूल तत्त्वमा कलाकर्मी जति सिर्जनशील अरु कोही पनि छैन । कला सिर्जनकर्मी भनेकै कलाको मूल बहाव पक्रेर बसेको व्यक्ति हो । जुन कार्य दोहऱ्याएर गरिदैन भने त्यो पनि कला कृति हो । चित्र बनाउनु, कविता वाचन गर्नु जस्तो मात्र नभैकन हरेक पलका गतिविधि हिजो भन्दा आज के नयाँ गरेँ भनेर गर्ने कार्य कला हो । कलाकृति भनेको नवीनतमको खोज हो ।'

卐

कविता

## प्रज्ञातिर



होमनाथ घिमिरे
भरतपुर, चितवन

प्रज्ञा–प्रतिष्ठान विशेष नाम
साहित्य भाषातिर मुख्य काम
खोजी छ स्रष्टा कवि चित्रकार
सन्ध्यानकर्ता जनको विचार ।

सम्पूर्ण संरक्षण कार्य खास
कला तथा संस्कृतिको विकास
गर्दै छ उत्थान सदैव भाषा
फालेर स्रष्टा जनको निराशा ।

ल्याए व्यवस्था हित कर्मलाई
नेपालको गौरव या भलाइ
उत्प्रेरणाको नव नित्य काम
साहित्यको होस् अब पुण्यधाम ।

यौटै समस्या कवि चित्रकार
सुनिन्छ बेथा जुन बारबार
बाधा जहाँ आर्थिक छाप्नलाई
होस् योजनामा सबको भलाइ ।

ल्याओस् नयाँ चिन्तन देश भित्र
खुलोस् सुनौला अब भाव चित्र
प्रज्ञा–प्रतिष्ठान बनोस् कि यस्तो
"प्रसून" झैँ सौरभ छर्छ जस्तो ।

卐

परिचय

# चितवनका प्रतिनिधि नारी कलाकारहरू



विष्णुदेवी तिवारी (उषा)*

चितवनको गौरव र गरिमा बोकेको भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान चितवनको स्थापना दिवसको अवसर पारेर प्रकाशन हुने "महानगर साहित्य दर्पणमा" प्रकाशनार्थ चितवनको माटोमा कला रोप्न उत्साहित एवम् लगनशील प्रतिनिधि चेलीहरू - कलाकार, चित्रकार, संगीत कर्मी, मूर्तिकारलगायत कलाक्षेत्रमा एउटा छुट्टै पहिचान बनाउन सफल प्रतिभाहरूलाई एउटै मालामा उनेर एउटा सुन्दर हार बनाउने क्रममा । चितवनको माटोमा उम्रिएर मौलाउँदै गरेका नारी प्रतिभाहरू कति छन् ? विगतदेखि वर्तमानसम्म निरन्तररुपमा लागि परेका कति छन् ? कति आफ्नो कलाकारिता प्रदर्शन गर्दागर्दै बाध्यत्मक परिस्थितिको सिकार भए या भनौ यो पितृसत्तात्मक समाजको चक्रब्यूहमा रुमलिएर हराए ? वर्तमान समयमा नारी सर्जकहरुको सिर्जनाको अवस्था कस्तो छ ? सृजनाको बाटोमा उभिएर हिँडिरहँदा के कति चुनौतीहरूको सामना गर्नु परेको छ ? भन्ने विषयमा खासै उल्लेखनीय खोज र विश्लेषण भएको भने पाइँदैन। यही कमीलाई मध्यनजर गर्दै म एउटा दस्तावेज सार्वजनिक गर्ने प्रयासमा छु । सर्वप्रथम कलाकारहरुको परिचय एवम् अनुभव यसप्रकार छन्।

**शान्ति श्रेष्ठ (अभिनय)**

तनहुँको बन्दीपुरमा २००८ श्रावण महिनामा जन्मिएकी कलाकार शान्ति श्रेष्ठको कर्मथलो चितवन हो। कला मन्दिरको स्थापना कालदेखि नै सक्रिय रूपमा नृत्य र अभिनयमा लागि पर्दै गर्दा त्यो समयको बलशाली पितृसत्तात्मक समाजले कैयन पटक तगारो हालेर कला र कलाकार दुबैलाई हतोत्साहित बनाएको तर पनि आफ्नो कला प्रदर्शन गर्न नछाडेको अनुभव र संघर्षको गाथा सुनाउने कलाकारले हाल कलामन्दिरलेसमेत बिर्सिएको गुनासो गरिन । अनेकौं वाधा व्यवधानहरू पार गर्दै लुकिछिपी आफ्नो कला प्रदर्शन गरेकी कलाकार शान्तिले 'यो फूल टिपि गाँसुला माला' बोलको गीतमा पहिलो पटक नृत्य गरेर कलाकारिताको परिचय दिएकी थिइन्। कलामन्दिर एवम् चितवनमा हुने विभिन्न सांस्कृतिक कार्यक्रममा आफ्नो कला प्रदर्शन गरिसकेकी उनले 'कोही किन बरबाद होस्' नाटकलगायत एक दर्जन नाटक तथा गीतहरुमा नृत्य एवम् अभिनय गरिसकेकी छन्। हाल अमेरिकाको बोष्टनमा रहँदै आएकी कलाकार शान्ति जस्तै त्यो बेलाका धेरै नारी कलाकारहरु निकै चुनौतिपूर्ण परिवेश पार गरेर कलाकारिताको पङ्क्तिमा आफूलाई उभ्याउन सक्नु सबै भन्दा स्मरणीय र सम्मानित कुरा हो।

**मालती श्रेष्ठ (नृत्य)**

महिलालाई घरबाट बाहिर निस्कनसमेत अनुमति नमिल्ने समयमा लुकिछिपी नृत्य सिक्नु र स्टेज शोहरूमा सहभागी हुनु भनेको त्यो बेला निकै ठूलो चुनौतीपूर्ण बिद्रोह मानिने गर्दथ्यो। कैयन पटक घरमा गाली, धम्की र कुटाई समेत खानुपरेको तातो अनुभव खुवाउने गर्ने मालती श्रेष्ठले कलामन्दिरमा हुने हरेक नृत्य कार्यक्रमहरूमा भाग लिदै गर्दा राष्ट्रियस्तरका सांस्कृतिक कार्यक्रमहरूमा भाग लिनको

* प्राज्ञपरिषद् सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

लागि वरिष्ठ कलाकार ऋद्धिचरण श्रेष्ठको प्रतिनिधित्वमा राजधानीमा मनाइने राजपरिवारका जन्मोत्सवका अवसरमा २०२८ र २०३२ गरी दुई पटकसम्म चितवनकोतर्फबाट आफ्नो नृत्य कला प्रस्तुतिका लागि गएको र राजाबाट मेडल प्राप्त गरेको अनुभव पनि साटिन्। जिल्ला स्तरीय सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउन विराटनगरसम्म पुगेको बताउने मालतीले नृत्य कलाको श्रीगणेश 'धानको बाला झुलेर हेर नाचेको' बोलको गीतमा नृत्य गरेर सुरु भएको थियो। उनको नृत्य कलाले लामो समयसम्म निरन्तरता पायो। हाल निवृत्त जीवन बिताइरहेकी मालती अहिलेको जस्तो स्वतन्त्रता उतिबेला भएको भए अझै धेरै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा भाग लिने धोको मनमा रहेको बताउछिन्।

**ईश्वरी बराल (अभिनय)**

हाल चितवन स्वास्थ्य सेवा केन्द्रमा कार्यरत ईश्वरी बराल पुरानो पुस्ताकी चर्चित कलाकार हुन् । लमजुङको दुराडाँडामा २०१९ सालमा जन्मिएकी इश्वरीको स्थायी बसोबास भरतपुर १० हाकिमचोक, चितवन हो । प्रायः आमाको भूमिकामा आफ्नो अभिनय कला प्रस्तुत गर्ने इश्वरीले आफन्त, बन्धनलगायत ठूलो पर्दाका २३ चलचित्रहरूमा अभिनय गरिसकेकी छन् । साथै वनपाले, टुकीलगायतका केही टेलिचलचित्रहरूमा पनि उनको बेजोड प्रस्तुति देख्न सकिन्छ । चितवनमा हुने गरेका कतिपय नाटकहरूमा पनि अभिनय गरेकी ईश्वरी नम्र स्वभाव, मीठो बोली भएकी चितवनको माटोमा कला रोप्न खप्पिस कलाकार हुन् भनेर प्रमाणित गर्न सकिन्छ । उनी कलामन्दिरलगायत विभिन्न सङ्घ संस्थाहरुबाट सम्मानित एवम् पुरस्कृत पनि भएकी छन्।

**मौसमी मल्ल (अभिनय )**

मौसमी मल्लको वास्तविक नाम विष्णु ठकुरी हो। उनको जन्म २०२५ माघ २९ गते भरतपुर महानगरपालिका वडा नम्बर १० बालमन्दिर रोडमा भएको हो । भरतपुर हाइस्कुल पढ्दादेखि नै नृत्यमा रुचि राख्ने मौसमी नारायणी कला मन्दिरमा हुने स्टेज कार्यक्रम तथा अभिनयमा भाग लिएर सुरु भएको कलाकारिताले पहिलो पटक कान्छी चलचित्रमा बालकलाकारको रूपमा अभिनय गरेको थियो। त्यसपछि पच्चीस बसन्त चलचित्रमा सह-अभिनेत्रीको भूमिका निर्वाह गरेकी मौसमीले सानो पर्दाका कान्तिपुर, जीवनधारा, बाटुली हुँदै ठूलो पर्दाका चलचित्रहरु जस्तै :- भाग्यरेखा, माया, भूमरी, तिलहरी, झुमा, सम्पत्ति, अरुणिमा, सपना, देवकी, कसम, दुस्मन, चेली, सौभाग्यलगायत १०० वटा ठूलो पर्दाका चलचित्रहरूमा अभिनय गरिसकेकी कलाकार मौसमी समय समयमा छुट्टाछुट्टै सङ्घ-संस्थाहरूबाट सम्मानित एवम् पुरस्कृत पनि भएकी छन् । जस्तै:- चलचित्र निर्माता सङ्घबाट २०६१ सम्मान, ठकुरी सेवा समाज सम्मान पत्र २०६७ साखु समाज कल्याण समिति, नाटेश्वर कलाकेन्द्र विराटनगरबाट स्तम्भ पुरस्कार २०६१, डि सिनेमा अवार्ड २०७५, नवदुर्गा सम्मान २०६८, स्पर्श अवार्ड - ब्लक बस्टर क्विन-२०७७ साथै अनगिन्ती बेस्ट नायिका अवार्डहरू प्रप्त गर्न सफल नायिका कलाकेन्द्र मात्र नभएर विभिन्न साहित्यिक एवम् सामाजिक संस्थाहरूमा पनि आबद्ध भएर सकृयताका साथ काम गरिरहेकी छन् । काठमाडौंलाई कर्मथलो बनाएर अगाडि बढिरहेकी कलाकार हाल मावली गाँउ नवलपरासीको कावासोती -१ मा बृद्ध आमाको साथमा उहाँको सेवा तथा रिसोर्ट सञ्चालन गरेर बसेकी छन् । कला क्षेत्रमा लागेर कर्म गरिरहँदा समय-समयमा धेरै वाधा व्यवधान साथै चुनौतीहरूको सामना गर्नु परेको बताउने कलाकार मौसमीको नेपाली कलाक्षेत्रमा अतुलनीय योगदान रहेकोछ ।

**शिला आले ( गायन )**

कर्मले चितवनसँग जोडिन पुगेकी सुप्रसिद्ध लोकदोहोरी गायिका शिला आलेको जन्म तनहुँमा वि.सं. २०३६ चैत १२ गते भएको हो । उनको कर्म घर सीतापुर चितवन भए तापनि हाल काठमाडौंलाई नै कर्मथलो बनाएर

सांगीतिक कर्ममा तल्लिन रहेको बताउँछिन् । 'फुल्यो ल्वाङ फूल' गीति एल्बमबाट सुरु भएको उनको गायन यात्रा हालसम्म पनि निरन्तर सक्रियताका साथ चलिरहेको छ । दर्शक श्रोताहरूमा सर्वाधिक लोकप्रिय लोकगीतहरू, खैरहनीमा गेट, गोर्खा कालिका, सुन्तला र स्याउ, मलेखुमा पुल, जोखौं तुलो भरौ पाथीलगायत हालसम्म ३५० वटा गीति एल्बमहरू बजारमा आइसकेको बताउने शिला आले खरो अर्थात् प्रष्ट स्वभाव की कलाकार हुन् । गायन कलाको जादुले जो कोही को मन तान्न सक्ने शिला विभिन्न सांगीतिक एवम् सामाजिक संस्थाहरुमा आबद्ध हुनुका साथै तीज म्युजिक अवार्डलगायत थुप्रै मान-सम्मान तथा पुरस्कारहरूबाट पुरस्कृत एवम् सम्मानित भएकी छन् ।

**चन्द्रकुमारी थापा ( मूर्तिकार )**

निर्दिष्ट उद्देश्य विना नै आनन्दको अभिव्यक्ति दिने सरल र सरस माध्यम नै कला हो । चित्र एक शब्द अनेक भने झैँ कलाले जीवनलाई नै रङ्गिन बनाइदिन्छ भन्ने अभिव्यक्ति राख्ने मूर्तिकार चन्द्रकुमारी थापा केसीको जन्म २०४२ साल वैशाख २९ गते कास्कीको सराङकोट-२, पदेलीमा भएको हो। संगतको फल भने झैँ २०६४ मा चितवनका चर्चित मूर्तिकार सूर्य मध्यरातसँग विवाह बन्धनमा बाँधिएपछि सुरु भएको कलाकारिताले धेरै मूर्तिकलाहरू निर्माण गरिसकेको छ । मूर्ति निर्माणका लागि प्रेरणाको स्रोत जीवन साथीलाई मान्ने चन्द्रकुमारीद्वारा निर्मित मूर्तिकलाहरूमा- भगवान् शिवको मूर्ति, भरतपुर महानगरपालिका १६ मा स्तन पान गराइरहेकी आमाको मूर्ति, बेल्डिहा, नवलपरासीमा सीमा रक्षा गरिरहेको बालकको मूर्ति, सतीदेवीको मूर्ति, एकल महिला र पिजडाको चरीको मूर्ति - जनजीवन मा.वि. माडीमा, अध्यनरत विद्यार्थीको मूर्ति - साझापुर स्कुल स्वर्ण स्तम्भमालगायत बालबालिकाका विभिन्न मूर्तिहरू आदि । मूर्तिकार चन्द्रकुमारीले सुजाताको मूर्ति बनाए वापत वि.सं. २०७२ मा रत्ननगर महोत्सवमा भएको प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गरेकीछन् । साथै वि.सं. २०७० मा भगवान् बुद्धको मूर्ति निर्माण गरेर चितवन महोत्सवमा दोस्रो पुरस्कार प्राप्त गर्न सफल भएकी हुन्। चन्द्रकलाको कला र भविष्य चन्द्र जस्तै शीतल र उज्यालो होस् कला र कलाकार दुबैलाई असिमित शुभकामना ।

**रेनु तामाङ ( कलाकार )**

वि.सं. २०३८ साउन ११ गते चितवनको भरतपुरमा जन्मिएकी रेनु तामाङको कर्मथलो पनि भरतपुर महानगरपालिका-२ क्षेत्रपुर हो । बिगत लामो समयदेखि म्युजिक भिडियो र चलचित्रहरूमा अभिनय गर्दै आइरहेकी रेनु एक कुशल नृत्य निर्देशक हुनुका साथै नृत्य प्रशिक्षक पनि हुन् । सुन्दर एवम् आकर्षक व्यक्तित्व तथा हुने विरुवाको चिल्लो पात भने झैं उत्कृष्ट प्रतिभाशाली कलाकार रेनुले मिस चितवन सन २०१७ मा फस्ट रनरअपको उपाधि हासिल गर्न सफल भएकी थिइन् । मिस चितवनको ताजले उनलाई कला क्षेत्रमा सक्रियताका साथ लाग्न प्रोत्साहित गऱ्यो । कला जीवनको सार हो भन्ने विचार राख्ने कलाकार रेनुले रियो छमछमी सेसन ४ (२०७६) मा निर्णायकको भूमिका निर्वाह गरेकी थिईन् । चितवन डान्स सेन्टरको प्रबन्ध निर्देशकको रुपमा कार्यरत रेनु तामाङ हाल नृत्य निर्देशक संघ चितवन शाखाको अध्यक्ष तथा सामुदायिक सेवा केन्द्र चितवनको बोर्ड सदस्यको भूमिकामा रहेर लगनशीलताका साथ कर्म गरिरहेकी छन् । विदेश पलायन हुने लहरबाट फुत्त निस्किएर स्वदेशमा नै आफ्नो सीप, जोश र जाँगर रोप्ने कलाकारहरु थोरै मात्र छन् । यस्ता देशप्रेमी स्रष्टाहरूलाई हार्दिक अभिनन्दन!

**इन्दिरा श्रेष्ठ (मूर्तिकार)**

वालापनमा आमाले तावारोटी पकाइरहँदा थोरै पिठोको मागेर अनेक आकारहरू बनाउने इन्दिरा श्रेष्ठ हाल कुशल मूर्तिकारका रुपमा परिचित छन् । वि.सं. २०३८ असोज २९ गते चितवनको पार्वतीपुरमा जन्मिएकी उनको मूर्तिकला निकै सुन्दर एवम् आकर्षक छ । घरपरिवार र आफू खेले हुर्केको वातावरणीय प्रभावले मान्छेलाई धेरै प्रभावित पार्छ भन्ने भनाइको उदाहरण इन्दिरा पनि हुन् । आफ्ना दाजुहरूको मूर्तिकला देखेर

उत्साहित हुने इन्दिरालाई मूर्तिकलाले तान्यो । इन्दिराले बनाएको मोनालिसाको चित्र उनको पहिलो मूर्तिकला हो जो प्रदर्शनीमा राखेर ७० हजारमा बिक्री भएको थियो । यस्तै गरेर नेपालमा मात्र नभएर विदेशी भूमिमा पनि मूर्तिकला बारे अध्ययन गर्ने अवसर प्राप्त कलाकारले आफ्नो कलाकारितालाई निखारिरहँदा उनले धेरै सम्मान एवम् पुरस्कार पनि हासिल गर्न सफल भएकी छन् । उत्कृष्ट मूर्तिकला प्रतियोगिता चितवन महोत्सव २०५०, र २०६१, आरम्भ प्रथम मूर्तिकला प्रतियोगिता २०६२, हार्मोनि अन्तर्राष्ट्रिय कार्यशाला २०६३, रुपान्तरण पत्थर मूर्ति कार्यशाला २०७१, राष्ट्रिय ललितकला प्रदर्शनी २०७२, उत्कृष्ट प्रकृति मूर्तिकार २०७२, आशाकुमारी गुरुङ ललितकला पुरस्कार २०७४, राष्ट्रिय पुरस्कार २०७२- आदि । देशले नसम्झेको र गाउँ वस्तीमा रहेको कला कताकता शहरले नदेखेको महसुस हुने गुनासो गर्दै आवश्यक सल्लाह सुझाव र सहयोग भए मूर्तिकलामा अझै धेरै योगदान दिन सक्ने इन्दिरा बताउँछिन् ।

**प्रमिला खनाल (कलाकार)**

चितवनको बाह्रघरे-५ स्थायी ठेगाना भएकी कलाकार प्रमिला खनाल अभिनय एवम् नृत्य विधामा लामो समयदेखि लागि पर्दै आएको कुरा उनले अभिनय गरेका चलचित्र एवम् म्युजिक भिडियोहरूले बताउँछन् । 'CLUB -7' नाटक र 'अझै पनि' चलचित्रलाई आफ्नो पहिलो कलाकृति बताउने प्रमिलाले ठूलो पर्दाका चलचित्रहरु दबाब, वडा नं ६, छक्क पञ्जा, जालो, के घर के डेरालगाएत एक दर्जन भन्दा बढीमा सहनायिका तथा हाल प्रदर्शनमा आएको चलचित्र 'हुक्का' मा मुख्य नायिकाको भूमिका निर्वाह गरेकी छन् । २०४७ साल भाद्र १९ गते पोखरामा जन्मिएकी प्रमिलाको हालको कर्मथलो काठमाडौं बनेको छ । विज्ञापनका साथै दुई दर्जन जति म्युजिक भिडियोमा अभिनय गरिसकेकी प्रमिला खनालले विभिन्न मान सम्मान एवम् पुरस्कारहरू पनि प्राप्त गरिसकेकी छन् । घर गाउँ छाडेर उपत्यकामा बस्नुपर्ने बाध्यत्मक परिस्थिति बताउने प्रमिलालाई स्वदेशमा बसेर आफ्नो कला प्रदर्शन गर्ने, देशलाई माया गर्ने कलाकारहरुको पङ्क्तिमा भने ढुक्कसँग राख्न सकिन्छ । कामना गरौं उनको कला कर्मले निरन्तरता पाओस् ।

**पूर्णिमा श्रेष्ठ ( कलाकार)**

काठमाडौंको हाडीगाउँमा २०४३ सालमा जन्मिएर चितवनमा आफ्नो कलाकारिताको भविष्य कोर्ने पूर्णिमा श्रेष्ठको स्थायी ठेगाना भरतपुर-१०, शीतलपथ हो । नेपाल प्रहरीको सांस्कृतिक समूहमा सक्रियताका साथ नृत्य एवम् अभिनय गर्नमा व्यस्त पूर्णिमाको पहिलो प्रदर्शित नाटक मालती हो । यसमा उनले बाल कलाकारको भूमिका निर्वाह गरेकी थिईन् । २०७१ सालमा नेपाल लोकदोहोरी प्रतिष्ठानबाट म्युजिक भिडियोमा वेस्ट मोडल अवार्ड हात पार्न सफल कलाकार पूर्णिमाले क्याम्पस पढ्न आउने, एकादशी बजारैमा, प्यार हुन्छ, दामी देखिन्छलगायत ५० वटा चर्चित गीतहरूको म्युजिक भिडियोमा नृत्य तथा अभिनय गरेकी छन् । कलाकार मनोज लामालाई आफ्नो गुरु मान्ने पूर्णिमा चितवनका चर्चित कलाकारहरू पुष्प श्रेष्ठ र बिक्रम श्रेष्ठलाई पनि आफ्नो प्रेरणाको स्रोत बताउछिन् । यहाँ कतिले आफूले टेकेको धर्ती बिर्सन्छन् । नारायणी कला मन्दिरबाट आफ्नो कलाकारिताको सुरुवात गरेकी पूर्णिमा आफ्ना गुरुहरूलाई सम्झने एक इमान्दार, लगनशील एवम् अनुशासित कलाकार हुन् भन्ने कुरा प्रष्ट हुन्छ ।

**अनामिका मल्ल (गायन)**

चितवनमा भएको राइजिङ स्टार नामक गायन प्रतियोगिता (२०६६) मा उत्कृष्ट स्थान हासिल गर्न सफल प्रतिभा अनामिकाको जन्म भारतको पटनामा भए तापनि स्थायी बसोबास भरतपुर-१५ फूलबारी, चितवन हो । उनले 'काव्य' नामक गीति एल्बम बजारमा ल्याएकी छन् । चितवनमा हुने विभिन्न साङ्गीतिक कार्यक्रमहरूमा आफ्नो सुमधुर कला र गलाले दर्शक श्रोताहरुको मन जित्न

सफल अनामिकाले गीतकार किरण माइकलद्वारा लिखित रित्तिदिन्छ कि आँसु बोलको गीतमा कालिका एफ.एम. बाट उत्कृष्ट गायन अवार्ड जितेकी थिइन् । कोकिल कण्ठी अनामिका हाल शिक्षण पेशामा आवद्ध छन् । कामना छ काम सँगसँगै उनको कला पनि अगाडि बढोस् ।

**सुप्रदीप्ति भण्डारी (चित्रकार )**

भरतपुर चितवनमा २०५३/०६/२५ गते जन्मिएकी वर्तमान समयकी आश लाग्दी प्रतिभा हुन् सुप्रदीप्ति भण्डारी । कविता लेखनसँगसँगै चित्रकारितामा पनि राम्रो दखल राख्ने, चितवनमा जन्मिएकी सुप्रदीप्तिको हालको ठेगाना भरतपुर १२, चितवन नै हो । 'Journey' (2016 AD English poem and Abstract Arts collection, मा उनले कविता मात्र नभएर आफैंले कोरेका निकै सुन्दर एवम् अर्थपूर्ण चित्रकलाहरू छन् । कलिलो उमेरमा नै यति उत्कृष्ट कृति प्रकाशन गर्नु सबैको बसको कुरा हैन । उनको यही अद्भुत कलालाई प्रोत्साहित गर्न साहित्य सङ्गम चितवनले गत वर्ष गणेश/लक्ष्मी खड्ग नारायण स्मृति पुरस्कार–२०७९ २ पुरस्कृतले सम्मान गरेको थियो । चितवनका विभिन्न साहित्यिक एवम् सांस्कृतिक संस्थाहरूमा आबद्ध कलाकार सुप्रदीप्ति प्रगतिशील विचारधाराकी शान्त, सौम्य एवम् अनुशासित कलाकार हुन् ।

**सीता लामा (गायन )**

कला मन्दिरबाट आफ्नो कलाकारिताको सुरुवात गरेकी सीता लामा मीठो स्वरकी धनी हुन् । साथै उनले सन्तान चलचित्रमा सह-नायिकाको भूमिका पनि निर्वाह गरेकी थिईन् । गायन, नृत्य र अभिनयमा सिद्धहस्त कलाकार सीता हाल कलामन्दिरबाट बेखबर हुनु समय र परिस्थितिको मजाक हो भन्न सकिन्छ ।

**सपना रैला अर्याल ( गायन )**

चितवनमा २०४८ माघ १५ गते जन्मिएकी सपना रैला अर्याल कोकिल कण्ठकी धनी कलाकार हुन् । सुरज कालाखेतीले लेखेका शब्दहरूमा सपना र स्वयम् लेखकको स्वरमा 'बिहानीको किरण सरि' बोलको गीत रेकर्डिङ भएको  छ। वनजङ्गल, जङ्गली जनावर तथा पानीको संरक्षण एवम् महत्व बारेका सचेतनामूलक धेरै गीतहरू उनको आवाजमा रेकर्ड भएका छन् । चितवनमा हुने गायन प्रतियोगितामा पटक पटक उत्कृष्ट हुने सपनाको हालको कर्मथलो पनि चितवन नै हो । साङ्गीतिक क्षेत्रमा उज्यालो भविष्य कोर्दै गरेकी सपनासँग दर्शक श्रोताहरूलाई मन्त्रमुग्ध बनाउन सक्ने कला छ । गायन मात्र नभएर वाद्यवादनमा पनि सिपालु सपनाको उज्यालो भविष्यको कामना गर्दै हालसम्म मैले अध्ययन गरेका चितवनका यी प्रतिनिधि नारी कलाकारहरूमा धेरै चितवन बाहिर रहेर आफ्नो कला-कर्म गरिरहेका भेटिए । यसो हुनुमा चितवनमा कलाकारहरूका लागि सबै साधन, स्रोत एवम् अवसरहरु नहुनु पनि हो । साथै सबै सुविधा राजधानी केन्द्रित हुनुमा पनि यो समस्या देखा परेको हो भन्न सकिन्छ । चितवनमा रहेको कलामन्दिरले धेरै कलाकारहरू जन्माएको प्रमाण माथि उल्लेखित कलाकारहरूको कलाको सुरुवात कलामन्दिरबाट हुनुले बताउनुको साथै पुरानो पुस्ताका सम्पर्कमा नभएका तथा भरखरै कलामन्दिरमा फुलेका केही कलाकारहरू नाम लिष्ट ले पनि बताउछ ।

**जस्तैः-** माया आशावादी, लक्ष्मी श्रेष्ठ, इन्द्रकुमारी गुरुङ, धनमाया पुन, इन्दु पुन, मायादेवी, मालती श्रेष्ठ गुरुङ, वालकुमारी परिवार, इश्वरी बराल, पुष्पा ढकाल, गँगा सापकोटा, लीला लामा, राधीका लामा, ज्योति काफ्ले, ईश्वरी काफ्ले, सीता श्रेष्ठ, अनामिका मल्ल, देवी कार्की, शारदा श्रेष्ठ,एन्जलिना पाण्डे, ममता भुजेल, सुस्मिता कसाई, सपना नेपाली, रजिना तामाङ, सुरक्षा शाही, सुमिना श्रेष्ठ, निशा घर्ती, क्षेत्री, निशा पुन, अरुणा गुरुङ, रुपा लामा आदि ।

**निष्कर्ष**:

सबै कलाकारहरूको बारेमा बुझेर लेखिरहँदा

कता-कता यस्तो महसुस भएको छ कि चितवनमा फुलेर फक्रिएका प्रतिभाहरू आफ्नो उज्यालो भविष्यको खोजीमा उपत्यका धाउनुपर्ने, यहाँबाट बिस्थापित नै हुनुपर्ने परिस्थितिले एउटा प्रश्न जन्माएको छ । आखिर किन यस्तो भइरहेको छ ? यो विषयमा स्थानीय सरकारको ध्यान जान जरुरी छ । त्यसो त धेरै कलाकारहरु छैनन् । भएका सबै राजधानी केन्द्रित हुनु, चितवनको लागि दुःखको विषय हो । विगतमा कलाकारहरु घर भित्र नै थुनिनु पर्ने बाध्यत्मक अवस्था थियो । हाल आएर देश, समाज र गाउँ वस्तीहरूमा कलाकारको परिभाषा परिवर्तन भएको छ । समाज सकारात्मक एवम् प्रगतिशील बनेको पनि छ । यो कुरा हामी सबैको लागि गौरवको विषय हो । तथापि जति पनि कलाकारहरू चितवनको माटोले उमारेको छ । ती सबैलाई यही माटो मलिलो बनाउनको लागि प्रोत्साहित गर्न जरुरी छ । कलाकारहरूको लिष्ट लामो भेटिनु तर सम्पर्कमा नहुनु निकै दुःखको कुरा हो । स्थानीय कला एवम् सांस्कृतिक संस्थाहरूको केही कमजोर यो पनि हो कि ?

चितवनमा कलाका क्षेत्रमा योगदान दिने कलाकारहरूको अभिलेखीकरण नगरिनु । हालको अनुसन्धानले यही कुरा प्रमाणित भएको छ । विगतमा जे भयो अब त्यो दोहोरिन हुँदैन हामीले हाम्रो समाजमा रहेका सबै प्रतिभाशाली कलाकारहरूको पहिचान गरी सबैको परिचय खुल्ने गरी साहित्यकार परिचय कोष तयार गर्ने जमर्को गरिरहेका छौं । आशा छ यसमा सिङ्गो चितवनको सहयोग मिल्नेछ अबका क्रममा कोही अपरिचित हुन पर्ने छैन । भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानले कलाकारहरुको खोजी गर्ने र उनीहरूको योगदानको कदर गर्दै, सल्लाह, सुझाव एवम् प्रोत्साहन गर्ने उद्देश्य बोकेर अगाडि बढिरहेको छ । आगामी दिनमा चितवनका सबै कलाकारहरूको बारेको एउटा पुस्तक सार्वजनिक गर्ने प्रतिबद्धताका हाललाई यो कलम यतै बिसाउने अनुमति चाहन्छु ।

卐

## भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिने विभिन्न पुरस्कारका लागि कृति आह्वान सम्बन्धी सूचना !

भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले भरतपुर महानगरपालिका वा चितवन जिल्लालाई आधार बनाई यहाँको भाषा-साहित्य, कला-संस्कृति, ऐतिहासिक, पुरातात्विक क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी प्रकाशित भएका, उत्कृष्ट ठहरिएका मौलिक कृतिलाई नगद राशि रू पचास हजार अठहत्तरसहित एक जनालाई **चित्रवन प्रज्ञा पुरस्कार**, काव्य, आख्यान, नाट्य र निबन्ध विधाका उत्कृष्ट ठहरिएका मौलिक साहित्यिक कृतिलाई अलग-अलग विधागतरूपमा एक-एकजना गरी चारजनालाई प्रतिस्रष्टा नगद राशि रू पच्चीस हजार अठहत्तरसहित **भरतपुर महानगर प्रज्ञा पुरस्कार** र नारी स्रष्टाहरूले प्रकाशन गरेका जुनसुकै विधाका कृतिहरूमध्येबाट उत्कृष्ट ठहरिएका मौलिक साहित्यिक कृतिलाई नगद राशि रू पच्चीस हजार अठहत्तरसहित एकजनालाई प्रदान गरिने गरी **वागीश्वरी प्रज्ञा पुरस्कार** स्थापना गरेको बेहोरा सहर्ष जानकारी गराउँछौं ।

उपर्युक्त पुरस्कारहरू मध्ये **चित्रवन प्रज्ञा पुरस्कार**का लागि नेपालभरका जो कोही स्रष्टाका २०७९ मा प्रकाशन भएका र **भरतपुर महानगर प्रज्ञा पुरस्कार** र **वागीश्वरी प्रज्ञा पुरस्कार**का हकमा भरतपुर महानगरवासी स्रष्टा स्वयम् वा प्रकाशकले सम्वत २०७९ सालमा प्रकाशन भएका ३ प्रति पुस्तक आगामी २०८० मंसिर मसान्तसम्ममा प्रज्ञा-प्रतिष्ठानको सचिवालयमा आइपुग्ने गरी दर्ता गराउनु हुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तोकिएको समयभित्र दर्ता भएका पुस्तकहरू मूल्याँकन समितिको सिफारिसलाई आधार मानी प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ-परिषद्ले सिफारिस गरी महानगरको निर्णयबमोजिम पुरस्कृत कृतिको घोषणा गरिनेछ । र पुरस्कार प्रदान गरिने मिति र कार्यक्रम पछि जानकारी गराइनेछ ।

**थप जानकारी तथा समन्वयका लागिः**
सदस्य सचिव श्री बालकृष्ण थपलिया
मोवाइल नं. ९८४५०५११२७, ईमेल :pragyapratisthanbhr078@gmail.com

पर्यटन

# पर्यटन प्रबर्द्धनको ऐतिहासिक अभियानः "भरतपुर भ्रमण वर्ष २०२४"



विश्वराज सुवेदी 'पि.एच.डी'*

वैदिककलिक मूल नारा 'चरैवति' निरन्तर 'चलायमान वन, गतिशील वन' भन्ने पूर्वीय दर्शनको गतिमान इतिहासलाई हाम्रो मानव-सभ्यताको निरन्तर अनुसरण गर्दै आइरहेको छ। हामी बसेको धर्ती निरन्तर भ्रमणशील रहे झैँ हाम्रो संस्कार र जीवनपद्धति पनि निरन्तर परिभ्रमणशील छ। मानव सभ्यताको पर्यटनशील परिवर्तनसँगै धर्मपरायण मानव समुदायले पर्यटनको मूल आधार तीर्थाटनलाई रोज्यो। तीर्थाटनका लागि आरम्भ गरिएको धार्मिक यात्राको स्वरूप पर्यटन मनोरञ्जनको महत्त्वपूर्ण माध्यम बन्न पुग्यो।

राणाशासनको अन्त्यसँगै सन. १९५० मा बाह्य देशहरूलाई नेपालमा आउन ढोका खुल्ला गरेपछि पदमार्गको सुरुवात भयो। सन १९५३ मे २९ मा तेन्जिङ्ग नोर्गे र एडमण्ड हिलारीले विश्वको उच्च शिखर सगरमाथा आरोहण गर्न सफल भएपछि बाह्य पर्यटकको ध्यान नेपालतर्फ आकर्षित हुन थाल्यो। सन्. १९५५ मा थोमस कुकले ६० जना पर्यटकहरूलाई साथमा लिएर नेपाल भ्रमण गराएपछि पर्यटनतर्फ चासो बढ्दै गयो।

विश्वका सुन्दर देशहरूको उत्कृष्ट सूचीमा पर्ने नेपालमा सङ्गठित रूपमा पर्यटन विकास गर्ने उद्देश्यले सन्. १९७५ मा पर्यटन विकास बोर्डको स्थापना गरियो। त्यसै गरी बाह्यराष्ट्रमा प्रभावकारी पर्यटन प्रर्वद्धन गर्न सरकारी तथा निजी क्षेत्रको संयुक्त सहभागितामा सन. १९९८ मा विश्वपर्यटन सङ्गठन र प्यासिफिक एसिया ट्राभल एसोसिएसन जस्ता अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूको सदस्यता लिएपछि नेपालमा पर्यटनका गतिविधिहरू द्रुततर रूपमा बढ्न थाले। दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले सन् १९७२ मा होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्रको स्थापना भयो भने दिगो पर्यटन विकासको लागि सोही वर्ष २० वर्षीय लक्ष्यसहितको पर्यटन गुरुयोजना तयार गरियो। यो एउटा ऐतिहासिक कदमहरूको थालनी पनि हो।

नेपालको प्रतिष्ठा बाह्यराष्ट्रमा बृद्धि गर्न प्राकृतिक सांस्कृतिक, धार्मिक एवम् ऐतिहासिक सम्पदाहरूको प्रचारप्रसार गरी पर्यटकको सङ्ख्या र बसाइ अवधि बृद्धि गर्ने उद्देश्यले आयोजित नेपाल भ्रमण वर्ष १९९८, नेपाल पर्यटन वर्ष २०११ जस्ता कार्यक्रमले पर्यटन विकासमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ। तर २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएर सुरुवात गरिएको राष्ट्रिय उत्सव नेपाल भ्रमण वर्ष २०२० अकल्पनीय कोरोना भाइरसको कारण बिचमै बन्द गर्नुपऱ्यो। यसबाट आर्थिक मेरुदण्डको महत्त्वपूर्ण आधार पर्यटन क्षेत्रमा अपूरणीय क्षति हुन गयो। कोरोना कहरबाट पिल्सिएको पर्यटन व्यवसायलाई उकास्न भ्रमण वर्ष २०२० मा लिइएको प्रवर्द्धनात्मक लक्ष्य प्राप्त गर्न स्थानीय सरकार भरतपुर महानगरपालिकाले निजी क्षेत्रसँगको सहकार्यमा ऐतिहासिक उत्सव "भरतपुर भ्रमण वर्ष २०२४" आयोजनाको घोषणा गर्न गइरहेको विषय हामी नेपालीका लागि सुखद् पक्ष हो।

* पर्यटन विज्ञ सल्लाहकार - भरतपुर महानगरपालिका।

**महानगरपालिकामा पर्ने मुख्यप्रमुख पर्यटकीय गन्तव्यहरू**

विश्वसम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्ज तथा ठुला नदीहरूले तीनतिरबाट घेरिएको नेपालकै उत्कृष्ट भरतपुर महानगरपालिका विविध सम्पदाहरूले परिपूर्ण छ। कृषि, सहकारी, उद्योग, पर्यटन जस्ता क्षेत्रहरूलाई आर्थिक विकासको आधार बनाएको यस महानगरले करिब ४३३ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । जैविक विविधता, प्राकृतिक सौन्दर्य र स्वच्छ वातावरण प्रवर्द्धन गर्दै पर्यटन विकासमा निरन्तर अग्रसर भरतपुर महानगरमा विमानस्थल, रिङरोड, लिङ्करोड, हुलाकी मार्ग, पूर्व - पश्चिम मार्ग, होटल, रिसोर्ट जस्ता पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरू उपलब्ध छन् । पर्यापर्यटन, वन्यजन्तु पर्यटन, खेल पर्यटन, स्वास्थ्य पर्यटन, कृषि पर्यटन, औद्योगिक पर्यटन आदिको क्रमिक विकास भएको महानगर चीन र भारत जोड्ने ठोरी -केरुङ्गा मार्गको मुख्य आर्थिक केन्द्र पनि हो।

नेपालका विभिन्न प्रमुख गन्तव्य स्थलमध्ये अनुपम प्राकृतिक सम्पदाले सम्पन्न सबै जातजातिको साझा फूलबारी भरतपुर महानगरका मुख्य पर्यटकीय आकर्षणहरूलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । यहाँ रहेका निकुञ्ज, सामुदायिक वन, ताल, नदी सूर्योदय, सूर्यास्त, पहाड, हिमश्रृङ्खलाको दृश्यावलोकन, एवम् समथर तराइको भूभाग अवलोकन, प्राकृतिक आकर्षणअन्तर्गत पर्दछन् भने ऐतिहासिक स्थलहरू, गढी, दरबार, सङ्ग्रहालय, पार्क, धार्मिक स्थलहरू मानवनिर्मित आकर्षणअन्तर्गत पर्दछन् । यहाँका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूले समेत पर्यटकलाई भरपूर आनन्द प्रदान गर्दछन् । सांस्कृतिक अनेकता, भौगोलिक विविधता, प्राकृतिक अवस्था, भू( बनोट आदिको आधारमा महानगरअन्तर्गत पर्ने प्रमुख गन्तव्यहरू यस प्रकार छन्ः मेघौली, सीतामाई तथा पटिहानी, जगतपुर, देवघाटधाम, वागीश्वरी, गणेशधाम, महाबौद्ध गुम्बा, ज्ञानेश्वर ब्लक, गोलाघाट, कसरा (गोही प्रजनन केन्द्र तथा विक्रमबाबा), राइनो ताल तथा धनगढा मन्दिर, चौकीडाँडा/कविलासपुरगढी, चितवन प्रदर्शनी केन्द्र, बखान बहुउद्देश्यीय सहकारी संस्था, रानीपोखरी, प्राङ्गारिक कृषि उत्पादक सहकारी संस्था, गाँजीपुर, सिमरीटाउन क्षेत्र, बीसहजारी ताल तथा बाटुलीपोखरी, वि.पी. शान्तिनगरवन तथा नारायणी बिच क्षेत्र, दियालो बङ्गला, संयुक्त राप्ती दून मध्यवर्ती सामुदायिक वन तथा देवीस्थान पार्क । यिनै विविधतापूर्ण सुन्दर पर्यटकीय स्थलहरूले यहाँको पर्यटन क्षेत्रको दायरालाई विस्तृत तुल्याएका छन् ।

**डिजिटल बजारीकरण**

पर्यटन प्रर्वद्धनका लागि विद्यमान विषम परिस्थितिमा स्वास्थ्य र सुरक्षा प्रमुख मुद्दाहरू हुने हुँदा भरतपुरको सफारी पर्यटनलाई “Tourism for all Season” भन्ने नाराका साथ गन्तव्यको प्रचार -प्रसार गर्नुपर्दछ । कारोनाको प्रभाव अझ लामो समय रहने हुँदा पर्यटकलाई विश्वास हुने गरी ९५२ वर्ग कि.मी.को निकुञ्ज र ७२९ वर्ग कि.मी. को मध्यवर्ती क्षेत्र (जल पर्यटनका क्रियाकलापमा सहभागी हुँदा) खुला एवम् सुरक्षित मनोरञ्जन प्रदान गर्न सकिन्छ। हरेक अवस्थामा पर्यटकहरूलाई म पूर्ण रूपमा सुरक्षित छु भन्ने प्रत्याभूति दिलाउन क्रय विक्रयका कुराहरूमा आधुनिक प्रविधिको प्रयोग गर्दै डिजिटल मार्केटिङ्ग गर्न मिल्ने व्यवस्था गर्नु पर्दछ।

पर्यटकीय गन्तव्यको प्रर्वद्धन गर्दा हामीसँग भएका पर्यटकीय उपजहरू के के हुन् ? ती उपजको बजार कहाँ हो ? त्यसलाई कसरी बिक्री गर्ने ? यी ३ कुरा महत्त्वपूर्ण हुन्छन् । अन्य वस्तुहरू विभिन्न माध्यमबाट उपभोक्तासम्म पुग्दछ भने पर्यटकीय वस्तुहरू उपभोग गर्नपर्यटक स्वयं आउनुपर्दछ। गन्तव्यको ब्राडिङ्ग गर्ने, दूर प्याकेज बनाउने र सञ्चारका विभिन्न माध्यम प्रयोग

गरी लक्षित बजारमा विश्वासनीय तरिकाले सञ्चार गरी बजार प्रवर्द्धन गर्नुपर्दछ । भरतपुरको सन्दर्भमा जङ्गल सफारी, धार्मिक, सांस्कृतिक क्रियाकलाप तथा सभा सम्मेलन गर्न उपयुक्त स्थान भनी डिजिटल उपकरणबाट बजारीकरण गर्नु उपयुक्त हुन्छ । Facebook, Twitter, Instagram, Linkedin, Google Plus, Email, Online, Internet आदि आवश्यकता अनुसारका डिजिटल बजारीकरणका उपकरणहरू प्रयोग गर्नुपर्दछ ।

**भरतपुर भ्रमण वर्ष २०२४**

भरतपुर महानगरपालिकाले आयोजना गर्न लागेको ऐतिहासिक अभियान "भरतपुर भ्रमण वर्ष २०२४" सार्थक रूपमा सफल बनाउन स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरू आयोजना गर्नुपर्छ। पर्यटकीय गन्तव्यहरूलाई प्रवर्द्धन गर्ने नीतिका परिपूरक तत्त्वहरू मुख्य रूपमा मेला, महोत्सव, प्रदर्शनी, भ्रमण, सम्मेलन आदि हुन् । विशेषतः बाह्य पर्यटकहरूलाई लक्षित गर्दै अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरूमा केन्द्रित हुनुपर्छ ।

अन्तर्राष्ट्रिय सफारी मार्ट, जङ्गल फेस्टिभल, युवा सम्मेलन, लगानी सम्मेलन, साहित्य कार्यक्रम, र्‍याली, हेरिटेज, म्याराथुन, सेमिनार, राजदूत, लेखक, ब्लगरहरूको भ्रमण, ट्राभल एजेन्सी, टुर अपरेटरहरूको सम्मेलन, विज्ञ समूहसहितको कार्यशाला गोष्ठी, खेलकुद प्रतियोगिताहरू, पर्यटन तथा वातारणसँग सम्बद्ध दिवसहरू, जातीय सांस्कृतिक कार्यक्रम, फुड फेस्टिभल जस्ता क्रियाकलापहरू समेटेर वार्षिक क्यालेन्डर बनाउनु पर्दछ । मुख्य कार्यक्रमहरूमा सहभागिताको लागि समयमै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पत्राचार गर्नुपर्दछ । त्यसै गरीब भ्रमण वर्ष सुरु हुनुपूर्व प्रचार सामग्री तयार गरी प्रचार प्रसार कार्य गर्नुपर्छ । विभिन्न भाषामा ब्रोसर निर्माण, वेभसाइड निर्माण छोटो समयका भिडियोहरू, नक्सासहितको टुर गाइड बुक गन्तव्यको परिचयसहितको सूचना बोर्ड, होडिङ बोर्ड, एरो बोर्ड, स्वागत बोर्ड, डिजिटल बोर्ड, स्टिकर, टोपी, टि-सर्ट तयार गरी टुर प्याकेज घोषणा, छुट तथा सहुलियत प्रदान, भ्रमण वर्षको लोगो तथा नारा तयार गर्नुपर्दछ । यसै गरी समाजका सबै क्षेत्र समेटेर मूल समारोह समिति, निर्देशन समिति, कार्य सम्पादन समिति तथा उप -समितिहरू एवम् प्रभावकारी सचिवालय गठन गरी कार्य योजना तर्जुमा गर्नुपर्दछ ।

पर्यटन विकासबाट सामाजिक तथा आर्थिक परिवर्तन ल्याउन भरतपुर महानगरपालिका आफैँले पहिलो पटक आयोजना गर्न लागेको यस बृहत् अभियानलाई सफल बनाउन जनप्रतिनिधिहरू, राजनीतिक पार्टीहरू, पर्यटक सरोकारवालाहरू, होटल तथा रेस्टुरेन्ट सञ्चालक, पत्रकार, कृषक, विद्यार्थी, खेलाडी, व्यापारिक वर्ग, निजी क्षेत्र तथा समग्र महानगरपालिकाको सक्रिय  भूमिका अपरिहार्य देखिन्छ । विभिन्न तह र तप्काका समग्र व्यक्तिहरूको सक्रिय सहभागिता जुटाउन सके "भरतपुर भ्रमण वर्ष २०२४" ले पर्यटन प्रवर्द्धनमा एउटा ऐतिहासिक सफलता प्राप्त गर्न सक्ने विषयमा आशावादी बन्न सकिन्छ ।

**सन्दर्भ सामग्री**

कंडेल, प्रा. डा. देवीप्रसाद, सुवेदी, डा. विश्वराज सहित ८ जना (२०७८) चितवन दर्पण, चितवनको वन, वातावरण तथा पर्यटन विकास (४५२), जिल्ला समन्वय समिति, भरतपुर, चितवन ।

सुवेदी, विश्वराज र ज्ञवाली, प्रकाशमणी (२०७५), चितवन जिल्ला पर्यटन निर्देशिका पर्यटन प्रर्वदन समिति, उद्योग वाणिज्य सङ्घ-चितवन

सुवेदी, विश्वराज (२०६७) चितवन महोत्सव स्मारिका, चितवन जिल्लाका प्रमुख पर्यटकीय गन्तव्यस्थल एवम् क्रियाकलापहरू, उद्योग वाणिज्य संघ-चितवन ।

कथा

# निस्तो गन्तव्य



शान्ति शर्मा*

कोभिडको समय जतासुकै सुनसान छ। डरले मनभित्र आतङ्क मच्चाइरहेको छ। होस्टेल बन्द भएपछि सबै साथीहरू आआफ्ना घरतर्फ लागे। बाबा ममीको साथमा रमाइरहेका छन् सायद। धन्न एउटा साथी पाएँ। नत्र मेरो के हालत हुने थियो। कोठाभित्र गुम्सिएर बसेको पनि चार महिना भइसक्यो। ममीले आइज भनेर बोलाए पनि त्यस घरभित्र छिर्न मन भएन। ममीले त माया गर्नुहोला आफ्नो सन्तान भएकाले तर उसले....? उपेक्षित भएँ भने.....?. बरू यही बन्द कोठा र साथी नै ठिक छन् मेरा लागि। आआफ्नो कर्मको खेल न हो। मेरो भाग्यमा जे लेखेको छ त्यो मैले भोग्नै पर्छ। मन एक तमासले घोरियो। खाली रुन मात्र मन लाग्छ। हुन त रुनु नै जीवन प्राप्त गर्नु हो। जन्मने बित्तिकै नरोएकी भए सायद उतिबेलै जीवन गुमाउँथे होला। रोइन भनेर नर्सले पिटिपिटी रुवाएका हुन् रे। जन्मदै लिएर आएको कर्मलाई स्विकार्नु सिवाय केही अन्य विकल्प छैन। मनमा अनेक कुरा खेलिरहे। उही पूर्वस्मृतिमा रुमलिएँ केहीबेर।

म दुई वर्षकी हुँदा परदेसिनुभएको थियो रे मेरो बाबा। चारवर्षपछि मात्र घर फर्कनुभयो। सुरुमा त मलाई बाबाजस्तो पनि लागेन, अरू नै कोही ठाने। लोग्नेमान्छे वा ममीको मिल्ने साथी। समय बित्दै गयो। बिस्तारै म बाबासँग नजिकिँदै गएँ।ममीको काख र बाबाको चोरी औँला उत्तिकै प्रिय लाग्दै गए। घरमा बस्दा ममीको काखमा लुटपुटिन्थेँ भने बाहिर निस्कँदा बाबाको चोरी औँला गँगटोलेझैँ चरप्प समातेर हिँड्थेँ। कतै चोरी औँला फुत्किन्छ र म हराउँछु कि भन्ने एक प्रकारको भय मभित्र जीवित थियो। मेलामा जाँदा बाबाको काँधमा पनि बस्थेँ। म बस्दा बाबाको काँध कति गल्थ्यो मैले बुझेकी थिइनँ वा भनूँ बुझ्ने चासो पनि लिइनँ। बस्, मलाई जात्रा हेर्न पाए हुन्थ्यो। बाबाममीको एकल सन्तान म। मेरो मागलाई तुरुन्तै पूरा गर्दिनुहुन्थ्यो उहाँहरूले।

चितवनमा प्रत्येक दुई/दुई वर्षमा चितवन महोत्सव लाग्ने गर्छ। म सानै छँदादेखि प्रायः कुनै महोत्सव हेर्न छुटेन होला। मेलामा पुगेपछि बालउद्यानमा पसेर एक/दुई वटा खेल नखेलेसम्म र नारायणीमा हावाको तीव्र गतिमा फुकेको मोटरबोट नचढेसम्म मेरो मन शान्त हुँदैनथ्यो। कहिले ममी साथमा हुनुहुन्थ्यो त कहिले बाबा र म मात्रै। लाग्थ्यो, जिन्दगीमा यो भन्दा रमाइलो क्षण कहिल्यै आउँदैन होला। नारायणी तीरमा बसेर बाबाछोरी पालैपालो फोटो खिच्थ्यौँ। कोही खिचिदिने मान्छे पाए दुई जना सँगै पनि।

म एउटा महङ्गो बोर्डिङ स्कुलमा पढ्दै थिएँ। मेरा आवश्यकता बढ्दै थिए। भर्खर भर्खर फेसन गर्न सिकेकी थिएँ। आँखामा रङ्गीन सपना बुनिएका थिए। मनमा चुल्बुलता। एकाएक ती कपासको भुवाझैँ उड्न थाले।

ममीको सानो आम्दानीले सम्पूर्ण खर्च धान्न गाह्रो हुँदै गयो। बोर्डिङको शुल्क तिर्न नसकेपछि ममीले मलाई चितवनकै एक नाम चलेको सरकारी स्कुलमा भर्ना

* सचिव - चितवन साहित्य परिषद्।

गरिदिनुभयो। त्यसदिन ममीले दबेको स्वरमा भन्नुभयो, "सरु, अब सरकारले सरकारी विद्यालयमा पढ्नेलाई विशेष सुविधा दिँदै छ। म पनि सरकारी कर्मचारी भएकोले छोरी बोर्डिङमा पढाउँदा विरोध भैराछ। तिमी नि सरकारीमा पढ ल ?" ममीले आफ्नो समस्यालाई लुकाएर मलाई भन्नुभएको कुरा सहजै बुझेँ।

" हस् ममी ।" ज्ञानी बालक बनेर मैले स्वीकृति दिएँ। ममी एउटा सरकारी कार्यालयको सामान्य कर्मचारी हुनुहुन्थ्यो । सामान्य कर्मचारीको तलब पनि त सामान्य नै थियो होला। जेनतेन घर चलाउँदै आउनुभएको थियो। तर ममीले कहिल्यै आफ्नो दुःख मलाई भन्नुभएन। साँझ फर्कने बेलामा अलि ढिलो भए हाकिमले गाडीमा घरसम्म पुऱ्याउने गर्थे। घरअगाडि एउटा किराना पसल थियो। पसलको साहु ममी घरबाट निस्कँदा होस् वा घरभित्र पस्दा होस् गौर गरेर ममीलाई नियाल्थ्यो। भोलिपल्ट मलाई देख्नासाथ सोधिहाल्थ्यो, "ममीलाई पुऱ्याउन आउने को हो ? म पनि सोझो मान्छे परेँ। सोझै तरिकाले भनेँ, "अफिसको हाकिम।" उसले नराम्रोसँग आफ्नै मुख कुच्चिने गरी ओठ लेप्र्यायो । उसले के बुझ्यो मैले कुनै अर्थ लगाउन सकिनँ।

हाम्रो घरमा प्रायः काका, मामा, ठुलो बाबा आइरहनुहुन्थ्यो । चाहे जो कोही होस् लोग्नेमान्छे घरभित्र पस्यो भने वरिपरि छरछिमेकी सबैभन्दा बढी त त्यही साहु नै एकटक लाएर हेर्थे। घडी हेर्थे को कति बजे घरभित्र छिर्यो र कति समयपछि निस्क्यो सबै हेक्का हुन्थ्यो । सुरुसुरुमा त मैले त्यति झर्को मानिनँ।अत्ति भएपछि मैले नै झर्केर भनेँ, "के हो साहुजी तपाईँलाई यो छिमेकमा मेरो ममीको मात्र किन यति चासो लाग्छ?" उसले केही नम्रजस्तो बनेर भन्यो, "केही होइन नानु को रहेछ भनेर जान्न खोजेको मात्र।"

"किन जान्नु पऱ्यो? तपाईँका घरमा को को आउँछन् जान्छन्, के मेरो ममीले कहिल्यै चासो राख्नुभएको छ ?" मैले केही आक्रोसित हुँदै भनेँ।

के म अब घरको छतमा गएर बेस्सरी चिच्याऊँ?

मेरो काका आउनुभएको हो।

मेरो मामा आउनुभएको हो।

मेरो ठुलोबा आउनुभएको हो।

मेरा सबै आफन्तको परिचय गराऊँ ? टोल, छिमेक, विद्यालय, संघसस्था कहाँ कहाँ म स्पष्टीकरण दिँदै जाऊँ ? मलाई यो समाज देखेर घृणा लागेर आयो एउटा अर्थमा। मलाई अर्कै दुनियाँमा बस्न मन लाग्यो जहाँ ममी र मैले शान्तिले सास फेर्न पाउँछौँ। घरिघरि त मलाई ममीले अर्को बिहे गरे पनि हुने नि जस्तो लाग्न थाल्यो। कम्तीमा मैले हरेकलाई स्पष्टीकरण त दिनुपर्दैनथ्यो । तर ममी चाहनुहुन्नथ्यो वा मेरा लागि आफ्नो खुसी दबाउनुभएको थियो । यावत कुरा मेरो मस्तिष्कमा खेलिरहन्थ्यो।

म विस्तारै समाज बुझ्ने भएकी थिएँ।अब मैले मेरो समाजले ममीलाई हेर्ने आँखा पनि जाँचिसकेकी थिएँ। हरेकको आँखामा शङ्काको बादल ढाकिएको थियो । चाडपर्व, बिहावर्तन, पूजाआजा आदिमा टोल मस्तसँग रम्थ्यो तर मेरो ममीको उपस्थिति प्रायः हुँदैनथ्यो। ममी ती सबलाई नियाल्दै गुफाजस्तै मुहार बनाएर घर पस्नुहुन्थ्यो। उहाँ मुखले केही बोल्नुहुन्थेन तर पीडाको सागर उर्लिरहेको हुन्थ्यो।

म कक्षा आठमा पढ्दै थिएँ । एकदिन अचानक तल्लो पेट कटक्क पाऱ्यो ट्वाइलेट पस्दा पिसाबसँगै रातो पदार्थ निस्क्यो । सुरुमा त म बेस्सरी झस्केँ। पेन्टीसमेत रङ्गीन भएको थियो। ला......म त छुइ पो भएछु। साथीलाई भनेर म्याडमलाई बोलाउन लाएँ। "म्याम ममीलाई बोलाइदिनुस् न।"मैले यथार्थ बताएँ।

ममी अफिसबाट हतारिँदै आउनुभयो। हतारमै सोध्नुभयो, "के भो सरु?" मुखबाट जवाफ निस्कनुभन्दा पहिले आँखा भरिएर बग्न थाले। अब म कन्ने रहिनँ। कसैले कन्ने भनेर टीको पनि लाउन्नन् बरु मलाई बिहे गर्ने बाटो खुल्यो।

बिहे .....?

आफ्नै मनले प्रश्न गर्‍यो । आफ्नै मन बेस्सरी आत्तियो । के हुन्छ बिहे गरेर ? आखिर ममीले के पाउनुभयो ?

"दुःख.....?

पीडा....?

मानसिक आघात ...?

सामाजिक उपेक्षा ....? के यही नै हुन् बिहे गरेर पाउने बहुमूल्य उपहार ?"

स.........रु.....! ममीले झकझकाउनुभयो । मैले जे हो त्यो भनैँ ।

"अनि किन डराएकी त ?" ममीले ढाडमा मुसार्नुभयो र आफूसँग जान आग्रह गर्नुभयो । मलाई अरूजस्तो छुट्टै घरमा बस्नु परेन । आफ्नै घरमा पहिलेजस्तै तर केही अलग भएर ।

म एसइइ परीक्षाको तयारीमा थिएँ । एकोहरो पढाइमै व्यस्त । परीक्षाको अघिल्लो रात मेरा मनमा अनेक कुरा खेल्न थाले । ममी पहिलाभन्दा कम बोल्ने हुनुभएको थियो । ममीको ओठबाट हाँसो हराउँदै गएको थियो । केही चिजले थिचेजसरी जबर्जस्त हाँस्नुहुन्थ्यो । सोचैँ, मेरो परीक्षाको पिर पो पर्‍यो कि ।उहाँ मेरो पढाइको धेरै चिन्ता लिनुहुन्छ । मैलेभन्दा धेरै । के ममीले मेरो लागि आफ्नो सम्पूर्ण खुसी त्याग्नुभएको हो ? आखिर म पनि त कति समय उहाँको काखमा रहन सक्छु र ? फेरि कसै न कसैको बनेर बिदाइ त लिनै पर्छ । एसइइ उत्तीर्णपछि कलेज पढ्नु छ ? कहाँ बसेर पढ्ने हो? यिनै कुराले मन कोपरिरह्यो । रात चकमन्न थियो । कहीँ कतै कुनै आवाज थिएन । कोठामा घडीको टिक....टिक बाहेक । उठेर बाथरुम गएँ । ममीको कोठाको झ्यालतिर पुलुक्क हेरैँ । मान्छेजस्तै साइडमा सिरक लमतन्न थियो । ममीले वल्लो कोल्टो फर्केर दायाँ हातले सिरानी र खुट्टाको साप्राले सिरक चरप्प च्याप्नुभयो । आङ सिरिङ्ग भयो । सरासर कोठामा पसैँ तर आँखामा त्यही दृश्य घुमिरह्यो ।

भर्खर पैँतिस लाग्नुभएकी मेरी ममी उमेरभन्दा दस वर्ष कम देखिनुहुन्थ्यो । सर्लक्क परेको जिउडाल, सलसल परेका केशराशी, गोरो अनुहार, देख्ने जोकोही मुग्ध हुन्थे । तर ममीको सौन्दर्यताको पारख गर्ने, जीवनमा हरपल सुखदुखमा साथ दिने एउटा बलियो सहारा छुट्टिएर गइसकेको थियो । ममीको जीवनभन्दा धेरै प....र.....।

ममी र बाबाको डिभोर्स भएको पनि करिब दश वर्ष भयो । साथमा पति हुनेहरू साइडमा ब्याइफ्रेण्ड बनाएर घुमफिर, मोजमस्ती, फेसन जेजे गरे पनि यो समाज चुप थियो । कोही केही बोल्न सक्दैनथे । ममीलाई भने एउटा नयाँ ड्रेस लगाउन र कसैको बाइकको पछाडि टुसुक्क बस्न पनि सङ्कोच वा त्रासपूर्ण थियो ।

बाबाममीको किन भयो डिभोर्स मैले अझसम्म राम्रोसँग बुझ्न सकेकी छैन या भनूँ ममीले राम्रोसँग बुझाउन चाहनुभएन । उहाँहरूको भित्री कुरो के हो मैले पत्तो पाउन सकिनँ । मैले धेरै पटक सोधेपछि बल्ल ममीले भन्नुभयो, "बाबाले ममाथि नचाहिँदो लाञ्छना लगाउनुभयो त्यसैले ।" त्यसभन्दा बढी उहाँले केही बोल्न चाहनुभएन ।मैले कुनै पत्तो पाउन सकिनँ । तर ममीले सहजै अरू सामान्य कुरोजस्तो गरेर भन्नुभयो । त्यसले मेरो बालमस्तिष्कमा यति गहिरो घाउ बनाएको थियो कि कसैगरी पनि पुरिन सक्दैनथ्यो । किन यति सजिलै हुनेगर्छ सम्बन्धविच्छेद ? कस्तो लाञ्छना होला जसले बाबाममीको यति बलियो सम्बन्धलाई तोड्न सक्यो । मेरो मनमा यही प्रश्नले कोपरिरह्यो ।

म स्कुल पढिञ्जेल बाबा खानेकुरा लिएर स्कुलमा भेट्न आउनुहुन्थ्यो । बाबा आएको कुरा ममीलाई थाहा हुनुहुँदैनथ्यो । खानेकुरा जति स्कुलमै खाएर सक्नुपर्थ्यो । कहिले त आफू बस्ने बेञ्चको कुनामा लुकाएर राख्थैँ बढी भएको । घर आएर पूजाथानमा जान्थैँ र भगवान्सँग प्रार्थना गर्थैँ । हे भगवान् ! मेरो बाबा र ममीलाई एकसाथ मिलाइदेऊ न । बच्चाको प्रार्थना भगवान्ले सुन्छन् भन्ने विश्वास थियो मलाई । तर खै भगवान्ले सुनेनन् वा सुनेर पनि नसुनेझैँ गरे, व्यर्थ भयो ।

म यतिबेला एसइइ दिएर घरमै थिएँ । बाबासँग

भेट नभएको करिब तीन महिना भएको थियो । एकदिन अचानक ममीको मोबाइलमा एउटा म्यासेज आयो । ममी खाना बनाउँदै हुनुहुन्थ्यो । मैले मोबाइल च्याप्प समातेर छततिर गएँ । म्यासेज पढिसकेपछि एकटक लाएर आकाशतिर हेरिरहेँ । हेर्दाहेर्दै आकाश घप्लक्क आफ्नो टाउकोमा घोप्टिन्छ कि जस्तो लाग्यो । एउटा कहालीलाग्दो सपनाबाट ब्युँभेजस्तै भयो ।हातखुट्टा चिसा भए । तल झर्ने मन भएन । साँच्चै ममीले यो बाटो कोर्नुभएको हो त ? यदि हो भने यो नाटक किन ? मलाई किन भन्नुभएन आफू हिँडेको बाटोको बारेमा ?

स.......रु !

ममी भान्साबाट चिच्याउनुभयो । हतारमा आफूलाई समाल्दै तल झरेँ । म्यासेजमा लेखिएको कुरा थाहा नपाएझैँ मोबाइल सुटुक्क जहाँको त्यहाँ राखिदिएँ । त्यहाँ लेखिएको थियो ।

प्रिय अञ्जु

धेरै माया ।

म तिमीसँगै बस्न चाहन्छु । तिमी सधैँ टार्न मात्र खोज्छ्यौ । छोरीले एसइई पास गरेपछि काठमाडौँ होस्टलमा पढ्न पठाऊ । हामी बिहे गरेर सँगै बसौँला ।

तिम्रो उही नवीन ।

पछिल्लो समय ममी यस सम्बन्धमा बाँधिनुभएको रहेछ। मैले कुनै सुइँको समेत पाउन सकेकी थिइनँ । आखिर ममीले यो सब कुरा किन लुकाउनुभयो मलाई । के मैले साथ दिन्नथेँ र ? अथवा अप्ठ्यारो मान्नुभयो । ओके म नै ममीको सुखको बाधक बनेकी रहेछु । म भोलि नै काठमाडौँ जान्छु र पढाइको तयार गर्छु मैले एउटा दृढ अठोट बनाएँ ।

मेरो नागरिकता बनेसँगै बाबाले मेरो उच्च शिक्षा र बिहेखर्चका लागि भनेर मेरो खातामा पैसा राखिदिनुभएको थियो । खर्चका लागि समस्या भएन। अब आफ्नो जिन्दगीको पाङ्ग्रा आफैँ गुडाउनुपर्छ भन्ने पनि सोचेँ । आफूले केही थाहा नपाएझैँ गरी ममीलाई फकाएँ । ममीलाई नर्सिङको तयारी क्लास लिन काठमाडौँ जाने कुरा गरेँ ।

"अहिले किन जाने ?"

" नर्सिङ तयारी कक्षा सुरु भयो रे त्यसैले जाने ।"

" कहाँ बस्छ्यौ?"

" होस्टेलमा ।"

" म पनि जान्छु व्यवस्था मिलाउन ।"

" हजुर जान पर्दैन मेरो साथी पनि छ ऊ र म बसिहाल्छौँ नि।"

सुरुमा केही आनाकानीजस्तो गरे पनि पछि सहजै स्वीकार्नुभयो । त्यो स्वीकारोक्तिबाट ममीको भाव प्रष्टै बुझिन्थ्यो ।

भोलिपल्ट बिहानै झिसमिसेमा उठेँ । चराहरू चिर्बिराइरहेका थिए। फाट्टफुट्ट दूध बेच्न हिँड्नेहरूको हल्ला सुनिन थाल्यो ।जुरुक्क उठेर तयार हुन थालेँ । ममी सुतिरहनुभएको थियो ।उठाउन आवश्यक ठानिनँ ।


त्यस रात रातभरि निद्रा परेन । भोलि बिहानै यो घर छाड्ने छु । फर्केर यसै घरमा आउँछु कि आउँदिनँ । घरको त के कुरा भयो र, ममी नै मेरा लागि रहनुहुन्छ कि रहनुहुन्न । सोच्दासोच्दै आँखाबाट मुल फुटिरह्यो । कोठाका हरेक वस्तुले बिदाइका हात हल्लाइरहेको आभास भयो । भित्तामा झुण्डाइएको आमाछोरीको फोटोफ्रेम अलक्क निकालेँ र पत्रिकाले र्‍यापिङ गरेँ । चिउँडोको डिलबाट तप्प...तप्प... झरेका आँसुका थोपाले पत्रिका लुछुप्प भिज्यो । यति नरमाइलो क्षण पनि जीवनमा आउँदो रहेछ भन्ने लाग्यो ।

मेरो खन्नाकखुन्नुक सुनेर ममी जुरुक्क उठ्नुभयो । ममीसँग बिदा मागेर म सात बजेको टुरिस्ट बस चढेर काठमाण्डौ हाँनिएँ । बस आफ्नै रफ्तारमा थियो । बसभन्दा बढी त आफ्नै मन कुदिरहेको थियो नि । जिन्दगीको एउटा निस्तो गन्तव्य बोकेर म अगाडि बढिरहेकी थिएँ ।

卐

चिनारी

# धार्मिक पर्यटकीय क्षेत्र-गणेशधाम



श्यामजी अतिथि सेढाई*

नेपाल प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक पावन सम्पदा एवम् तीर्थस्थलले भरिपूर्ण मुलुक हो । हाम्रो प्राचीन मठ मन्दिर, स्मारकहरू सांस्कृतिक र धार्मिक वैभवहरू र यिनमा रहेका कलाकृतिहरूले अतिउच्च कोटिको कालीगढीको नमुना प्रदर्शन गर्नुका साथै यिनले हाम्रो राष्ट्रियताको पहिचानलाई पनि विश्वसामु चिनाएका छन् । कतिपय हाम्रा यी स्मारक, सम्पदा र वैभवहरू निकै उत्कृष्ठ, सुविख्यात, कालजयी र संसारमा दुर्लभ भएका कारण विश्वसम्पदा सूचीमा समावेश भएका छन् । तिनलाई व्यवस्थित गर्न र प्रचार-प्रसार गरेर सबै ठाउँहरूमा पुऱ्याउनु नै अहिलेको आवश्यकता रहेको छ । हामीसँग पर्यटनसँग सम्बन्धित क्षेत्रहरू पदयात्रा, पर्वतारोहण, नदी यात्रा, जङ्गलयात्रा, दृश्यावलोकन, छायाङ्कन, पर्वतीय पर्यटन, शहरी पर्यटन, जलीय पर्यटन र वन्य पर्यटन सबै छन् । धार्मिक पर्यटनका लागि नेपाल विश्वमा चिनिएकै देशभित्र पर्दछ । धर्म समन्वय भएको देश नेपालमा धर्मका निम्ति कुनै विवाद छैन । खास गरी हिन्दु र बौद्ध मन्दिरहरूमा स्वदेशी विदेशी पर्यटकहरू आउने जाने गर्दछन् । सबै धर्मका मानिस सबै मन्दिरहरूमा दर्शनार्थ जान्छन् । प्राचीन समयमा जति मन्दिरहरू निर्माण भएर तिनले प्रसिद्धि कमाए आज पनि देवी देवताको मन्दिर निर्माण कार्य भई नै रहेका छन् । ती मन्दिरहरूले देशको धर्म संस्कृति, कला सभ्यता प्रदर्शन गरिरहेका छन् । यसबाट धार्मिक पर्यटनको विकासमा भरपुर सहयोग पुगेको छ । धार्मिक पर्यटनको क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्य राखेर श्री गणेशधाम संरक्षण सम्बर्द्धन समितिले भरतपुर महानगरपालिका-११ गणेशस्थान चितवनमा बृहत् गणेशधाम निर्माण गुरु योजनाको प्रस्तावना गरेको छ । यो महान् कार्य शुभारम्भ भैसकेको छ । यस छोटो लेखमा मैले आदरणीय पाठकसमक्ष गणेश धामको परिचय र हालसम्म यहाँ भैरहेको गतिविधिहरू अनि भविष्यमा यहाँबाट चितवनको धार्मिक पर्यटन विकासमा पर्न सक्ने सकारात्मक प्रभाव उल्लेख गर्ने प्रयास गरेको छु ।

पर्यटन प्रबर्द्धन समिति उद्योग वाणिज्य संघ चितवनबाट प्रकाशित चितवन जिल्ला पर्यटन निर्देशिका २०७५ मा जिल्लाभित्र रहेका पर्यटकीय स्थलहरूको चित्रसहित वर्णन गरिएको छ । त्यसमा भरतपुर महानगरपालिकामा भएका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरू उल्लेख गरिनुका साथै धार्मिक पर्यटकीय स्थलहरूको सङ्क्षिप्त चिनारी दिइएका छन् । यहाँ धार्मिक पर्यटनको क्षेत्रमा प्रख्यात भइसकेका र भविष्यका लागि बृहत् योजनाका साथ निर्माण भैरहेका देवस्थलहरू यस प्रकार रहेका छन्ः

१) सीतामाई, पटिहानी
२) देवघाट धाम
३) वागीश्वरी
४) गणेश धाम
५) महाबौद्ध गुम्बा
६) धनगढा मन्दिर

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ।

यी बाहेक महानगरका विभिन्न स्थानहरू र नारायणी नदी किनारमा धेरै मन्दिरहरू बनेका छन् । हरेक दिन नदी स्नान र पूजा गर्न दर्शनार्थीहरू जान्छन् । विशेष पर्वहरूमा त यी मन्दिरहरूमा मेला नै लाग्दछ । देवघाटधाम नजिकै रहेको वागीश्वरी मन्दिर पौराणिक कालदेखि नै पवित्र तीर्थ हुन् । सीतामाई महाबौद्ध र धनगढा मन्दिर त्यहाँका धर्मप्रेमी सज्जनहरूबाट केही वर्ष अगाडि नै निमार्ण भएका हुन् । बृहत् योजनाकासाथ अहिले आएर गणेश धाम निर्माण कार्य भइरहेछ ।

**श्री गणेशधाम**

भरतपुर महानगरपालिका वार्ड नं ११ बसेनी निकट यो धाम अवस्थित छ । हिन्दुहरूको पौराणिक ग्रन्थ गणेश पुराणमा सिन्धुका पिता चक्रपाणिले गण्डकी नगरमा श्री-गणेश, विष्णु, सूर्य आदि पाञ्चायन देवताको मन्दिर निर्माण गरेको उल्लेख छ । ती मध्ये गणेश मन्दिर एक हो । त्यस्तै पाल्पाका राजा मणिमुकुन्द सेन आफ्नो जीवनको अन्तिम समय देवघाटमा आएर १२ वर्ष बस्दा गणेश स्थान वागीश्वरी, जखडीमाई लगायतका धार्मिक स्थलहरूको स्थापना गर्नु भएको कुरा इतिहासकारहरूले लेखेको पाइन्छ । अर्को कुरा के छ भने २०१४ सालमा बसेनीको जङ्गलमा भैसी चराउने गोठालाले गणेशको अर्धकदको मूर्ति पुंगी खोलाको किनारमा सालको रूखमुनि भेटेर सो मूर्तिलाई केही समय चउरमा ल्याएर राखिएछ र नारायणगढ बजारमा हल्ला फिजिएछ । त्यति खेरै स्व. ज्योतिलाल चुके र केही अरू साथीहरू मूर्ति भएको स्थान वरपर खोजी गर्दै जाँदा इनार भेटिएछ, त्यसपछि यसको महत्त्व झनै बढेर गयो । स्व. ज्योतिलाल चुकेले आफ्नै निजी खर्चमा मन्दिर बनाएर गणेश भगवानको मूर्ति स्थापना गर्नु भयो । पूजा सुरू भयो । नारायण्गढ बजार र त्यस वरपरका मानिसहरू गाडी पूजा, विवाह व्रतबन्ध उत्सव, वनभोज यसै गणेश स्थानमा आएर गर्न थाले । जनमानसमा यसको आस्था र महत्त्व बढ्दै गयो । गणेश मन्दिर परिसरमा कमलेश्वर महादेव मन्दिर, चण्डेश्वर देवी मन्दिर, सरस्वती मन्दिर, हनुमान मूर्ति, पशुपतिनाथ मन्दिर, मनकामना मन्दिर युद्ध गणेश मन्दिर बनेका छन् । ती मन्दिरहरू व्यक्तिले आ-आफ्नो निजी खर्चमा निर्माण गरी समितिलाई हस्तान्तरण गरिएको छ । अझ हाल पूजित सिद्धि विनायक गणेशको मूर्ति त प्रागू/ऐतिहासिक नै मानिन्छ । किनकि गणेश पुराण र पद्म पुराणमा विस्तृत रूपमा यसको उल्लेख भएको संस्कृतका विद्वानहरू बताउनु हुन्छ । पुँगी खोला निकट जमिनमा प्राप्त भएको असली गणेश भगवान्‌को मूर्तिलाई व्यवस्थापन गर्न प्रेमकुमार र इन्द्रबहादुर बोहराको नेतृत्वमा मूर्ति संरक्षण व्यवस्थापन समिति बन्यो र समितिमार्फत गणेशस्थान विकास निमार्णमा काम सुरू भएको देखिन्छ ।

शिवपुराणमा पुण्यवती नामले चिनिने पुंगी खोलाको समीपमा स्थापना भएको गणेश स्थानमा नारायणगढ बजार, भरतपुरका बासिन्दाहरू विवाह व्रतबन्ध, वेल विवाह, कुल पूजा जस्ता धार्मिक कर्महरू गर्दछन् र पर्व-पर्वमा यहाँ दर्शनार्थीहरूको घुँइचो लाग्दछ । बनभोज र अन्य रमाइला बधाईका कार्यक्रमहरू पनि यहाँ गरिन्छ ।

श्री गणेश मन्दिर परिसरभित्र विभिन्न धार्मिक पर्यटनका गतिविधिहरू बढाउन २०६४ सालमा सामाजिक धार्मिक संघ संस्थाहरूको प्रतिनिधि, बुद्धिजीवी एवम् तनहुँ गैंडाकोट, चितवनका प्रतिष्ठित व्यक्तिहरूको उपस्थितिमा गणेश स्थानकै खुला चउरमा बृहत् भेलाको आयोजना गरी मन्दिर क्षेत्रको सर्वाङ्गीण विकास गराउनका निम्ति श्री दिनेशकुमार चुकेको अध्यक्षतामा २५ सदस्यीय मन्दिर संरक्षण सम्बर्धन समिति बन्यो । चितवनका तत्कालीन प्र.जि.अ. रत्नराज पाण्डे, प्रहरी उपरीक्षक ज्ञान विक्रम शाह र वन अधिकृत यमबहादुर थापाको पूर्ण सक्रियता र सहयोगमा जमिन उपलब्ध गराउने, संस्था दर्ता गराउने जस्ता कामहरू सम्पन्न भए । सोही समितिको पहलमा जि.प्र.का चितवनबाट संस्था दर्ता गरी २०६६/९/२८

गतेका दिन गणेश स्थान वरपरको २.४३ हेक्टर जमिन गणेश मन्दिरले भोग चलन गर्न पाउने गरी धार्मिक वनको रूपमा स्वीकृति प्रदान भएको अभिलेखबाट देखिन्छ।

श्री दिनेशकुमार चुकेको अध्यक्षतामा बनेको समितिले गणेश स्थानलाई धामको रूपमा विकास गर्ने, गुरु योजना निर्माण गर्ने, र यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थल बनाउने जस्ता महत्त्वपूर्ण निर्णयहरू गरी कामसमेत सुरूवात गरिएको छ। सो कार्य सम्पन्न गराउन सुझाव सल्लाह दिने समाजका लब्ध प्रतिष्ठित व्यक्ति रहेको १५ सदस्यीय सल्लाहकार समिति गठन गरी सिर्जनशील व्यक्तित्व चितवनका माननीय सांसद विजय सुवेदीज्यूलाई संरक्षक पदमा आसीन गराइएको छ। गणेशधाम नजिकै वागीश्वरी, देवघाट, नारायणी नदी, राजधानी प्रवेश गर्ने राजमार्ग वन जङ्गलको स्वच्छ हावा पानी र प्राकृतिक सुन्दरताले भरिपूर्ण यो पुण्य स्थल गणेशधाम निर्माणको चरणमा प्रवेश गरिसकेको छ। वन समितिहरूसँग समन्वय गरी कूल जमिन ३० बिघा क्षेत्रफल मध्ये २३ (तेइस) बिघा क्षेत्रफलमा तलाउ निर्माण गर्ने लक्ष्यकासाथ पुंगी खोलामा बाँध निर्माण गर्ने काम सुरू भएको छ। सबै भन्दा खुसीको कुरा त के छ भने धाम संरक्षण सम्वर्धन समितिमा आ-आफ्नो क्षेत्रमा काम गरेर पहिचान बनाई सकेको अनुभवी र क्रियाशील व्यक्तिहरू हुनुहुन्छ। संरक्षक रहनु भएका माननीय सांसद विजय सुवेदीज्यू स्वयम् यस्ता सिर्जनशील कामहरूमा ज्ञान र रूचि राख्नु हुन्छ। कुनै पनि काम योजनाबद्ध ढंगबाट जान सकियो भने मात्र त्यसको परिणाम फलदायी हुन्छ, त्यसैले समितिको अनुरोधमा इन्जिनियरिङ्ग अध्ययन संस्थान पुलचोकका वरिष्ठ इन्जिनियर प्रा.डा. राजन सुवालको नेतृत्वमा सर्भे गर्ने र गुरुयोजना निर्माण गर्ने काम भएको छ। नेपाल आउने विदेशी पर्यटकहरू मध्ये ३० प्रतिशतले चितवनको भ्रमण गरेको तथ्याङ्कले देखाउँछ। गणेशधामको निर्माण सम्पन्न गरेपछि यो क्षेत्र पनि बाह्य वा आन्तरिक पर्यटकहरूको गन्तव्य थलो बनेको छ। मानव निर्मित तलाउ, यसको बिचमा बनिने २ ओटा आइल्याण्ड, कैलाश पर्वत, र प्राकृतिक वन जङ्गल यहाँका मौलिक आकर्षण हुन्। त्यस बाहेक मन्दिर दर्शन, मनोरञ्जन सहित स्थान अवलोकनले पनि आगन्तुकलाई भरपुर आनन्द दिनेछ। यसबाट चितवन आउने पर्यटकहरूको सङ्ख्यामा वृद्धि हुने निश्चित छ।

गणेशधाम निर्माणको लागि सहयोग पुऱ्याउने हेतुले २०७५ मंसिर २२ गते देखि २९ गतेसम्म वाचन प्रवीण पण्डित श्री दीनबन्धु पोखरेलद्वारा श्रीमद्भागवत् महापुराण तथा आध्यात्मिक महोत्सव यसै स्थान सञ्चालन गरी यसै संस्थाका संरक्षक माननीय विजय सुवेदीबाट बागमती प्रदेश सरकारको विभिन्न मन्त्रालयहरूबाट बजेट निकासा गरी २३ विगाहामा तलाउ निर्माण, ढुङ्गा विछ्याउने काम बाँध निर्माण, पर्खाल निर्माण, ठाउँ-ठाउँमा सिमेन्ट बेञ्च राख्ने काम प्रारम्भ भएको छ। त्यसै गरी गणेश धामको संकलित रकमबाट कैलाश पर्वत, मन्दिर परिसरमा मोज्याक टायल राख्ने काम, पुंगी खोलाको दुवैतर्फ ढुङ्गाको पर्खाल निर्माण कार्य सम्पन्न हुँदै छ। प्रमुख दाता चुके परिवारद्वारा गणेश मन्दिरमा तामाको छाना, कलात्मक झ्याल ढोका र पौराणिक हिसाबले ईट्टाको पर्खाल राख्ने काम सुरू भएको साथै उन्मुक्त गणेशको मूर्ति स्थापना भइसकेको छ। यस परिसरमा निर्माण कार्य भैसकेका देवी देवताका मन्दिरहरूमा निर्माण कर्ताहरूबाट ताम्रपत्र, शिलापत्र राखिएका छन्। यस छोटो लेखमा ती सबै समावेश गर्न सकिएन मन्दिर दर्शनार्थ त्यहाँ जाँदा हेर्नु हुनेछ।

**गणेशधाममा भएका ऐतिहासिक भ्रमणहरू:**

पाल्पाका प्रतापी राजा मणिमुकुन्द सेनकै पालामा स्थापना भएको गणेश मन्दिरको पौराणिक महत्त्व त छँदै छ। सो मन्दिरमा दर्शनार्थ तत्कालीन राज्य संयन्त्रका विशिष्ट व्यक्तिहरूको आगमन भएको र तत्कालीन श्री- ३ महाराजाहरू पनि चितवनमा सिकार खेल्न आउँदा गणेश मन्दिर आएको जनश्रुति छँदै छ, त्यसै गरी स्वर्गीय राजा महेन्द्र तथा वीरेन्द्र दियालो बङ्गलामा रात विताउँदा बिहान उठेर दर्शन

गर्नका लागि गणेश मन्दिर आएको देख्नेहरू अझै जीवित छन् । गणेश धामको ऐतिहासिक महत्त्वलाई हृदयङ्गम गरी भ्रमण गर्नेहरूमा वर्तमान सम्मानिय प्रधानमन्त्री- पुष्पकमल दाहाल, तत्कालीन मन्त्रीहरू, सांसदहरू, जन प्रतिनिधिहरू, उच्च ओहदाका सरकारी कर्मचारीहरू, प्राविधिक इन्जिनियर तथा पुरातत्त्वविद्हरू हुनुहुन्छ । उहाँहरू सबै नै गणेश धामको संरक्षण सम्बर्धन गर्ने सिलसिलामा अध्ययनार्थ अवलोकन गर्न आउनु भएको हो ।

**श्री गणेशधाम गुरु योजनाभित्र समेटिएका नियमहरू :**

१) वैदिक सनातन हिन्दु धर्म सेवा केन्द्रीय समितिद्वारा निर्मित बहुउद्देश्यीय सभाहललाई नेपाली शैलीमा ३ तला बनाइने छ ।

२) बहुउद्देश्यीय समाहलको पूर्व तर्फको घोललाई व्यवस्थापन गरी आधुनिक प्रशासनिक भवन निर्माण गरिनेछ ।

३) वैवाहिक कार्यक्रमको लागि आवश्यक विवाह मण्डप र आकर्षक कार्यक्रम हल निर्माण गरिनेछ ।

४) भीमसेन गुठी भवन र रोटरी क्लब भवन तथा स्तम्भलाई हालको स्थानबाट उपयुक्त अर्को स्थानमा स्थान्तरण गरिने छ । यसमा पनि नेपाली शैली झलकाइनेछ ।

५) हाल रहेका सरस्वती मन्दिर, कामेश्वर महादेव मन्दिर, पशुपतिनाथको मन्दिर, मनकामना मन्दिर, चण्डेश्वर मन्दिर, र विश्वकर्मा मन्दिरलाई नेपाली शैलीमा आकर्षण तरिकाले सम्वर्धन र स्तर वृद्धि गरिनेछ ।

६) सामुदायिक वनसँग सहकार्य भएको जमिनभित्र आकर्षक तलाउ निर्माण गरिने छ ।

७) हाल रहेको भीमसेन गुठीको भवनभन्दा माथिल्लो भागमा विशाल कैलाश पर्वत निर्माण गरिने छ । त्यसमा शिव पार्वती, गणेश, कुमार समेतको विशाल मूर्तिले शोभायमान तुल्याइने छ ।

८) यस गणेशस्थान क्षेत्रमै स्थायी रूपमा बगिरहने पुंगी खोलालाई आवश्यकतानुसार स्तर वृद्धि गरी- सुन्दर र मजबुत बनाइनेछ । तलाउमा हल्लिने खालका २ ओटा आकर्षक झोलुङ्गेपुल निर्माण गरिने छ ।

९) यस धामको परिसरभित्र नै मर्निङ्वाक र साइक्लिङको लागि छुट्टा/छुट्टै पक्की बाटो बनाइने छ ।

१०) कैलाश पर्वतको तल्लो समथर भागमा नेपाली शैलीको आकर्षण मण्डला बनाईने छ

११) पर्यटकहरू आवश्यकता अनुसार विश्राम गर्न विश्राम स्थल र तस्बिर खिच्न ध्यानाकर्षण गर्ने खालका आकर्षक संरचनाहरू बनाइने छ ।

१२) करिब २५० भन्दा माथि सवारी पार्किङ गर्न पुग्ने गरी उपयुक्त स्थानम ३ ओटा व्यवस्थित पार्किङ स्थल निर्माण गरिने छ ।

१३) यस क्षेत्रभित्र आगन्तुकको ध्यानाकर्षण हुने गरी ठाँउ ठाउँमा हात्ती, चितल, गैडा जस्ता वन्य जन्तुको मूर्तिहरू निर्माण गरिने छ ।

१४) मनोरञ्जनका लागि उपयुक्त स्थानमा पिकनिक स्थलको व्यवस्था समेत गरिएको छ ।

१५) तलाउको बिचमा कमलको फुलमाथी गणेशको मूर्ति र विद्युतीय पानीको फोहरा निर्माण गरिने छ ।

१६) यी सम्पूर्ण संरचनाहरू विकसित मुलुकहरूको प्रविधि झल्कने गरी निर्माण गरिने छ । यो चितवनकै नमुना पार्क हुने र चितवन आएका पर्यटकहरू आर्कषित हुने गरी भौतिक संरचनाहरू आनन्द प्रदायक हुनेछन् ।

१७) आकर्षक गंगा आरती स्थल पुण्यवतीको किनारमा बनाइनेछ ।

राजधानी काठमाडौँ, पर्यटकीय नगरी पोखरा, बुद्ध जन्मस्थल लुम्बिनी, चितवन राष्ट्रिय निकुञ्ज सौराहा, गोरखा मनकामना, देवघाटधामजस्ता अन्तर्राष्ट्रिय रूपमा पर्यटकीय चिनारी बनाइसकेका

स्थानहरूको केन्द्र विन्दुमा अवस्थित यो पुण्यभूमि गणेश धाम क्षेत्रको गरिमा र महत्त्व दिन-प्रतिदिन बढ्दै छ । प्रकृति, धर्म र सभ्यताको परिचय दिनेछ यस स्थानले । प्रस्तावित योजना अनुसार काम सम्पन्न भए पछि उपयुक्त स्थानहरूमा भ्रमण गर्न आउने पर्यटकहरू सजिलैसँग यहाँ भित्रिने छन् । गणेशधाम संरक्षण सम्बर्धन समितिद्वारा भरतपुर चितवन, बागमती प्रदेश एवम् नेपाल राष्ट्रकै आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने उद्देश्यले प्रस्तावित गुरू योजना स्वीकृतिका लागि भरतपुर महानगरपालिका तथा बागमती प्रदेश सरकारमा पेस भैसकेको छ । प्रदेश सरकारबाट आवश्यक प्रकृया अगाडि बढिसकेको कुरा थाहा हुन आएको छ ।

भरतपुर महानगर पालिकाको नगर प्रमुख श्री रेनु दाहालज्यूको सारगर्भित् शुभकामना गणेशधाम निर्माणको सन्दर्भमा अत्यन्त सान्दर्भिक भएकाले यहाँ प्रस्तुत गरेको छु। पवित्र तीर्थस्थल देवघाट धामको तटमा रहेको मुख्य बजार तथा यातायातको समेत पहुँचमा रहेको, जल जमिन जङ्गल र जनशक्ति आदिको पर्याप्त व्यवस्था भएको गणेशधाम क्षेत्र पर्यावरणको हिसावले समेत अत्यन्त महत्त्वपूर्ण रहेको छ । महानगर भित्र रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रमा विकास गर्दै आगाडि बढिरहेको यस भरतपुर महानगरपालिकाले गणेशधामलाई प्राथमिकताको केन्द्रमा राखी यसलाई सहकार्य गर्न तत्पर रहेको कुरा जानकारी गराउन चाहन्छु। (साभार, विकास पुस्तिका २०७८) अन्तमा, गणेशधाम हाम्रो हो । यसले खास गरी भरतपुर महानगरपालिका चितवनको परिचय दिने छ । हामी सबै तनमन धनका साथ यसको निर्माणमा जुटौं ।

卐

कविता

## ग्रीष्म–सत्ता



पदम अर्याल*

ग्रीष्म-सन्तापले सारा धरणी अग्नि-तुल्य छिन्
अर्थ-सन्तापले उस्तै जनका मन भग्न छन् ।

प्रकृति उग्र छिन् ज्यादा रिसाइन् किन बेस्सरी ?
सौम्य शान्त बनाउँन सकिन्छ खै कसो गरी ?

हिंड्यो मानव अन्धो भै देखेन सृष्टि - सुन्दर
विलुप्त भै सके स्वच्छ नदी नाला सरोवर ।

हावा विषाक्त भै मन्द फोक्सोमा विष भर्दछ
वर्षा अभावमा अन्न-वीज अङ्कुर मर्दछ ।

उच्च हिमचुली सारा पग्लेका ताप-तापले
काकाकुल बनी सारा बाँचेका अल्प आशले ।

प्रचण्ड- ग्रीष्मको आज सत्ता असह्य दुष्कर
प्रकृति उग्र हो उस्को के हुन्थ्यो सह्य कोमल ।

प्रचण्ड - ग्रीष्मले वृक्ष ओइलायो मर्छझैं गरी
सूर्यले अग्निको वर्षा खन्याउँदछ झर्झरी ।

प्रचण्ड ग्रीष्मको पीडा चाँडै जाला रमाउँला
वर्षाले षिक्त धर्तीमा कर्म गर्दै रमाउँला ।

* कोषाध्यक्ष - चितवन साहित्य परिषद् ।

संस्मरण

# चुरोटको धुवाँले तर्सेको मेरो बाल्यकाल



श्रीभक्तअच्युत वाग्ले*

कुरो २०१७ साल पुस माघ महिना तिरको हो । मेरो पिताजी सुब्बा रामचन्द्र उपाध्याय र मलाई जन्माउने आमा रक्त कालीमाथि क्यामिन छापथोक गाउँको घरमा बस्नु हुन्थ्यो । म र मेरो ठूलो आमा रमा वाग्ले (बुबाको जेठी पत्नी) सँग बेसी नरँगाको घरमा बस्द थियौ । त्यस ताका प्रायः तनहुँको भेगतिरका उच्च मध्यम स्तरका मान्छेहरू दुई विवाह गरेर मेरो बुबाका ४ जना दाजुभाइ गाउँ र बेसीमा एक एक जना श्रीमती राखेर आफ्नो घर व्यवहार चलाउने चलन ब्यापक थियो। दाजुभाइहरू सबैका दुई-दुई वटा श्रीमती थिए। कान्छा बुबा कृष्णदत्तलाई काजी बाबु भन्थे उहाँका त झन ३ जना थिए । यसरी घर व्यवहार र सुबिधाको लागि धैरै श्रीमती विवाह गर्ने चलन थियो मैले मेरो घरमा केटाकेटी हुँदा सुनेको थिँए । एउटा मात्र श्रीमती हुनेलाई त फलानो गरिब भएछ स्वास्नी पाल्न नसकेर एउटा मात्रै विवाह गरेर बसेको छ भनेर समाजमा हेयको दृष्टिले हेरिन्थ्यो । २, ३ वटा हुनेको छुट्टै प्रतिष्ठा हुन्थ्यो । तर हामी ८ जना छोराहरू मात्र नभै हाम्रो बुवाका ४ जना दाजुभाइ कसैका छोराहरूले पनि दोश्रो विवाह गरेनौ र त्यो कुसंस्कार तोड्ने काम गर्यौं यो हाम्रो परिवार भित्रको नयाँ क्रान्ति थियो ।

म आमासँग बेसीमा बसेको केही दिन अगाडि मात्र म निमोनियाबाट थलिएर मृत्युको मुखबाट फर्केर तंग्रिदै थिएँ। लम्जुङ दुराडाँडाको सर्बोदय स्कुलमा ठुलो दिदीको घरमा बसेर पढ्दै थिएँ । बिरामी भएपछि स्कुल जान छोडेर बेसीमा आमासँग बसेको थिएँ । मौसम चिसो थियो । आमाले आफ्नो छोरोलाई भन्दा पनि बडो स्नेहले मेरो ख्याल गर्नु हुन्थ्यो (हुनत उहाँ पट्टि ५ छोरी जन्मे पनि ३ छोरीहरू मात्र जीवित थिए उहाँबाट छोरो नभएपछि बुवाले मेरी आमा विवाह गर्नु भएको थियो ।) बुवा त्यस्ताका बारा जिल्लाको कटहरवनमा अमिनीको हाकिम हुनुहुन्थ्यो र विवाहको लागि पहाडको घर पश्चिम ३ नं क्यामिन छापथोक आएर तनहुँ श्याम्घाका त्यसबेलाका प्रतिष्ठित कविराज नारनदत्त न्यौपानेकी ज्येष्ठ सुपुत्री रक्तकाली न्यौपानेसँग विवाह गर्नुभएको थियो । विवाहको बेला वि.सं. १९९६ मा मेरी आमाको उमेर १३ वर्ष र बुबाको उमेर ३८ बर्ष थियो रे । मेरी आमाले १५ वर्षको उमेर विक्रम संवत् १९९८ देखि १ डेढ वर्षको फरक पारेर फटाफट १० भाइ छोरै-छोरा जन्माउनु भएको थियो रे । २ भाइ सानैमा मरेछन् । हामी ८ भाइ सर्लक्क हुर्किएका थियौं र मलाई जन्मदिने आमापट्टि ८ जना छोरा मात्र भयौं । साच्चै भन्नुपर्दा मेरी ठुली आमाले मलाई आफ्नै छोरो ठान्नुहुन्थ्यो । त्यसैले पनि होला मैले उहाँलाई कहिल्यै पनि ठुलो आमा या सौतेनी आमाको रूपमा हेर्दै हेरिन र सधैँ उहाँलाई आमा भनेरै बोलाउँथे त्यो समयका ठुलाठालु प्रायः धैरैको घरमा हली गोठाला राखेर खेतपीपाती गर्ने वस्तुभाउ पाल्ने र आफ्नै घरको दुध, दही, घ्यु बनाएर खाने अर्गानिक तिउन तरकारी आफ्नै बारीमा उब्जाएर खाने चलन थियो । हली-गोठालासँगै घरका मालिकहरूसमेत खेती किसानीका काममा संसँगै खट्थे एक आपसमा प्रेम हुन्थ्यो । हाम्रो घरमा पनि काम गर्ने दराई, कुमाल जातका मानिस थिए । कहिले काहीँ हामीहरू पनि उनीहरूसँगै काममा जुट्थ्यौं । मानिसहरू बिहान ४ बजेतिरै उठ्थे र आ-आफ्ना काममा जुट्थे । एक

* पूर्व अध्यक्ष - चितवन साहित्य परिषद् ।

बिहानको कुरो हो म पनि बिहान सबैरै उठेँ। त्यस दिन हाम्रो घरमा काम गर्ने जेठो दराई घर गएर आएको थिएन। बिहान उठेर गाई वस्तुलाई घाँस पराल हाल्ने, गोबर फाल्ने, दुध दुहुने सबै काम मैले गर्नु पर्नेभयो।

बिहानको समय त्यस्माथि पनि पुसको जाडो लुकलुक काँपेर भए पनि टौवाबाट पराल थुतेर गाई बस्तुलाई हालें। गोबर फालें। दुध दुहेर कराईमा हालेर अगेनामा तताएँ। आमा न्वाइ धोइ गरेर पूजा गर्दै हुनुहुन्थो। म दुध तातेपछि छोपेर बाहिर निस्किएँ। नुहाएको थिइन । नुहाउन नरंगा खोलातिर जाने सोच गर्दै थिएँ। त्यसैबेला पल्ला घरको मैरै उमेरको छिमेकी साथी बद्री पनि टुप्लुक्क आइपुग्यो। 'के खोज्छस् कानो आँखा' भने जस्तो नुहाउन खोलामा जाने साथी मिलिहाल्यो। हामी दुवै जना नुहाउन खोलातिर लाग्यौं। बाटोमा हिंड्दै गर्दा हामीले गाउँका बारेमा कुरा गर्‍यौ। खेतीपातिका बारेमा कुरा गर्‍यौ। खास गरेर त्यस समयमा उखुको सिजन भएकोले उखु बारे नै धेरै कुरा भए। एउटै ठाउँमा पलेटी कसेर बाजी ठोकेर कालो उखु चिउडोसम्म खोस्टा आउने गरी खाएपछि मात्र थलोबाट उठ्ने, रमाइला कुरा रसेटो (रसेटो भनेको तल्लो गराबाट सुरुङ जस्तै प्याल पारेर माथिल्लो गरामा प्वाल निकालेर तल मुढा बालेर माथि ठुलो ताउलोमा उखुको रस पकाएर खुदो बनाउने तरिकाको चुलोलाई रसेटो भनिन्थ्यो।) को लागि चुलो बनाउने, उखु काट्ने, कोलबाट उखुको रस निकाल्ने, रसेटोमा उखुको झोल पकाएर खुदो बनाउने, तात्तातो खुदो मुख पोल्ने गरेर टन्न खाने र रसेटोको लागि चाहिने मुढा दाउरा जङ्गल गएर काँधमा बोकेर ल्याउँदा कुममा छाला उप्केर पूरै जिउ दुखेको कुरा जस्ता गफ गर्दै खोलामा पुग्यौं।

पुसको जाडो थियो नरंगा (यो खोला कलेस्तीमा आएर मादी नदीमा मिसिन्थ्यो र यसलाई दोभान घाट भनिन्थ्यो हाम्रा पुर्खाहरूको सतगत यहीँ गरिन्थ्यो यो ठाउँ दमौलीबाट गाडीमा १५ मिनेटमा पुगिन्छ) खोलाको पानी चिसो थियो। बद्री भने चुरोट खान्थ्यो। उसले गोजीबाट ब्याट्मार ब्राण्डको चुरोट झिक्यो र सल्कायो अनि म तिर हेरेर मलाई पनि खान भन्यो। म चाहिँ चुरोट खादिन थिएँ र खान्न भनेँ तर उ मानेन कर गर्न थाल्यो। चुरोट खाँदाको मजाको बयान गर्न थाल्यो। मैले चुरोट खान जानेको पनि थिइन। उसले धेरै कर गरेपछि एक खिली चुरोट लिएर सकेको बल लगाएर तान्न थालेँ उसले त्यसरी तान्ने होइन मलाई हेर मैले जस्तो तानेर खा भन्यो। मैले उसले भनेको माने, त्यसरी नै खाएँ। एक्कै छिनमा मुख कस्तो-कस्तो भएर आए जस्तो भयो। नुहाएपछि ठीक होला भनेर यत्तिकैमा खोलामा पसेर डुबुल्की लगाएर बाहिर आएँ। लुगा फेरी घरतर्फ फर्कने सुर गर्‍यौ र दुबै जना गफ गर्दै घरतर्फ फर्कदै थियौं मलाई भने रिगंटा वाक-वाकी लाग्न थाल्यो। एक्कैछिनमा त ह्वाल्ह्वाल्ती बान्ता पो आउन थाल्यो। अब त फसाद भयो। साथी पनि डराउन थाल्यो। मेरो त झन होसै भएन। अब आमालाई कसरी मुख देखाउने। ठुलो गल्ती गरे जस्तो लाग्यो थर-थर काँप्दै घर पुगेर यता-उति हेरें। आमा भन्छामा हुनुहुँदोरहेछ। मलाई बाहिर देखेपछि आमाले साहिंला बाबु नुहाएर आइस्, ल हात गोडा धोएर लुगा फुकालेर भात खान आइज भन्नुभयो। म भने आमाले चुरोट खाएको कुरो थाहा पाउनु हुन्छ कि? भनेर डराउँदै-डराउँदै हात खुट्टा धोएर लुगा फुकाली धोती फेरेर भात खान भान्सामा गएँ। आमाले थालमा घिउ हालेर भात पस्किदिनुभयो। आलुको तरकारी, मासको दाल र एउटा सानो कचौरामा भैंसीको दुधको बाक्लो तर (छिना) पनि दिनुभयो। मैले थाल तानेर पकापक भुइ तिर हेरेर खाँदै थिएँ। एक्कासि मलाई चक्कर आएजस्तो भयो। थाम्नै नसकी ह्वाल्ह्वाल्ती बान्ता भो। आमा बेसरी डराउनुभयो। मलाई उठाएर तल मझेरीमा सुताउनु भो र रुन थाल्नु भो म चाहिँ आफ्नो बहादुरी आमालाई थाहा होला भनेर निदाएको बहाना गरेँ र त्यस दिनदेखि चुरोटको धुवाँबाट तर्सिन थालेँ र टाढा भएँ।

卐

कविता

# यात्रा



सरला जोशी*

यस धर्तीमा च्याहाँ ! गर्दै
थालेको यात्रा जिन्दगीको
आमाका थोत्रा फरियाका थाङ्नामा
मच्ची मच्ची उफार्दै खुट्टा
छिन भरमै आकाश छुन्छु जस्तो
उडान भर्ने चाहना
जब थाङ्ना छोड्दै थियो
पृथ्वी हल्लाउदै दौडियो
जिन्दगीको दौडमा जून टिप्ने
सपना देख्नु
बेहिसाब छरिएका सपनाहरू
सोहोरेर अङ्गालो भरी
चाहनु पूर्णतामा बाँच्न
भूकम्पले लडेको शिर ढाक्ने झुप्रोमा
भर्नु थियो प्राण वायू
घर र जङ्गल गर्दै खिईएको
बाउको थाप्लो पुर्नु थियो कमाइले
गाउँभरिको मेलापातमा
झरेको आमाको मुहारको जून
सुखको जून टिपेर
आमाको मुहारमा सजाउनु थियो
खाम खाम लाम लाम कि आफ्नी
तरुनी मखमलीका मक्किएको जिन्दगीमा
चार चाँद लगाउनु थियो
अभावले भित्र्याएको अट्टहास पन्छयाउदै
सफलताको फल टिप्नु थियो
बढेका पाइला
लक्ष्य थियो आकाश चुम्नू
उड्यो आकासिदै बादल भन्दा माथि
र पुग्यो आकाशको गाउँ
खाडीको मुलुक
जहाँ सूर्यको डल्लो नै बास बस्थ्यो
सूर्यको डल्लो शिरमा लिएर
अग्नि ज्वालामिश्रित एक झोक्का हावाले
स्पर्श गर्दा हुने जलनको जल्दो अनुभूति
पाइलै पिच्छे डामिँदा निस्केका सुस्केरा
जलन मार्न जलको अभावमा
टिक्न सक्थ्यो नै कति समय
गाउँमा भूकम्पले लडेको
घरको सम्झनाले
कलेजी चिरिने गरी चहराउथ्यो
थाप्लोमा सूर्य बोकेर
पाईतालामा आगो टेकेर
धन कमाउने मोह
त्यति बेलासम्म मोहित भै रह्यो,
जबसम्म सास साथ थियो

आकाशको गाउँमा सूर्यास्तसँगै
जिन्दगी पनि अस्तायो
थप्प रोक्कियो घाटीको सास
साससँगै आस हरायो
आस संगै धनको मोह हरायो
ठहरै सुक्यो बाउको
जिन्दगी ठड्याउने जरा
रोक्कियो आमाको प्राण वायु
रङ्गीन रहर पालेकी मखमली
रङ्गहिन कोरामा लपेटिदा
बगरको काँस जस्तै देखिई
आकाशको देशबाट
संसार लिई फर्कन्छु भन्थ्यो
फर्कन त फर्कियो
बस ! काठको बाकस बोकेर
कहिल्यै नटुङ्गिने महायात्राको
प्रस्थान गर्न !!

卐

* कार्यसमिति सदस्य - चितवन साहित्य परिषद् ।

चिनारी

# लीलाचोक र लीलाबाजे



सरस्वती तिमिल्सिना रिजाल*

करिब २०४६ सालतिर जनआन्दोलनको वरपर जस्तो लाग्छ, स्व राजा वीरेन्द्रको जन्मोत्सवको उपलक्ष्यमा विद्यार्थीहरूलाई जुलुसमा लैजाने क्रममा हमाल सर बालकुमारी माध्यमिक विद्यालयका तत्कालीन हेड सरलाई बजारको कुन रुटबाट लैजाने भनेर जिज्ञासा राख्दा उहाँले मलाई हेर्दै लीला चोकबाट घुमाएर फर्काएर ल्याउने भन्नुभएको थियो। मलाई हेर्दै उहाँले त्यसो भन्नुहुँदा सरले मलाई जिस्काउन खोज्नुभएको होला भन्ने सोचेकी थिएँ। कारण म लीला होटल भएको चोकको नाम लीला चोक कायम भएको यथार्थबाट अनभिज्ञ थिएँ। पछि कार्यवश जिल्ला प्रशासन कार्यालय जाँदा त्यहाँ एउटा सूचनामा स्थानको नाममा लीला चोक लेखेको देखेर म चकित भएकी थिएँ, पछि नगरपालिकामा पनि देखें। अनि बल्ल हमाल सरले सही भन्नुभएको रहेछ भन्ने बुझें। त्यतिखेर म हर्षविभोर भएकी थिएँ। लीलाचोक र लीला बाजे एकअर्काका पर्याय। लीला बाजे अर्थात् लीलानाथ तिमिल्सिना। लीलाचोकसँगको मेरो अटुट सम्बन्ध। म पहिला जन्मे, अनि लीलाचोक आयो अर्थात् लीलाचोक पछि जन्म्यो।मेरा बा लीला बाजे परिवारको भरणपोषणका लागि २०१३ सालमा चितवन झर्नुभएको थियो। दस वर्षमै टुहुरा बनेपछि परदेसिनुभएको उहाँ नेपाल तथा भारतका विभिन्न ठाउँमा अनेक दुःख गर्दै आखिरमा नारायणघाट चितवनमा आई जीवनपर्यन्त रहनुभयो। करिब आधा शताब्दी उहाँको मुटुको धड्कन यही चोकमा चल्यो। उहाँको जन्मँदाको नाम त्रिलोचन थियो। सानैदेखि अरूको घरमा काम गर्दै त्यतिबेला काठमाडौंदेखि कसैको साथ लागेर अमलेखगञ्ज पुग्नुभएका उहाँको नाम त्यहीँका मान्छेले 'हेर तिमी सानैदेखि अनेक लीला गर्दै हिंडेका र'छौ, अबदेखि तिम्रो नाम लीलानाथ भयो है 'भनेर भनेका रहेछन्। 'त्यसपछि मेरो नाम लीलानाथ भयो 'भनेर बाले भन्नुभएको थियो। अन्यत्र पाक कला देखाउनुभएको लीला बाजेले यहाँ आफ्नो त्यही पाक क्षमतालाई जीविकोपार्जनको मुख्य साधन बनाउनु भएर एउटा सानो होटल खोल्नुभयो , जसको नाम रह्यो लीला होटल।

अत्यन्त मिहिनेती लीला बाजेकी पत्नी अर्थात् मेरी आमा (नर्मदा तिमिल्सिना) पनि सोहीअनुसारकी हुनुहुन्थ्यो। सबैले उहाँलाई बज्यै भनेर सम्बोधन गर्थे। आफ्ना दुई साना लालाबालालाई लिएर उहाँ चाहिँ २०१४ सालमा चितवन झर्नुभएको थियो। पतिझैँ अत्यन्तै मिहिनेती उहाँ पनि दिनरात नभनी काममा जोतिइरहनु हुन्थ्यो। घरगृहस्थी केही सुधार हुँदै थियो भने चुनौती पनि थपिँदै थियो। पहिला औले ठाउँ भनेर चिनिने चितवनमा भयंकर गर्मी हुनु स्वाभाविकै हो। यही प्रचण्ड गर्मी अनि हावाहुरी चल्ने समय २०१६ साल वैशाख जेठको समयमा अचानक नारायणघाट बजारमा आगलागी भयो। आगलागीले बजारका घरहरू जलेर सखाप भए। हाम्रो पनि केही रहेन। मेरो उमेर त्यतिखेर केवल साढे तीन वर्ष मात्र थियो। त्यतिखेर केटाकेटीमा दाइ र म मात्रै थियौँ। मेरो जीवनका पहिलो सम्झना त्यही नै थियो। आगलागीमा ज्यान जोगाउनु नै ठूलो कुरो थियो। आगलागीले हाम्रो बसाइ लीलाचोकबाट

* पूर्व प्रधानाध्यापक - बालकुमारी मा.वि.।

पूर्व करिब पाँचसय कदमको दूरीमा क्षेत्रपुर जाने बाटोको बायाँपट्टि रहेको थियो । मलाई त्यतिखेर डढेको चामलको भात खाएको याद छ । सबैतिर आगो लागेर सखाप भएको अवस्था अनि रातको निस्पट्ट अन्धकारमा कुकुरको भुकाइ एवम् स्यालको हुइयाँहुइयाँ आवाजले वातावरण नै भयावह बनाइदिएको थियो । त्यतिबेला आमाले कहिले तर्साउँदै कहिले फकाउँदै खाना खुवाउनु हुन्थ्यो । आमाको 'हा हा चरी हा हा , हाम्रो मकै पाक्या छैन अरूको मकै खा 'भन्दै हामीलाई सुताउन गाउनुभएको लोरी अझै सम्झना हुन्छ मलाई । मेरा आमाबाको अवस्था त्यतिबेला कस्तो भएको थियो होला अहिले कल्पना गर्दा मुटु निचोरिएर आउँछ । जेनतेन केही समयपछि टिनपाताले छाएको घर ठडियो । तर जब हावाहुरीको समय आउँथ्यो , कहीँ न कहीँ आगलागी भैहाल्थ्यो । त्यतिखेर नारायणघाटबासी सबैको सातो जान्थ्यो । प्रायः घरहरू कच्ची नै थिए । आगलागी भएको थाहा हुनेबितिकै हाम्रा बाले हामीलाई नारायणी नदीकिनार दौडाइहाल्नुहुन्थ्यो । हामीसँगै हाम्रा झिटिझाम्टा पनि जान्थे । हाम्रो मात्रै होइन बजारका अन्य मान्छेको स्थिति पनि त्यस्तै थियो । तर २०१६ सालको जस्तो पूरा बजारलाई सखाप पार्ने खालको आगो पछि फेरि लागेन । तर २०१९ सालतिर पुतली बजारमा भएको आगलागी पनि एकदम डरलाग्दो थियो । आगलागीपछि नारायणघाट बिस्तारै पक्की बन्दै गयो, जनचेतना पनि बढ्दै गयो र समस्या पनि घट्दै गयो । अत्यन्त कठिनाइपूर्वक हाम्रो वास सुनिश्चित भयो । त्यति बेला काठमाडौँका एकजना मानिस आएर यो मेरो जग्गा हो भनेर हामीलाई हटाउन खोजे , हामी सबै अन्योलमा पर्‍यौँ । कारण केही नभएको ठाउँमा बाले जग्गा फाँडेर बस्नुभएको थियो । यो थाहा पाएर नारायणघाटका एक बुज्रुक शिक्षाप्रेमी तथा समाजसेवी आदरणीय स्व लालकुमार श्रेष्ठ (प्रायः सबैले उहाँलाई लालकुमार मुखिया नै भनेर चिन्थे) ले हाम्रो पक्षमा बोलेर अड़ान लिनुभयो । हाम्रो वास्तविकता उहाँलाई थाहा थियो । हाम्रो कुनै गल्ती थिएन । उहाँले हामीलाई लगाउनुभएको गुण सम्झेर आमाले पछि स्व लालकुमार मुखियालाई आफ्नो बाको रूपमा सम्मान गर्नुहुन्थ्यो । हाम्रो त्यहाँको बसाइमा उहाँको ठुलो योगदान रहेको छ ।

आगलागीपछि चितवनको अर्को चुनौती थियो हावाहुरीको । हावाहुरी आएपछि छानाहरू उड्थे , रूखका हाँगाहरू भाँचिन्थे । उडेका छाना र भाँचिएका हाँगाहरूले कति मान्छेहरू घाइते हुन्थे । कतिको प्राण नै जान्थ्यो । पक्की घरहरू बनेपछि भने हावाहुरीबाट पनि मान्छे जोगिँदै गए । नारायणी नदीमा आउने बाढीले पनि सबैको सातो लान्थ्यो । वर्षाको बेलामा नदीमा आउने बाढीको डरलाग्दो गर्जनले मुटु नै हल्लाउँथ्यो । बजारको नजिकै बाढी उर्लिएर आएर सबैथोक स्वाहा पार्ला झैँ गर्थ्यो (पोखरा बस पार्कपछाडि हरिहर मन्दिरनेर हाल नदीको छेउमा सिँचाई (Uplift Irrigation) तथा श्री सत्य साई केन्द्र भएको स्थानबाट बाढी पस्ने डर हुन्थ्यो )। त्यतिखेर घरको मुलीले आफ्ना सम्पूर्ण परिवारलाई क्षेत्रपुरमा अरूको घरको अतिरिक्त टहरो वा गोठमा लगेर राख्थे र आफू अलिअलि भएको जायजेथा चोरबाट जोगाउन पेट्रोमेक्स बालेर घर कुरेर बस्थे । रातभर कोही सुत्दैनथे । डरले सुत्न सक्ने स्थिति पनि हुँदैनथ्यो । बजारमा प्राय:को अवस्था त्यस्तै थियो । रातभरि नदीको गर्जन र मान्छेको बेलाबेलामा कोलाहलले वातावरण भयावह हुन्थ्यो । क्षेत्रपुरमा हामी चारपाँच परिवार एउटै टहरोमा खाना पकाएर खान्थ्यौँ । बाढी केही मत्थर भएपछि हामी फेरि आफ्नै गुँडमा फर्कन्थ्यौँ । पटकपटकको आगलागी, हावाहुरी अनि बाढीको चुनौती खेपेका लीलाबाजे मानसिक रूपमा झन् दह्रा भए । उनीजस्तै आँटिली र दह्री उनकी श्रीमती नर्वदा पनि थिइन् । वीरगञ्ज जाने बसको हर्नको आवाजसँगै उठेर आमा नदीमा नुहाउन र पानी लिन जानुहुन्थ्यो । ४ बजे जाने बसको हर्न कहिले २:३० बजे कहिले ३: बजे बिहानै बज्थ्यो । आमा घडी नै नहेरी त्यति बेलै नदीतिर कुद्नुहुन्थ्यो, म पनि कहिलेकहीँ आमाको पछि लागेर नदी जान्थेँ । निष्पट्ट अन्धकारमा केवल नदीको एकोहोरो बगिरहेको आवाज़ सुनिन्थ्यो । आमाको लीला होटलसम्बन्धी सङ्घर्षको बेग्लै कथा छ । आमाले भन्नुहुन्थ्यो, 'हेर् नानी मैले पन्ध्र दिनको सुत्केरीमा

तीस पाथी चामलको भातसमेत पकाएँ । यहाँ अरू होटल थिएनन्, पेसेन्जरहरू साह्रै भोकाएर आउँथे, उनीहरूलाई खाना पुऱ्याउन हम्मेहम्मे पर्थ्यो ।' बिजुलीबत्तीको सुविधा नभएको त्यस समयमा बिहान बसको हर्न सुन्नेबितिकै नुहाउन र पानी लिन नदी जानु अनि आएर पूजापाठ गरी होटलको नित्य कार्य गर्नु आमाको दैनिकी थियो । आमा मेसिनझैँ दिनरात नभनी खट्नुहुन्थ्यो । राती १२/१ बजेसम्म काममा जोतिनु अनि बिहान सखारै उठी नित्य धन्दामा लाग्नु, आमाले कसरी यतिविधि गर्नुभयो होला म अचम्मित हुन्थेँ । र अझै सम्झदा अनौठो लाग्छ र भावुक हुन्छु । त्यसमा छन् आमाका अरू मार्मिक कुरा थपिन्थे । २/ ३ वटा गर्भ त अधिग्रा गए नानी, कहिले कुनै आराम थिएन, बच्चा खेर जानु पनि स्वाभाविकै हो । बच्चा खेर गएपछि पनि आराम भन्ने कुरो हुँदैनथ्यो । कहिलेकहीँ रगतको आहालै हुन्थ्यो नानी । दुईपटक त क्युरेड गर्न म एक्लै काठमायौँ गएँ, कसलाई लिएर जानु, तिमीहरू साना थियौ । त्यो बेलाको बाइरोडको १२/ १३ घण्टाको ग्राभेल बाटो । (त्यतिखेर त्रिभुवन राजपथलाई प्रायः बाइरोड नै भनिन्थ्यो ।) बालाई होटल चलाउनुपर्थ्यो । म एक्लै काठमाडौँ जान्थेँ र क्युरेड गराएर फर्कन्थेँ ।’ हो यो थियो , आमाको नदेखिएको कथा । आमाको अदम्य साहसको कथा । लीला होटलको जगलाई दह्रिलो बनाउने कथा । लीला चोकलाई सम्बल प्रदान गर्ने कथा । त्यतिखेर आमाका यी कथाहरू म चुपचाप सुन्थेँ । मेरा बाल आँखाहरू एकनासले टोलाउँथे । मेरो बाल हृदय कहालिन्थ्यो, तर बोल्न सक्दैनथ्यो । कतिपय घटनाको म मुक साक्षी थिएँ । सायद बोल्न सक्ने क्षमता मेरो थिएन । मुख भए पनि सायद म लाटी थिएँ । आमाले मलाई ‘यो छोरी साह्रै सोझी छे, लाटी छे ‘भन्नुहुन्थ्यो । पछिपछि सहयोगी हातहरू थपिए । हरेक दिन नुहाइधुवाइ गरी धोती फेरेर खाना तयार गर्ने पण्डित बाजे, केटाकेटीको हेरचाह गर्ने अनि आमाको लुगा धुन सघाउने साँखुको कुश्ले जातिका एकजना दाइ अर्थात् भाइचा दाइ । हाम्रा सबैभन्दा साना बहिनीभाइलाई उहाँले नै रेखदेख गर्नुभयो । लीला होटलमा उहाँको योगदान अविस्मरणीय रह्यो र रहेको छ पनि । पछि होटल छोडिसकेपछि सायद बिरामी अवस्थामा उहाँ आउनुभयो, त्यति बेला आमाले उहाँको पहिलाको गुण सम्झेर खुब सेवासुश्रुषा गर्नुभयो र उहाँले आमाकै अघि प्राण छोड्नुभयो ।' मैले भाइचाले लगाएको गुण तिरेँ 'आमाले भन्नुभएको थियो । धेरै वर्ष अगाडिदेखि होटल सञ्चालन भएसम्म सघाउने बोली अस्पष्ट भएका एकजना पुर्णे दाइ हुनुहुन्थ्यो । उहाँहरूको महत्त्वपूर्ण योगदान रहेको थियो लीला होटल सञ्चालनमा ।

धोती फेरेर खाना पकाउने हुनाले चोखो खान खोज्नेहरू धोती फेरेर वा चोखो लुगा लगाएर भान्छाकै छेउमा पिर्का ओछ्याएर खाना खान्थे । लीला बाजेकहाँ चोखो खान पाइन्छ भनेर यात्रुहरू आउँथे । टेबुलमा खान खोज्नेलाई त्यही किसिमको व्यवस्था थियो । त्यतिखेर मलाई थाहा भएसम्म दुई रुपैयामा पेटभर खाना पाइन्थ्यो । त्यसमा दाल, भात, तरकारी, अचार हुन्थ्यो र दुई चम्चा घ्यु राखिन्थ्यो । स्पेशल खान खोज्नेलाई बाक्लो दालमा टमाटर राखी प्याजसहित अरू मसला राखी झानिन्थ्यो । हाम्रा बा खाना बनाउन र विभिन्न किसिमका अचार बनाउन अनि सिसीमा बनाएर राख्न माहिर हुनुहुन्थ्यो । विभिन्न ठाउँमा गरेको मिहिनेतलाई उहाँले आफ्नो होटलको पाकशालामा प्रयोग गर्नुभयो अर्थात् पकवानमा स्वाद भर्नुभयो । बाकै निर्देशनमा खाना बन्थ्यो । मैले जतिको राम्रो अचार कुनै छोरीमान्छेले बनाउन सक्दैनन् भन्ने बाको दाबी थियो । सानैदेखि शाकाहारी हुनाले भान्छाको विशेष पकवान (आलु भुजिया, विशेष दाल आदि) मैले पनि फेला पार्थेँ । होटलमा वासका लागि थरीथरीको व्यवस्था थियो । होटलमा खाना खानेहरू बाहिर हलमा आफ्नो बेडिङ खोलेर सुत्थे । उनीहरू खाना खाएबापत त्यस्तै बस्न पाउँथे । कोठाहरू तीन किसिमका थिए । एकथरी एउटा बेडको कोठा थियो, जसमा बस्नेले रू ५/– दुई बेडको कोठामा बस्नेले जम्मा रू ६/ र १० वटा बेड भएको हलमा बस्नेले एउटा बेडको रू २/ तिर्नुपर्थ्यो । होटलमा बस्न आउने हरेक पेसेन्जरको पूरा विवरण (नाम, ठेगाना, आएको मिति, जाने मिति र बस्नुको उद्देश्य) उनीहरू भएकै ठाउँमा गएर


लेख्नुपर्थ्यो। त्यसको लागि एउटा छुट्टै रजिस्टरको व्यवस्था थियो। त्यतिखेर पङ्खा, बिजुली बत्तीको व्यवस्था थिएन। हरेक कोठामा लाल्टिन र ठुलो ठाउँमा पेट्रोमेक्स बालिन्थ्यो। हो, लीला होटलमा नेपालका विभिन्न ठाउँबाट पश्चिम जाने पेसेन्जरहरू आएर बस्थे। हिँडेर खर्च भर्न आउनेहरू त्यही विश्राम गर्थे। नुन मट्टितेल लिन आउनेहरू कोही ठाँटीतिर कोही त्यहीँ बस्थे। लाहुरे र कलकतेहरू (भारतबाट आर्मी पोसाक लगाएर आउनेलाई लाहुरे र खाकी पोसाक लगाएर आउनेलाई कलकते भनिएको जस्तो लाग्छ) आएर त्यहीँ वास बस्थे अनि आफ्नो घरमा लिएर जाने सामान लान्थे र अरू अतिरिक्त सामान त्यहीँ छोड्थे। फर्केर आएपछि पनि आफ्नो लानुपर्ने सामान मात्र लान्थे र अरू त्यहीँ छाड्थे। यसरी छाडिने सामानहरूमा ठुला ठुला बाक्साहरू र गुन्टाहरू हुन्थे। अनि कति वर्षपछि मात्र ती सामानको खोजी हुन्थ्यो। लाहुरेका झिटिझाम्टाले कोठा भरिएर बाहिर पनि थन्क्याइएका हुन्थे। कति वर्षपछि लाहुरेहरू आएर आफ्ना सामानहरू लिएर जान्थे। अत्यन्त विश्वासमा चलेको थियो होटल। लीला बाजे इमान्दारिताका पर्याय हुनुहुन्थ्यो। सबाल्सर्बेल विश्वास गर्थे बालाई। पछि लाहुरेहरू आउँदा सामान भेटिएन भने (एउटा चोर पल्किएर सामान हराउने क्रम भएको थियो। यो प्रसङ्ग अरू कुनै बेला कोट्याउँला) लाहुरेहरूले भनेको सामान जतिको बिगो बाले तिर्नुहुन्थ्यो। तर दुवै पक्षको इमान्दारिताले गर्दा कहिल्यै मनोमालिन्य भएन। एकअर्काप्रतिको प्रेम र विश्वास जस्ताको त्यस्तै थियो। लीला गर्ने बाजेको होटल लीला होटल। लीला गर्ने बाजेसँग सम्बन्ध गाँसिएको चोक लीला चोक। लीला बाजे जति दुःख गर्नुहुन्थ्यो, त्यतिकै रमाइलो गर्न पनि खप्पिस हुनुहुन्थ्यो। वीरगञ्ज , हेटौडा, नारायणगढ चल्ने बसको स्टप त्यही नजिकै चोकमा थियो। बसका सम्पूर्ण स्टाफहरू त्यही खाना खान्थे। स्टाफमा अधिकांश सरदारजीहरू नै हुन्थे। बा भोजपुरी, बङ्गाली, हिन्दी बोल्न सिपालु। रमाइलो गर्न कसैले नभेट्टाउने। र त बा रमाइलो गर्न नेवारी संस्कृतिको भए पनि विभिन्न जात्रामा (रोपाईँ जात्रा, बाघ जात्रा आदि) अनेक शृङ्गार गरी समावेश हुनुहुन्थ्यो। कतिपटक त ती जात्राहरू लीलाहोटलबाटै निकालिन्थे। कतै बिहेको बाजा बज्नेबित्तिकै बाका गोडाहरू त्यसैत्यसै उफ्रिन आतुर हुन्थे। रमाइलो गर्न पाएपछि बालाई केही चाहिदैनथ्यो। त्यतिबेलाको लीला चोकको रौनक नै अर्कै थियो। अब त त्यस्तो प्राकृतिक आनन्द कहाँ पाउनु?

त्यतिबेला अन्य बाटोघाटो थिएन। बुटवलतिरको बाटो बनिसकेको थिएन। नारायणी नदीमा पुल पनि थिएन। गैँडाकोट भएरै बुटवल जानुपर्थ्यो, जाने साधन केवल डुङ्गा थियो। पहिला हिँडेरै बुटवल जानुपर्थ्यो। त्यताको कच्ची बाटो २०२७ तिर बन्दै थियो। (त्यतिखेर हामी हिँडेरै भैरहवा पुगेका थियौँ) पछि ग्राभेल बाटो बनेपछि बुटवलतिर गाडी लान दुई नाउ जोडेर त्यसमा गाडी चढाई नारायणी नदी पार गराइन्थ्यो। डुङ्गा र गाडी वारपार गर्ने घाट लीला चोककै पछाडि थियो। त्यसले पनि लीला चोकको चहलपहल नारायणघाटको अन्यत्र ठाउँभन्दा विशेष थियो। गाडीहरू लीला चोकमै रोकिन्थे र आउनेजाने मानिसहरू प्रायः लीला होटलमा विश्राम गर्थे। केही गाडीहरू देवघाट जाने बाटो अर्थात् वागीश्वरीबाट केही पर फेरीबाट पार गराइन्थ्यो। यसरी तत्कालीन समयमा लीला होटलले धेरैको सेवा गर्‍यो। बाआमाले औधी दुःख गर्नुभयो। आउने धेरै यात्रीहरूलाई खाना पकाएर खुवाउनुभयो, धेरैको भाँडा धुनुभयो। अत्यन्त इमान्दार र मिहिनेती हाम्रा बाआमा करिब निरक्षर ( बाले कनिकुथी लेख्नुहुन्थ्यो ) भए पनि हामीलाई पढाउन कुनै कसर छोड्नुभएन। उहाँहरूलाई सम्झदा अत्यन्त गौरवबोध महसुस हुन्छ। बाको भन्दा हाम्री आमाको मिहिनेत कति पनि कम थिएन। १०/१२ पटक सुत्केरी हुनुको चुनौतीलाई झेल्दै बयासी वर्षसम्म बाँच्नुभयो, बा करिब चौरासी वर्ष बाँच्नुभयो। यसैले लीला चोक त्यसै बनेन, त्यहाँ बाआमाको परिश्रमको कथा लुकेको छ, इमान्दारिताको गाथा बसेको छ। लीला चोकभित्र बाआमा दुवैको अस्तित्व समान रूपमा समाहित भएको छ।

卐

पत्रकारिता

# भरतपुर महानगरभित्रको पत्रकारिताः सङ्घर्षपूर्ण विगत, सङ्कटपूर्ण वर्तमान



सूर्यप्रकाश कँडेल*

सन् १७०२ मार्च ११ गते प्रकाशित डेली कुरान्ट बेलायतको पहिलो समाचारपत्र हो । यसलाई नै विश्वको पहिलो दैनिक पत्रिका मानिएको छ। यसरी हेर्दा विश्वमा पत्रकारिताको सुरुवात अठारौँ शताब्दीको सुरुतिरै भएको पाइन्छ। यसैलाई आधार मानेर भन्नु पर्दा विश्वमा पत्रकारिताको विकास भएको ३ सय २० वर्ष पूरा भएछ।

नेपालमा पत्रकारिताको विकास भएको १ सय २५ वर्ष मात्र भएको छ। राजधानी काठमाडौँबाट १९५५ साल साउनदेखि सुधासागर मासिक पत्रिका प्रकाशन भएपछि नै नेपालमा पत्रकारिताको सुरुवात भएको हो। सुधासागर प्रकाशनमा आएको करिब ३ वर्षपछि १९५८ साल वैशाख २४ गते (सन् १९०१ मे ६) बल्ल गोरखापत्र साप्ताहिकको प्रकाशन सुरु भएको थियो। २०१७ साल फागुन ७ गतेदेखि गोरखापत्र दैनिक रूपमा प्रकाशित हुन थालेको हो । त्यस यता आजसम्म गोरखापत्र दैनिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ।

धेरै जनालाई गोरखापत्र नेपालको पहिलो दैनिक पत्रिका हो भन्ने भ्रम छ । गोरखापत्र दैनिक रूपमा प्रकाशित हुनुभन्दा अगाडि अन्य दुई वटा पत्रिका दैनिक रूपमा प्रकाशित भएको इतिहास छ। नेपालको पहिलो दैनिक पत्रिका आवाज हो। २००७ साल फागुन ८ गतेदेखि प्रकाशित हुन थालेको आवाज दैनिकका सम्पादक सिद्धिचरण श्रेष्ठ थिए। साढे ३ वर्ष प्रकाशित भएपछि आवाज बन्द भयो । त्यसपछि २०११ साल भदौ २४ गतेदेखि समाज दैनिक पत्रिकाको प्रकाशन सुरु भयो। समाजका सम्पादक पशुपतिदेव पाण्डे थिए। नेपालको पत्रकारिताको विकासक्रममै चितवनमा पनि पत्रकारिताको सुरुवात भएको पाइन्छ।

**भरतपुर महानगरभित्र पत्रकारिताको विकास**

२०११ सालतिर औलो उन्मुलन भएपछि तत्कालीन सरकारले २०१३ सालतिर राप्ती दून परियोजनाअन्तर्गत चितवनमा बस्ती बसाल्न सुरु गरेपछि भरतपुरको आवादी बढेको पाइन्छ। सुधासागर मासिकको प्रकाशन सुरु भएको ६६ वर्षपछि २०२१ साल पुसमा भरतपुरबाट चितवनको चिनो नामक साहित्यिक पत्रिका प्रकाशन भएको इतिहास छ। जसरी नेपालको पत्रकारिता सुधासागर साहित्यिक पत्रिकाबाट भयो, त्यसरी नै भरतपुरको पत्रकारिता पनि चितवनको चिनो साहित्यिक पत्रिकाबाटै भयो । यसलाई सुखद् संयोग मान्नु पर्छ। भरतपुर महानगरपालिका १० निवासी पाका पत्रकार, अध्येता एवं साहित्यकार डिआर पोखरेल भरतपुरको पत्रकारिताको इतिहास स्मरण गर्दै भन्छन्, “२०२१ साल पुसमा भरतपुरबाट पहिलो पत्रिकाको रूपमा चितवनको चिनो प्रकाशित भएको हो। त्यसमा चितवन हाइस्कुलका विद्यार्थीहरूले साँस्कृतिक एवं साहित्यिक कार्यक्रममा वाचन गरेका रचनाहरू समावेश छन् । यसअघि रापती उपत्यका (२०१४) र जितिया पावनी (२०१६) पुस्तक प्रकाशन भएका थिए ।

* सम्पादक - कायाकैरन दैनिक।

भरतपुरको पहिलो पत्रिका चितवनको चिनो नै हो ।''

चितवनको चिनो प्रकाशित भएको १८ वर्षपछि २०३९ सालमा भरतपुरबाट प्रवाह साप्ताहिकको प्रकाशन सुरु भएको पाइन्छ । भरतपुरमा साहित्यिक पत्रिका प्रकाशनको सुरुवात २०२१ सालमै भए पनि समाचारमूलक पत्रिकाको प्रकाशन २०३९ सालबाट भएको थियो । प्रवाह साप्ताहिक भरतपुरको पहिलो साप्ताहिक समाचारपत्र हो ।

नेपाल अधिराज्यको संविधान २०४७ ले छापाखाना र पत्रपत्रिका सम्बन्धी हकअन्तर्गत कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशन गर्न पूर्वप्रतिबन्ध नलगाइने तथा समाचार, लेख वा अन्य कुनै सामग्री मुद्रण गरेवापत छापाखाना बन्द वा जफत नगरिने र कुनै समाचार, लेख वा अन्य कुनै सामग्री प्रकाशित गरेवापत पत्रिकाको दर्ता खारेज नगरिने गरी संवैधानिक व्यवस्था गरेपछि देशव्यापी रूपमा पत्रिका प्रकाशनको बाढी आएको पाइन्छ । त्यसको सकारात्मक असर भरतपुरको पत्रकारितामा पनि परेको पाइन्छ ।

जिल्ला प्रशासन कार्यालय भरतपुरमा २०५३ साल भदौ ३१ गते दर्ता भई केही समय प्रकाशित भएर हाल बन्द रहेको चितवन दैनिक नै भरतपुरको पहिलो दैनिक पत्रिका मानिन्छ । निरन्तर प्रकाशित दैनिक पत्रिकाहरूमा चितवन पोष्ट, कायाकैरन, लोकतन्त्र सन्देश र सञ्चारपत्र छन् । भरतपुर महानगरभित्र ४ वटा टेलिभिजन, आधा दर्जन साप्ताहिक पत्रिका, एक दर्जन एफएम र दुई दर्जन अनलाइन सञ्चालित छन् । यीमध्ये केही सञ्चारमाध्यम दर्ता नै नभई र केही सञ्चारमाध्यम दर्ता नवीकरण नै नगरी संचालनमा रहेको समेत पाइन्छ ।

### सङ्घर्षपूर्ण विगत

भरतपुरको पत्रकारिताले ६ दशकको यात्रा तय पूरा गर्दै छ । चितवनका सबैभन्दा पाका पत्रकार गणशेखर शर्मा विगतमा विशेष गरी पञ्चायतकालमा समाचार लेखेकै भरमा जेल जानु पर्ने अवस्था रहेको स्मरण गर्छन् । ''२०३६ सालमा समाचार लेखेकै कारण जेल परेँ । त्यतिबेला जेलबाटै समाचार पठाएको अनुभव पनि छ मसँग'' राष्ट्रिय समाचार समिति (रासस) का लागि लामो समयसम्म भरतपुरबाट रिपोटिङ गरेका शर्मा भन्छन्, ''त्यतिबेला हुलाकबाट समाचार पठाउनु पर्थ्यो । अहिलेजस्तो इमेलको सुविधा थिएन । हुलाकबाट पठाएको समाचार १०-१२ दिनमा काठमाडौँ पुग्थ्यो । कुनै कुनै समाचार जान महिना दिन लागेर समाचारै पुरानो भई प्रकाशित हुँदैनथ्यो । हाल दूरसञ्चार संस्थान रहेको ठाउँमा टिनको छाना भएको आकाशवाणी कार्यालय थियो । आकाशवाणीको रूपमा समाचार पठाउँदा अनर्थ भई प्रसारण भएको थियो ।''

चितवनमा तिसको दशकमा विद्युत र चालिसको दशकमा टेलिफोन सेवा सुरु भएको हो । टेलिफोन सुरु नहुँदैका दिन सम्झिँदै पत्रकार शर्माले थपे, ''त्यसताका टेलिफोनको व्यवस्था थिएन । पछि टेलिफोनबाट समाचार टिपाउन पाउँदा र अलि पछि फ्याक्सबाट पठाउन पाउँदा सजिलो भयो । फ्याक्स र टेलिफोन सुरु नहुँदा त निकै दुःख पाइयो ।''

पचासको दशकसम्म आइपुग्दा समाचार पठाउनको लागि फ्याक्स प्रचलनमा आए पनि फोटो पठाउन भने हुलाक वा कुरियर सर्भिस चाहिने अवस्था विद्यमान थियो । रिलवाला क्यामराले खिचेका फोटा धुलाउन कलर ल्याबमा धाउनु पर्थ्यो । साठीको दशकको सुरुतिरै इमेल, इन्टरनेट र डिजिटल क्यामरा प्रचलनमा आएपछि भने निकै सजिलो भयो । पचासको दशकको मध्यतिरबाट पत्रकारिता सुरु गरेको पङ्क्तिकारले विगतका अप्ठेरा करिब पाँच वर्ष भोगेको विषय हो । साठी र सत्तरीको दशक विगतजस्तो कठिनाईपूर्ण रहेन ।

### सङ्कटपूर्ण वर्तमान

असीको दशक भर्खरै सुरु भएको छ । भरतपुरको

पत्रकारिता ६० वर्ष पार गर्ने सङ्घारमा उभिएको वर्तमान सुखद् भने छैन । २०७६ सालको अन्त्यतिरबाट सुरु कोभिड महामारी र त्यसबाट सिर्जित लकडाउन, २०७८ सालको अन्त्यतिरबाट सुरु भएको रुस-युक्रेन युद्धको असरसमेतले नेपालमा आर्थिक आपत् सुरु भएको छ। यसको असर पत्रकारिता क्षेत्रमा पनि परेको छ। त्यसैले भरतपुरको पत्रकारिताले वर्तमानमा सङ्कट खेपिरहेको छ। भरतपुरका केही कलेजमा आमसञ्चार विषयको पढाइ हुँदै आए पनि त्यहाँबाट निस्किएका जनशक्तिले भनेजस्तो काम पाउन सकेका छैनन् । कलेजमा सैद्धान्तिक व्याख्यामा बढी जोड दिइँदा प्रयोगात्मक हिसाबले आमसञ्चार विषय लिई स्नातक तह उत्तीर्ण गरेकाहरूले पनि राम्रोसँग समाचार लेख्न नसकेका उदाहरण पाइन्छ। आमसञ्चार अध्यापन गर्ने शिक्षकले आफू संलग्न सञ्चारमाध्यममा सीमित गरेर विद्यार्थीलाई इन्टर्नसिप गराउँदा उनीहरूले ज्ञानको दायरा फराकिलो बनाउन नसकेको गुनासो समेत सुनिँदै आएको छ । एकातिर उत्पादित जनशक्ति कमजोर छन् भने अर्कोतिर मिडिया संचालकहरू नै आर्थिकरूपले बलियो हुन सकेका छैनन् । अझै पनि केही सञ्चारमाध्यममा श्रमजीवी पत्रकारले महिनौँ काम गरेर तलब पाउन नसक्ने अवस्था विद्यमान छ।

पत्रपत्रिकाको वर्गीकरण र वर्गीकरणका आधारमा पाइने लोककल्याणकारी विज्ञापन राजनीतिक प्रभावबाट मुक्त रहन सकेको छैन । नियमित रूपमा निस्किएका केही पत्रिका वर्गीकरण हुनै नपाई आर्थिक आपत् बेहोर्न बाध्य छन् भने राजनीतिक पहुँचका आधारमा केही पत्रिका बजारमा नजाने तर सीमित प्रति छापिएर प्रेस काउन्सिलमा भने पुग्ने अनि राज्यको सुविधा तिनै मिडिया सञ्चालकले कुम्ल्याउने परिपाटी अझै पनि अस्तित्त्वमा रहेको पाइन्छ। भरतपुर महानगरभित्रबाट प्रकाशित हुने केही साप्ताहिक पत्रिकाको यस्तै कमाउधन्दा पूर्णरूपमा बन्द भइसकेको छैन।

वर्तमान अवस्थामा मिडियालाई सङ्कटमा लैजाने काम स्वयम् मिडिया सञ्चालक र पार्टीनिकटका पत्रकारहरूबाट भइरहेको छ । पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घमा पत्रकारहरूबिच होइन, पार्टीका पत्रकार उम्मेदवारहरूबिच प्रतिस्पर्धा हुने गरेको छ। पछिल्लो समयमा त राजनीतिक दलको गठबन्धनशैली पत्रकारहरूको चुनावमा पनि देखा परेको छ। अझ चुनावमा भड्किलो खर्च गरेर नेतृत्व हत्याउने विकृत खेल समेत सुरु भएको छ। यसले पनि वर्तमान अवस्थामा पत्रकारितालाई सङ्कटतर्फ धकेलेको छ।

**आचारसंहिताको उल्लङ्घन**

पत्रकारिताभित्रका विकृतिलाई नियन्त्रणमा ल्याउन र अन्त्य गर्न प्रेस काउन्सिल नेपालले पत्रकार हरूका लागि आचारसंहिता जारी गरेको छ । प्रेस स्वतन्त्रताको सदुपयोगमा अभिवृद्धि गराउने उद्देश्य लिई सर्वप्रथम २०६० सालमा पत्रकार आचारसंहिता जारी भएको थियो । नेपाल पत्रकार महासंघ समेतको सहमतिमा पत्रकार आचारसंहिता २०६० जारी भएको थियो। यसमा आवश्यक परिमार्जन गरी पछिल्लो समय पत्रकार आचारसंहिता २०७३ कार्यान्वयनमा ल्याइएको छ।

पत्रकारिता गर्नेहरूले गर्न सक्ने मनपरी रोक्न पत्रकार आचारसंहिता आयो तर पत्रकारितालाई कमाइखाने भाँडो बनाउने काम अझै रोकिएको भने छैन । पत्रकार आचारसंहिता २०७३ को धारा ५ मा पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने कामलाई उपदफाहरूमा प्रष्ट पारिएको छ। उपदफा ८ (१) मा पत्रकार तथा सञ्चारमाध्यमले विज्ञापनलाई समाचार, लेख वा अन्य कुनै सम्पादकीय सामग्रीको रूपमा र समाचारलाई विज्ञापनको रूपमा प्रस्तुत गर्नु हुँदैन भनी स्पष्ट भनेको छ। व्यवहारमा भने यस बुँदाको उल्लङ्घन भएको पाइन्छ।

भरतपुरबाट प्रकाशित सञ्चारमाध्यम मात्र नभई राजधानीबाट प्रकाशित हुने मूलधारका मिडियाले नै यस बुँदाको उल्लङ्घन गरेको पाइन्छ । कर्पोरेट समाचारका नाममा विज्ञापन सामग्री प्रकाशित हुँदै आएका छन् । अझ कतिपय विज्ञापन नै समाचारको शैलीमा समेत आएका छन् । कतै कुनामा सानो अक्षरले एडिभिटी लेखेर पत्रकार आचारसंहिताको धज्जी उडाउने काम मूलधारका मिडियाले नै गरेका छन् । भरतपुरबाट प्रकाशित हुने वा प्रसारित हुने मिडियाले पनि ठुला मिडियाबाट यस्तै काम सिकेका छन् तर एडिभिटी लेखेर विज्ञापनलाई समाचारको स्वरूपमा प्रकाशित गर्ने काम भने गरेका छैनन् । यसलाई राम्रो पक्ष मान्न सकिन्छ ।

**सकसमा श्रमजीवी**

श्रमजीवी पत्रकारहरूको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गर्न तथा निजहरूको व्यावसायिक दक्षता प्रवर्द्धन गर्न प्रोत्साहित गरी स्वच्छ पत्रकारिताको विकास गर्ने उद्देश्यले श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०६१ आयो । यो ऐनमाथि २०६४ साल साउन २७ गते पहिलो संशोधन भयो । संशोधित ऐनले पत्रकारहरूको पेसागत सुरक्षालाई सुनिश्चित गर्नका लागि थप कानुनी आधारहरू प्रदान त गऱ्यो तर व्यावहारिक रूपमा भने ऐन हुनु र नहुनुको अन्तर श्रमजीवी पत्रकारले महसुस गर्न पाएका छैनन् ।

यसलाई अझ प्रष्ट पारौँ । श्रमजीवी पत्रकार ऐनको दफा ३ (क) मा व्यवस्थापकले ऐन बमोजिम नियुक्ति नदिई कुनै पनि व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा काममा लगाउन नहुने स्पष्ट व्यवस्था गरेको छ तर भरतपुर महानगरपालिकाभित्र सञ्चालित थुप्रै सञ्चारमाध्यमले नियुक्तिपत्र दिनुपर्ने प्रावधानलाई पालना गरेका छैनन् । नेपाल पत्रकार महासङ्घमा सदस्यता प्राप्तिका लागि निवेदन दिँदा वा सदस्यता नवीकरण गर्दा भने ऐनले तोकेको ढाँचामा नियुक्तिपत्र प्रिन्ट गरी बुझाउने काम हुन्छ ।

केही सञ्चारमाध्यमले नियुक्तिपत्र दिए पनि करार भनी दिने गरेका छन् । अझ सुरुमा परीक्षणकाल भनी काम लगाउने र परीक्षणकाल नसकिँदै कामबाट निकाल्ने, नियुक्ति दिनु परेमा अस्थायी वा करारमा दिने, पारिवारिक सदस्यको नाम स्थायी कर्मचारीमा देखाउने काम देशका अन्य भागमा जस्तै भरतपुरभित्र पनि हुने गरेको पाइन्छ । नियुक्तिपत्र लिएर काम गरेका श्रमजीवी पत्रकारले पनि तीन-चार महिनासम्म तलब नपाएपछि काम छाड्ने गरेका उदाहरण भरतपुरभित्रै छन् ।

प्रस्तुत लेखमा श्रमजीवी पत्रकार ऐन र आचारसंहिताको उल्लेख गर्नुको कारण वर्तमानमा भरतपुरको पत्रकारिता कुन दिशामा अगाडि बढिरहेको छ भन्ने बुझ्न सजिलो होस् भन्ने नै हो । बोलीले ठुला कुरा गर्ने तर व्यवहारमा राजनीतिक पहुँच र संलग्नता खोजिने परिपाटीले नै आज श्रमजीवीलाई सकसमा पारेको छ । हरेक क्षेत्रमा भइरहेको अति राजनीतिकरणले व्यवस्थाप्रति नै वितृष्णा जन्माउने काम गरेको छ । अतः सङ्कटपूर्ण वर्तमानबाट भरतपुर महानगरको पत्रकारितालाई मुक्त गर्ने हो भने सर्वप्रथम राजनीतिक रङका आधारमा हुने विभेदको अन्त्य पत्रकार महासंघबाटै सुरु हुनु पर्छ । स्थानीय सरकारले पनि कम्तीमा पत्रकारिता क्षेत्रलाई राजनीतिक रङबाट मुक्त पार्ने काम गर्न सक्नुपर्छ ।

**सन्दर्भ सामग्रीहरू :**

पत्रकारिता हाते किताब, प्रकाशकः नेपाल प्रेस इन्स्टिच्युट, काठमाडौँ ।

पत्रकार आचारसंहिता २०७३, प्रकाशकः प्रेस काउन्सिल नेपाल, काठमाडौँ ।

श्रमजीवी पत्रकारको हाते पुस्तिका, प्रकाशकः न्यूनतम पारिश्रमिक निर्धारण समिति, काठमाडौँ ।

पत्रकारिता स्मारिका, प्रकाशकः नेपाल पत्रकार महासंघ, जिल्ला कार्य समिति, चितवन ।

卐

कविता

# म शिक्षक हुँ



होमनाथ भण्डारी*

तोते बोलीहरूलाई सच्याउँदै
शब्द, वाक्य र अनुच्छेदमा रूपान्तरण गर्ने
दृढ अठोटमा प्रतिबद्ध
लामो दूरीको यात्री हुँ म
उनका धर्मराएका पाइलाहरूलाई
औंलाको सहारा दिदैं
निर्दिष्ट गन्तव्य सुनिश्चित गर्ने
गहन जिम्मेवारी बोकेको छु मैले
म शिक्षक हुँ

उनीहरूको मुस्कान मेरो खुसी,
उनीहरूको रोदन मेरो दुःख
उनहरूको गति, प्रगति र सम्मति खोज्ने
निरन्तरको रखवारे
म शिक्षक हुँ

जीवनको जवानी, ऊर्जालाई
उनीहरूको सिकाई र सर्वाङ्गीण
प्राप्तीसँगै सहजै साट्न सक्ने
योग्यता र चाहना छ मसँग
अनेकन गल्ती कमजोरीलाई
सिर्जनशीलताको आँगन बनाउने बानी छ मेरो
दाँते, मिल्टन हेलन र होमरहरू,
पारिजात, झमक र देवकोटाहरू
मलाई घच्घच्याउने, डोऱ्याउने, चलाउने जगाउने
मेरो कलमलाई जिस्क्याउँने
अजस्र प्रेरणाकर स्रोत हुन्,
म शिक्षक हुँ

पुरस्कार, मान-सम्मान र अपमानले
ठुलो ठाउँ नपाउने
आत्मगौरव, आत्मस्वाभिमान र
स्वावलम्बनले हराभरा
सङ्घर्षशील एक अथक यात्री हुँ म
घृणा, घाउ र तिरस्कार अनि बहिष्करणहरू
थान्को लगाउने मिनान्डो छ म भित्र
मन, मष्तिस्क, शरीर र समर्पणले
उनीहरूको जीवनमा मूर्तिकृत
उपलब्धिहरूले गगन भेदी सगरमाथाहरू छन् मभित्र
म शिक्षक हुँ

हजारौँ प्रेरणाको झरना बनेर
होस्, सङ्कल्पसहित अविरल प्रवाहित प्रवाह हुँ म,
न जित्नु छ, न हार्नु छ
न लुट्नु छ, न पोको नै पार्नु छ
मलाई कलमको निरन्तर साथ छ
भोलिको राजमार्गका गतिशील यात्रीहरूको
कलिला मन, मुटु र हातहरू छन् मसँग
जसलाई समाउदै आकार दिंदै
म पुरानो मान्छेले
नयाँ जीवनहरूलाई
रङ्गीन बनाउने कर्ममा
सदा मख्ख छु, रहिरहने छु।
म शिक्षक हुँ

नृत्यको हुटहुटी, गायनको गुञ्जन
विचित्रको चित्रकार, चेतना र सङ्कल्प बोकेको शिल्पकार हुँ म,
लुम्बिनीबाट बटुल्दै स्वयम्भुबाट हेर्दै
निरन्तर प्रज्ज्वलित शान्तिदीप जस्तै
केवल ज्ञानको भोक जगाएर
सिक्ने र सिकाउने
चटारो मात्र छ
म शिक्षक हुँ

卐

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

कविता

# प्रतापको देशमा



सुरेन्द्र अस्तफल*

प्रिय प्रताप
हामी तिमीलाई सम्झिरहेछौँ यतिबेला
तिमीले चलाएको गाईजात्रा
अब वर्षको एकदिन मात्र रहेन नेपाल खाल्डोमा
बर्सैभरि हरेक दिन
हरेक रात
बेला कुबेला
भोगिरहेछौ हामी गाईजात्रा
देखिरहेछौँ हामी गाईजात्रा

प्रिय प्रताप
अहिलेको नेपाली गाईजात्रामा
सिँगारिदैनन् गाईहरू
टाँसिदैनन् छातीमा
मृतकका सम्झनाहरू
जिउँदा मान्छेहरू
मरेका मान्छेहरूको मुकुन्डो लगाएर
मनाइरहेछन् गाईजात्रा
सक्नेहरू बनेर अङ्गुलीमाल
अभिनय गरिरहेछन् गाईजात्राको

प्रिय प्रताप
अब तिम्री प्राणप्यारी रुक्मिनीको
वेदनाको आगो निभाउन
चक्रवर्तेन्द्रको शोकमा
न रानीरोखरी बनाउनुपर्छ
न गाईजात्राको
बर्से नाटक रचाउनुपर्छ
अहिले त
सत्ताको भोगले जन्माइरहेछ गाईजात्रा
सत्ताको रापले जन्माइरहेछ गाईजात्रा
तिम्री रानी रुक्मिनी भएकी भए आज
भन्ने थिइन् यतिबेला
प्रिय प्राणनाथ
भो अब शोकको गाईजात्रा बन्द गर

प्रिय प्रताप
अहिलेको गाईजात्रामा
उही सदनमा कुर्लन्छ
उही सडकमा डुक्रन्छ
उही बालुवाटारमा आसन जमाउँछ
उही सिंहदरबारमा शासन जमाउँछ
उही सर्वहाराको मुक्तिदाता
उही होली वाइनको सृष्टिदाता
खाएर सधै सधै
मार्सी चामलको भात

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान।

बाँडिरहेछ गरिबहरूलाई उधारा सपना
सत्तापक्ष पनि उही
विपक्ष पनि उही
दिन पनि उही
रात पनि उही
गज्जबको गाईजात्रा चलिरहेछ नेपाल खाल्डोमा

प्रिय प्रताप
तिमीले चलाएको गाईजात्रा
अहिले सत्ताको  रोइलो भएको छ
हामीले ल्याएको गणतन्त्र
अहिले मकैको खोइलो भएको छ
श्रीपेचबिनाका महाराजहरू
हरेक दिन बुट बजार्दै
राजधानीबाट कटुवाली गरिरहेछन्
उतारिरहेछन् शरीरका वस्त्रहरू
बनेर हजार जिभ्रा भएका शेषनागझै
सगौरव भनिरहेछन्
म नै राष्ट्र हुँ
म नै सृष्टि हुँ
म नै दृष्टि हुँ

प्रिय प्रताप
विधानले पुगेन हामीलाई संविधान बनायौँ
प्रजातन्त्रले पुगेन हामीलाई गणतन्त्र बनायौँ
अञ्चलले सुनेन हामीलाई प्रदेश बनायौँ
यतिबेला नेपाल खाल्डोमा
थरी थरीका रूप बोकेर
थरी थरीका रङ पोतेर
बुँख्याचा तालमा नाचिरहेछन्
गाईजात्राका नवीन संस्करणहरू
मिचिएर विधिको शासन
बजिरहेछ निरङ्कुशताको दुन्दुभी
अब  केही त बोल प्रताप
कि गाईजात्राको पुरानो खेल बन्द गर
कि गाईजात्राको नयाँ खेल बन्द गर
एउटै देशमा
दुई खाले गाईजात्राको के अर्थ हुन्छ र ?

प्रिय प्रताप
अहिलेको गाईजात्रामा
उही सदनमा कुर्लन्छ
उही सडकमा डुक्रन्छ
उही बालुवाटारमा आसन जमाउँछ
उही सिंहदरबारमा शासन जमाउँछ
उही सर्वहाराको मुक्तिदाता
उही होली वाइनको सृष्टिदाता
खाएर सधैंसधैं
मार्सी चामलको भात
बाँडिरहेछ गरिबहरूलाई उधारा सपना
सत्तापक्ष पनि उही
विपक्ष पनि उही
दिन पनि उही
रात पनि उही
गज्जबको गाईजात्रा चलिरहेछ नेपाल खाल्डोमा ।

卐

१५७ औँ मोती जयन्तीका अवसरमा महानगर प्रज्ञा-प्रतिष्ठानद्वारा मिति २०७९।०५।११ गते आयोजित **अहङ्कारको आयु लामो हुँदैन** विषयक राष्ट्रव्यापी समस्यापूर्ति कविता प्रतियोगिताका उत्कृष्ट काव्य रचनाहरू

## प्रथम



नारायण पोखरेल
गोरखा

ससम्मान छाती उघारेर भित्र
दिएँ बस्न दाह्रा धसिस् हैन मित्र
दिइस् कष्ट काडाँ खपि सक्नु छैन
अहङ्कारको आयु लामो हुँदैन ।

लगाएर आगो जलायो कलेजो
जमेको छ कालो सलेदो न लेदो
उचाल्दै पछार्दै घिसार्दै छ हैन
अहङ्कारको आयु लामो हुँदैन ।

म हीरा चिनेनौ भनी झोकि'दै छु
तुलोभित्र पत्रू बनी जोखि'दै छु
अहम् उम्लिँदै पोखियो दूध हैन
अहङ्कारको आयु लामो हुँदैन ।

समाएछु झुप्पो झुसे काउछोको
चिलायो कन्यायो गयो जिन्दगी यो
भयो छट्पटी हा ! चिमोटेर चैन
अहङ्कारको आयु लामो हुँदैन ।

घुमेका घुम्यै छन् मलाई घस्यौटा
घस्यौटी घस्यौटाहरूको म द्यौता
बकिस् दम्भ धूलो उँडाएर भैँमा
अहङ्कारको आयु लामो हुँदैन ।

अहङ्कारले विश्व धूलो बनायो
अहङ्कारले लाज आफैँ लजायो
दबोस् दम्भको दम्दमी चाहिँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

अहङ्कार केमा ? धुरीमा करायो
अहङ्कारले माधुरीमा हरायो
अहङ्कार निस्केर जा ठाम छैन
अहङ्कारको आयु लामो हुँदैन ।

卐

## द्वितीय



कृष्णशरण उपाध्याय
देवघाट

धनैश्वर्य उन्मत्तता नष्ट हुन्छ
पदैश्वर्य सत्ता - नशा ध्वस्त हुन्छ
मपाईंत्व ले जून - तारा छुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

म ठूलो म जान्ने नठानोस् कसैले
स्वयं देश धान्ने नमानोस् कसैले
धुलो बन्छ सत्तामुखी शान चैन
अहङ्कारको आयु लामो हुँदैन ।

घमण्डी बनी बाँच्दथे रावणादि
अहम् साँच्दथे कंस दुर्योधनादि
खरानी बने, कीर्ति क्वै गाउँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

हुँदा अर्द्ध गाग्री छचल्कन्छ धेर
बढी खाद ले बोट मल्कन्छ हेर
कसै काग क्वैली बनी गाउँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

नठानोस् कसैले हुँ सर्वोच्च शक्ति
नमानोस् स्वयं एक दुर्जेय व्यक्ति
सधैं ऊ यहाँ मेघ झैँ छाउँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

सधैँ हुन्न कुर्सी र सत्ता कसैको
सधैँ हुन्न मार्सी र भत्ता कसैको
ढली जान्छ; पर्खाल जो लाउँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

卐

## तृतीय



ओमप्रकाश खरेल
देवघाट

कयौँ पुण्यले प्राप्त भो देह हेर
अझै बस्दछौँ द्वेष,डाहा गरेर
अहङ्कारले देहमा दिन्न चैन
अहङ्कारको आयु लामो हुँदैन।

छ उद्योग वा यान मेरो भनेर
अझै हिंड्न खोज्छौँ भलाद्मी बनेर
छ जो आज सम्पत्ति भोली हुँदैन
अहङ्कारको आयु लामो हुँदैन।

सँधै लोभ वा मोहमा पौडिदैछौँ
सँधै अर्थको ध्यानमा दौडिदैछौँ
यहाँ प्राण जाने निधो केहि छैन
अहङ्कारको आयु लामो हुँदैन।

भनौँ आज आफ्ना,पराया चिनेनौँ
र यो माथ कैलै झुकाई हिडेंनौँ
जसै अग्निले जल्छ पग्लिन्छ मैन
अहङ्कारको आयु लामो हुँदैन।

मजस्तो धनी छैन भन्ने जनायो
तँ सानो ठुलो मै हुँ भन्ने बनायो
अहङ्कारले चित्तमा शान्ति छैन
अहङ्कारको आयु लामो हुँदैन।

卐

## सान्त्वना



चेतना वाग्ले
भरतपुर

भनोस् पुत्रले देश यो चाँहिदैन
र माटो र पानी हवा चाँहिदैन
न रोऊ न आमा, सधैँ विर्सदैन
अहंकारको आयु लामो हुँदैन।

छँदा वैँश त्यो काख विर्सेर जाला
पियोस् जिन्दगीको चकाचौंध प्याला
नशामा सधैँ पुत्र त्यो लठ्ठदैन
अहंकारको आयु लामो हुँदैन।

हिडोस् भड्किएला कतिञ्जेलसम्म
घुडो फड्किएला कतिन्जेलसम्म
यहाँ काल झैँ औषधी केहि छैन
अहंकारको आयु लामो हुँदैन।

भुलोस् देशको सभ्यता धर्मभाषा
भुलोस् वीरको पौरखी शौर्यगाथा
सधैँ मेघले चन्द्रमा छोपिदैन
अहंकारको आयु लामो हुँदैन।

सधैँ सूर्य आकाशमा चम्कदैन
सधैँ चन्द्र पूर्णत्वले पूर्ण छैन
सधैँ वृक्ष ठाडो भई उभ्भिदैन
अहंकारको आयु लामो हुँदैन।

पुकारेर फर्कन्छ नेपाल आमा
घुँडानेर लत्रन्छ ढोगेर आमा
नदीले हिमाली चिसो विर्सदैन
अहंकारको आयु लामो हुँदैन।

卐

## सान्त्वना



प्रभास घिमिरे
हेटौंडा

कमाएर पैसा बस्यो मोज संग
खुसी किन्छ आफैं रवाफी उमंग
विना प्रेम यो चित्त शान्तै हुँदैन
अहंकारको आयु लामो हुँदैन ।

रुवाई मुमा बाहिरी बन्छ सच्चा
स्वयं नेत्र छोपेर संसार अन्धा
पखाली गधा हेर गाई हुँदैन
अहंकारको आयु लामो हुँदैन ।

हुने छैन प्रासादको धाक जाती
भिखारी सधैं चैनले सुत्छ राती
कि सन्तोषको भोक चासो हुँदैन ?
अहंकारको आयु लामो हुँदैन ।

कुनै दम्भको आडमा बस्छ मान्छे
कसै वेदनामा खुसी हुन्छ मान्छे
दया प्रेमले व्यक्ति सानो हुँदैन
अहंकारको आयु लामो हुँदैन ।

धनी निर्धनी जो सबै हुन् समान
व्यवस्था उसैको यही एक जान
बडो मुर्खको ओखती क्यै हुँदैन
अहंकारको आयु लामो हुँदैन ।

卐

## वाचन छनौट



कृष्णप्रसाद पोखरेल
इच्छाकामना

कतै निष्ठता भित्र लुक्छन् घमण्ड
मडारिन्छ भित्रै कसैको बिढङ्ग
उचाले अहम्ता कहाँ पोखिदैन
अहङ्कारको आयु लामो हुँदैन ।

बगेकोछ पानी बनी नित्य दानी
झरेकोछ झर्ना बनी दृश्य दामी
त्यहाँ दम्भको बाढ पस्नै हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

घमण्डीहरू मा दया पाइदैन
महामूर्खलाई निहुँ चाहिँदैन
शनै: त्यो नखुम्ची धरैपाउँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

अहम्ता धनैमा कसैको छ रुप
कसैको पदै बाट बन्छन् कुरुप
सबै अल्प ज्ञानी लिँदैछन् कमान
अहङ्कारको आयु लामो हुँदैन ।

अहङ्कार टिक्दैन धैरै भनेर
सदा आसमा नै नबाचौँ कुरेर
सही बस्नुपर्ने प्रतीक्षा हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

सुखीको अहम्ता नहोस् आर्त माथि
जवानी अहम्ता नहोस् वृद्ध माथि
धनीको अहम् दीन माथि हुँदैन ।
अहङ्कारको आयु लामो हुँदैन ।

卐

## वाचन छनौट



कृष्णप्रसाद न्यौपाने

हिसी रूप शोभा र लाली जवानी
हिरा द्रव्य मोती स्वयम् जिन्दगानी
मदोन्मत्त छोडौं सधैं एक छैन
अहङ्कारको आयु लामो हुँदैन ।

बगायो नदीले बलौटो र माटो
घटी भेल पानी उही पौंध टुङ्गो
अकासिन्छ तामा जिमी छोडिँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

जमामर्द आफैं खसालिन्छ तारा
भए बात टिप्ने अकाशे सितारा
नचालेर खुट्टा चुली भेटिँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

घुमेको छ पृथ्वी कतै रोकिँदैन
महात्मा दया गर्छ पैसा छुँदैन
बुझक्की विवेकी वितण्डा लिँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

महाराज, मन्त्री न संसार जेता
घमन्डी लुटाहा कहाँ टिक्छ नेता
पिराहा जिराहा हठी राखिँदैन्
अहङ्कारको आयु लामो हुँदैन ।

जुटौं एकतामा उठाऔं समाज
चिनारी बनाऔं नयाँ विश्व माझ
छ यो देश प्यारो लुटी खानु हुन्न
अहङ्कारको आयु लामो हुँदैन ।

卐

## वाचन छनौट



गौतम मनीष
देवघाट

म राजा कि मृत्युञ्जयी तुल्य लाग्छ
सबै झूट हुन्छन् सही मै हुँ लाग्छ
अहं सल्किँदाखेरि यो सोचिदैन
अहङ्कारको आयु लामो हुँदैन ।

दशौँ टाउका बोक हुंकार ल्याऊ
उठाएर कैलास हल्ला चलाऊ
कहाँ रामका वाण छन् लक्ष्यहीन ?
अहङ्कारको आयु लामो हुँदैन ।

सबै हात गोडा हलुङ्गा बनाई
नदी जिन्दगीका तरौँ दाजुभाइ
गह्रौँ बन्छ जो, ऊ कतै तैरिँदैन
अहङ्कारको आयु लामो हुँदैन ।


छिटाको अहं छैन अस्तित्त्वपूर्ण
'कलौ शक्ति संङ्घे' बुझे दुःख हुन्न
ममात्रै जिऊँ भन्नुमा अर्थ छैन
अहङ्कारको आयु लामो हुँदैन ।

भलै डिम्ब टेस्ट्यूबमा हुर्किएलान्
विना गर्भ को प्राणदाता हुनेछन् ?
कि स्वीकार्न विज्ञानले चाहदैन ?
अहङ्कारको आयु लामो हुँदैन ।

सबै कर्म अर्पेर रित्तो बनेर
यहीँ मुक्तिको खोजमा उत्रिएर
कला जिन्दगीको सिकौँ रोइँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

卐

## वाचन छनौट



टङ्कराज ढकाल तितेपाती
गैंडाकोट

पराया चलानी कुनै काम छैन
हटा धुन्धुकारी बफादार छैन
विषादी घुलेको चियापान हैन
अहङ्कारको आयु लामो हुँदैन ।
कराएर कौवा दलाली हुँदैन
खरायो मुसाको पखेटा हुँदैन
जरायो डुलेको वनेली रुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।
विदेशी मस्यौरा हटाऊ रुचेन
रुपैया र पैसा समाधान हैन
चनाको परौठा नमीठो हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।
विधाता नमान्ने यजुर्वेद छैन
जहाँ बिष्णु ब्रह्मा निराकार हैन
पुरोडाश जस्तो हविष्यान्न छैन
अहङ्कारको आयु लामो हुँदैन ।
धरा लिम्पियाको सुरक्षा हुँदैन
र भूमाफियाको भरोसा हुँदैन
भताभुङ्ग पार्छन् मझेरी हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।
कतै रोग बढ्दा सिटामोल छैन
छ बेरोजगारी अचाक्ली छुँदैन
दया भावना खै तिरस्कार हैन
अहङ्कारको आयु लामो हुँदैन ।
गुलावी मस्यौदा जनाधार छैन
फसाएछ मान्छे मुनाफा दिंदैन
सदा आत्मश्लाघा उज्यालो हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

卐

## वाचन छनौट



नवराज अधिकारी

सदाचार पाली सुखी बन्नलाई
दुराचार फाली गुणी बन्नलाई
लडौं सभ्यताका हजारौं लडाइँ
बनुन् दीर्घजीवी सबै दाजुभाइ ।
अहङ्कार मर्दा सदाचार बढ्छ
सदाचार बढ्दा महाज्ञान मिल्छ
त्यसैले निकालौं दुराचारलाई
सधैं जित्न तम्सौं जराजन्मलाई ।
जहाँ सभ्यताले मिठो बात गर्छ
त्यहीं दुष्टताले सधैं घात गर्छ
दुराचार अध्यात्मवादी हुँदैन
अहङ्कार दीर्घायु भै फर्किंदैन ।
महाशक्तिशाली म बन्ने छु आज
म चाहन्नँ लाछी पछौटे समाज
भनी भ्रष्टताको समातेर फेर
बनी क्रान्तिकारी गरौं केरकार ।
भलै शक्तिशाली र खुङ्खार होला
भलै सभ्यता नै डराएर रोला
जसै मर्छ अल्पायुको दुष्ट भोलि
बसौं आज हामी नबोली नबोली ।
त्यही मौनताले लघार्छ पछार्छ
चलाएर आँधी बढारेर फाल्छ
कसै देशद्रोही भई बाँचिदैन
रुवाएर माटो अब हाँसिदैन ।
त्यसैले त साथी उठौं जुर्मुराऔं
बनौं कर्मयोगी सधैं मुस्कुराऔं
बिना सिर्जनाले खुसी फर्क्रिंदैन ।

卐

## वाचन छनौट



नारायण मुडभरी
तनहुँ

बगोस् बेगले यो नदी उर्लिएर
पुगोस् सिन्धुमा यी किनारा भुलेर
पुगे सिन्धुमा यो नदी यो रहन्न
अहंकारको आयु लामो हुँदैन ।

कहाँ जान्छ अस्तित्वको खोल हाम्रो
कहाँ पुग्छ यो बैंसको भेल हाम्रो
कहाँ उड्छ यो सास पत्तै हुँदैन
अहंकारको आयु लामो हुँदैन ।

कहाँ सिद्धियो देहको बाल काल
कहाँ लत्रियो वज्रझै व्योम काल
यहाँबाट कस्ले कहीं क्यै लिँदैन
अहंकारको आयु लामो हुँदैन ।

बडेमान पर्खाल बाधोस् कसैले
उचालेर खुट्टा बजारोस् कसैले
यहाँ शैलले व्योमलाई छुदैन
अहंकारको आयु लामो हुँदैन ।

यहाँ को छ यो जिन्दगीमा प्रसन्न
कयौं जन्मको पाप कस्ले सहन्न
बिना तेल प्याला उज्यालो दिंदैन
अहंकारको आयु लामो हुँदैन ।

सबै फूल यी मूर्तिका हार हुन्नन्
सबै देव पाषाणमा हेर हुन्नन्
झरे फूलमा बासना क्यै हुँदैन
अहंकारको आयु लामो हुँदैन ।

卐

## वाचन छनौट



प्रवीण काफ्ले

म हूँ न्यायको मूर्ति मैँ संविधान
म नै देवका देव भन्ने नठान
मपाईँ गरी चन्द्रमा छोइँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

अहङ्कारले जिन्दगी डग्मगाई
न साथी न आफन्त, सारा पराई
सबै छुट्टिँदा पाइला थामिँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

अहम्ले भयो युद्ध, सन्त्रास छायो
अहम्नासियो, सत्यले जीत पायो
अहम्ले थिचे, अग्रगामी हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

म बाँचूँ, म हाँसूँ, म खाऊँ, म लाऊँ
सबै दुःख पाऊन्, ममात्रै रमाऊँ
यही सोच राखेर मिल्दैन चैन
अहङ्कारको आयु लामो हुँदैन ।

'म' छाडेर हामी सबै एक होऔँ
अहङ्कारको दाग घोटेर धोऔँ
कुनै खोट बन्धुत्वमा पाइँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

卐

## वाचन छनौट



मीरा तिमिल्सिना 'धरा'
भरतपुर

न आफ्नो छ मान्छे न अर्को छ मान्छे
न ज्ञानी छ मान्छे न ध्यानी छ मान्छे
म जस्तो कहाँ पाउँनू पाइँदैन
अहङ्कारको आयु लामो हुँदैन।

सुरा सुन्दरीमा भुलेको छ मान्छे
झुटो दौतरीमा झुलेको छ मान्छे
विना स्वार्थमा को छ खै भेटिँदैन
अहङ्कारको आयु लामो हुँदैन।

छ भोको छ रोगी र नाङ्गो छ मान्छे
डकारेर हिँड्दै यतै घुम्छ मान्छे
दया प्रेमको भावना देखिदैन
अहङ्कारको आयु लामो हुँदैन।

तिलस्मी छ मान्छे खुराफात मान्छे
छ चण्डाल मान्छे अरिङ्गाल मान्छे
सबै गिद्ध छन् बुद्ध नै भेटिँदैन
अहङ्कारको आयु लामो हुँदैन।

दुराचारमा खोज्छ आचार मान्छे
सदाचारमा हुन्छ लाचार मान्छे
स्वयम्मा अनादरले सप्रिदैन
अहङ्कारको आयु लामो हुँदैन।

बिगारेर बाटो हिंडेको छ मान्छे
बिराएर हुङ्कारले फुल्छ मान्छे
उठेँ भन्छ गड्दैछ झन् उत्रिदैन
अहङ्कारको आयु लामो हुँदैन।

卐

## वाचन छनौट



विमला अधिकारी देवकोटा
भरतपुर

घमन्डी बनी जिन्दगीमाझ आए
सुरापान गर्दै सधैँ बर्बराए
कतै शान्ति सद्भाव दर्शाउँदैन
अहङ्कारको आयु लामो हुँदैन।

दिगो प्रेम ऐले सबै मेटिँदैछन्
छ स्वार्थी जमाना गला रेटिँदैछन्
हुँदा तीव्र हिंसा यहाँ चैन छैन
अहङ्कारको आयु लामो हुँदैन।

छ नेता अहो भोट माग्दै पलामा
दुवै हात जोडेर हिँड्दै थलामा
जिती दम्भ राखे कुनै मान्य छैन
अहङ्कारको आयु लामो हुँदैन।

पुकार्दै छ धर्ती भलो चेत ल्याऊ
अहम् भाव त्यागी मलाई सजाऊ
निकै दम्भ बढ्दा,हर्यो दिव्य चैन
अहङ्कारको आयु लामो हुँदैन।

भलो बातमा चित्त लाए छ बेस
समस्या सबै ती बुझाई समेट
गरे नित्य सेखी भलो छाउँदैन
अहङ्कारको आयु लामो हुँदैन।

卐

## वाचन छनौट



सुनिता लोककल्याणी
देवघाट

म दौडिन्छु मैदान भन्दै गएका
कुनै आज छैनन् यहाँ फर्किएका
अहो ! झूट संसार बन्दैछ चैन
अहङ्कारको आयु लामो हुँदैन ।

म जान्ने म बुझ्ने भनी धाक लायो
दिँदा दिव्य अर्ती नमानी करायो।
कुनै कार्य राम्रो यहाँ खै ! हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

निशा भोगमा मग्न बन्दै बितायो
दिवा मोज सत्कर्ममा मौन छायो
कुनै मन्त्रले चित्त कैले छुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

न वाणी पिताको सुनी काम गर्छौ
परापूर्वको मान्यता छैन भन्छौ
हँसाएर बैरी कुनै काम छैन
अहङ्कारको आयु लामो हुँदैन ।

म यो राज्यको सर्वसम्पन्न बन्छु
म जस्तो विजेता कुनै छैन भन्छु
भनी पेट आफ्नै मुसारेर हुन्न
अहङ्कारको आयु लामो हुँदैन ।

सबै नीच जस्तै अहं भाव बोकी
हिँडेको म देख्दैछु हिंसा नरोकी ।
सयौँ जन्म पाएर अस्तित्व छैन
अहङ्कारको आयु लामो हुँदैन ।

## वाचन छनौट



सुन्दर कँडेल
काठमाडौं

अहङ्कारले मारिए कंश बाली
कुनै दोष मेटिन्न धोई पखाली
सबैथोक के प्रेमले पाइदैन ?
अहङ्कारको आयु लामो हुँदैन ।

ठड्याए नि प्रासाद ठूला मकान
खुसी मिल्छ सन्तोषले मात्र जान
अहंभावले चैन कैले दिदैन
अहङ्कारको आयु लामो हुँदैन ।

सबै स्नेहको द्रव्य आफ्नो हुँदैन
किनेको फिका प्रेम साँचो हुदैन
विना स्वार्थको प्रेम के भेटिदैन ?
अहङ्कारको आयु लामो हुँदैन ।

न झुल्के भने गर्वले सुर्य प्रात
बिरानो हुनेछन् सुनौलो प्रभात
स्वयं मात्रमा पूर्ण कोही हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

कमाए नि लाखौँ सबै बिर्सिएर
कुनै द्रव्य जादैन मर्दा लिएर
अरे! मात्र पैसा सबै थोक हैन
अहङ्कारको आयु लामो हुँदैन ।

## वाचन छनौट



स्पन्दन विनोद
भक्तपुर (हाल पोर्चुगल)

बने शौम्य सोझो सबै दृष्टि पर्छ
भए दुष्ट हामी सबैथोक मर्छ
बुझौँ बालुवामा धुलोले छुँदैन
अहङ्कारको आयु लामो हुँदैन ॥

न सन्तुष्ट बन्छौ सदाचार छोडे
न सत्मार्ग भेट्छौ कुबाटो नतोडे
त्यही द्वेष हाम्रो कुनै मित्र हैन
अहङ्कारको आयु लामो हुँदैन ॥

अझै कर्ण या दक्ष धोस्त छ लङ्का
घमण्डी भएरै भयो त्यो अवस्था
विवेकी छ जो ऊ कतै झुक्नु छैन
अहङ्कारको आयु लामो हुँदैन ॥

न हत्या न हिंसा खुसी जिन्दगानी
भए मार्ग सत् को सताउन्न बानी
परे दुःख आफन्त यौटै रुँदैन
अहङ्कारको आयु लामो हुँदैन ॥

सधैँ खोस्न खोज्छौ कि आन्नद मेरो
स्वयम् माझ घाँडो अहंकार कालो
म खाऊँ म लाऊँ भलो आउँदैन
अहङ्कारको आयु लामो हुँदैन ॥

卐

## वाचन छनौट



श्रीधर पाण्डेय (अनुज)
भरतपुर

म राम्रो छु मैले सबै काम गर्छु
नयाँ सिर्जनामा म जान्ने ठहर्छु
भनी विश्वमा आज केही हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

छु सम्पन्न आफै सबै छन् भिकारी
सबै जन्तुजस्ता म मात्रै सिकारी
कसैको कुरामाथि विश्वास छैन
अहङ्कारको आयु लामो हुँदैन ।

खुबै सान तिम्रो छ सम्राट रानी
सबै देह यो बन्छ माटो खरानी
दिवामा कतै चन्द्रको तेज छैन
अहङ्कारको आयु लामो हुँदैन ।

सबैले यहाँ मात्र सम्मान खोज्छन्
स्वयं मात्र राम्रो सबै नीच देख्छन्
अहं भावले छैन सन्तोष चैन
अहङ्कारको आयु लामो हुँदैन ।

गरौँ नित्य सेवा गरौँ मात्र पुण्य
यसै आउँछौँ जाँदछौँ हात शून्य
कतै कालले भेद गर्ने हुँदैन
अहङ्कारको आयु लामो हुँदैन ।

卐

## वाचन छनौट



श्रीरेन्द्र प्रकाश पोखरेल
कुरिनटार

धनी शक्तिशाली र पाण्डित्य काम
म राम्रो छु भन्दै पुकारे र  नाम।
घमण्डी यिनै पाँचको साथ छैन।
अहङकारको आयु लामो हुँदैन।

मपाइँ  प्रतापी गुणादी बयान
अरूछन् मतापी कतै छैन ज्ञान
समस्या समाधान तेस्ले दिदैन
अहङ्कारको आयु लामो हुँदैन।

डकार्छौ हकार्छौ बहाना बनाइ
न आमा न बावा तथा दाजु भाइ
घमण्डी कसैको जवानी छुँदैन
अहङ्कारको आयु लामो हुँदैन।


अदाच्छे छु भन्ने छ कस्तो भनाइ
बिसौतीहरू को मिठो साथ पाइ
फुटेको कराही कतै जोडिँदैन
अहङकार को आयु लामो हुँदैन।

लछार्ने पछार्ने उचाल्ने थचार्ने।
सके सम्म आफ्नो कुरा माथि पार्ने
न ज्ञानी छ दानी परानी त हैन?
अहङ्कारको आयु लामो हुँदैन।

समुत्पन्न हो यो न हो कन्टकारी
अघिल्लो खरावी निमिट्यान्न पारी
सुधारे त वानी  कमी क्यै हुंदैन
अहङ्कारको आयु लामो हुँदैन।

卐

## वाचन छनौट



हरिप्रपन्न शर्मा
भरतपुर

न प्यारी न प्यारा न प्यारै हुनेछन्
न माला न माली न पुष्पै हुनेछन्
न माया न मायी न ज्ञाता न ज्ञान
अहङकारको आयु लामो हुँदैन ।

न आफू हुने छन् न आफ्ना हुनेछन्
भएको छ जेजे खरानी हुनेछन्
बचाई र बाँचे यही हुन्छ सान
अहङ्कारको आयु लामो हुँदैन।

न शिक्षा न भीक्षा न दीक्षा न मान
न राष्ट्रै न भाषा न न्यायै  न  कर्म
न धर्मै न जाती न मान्छे न वर्ण
अहङ्कारको आयु लामो हुँदैन।

न भेषै न भूषा न द्यौता न ज्ञानी
न धर्ती न व्योमै न आगो न पानी
न वेदै न गुम्बा  न ध्यानी  न ज्ञान
अहङ्कारको आयु लामो हुँदैन।

न शास्ता न शाष्यै न सेना न रक्षा
न नेता न नेत्री  न राजा न  वाञ्छा
न योगी न भोगी न द्यौता न ध्यान
अहङ्कारको आयु लामो हुँदैन।

न माता न बाबा न छोरा न नप्ता
न साथी न पैसा न त्राता न भ्राता
न भर्ता न भार्या न जोगी न अन्न
अहङ्कारको आयु लामो हुँदैन।

卐

**८७ औँ भूपि जयन्तीका अवसरमा प्रज्ञा-प्रतिष्ठानद्वारा मिति २०७९।०९।१६ गते आयोजित राष्ट्रव्यापी खुल्ला कविता प्रतियोगिताका उत्कृष्ट काव्य रचनाहरू**

सर्वोत्कृष्ट

# असहमतिको दस्तावेज



यज्ञप्रसाद न्यौपाने (दीपक)
देवदह–२, रूपन्देही

स्कन्धको रमितामा हराएँ भने
कसरी भेटिन्छ चित्तको अँध्यारो गुफा
म करोडौं वर्षदेखि
त्यही गुफाको
मालिक भएर खोजिरहेछु
एउटा अप्रतिम घामको पुरानो डोब

गाउँमा कोदालोले तासिरहेछ
अँध्यारोको वेगवान् खुट्टामा हुर्किएको
मौनताको आखेट
शहरमा कलमको जिब्रोले कोट्याइरहेछ
कोदालो धारमा टल्किएको
पसिनाको रङ्ग

म असहमतिको दस्तावेज
म बृद्ध कपालमा सङ्लिएको
रौंको सेतो रङ
म कसरी त्रासद् नहुन सक्छु
मेरै मृत्युको वरिपरि बसेर
कृष्णले बजाइरहेछ
विप्रलम्भ धुनमा बासुरी

कि मदहोस् भक्त हुँ म
मेरो भक्तिमा पनि आलापले
हाई काढ्छ घरीघरी
मेरो निश्वासले पनि जलाउँछ धर्मधातु

म ऐतिहासिक असहमति कायम गर्न चाहन्छु
यो सत्ताको जस्तो दुर्घन्धित आँखालाई
निभाउन चाहन्छु
दिव्य साधनाको हावाले
र म गहिरो समाधीमा लीन हुन खोज्छु
अहँ !
यो क्लेशले किन मसँगै सहमति खोज्छ
बन्दी पिँजडाको चराझैँ
मनको अनन्त आयतनमा उड्दा उड्दै
खसेँ मरूभूमिको अन्तिम किनार

धुलो टक्ट्काएर उठिन भने
म पराजित सिपाही झैं हुनेछु
यो भिनिष्क्रमणबाट
टक्टक्याउन चाहुन्छु
लाखौं योनीमा जमेको
क्लेशावरणको धुलो।

卐

उत्कृष्ट

## आमा



सुजन थपलिया
ककनी, नुवाकोट

आमा मेरो कलम महिमा लेख्न सक्दैन तिम्रो
यी आँखाले परिधि मनको देख्न सक्दैन तिम्रो
पीडा खप्छन् मन तर सधैँ हाँस्छ तिम्रो मुहार
आमा तिम्रै सपुत म बनी जन्मिऊँ बारबार ।

आँधीबेरी भनन कसरी सक्दछयौ छेक्न आमा
मेरा गल्ती भनन कसरी सक्दछयौ देख्न आमा
उज्यालोले घर चहकिलो हुन्छ आमा हुँदामा
छानो खाँबो दलिन घरको रुन्छ आमा रुँदामा ।

मेरी आमा कवि,म कविता,हौ तिमी एक स्रष्टा
आँखा मेरा फगत भ्रम हुन् छौ तिमी भित्र द्रष्टा
आमा तिम्रो चरण जसमा तीर्थको भान हुन्छ
तिम्रो छातीनजिक नहुँदा पुत्र नादान हुन्छ ।

फाटेका ती मलिन फरिया फेर्न सक्ने बनूँ म
आँखा तिम्रा कति गहन छन् हेर्न सक्ने बनूँ म
तिम्रो हाँसो विविध रङले भर्न चाहन्छु आमा
पूजा गर्दै भवजलधि यो तर्न चाहन्छु आमा ।

हुर्के खाई रसमय सुधा दूधका दिव्य धारा
मात्रै तिम्रा करकमल हुन् जिन्दगीमा सहारा
आमा माया प्रणय ममता त्याग सङ्घर्ष खानी
आमा तिम्रै चरणरजमा सिद्धियोस् जिन्दगानी ।

उत्तम

## पेन्सन



राधिका कल्पित
काठमाडौँ, वनस्थली

बेलीका बा
धुवाँले धैँसिएको पेन्सनपट्टा देखाएर
तिमीले समाउँदा-समाउँदै च्याट्टै छाढेर गएको
यो टुहुरी बुढीऔँठाको ल्याप्चे लगाइ बुझेका
कट्‌कटी पड्‌कने `पल्टने नोट´मा पनि देख्छु
तिम्रा रगतै-रगतका छिटा
बिछोडको सैन खटिरोको दवाई
किन्न नपाइए पनि पैसाले
गला लाग्दा गलामा प्राणको
सुर्की लाउने सितन भएको छ पेन्सन
आफ्नै सन्तानसँग बोल्ने-बोलाउने
साइनो भएको छ पैसा ।
बा-आमाले गर्देको
मेरो बाला-उमेरको राजीनामापत्रमा
सिन्दुरले दस्तखत गरेको पर्सिपल्ट
पल्टन फर्केका तिमी
बेलीको न्वारानलाई फिरेका थियौ
बेलीको मुख हेर्ने सबैले`काटीकुटी बाउझैँ रैछे´ भनेपछि हो बल्ल
मेरा नजरले नधकाई
तिम्रो अनुहारको नक्सा खिचेको ।
बेलीका बा!
`पैसो कमाएर पल्टनबाट फिर्छु र सुख काटम्ला
बुढी´ भन्थ्यौ
त्यही महकदार मनको लड्डुमा एक्लै मुस्कुराउँदा-
मुस्कुराउँदै
तरुनी नभइकन बुढी भएको पत्तै भएन
मुटुको गाँठोबाट रगतको तुना फुस्के जसरी
मेरो जीवनको जुवाबाट तिमी फुत्किएपछि
बाँझो उमेरको मेलो सक्न सारै सास्ती भएको छ,
यतिखेर
भित्तामा झुण्डाइएको तिम्रो राइफल मुसार्दै गमिरहेछु,
यी लाहुरेहरूले किन सिकाएनन् होला
लाहुरेनीहरूलाई
गोली भर्न र राइफल चलाउन ?

प्रोत्साहन

## चिहान खनिरहेको मान्छे !



जनक कार्की
तानसेन, पाल्पा

यो खँदिलो शहर
कुनै समय हुने गर्थ्यो
घना वनजङ्गल
बस्ने गर्थे वन्यजन्तु
तर अहिले मात्र मान्छेका जुलुस बस्ने गर्छन्
यो दुर्गन्धित नदी
कुनै समय थियो निर्मल र पवित्र
अहिले बग्ने गर्छ
ढल र कारखानाको दूषित पदार्थ
प्रदूषणले ढाकेको आकाश
कुनै समय थियो खुल्ला र स्वतन्त्र
जहाँ बादलले चित्र कोर्ने गर्थे
मान्छेका घरमा आएर बसेका
मृतक रुखहरूका झ्याल ढोका
कुनै समय जङ्गलमा सुन्दरताको कविता रच्थे ।
मानिसले लगाएका जुत्ता
भिरेका झोला
बोकेका वालेट
कुनै समय थिए
जीवित जनावर
जो नदीनाला
वनजङ्गलमा
नृत्य गर्थे
र आकाशमा स्वतन्त्रताको गीत गाउँथे
नदीहरू तिर्खाइरहेको यो समय
हावाहरूलाई श्वास फेर्न मुस्किल हुँदै छ
ज्वरो आएको छ हिमाललाई
आइसियुमा छ पृथ्वी
यही हुनुपर्छ सायद तेस्रो विश्वयुद्ध
जसमा मानिसले मानिसलाई अप्रत्यक्ष रूपमा मार्दै छ ।
एउटा भविष्यवाणी हर कोहीले गर्न सक्छ
मान्छेले शहर मात्र बनाइरहेको छैन
आफ्नै चिहान पनि सँगै खनिरहेछ

प्रोत्साहन

## दुर्गा भवानी उठ !



नारायणी अधिकारी
तनहुँ

हा! हा!! प्राण समानका प्रिय सुता पर्दा बलात्कारमा
खै खै न्याय धुरी निदाउँछ घुरी व्यूँझेन चीत्कारमा
आमा हूँ कसरी सहूँ जलनले बढ्दै छ झन् धड्कन
फुट्लाझैँ शिर रन्कियो पटपटी बाँकी छ यो पड्कन ।

गाँज्छन् हिंम्रक चीलले छलगरी चल्ला समाएसरि
झम्टन्छन् उसरी नराधम यहाँ चेली बचून् के गरी ?
पक्री जून-मुना परक्क निमठी सिध्याउँछन् दानव
यो अन्याय जघन्य टुल्टुलु कहाँ हेर्थे भए मानव ।

चस्केझैं छ सियो पसेर मुटुमा देखाउँने के गरी ?
फेर्दै सास म बाच्न सक्छु कसरी खाए कलेजो चिरी
पानी प्यूँछु मुमा भनी नसकिँदै घाँटी थिच्यो हो कठै!
देओ नायक हो जबाफ छ भने संवेदनामा कतै ।

नौलो घाम उदाउला र कहिले हिंड्ने नमानी धक
छोरीको किन छैन यो मुलुकमा निर्धक्क ज्यूँने हक
कल्ले सुन्छ पुकार गर्नु छ वृथा ढुङ्गा बने दे-उता
आफैंभित्र अथाह शक्ति छ झिकौँ आस्था बचाऔँ यता ।

चण्डीतुल्य बनी दिदी र बहिनी छोरीहरू हो उठ !
हे कालीकुल पार्वती भगवती दुर्गा भवानी उठ !
अर्जापौँ तरबार धार खुकुरी खुर्पा खुँडा राम्ररी
मासौं दुष्ट चिनी चटाचट गिँडौँ मूला गिँडेझैं गरी ।

वाचन छनौट

# चिठी



अरुणा ढकाल (अनुराग)
गोरखा

तेरा बा नफर्किने गरी परदेशिएपछि
परको देशसँग खुब गुनासो थियो,
तर तेरो खुसीहरुलाई वर ल्याउन
तँलाई पर-देश पठाएकी हुँ
कान्छा,
मेरो मनले पर पुर्याएको छैन ।

झरीमा तँलाई ओत्ने छत्रीहरूले
तँ रिसाएपछि घुर्की लगाउन बस्ने बलेनीको ढुङ्गोले
पर्खिरहेछन् तँलाई ।
दिन आफ्नो, रात अरुको भन्छन्
तर आजकल
घामले स्पर्श गरिरहँदा
रातजस्तै देखिने दिन एक्लो लाग्छ
सायद मन अँध्यारै भएर होला ।

मनले प्रश्न गर्छ ,
सम्झिन नभ्याउनेलाई बिर्सने फुर्सत पनि त नहुँदो हो ....

यसपाली पनि तगारोमै अड्केको छ - दशैं ।
हुन त तँ गाह्रो मा होलास् कान्छा तर
तगारोले नबिर्सेका तेरा यादहरूलाई
म कसरी नसम्झिऊँ ?
हेर् त
बेलाले कोल्टे फेरिसक्दा पनि
मेरो फरिया फेरिएको छैन
तँलाई यादै होला
तेरा रहरलाई पखेटा हालिदिँदा
मेरो हृदय नाचेको

कहिलेकसो मर्छुझैँ लाग्छ ....
तर
मेरा मनले तेरा टाल्न मिल्ने दुःखहरु टाल्न
खस्रा हातहरूले नरम गालाका आँसु पुछ्न
रित्ता गिजाहरुलाई भरिला हाँसो देखाउन
बाँच्नुछ ।

कान्छा,
परलोक जाने बेलाकी तेरी आमाले
तँ आउने आशा बोकेर परको बाटो हेर्न अझै छाडेकी छैन ।

वाचन छनौट

# चुन्नुलालको नागरिकता



आरपी गाउँले
आठराई-२, तेह्रथुम

चिसो छ बिछ्यौना भुइँ
फाट्यो आकाशको छानो
जडाउरी फाटेर नाङ्गै छ आङ
पहिचानमा बिना सनाखत पाएको नागरिकता
पउरका नियैन कपुरके जैरसे
छोइरक गेल एक जोरा मनसे
जाइमे शीतलहर ।
        बेखबर थ्यो राज्य र पञ्जिकरण
        परारका साल-
        मन्त्रीको सवार हुने बाटो
        विटुलो हुन्छ भनेर लखेटिएँ
        यही पीपलका फेदबाट ।
        जहाँ-
        छोडियो मेरो चुहुने ताप्के,
        थोत्रो भ्वाङ परेको कम्बल
        एक थान चम्का र
        लोती गाँसेका एकजोर पाटे चप्पल ।
मेरी आमा?
राज्यको पेटीमा आश्रय ले'र बसेका साल
मरिन् आन्दोलनमा
राज्यले फालेको अश्रुग्याँसले
फुकेथ्यो रेडियोले बेलुकी
'दोहोरो भिडन्तमा एक आन्दोलनकारीको मृत्यु!'
        बिनालोग्नेकी मेरी आमा
        म-
        राज्यकै सुरक्षा गर्नेहरूबाट
        जन्मेको भन्थे चिया पसलेहरूले
        देशमा प्रजातन्त्र आएपछि जन्मिएको म
        लोकतन्त्रमा टुहुरो भएँ
        गणतन्त्र सबार हुने दिन
        लखेटिएँ चौताराबाट
राज्य !
हमरा नैचाही इ आदमिके
कैल्याकी संसारमे टुक्रा लेकिन
बिछौनमे नैलेलियै हम
चिरल छैय् आकाशमे झोप्री
निकस राख तोहर देशके
इ आदमिके नागरिकता
मलाई परिचय होइन,
राइतमे काटल जमिनके टुक्रा
लेकिन शीत पकैरके छाहैर
हमरा चाहि ई
नाम : चुन्नुलाल
ना. प्र. नं. २०६२/२०६३
नेपाल सरकार ।

वाचन छनौट

## रात पनि अनिदो बसेको रात



उमेश पुन
रुकुम (पश्चिम)

जब स्पर्श गर्छ
चम्किलो शिशु विचारले बुढो विचारलाई
रातमै पनि हिँड्न सक्छ
कलिलो मस्तिष्कभरि उज्यालो नानी घाम
र यहीँ नानी घामले
अँध्यारोमै जन्माइदिन सक्छ चेतनाको नयाँ बीउ
यो धर्तीले बोकी नसक्दै सिङ्गो उज्यालो
यहीँ घामले
अँध्यारोमै थमाइदिन सक्छ सम्भावनाको अर्को बिहानी
लाग्न सक्छ तपाईंलाई
दु:खको बादल ओढेर पनि किन सधैं हिँडिरहन्छ
यो नकचरो घाम !
तर कतै भेट्नुहुन्न यसको सगोल अस्तित्व
किनकि उज्यालोमै पनि
कहिल्यै देख्नुहुन्न तपाई यो घामको कलिलो अनुहार !
युगौंदेखि
मस्त निदाएको
चिसो समयको च्याम्बरभित्र
कतै न कतै रातमै पनि चुहिन सक्छ
कुनैबेला यहीँ माटोमा इतिहास कोर्न
पुर्खाको स्निग्ध आँखाबाट खसेका सम्बोधित आँसुहरू
र तिनै सम्बोधित आँसुहरूले
फेरि ब्युँझाउन सक्छ - अनिदो रातसँगै
हामीमा चुपचाप बास बसेका अनिदा सपनाहरुलाई
हो!
यतिखेर
पुर्खाकै अस्तित्वको काँध थाप्ने एकमुठी माटो
तपाईंको आफ्नै भाग्यको हत्केलाबाट फुत्किएर
जब माटोमै विलय हुन्छ
त्यतिन्जेल असम्भव भन्ने केही छैन
रात पनि अनिदो बसेको रात !

वाचन छनौट

## गाग्री



तीर्थराज विश्वकर्मा
धरान, सुनसरी

समयको छाती टेक्दा टेक्दै
अस्ताउनु लागेको जिन्दगी र खुसी चुहिरहने
गाग्री लिएर इनारमा पानी भर्न गएकी थिइन् आमा
बाटामा फूलहरु ढक्कमक्क फुलिरहेका थिए
मानौँ कसैलाई स्वागत गर्न बसिरहेका छन्
ती फूलहरुलाई पानी होइन
आमाको आँसु बढी मनपर्छ
बर्षौंदेखि
ती फूलहरुलाई
आमा आफ्नो आँसु पिलाइरहेकी थिइन्
केही आँसु आफै पिइरहेकी थिइन्
आकाशको छातीमा
बादलहरु लुकामारी खेलेजस्तै
इनारको छातीमा
उनको छोरा लुकामारी खेल्दै थियो
अँध्यारोमै
क्रान्ति,परिवर्तन,विश्वास,आश र सास झोलामा हालेर
उज्यालो लिन हिडेको छोरा
वर्षौपछी इनारमा देखियो
छोरालाई मायाले छातीमा टाँस्न
छिरेकी थिइन् इनारमा आमा
अहिलेसम्म
न छोरा फर्कियो
न आमा नै फर्किइन्
मायाको
अभावले रित्तिएको छ गाग्रीहरु
बर्षौदेखि इनारछेउ
आँखामा आँसु र आशाको मधुरो किरण लिएर
रित्तो गाग्रीले पर्खिरहेको छ
पर्खनेले जति पनि पर्खिन सक्छ
तर फर्कनेले अलिकति पनि फर्किन सक्दैन
यसरी नै
रित्तो गाग्रीहरुले कति पर्खिएका छन् आफ्नाहरुलाई
यसको हिसाबकिताब
ए देश, तिमीसँग छ कि नाइँ ?

वाचन छनौट

# मातृसत्ता ?



मीना रिमाल
भरतपुर, वैदिकनगर

हजुर
मेरो नजर दोषी ठहऱ्याइयोस्
जाँचियोस् विवेकको कठघरामा
मेरो पौरुष
कुन नश्लको हो ?
अहल्यालाई छल गरेर
उनको सतीत्वमा परेड खेल्ने इन्द्र हुँ कि ?
वृन्दाको सतीत्व डगाउन
जालन्धर बनेको विष्णु हुँ कि ?
वा सीताको अग्निपरीक्षा लिने राम हुँ कि ?
भन्नुहोस् न
आदिम कालदेखिको कुन अपराधी हुँ म ?
कुन वर्गमा पर्छु म ?
पुराणवर्ग, बाइबलवर्ग, कुरानवर्ग ?
सुनाउनुहोस् मेरो लेखनीले
ककसलाई पिरोल्यो ?
ककसको छातीमा
असहनीय पीडा दियो ?
म मृत्यदण्डभन्दा
ठुलो दण्डको पर्खाइमा छु
र त प्रायश्चित्तको बोकेर आगो
तिम्रो काखमा सदासदा
निदाउन चाहन्छु प्रिय मन
अनायास
निद्राबाट झल्याँस बिउँझेँ
अनि खोजिरहेँ
जीवनको भिक्षापात्र थापिरहेको
निराकार पुरुषलाई
र भन्न चाहे
हे कामुक पुरुष !
हाम्रो मातृसत्तामा तिम्रो सुनुवाइ हुनेछ
तिमीलाई फेरिने छुट हुनेछ पुरुष
उठ अब
सहयात्राको गणित कहिल्यै नबिर्स
बिडम्वना
त्यहाँ त हतभागी निर्मला
न्यायको भिख पो मागिरहेकी रहिछ
न्यायमूर्ति पुरुषहरूसँग !

वाचन छनौट

# दुबो



रचना शर्मा
नारायणगढ, चितवन

कुल्चिए पनि निर्मम पाइतालाले
लात हाने पनि मेरो छातीमा
उल्टै सुमसुम्याउँछु कोमल मायालु हातले
तिम्रा पाइताला।
हो, म दुबो हुँ।
प्रतिशोधहीन क्षमाको मैदान हुँ।
तिमीले निर्ममताका साथ
उखेलेर फ्याँके पनि
म उम्रिदिन्छु, मुस्कुराइदिन्छु
हरियाली मुस्कानले कान्लामा।
तिम्रा घोडाहरूको पेट भर्न
निमोठे पनि मेरा कलिला प्रणय-मुना ,
म पलाइदिन्छु, पुनः फक्रिदिन्छु
शीत टलपलाउने अश्रुविन्दुको सौन्दर्य
विहानी घामका रक्त-किरणहरूमा।
दाइजोको कालो मुस्लोमा
सुकुमारी छोरीहरू जल्दा,
तिनै छोरीकी आमाहरूको मन झैं
म पनि सँगै जल्छु उग्र-अन्धकार हुने गरी
तर आत्महत्या गर्दिन।
उम्रन्छु जराहरूबाट पातका मुना निकालेर
त्यसैले त म दुबो हुँ ,
प्राकृतिक संघर्षको गौरवमय मस्तुल हुँ।
अग्निसाक्षीका अगाडि स्वयंवर गर्दा
मैरै घाँटी रेटेर बनाइएको थियो माला।
बेहुलीका आँखाबाट बगेका थिए,
मैरै रेशाहरूबाट चुहेको नमी।
तिमीले कहिल्यै बुझेनौ,
मेरो समर्पणको उचाइ।
चुँडेको थियो अदालत परिसरमा।
फ्रेममा सजाइए पनि
पानी नपाएर सुकेको त्यही माला।
मैले कहिल्यै हैसियतको जमिन छोडिन
त्यसैले कहिल्यै सुक्नु पर्दैन।
म दुबो हुँ, सभ्यता जन्माउने विचारको भोर हुँ।

वाचन छनौट

# देश बनेन आमा !



रमेश भट्टराई (सहृदयी)
तेह्रथुम

सूर्य नयनमा
कालो बादलको चस्मा ढल्काएर
झण्डालाई नै रक्त बाछिटाले गिजोलेपछि
तिम्रो आँचल नेपथ्यमा मिल्केको छ
अझै,
स्फटिकको पिँजडाभित्रै छ स्वाभिमान
सडक-सदनबाट
खै कुन्नि कस्तो
स्वतन्त्रताको दस्तावेज पारित भएर
हरऋतुमा मुनाझैँ फेरिए शहीदका नाम
तर,
देश बनेन आमा ।
दर्शन रोपेर विज्ञान फलेन
श्रम बेचेर द्रव्य किनेपछि
हर्के हलो फालेर सडकमा ईट्टा हान्दै छ
सुख स्वर्ग- बुद्ध बोलेर बधशाला धाउँछ
स्वाभिमान र सिर्जनाहरू
लठ्ठिएए मग्न नसामा
शहरको गमलामा पो क्याक्टस बन्छ पाखाको सिउँडी
तर,
माटोमा मुटु जोड्न नसकेपछि
साँच्चै,
देश बनेन आमा ।
अक्षरका धरहरा चढ्दैमा
टालो हालेर के छोपिन्छ लाज
फूल जोगाउने बहानामा
काँडाहरू लुछाचुँडी गर्छन् रङ्गमञ्चभित्र
पूर्णिमाले कसरी चिरोस् औँसीको रातलाई
तिम्रो मुटु तुलोमा जोख्नेहरूले प्रकृति बदलेपछि
हर-प्रभातमा सपना मरिरहेछन्
तै पनि,
म एउटा जिजीविषा बोक्छु तिमीसँग
स्नेहका मलीन चिथरा बटुलेर
मानवताको मृत्युमा प्रयोगशाला भयो देश
नेपालीपनको खडेरीमा
खै, कस्तो यायावरी भो सत्ता
सायद त्यसैले,
देश बनेन आमा ।

वाचन छनौट

# झुक्न दिन्न गौरव



शारदा भट्टराई
विराटनगर, मोरङ

म प्रेम गर्छु देशको निशान थप्छु सानमा
प्रकाश बाल्छु गाउँमा बजारमा कछारमा
म छर्छु ज्योति ज्ञानको इँटा म थप्छु शैलमा
नदी बनी विकासको जुटेँ जुटेँ म सैरमा ।

हिमाल शैल कन्दरा कठोर चढ्न तत्पर
म चाल्छु पाउ लक्ष्यका उचाइमा निरन्तर
म लेख्छु भानुको कथा उमार्छु काव्य आँकुरा
प्रकाण्ड देश बुद्धको म गल्न दिन्न पाखुरा ।

जडीबुटी छ औषधी अनन्त देश बाँच्दछ
र संविधान भेदका जरा उखेल्छ हाँस्दछ
म भन्छु स्वर्ग भूमि यो फुलोस् सदैव कामना
म फुट्न दिन्न देश यो डटेर गर्छु सामना ।

गुराँस फुल्छ लेकमा सुनाखरी छ माथमा
झरेर फाँट टोटला खुलेर हाँस्छ साथमा
धुपी सुगन्ध छर्किंदै रमाउँदै छ सौरभ
करोड हात एक छन् छ एकता, छ वैभव ।

म चन्द्र सूर्य साथमा लिएर हिँड्छु वीरता
सहन्न भो सहन्न भो विरासता र दासता
बनेर दिव्यभूमिको सुकर्म दूत मै अब
उचाइ थप्छु देशको म घट्न दिन्न गौरव ।

वाचन छनौट

## `महाभिनिष्क्रमण´



सन्तोष घिमिरे
भरतपुर-११, चितवन

परम्पराको बैसाखीले धानेको
तिम्रो यो नाफाखोर बजारको तराजुमा
सधैँ किन सस्तो ठहरिन्छ
मैले पहिल्याउन खोजेको अर्थ ?
यो बन्द चौघेरालाई म घर मान्दिनँ
- जहाँ हर क्षण निस्सासिन्छ आफ्नै सास
म त्यही साससले बालिरहेछु चुल्हो
तर थाहा छैन –
चिम्नीबाट धुवाँ निस्किन्छ कि मेरो दैनिकीको गुम्फन ?
तिम्रो मरुस्थलसमान छातीभित्र
- म भेटाउन सक्दिनँ कुनै अभूतपूर्व सौभाग्य
जहाँ प्रत्येक पल म भोगिरहन्छु मायाको मृगतृष्णा
र पनि उसैगरी सजाउँछु आफूलाई हरेरात,
तर थाहा छैन
- ऐनामा सौभाग्य प्रतिबिम्बित छ या दुर्भाग्य ?
लाग्छ - तिमीले लेख्दै गरेको दमनको कविताको एक कुरुप
बिम्ब हुँ
तिमीले भन्यौ
- म धरती / आकाश / बतास हुँ
धरती
- तिम्रो बामन आदर्शको पाइतालामुनि मात्र मिचिइरहन सक्दैन
आकाश
- तिम्रो हुटिट्याउँ आलिङ्गनमा मात्र खुम्चिइरहन सक्दैन
बतास - तिम्रा नीतिनियमहरुको पर्खालभित्र मात्र
गुम्सिइरहन सक्दैन
मलाई नरोक
- मैरै रक्तस्रावले लतपतिएर
मैमाथि नैतिकताको शासन लाद्ने
तिम्रो मनुस्मृतिलाई तिम्रो मूलद्वारमै मिल्काएर
- आज म अर्को विश्व जन्माउन निस्किएकी छु

वाचन छनौट

## पैंचो



सरला क्षेत्री
रौतहट

मुखियाका ऋणको साढेसाती टार्न मुगलान पसेका बुबा
थप दश ग्रहको व्यूहमा उतै फँसेपछि
मेरी आमाले मुखिया कै करेसाबारी पैंचो लिई
बनाएकी थिइन् आफूलाई आमा
पछि दुई शरीर धान्नलाई
कुनै ठाउँ बाँकी छोडिनन् नंग्रा खियाउन
कुनै बाटो छोडिनन् खुट्टा बजार्न
उनकै गह्रौ जीउको प्रतिबिम्ब हो पृथ्वी
उनकै रगतको फाल्सा हुन आकाशको रक्तिम घाम !
काँडाले फूललाई सुरक्षा दिँदै गर्दा
धेरैपटक चुक्छ उ
~चुँडिनबाट रोक्न फूललाई
~च्यात्नबाट रोक्न राक्षसी औँलालाई
त्यसरी ती असहाय थिइन् आमा
~कौमार्य बचाइदिन
~स्तन जोगाइदिन
~दुषित ओंठको कैदबाट छुटाउन
र पनि मन्दिरको ईश्वरले बाटोमा ईश्वर नै खोजिरहेको बेला
कौमार्य गुमाएकी फूल त्यहाँ कन्याफूल भइदिन्छे
दुर्गन्धित स्पर्श पाएकी उ श्रद्धा भइदिन्छे
अनि फेर्छ काँडाले शान्तिको सास !
तर आज फेरि
क्षत-विक्षत भएको छ रूप
टोकिएको छ ओंठ
निमोठिएका छन् स्तन
अनि अंगभंग भएकी छ फूल
काँडाको आँखाभरि छन् शितका थोपाहरू
बलात्कारीसँगै रहेर बयान दिनु परिरहेछ फूलले !
कलियुगका धर्मराजलाई लक्ष्मीको संसर्ग मिलेछ क्यार
आफ्नो धर्म निभाउन यसै भुलिदिए
अनि नै त
मुखियाका छोरालाई सुनपानी छर्कियो
मेडिकल रिपोर्टलाई जाली बनाइयो
पूर्ण-वध नगरेर फूलको
अर्ध-वध भईरह्यो
भन्ने गर्छन्....
पैंचोको लेनदेन गर्दा औंलाले नापेर गरिन्छ रे
घडेरीको पैंचो वसुल्दा स्त्रीको शरीर नापिने यो कस्तो पैंचो हो?

## भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा, परिषद् तथा विधागत समितिहरूको विवरण तथा सम्पर्क सूची

### प्राज्ञसभा

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | कुलपति | श्री रेनु दाहाल | महानगरपालिका | ९८५५०११३११ |
| २ | उपकुलपति | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर-११ | ९८४५०५५२९२ |
| ३ | प्राज्ञसभा सदस्य | श्री चित्रसेन अधिकारी | महानगरपालिका | ९८५५०११३०० |
| ४ | प्राज्ञसभा सदस्य | श्री नरेन्द्रकुमार राना | महानगरपालिका | ९८५५०५८०६६ |
| ५ | प्राज्ञसभा सदस्य | श्री महेन्द्रप्रसाद पौड्याल | महानगरपालिका | ९८५५०६९९८६ |
| ६ | प्राज्ञसभा सदस्य | श्री विष्णुराज महतो | भरतपुर-२२ | ९८५५०९२३२२ |
| ७ | प्राज्ञसभा सदस्य | श्री विष्णुबहादुर भुजेल | भरतपुर-१४ | ९८५५०९२३३७ |
| ८ | प्राज्ञसभा सदस्य | श्री सिर्जना अधिकारी | भरतपुर-१५ | ९८५५०९२३३० |
| ९ | प्राज्ञसभा सदस्य | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| १० | प्राज्ञसभा सदस्य | श्री प्रकाश चापागाइँ | भरतपुर-१२ | ९८५५०५९३१७ |
| ११ | प्राज्ञसभा सदस्य | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर-३ | ९८४५०७५७९५ |
| १२ | प्राज्ञसभा सदस्य | श्री अमृता रामदाम | भरतपुर-२ | ९८२१२६६३३३ |
| १३ | प्राज्ञसभा सदस्य | डा. एकनारायण पौड्याल | भरतपुर-१२ | ९८५५०८२०९७ |
| १४ | प्राज्ञसभा सदस्य | प्रा.डा. कर्णबहादुर बानिया | भरतपुर-१२ | ९८४७०६९३७९ |
| १५ | प्राज्ञसभा सदस्य | डा. केशवराज चालिसे | भरतपुर-९ | ९८५७०६०७३१ |
| १६ | प्राज्ञसभा सदस्य | श्री किसान प्रेमी | भरतपुर-१२ | ९८४५०९०९१२ |
| १७ | प्राज्ञसभा सदस्य | श्री गायत्री श्रेष्ठ | भरतपुर-२ | ९८४५०८१७२० |
| १८ | प्राज्ञसभा सदस्य | डा. धनेश्वर भट्टराई | भरतपुर-१० | ९८४५०८७०४५ |
| १९ | प्राज्ञसभा सदस्य | प्रा.डा.नारायणप्रसाद खनाल | भरतपुर-४ | ९८४५१५४३५७ |
| २० | प्राज्ञसभा सदस्य | श्री पोषराज पौड्याल | भरतपुर-७ | ९८४५०३२२७५ |
| २१ | प्राज्ञसभा सदस्य | श्री भूपेन्द्र खड्का भूपिन | भरतपुर-१२ | ९८५५०५१२८२ |
| २२ | प्राज्ञसभा सदस्य | श्री रमाकान्त सापकोटा | भरतपुर-१० | ९८४५०२४४२६ |
| २३ | प्राज्ञसभा सदस्य | श्री रामहरि श्रेष्ठ | भरतपुर-१ | ९८४५५०५३४५ |
| २४ | प्राज्ञसभा सदस्य | श्री शशिकिरण रेग्मी (रह शर्मा) | भरतपुर-१० | ९८४९५११७०४ |
| २५ | प्राज्ञसभा सदस्य | श्री श्यामजी अतिथि | भरतपुर-१२ | ९८४५१११०८० |
| २६ | प्राज्ञसभा सदस्य | श्री श्रीराम महतो | भरतपुर-२२ | ९८१२२३१२०१ |
| २७ | प्राज्ञसभा सदस्य | श्री सुरेन्द्र अस्तफल | भरतपुर-५ | ९८५५०६१६६१ |
| २८ | प्राज्ञसभा सदस्य | श्री सिर्जन अविरल | भरतपुर-५ | ९८४५०५२२८० |
| २९ | प्राज्ञसभा सदस्य | श्री हरि योञ्जन | भरतपुर-२ | ९८५५०५७९५० |
| ३० | प्राज्ञसभा सदस्य | श्री होमनाथ भण्डारी | भरतपुर-२४ | ९८४५०५५१२९ |
| ३१ | सदस्य सचिव | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |

## प्राज्ञपरिषद्

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | उपकुलपति | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर-११ | ९८४५०५५२९२ |
| २ | परिषद् सदस्य | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| ३ | परिषद् सदस्य | श्री प्रकाश चापागाईं | भरतपुर-१२ | ९८५५०५९३१७ |
| ४ | परिषद् सदस्य | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर-३ | ९८४५०७५७९५ |
| ५ | सदस्य सचिव | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |

## भरतपुर प्रज्ञा जर्नल प्रकाशन समिति

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | संयोजक | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर-११ | ९८४५०५५२९२ |
| २ | प्रधान सम्पादक | डा. केशवप्रसाद चालिसे | भरतपुर-९ | ९८५७०६०७३१ |
| ३ | सम्पादक | डा. एकनारायण पौड्याल | भरतपुर-१२ | ९८५५०८२०९७ |
| ४ | सम्पादक | श्री सबिन्द्रराज भण्डारी | पोखरा | ९८४६०८६४०५ |
| ५ | सम्पादक | श्री महेन्द्रप्रसाद पौड्याल | महानगरपालिका | ९८५५०६९९८६ |
| ६ | सम्पादक | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |
| ७ | सदस्य | श्री रमाकान्त सापकोटा | भरतपुर-१० | ९८४५०२४४२६ |
| ८ | सदस्य | श्री  विष्णुराज महतो | भरतपुर-२२ | ९८५५०९२३२२ |

## साहित्यकार-कलाकार कोश ( वाङ्मय कोश ) प्रकाशन समिति

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | संयोजक /प्रधान सम्पादक | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| २ | सदस्य | श्री विष्णुबहादुर भुजेल | भरतपुर-१५ | ९८५५०९२३३७ |
| ३ | सदस्य | श्री होमनाथ भण्डारी | भरतपुर-२४ | ९८४५०५५१२९ |
| ४ | कार्यकारी सम्पादक | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |

## महानगर साहित्य दर्पण अङ्क २

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | संरक्षक | श्री रेनु दाहाल | महानगर | ९८५५०११३११ |
| २ | सल्लाहकार | श्री चित्रसेन अधिकारी | महानगर | ९८५५०११३०० |
| ३ | सल्लाहकार | श्री नरेन्द्रकुमार राना | महानगर | ९८५५०५८०६६ |
| ४ | सल्लाहकार | श्री इन्द्रप्रसाद रेग्मी | महानगर प्रज्ञाप्रतिष्ठान | ९८४५०५५२९२ |

| | | | | |
|---|---|---|---|---|
| ५ | सल्लाहकार | श्री महेन्द्रप्रसाद पौड्याल | महानगरपालिका | ९८५५०६९९८६ |
| ६ | संयोजक /प्रधान सम्पादक | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| ७ | सम्पादक | श्री जगन्नाथ पण्डित | भरतपुर-१२ | ९८४५१४६६६२ |
| ८ | सम्पादक | श्री सुरेन्द्र अस्तफल | भरतपुर-५ | ९८५५०६१६६१ |
| ९ | कार्यकारी सम्पादक | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |
| **दर्शन/समाजशास्त्र समिति** | | | | |
| **क्र.सं.** | **पद** | **नामथर** | **ठेगाना** | **टेलिफोन** |
| १ | संयोजक | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| २ | सदस्य | प्रा.डा. नारायणप्रसाद खनाल | भरतपुर-४ | ९८४५१५४३५७ |
| ३ | सदस्य | श्री श्यामजी अतिथि | भरतपुर-१२ | ९८४५१११०८० |
| ४ | सदस्य | श्री गायत्री श्रेष्ठ | भरतपुर-२ | ९८४५०८१७२० |
| ५ | सदस्य | प्रा.डा. कर्णबहादुर बानिया | भरतपुर-१२ | ९८४७०६९३७९ |
| **भाषा/साहित्य समिति** | | | | |
| **क्र.सं.** | **पद** | **नामथर** | **ठेगाना** | **टेलिफोन** |
| १ | संयोजक | श्री प्रकाश चापागाईँ | भरतपुर-१० | ९८५५०५९३१७ |
| २ | सदस्य | डा. श्री धनेश्वर भट्टराई | भरतपुर-१० | ९८४५०८७०४५ |
| ३ | सदस्य | श्री सुरेन्द्र अस्तफल | भरतपुर-५ | ९८५५०६१६६१ |
| ४ | सदस्य | श्री सिर्जन अविरल | भरतपुर-५ | ९८४५०५२२८० |
| ५ | सदस्य | श्री सिर्जना अधिकारी | भरतपुर-१५ | ९८५५०९२३३० |
| **कला संस्कृति समिति** | | | | |
| **क्र.सं.** | **पद** | **नामथर** | **ठेगाना** | **टेलिफोन** |
| १ | संयोजक | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर-३ | ९८४५०७५७९५ |
| २ | सदस्य | श्री हरि योञ्जन | भरतपुर-२ | ९८५५०५७९५० |
| ३ | सदस्य | श्री रामहरि श्रेष्ठ | भरतपुर-१ | ९८४५५०५३४५ |
| ४ | सदस्य | श्री प्रभातकुमार जोशी | भरतपुर-१ | ९८५५०५२४९४ |
| ५ | सदस्य | श्री चन्द्र सिंह घले | भरतपुर | ९८४५०६९४२९ |

## भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान ऐन २०७८

नगर सभाबाट पारित मितिः २०७८।०९।०८
राजपत्रमा प्रकाशित मितिः २०७८।०९।०८

प्रस्तावना : नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरी स्थानीय सरकारको व्यवस्था गरेबमोजिम भरतपुर महानगरपालिलकाले भाषा, साहित्य, संस्कृति र कलाको संरक्षणमा पनि आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको सन्दर्भमा यसलाई अझै मर्यादित र व्यवस्थित ढङ्गमा सञ्चालन गर्न वाञ्छनीय भएकाले नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम "भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान ऐन २०७८" पारित गरी लागु गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१) संक्षिप्त नाम र परिभाषा :**

(१) यस ऐनको नाम "भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "प्रज्ञा–प्रतिष्ठान/प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम गठन भएको भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानलाई सम्झनु पर्छ।

(ख) " प्राज्ञसभा" भन्नाले दफा ७ बमोजिम गठित प्राज्ञसभालाई सम्झनु पर्छ।

(ग) " प्राज्ञपरिषद्" भन्नाले दफा ८ बमोजिम गठित प्राज्ञपरिषद्लाई सम्झनु पर्छ।

(घ) " महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्छ।

(ङ) "नगर प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाका प्रमुखलाई सम्झनु पर्छ।

(च) " कुलपति" भन्नाले भरतपुर प्रज्ञा–प्रतिष्ठानको "कुलपति"लाई सम्झनु पर्छ।

(छ) "नगर उपप्रमुख" भन्नाले भरतपुर महानगरपालिकाका उपप्रमुखलाई सम्झनु पर्छ।

(ज) "प्रमुख प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(झ) " कार्यपालिका सदस्य" भन्नाले भरतपुर महानगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(ञ) " उपकुलपति" भन्नाले दफा १० (३) बमोजिम महानगरपालिकाले मनोनयन गरेको भरतपुर प्रज्ञा–प्रतिष्ठानको उपकुलपतिलाई सम्झनु पर्छ।

(ट) " परिषद् सदस्य " भन्नाले दफा १० (३) मनोनयन गरेको भरतपुर प्रज्ञा–प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्छ।

(ठ) " प्राज्ञसभा सदस्य" भन्नाले दफा १० (३) मनोनयन गरेको भरतपुर प्रज्ञा–प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्छ।

(ड) "नगरसभा" भन्नाले भरतपुर महानगरपालिकाको नगरसभालाई जनाउँछ।

(ढ) " सदस्य सचिव" भन्नाले महानगरले प्रज्ञा–प्रतिष्ठानको सदस्य सचिवको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ण) " सचिवालय" भन्नाले प्रज्ञा–प्रतिष्ठानको सचिवालयलाई सम्झनु पर्छ।

(त) " तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

### परिच्छेद २
### प्रज्ञा–प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

**३) प्रज्ञा–प्रतिष्ठानको स्थापना :**

(१) महानगरभित्र रहेका भाषा- साहित्य, कला संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्द्धन र विकासका लागि "भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान" नामको एक प्रज्ञा–प्रतिष्ठानको स्थापना गरी सञ्चालनमा ल्याइएनेछ।

(२) प्रज्ञा–प्रतिष्ठानको कार्यालय भरतपुर महानगरपालिका कार्यालयमा रहनेछ।

**४) प्रज्ञा–प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुने :**

(१) प्रज्ञा–प्रतिष्ठानले नगरसभाबाट पारित नीति र बजेटको सीमाभित्र प्राज्ञसभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सक्ने महानगरको अभिन्न अङ्ग हुनेछ। यो एक स्वतन्त्र र अधिकारसम्पन्न प्रज्ञा–प्रतिष्ठान रहनेछ।

(२) प्रज्ञा–प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचविखन गर्न, वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(३) प्रज्ञा–प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा–प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्नेछ।

(४) प्रज्ञा–प्रतिष्ठानले व्यक्ति सरह करार गर्न करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५) **प्रज्ञा–प्रतिष्ठानको काम कर्तव्य र अधिकारहरू :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा–प्रतिष्ठानको काम कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछ :

क) प्रज्ञा–प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।
ख) महानगरभित्र रहेका भाषा- साहित्य, कला संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्द्धन र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने ।
ग) महानगर क्षेत्रभित्रका स्रष्टाहरूका सिर्जना प्रकाशनको लागि प्रोत्साहन गर्ने ।
घ) महानगरका साहित्यकारका साहित्यिक कृतिहरू निश्चित प्रति खरिद गरी प्रोत्साहन गर्ने ।
ङ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरूको समेत सहयोग/उपहारस्वरूप ग्रहण गर्ने ।
च) महानगर क्षेत्रभित्रका सामुदायिक पुस्तकालयहरूलाई व्यवस्थितरूपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
छ) महानगर भित्र रहेका साहित्यक संस्थाहरू महानगरमा दर्ता, नवीकरण र सूचीकरण गर्ने ।
ज) साहित्यक संस्थाहरूको अनुगमन र मूल्यांकन गर्ने नियामक भूमिका निर्वाह गर्ने ।
झ) "महानगर पुस्तकाल"लाई व्यवस्थित गर्ने ।
ञ) अन्य प्रदेश, स्थानीय पालिका तथा संघीय सरकार एवम् नेपाल प्रज्ञा–प्रतिष्ठान, नाट्य कला प्रतिष्ठान, ललितकला लगायत सरोकारवाला संस्थाहरूसित समन्व र सहकार्य गर्ने ।
ट) भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र, दर्शन शास्त्र आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण गर्न लेखनवृत्ति प्रदान गर्ने ।
ठ) विश्वविद्यालयहरू/ स्थानीय महाविद्यालयहरूसित सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरूलाई भाषा,कला, साहित्य, संस्कृतिसंग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने ।
ड) देश भित्रका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृतिहरूको अनुवादका लागि प्रोत्साहन गर्ने ।
ढ) भाषा, साहित्य, संस्कृति संम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने तथा सहभागिता जनाउने ।
ण) महानगरका विभिन्न जात,जाति,धर्म,सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र संग्राहलय निर्माण गर्ने ।
त) लामो समय देखि साहित्य र कला साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरूलाई सम्मान गर्ने ।
थ) लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण गर्ने ।
द) स्थानीय कलाको संरक्षण र संवर्धन गर्ने ।
ध) महानगरस्तरीय कला गृह ( आर्ट ग्यालरी ) निर्माण गर्ने ।
न) मापदण्ड निर्माण गरी विशिष्ट विद्वान तथा वाङ्मय साधकलाई आजीवन सदस्यता प्रदान गर्ने ।
ऩ) साहित्यिक र कलासम्बन्धी संस्थाहरूको जिल्ला प्रशासन कार्यालय तथा समाज कल्याण प्रतिष्ठानमा दर्ता नवीकरण गर्न महानगरपालिकाले सहजीकरण र प्रोत्साहन गर्ने ।
प) नगरसभाले पारित गरेका अन्य भाषा,साहित्य,कला र संस्कृति सम्बन्धित कार्य गर्ने ।

## परिच्छेद ३
## प्रज्ञा–प्रतिष्ठानको संरचना

६) प्रतिष्ठानको संरचना देहाय बमोजिम हुनेछ र यिनीहरूको सामुहिक रूप नै भरतपुर प्रज्ञा–प्रतिष्ठान हुनेछ :
क) प्राज्ञसभा
ख) प्राज्ञपरिषद्

७) प्राज्ञसभा :
१) प्रज्ञा–प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञसभा रहनेछ ।
२) प्राज्ञसभामा एकतीस जना रहनेछन् । सभाको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| क) | कुलपति (नगर प्रमुख) | अध्यक्ष |
| ख) | उपकुलपति | सदस्य |
| ग) | नगर उपप्रमुख | सदस्य |
| घ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) | नगर शिक्षा अधिकारी | सदस्य |
| च) | नगर कार्यपालिका सदस्य (वडा अध्यक्षसमेत)हरू मध्येबाट कम्तिमा एक जना महिलासहित महानगरले तोकेका तीन जना | सदस्य |

छ) महानगरपालिका क्षेत्रभित्र रहेका भाषा-साहित्य,कला, संस्कृति तथा साहित्यिक संस्थाहरूमध्येबाट समावेशितालाईसमेत ध्यानमा राखी महानगरले दफा १० (३ )बमोजिम मनोनयन गरेका परिषदका तीन सदस्यसहित बाईसजना सदस्य

ज) महानगरले तोकेको अधिकृतस्तरको कर्मचारी सदस्य सचिव

३) उपदफा "ख" र "छ" बमोजिम मनोनित उपकुलपति र सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ।

४) कुनै कारणले प्राज्ञसभाका मनोनित सदस्यको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्रबाट मनोनयन भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

५) प्राज्ञसभाको काम, कर्तव्य र अधिकार : प्राज्ञसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) प्रज्ञा–प्रतिष्ठानको नीति निर्धारण गर्ने।

ख) नगरसभाले तोकेको बजेटसीमा रही प्रज्ञा–प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

ग) प्रज्ञा–प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने ।

घ) विद्वदवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने।

ङ) परिषद्लाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने।

च) परिषद्का कामको अनुगमन तथा मूल्यांकन गर्ने।

छ) प्रज्ञा–प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने।

ज) तोकिए बमोजिमका काम गर्ने।

६) प्राज्ञसभाको बैठक कम्तिमा वर्षको १ पटक बस्नेछ। बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूची सहितको सूचना सभाका सदस्य सचिवले सदस्यहरूलाई कम्तिमा ४८ घण्टा पहिले दिनुपर्नेछ।

७) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्हरूमा उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

८) सभाको बैठकको अध्यक्षता कुलपतिले र निजको अनुपस्थितिमा उपकुलपतिले गर्नेछ।

९) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

१०) सभाको बैठकको निर्णय सभाको उपकुलपति/ सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

११) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८) **प्राज्ञपरिषद्को गठन :**

१) प्रज्ञा–प्रतिष्ठानको प्रशासनिक तथा प्राज्ञसभाबाट /नगरसभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकारसम्पन्न कार्यकारी निकायको पाँच सदस्यीय प्राज्ञपरिषद् रहनेछ।

२) परिषद्को गठन र स्वरूप देहाय बमोजिमको हुनेछ :

क) उपकुलपति अध्यक्ष

ख) प्राज्ञसभा सदस्यहरू मध्येबाट कम्तिमा एक जना महिलासहित तीन जना सदस्य

ग) महानगरले तोकेको अधिकृतस्तरको कर्मचारी सदस्य सचिव

३) कुनै कारणले उपदफा २(ख ) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

३) उपकुलपति परिषद्को कार्यकारी प्रमुख हुनेछ।

४) परिषदका सदस्य संयोजक रहने गरी उपकुलपतिले परिषदका सदस्यहरू मध्येबाट भाषा-साहित्य, कला र संस्कृतिको क्षेत्र हेर्ने गरी विभाग वा उपसमितिको गठन गर्न सक्नेछन्।

५) परिषदको बैठक कम्तिमा महिनाको १ पटक बस्नेछ।

९) **प्राज्ञपरिषद्को काम, कर्तव्य र अधिकार :** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) प्राज्ञसभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने।

ख) प्राज्ञसभाले दिएको निर्देशन पालना गर्ने।

ग) सदस्य सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संसोधन गरी अनुमोदनका लागि प्राज्ञसभामा पेश गर्ने।

घ) विद्त्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि प्राज्ञसभामा पेश गर्ने।

ङ) परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने।

च) तोकिए बमोजिमका काम गर्ने।

१०) **सिफारिस समिति :**

१) प्रज्ञा–प्रतिष्ठानको उपकुलपति, मनोनित हुने प्राज्ञसभा सदस्यहरू र प्राज्ञपरिषद्का सदस्यहरूको मनोनयनका लागि महानगरसमक्ष सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नगर प्रमुखले तोकेका २ जना प्रतिष्ठित साहित्यकारहरू सम्मिलित सिफारिस समिति गठन गर्नेछ।

२) उप दफा १ बमोजिम गठित सिफारिस समितिले महानगरपालिका क्षेत्रभित्र रहेका कला, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विधामा १५ वर्षदेखि क्रियाशील रहेका, कम्तिमा २ वटा कृतिहरु प्रकाशन गरेका, प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट सम्भव भएसम्म भाषा-साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी उपकुलपतिको लागि तीन जना र प्राज्ञसभा र प्राज्ञपरिषद् सदस्यको लागि उनन्तीस जनाको नाम महानगरसमक्ष सिफारिस गर्नेछ।

३) सिफारिस समितिबाट सिफारिस भई आएका व्यक्तिहरूमध्येबाट महानगरपालिकाले एकजना उपकुलपति, कम्तिमा एक जना महिलासहित तीनजना प्राज्ञपरिषद् सदस्य र उन्नाईसजना प्राज्ञसभा सदस्यको मनोनयन गर्नेछ।

## परिच्छेद ४

## प्रज्ञा–प्रतिष्ठानको कुलपति, उपकुलपति, प्राज्ञसभा सदस्य, परिषद सदस्य तथा सचिवालय

११) **कुलपति :** १) प्रज्ञा–प्रतिष्ठानको कुलपति महानगरका नगर प्रमुख रहनु हुनेछ।

१२) **उपकुलपति :**

१) उपकुलपति प्रज्ञा–प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ।

२) उपकुलपतिको नियुक्ति : महानगरका नगर प्रमुख तथा प्रतिष्ठानका कुलपतिले उपदफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसमा प्रतिष्ठानको उपकुलपति नियुक्त गर्नेछ।

३) उपकुलपतिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) सभाले दिएको निर्देशन र परिषदले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने।

ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरू, प्रगति प्रतिवेदन तयार गर्ने गराउने।

ग) स्वदेशी तथा विदेशी संघ, संस्थाहरूसंग प्रज्ञा–प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क-समन्वय गर्ने, गराउने।

घ) तोकिए बमोजिमका काम गर्ने।

१३) **प्राज्ञसभा सदस्य :**

१) प्रज्ञा–प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको प्राज्ञसभा सदस्यहरू रहनेछन्।

२) प्रतिष्ठानका कुलपतिले उपदफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसमा प्राज्ञसभा सदस्यको नियुक्ति गर्नेछ।

१४) **प्राज्ञपरिषद् सदस्य :**

१) प्रज्ञा–प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न दफा ८(२) बमोजिम प्राज्ञपरिषद् सदस्य रहनेछन्।

१५) **सदस्य सचिव :**

१) प्रज्ञा–प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न महानगरले एक अधिकृतस्तरको कर्मचारीलाई सदस्य सचिवको रूपमा तोक्नेछ।

२) सदस्य सचिवको काम तोकिए बमोजिम बमोजिम हुनेछ।

१६) **पद रिक्त हुने :**

१) देहायका अवस्थामा प्रतिष्ठानका उपकुलपति, प्राज्ञसभाका सदस्य तथा प्राज्ञपरिषद्का सदस्यहरूको पद रिक्त रहेको मानिनेछ।

२) निजको पदावधि समाप्त भएमा।

३) निजले राजिनामा दिएमा।

४) निजको मानसिक सन्तुलन ठीक नभएमा।

५) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

६) निज दफा १७ बमोजिम हटेमा।

७) निजको मृत्यु भएमा।

१७ ) **पदबाट हटाउन सक्ने :**

१) प्रतिष्ठानका उपकुलपति, प्राज्ञसभा तथा प्राज्ञपरिषद्का मनोनित सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो

पद अनुकुलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्राज्ञसभामा तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा उपकुलपतिले एक छानविन समिति गठन गर्नेछ।

२) उपदफा १ बमोजिम गठित छानविन समितिले सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नेछ।

३) उपदफा २ बमोजिम पेश भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा कुलपतिले हटाउन सक्नेछ।

४) प्रतिष्ठानका उपकुलपति, प्राज्ञसभाका सदस्य तथा प्राज्ञपरिषद्का सदस्यहरूलाई पदबाट हटाउनु अघि सफाईको मौका दिनुपर्नेछ।

**१८) सचिवालय:**

१) प्रतिष्ठानको सचिवालय महानगरमा रहनेछ।

२) प्रज्ञा–प्रतिष्ठानको सम्पर्क-समन्वय शाखाको रूपमा शैक्षिक प्रशासन महाशाखा रहनेछ।

३) प्रज्ञा–प्रतिष्ठानको वार्षिक प्रतिवेदन यसै महाशाखा मार्फत महानगरपालिकामा पेश हुनेछ।

४) सचिवालयमा प्रतिष्ठानका सचिव र आवश्यकता अनुसार अन्य कर्मचारीहरू रहन सक्नेछन्।

**परिच्छेद ५**

**१९) विविध :**

१) प्रतिष्ठानका उपकुलपति, प्राज्ञसभा तथा प्राज्ञपरिषद्का मनोनित सदस्यहरूले अनुसूची १ बमोजिम कुलपतिसमक्ष शपथ लिनुपर्नेछ।

२) सेवाका शर्त र सुविधा : प्रतिष्ठानका उपकुलपति, प्राज्ञसभाका सदस्य तथा प्राज्ञपरिषद्का सदस्यहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

३) प्रज्ञा–प्रतिष्ठानले मापदण्ड निर्धारण गरी महानगरको भाषा-साहित्य, कला, संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुर्याउने स्रष्टाहरूलाई ऐन बमोजिम विशिष्ट, आजीवन, श्रेयस्कर सदस्यता उपलब्ध गराउन सक्नेछ।

४) प्रज्ञा–प्रतिष्ठानले छुट्टै प्रतीक चिन्ह/लोगो, लेटर प्याड, छापको प्रयोग गर्नसक्नेछ।

५) महानगरपालिकाले यस ऐनको उद्देश्य कार्यान्वियन गर्न आवश्यक नियम, नियमावली, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ।

**अनुसूची १: शपथ**
**( दफा १९(१) सँग सम्बन्धित )**

म...........................................................सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु : ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफावार रही भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानको ....................पदको कामकाज प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई, इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा वाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्नेछैन।

नाम थर : .......................................... दस्तखत .....................................
मिति :

**शपथ गराउनेको**
नाम थर : .......................................... दस्तखत .....................................
पद : कुलपति
मिति : .......................................

**अनुसूची २: प्रतीक चिन्ह**
**( दफा १९(४) सँग सम्बन्धित )**

षट्कोणको बीचमा सरस्वतीको तस्वीर रहने, त्यसको शिरानमा ‘‘भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान’’ र पुछारमा ‘‘भरतपुर, चितवन (स्था. २०७८)’’ त्यसको तलपट्टि ‘‘बागमती प्रदेश, नेपाल’’ रहनेछ।

# भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका मान-सम्मान, पुरस्कार तथा स्रष्टा प्रोत्साहन कार्यविधि -२०७९

कार्यपालिकाबाट पारित मिति २०७९/०७/०२
प्रमाणीकरण मिति २०७९/०७/१५

**प्रस्तावनाः**

भरतपुर महानगरपालिलकाले भाषा, साहित्य, संस्कृति र कलाको संरक्षणमा आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको परिप्रेक्षमा यसलाई अझै मर्यादित र व्यवस्थित ढङ्गमा सञ्चालन गर्न वाञ्छनीय भएकाले महानगरपालिकाको १० औं नगरसभाबाट भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन २०७८ पारितसमेत भएको सन्दर्भमा प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन २०७८ को दफा १९(५) बमोजिम '**भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका मान-सम्मान, पुरस्कार तथा स्रष्टा प्रोत्साहन कार्यविधि-२०७९**' नगरकार्यपालिकाबाट पारित गरी लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र परिभाषाः**

१) यस कार्यविधिको नाम 'भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका मान-सम्मान, पुरस्कार तथा स्रष्टा प्रोत्साहन कार्यविधि -२०७९' रहेको छ।

२) यो कार्यविधि तुरून्त लागु हुनेछ।

२) **परिभाषाः**

१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'महानगरपालिका' भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्छ।

(ख) 'प्रज्ञा-प्रतिष्ठान'वा 'प्रतिष्ठान' भन्नाले भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन २०७८ को दफा ३ बमोजिम गठन भएको भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानलाई सम्झनु पर्छ।

(ग) 'प्राज्ञ-परिषद्'वा 'परिषद्' भन्नाले भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन २०७८ को दफा ८ बमोजिम गठन भएको प्राज्ञ-परिषद्लाई सम्झनु पर्छ।

(घ) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले महानगरपालिकाले तोकेबमोजिम भन्ने सम्झनु पर्छ।

## परिच्छेद २
## स्रष्टा प्रोत्साहन

(३) **स्रष्टाका सिर्जना प्रोत्साहन सम्बन्धी व्यवस्था :**

१) प्रज्ञा-प्रतिष्ठानले भरतपुर महानगरवासी साहित्यिक/सांस्कृतिक प्रतिभाहरूका सिर्जना प्रकाशनलाई नगद रकमसहित प्रोत्साहन गर्नेछ।

२) स्रष्टाले प्रकाशोन्मुख कृतिको एकप्रति छायाँप्रति र पिडिएफ फाइलसहित प्रज्ञा-प्रतिष्ठानसमक्ष निवेदन दिनु पर्नेछ।

३) प्राज्ञ-परिषद्ले परिषद्का सदस्यहरू मध्ये कुनै एकको संयोजकत्वमा मूल्याङ्कन समिति गठन गर्नेछ।

४) समितिले स्रष्टाको व्यक्तित्व, कृतिको पृष्ठ, गुणस्तरीयता, विधागत विशिष्टता आदिको आधारमा प्राज्ञपरिषद्मा पेश गर्नेछ।

५) परिषद्ले उपसमितिको राय सुझाव र सिफारिससमेतलाई आधार मानी रू १०,०००।०० (दश हजार) देखि रु ३०,०००।०० (तीस हजार) रुपैयाँसम्म आर्थिक सहयोग उपलब्ध गराउन महानगरपालिका समक्ष पेश गर्नेछ।

६) प्रकाशित कृतिमा प्रतिष्ठानप्रति आभार वा कृतज्ञता प्रकट गरिनु अपेक्षित छ।

७) महानगर क्षेत्र भित्रका लोपोन्मुख भाषा,साहित्य, कला, संस्कृतिको बारेमा लेखिएका कृति भएमा र परिषद्लाई उपयुक्त लागेमा प्रतिष्ठानको आर्थिक स्रोतका आधारमा प्रतिष्ठानले नै प्रकाशन गर्न पनि सक्नेछ।

## परिच्छेद ३
## पुस्तक खरिद

४) **स्रष्टाका साहित्यिक कृतिहरू खरिद सम्बन्धी व्यवस्था**

१) महानगरवासी स्रष्टाले प्रकाशन गरेका साहित्यिक कृतिहरू प्रज्ञा-प्रतिष्ठानले/ महानगरपालिकाले निश्चित प्रति खरीद गरी स्रष्टालाई प्रोत्साहन गर्नेछ।

२) स्रष्टाले प्रकाशित कृति र बिलसहित महानगरसमक्ष निवेदन दिएमा बढीमा ५ ( पाँच ) प्रति खरीद गर्नेछ।

३) महानगरभन्दा बाहिरका स्रष्टाका मौलिक कृति र अन्य गैरसाहित्यिक कृतिका हकमा व्यक्तित्व, कृतिको पृष्ठ, गुणस्तरीयता, विधागत विशिष्टता आदिको आधारमा महानगरपालिकाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद ४
## पुस्तकालय सहयोग

५) **सामुदायिक पुस्तकालयलाई सहयोग सम्बन्धमा।**

१) महानगर भित्र स्थापना भएका, जिल्ला प्रशासन वा महानगरमा सूचीकरण/ दर्ता भएका सामुदायिक पुस्तकालयलाई प्रज्ञा-प्रतिष्ठानले आर्थिक/भौतिक वा पुस्तकालयका अन्य कार्यक्रमहरूमा सहयोग गर्न सक्नेछ।

२) पुस्तकालयले अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन, चालु वर्षमा दर्ता नवीकरण गरेको प्रमाण, कार्यसिमितिको निर्णयसहित पुस्तकालयको आवश्यकता र कार्यक्रमसहित सहयोग माग गर्न सक्नेछ।

३) यसप्रकारको रकम उपलबब्ध गराउन प्रज्ञा-प्रतिष्ठानले सार्वजनिक सूचनामार्फत आह्वान गर्नेछ।

४) प्राप्त निवेदनउपर प्रारम्भिक अध्ययन वा स्थलगत अनुगमन गरी पुस्तकालयको आवश्यकता र औचित्यको आधारमा महानगरपालिकाले/ प्रतिष्ठानले रकम, पत्रपत्रिका वा पुस्तकहरूउपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ५
## लेखनवृत्ति

६) **लेखन वृत्ति तथा शोध कार्यमा सहयोग सम्बन्धमा**

१) प्रज्ञा-प्रतिष्ठानले महानगर क्षेत्रका लोपोन्मुख तथा विभिन्न जातजातिका भाषा,साहित्य, कला, संस्कृतिको बारेमा खोज अनुसन्धान, अन्वेषण गर्न चाहनेलाई प्रोत्साहन गर्नेछ।

२) महानगर क्षेत्रभित्रका विभिन्न जातजाति तथा लोपोन्मुख भाषा,साहित्य, कला, संस्कृति, ऐतिहासिक-पुरातात्त्विक महत्त्वका विषयमा खोज अनुसन्धान, अन्वेषण गर्न चाहेकाले सम्बन्धित क्याम्पस/ विश्वविद्यालयको राय सुझाव तथा परामर्शसहित प्रज्ञा-प्रतिष्ठानमा आवेदन दिन सक्नेछ।

३) विश्वविद्यालयका स्नातकोत्तर तहका शोधार्थीहरूले भरतपुर महानगर क्षेत्रभित्रका लोपोन्मुख भाषा,साहित्य, कला, संस्कृतिको बारेमा खोज अनुसन्धान, अन्वेषण गरी शोधपत्र तयार पारी सम्बन्धित क्याम्पस/ विश्वविद्यालयको सिफारिस सहित पेश गरेमा प्रज्ञा-प्रतिष्ठानले/महानगरपालिकाले लेखनवृत्ति उपलब्ध गराउन सक्नेछ।

४) उपदफा ३ बमोजिमको रकम प्रदान गर्न प्रज्ञा प्रतष्ठिानले एक मूल्याङ्कन समिति गठन गर्ने र समितिकोसमेत सिफारिसलाई आधार मानी परिषद्मा छलफल गरी उपयुक्त लागेमा एक आर्थिक वर्षमा बढीमा ५ जनालाई

प्रतिव्यक्ति लेखनवृत्तिस्वरुप रु ३०,०००।०० (अक्षेरेपि तीस हजार) सम्म उपलब्ध गराउन सक्नेछ

५) महानगरका विशिष्ट साहित्य साधकका जीवनी, अभिनन्दन ग्रन्थ, स्मृति ग्रन्थ आदि लेखन/प्रकाशनका लागि प्रज्ञा-प्रतिष्ठानले प्रोत्साहन गर्नेछ।

६) प्रज्ञा-प्रतिष्ठानलाई उपयुक्त लागेमा महानगर क्षेत्रका लोपोन्मुख भाषा, साहित्य, कला, संस्कृति, ऐतिहासिक-पुरातात्त्विक महत्त्वको विषयमा गरिएका खोज,अनुसन्धान, अन्वेषणका गहनत् कृतिहरू प्रज्ञा प्रतष्ठिान आफैले वा स्रष्टा स्वयमलाई प्रकाशन कार्यमा सहयोग गर्नेछ।

**परिच्छेद ६**

**सम्मान तथा पुरस्कार**

७) **नारायणी प्रज्ञा सम्मान**

१) भाषा-साहित्यको क्षेत्रमा विशिष्ट योगदान दिइ राष्ट्रिय पहिचान बनाएका भरतपुर महानगरवासी साहित्य साधकलाई प्रज्ञा-प्रतिष्ठान/ महानगरपालिकाले नगद रू १,००,०७८।०० ( एक लाख अठहत्तर) रूपैया राशिसहित हरेक दुई -दुई वर्षमा **नारायणी प्रज्ञा सम्मान** प्रदान गर्नेछ।

२) कम्तिमा एक दशकदेखि भाषा- साहित्यको क्षेत्रमा विशिष्ट योगदान दिएका स्रष्टाका नेपाली भाषा साहित्यका कुनै पनि विधा (काव्य, आख्यान, नाटक/एकाङ्की, निबन्ध) मा कम्तिमा एउटा पुस्तक प्रकाशन भएको हुनुपर्नेछ।

३) उपदफा १ बमोजिम प्रदान गरिने प्रतिभा छनौटको लागि परिषद्ले एक छनोट समिति गठन गर्ने र समितिबाट पेश भएका व्यक्तिहरूमध्येबाट परिषद्को निर्णयबमोजिम प्रज्ञा-प्रतिष्ठानले / महानगरपालिकाले **नारायणी प्रज्ञा सम्मान**प्रदान गर्नेछ।

८) **भरतपुर प्रज्ञा सम्मान**

१) कला क्षेत्रमा विशिष्ट योगदान दिइ राष्ट्रिय पहिचान बनाएका भरतपुर महानगरवासी कलासाधक, कलाकर्मीलाई प्रज्ञा-प्रतिष्ठानले नगद रू ५०,०७८।०० (पचास हजार अठहत्तर) रूपैया राशिसहित हरेक वर्ष **भरतपुर प्रज्ञा सम्मान** प्रदान गर्नेछ।

२) कम्तिमा एक दशकदेखि कला (चित्रकला, मूर्तिकला, धातुकला, वास्तुकला, काष्टकला, अभिनय आदि) को क्षेत्रमा विशिष्ट योगदान दिएका स्रष्टा/कलाकारलाई यस सम्मानद्वारा सम्मान गरिनेछ।

३) उपदफा १ बमोजिम प्रदान गरिने प्रतिभा छनौटको लागि परिषद्ले एक छनोट समिति गठन गर्ने र समितिबाट पेश भएका व्यक्तिहरूमध्येबाट परिषद्को निर्णयबमोजिम प्रज्ञा-प्रतिष्ठानले/ महानगरपालिकाले **भरतपुर प्रज्ञा सम्मान** प्रदान गर्नेछ।

९) **कृष्ण बम मल्ल प्रज्ञा सम्मान**

१) कम्तिमा एक दशक देखि भरतपुर महानगर/ चितवनको लोकसाहित्य, संस्कृति, इतिहास, समाजशास्त्र, भाषा, दर्शन, साँस्कृतिक क्षेत्रमा विशिष्ट योगदान दिइ राष्ट्रिय पहिचान बनाएका भरतपुर महानगरवासी साधकलाई प्रज्ञा-प्रतिष्ठानले नगद रू ५०,०७८।०० ( पचास हजार ) रूपैया राशिसहित हरेक वर्ष **कृष्ण बम मल्ल प्रज्ञा सम्मान** प्रदान गर्नेछ।

२) उपदफा १ बमोजिम प्रदान गरिने प्रतिभा छनौटको लागि परिषद्ले एक छनोट समिति गठन गर्ने र समितिबाट पेश भएका व्यक्तिहरूमध्येबाट परिषद्को निर्णयबमोजिम प्रज्ञा-प्रतिष्ठानले/महानगरपालिकाले **कृष्ण बम मल्ल प्रज्ञा सम्मान** प्रदान गर्नेछ।

१०) **चित्रवन प्रज्ञा पुरस्कार**

१) भरतपुर महानगरपालिका वा चितवन जिल्लालाई आधार बनाई यहाँको भाषा- साहित्य, कला-संस्कृति, ऐतिहासिक पुरातात्विकका क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी प्रकाशति भएका, उत्कृष्ट ठहरिएका मौलिक कृतिलाई नगद रू ५०,०७८।०० ( पचास हजार अठहत्तर ) रूपैयासहित **चित्रवन प्रज्ञा पुरस्कार** प्रदान गरिनेछ।

३) नेपालभरका जहाँसुकैका स्रष्टा स्वयम् वा प्रकाशकले निवेदनसहित ३ प्रति पुस्तक प्रज्ञा-प्रतिष्ठानले तोकेको समय भित्र दर्ता गराउनु पर्नेछ।

४) उपदफा १ बमोजिम प्रदान गरिने पुरस्कार प्रदान गरिने कृति छनौटको लागि परिषद्ले एक छनोट समिति गठन गर्ने र समितिबाट पेश भएका कृतिहरूमध्येबाट परिषद्को निर्णयबमोजिम प्रज्ञा-प्रतिष्ठानले / महानगरपालिकाले **चित्रवन प्रज्ञा पुरस्कार** प्रदान गर्नेछ।

११) **भरतपुर महानगर प्रज्ञा पुरस्कार**

१) भरतपुर महानगरवासी स्रष्टाहरूले प्रकाशन गरेका कृतिहरूमध्येबाट काव्य, आख्यान, नाट्य र निबन्ध विधामा उत्कृष्ट ठहरिएका साहित्यिक मौलिक कृतिहरूलाई विधागतरूपमा अलग अलग गरी नगद रू २५,०७८।०० (पच्चीस हजार अठहत्तर) रूपैयासहित **भरतपुर महानगर प्रज्ञा पुरस्कार** (**काव्य, आख्यान, नाट्य र निबन्ध**/ **ऐतिहासिक पुरातात्विक, खोज अन्वेषणात्मक, अनुसन्धनात्मक कृति**) प्रदान गरिनेछ।

२) पुरस्कार प्रयोजनका लागि स्रष्टा स्वयम् वा प्रकाशकले ३ प्रति पुस्तकसहित प्रज्ञा-प्रतिष्ठानले तोकेको समय भित्र दर्ता गराउनु पर्नेछ।

३) उपदफा १ बमोजिम प्रदान गरिने पुरस्कार प्रदान गरिने कृति छनौटकोलागि परिषद्ले एक छनोट समिति गठन गर्नेछ र समितिबाट पेश भएका कृतिहरूमध्येबाट परिषद्को निर्णयबमोजिम प्रज्ञा-प्रतिष्ठानले **भरतपुरमहानगर प्रज्ञा पुरस्कार** प्रदान गर्नेछ।

१२) **वागीश्वरी प्रज्ञा पुरस्कार**

१) भरतपुर महानगरवासी नारी स्रष्टाहरूले प्रकाशन गरेका कृतिहरूमध्येबाट उत्कृष्ट ठहरिएका साहित्यिक मौलिक कृतिलाई नगद रू २५,०७८।०० (पच्चीस हजार अठहत्तर) रूपैयासहित **वागीश्वरी प्रज्ञा पुरस्कार** प्रदान गरिनेछ।

२) पुरस्कार प्रयोजनका लागि स्रष्टा स्वयम वा प्रकाशकले ३ प्रति पुस्तकसहित प्रज्ञा-प्रतिष्ठानले तोकेको समय भित्र दर्ता गराउनु पर्नेछ।

३) उपदफा १ बमोजिम प्रदान गरिने पुरस्कार प्रदान गरिने कृति छनौटको लागि परिषद्ले एक छनोट समिति गठन गर्ने र समितिबाट पेश भएका कृतिहरूमध्येबाट परिषद्को निर्णयबमोजिम प्रज्ञा-प्रतिष्ठानले/ महानगरपालिकाले **वागीश्वरी प्रज्ञा पुरस्कार** प्रदान गर्नेछ।

१३) दफा ( १०) बमोजिमको पुरस्कार प्रयोजनार्थ पहिलो पटकका लागि २०७८ भन्दा अगाडि प्रकाशन भएका र दफा (११) र ( १२) बमोजिमका पुरस्कार प्रयोजनार्थ पहिलो पटकका लागि सम्वत २०७७ र २०७८ मा प्रकाशन भएका कृतिहरूलाई २०७९ सालमा प्रज्ञा-प्रतिष्ठानले तोकेबमोजिम र आगामी वर्षका हकमा हरेक वर्षको मंसिर मसान्तसम्ममा अघिल्लो वर्ष प्रकाशन भएका कृतिहरू उपलब्ध गराई प्रज्ञा-प्रतिष्ठानमा दर्ता गराउनुपर्नेछ।

१४) दफा (१०),(११)र (१२) मा उल्लेखित पुरस्कार प्रयोजनका लागि प्रज्ञा-प्रतिष्ठानले सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

१५) दफा (७),(८) र (९) मा उल्लेखित सम्मान पाउन योग्य व्यक्ति नभेटिएमा, दफा (१०),(११) र (१२) मा उल्लेखित पुरस्कारका लागि विधागतरूपमा पर्याप्त आधार नभएका, अपेक्षित स्तरीयता नभएका कृतिहरू प्राप्त भएमा उपर्युक्त सम्मान प्रदान, पुरस्कार वितरण गर्न प्रज्ञा-प्रतिष्ठान बाध्य हुनेछैन।

परिच्छेद ७

१६) **प्रतियोगितात्मक साहित्यिक कार्यक्रमका पुरस्कार रकम र निर्णायक, मूल्याङ्नकर्ता पारिश्रमिक**

१) प्रज्ञा-प्रतिष्ठानले बेला–मौकामा विभिन्न प्रतियोगितात्मक साहित्यिक कार्यक्रम सञ्चालन गर्नेछ।

२) प्रज्ञा-प्रतिष्ठानले सञ्चालन गर्ने प्रतियोगितात्मक साहित्यिक कार्यक्रमको स्तर हेरी देहायबमोजिम पुरस्कार राशि तय गरिएको छ :

क) महानगरपालिकास्तरमा गरिने प्रतियोगिताको लागि सर्वोकृष्ट, उत्कृष्ट, उत्तम पुरस्कार एक-एक जना र प्रोत्साहन पुरस्कार (बढीमा दुई जना) को लागि क्रमशः रू १०,०७८।०० (दश हजार अठहत्तर), रू ८,०७८।०० (आठ हजार अठहत्तर), रू ६,०७८।०० (छ हजार अठहत्तर) र रू४,०७८।०० (चार हजार अठहत्तर) रुपैयाँ र प्रमाण पत्र।

ख) प्रदेशस्तरमा गरिने प्रतियोगिताको लागि सर्वोकृष्ट, उत्कृष्ट, उत्तम पुरस्कार एक-एक जना र प्रोत्साहन पुरस्कार (बढीमा दुई जना) को लागि क्रमशः रू २०,०७८।००, (बीस हजार अठहत्तर), रू १५,०७८।०० (पन्ध्र हजार अठहत्तर), रू १०,०७८ (दश हजार अठहत्तर) र रू ५,०७८।०० (पाँच हजार अठहत्तर) रुपैयाँ र प्रमाण पत्र।

ग) राष्ट्रियस्तरमा गरिने प्रतियोगिताको लागि सर्वोकृष्ट, उत्कृष्ट उत्तम पुरस्कार एक-एक जना र प्रोत्साहन पुरस्कार (बढिमा दुई जना) को लागि क्रमशः रू४०,०७८।०० (चालीस हजार अठहत्तर), रू ३०,०७८।०० (तीस हजार अठहत्तर), रू २०,०७८।०० (बीस हजार अठहत्तर) र रू १०,०७८।०० (दश हजार अठहत्तर) रुपैयाँ र प्रमाण पत्र।

३) निर्णायक, मूल्याङ्कनकर्ता, पुनरावलोकनकर्ता पारिश्रमिक :

(क) उपदफा (२) बमोजिमका प्रतियोगितात्मक कार्यक्रमका निर्णायकहरू (बढिमा ३ जना) लाई महानगरपालिकास्तरमा रू २,०००।०० (दुई हजार), प्रदेशस्तरमा रू ३,०००।०० (तीन हजार) र राष्ट्रियस्तरमा रू ५,०००।०० (पाँच हजार) रुपैयाँ प्रतिव्यक्ति/प्रति कार्यक्रम उपलब्ध गराइनेछ।

(ख) दफा (१०),(११) र (१२) को पुरस्कार प्रयोजनको लागि प्रज्ञा- प्रतिष्ठानमा प्राप्त भएका कृतिहरूको मूल्याङ्कन गर्न गठित छनोट समितिका मूल्याङ्कनकर्ताहरू (बढिमा ३ जना) लाई प्रतिपुरस्कार/प्रतिव्यक्ति रू ५,०००।०० (पाँच हजार) रुपैयाँ पारिश्रमिक उपलब्ध गराइनेछ।

(ग) प्रज्ञा-प्रतिष्ठान/भरतपुर महानगरपालिकाबाट प्रकाशन हुने महानगर प्रज्ञा जर्नलमा प्रकाशनार्थ प्राप्त लेख रचनाका पुनरावलोकनकर्तालाई प्रति लेखरचना रु २,०००।०० (दुई हजार) रुपैयाँ पारिश्रमिक उपलब्ध गराइनेछ।

परिच्छेद ८

१७) **विविध**

१) निणय गर्ने अधिकारः प्रज्ञा-प्रतिष्ठानले प्रदान गर्ने माथि उल्लेखित पुस्तक खरिद, पुस्तकालय सहयोग, लेखनवृत्ति, मान-सम्मान तथा पुरस्कार सम्बन्धी निणय गर्ने सम्पूर्ण अधिकार प्रज्ञा-प्रतिष्ठान प्राज्ञ-परिषद्/महानगरपालिकामा रहनेछ।

२) कार्यविधि तयः माथि उल्लेखित क्रियाकलाप सञ्चालन गर्न यस कार्यविधिमा उल्लेख भएकाबाहेक अन्य कुराहरू प्राज्ञ-परिषद् आफैले तय गरेबमोजिम हुनेछ।

३) प्रचलित कानुनबमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका कुराहरू यसैबमोजिम र अन्य कुराहरूको हकमा प्रचलित कानुनबमोजिम हुनेछ।

४) बाधा अड्काउ फुकाउन सक्नेः यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा प्रज्ञा-प्रतिष्ठान प्राज्ञ-परिषद् वा महानगरपालिकाले फुकाउन सक्नेछ।

# पत्रपत्रिकामा प्रज्ञा–प्रतिष्ठान

कायाकैरन अंक : ७५ Sunday 1 January 2023

## राष्ट्रव्यापी खुला कविता प्रतियोगितामा पुरस्कृत कविताहरु

### असहमतिको दस्तावेज

- यज्ञप्रसाद न्यौपाने (दीपक)

स्कन्धको रमितामा हराएँ भने
कसरी भेटिन्छ चित्तको अँध्यारो गुफा
म करोडौं वर्षदेखि
त्यही गुफाको
मालिक भएर खोजिरहेछु
एउटा अप्रतिम धामको पुरानो डोब ।।

गाउँमा कोदालोले तासिरहेछु
अँध्यारोको वेगवान सुड्डामा हुर्किएको
मौनताको आखेट
शहरमा कलमको जिब्रोले कोट्याइरहेछु
कोदालो धारमा टल्किएको
पसिनाको रंग ।।

म असहमतिको दस्तावेज
म बृद्ध कपालमा सङ्लिएको
रौंको सेतो रङ
म कसरी त्रासद नहुन सक्छु
मेरै मृत्युको वरिपरि बसेर
कृष्णले बजाइरहेछ
विप्रलम्भ धुनमा बाँसुरी ।।

कि मदहोस् भक्त हुँ म
मेरो भक्तिमा पनि आलापले
हाई काढ्छ घरीघरी ।
मेरो निश्वासले पनि जलाउँछ धर्मधातु ।।

### राष्ट्रव्यापी खुला कविता प्रतियोगितामा देवदहका न्यौपाने प्रथम

भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको आयोजनामा राष्ट्रव्यापी खुला कविता प्रतियोगिता सम्पन्न भएको छ । ८७ औं भूपि जयन्तीको अवसरमा आयोजित कार्यक्रममा ११५ वटा कविताहरु प्राप्त भएका थिए । जसमध्ये आयोजकले दिएको मापदण्डभित्र जम्मा ५८ वटा कविता छनौटमा परेका थिए । तीन जना निर्णायकले ५८ वटा कवितामध्ये १५ वटा कवितालाई मात्र वाचनको लागि योग्य ठह्याएका थिए । १५ प्रतियोगीमध्ये २ जना अस्वस्थताका कारण अनुपस्थित थिए ।

वाचनमा सहभागी भएका १३ प्रतियोगीका कवितामध्ये देवदह, रुपन्देहीका यज्ञप्रसाद न्यौपानेको कविता 'असहमतिको दस्तावेज' पहिलो भएको छ । यसका स्रष्टा न्यौपानेले ४० हजार ७८ रुपैयाँ पुरस्कार र सम्मानपत्र पाए । महेश संस्कृत गुरुकुलममा अध्ययनरत छात्र सुजन थपलियाको कविता 'आमा' दोस्रो भयो । उनले ३० हजार ७८ रुपैयाँ र सम्मानपत्र पाए । वनस्थली काठमाडौंबाट सहभागी कवि राधिका कल्पितको कविता 'पेन्सन' ले तेस्रो भयो । उनले २० हजार ७८ रुपैयाँ पुरस्कार र सम्मानपत्र पाइन् ।

तनहुँबाट सहभागी कवि नारायणी अधिकारीको कविता 'दुर्गा भवानी उठ' र ... कार्कीको कविता 'चिहान खनिरहेको मान्छे' ले सान्त्वना स्थान ओगटे । उनीहरुले जनही ... सम्मानपत्र पाए । प्रतियोगितामा छन्दकवि गोविन्दराज विनोदी, कवि भूपिन खड... चालिसे निर्णायकको भूमिकामा थिए । प्रतियोगितामा पुरस्कृत कविताहरुलाई ... समेटेका छौं ।

कायाकैरन शकुन

गाँस्छन् हिंस्रक चीलले छलगरी चल्ला समाएसरि ।
झम्टन्छन् उसरी नराधम यहाँ चेली बचून् के गरी ?
पक्री जून मुना परक्क निमठी सिध्याउँछन् दानव ।
यो अन्याय जघन्य टुल्टुलु कहाँ हेर्दै भए मानव ।।

चस्केझैं छ सियो पसेर मुटुमा देखाउने के गरी ?
फेर्दै सास म बाँच्न सक्छु कसरी खाए कलेजो चिरी ।।
पानी प्यूँछु मुमा भनी नसकिँदै घाँटी थिच्यो हो कठै,
देओ नायक हो जवाफ छ भने संवेदनामा कतै ।।

नीलो घाम उदाउला र कहिले हिँड्ने नमानी धक ।
छोरीको किन छैन यो मुलुकमा निर्धक्क ज्यूँने हक ।।
कल्ले सुन्छ पुकार गर्नु छ वृथा ढुंगा बने दे–उता ।
आफैंभित्र अथाह शक्ति छ फिकौं आस्था बचाऔं यता ।।

चण्डीतुल्य बनी दिदी र बहिनी छोरीहरू हो उठ ।
... पार्वती भगवती दुर्गा भवानी उठ ।।
... खुकुरी सुर्पा खुँडा राम्ररी ।
... गिंडेझैं गरी ।।

(व्यास–४, तनहुँ)

फाटेका ती मलिन फरिया फेर्न सक्ने बनूँ म ।
आँखा तिम्रा कति गहन छन् हेर्न सक्ने बनूँ म ।।
तिम्रो हाँसो विविध रडले भर्न चाहन्छु आमा ।
पूजा गर्दै भवजलधि यो तर्न चाहन्छु आमा ।।

हुर्कें खाई रसमय सुधा दूधका दिव्य धारा ।।
मात्रै तिम्रा करकमल हुन् जिन्दगीमा सहारा ।।
आमा माया प्रणय ममता त्याग संघर्ष खानी ।
... तिम्रै चरणरजमा सिद्धियोस् जिन्दगानी ।।

(देवघाटधाम ...)

र म गहिरो समाधीमा लीन हुन खोज्छु
अहँ,
यो क्लेशले किन मसँग सहमति खोज्छ
बन्दी पिँजडाको चराझैं
मनको अनन्त आयतनमा उड्दा उड्दै
खसें मरूभूमिको अन्तिम किनार ।।

---

## भरतपुर प्रज्ञा प्रतिष्ठानले पायो पूर्णता



भरतपुर/भरतपुर प्रज्ञा ... कार्य समितिले ... छ । ... भएको हो । स्थानीय तहको निर्वाचनले गर्दा प्रतिष्ठानले कुनै पनि गतिविधि सञ्चालन गरेको ... ।

...को संकृति, साहित्य ...संरक्षण, जगेर्ना, उत्थान ...नको स्थापना भएको ...ष्ठानमा कला, साहित्य, ... लगायतका विभिन्न ... व्यतित्वहरु प्रतिनिधित्व ... छ । सपथ ग्रहण गराएसँगै ...गर प्रमुख रेनु दाहालले ...ष्ठानले भरतपुर तथा समग्र ...ट्रको बौद्धिक विकासमा ...हत्वपूर्ण योगदान रहने उल्लेख ...र्नुभयो । प्रमुख दाहालले प्रतिष्ठानको विकास एवम् सम्बर्धन गर्ने विषय महानगरको आगामी नीति तथा कार्यक्रममा समावेश गरिने बताउनुभयो । प्रतिष्ठानले पहिलो बैठकमा १९ बुँदे प्रस्तावित कार्यक्रमहरू बारेमा छलफल गरिएको थियो ।

छलफलका क्रममा लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण, स्थानीय कलाको संरक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कृतिहरुको अनुवाद, महानगर पुस्तकाललाई व्यवस्थित गर्ने लगायतका विषयहरुमा छलफल गरिएको थियो । छलफलपछि प्रतिष्ठानले जर्नल, अनुसन्धान, पठन संस्कृतिको विकास, शब्दकोष, अन्तर्राष्ट्रिय कृतिको अनुवाद तथा भरतपुरको प्रज्ञिक गरिमालाई उच्च पार्ने गरी विभिन्न कार्यक्रमहरु अगाडि बढाउने निष्कर्ष निकालेको प्रतिष्ठानका उपकुलपति इन्द्र प्रसाद रेग्मीले जानकारी दिनुभयो । प्रतिष्ठानले आगामी नगरसभाका लागि प्रतिष्ठानको तर्फबाट नीति तथा कार्यक्रममा प्रतिष्ठानको विकासको लागि प्रथामिकतामा राख्न माग समेत गरेको छ । कार्यक्रममा विभिन्न क्षेत्रका प्रज्ञिक व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

---

लोकतन्त्र सन्देश

## विभिन्न सम्मान तथा पुरस्कार अर्पण गर्ने घोषणा

२०७९ चैत ०६

भरतपुर/भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानले नेपाली भाषा–साहित्य, कला, संस्कृतिका क्षेत्रमा विशेष योगदान दिनुहुने स्रष्टाहरूलाई विभिन्न सम्मान तथा पुरस्कार अर्पण गर्ने निर्णय गरेको छ ।

प्रज्ञा प्रतिष्ठानले वरिष्ठ साहित्यसाधक प्रेमविनोद नन्दनलाई नारायणी प्रज्ञा सम्मान, वरिष्ठ रङकर्मी ऋद्धिचरण श्रेष्ठलाई भरतपुर प्रज्ञा सम्मानर वरिष्ठ समाजशास्त्री तथा लोक संस्कृति अन्वेषकडिल्लीराम पोखरेल (डी. आर. पोखरेल) लाई कृष्ण बम मल्ल प्रज्ञा सम्मानप्रदान गर्ने निर्णय गरेको छ । हरेक दुई–दुई वर्षमा ... लागिएको हो । यस सम्मानसँगै नगद रू १ लाख ७८ हजार रूपैया र सम्मान पत्र रहेको छ । यसैगरी हरेक वर्ष प्रदान गरिने भरतपुर प्रज्ञा सम्मानर कृष्ण बम मल्ल प्रज्ञा सम्मानको नगद राशि रू ५० हजार ७८रूपैया र सम्मान पत्र रहेको छ ।

प्रतिष्ठानले प्रा.डा. लक्ष्मणप्रसाद गौतमको समालोचनात्मक कृति चितवनको साहित्यिक रूपरेखालाई नगद राशि रू ५० हजार ७८ रूपैया र सम्मान पत्रसहित चित्रवन प्रज्ञा पुरस्कार प्रदान गर्ने निर्णय ग... यसैगरी प्रा.डा. ... महाकाव्यकार पोषराज पौडेलको शुक्लागण्डकी महाकाव्यलाई भरतपुर महानगर प्रज्ञा पुरस्कारर गायत्री श्रेष्ठको गीतसङ्ग्रह आफ्नै मनको सागरमालाई वागीश्वरी प्रज्ञा पुरस्कार अर्पण गर्ने निर्णय गरेको छ । यी पुरस्कारहरूको राशि जनही २५ हजार ७८ रूपैया र सम्मान पत्र रहेको छ ।

प्रज्ञा प्रतिष्ठानले उयुक्त समयमा विशेष कार्यक्रमको आयोजना गरी माथि उल्लेखित सम्मान तथा पुरस्... छ । ...

---

## 'असहमतिको दस्तावेज' सर्वोत्कृष्ट कविता

### ४० हजार ७८ राशिको पुरस्कार रूपन्देहीका न्यौपानेलाई

भरतपुर । ८७औं भूपि जयन्तीको अवसरमा भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानले आयोजना गरेको राष्ट्रव्यापी खुला कविता प्रतियोगितामा रूपन्देहीका यज्ञप्रसाद न्यौपाने (दीपक) सर्वोत्कृष्ट भएका छन् । अन्तिम चरणको छनोट भएका १३ जना सहभागीमध्ये उनले सर्वोत्कृष्ट स्थान हासिल गर्दै नगद ४० हजार ७८ रुपैयाँ पुरस्कार प्राप्त गरेका हुन् । देवदह–२ का न्यौपानेले 'असहमतिको दस्तावेज' शीर्षकमा कविता सुनाएका थिए ।

यस्तै तनहुँका सुजन थपलियाले उत्कृष्ट स्थान हासिल गर्दै नगद ३० हजार ७८ रुपैयाँ पुरस्कार जितेका छन् । ... पारेकी छन् ।

तानसेन पाल्पाका जनक कार्की र व्यास तनहुँकी नारायणी अधिकारीले भने प्रोत्साहन पुरस्कारस्वरूप जनही दस हजार ७८ रुपैयाँ बराबरको पुरस्कार पाएका छन् । कवि कार्कीले 'चिहान खनिरहेको मान्छे' र अधिकारीले 'दुर्गा भवानी उठ' शीर्षकमा कविता वाचन गरेका थिए ।

उनीहरूलाई भरतपुर महानगर–पालिकाकी मेयर एवम् भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानकी कुलपति रेनु दाहालले पुरस्कार प्रदान गरेकी हुन् । प्रतिष्ठानका सदस्यसचिव बालकृष्ण थपलियाका अनुसार संकलित ११५ ... वटा कविता छनौटमा परेका थिए । छनौटमा परेका १५ मध्ये शनिबार उपस्थित भएका १३ कविले आफ्ना सिर्जना सुनाएका थिए ।

कार्यक्रममा गोरखाकी अरुणा ढकाल (अनुराग)ले 'चिठी', तेह्रथुमका आरपी गाउँलेले 'चुन्नुलालको नागरिकता', रुकुम पश्चिमका उमेश पुनले 'रात पनि अनिदो बसेको रात', सुनसरीका तीर्थराज विश्वकर्माले 'गाग्री', चितवनकी गीता रिमालले 'मातृसत्ता', चितवनकै रचना शर्माले 'दुबो' मोरङकी शारदा भट्टराईले '... दिन्न गौरव' र चितवनका ...मिरेले ... २१ सय ४० रुपैयाँ निर्धारण ...

---

## भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्याल...

भरतपुर, चितवन

भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान

### ...ाङ्मय कोश प्रकाशनका लागि विवरण उपलब्ध गराउ...

भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानवाट निकट भविष्यमा प्रकाशन ...ाङ्मय कोश (साहित्यकार, कलाकारहरूको परिचयात्मक पुस्तक) प्रयोजन... ...हानगरका स्थायी बासिन्दा वा महानगरलाई मूल कर्म क्षेत्र बनाएका कम्तिमा ...ाहित्यिक कृति प्रकाशन गरेका साहित्यकारहरू र ललितकला, रंगमञ्च ...ेत्रमा विशिष्टता हासिल गरेका कलाकारहरूले देहाय बमोजिमका विवर... ...डा कार्यालय वा महानगर प्रज्ञा प्रतिष्ठानमा सम्पर्क गरी फारम भरी २०७९ चै... ...तिष्ठान वा pragyapratisthanbhr078@gmail.com म... उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

...तपसिल :

१) साहित्यिक नाम/उपनाम, वास्तविक नाम :
२) जन्म मिति, जन्मस्थान :
३) आमा, बुबाको नाम :
४) हालको ठेगाना : भरतपुर महानगरपालिका वडा नं., सम्पर्क टेलिफोन/मोबाइ...
५) शैक्षिक योग्यता :
६) सेवा/सम्प्रति/सम्लग्नता/विशेष कार्य अनुभव :
७) पहिलो प्रकाशित/प्रदर्शित रचना/कला : स्रोत/माध्यम : प्रकाशन वर्ष :
८) प्रकाशित कृतिहरूको विवरण :
९) एकल सम्पादित कृतिहरू :
१०) सामुहिक सम्पादित कृतिहरू :
११) ललित कला, रंगमञ्च तथा सांगीतिक क्षेत्रमा विशिष्टता हासिल गरेका विव...
१२) प्रमुख मान–सम्मान तथा पुरस्कार सम्वन्धी विवरण :
१३) विशेष अभिरूचिको क्षेत्र :

---

## महानगर प्रज्ञाप्रतिष्ठानले स्रष्टालाई सम्मान गर्ने

भरतपुर। भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले नेपाली भाषा साहित्य, कला, संस्कृतिका क्षेत्रमा विशेष योगदान दिएका स्रष्टाहरुलाई विभिन्न सम्मान तथा पुरस्कार दिने निर्णय गरेको छ।

प्रज्ञा प्रतिष्ठानले वरिष्ठ साहित्य साधक प्रेमविनोद नन्दनलाई नारायणी प्रज्ञा सम्मान, वरिष्ठ रङ्गकर्मी ऋद्धिचरण श्रेष्ठलाई भरतपुर प्रज्ञा सम्मान र वरिष्ठ समाजशास्त्री तथा लोक संस्कृति अन्वेषक डि.आर. पोखरेललाई कृष्ण बम मल्ल प्रज्ञा सम्मान प्रदान गर्ने निर्णय गरेको हो।

हरेक दुई–दुई वर्षमा प्रदान गरिने नारायणी प्रज्ञा सम्मान पहिलोपटक नन्दनलाई प्रदान गर्न लागिएको हो। यस सम्मानसँगै नगद एकलाख ७८ हजार रुपैयाँ र सम्मान पत्र रहेको छ। यसैगरी हरेक वर्ष प्रदान गरिने भरतपुर प्रज्ञा सम्मान र कृष्ण बम मल्ल प्रज्ञा सम्मानको नगद राशि ५० हजार ७८ रुपैयाँ र सम्मान पत्र रहेको भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाले जानकारी दिए।

प्रतिष्ठानले प्रा.डा. लक्ष्मणप्रसाद गौतमको समालोचनात्मक कृति चितवनको साहित्यिक रुपरेखालाई नगद राशि ५० हजार ७८ रुपैयाँ र सम्मान पत्रसहित चित्रवन प्रज्ञा पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ।

यसैगरी प्रा.डा. एकनारायण पौडेलको निसमालोचना निबन्धसङ्ग्रह, उपन्यासकार सिर्जन अविरलको मोक्ष उपन्यास, महाकाव्यकार पोषराज पौडेलको शुक्लागण्डकी महाकाव्यलाई भरतपुर महानगर प्रज्ञा पुरस्कार र गायत्री श्रेष्ठको गीतसङ्ग्रह 'आफ्नै मनको सागरमा'लाई वागीश्वरी प्रज्ञा पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ। यी पुरस्कारहरुको राशि जनही २५ हजार ७८ रुपैयाँ र सम्मान पत्र रहेको छ।

प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा सम्पन्न उक्त बैठकले सम्मानित तथा पुरस्कृत स्रष्टाहरुलाई बधाई ज्ञापन गर्दै मूल्याङ्कन समितिहरुप्रति आभार प्रकट गरेको छ।


---

## साहित्यसाधक नन्दनलाई नारायणी प्रज्ञा सम्मान दिइने

|| कायाकैरन संवाददाता

भरतपुर, ५ चैत

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृतिका क्षेत्रमा विशेष योगदान पुऱ्याएका स्रष्टाहरूलाई विभिन्न सम्मान तथा पुरस्कार अर्पण गर्ने निर्णय गरेको छ ।



प्रज्ञा प्रतिष्ठानले वरिष्ठ साहित्यसाधक प्रेमविनोद नन्दनलाई नारायणी प्रज्ञा सम्मान, वरिष्ठ रंगकर्मी ऋद्धिचरण श्रेष्ठलाई ...र प्रज्ञा सम्मान र वरिष्ठ ...शास्त्री तथा लोक संस्कृति ...क डिल्लीराम पोखरेल (डी. ...खरेल) लाई कृष्ण बम मल्ल ...मान प्रदान गर्ने निर्णय गरेको ...क दुई वर्षमा प्रदान गरिने ... प्रज्ञा सम्मान पहिलोपटक ...ई प्रदान गर्न लागिएको ... सम्मानसँगै नगद रू १ ... हजार रूपैयाँ र सम्म... छ । यसैगरी हरेक ...ने भरतपुर प्रज्ञा सम्म... मल्ल प्रज्ञा सम्मान... रू ५० हजार ... म्मानपत्र रहेको छ ...ले प्राडा लक्ष्मणप्र... मालोचनात्मक ... ाहित्यिक रूपरेखा' ... रू ५० हजार ... न पत्रसहित चित्र... दान गर्ने निर्णय ग...

छ । यसैगरी प्राडा एकनारायण पौडेलको 'निसमालोचना' निबन्धसंग्रह, उपन्यासकार सिर्जन अविरलको 'मोक्ष' उपन्यास, महाकाव्यकार पोषराज पौडेलको 'शुक्लागण्डकी' महाकाव्यलाई भरतपुर महानगर प्रज्ञा पुरस्कार र गायत्री श्रेष्ठको गीतसंग्रह 'आफ्नै मनको सागरमा' लाई वागीश्वरी प्रज्ञा पुरस्कार अर्पण गर्ने निर्णय

... व्यापारीले उनलाई ... लागि भारत जान... उनी खुसी भएर ... बिहारको मुजफ्... त्यहाँको एउटा ... माझ्ने काम ... गएपछि मनग्य क... उनले देखेका थिए... त्यो सपना पूरा ... थिएन। त्योभन्दा रा... उनको पढाइ पुगे...

बागलुङको ग... ५ मा पढ्दै गर्दा छा... आइपुगेका थिए य... काम नपाएपछि ... पढाइको आवश्यक... करिब एक वर्षप... फर्किएर फेरि विद्या...

परिवारको ... अवस्थाले उनल... गाउँमा बस्न दिए... दुई जना साथील... उनी विद्यालयबाटै ... उनको लक्ष्य भार...

---

### भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानबाट प्रदान गरिने विभिन्न पुरस्कारका लागि कृति आह्वान सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशन मिति : २०७९।०७।२४

भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानले भरतपुर महानगरपालिका वा चितवन जिल्लालाई आधार बनाई यहाँको भाषा–साहित्य, कला–संस्कृति, ऐतिहासिक, पुरातात्विक क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी प्रकाशित भएका, उत्कृष्ट ठहरिएका मौलिक कृतिलाई नगद राशि रु पचास हजार अठहत्तर सहित एक जनालाई चित्रवन प्रज्ञा पुरस्कार, काव्य, आख्यान, नाट्य र निबन्ध विधाका उत्कृष्ट ठहरिएका मौलिक साहित्यिक कृतिलाई अलग–अलग विधागतरूपमा एक–एक जना गरी चार जनालाई प्रति स्रष्टा नगद राशि रु पच्चीस हजार अठहत्तर सहित भरतपुर महानगर प्रज्ञा पुरस्कार र नारी स्रष्टाहरूले प्रकाशन गरेका जुनसुकै विधाका कृतिहरूमध्येबाट उत्कृष्ट ठहरिएका मौलिक साहित्यिक कृतिलाई नगद राशि रु पच्चीस हजार अठहत्तर सहित एक जनालाई प्रदान गरिने गरी वागीश्वरी प्रज्ञा पुरस्कार स्थापना गरेको व्यहोरा सहर्ष जानकारी गराउँछौं ।

२०७९ सालमा पहिलो पटक प्रदान गरिने उपर्युक्त पुरस्कारहरु मध्ये चित्रवन प्रज्ञा पुरस्कारका लागि नेपालभरका जो कोही स्रष्टाका २०७८ भन्दा पहिला प्रकाशन भएका र भरतपुर महानगर प्रज्ञा पुरस्कार र वागीश्वरी प्रज्ञा पुरस्कारका हकमा भरतपुर महानगरवासी स्रष्टा स्वयम् वा प्रकाशकले सम्वत २०७७ र २०७८ सालमा प्रकाशन भएका ३ प्रति पुस्तक आगामी २०७९ मसिर मसान्तसम्ममा प्रज्ञा–प्रतिष्ठानको सचिवालयमा आइपुग्ने गरी दर्ता गराउनु हुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ । तोकिएको समयभित्र दर्ता भएका पुस्तकहरु मूल्याँकन समितिको सिफारिसलाई आधार मानी प्रज्ञा–प्रतिष्ठानको प्राज्ञ–परिषद्ले निर्णय गरी पुरस्कृत कृतिको घोषणा गरिनेछ । र पुरस्कार प्रदान गरिने मिति र कार्यक्रम पछि जानकारी गराइनेछ ।

थप जानकारी तथा सोधपुछका लागि
सदस्य सचिव श्री बालकृष्ण थपलिया
मोवाइल नं. ९८४५०५११२७
ईमेल : pragyapratisthanbhr078@gmail.com

इन्द्रप्रसाद रेग्मी
उपकुलपति
भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठान

# भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका विविध गतिविधिहरू छायाँ चित्रमा




महानगर साहित्य दर्पण २०७८ सार्वजनिकीकरण समारोह



प्रज्ञा-प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मी नियुक्ति बुझ्दै



भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान घोषणा तथा सपथ ग्रहण




भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठाको प्रथम प्राज्ञसभा







२०९ औँ भानु जयन्ती तथा १५ औँ पुस्तकालय दिवसमा प्रज्ञा-प्रतिष्ठानको सहकार्य




विश्वकर्मा दिवसमा विचार गोष्ठी




८७ औँ भूपि जयन्तीमा कविता प्रतियोगिता




स्रष्टा सम्मान तथा पुरस्कार प्रदान समारोह




प्रेमविनोद नन्दनज्यूलाई नारायणी प्रज्ञा सम्मानद्वारा सम्मान गरिदैं



ऋद्धिचरण श्रेष्ठज्यूलाई भरतपुर प्रज्ञा सम्मानद्वारा सम्मान गरिदैं




डी.आर. पोखरेलज्यूलाई कृष्ण बम मल्ल प्रज्ञा सम्मानद्वारा सम्मान गरिदैं



गायत्री श्रेष्ठज्यूलाई वागीश्वरी प्रज्ञा पुरस्कारद्वारा सम्मान गरिदैं



डा. लक्ष्मण प्र. गौतमज्यूलाई चित्रवन प्रज्ञा पुरस्कारद्वारा सम्मान गरिदैं






स्रष्टा सम्मान तथा पुरस्कार प्रदान समारोह





नारायण गोपाल स्मृति साँझ-२०७९ मा महानगर प्रज्ञा-प्रतिष्ठानको सहकार्य




महानगर प्रज्ञा-प्रतिष्ठानको ब्यानरमा प्रकाशित पहिलो कृति **राज्यको भलो होस्** विमोचन




सीमा वारिपारीको साहित्य विमर्श (सिक्किम)




पाण्डुलिपि प्रोत्साहन





भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको दोस्रो प्राज्ञसभा




२७ औँ राष्ट्रिय बालसाहित्य सम्मेलनमा प्रज्ञा-प्रतिष्ठानको सहकार्य




प्र.प्र.अ. नरेन्द्रकुमार रानाज्यूलाई स्वागत



नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमल निभाज्यूलाई स्वागत



सिक्किम प्रज्ञा-प्रतिष्ठानका इ.किरण रसाइलीलाई स्वागत





प्राज्ञिक गतिविधिका लागि परिषद्को विचार विमर्श




विश्व सङ्गीत दिवसका अवसरमा आयोजित साङ्गीतिक साँझ-२०८०

# भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको अनुरोध

- महानगरभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्वका संरचनाहरूको संरक्षण गरौं ।
- साहित्यिक प्रतिभाहरूको सम्मान र तिनका कृतिहरूलाई संरक्षण गरौं ।
- विभिन्न जात जातिका भाषा-भाषिकाको संरक्षण गरौं । लोपोन्मुख भाषा, लिपि, संस्कृति, साहित्य, कलाको खोजी गरौँ, संरक्षण गरौँ।
- कला र कलाकारहरूको सम्मान गरौँ । कलाकारहरूलाई कला सिर्जनाका लागि प्रोत्साहन गरी कलाकृतिहरूको संरक्षण गरौं ।
- सामुदायिक पुस्तकालयको प्रभावकारी सञ्चालन तथा संरक्षणमा जोड दिऔँ।
- स्रष्टाका सिर्जनालाई सम्मान गरौँ। प्रतिलिपि अधिकारको संरक्षण गरौं ।


**भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान**

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

फोन नं. ९८४४२१०८१७


इमेल pragyapratisthanbhr078@gmail.com

वेभसाइट www.bharatpurmun.gov.np

"मध्य नेपालको सुन्दर शहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"


**राप्ती उपत्यका २०१४**


चितवनको सन्दर्भमा
लेखिएको पहिलो पुस्तक




**जितिया पावनी २०१६**

थारु भाषामा लेखिएको चितवनकै
पहिलो लोककथा सङ्ग्रह




**चितवनको चिनो २०२१**

चितवन हाइ स्कुलबाट
प्रकाशित चितवनकै पहिलो
साहित्यिक पत्रिका

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान**
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
इमेलः pragyapratisthanbhr078@gmail.com | वेबसाइटः www.bharatpurmun.gov.np | मो. ९८४४२१०८१७